प्रथम पञ्चवर्षीय योजना

(२०७६/०७७–२०८०/०८१)



कर्णाली प्रदेश सरकार

कर्णाली प्रदेश योजना आयोग

वीरेन्द्रनगर, सुर्खेत

नेपाल

प्रथम पञ्चवर्षीय योजना

(२०७६/०७७–२०८०/०८१)

कर्णाली प्रदेश सरकार

कर्णाली प्रदेश योजना आयोग

वीरेन्द्रनगर, सुर्खेत

नेपाल

प्रकाशक : कर्णाली प्रदेश सरकार
कर्णाली प्रदेश योजना आयोग
वीरेन्द्रनगर, सुर्खेत
नेपाल
फोनः ०८३-५२१६७६
इमेलः info@kppc.karnali.gov.np, ppckarnali@gmail.com
वेवसाइटः kppc.karnali.gov.np

प्रकाशन वर्ष : २०७७

सर्वाधिकार : कर्णाली प्रदेश योजना आयोगमा सुरक्षित

मुद्रण प्रति : १,००० प्रति

मुद्रण : नवदुर्गा प्रिन्टिङ्ग प्रेस प्रा.लि.
वीरेन्द्रनगर, सुर्खेत

माननीय मुख्यमन्त्री

कर्णाली प्रदेश सरकार

वीरेन्द्रनगर, सुर्खेत

नेपाल

मन्तव्य

नेपाली जनताले परिवर्तनको चाहना राखेको धेरै भयो। यो चाहना पूरा गर्न हामीले आफ्नै जीवन कालमा राज्यको आमूल परिवर्तनको लागि जनयुद्ध लडेका थियौँ। जनआन्दोलनको सिर्जना गरेका थियौँ। राजतन्त्र फालेर जनताले आफ्नो प्रतिनिधि मार्फत पहिलो पटक संविधानसभाबाट संविधान जारी गरे। संविधान जारी गर्नुअघि प्रमुख राजनैतिक दलका मुख्य नेताहरूबीच भएको सहमतीले हालको कर्णाली प्रदेश पुनः अन्यायमा पर्ने अवस्था आउँदा यस कर्णाली प्रदेश स्थापनार्थ आन्दोलन गर्नु परेको थियो। यही आन्दोलनको जगमा कर्णाली प्रदेश निर्माण भएको कुरा बारम्बार स्मरण भइरहने गर्दछ।

अहिले हामी संघीयता कार्यान्वयनको प्रारम्भिक अवस्थामा छौँ। कर्णाली प्रदेशका दस जिल्लाको वस्तुगत आवश्यकता, जनताको चाहना र सहिदहरूका अधुरा सपना पूरा गर्ने ऐतिहासिक जिम्मेवारी हामीलाई प्राप्त भएको छ। हाम्रा सामु जनताका अपेक्षाहरू धेरै छन्। सीमित स्रोत र साधनको बीचबाट नयाँ सङ्कल्पका साथ सबैखाले संरचनाहरुको व्यवस्थापन गर्नु परेको छ। यसका लागि योजनावद्ध पहल कदमीको आवश्यकता पर्ने भएकाले कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना ल्याउन पाएकोमा खुसी लागेको छ।

विकाससम्बन्धी विगतका अभ्यासहरू कर्णालीमैत्री हुन नसक्दा विकास मापनका सबैखाले तथ्याङ्कमा कर्णाली पछाडि पर्नु परेको तीतो यथार्थ हामी सामु छँदैछ। विकास निर्माणमा आफ्नै पहलकदमी र निर्णयको भारी महत्त्व रहने भएकाले कर्णाली प्रदेश योजना आयोगले निकै मिहिनेत गरी सबै जिल्ला र पालिका तथा सबै सरोकारवालाको सुझाव तथा मार्ग निर्देशनलाई समेटेको छ। कर्णालीको आवश्यकताको आधारमा प्राथिमकताहरू तय भएका छन्। **समृद्ध कर्णाली, सुखारी कर्णालीबासी** बनाउने दीर्घकालीन सोच कार्यान्वयन गर्न कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले सामाजिक न्यायसहित दिगो, फराकिलो र तीव्र विकास गर्ने सोँच राखेको छ। यही सोँच अनुसार कर्णाली प्रदेशको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिका साथै कार्यक्रमहरू तयार भएका छन्।

वास्तवमा वस्तुवादी योजना निर्माण भयो भने कार्यान्वयनयोग्य कार्यक्रमहरू बन्न सम्भव हुन्छ। कार्यान्वयनयोग्य योजना बन्यो भने मात्र प्रभावकारी कार्यान्वयन र विकासको प्रतिफल देख्न पाइने हुन्छ। सोको आधारमा बजेटको व्यवस्था र नतिजामुखी अनुगमन तथा मूल्याङ्कन गरी सुशासन कायम गर्न सकिन्छ। कर्णालीको समृद्धि र सुखारीका सूचकहरू पनि निर्माण भएका छन्। योजनालाई नतिजामुखी र प्रभावकारी कार्यान्वयनका लागि प्रदेश सरकारले संघ र स्थानीय तहका साथै निजी, सहकारी, नागरिक समाज, विकास साझेदार तथा अन्य सरोकारवालाहरूसँग समन्वय, सहकार्य र सहजीकरण गर्नेछ।

योजना निर्माण गर्ने कुरा सम्बन्धित क्षेत्रको समृद्ध र सुदृढ भविष्य तयार गर्नुसँग सम्बन्धित हुने गर्दछ। यो कर्णाली प्रदेशको जग हाल्ने एक महान् कार्य हो। यो नयाँ इतिहास निर्माण गर्ने कार्य पनि हो। यसको ठोस आधार तयार गर्ने प्रदेश योजना आयोगका पदाधिकारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु। यसका साथै महत्त्वपूर्ण सुझाव सल्लाह दिनु हुने कर्णाली विज्ञ समूहका संयोजक माननीय जनार्दन शर्मा लगायत अन्य विज्ञ र सबै सरोकारवालाहरूप्रति आभार व्यक्त गर्न चाहन्छु।

भविष्यमा यस योजनाले निर्दिष्ट गरेका लक्ष्य तथा उद्देश्यहरू प्राप्त गर्न उपलब्ध स्रोत साधनको भरपूर उपयोग गरेर आम नागरिकले प्रत्यक्ष अनुभूत गर्न पाउने गरी दिगो विकासको जग हालेको रूपमा हेर्न पाउनेछन् भन्ने विश्वास व्यक्त गर्दछु। यस योजनाको सफल कार्यान्वयनका लागि सबैको सक्रियता र जिम्मेवारी बोधको अपेक्षा गर्दछु।

.....

महेन्द्र बहादुर शाही

मुख्यमन्त्री तथा अध्यक्ष

कर्णाली प्रदेश योजना आयोग

माननीय मन्त्री

आर्थिक मामिला तथा योजना मन्त्रालय
कर्णाली प्रदेश सरकार

मन्तव्य

कर्णाली प्रदेश योजना आयोगले डेढ वर्षको निरन्तर प्रयासपछि यस प्रदेशको प्रथम पञ्चवर्षीय आवधिक योजना तयार गरी प्रकाशित गर्न लागेकोमा खुसी महशुस गरेको छु। जनताको बलिदान र संघर्षबाट स्थापित कर्णाली प्रदेश प्रयाप्त प्राकृतिक स्रोत साधनहरू भएका कारण प्रचूर आर्थिक सम्भावना भएको प्रदेश हो। यति हुँदाहुँदै पनि विगतमा योजनावद्ध आर्थिक विकासको अभावका कारण यो प्रदेशको सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकासका सूचकहरू अन्य प्रदेशहरूको तुलनामा निकै पछि रहेका छन्। यसमाथि ठूलो र विविधतायुक्त जटिल भू–गोल, पर्यावरणीय र जैविक विविधता रहेको यो प्रदेशमा विकासको बलियो जग खडा गरी कर्णाली प्रदेश सरकारको समृद्ध कर्णाली: सुखारी कर्णालीबासीको सोच साकार पार्न एक उत्कृष्ट, व्यवहारिक र दुरदर्शी आवधिक योजना वान्छनीय हुन्छ।

यो पहिलो पञ्चवर्षीय योजनाले कर्णाली प्रदेशको विकास प्रारूप तयार गर्नका लागि अहम् महत्त्व राख्दछ। प्रथम आवधिक योजनाले पन्ध्रौं पञ्चवर्षीय योजनाले तय गरेको समृद्ध नेपाली सुखी नेपालीको सोच, उद्देश्य र लक्ष्य अनुरूप दीर्घकालीन सोच, लक्ष्य, रणनीति, कार्यनीति र कार्यक्रमहरू तय गरेको छ। योजनाले प्रदेशको आधार वर्षमा रहेको ६०६ अमेरिकी डलर प्रतिव्यक्ति आयबाट ११४७ अमेरिकी डलर आय पुऱ्याउने लक्ष्य राखेको छ। कोभिड–१९ को महामारीका कारण केही प्रतिकूलताहरु सिर्जित भए तापनि योजनामा प्राथमिकता प्राप्त सही योजनाहरू कार्यान्वयन हुनसक्दा यो लक्ष्य हासिल गर्न सम्भव रहेको छ। आवधिक योजनामा पूर्वाधार (सडक, विद्युत, सिँचाइ, खानेपानी, सञ्चार आदि) निर्माणलाई विकासको मेरुदण्ड मान्दै शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षालाई दोस्रो प्राथामिकतामा राखेको छ। पूर्वाधारको विकासले पर्यटन विकास, जलविद्युत उत्पादन, दिगो अर्गानिक कृषि तथा औद्योगिक उत्पादनमा वृद्धि भई अपेक्षित आर्थिक वृद्धि हासिल गर्न मद्दत पुग्नेछ।

प्रथम आवधिक योजनामा विज्ञान प्रविधि, उन्नयन, डिजिटल कर्णाली र सुशासनलाई पनि विशेष ध्यान दिइएको छ। यसले संयुक्त राष्ट्र संघले तय गरेका दिगो विकासका लक्ष्यहरूलाई पनि बलियोसँग आत्मसात गरेको छ। आवधिक योजनाले वीरेन्द्रनगर परम्परागत रेशम मार्गमा आधारित हिल्सा द्रूत मार्ग, राजधानी विशेष पूर्वाधार, जनता सडक, सुनौलो पर्यटकीय त्रिभुजको अवधारणामा प्रदेशको पर्यटकीय पूर्वाधार, छोरी सुरक्षा खाता, कर्णाली विज्ञान तथा प्रविधि विश्वविद्यालय, प्रदेश तथा घुम्ती अस्पताल निर्माण, कर्णालीको पानी जनताको लगानी, मुख्यमन्त्री रोजगार तथा न्यूनतम आयआर्जन कार्यक्रम, प्रदेश हरियाली अभियान, नमूना कृषि पकेट क्षेत्र तथा स्रोत केन्द्र निर्माण, हाइटेक नर्सरी जस्ता महत्त्वपूर्ण कार्यक्रमहरु तय गरेको छ।

कर्णाली प्रदेशको विकासका लागि आर्थिक मामिला तथा योजना मन्त्रालय र कर्णाली प्रदेश योजना आयोगका कामहरू अन्योन्यास्रित र परिपूरक रहेका छन्। मैले कर्णाली प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजनाको यो आधार–पत्र कर्णाली प्रदेशको आर्थिक विकासका लागि एक कोशेढुङ्गा सावित हुने आशा राखेको छु। प्रदेशको प्रथम आवधिक पञ्चवर्षीय योजना तयार गर्न अहोरात्र खटिएर काम गर्ने कर्णाली प्रदेश योजना आयोगका पदाधिकारीहरू, मन्त्रालयका सचिवहरू र प्राविधिक सहयोग गर्ने विकास साझेदार सहित अन्य साथीहरू धन्यवादका पात्र हुनुहुन्छ। आवधिक योजनालाई पूर्णता प्रदान गर्न महत्त्वपूर्ण सुझाव दिई योगदान गर्ने प्रदेश सभाका सदस्यहरू, जिल्ला समन्वय समिति तथा स्थानीय सरकार प्रमुख र उपप्रमुखहरू लगायत सरोकारवाला सबै धन्यवादका पात्र हुनुहुन्छ।

.....

प्रकाश ज्वाला
मन्त्री

उपाध्यक्ष

कर्णाली प्रदेश योजना आयोग
वीरेन्द्रनगर, सुर्खेत
नेपाल

भूमिका

हरेक मानवको चाहना विकास, समृद्धि र सुख प्राप्त गर्नु रहेको हुन्छ। त्यसैले हामीले पनि विकसित, समृद्ध र सुखारी कर्णाली हेर्न चाहेका छौँ। प्रकृतिले कर्णाली प्रदेशलाई अद्वितीय प्राकृतिक स्रोत उपलब्ध गराएको छ। यसको पहिचान र परिचालनका लागि प्रदेशको सर्वाङ्गीण योजनाबद्ध विकास गर्न कर्णाली प्रदेश योजना आयोग गठन भएको थियो। आयोगबाट "**समृद्ध कर्णाली : सुखारी कर्णालीबासी**" भन्ने कर्णाली प्रदेशको दीर्घकालीन सोचलाई कार्यान्वयनका निम्ति प्रथम पञ्चवर्षीय योजना निर्माण गरी उपयुक्त प्रयोगका लागि प्रकाशन गर्न पाउँदा खुशी लागेको छ। संविधानको भावनाअनुसार सार्वजनिक, निजी, सहकारी, समुदाय र व्यापक जनसहभागिता सहितको संयुक्त प्रयासबाट दिगो, उच्च, तीव्र र फराकिलो समन्यायिक विकास सम्भव हुनेछ। समाजवाद उन्मुख समृद्ध कर्णाली प्रदेश निर्माण गर्न जनताका आवश्यकतानुसार सही योजनाहरूको छनौट र तिनीहरूको प्रभावकारी कार्यान्वयन हुन पर्नेछ।

इतिहास भाषा, धर्म, कला, संस्कृति र प्राकृतिक सम्पदाले भरिपूर्ण कर्णाली प्रदेश विभिन्न कारणले भौतिक, आर्थिक र सामाजिक विकासका प्रचलित सूचकाङ्कहरूमा पछि परेको थियो। संघीयतालाई अवसरको रूपमा लिई आफ्नो गाउँ ठाउँको विकास आफ्नै पहलमा योजनाबद्ध रूपमा गर्न सकेको खण्डमा सम्भव हुन्छ भन्ने मान्यताका साथ यो प्रथम पञ्चवर्षीय योजना तयार गरिएको छ। यसैमा कर्णाली सोच २१०० अर्थात् २५ वर्षपछिको कर्णाली प्रदेशको विकासको मानचित्र समेत समावेश छ। केही स्थापित मान्यता अनुसार प्रतिव्यक्ति आम्दानीका आधारमा मानवीय जीवनस्तरको मापन हुने गर्दछ। यसैका आधारमा हाल कर्णालीबासीको प्रतिव्यक्ति वार्षिक आय ६०६ अमेरिकी डलर (करिब ७०,००० हजार नेपाली रुपैयाँ) छ भने वि.सं. २०८०/०८१ मा १,१४७ अमेरिकी डलर (करिब १,३२,००० नेपाली रुपैयाँ) पुऱ्याउने लक्ष्य लिइएको छ। यसैगरी आ.व. २१००/२००१ मा वार्षिक प्रतिव्यक्ति आय १०,००० अमेरिकी डलर (करिब ११,५०,००० नेपाली रुपैयाँ) पुऱ्याउने लक्ष्य किटान गरिएको छ।

सामाजिक न्यायमा आधारित समावेशी, सन्तुलित र दिगो विकासका लागि गुणस्तरीय पूर्वाधार मार्फत उच्च र तीव्र आर्थिक वृद्धि गरी समृद्ध र सुखारीका लक्ष्यहरू निर्धारण गरिएको छ। प्रदेशको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य पूरा गर्न दीर्घकालीन रणनीति र परिमाणात्मक लक्ष्यहरू समेत प्रक्षेपण गरिएको छ। कर्णाली प्रदेश जलस्रोतको धनी भएकाले जलविद्युतलाई विकासको प्रमुख सम्वाहकको रूपमा लिइएको छ। हरित अर्थतन्त्र कर्णाली विकासको मूलमन्त्रको रूपमा अंगिकार गरिएको छ। कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना (आ.व. २०७६/०७७–२०८०/०८१) ले हालको सबल पक्ष, सुधार्नु पर्ने पक्ष, चुनौती र अवसरहरूको विश्लेषण गरिएको छ। प्रस्तुत योजनाको आवश्यकता, मार्गदर्शक सिद्धान्तहरू, प्राथमिकताहरू, सोच, लक्ष्य, उद्देश्य, परिमाणात्मक लक्ष्य, रणनीति तथा कार्यक्रम र नतिजा खाका यसै आधारमा तय भएका छन्।

यस प्रथम पञ्चवर्षीय योजनाले पाँच वर्षको आर्थिक वृद्धिदर आधार वर्ष २०७५/०७६ मा भएको ५.७ प्रतिशतबाट २०८०/०८१ मा १८.८ प्रतिशतमा वृद्धि गरी पाँच वर्षको औषत वृद्धि १४.९ प्रतिशत पुऱ्याउनु छ। यसो भएमा मात्रै कर्णाली प्रदेशको आधार वर्ष २०७५/०७६ को कूल गार्हस्थ्य उत्पादन ११९.२६ अर्बबाट २०८०/८१ मा २४१.०१ अर्ब पुऱ्याउन सकिन्छ र प्रतिव्यक्ति वार्षिक आय १,१४७ अमेरिकी डलर हाँसिल गर्न सकिन्छ। यसका निमित्त ५२१.४७ अर्बको लगानी आवश्यक पर्ने देखिन्छ। जसमध्ये कृषिमा ९७.१५ अर्ब, उद्योगमा २३५.८१ अर्ब र सेवा क्षेत्रमा १८८.५१ अर्बको आवश्यकता प्रक्षेपण गरिएको छ। यसका निमित्त सार्वजनिक क्षेत्रबाट ५३.६६ प्रतिशत, निजी क्षेत्रबाट ४२.६५ प्रतिशत र सहकारी क्षेत्रबाट ३.६९

प्रतिशत लगानीको अनुमान गरिएको हुँदा सरकारले ऐन कानुन, नीति, नियम बनाउने मात्र नभएर विकासको ठूलो हिस्सामा अहम् भूमिका खेल्नु पर्नेछ। सार्वजनिक क्षेत्रबाट हुने लगानी २७९.८२ अर्बमा १०८.२० संघ, १३०.५२ अर्ब प्रदेश सरकार र ४१.१० अर्ब स्थानीय तहले व्यहोर्नुपर्ने हुन्छ। यसकारण संविधानमा व्यवस्था भएअनुसार तीनवटै तहको सरकारहरू बीचमा समन्वय, सहकार्य र साझेदारी गर्नु पर्ने हुन्छ।

यो प्रथम पञ्चवर्षीय योजना आधारपत्रको विस्तृतीकरण हो। यसलाई १० परिच्छेदमा व्यवस्थित गरी प्रस्तुत गरिएको छ। पहिलो परिच्छेदमा प्रदेशको परिचय र अवस्था राखिएको छ। दोस्रो परिच्छेदमा कर्णाली सोच २१०० राखिएको छ। यस्तै अरू आठवटा परिच्छेदहरू प्रथम पञ्चवर्षीय योजनाको खासगरी वित्तीय अवस्था, पूर्वाधार क्षेत्र, सामाजिक क्षेत्र, आर्थिक क्षेत्र, उद्योग, वाणिज्य तथा आपूर्ति, सुशासन, गरिबी निवारण लगायतका अन्तरसम्बन्धित विषयहरू र योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गरी विषयगत रूपमा प्रस्तुत गरिएको छ। योजना तर्जुमा जत्तिको महत्त्वपूर्ण छ, त्यत्तिकै महत्त्व आयोजनाहरूको छनौट र कार्यान्वयनको हुने भएकाले सही आयोजनाको छनौट र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा सबैले ध्यान दिनु पर्दछ।

हाम्रो प्रदेश अरू प्रदेशको तुलनामा विकासमा निकै पछि परेकाले **अरू हिँडे पुग्छ, हामी भने दौडनु पर्छ**। हामी पुग्ने मात्र होइनकि उछिन्न पनि तयार हुनु पर्नेछ। त्यसैले प्रदेशको पुँजीगत खर्च हरेक वर्ष ८० प्रतिशतभन्दा बढी हुने गरी सङ्कल्पका साथ सरकार, निजी क्षेत्र, सहकारी, समुदाय र आम नागरिक अघि बढ्न सकेको खण्डमा कर्णाली प्रदेश सबैभन्दा समृद्ध प्रदेश बन्नेमा कुनै शङ्का छैन। विकासका लागि एक्लै हिँड्दा गन्तव्यविहीन हुनसक्छ, सँगै हिँड्दा विकासको शिखर चुम्न सकिन्छ। यसैले संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय र सहकार्यलाई आत्मसात् गरी प्रथम पञ्चवर्षीय योजनालाई सफल पार्न सबैले जिम्मेवारीबोध गर्नु आवश्यक छ।

यो प्रथम पञ्चवर्षीय योजना तयार गर्दा महत्त्वपूर्ण मार्गदर्शन गर्नुहुने माननीय प्रदेश प्रमुख, माननीय मुख्यमन्त्री तथा योजना आयोगका अध्यक्ष, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, कर्णाली प्रदेशबाट प्रतिनिधित्व गर्ने प्रतिनिधि सभा तथा राष्ट्रिय सभाका सदस्यहरू, प्रदेश सभाका सभामुख तथा उपसभामुख, प्रदेश सरकारका मन्त्रीहरू, प्रदेश सभा प्रतिपक्षी दलका नेता, प्रदेश सभाका विभिन्न समितिका अध्यक्षहरू, प्रदेश सभाका सदस्यहरू, कर्णाली प्रदेश हेर्ने राष्ट्रिय योजना आयोगका सदस्य, कर्णाली प्रदेश विकास परिषद्का सदस्यहरू, निजी, सहकारी तथा गैरसरकारी संघ–संस्थाहरू सबैलाई हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्न चाहन्छु।

यो ऐतिहासिक योजना निर्माण कार्यमा कर्णाली प्रदेश योजना आयोगका पूर्व उपाध्यक्ष प्रा. डा. पुण्यप्रसाद रेग्मीको योगदानको स्मरण गर्न चाहन्छु। योजना निर्माणमा अहोरात्र खटेर नेतृत्वदायी भूमिका निर्वाह गर्नु भएकोमा आयोगका सदस्य डा. दीपेन्द्र रोकायालाई विशेष धन्यवाद दिन चाहन्छु। साथै सदस्य योगेन्द्र बहादुर शाहीले खेलेको उल्लेखनीय भूमिकाप्रति पनि धन्यवाद दिन चाहन्छु। यसैगरी यस प्रदेशका प्रमुख सचिव, आयोगका सबै सदस्य सचिव, मन्त्रालयका सचिवहरू, राष्ट्रिय योजना आयोगका विज्ञ कर्मचारीहरू, कर्णाली प्रदेश योजना आयोगका कर्मचारीहरू, सबै मन्त्रालयका योजना महाशाखा एवम् विभिन्न निकायका कर्मचारीहरू, तथ्याङ्क कार्यालय सुर्खेत, समुन्नति नेपालका विज्ञहरू, विकास साझेदार र अन्य सबै सहयोगी महानुभावहरूलाई हृदयदेखि नै आभार तथा धन्यवाद दिन चाहन्छु। यस ऐतिहासिक प्रथम पञ्चवर्षीय योजनाको सही कार्यान्वयन हुन गएमा प्रदेशका जनताको दशकौंदेखिको सपना साकार हुन मद्दत पुग्न जानेछ भन्ने विश्वास गरेको छु।

.....

डा. सर्व राज खड्का
उपाध्यक्ष

कर्णाली प्रदेश योजना आयोग

माननीय मुख्यमन्त्री श्री महेन्द्र बहादुर शाही	अध्यक्ष
माननीय डा. सर्व राज खड्का	उपाध्यक्ष
माननीय डा. दीपेन्द्र रोकाया	सदस्य
माननीय श्री योगेन्द्र बहादुर शाही	सदस्य
श्री चन्द्रमान श्रेष्ठ, प्रमुख सचिव, प्रदेश सरकार	सदस्य (पदेन)
श्री घनश्याम उपाध्याय, सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय	सदस्य–सचिव

विषय सूची

	विषय	पृष्ठ सङ्ख्या
परिच्छेद- १ :	**परिचय**	**१**
१.१	पृष्ठभूमि	१
१.२	भौगोलिक अवस्था	३
१.३	भू-उपयोगको अवस्था	३
१.४	जनसङ्ख्याको अवस्था	३
१.५	सामाजिक अवस्था	४
१.६	शैक्षिक अवस्था	४
१.७	स्वास्थ्य सेवाको अवस्था	५
१.८	खानेपानी, खाद्य सुरक्षा, पोषण तथा सरसफाइको अवस्था	५
१.९	गरिबीको अवस्था	६
१.१०	श्रम तथा रोजगारीको अवस्था	६
१.११	भाषा, धर्म तथा संस्कृतिको अवस्था	६
१.१२	आर्थिक अवस्था	७
परिच्छेद- २ :	**कर्णाली सोच २१००**	**१०**
२.१	पृष्ठभूमि	१०
२.२	राष्ट्रिय पन्ध्रौं योजनाको सोच, लक्ष्य र रणनीतिहरू	११
२.३	प्रदेशको दीर्घकालीन सोचको आवश्यकता	१२
२.४	प्रदेशको दीर्घकालीन सोचको मार्गचित्र	१३
२.५	प्रदेशको दीर्घकालीन सोच	१४
२.६	प्रदेशको दीर्घकालीन लक्ष्य	१४
२.७	प्रदेशको दीर्घकालीन उद्देश्य	१४
२.८	प्रदेशको दीर्घकालीन रणनीति	१५
२.९	प्रदेशको दीर्घकालीन परिमाणात्मक लक्ष्य	१६
२.१०	विकासका प्रमुख सम्वाहकहरू	१७
२.११	पूर्वाधारमा आधारित समाजवादउन्मूख मानव केन्द्रित अवधारणा	१८
	२.११.१ पूर्वाधारमा आधारित मुख्य वृद्धि अक्षहरू र आर्थिक केन्द्रहरू	१९
२.१२	जोखिम पक्ष अनुमान	२३
परिच्छेद- ३ :	**प्रथम पञ्चवर्षीय योजना**	**२४**
३.१	पृष्ठभूमि	२४
३.२	सबल पक्ष, सुधार्नु पर्ने पक्ष, अवसर र चुनौतीहरू	२४

३.३	योजनाको आवश्यकता	२६
३.४	योजनाका मार्गदर्शक सिद्धान्तहरू	२७
३.५	योजनाका प्राथमिकताहरू	२८
३.६	सोच	२८
३.७	लक्ष्य	२८
३.८	उद्देश्य	२८
३.९	परिमाणात्मक लक्ष्य	२८
३.१०	योजनाका रणनीतिहरू	३२
३.११	समष्टिगत आर्थिक खाका	३२
	३.११.१ गार्हस्थ्य उत्पादनको वृद्धि दर र संरचना	३२
	३.११.२ लगानी	३५
	३.११.३ सार्वजनिक खर्च र खर्च व्यहोर्ने स्रोत	३७
	३.११.४ प्रदेश सरकारको खर्च र खर्च व्यहोर्ने स्रोत	३८
परिच्छेद- ४ :	**वित्तीय क्षेत्र**	**३९**
४.१	बचत तथा लगानी	३९
४.२	सार्वजनिक वित्त	४१
	४.२.१ सार्वजनिक खर्च	४१
	४.२.२ राजश्व परिचालन	४४
	४.२.३ वैदेशिक सहायता परिचालन	४७
	४.२.४ सार्वजनिक ऋण	४९
	४.२.५ अन्तर-सरकारी वित्त	५१
४.३	सार्वजनिक, निजी, सहकारी साझेदारी	५३
४.४	वैदेशिक लगानी	५६
४.५	वित्तीय क्षेत्रका कार्यक्रमहरू	५९
४.६	वित्तीय क्षेत्रको नतिजा खाका	६५
परिच्छेद- ५ :	**पूर्वाधार क्षेत्र**	**६८**
५.१	यातायात पूर्वाधार	६८
	५.१.१ सडक	६८
	५.१.२ हवाई यातायात	७१
	५.१.३ जलमार्ग	७३
	५.१.४ विद्युतीय रेलमार्ग, रज्जुमार्ग र केवलकार	७५
	५.१.५ यातायात व्यवस्थापन	७७
५.२	ऊर्जा	८०
	५.२.१ जलविद्युत	८०
	५.२.२ वैकल्पिक ऊर्जा	८२

५.३	गाउँ-शहर, बस्ती विकास	८५
५.४	सिँचाइ	८८
५.५	खानेपानी तथा सरसफाइ	९०
५.६	सूचना तथा सञ्चार प्रविधि	९३
५.७	पूर्वाधार क्षेत्रका कार्यक्रमहरू	९६
५.६	पूर्वाधार क्षेत्रका नतिजा खाका	११२
परिच्छेद- ६ :	**सामाजिक क्षेत्र**	**१२१**
६.१	शिक्षा	१२१
६.२	स्वास्थ्य	१२४
६.३	जनसङ्ख्या तथा बसाइँसराइ	१२८
६.४	युवा	१३१
६.५	महिला सशक्तीकरण तथा लैङ्गिक समानता	१३३
६.६	बालबालिका तथा किशोरकिशोरी	१३६
६.७	जेष्ठ नागरिक	१३९
६.८	अपाङ्गता भएका व्यक्ति	१४१
६.९	खेलकुद	१४४
६.१०	भाषा, कला, साहित्य र संस्कृति	१४८
६.११	सामाजिक समावेशीकरण	१५०
६.१२	दलित मूल प्रवाहीकरण	१५३
६.१३	मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण	१५५
६.१४	सामाजिक सुरक्षा	१५८
६.१५	सामाजिक क्षेत्रका कार्यक्रमहरू	१६१
६.१६	सामाजिक क्षेत्रका नतिजा खाका	१८१
परिच्छेद- ७ :	**आर्थिक क्षेत्र**	**१९७**
७.१	कृषि तथा प्राकृतिक स्रोत व्यवस्थापन	२९७
७.१.१	प्राङ्गारिक तथा व्यवसायिक कृषि	२९७
७.१.२	पशुपन्छी, मत्स्य तथा मौरी पालन	२०२
७.१.३	खाद्य सम्प्रभूता, खाद्य सुरक्षा तथा पोषण	२०६
७.१.४	भूमि व्यवस्थापन	२१०
७.१.५	वन तथा जैविक विविधता	२१४
७.१.६	जडीबुटी	२१७
७.१.७	खानी तथा खनिज सम्पदा	२१९
७.२	उद्योग, वाणिज्य तथा आपूर्ति	२२२
७.२.१	उद्योग	२२२
७.२.२	वाणिज्य तथा आपूर्ति	२२४

७.३	पर्यटन विकास	२२७
७.४	निजी क्षेत्र	२३०
७.५	सहकारी क्षेत्र	२३३
७.६	आर्थिक क्षेत्रका कार्यक्रमहरू	२३७
७.७	आर्थिक क्षेत्रका नतिजा खाका	२५८
परिच्छेद- ८ :	**सुशासन**	**२७७**
८.१	शान्ति सुरक्षा र सुव्यवस्था	२७७
८.२	शासकीय सुधार र सुशासन	२७९
८.३	प्रदेश तथा स्थानीय तहको क्षमता विकास	२८२
८.४	मानव अधिकार	२८४
८.५	भ्रष्टाचार नियन्त्रण	२८७
८.६	सुशासन क्षेत्रका कार्यक्रमहरू	२९०
८.७	सुशासन क्षेत्रका नतिजा खाका	२९४
परिच्छेद- ९ :	**अन्तरसम्बन्धित विषय**	**३०१**
९.१	गरिबी निवारण	३०१
९.२	उद्यमशीलता विकास	३०५
९.३	विपद् व्यवस्थापन	३०९
९.४	वातावरण तथा जलवायु परिवर्तन व्यवस्थापन	३१२
९.५	जलाधार संरक्षण	३१६
९.६	सामुदायिक साझेदारी तथा गैरसरकारी संस्थाहरू	३१९
९.७	अनुसन्धान र विकास	३२२
९.८	श्रम तथा रोजगारी	३२५
९.९	अन्तरसम्बन्धित विषयका कार्यक्रमहरू	३३२
९.१०	अन्तरसम्बन्धित विषयका नतिजा खाका	३४४
परिच्छेद- १० :	**योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन**	**३५२**
१०.१	अन्तर सरकारी समन्वय र सहकार्य	३५२
१०.२	प्रदेश आयोजना बैङ्क	३५४
१०.३	कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन	३५७
१०.४	योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका कार्यक्रमहरू	३६१
अनुसूचीहरू		**३६४**

अनुसूचीहरू

			पृष्ठ
अनुसूची-१	:	जिल्लागत क्षेत्रफलको विवरण	३६४
अनुसूची-२	:	कर्णाली प्रदेशका स्थानीय तहहरू	३६४
अनुसूची-३	:	कर्णाली प्रदेशमा जनसङ्ख्याको अवस्था (राष्ट्रिय जनगणना, २०६८)	३६५
अनुसूची-४	:	कर्णाली प्रदेशको मानव विकास सूचकाङ्क तथा गरिबीको अवस्था	३६५
अनुसूची-५	:	कर्णाली प्रदेशको शैक्षिक तथ्याङ्क	३६५
अनुसूची-६	:	कर्णाली प्रदेश स्वास्थ्य सेवा प्रदायकको सङ्ख्या	३६६
अनुसूची-७	:	प्रदेश जिल्ला अनुसार गरिबीको दर	३६६
अनुसूची-८	:	कर्णाली तथा नेपालको प्रमुख बाली उत्पादन क्षमता	३६७
अनुसूची-९	:	जिल्लाका प्राथमिकता प्राप्त बालीहरू	३६७
अनुसूची-१०	:	कर्णाली प्रदेशमा सञ्चालनमा आएका साना तथा घरेलु उद्योगहरू	३६७
अनुसूची-११	:	बैङ्क तथा वित्तीय संस्थाहरूको जिल्लागत विवरण	३६८
अनुसूची-१२	:	आयोजनाहरूको वर्गीकरण र कार्यान्वयन मापदण्ड	३६८
अनुसूची-१३	:	जिल्लागत रूपमा जनता सडक, एक प्रदेश- एक निर्वाचन क्षेत्र सडक, सडक पहुँच नभएका स्थानीय तह जोड्ने सडक, बहुवर्षीय सडक आयोजनाहरू र समपुरक/विशेष/अनुदानका सडक आयोजनाहरू	३६९
अनुसूची-१४	:	जलविद्युत आयोजनाहरूको सूची	३७५
अनुसूची-१५	:	कर्णाली प्रदेशमा सूचना तथा सञ्चार टावरको सङ्ख्या	३७७
अनुसूची-१६	:	प्रथम पञ्चवर्षीय योजना तर्जुमा गर्दा अपनाइएको प्रक्रिया	३७८

तालिका

			पृष्ठ
तालिका नं. १	:	राष्ट्रिय दीर्घकालीन लक्ष्य	११
तालिका नं. २	:	प्रदेशको दीर्घकालीन लक्ष्य	१४
तालिका नं. ३	:	प्रदेशको दीर्घकालीन रणनीति	१५
तालिका नं. ४	:	प्रदेशको दीर्घकालीन परिमाणात्मक लक्ष्य	१६
तालिका नं. ५	:	प्रथम पञ्चवर्षीय योजनाको परिमाणात्मक लक्ष्य	२९
तालिका नं. ६	:	गार्हस्थ्य उत्पादन वृद्धि दर र क्षेत्रगत संरचना	३३
तालिका नं. ७	:	प्रदेशको आर्थिक वृद्धि दर	३४
तालिका नं. ८	:	गार्हस्थ्य उत्पादन संरचना	३४
तालिका नं. ९	:	क्षेत्रगत लगानी अनुमान	३६
तालिका नं. १०	:	सार्वजनिक, निजी र सहकारी क्षेत्रबाट हुने लगानी	३७
तालिका नं. ११	:	तीन तहको सरकारले गर्ने पुँजीगत लगानीको प्रक्षेपण	३७
तालिका नं. १२	:	प्रदेश सरकारको अनुमानित खर्च	३८

छोटकरी शब्द र अर्थ

आ.व.	=	आर्थिक वर्ष
आ.मा.का.म.	=	आन्तरिक मामिला तथा कानुन मन्त्रालय
आ.मा.यो.म.	=	आर्थिक मामिला तथा योजना मन्त्रालय
ई.सं.	=	ईस्वी सम्वत्
उ.प.व.वा.म.	=	उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
क.वि.आ.	=	कर्णाली विकास आयोग
कि.मी.	=	किलो मीटर
के.त.वि.	=	केन्द्रीय तथ्याङ्क विभाग
के.भी.	=	किलो भोल्ट
ना.उ.का.	=	नागरिक उड्डयन कार्यालय
ने.ज.स्वा.स.	=	नेपाल जनसाङ्खिक तथा स्वास्थ्य सर्वेक्षण
ने.दू.प्रा.	=	नेपाल दूरसञ्चार प्राधिकरण
ने.मा.व.पु	=	नेपाल मानवअधिकार वर्ष पुस्तक
प्र.यो.आ.	=	प्रदेश योजना आयोग
भौ.पू.वि.म.	=	भौतिक पूर्वाधार विकास मन्त्रालय
भू.व्य.कृ.स.म.	=	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मु.म.का.	=	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
मे.ट.	=	मेट्रिक टन
मे.वा.	=	मेगावाट
रा.यो.आ.	=	राष्ट्रिय योजना आयोग
रू.	=	रुपैयाँ
वि.सं.	=	विक्रम सम्वत्
सा.वि.म.	=	सामाजिक विकास मन्त्रालय
सं.रा.सं.	=	संयुक्त राष्ट्र संघ
स्वा.व्य.सू.प्र.	=	स्वास्थ्य व्यवस्था सूचना प्रणाली
हे.	=	हेक्टर

परिच्छेद : १
परिचय

१.१ पृष्ठभूमि

इतिहासमा कर्णाली एक शक्तिशाली र समृद्ध राज्य थियो । बाह्रौं शताब्दीमा नागराजले 'पाल' राज्य जितेपछि कर्णालीको 'शैव' क्षेत्र र 'जालन्धर' क्षेत्रको भावनालाई सम्बोधन गर्ने गरी आफ्नो राजधानीको नाम शिवको 'शि' र जालन्धरको 'जा' लाई जोडेर शिजा राखेका थिए । तत्कालीन खस राज्यको राजधानी शिजा नेपाली भाषा र संस्कृतिको उद्‌गम स्थलको रूपमा चिनिन्छ । यो राज्य १३औं शताब्दीमा पूर्वमा गोर्खा, पश्चिममा काश्मिरको लद्दाख, उत्तरमा भोटको गुगे र दक्षिणमा लखनऊको गोमती नदीसम्म फैलिएको थियो । कर्णाली नदी आसपास हुँदै चीनको गुगे, बुराङ्गबाट हुम्ला, जुम्ला, दुल्लु, सुर्खेत हुँदै दक्षिणमा भारतसम्म आवतजावत हुने व्यापारिक रेशम-मार्गले अर्थ-वाणिज्य क्षेत्रमा ख्याति प्राप्त गरी त्यसबेला समृद्धि हाँसिल गरेको थियो तर वि.सं. १८४६ मा जुम्ला राज्य नेपाल एकीकरणमा गाभिएपछि केन्द्रीय सत्ताबाट ओझेलमा पर्न गई कर्णाली क्षेत्र आर्थिक, सामाजिक विकासमा पछि पर्दै गएको देखिन्छ ।

तत्कालीन शासकहरूले खस राज्यको राजधानी शिजालाई आर्थिक तथा व्यापारिक केन्द्र र दुल्लुलाई प्रशासनिक केन्द्रका रूपमा विकास गरेको पाइन्छ । अहिलेका ठूला विकसित मुलुकहरूले आर्थिक तथा प्रशासनिक राजधानी छुट्टाछुट्टै शहरलाई कायम गर्ने मोडलको प्रयोग ११औं शताब्दीमा कर्णालीमा भइसकेको थियो । यस्तै कर्णालीमा सामुहिक विकासको लामो परम्परा रहेको छ । सामुहिक पशुपालन, धर्म भकारी, नोराला, खिम्ति, पर्म, सामुहिक उत्पादन र व्यापार जस्ता आत्मनिर्भरतामूखी अभ्यासहरू यसका उदाहरणहरू हुन् । दुल्लुको प्राचीन कीर्तिस्तम्भ मध्ययुगीन नेपालको एक ऐतिहासिक प्रमाण हो ।

नेपालमा जनयुद्ध, जनआन्दोलन र विशेष कर्णाली प्रदेश स्थापनार्थ भएको आन्दोलनहरूपछि जारी भएको नेपालको संविधान २०७२ पश्चात गठन भएका सातवटा प्रदेश मध्ये कर्णाली पनि एक हो । हुम्ला, मुगु, जुम्ला, डोल्पा, कालिकोट, दैलेख, जाजरकोट, पश्चिम रुकुम, सल्यान र सुर्खेत गरी दश वटा जिल्लालाई समेटेर यो प्रदेश निर्माण भएको छ । सुर्खेत राजधानी भएको यस प्रदेशको सिमाना उत्तरमा

मित्रराष्ट्र चीन, पश्चिममा सुदूरपश्चिम प्रदेश, दक्षिणमा लुम्बिनी प्रदेश र पूर्वमा लुम्बिनी प्रदेश तथा गण्डकी प्रदेश पर्दछ ।

संविधानले सबै प्रकारका विभेदहरूको अन्त्य गर्दै समानुपातिक, समावेशी र सहभागिताको सिद्धान्तको धरातलमा टेकेर दिगो शान्ति, विकास तथा समृद्धि एवम् असल शासनको माध्यमद्वारा समाजवाद उन्मुख आर्थिक समानता, समृद्धि तथा सामाजिक न्यायमा आधारित समतामूलक समाजको परिकल्पना गरेको छ । सामाजिक न्यायको माध्यमबाट लोक कल्याणकारी राज्यको स्थापना गर्ने, सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा साधन र स्रोतको उपयुक्त परिचालन गरी तीव्र आर्थिक वृद्धि गर्ने लक्ष्य राखेको छ । दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न प्रादेशिक तथा राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र र उन्नतशील बनाई समाजवाद उन्मुख, स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने उद्देश्य राखेको छ । संविधानले निर्दिष्ट गरेको यही बाटोमा अघि बढ्न नेपाल सरकारले पन्ध्रौं पञ्चवर्षीय योजना निर्माण गरेको छ भने कर्णाली प्रदेश सरकारले पनि प्रथम पञ्चवर्षीय योजना निर्माण गरेको छ। वि.सं. २०१३ सालबाट नेपालमा आवधिक योजना मार्फत विकास निर्माणको कार्यान्वयन गर्न थालियो । यस बीचमा १४ वटा आवधिक योजनाहरू कार्यान्यनमा आए तापनि यसबाट कर्णालीबासीले विकासको खासै प्रतिफल प्राप्त गर्न नसकेको र विकास सूचकाङ्कमा अरु प्रदेशभन्दा पछाडि रहेको तीतो यथार्थलाई बदल्नु अहिलेको आवश्यकता हो ।

नेपाल सरकारले **समृद्ध नेपाल, सुखी नेपाली** राष्ट्रिय लक्ष्य निर्धारण गरेअनुरूप आफ्नो नीति तथा कार्यक्रम र विभिन्न दस्तावेजहरूमा नागरिकहरूको समृद्धिको चाहना पूरा गर्ने सङ्कल्प गरीरहेको परिप्रेक्ष्यमा कर्णाली प्रदेश सरकारले **'समृद्ध कर्णाली, सुखारी कर्णालीबासी'** दीर्घकालीन सोच राखेको छ । यही दीर्घकालीन सोचलाई मध्यनजर गर्दै आवधिक योजना निर्माण गरी दिगो, फराकिलो र तीव्र आर्थिक विकासद्वारा यो क्षेत्रको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणका लागि प्रदेश सरकार दृढ सङ्कल्पित छ । गुणस्तरीय र वातावरणमैत्री भौतिक पूर्वाधार, व्यावसायिक शिक्षा, स्वास्थ्यमा सर्वसुलभ पहुँच, भरपर्दो सामाजिक सुरक्षा, उत्पादन र रोजगारीमा वृद्धि, तुलनात्मक लाभका प्राकृतिक स्रोतहरूको सदुपयोग, पर्या-पर्यटनको बिस्तार र विकास एवम् कर्णालीको अद्वितीय भाषा, संस्कृति र कलाको सम्बर्द्धन गर्ने लगायतका क्षेत्रमा योगदान गर्न यो प्रथम पञ्चवर्षीय योजना तयार गरिएको छ ।

१.२ भौगोलिक अवस्था

कर्णाली प्रदेशको कूल क्षेत्रफल ३०,२११ वर्ग कि.मी. रहेको छ । यो प्रदेश नेपालका सात प्रदेश मध्ये क्षेत्रफलका हिसाबले सबैभन्दा ठूलो प्रदेश हो । यो प्रदेशले नेपालको कूल भू-भागको २१.६% ओगटेको छ । त्यसैगरी यस प्रदेशको डोल्पा जिल्ला क्षेत्रफलका हिसावले नेपालकै सबैभन्दा ठूलो जिल्ला हो । डोल्पा जिल्लाले ७,८८९ वर्ग कि.मी. क्षेत्रफल ओगटेको छ (अनुसूची-१) ।

यस प्रदेशमा २५ वटा नगरपालिका र ५४ वटा गाउँपालिका गरी कूल ७९ स्थानीय तहमा जम्मा ७१८ वडाहरू रहेका छन् (अनुसूची-२) । यो प्रदेश २८ डिग्री १० मिनेट ७ सेकेन्ड उत्तरी अक्षांसदेखि ३० डिग्री २६ मिनेट ५० सेकेन्ड उत्तरी अक्षांशसम्म र ८० डिग्री ५८ मिनेट ५८ सेकेन्ड पूर्वी देशान्तरदेखि ८३ डिग्री ४० मिनेट ५७ सेकेन्ड पूर्वी देशान्तरसम्म फैलिएको छ । यस प्रदेशमा समुद्र सतहबाट सबैभन्दा होंचो भू-भाग कर्णाली र भेरीको दोभान जामु कुइने १८० मिटर उचाइमा रहेको छ भने सबैभन्दा उच्च भू-भाग डोल्पा जिल्लाको चुरेन हिमाल ७,३४८ मिटर उचाइमा रहेको छ । उतर दक्षिण २५० कि.मी. र पूर्व पश्चिम २६५ कि.मी.सम्म फैलिएको यो प्रदेशमा विविध हावापानीका साथै धरातलीय तथा जैविक विविधता रहेको छ ।

१.३ भू-उपयोगको अवस्था

कर्णाली प्रदेशमा देशको सबैभन्दा ठूलो भू-भाग रहेको छ । यसको कूल क्षेत्रफल ३०,२११ वर्ग कि.मी. रहेको छ । यसमा जम्मा १३.२ प्रतिशत मात्र खेतीयोग्य भूमि रहेको छ । यस्तै, वन क्षेत्र ३८.५७ प्रतिशत, हिम क्षेत्र २४.५५ प्रतिशत, जल क्षेत्र ०.१८ प्रतिशत, बाँझो जमिन ३१.७ प्रतिशत र बाँकी ५ प्रतिशत क्षेत्र राष्ट्रिय निकुञ्ज रहेकोछ । यसमध्ये हिमाली क्षेत्रमा ४७ प्रतिशत, मध्य पहाडी क्षेत्रमा ४८ प्रतिशत र चुरे क्षेत्रमा ५ प्रतिशत भू-भाग रहेको छ ।

१.४ जनसङ्ख्याको अवस्था

वि.सं. २०६८ को जनगणनाअनुसार यस प्रदेशको कूल जनसङ्ख्या १५ लाख ७० हजार ४१८ रहेको छ । जसअनुसार ७ लाख ६७ हजार ९२३ पुरुष (४८.८९%) र ८ लाख २ हजार ४९५ (५१.११%) जना महिला छन् । प्रदेशमा कूल २ लाख ९८ हजार १७४ घर परिवार रहेका छन् । जनघनत्व प्रति वर्ग कि.मी. ५६ रहेको

छ । वि.सं. २०७७ सालसम्म आइ पुग्दा १.८ प्रतिशतको वृद्धिले कर्णाली प्रदेशको जनसङ्ख्या १८ लाख २४ हजार ८३० पुगेको अनुमान गरिएको छ । कूल जनसङ्ख्यामा बालबालिकाको सङ्ख्या ५२.५ प्रतिशत छ । ६५ वर्ष काटेका व्यक्तिहरूको सङ्ख्या ३.५ प्रतिशत छ भने आर्थिक रूपले सक्रीय जनसङ्ख्या ४१.४ प्रतिशत छ (अनुसूची-३) ।

१.५ सामाजिक अवस्था

कर्णाली प्रदेशको युवा साक्षरता दर ८२ प्रतिशत (राष्ट्रिय दर ८५ प्रतिशत), अपेक्षित आयु ६७ वर्ष (राष्ट्रिय अपेक्षित आयु ६९.७ वर्ष), मानव विकास सूचकाङ्क ०.४२७ (राष्ट्रिय सूचकाङ्क ०.५७४), आर्थिक रूपले अति पछाडि परेका जनसङ्ख्याको प्रतिशत ४४.२ (राष्ट्रिय प्रतिशत २८.८), निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्याको दर २८.९ प्रतिशत (राष्ट्रिय दर १८.७ प्रतिशत), बहुआयामिक गरिबीको दर ५१.२ प्रतिशत (राष्ट्रिय दर २८.६ प्रतिशत) भएको पाइन्छ । यस प्रदेशको मानव विकास सूचकाङ्क तथा गरिबीको अवस्था अनुसूची ४ मा उल्लेख गरिएको छ ।

कर्णाली प्रदेशका दश जिल्लाहरू मध्ये मानव विकास सूचकाङ्कमा सबैभन्दा राम्रो अवस्थामा सुर्खेत (०.४७६) छ भने सबैभन्दा पछाडि कालिकोट (०.३७४) रहेको छ । त्यसैगरी पश्चिम रूकुम जिल्लामा नवजात शिशु मृत्युदर प्रतिहजार २८.६७ रहेको छ भने डोल्पा जिल्लामा सबैभन्दा उच्च ७२.६६ रहेको छ । साक्षरता दरमा सुर्खेत ७४% ले सबैभन्दा अगाडि छ भने कालिकोट ६३.६४% ले सबैभन्दा पछाडि रहेको छ। यसैगरी साक्षरता दरमा सुर्खेत पछि सल्यान ६८.८०% र दैलेख ६८.०३% रहेका छन् । सरदर आयुमा सल्यान ६८.८ वर्षले सबैभन्दा अगाडि छ भने दोस्रोमा पश्चिम रूकुम ६८.३९ वर्ष र तेसो स्थानमा ६८.०३ वर्ष सहित दैलेख रहेको छ । साथै डोल्पा ६१.२ वर्ष सरदर आयु सहित अन्तिम स्थानमा रहेको छ ।

१.६ शैक्षिक अवस्था

विद्यालयको शैक्षिक प्रगतिको सूचकहरूका आधारमा आधारभूत तहमा खुद भर्ना दर ९३.२ प्रतिशत छ भने सिकाइ उपलब्धि ४२.५ प्रतिशत रहेको छ । यो तहमा शिक्षक-विद्यार्थी अनुपात ५० रहेको छ । माध्यमिक तहमा खुद भर्ना दर ५९.४ प्रतिशत छ भने अनुत्तीर्ण विद्यार्थीको दर १० प्रतिशत देखिन्छ । त्यसैगरी ३५

प्रतिशतले कक्षा दोहोऱ्याउने र ६ प्रतिशतले कक्षा छाड्ने गरेको पाइन्छ । सिकाइ उपलब्धि ४२ प्रतिशत छ भने शिक्षक विद्यार्थी अनुपात ५८ प्रतिशत रहेको छ । साक्षरताको दृष्टिकोणबाट सुर्खेत, सल्यान, जाजरकोट, रूकुम र दैलेख पूर्ण साक्षर घोषणा गरिएका जिल्लाभित्र पर्दछन्। यस प्रदेशको शैक्षिक तथ्याङ्क अनुसूची ५ मा दिइएको छ ।

१.७ स्वास्थ्य सेवाको अवस्था

यस प्रदेशमा सार्वजनिक स्वास्थ्य संस्थाहरूको सङ्ख्या ४ सय ३३ रहेको छ, जसमध्ये हुम्ला २८, मुगु ३२, जुम्ला ४२, जाजरकोट ३६, रूकुम ३० र सल्यानमा ४८ वटा रहेका छन्। त्यसैगरी प्रदेश अस्पताल १, शिक्षण अस्पताल १, जिल्ला अस्पताल ८ र अन्य सरकारी अस्पताल २ वटा छन्। आयुर्वेद अस्पताल १० वटा छन् भने बच्चा जन्माउने केन्द्र (वर्थिङ्ग सेन्टर) २७४ वटा छन् । साथै ३० मिनेटभन्दा कम समयमा स्वास्थ्य संस्थामा पुग्ने परिवारको दर नेपालको राष्ट्रिय दर ४९ प्रतिशतको दाँजोमा २३.६ प्रतिशत मात्र छ । प्रदेशको स्वास्थ्य सेवा प्रदायकको सङ्ख्या अनुसूची ६ मा उल्लेख गरिएको छ ।

कर्णाली प्रदेशको कूल प्रजनन् दर २.८ प्रतिशत रहँदा नेपालको २.३ प्रतिशत रहेको छ । कर्णाली प्रदेशको पाँच वर्ष मुनिको बाल मृत्युदर ५८ प्रतिशत रहेको छ भने नेपालको ३९ प्रतिशत रहेको छ। कर्णाली प्रदेशको शिशु मृत्यु दर ४७ छ भने राष्ट्रिय दर ३२ छ । यस्तै कर्णाली प्रदेशको नवजात शिशु मृत्यु दर २९ प्रतिशत छ भने राष्ट्रिय दर २१ प्रतिशत रहेको छ । कर्णालीमा अहिले पनि किशोरावस्थामा गर्भधारण हुने दर १९ प्रतिशत हुनुले बालविवाह अझै पनि विद्यमान रहेको छ भन्ने कुराको सङ्केत गर्दछ । दक्ष स्वास्थ्यकर्मीको सहयोगमा प्रसुति हुने दर ५९ प्रतिशत रहेको छ भने राष्ट्रिय दर ५८ प्रतिशत छ । यो मामिलामा कर्णाली प्रदेश तेस्रो स्थानमा रहेको छ ।

१.८ खानेपानी, खाद्य सुरक्षा, पोषण तथा सरसफाइको अवस्था

कर्णाली प्रदेशमा आधारभूत खानेपानीको सुविधा पुगेको परिवारको प्रतिशत ८६.२ छ भने राष्ट्रिय दर ८८ प्रतिशत रहेको छ । कर्णाली प्रदेशका २८ प्रतिशत नागरिक खाद्य जोखिममा छन् भने ७ प्रतिशत उच्च जोखिममा रहेका छन् । कर्णालीमा वार्षिक २१,४४१ मेट्रिक टन खाद्यान्न अपुग रहने गरेको देखिन्छ । खाद्य सङ्कटको

दृष्टिकोणले डोल्पा, हुम्ला, मुगु, कालिकोट र जुम्ला उच्च जोखिममा छन् । कुपोषणका कारण हुने पुड्कोपन ५५ प्रतिशत छ, जुन राष्ट्रिय दर ३६ प्रतिशतभन्दा धेरै माथि छ । सात प्रदेश मध्ये कर्णाली प्रदेश पुड्कोपनको समस्याबाट सबैभन्दा धेरै ग्रसित रहेको देखिन्छ । यसैगरी सरसफाइको अवस्था पनि कमजोर रहेको छ ।

१.९ गरिबीको अवस्था

कर्णाली प्रदेशको बहुआयामिक गरिबी दर ५१.२ प्रतिशत रहेको छ, जुन राष्ट्रिय दर २८.६ प्रतिशतको तुलनामा निकै उच्च हो । आर्थिक रूपले अति पछाडि परेका जनसङ्ख्याको प्रतिशतको हकमा पनि राष्ट्रिय २८.८ प्रतिशतको दाँजोमा कर्णाली प्रदेशको ४४.२ प्रतिशत निकै उच्च रहेको छ । निरपेक्ष गरिबीको रेखामुनिको जनसङ्ख्या यो प्रदेशमा २८.९ प्रतिशत छ, जव कि राष्ट्रिय दर १८.७ प्रतिशत रहेको छ । कर्णाली प्रदेशको कुनै पनि जिल्ला गरिबीको दरमा राष्ट्रिय दरभन्दा माथि छन्। कालिकोट जिल्लाको गरिबीको दर ५८.७ प्रतिशत छ जुन प्रदेशका दश जिल्लामध्ये सवैभन्दा बढी हो भने सबैभन्दा कम गरिबीको दर पश्चिम रूकुमको २६.०६ प्रतिशत छ । यसैगरी यो प्रदेशको अन्य सामाजिक तथा आर्थिक परिसूचकहरू पनि सन्तोषप्रद छैनन् । जिल्लागत गरिबीको दर अनुसूची ७ मा राखिएको छ ।

१.१० श्रम तथा रोजगारको अवस्था

नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालयले गरेको आप्रवासनसँग सम्बन्धित अध्ययन प्रतिवेदन अनुसार ई.सं. २००४-०५ देखि २०१६-०१७ सम्मको अवधिमा औपचारिक माध्यमबाट वैदेशिक रोजगारीमा जाने नेपालीहरूको सङ्ख्या ३५ लाखभन्दा बढी रहेकोमा कर्णाली प्रदेशबाट ५३ हजार ५ सय ५१ जना वैदेशिक रोजगारीमा गएको देखिन्छ । तर यस प्रदेशबाट कानुनी प्रक्रिया नअपनाई मौसमी कामका लागि उल्लेख्य सङ्ख्याका प्रदेशवासीहरू छिमेकी देशहरूमा जाने गरेको पाइन्छ ।

१.११ भाषा, धर्म तथा संस्कृतिको अवस्था

कर्णाली प्रदेश आफैमा इतिहास, भाषा, धर्म तथा संस्कृतिका हिसाबले एउटा खुल्ला सङ्ग्रहालय हो । नेपाली भाषाको सबैभन्दा पुरानो अभिलेख दैलेखमा प्राप्त भएको छ । मगर समुदायभित्र काइके भाषा बोलेको पाइन्छ । थपाल्या, व्याँसी लगायत

कतिपय आदिवासी समुदायले बोल्ने भाषा लोप भइसकेका छन् । समष्टिगत रूपमा कर्णाली प्रदेशमा बोलिने प्रमुख मातृभाषाहरूमा नेपाली, खस, राजी, राउटे, मगर, खाम, काइके, थारू, मुगाली कार्मारोङ, भोटेखाम, गुरुङ आदि हुन्।

कर्णाली प्रदेश आफैमा धर्म तथा लोक संस्कृतिको अनुपम थलो हो । यस प्रदेशका प्राचीन मन्दिरहरू जस्तै- सुर्खेतको काँक्रिविहार, देउतीबज्यै, सिद्धपाइला, कालिकोटको कालिका, महावु, जुम्लाको चन्दननाथ, भैरवनाथ, कनकासुन्दरी, हुम्लाको खार्पुनाथ लगायत बाह्र देउताका मारुहरू, मुगुको छाँयानाथ, डोल्पाको त्रिपुरासुन्दरी देवी, से-गुम्बा, दैलेखको पञ्चकोशी तथा पञ्चदेवल आदि पर्दछन् ।

यस प्रदेशमा क्षेत्री, कामी, ब्राह्मण, ठकुरी, थारू, दलित, मगर, गुरुङ्ग, कुसुन्डा, थपाल्या व्याँसी, हिमाली भोटे लामा, कार्मारोङ, तामाङ्ग, माझी, दसनामी, राजी, बादी, राउट्या आदि जातिको बसोबास रहेको छ ।

१.१२ आर्थिक अवस्था

कृषि, उद्योग र सेवा आर्थिक विकासका प्रमुख पक्ष हुन् । कर्णाली प्रदेश हाल यी तीनवटै क्षेत्रमा पछि परे तापनि विकासका दृष्टिकोणबाट प्रदेशमा ठूलो सम्भावना रहेको छ ।

(क) कृषि

कर्णाली प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका अनुसार अहिले कूल खेतीयोग्य जमिन २ लाख ९९ हजार ३३९ हेक्टर छ भने यसको करिब ७३ प्रतिशतमा खेती गरिएको छ । वर्षभरि सिँचित क्षेत्रफल ३८ हजार ३३ हेक्टर छ र ३० हजार ३ सय २ हेक्टर कृषि भूमि भने आंशिक रूपले सिँचित क्षेत्रभित्र पर्दछ । पूर्ण तथा आंशिक गरी जम्मा सिँचित जमिनको क्षेत्रफल ६८ हजार ३ सय ३५ हेक्टर हुन आउँछ। यो क्षेत्रफल कूल खेती गरिएको जमिनको ३१.३% मात्र हो । कर्णाली प्रदेशमा उत्पादन हुने प्रमुख अन्नबाली र तिनको परिमाण अनुसूची ८ मा र प्राथमिकताका कृषि उत्पादनहरू अनुसूची ९ मा उल्लेख गरिएको छ ।

पशु तथा पन्छीहरूमा यस प्रदेशको उच्च हिमाली भु-भागमा चौँरी, भेडा तथा च्याङ्ग्रा एवम् पहाडी जिल्लाहरूमा गाई, भैँसी, बाख्रा, तथा कुखुरा पालन भएको पाइन्छ ।

हाल आएर केही स्थानहरूमा मत्स्य पालनको थालनी भएको छ । जाजरकोट र हुम्ला लगायतका जिल्लाहरूमा मौरी पालनको पनि पर्याप्त सम्भावना रहेको छ ।

आ.व. २०७५/०७६ मा कृषि क्षेत्रको औषत वृद्धि दर ४.४ रहेको छ भने कूल गार्हस्थ्य उत्पादनमा यो क्षेत्रको ३२.९ प्रतिशत योगदान रहेको छ ।

(ख) उद्योग

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको आ.व.२०७५/०७६ को तथ्याङ्कअनुसार यस प्रदेशमा १८ वटा साना र ४ वटा ठूला गरी जम्मा २२ वटा वैदेशिक लगानीका उद्योगहरू सञ्चालित छन् ।

कर्णाली प्रदेशमा सञ्चालनमा आएका साना तथा घरेलु उद्योगहरूको सङ्ख्या १५ हजार ४९१ छ भने लघु उद्योग जम्मा ३ हजार ३२ छन् । त्यसैगरी व्यापारिक प्रतिष्ठानहरूको सङ्ख्या २३ हजार ९३६ वटा रहेको पाइन्छ । वि.सं. २०७५ पुस २४ सम्ममा यी सबै उद्योग तथा प्रतिष्ठानहरूको सञ्चालनबाट रु.२ करोड ६२ लाख ३५ हजार ३०६ राजस्व प्राप्त भएको छ । यसको विस्तृत विवरण अनुसूची १० मा राखिएको छ ।

आ.व. २०७५/०७६ मा उद्योग क्षेत्रको औषत वृद्धि दर ९.६ प्रतिशत रहेको छ भने कूल गार्हस्थ्य उत्पादनमा यो क्षेत्रको १३.८ प्रतिशत योगदान रहेको छ ।

(ग) सेवा

कृषि, उद्योग क्षेत्र जस्तै सेवा क्षेत्रको पनि यस प्रदेशमा यथेष्ठ विकास हुन सकेको छैन । तथापि सेवा क्षेत्र यो प्रदेशको कूल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान गर्ने क्षेत्र हो । आ.व. २०७५/०७६ मा कूल गार्हस्थ्य उत्पादनमा यसको ५३.३ प्रतिशत योगदान रहेको छ भने यो क्षेत्रको औषत वृद्धि दर ५.४ प्रतिशत रहेको छ । प्रदेशको सेवा क्षेत्रका प्रमुख आधारहरू पर्यटन तथा बैंकिङ्ग वित्तीय क्षेत्र हुन् तर यी दुवै क्षेत्रको भूमिका भने अझै पनि सशक्त हुन सकेको छैन । भौगोलिक तथा जैविक विविधताले भरपुर, प्रागऐतिहासिक इतिहास र संस्कृति रहेको कर्णाली प्रदेश पर्या-पर्यटनको ठूलो सम्भावना भएको प्रदेश हो । पर्यटनको प्रचुर सम्भावना हुँदाहुँदै पनि हालसम्म घरेलु पर्यटन, धार्मिक पर्यटन र उच्च हिमाली भागमा

अन्तर्राष्ट्रिय क्षेत्रबाट पदयात्रा तथा राष्ट्रिय निकुञ्जको केही पर्यटकीय गतिविधिमा मात्र प्रदेशको पर्यटन खुम्चिएको छ भने होटल व्यवसायको विकास हुन बाँकी छ । सेवा क्षेत्रमा कर्णाली प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरूको योगदान अझै बढाउनु पर्नेछ । हाल यस प्रदेशका दशवटै जिल्लामा रहेका बैंक तथा वित्तीय संस्थाहरूको विवरण अनुसूची ११ मा दिइएको छ ।

हाल प्रदेशका सामाजिक आर्थिक विकासका सूचकहरूलाई पुष्टयाउने पर्याप्त र व्यवस्थित तथ्याङ्क उपलब्ध छैन । प्रशासनिक तथ्याङ्क र सर्वेक्षणहरू मार्फत छिटै तथ्याङ्कको बृहत र समावेशी आधार रेखा स्थापित गरी निरन्तर अद्यावधिक गर्दै जानुपर्ने अवस्था रहेको छ । समग्रमा प्रदेशको सामाजिक तथा आर्थिक परिसूचकहरू सन्तोषप्रद छैनन् भन्न सकिने अवस्था छ । योजनावद्ध विकासका माध्यमबाट कर्णालीका प्रचुर सम्भावनाहरूको उपयोग गर्दै छोटो समयमै समृद्धि हासिल गर्नुपर्ने चुनौती प्रदेशका सामु विद्यमान छ ।

परिच्छेद : २
कर्णाली सोच २१००

२.१ पृष्ठभूमि

मुलुकमा सङ्घीय प्रणाली आरम्भ भएपश्चात स्थापित सात प्रदेशहरू मध्ये कर्णाली प्रदेश एक हो । सङ्घीयता स्थापना पछि आम नागरिकलाई नजिकबाट सेवा प्रवाह गर्न सकिने गरी राज्यशक्तिको प्रदेश र स्थानीय तहमा निक्षेपण भएको छ । देशमा लामो सङ्क्रमणकाल पछि राजनीतिक स्थायित्व भएको छ । सबै समस्याका लागि केन्द्रीय योजनाहरूमा निर्भर हुनुपर्ने अवस्थाको अन्त हुनुका साथै प्रदेश र स्थानीय तहका विशिष्ट सम्भावना एवम् आवश्यकतानुसार नीति, कार्यक्रम र आयोजनाहरू तर्जुमा र कार्यान्वयन गर्न सकिने अवसर प्राप्त भएको छ । यसबाट स्थानीय स्तरका आवश्यकताहरूको प्रभावकारी ढङ्गले सम्बोधन हुन सक्ने, स्थानीय स्रोत साधनहरूको परिचालन तथा उपयोग हुन सक्ने, आयोजनाहरूको बढी दक्षतापूर्वक कार्यान्वयन हुन सक्ने, प्रदेश र स्थानीय स्तरमा नवप्रवर्तनका अवसरहरू सिर्जना हुने र व्यापक जनसहभागिता परिचालन गरी तीव्र गतिमा विकास र समृद्धि हाँसिल गर्न सकिने अवस्था सिर्जना भएको छ।

परिवर्तित सन्दर्भमा उपलब्ध स्रोत र साधनको समुचित प्रयोग गर्दै योजनाबद्ध विकासद्वारा सभ्य, सु-संस्कृत र समृद्ध कर्णाली बनाउने दायित्व पनि कर्णालीबासीको काँधमा आएको छ । दृढ इच्छाशक्ति सहितको नेतृत्व, जनउत्तरदायी प्रशासन र सकारात्मक सोच राख्ने नागरिकहरूबाट कर्णाली प्रदेशले आफ्ना प्रचुर प्राकृतिक सम्पदा र आधुनिक प्रविधि उपयोग गरेर विकास र समृद्धिको ढोका खोल्ने लक्ष्य राखेको छ । आन्तरिक र बाह्य स्रोत साधन तथा अर्थतन्त्रका प्रमुख र सहयोगी क्षेत्रको परिचालनबाट रुपान्तरणकारी कार्यक्रममा लगानी केन्द्रित गर्दै दीर्घकालीन सोचले लिएका लक्ष्य र उद्देश्यहरू हासिल गरिनेछन् ।

नेपालको संविधान, राष्ट्रिय दीर्घकालीन लक्ष्य, दिगो विकास लक्ष्य, पन्ध्रौं योजनाले राखेको लक्ष्य र अन्तर प्रदेश आवधिक योजनाका तीव्र आर्थिक विकासका लक्ष्यहरू समेतलाई मध्यनजर गर्दै परिच्छेद १ मा चित्रण गरिएको कर्णालीको विद्यमान मानचित्रलाई समृद्धिको मानचित्रमा रुपान्तरण गर्ने सोच तथा दीर्घकालीन परिमाणात्मक लक्ष्य र मार्गचित्र सहित कर्णाली सोच, २१०० अगाडि सारिएको छ ।

समग्रमा, सामाजिक न्यायमा आधारित र समाजवादउन्मुख समतामूलक समाज निर्माण गर्नेतर्फ दीर्घकालीन सोच लक्षित रहेको छ । प्रदेशको दीर्घकालीन सोच तयार गर्दा देशको दीर्घकालीन सोच २१०० र राष्ट्रिय पन्ध्रौं योजनाको सोच, लक्ष्य र रणनीतिहरूसँग तादाम्यता सुनिश्चित गर्ने प्रयास गरिएको छ ।

२.२ राष्ट्रिय पन्ध्रौं योजनाको सोच, लक्ष्य र रणनीतिहरू

राष्ट्रिय योजना आयोगले तयार पारेको पन्ध्रौं योजनाले अगाडि सारेको राष्ट्रिय सोच, लक्ष्य र रणनीतिहरू देहाय अनुसार रहेका छन् ।

२.२.१ राष्ट्रिय सोच

"समृद्ध नेपाल, सुखी नेपाली"

नेपाल एक समुन्नत, स्वाधीन र समाजवादउन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिकहरू बसोबास गर्ने मुलुक हुनेछ ।

तालिका नं. १: राष्ट्रिय दीर्घकालीन लक्ष्य

समृद्धि	सुख
१.१ सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर आवद्धता	२.१ परिष्कृत तथा मर्यादित जीवन
	२.२ सुरक्षित, सभ्य र न्यायपूर्ण समाज
१.२ मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग	२.३ स्वस्थ र सन्तुलित पर्यावरण
१.३ उच्च र दिगो उत्पादन तथा उत्पादकत्व	२.४ सुशासन
१.४ उच्च र समतामूलक राष्ट्रिय आय	२.५ सबल लोकतन्त्र
	२.६ राष्ट्रिय एकता, सुरक्षा र सम्मान

२.२.२ राष्ट्रिय दीर्घकालीन रणनीति

१. तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने,
२. सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चितता गर्ने,
३. आन्तरिक तथा अन्तरदेशीय अन्तरआवद्धता एवम् दिगो शहर/बस्ती विकास गर्ने,
४. उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने,
५. पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण गर्ने,

६. गरिबी निवारण र आर्थिक, सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने,
७. प्राकृतिक स्रोतको संरक्षण र परिचालन तथा उत्थानशीलता विकास गर्ने,
८. सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता सम्बर्द्धन गर्ने ।

२.३ प्रदेशको दीर्घकालीन सोचको आवश्यकता

राजनैतिक स्थायित्व र नजिकको प्रदेश सरकार गठन भएपछि कर्णाली प्रदेशका आम नागरिकले आफ्नो जीवनस्तरमा व्यापक सुधार हुने अपेक्षा गरेका छन् । आधुनिक, सुविधा सम्पन्न, सुखारी जीवनको अनुभूति गर्ने आकांक्षा समेत राखेका छन् । निर्वाचनताकाको राजनैतिक प्रतिवद्धता र प्रदेश सरकारले अगाडि सारेका प्राथमिकताका आधारमा अल्पकालीन र मध्यमकालीन योजना कार्यान्वयन गर्न नीतिगत मार्गचित्र सहितको दीर्घकालीन सोचको आवश्यकता छ ।

आगामी तीन वर्षभित्र नेपाललाई अतिकम विकसित मुलुकको श्रेणीबाट विकासशील राष्ट्र बनाउने, वि.सं.२०८७ सम्ममा सबै नेपालीलाई निरपेक्ष गरिबीको अवस्थाबाट मुक्त गर्दै दिगो विकासका लक्ष्य हाँसिल गर्ने र वि.सं.२१०० सम्ममा समृद्ध राष्ट्रको स्तरमा पुऱ्याउने सङ्घीय योजनासँग तादात्म्यता मिलाउँदै कर्णाली प्रदेशले सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको व्यापक सहभागितामा यहाँका ७९ वटा स्थानीय तहको विकासका लागि अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन लक्ष्यहरू निर्धारण गर्दै अपेक्षित नतिजा हाँसिल गर्न कर्णाली सोच २१०० को निर्माण गरिएको छ ।

एकातिर विगतका योजनामा भएका असमानता, अनपेक्षित रूपमा थोपरिएका समस्या र चुनौतीको सामना गर्दै भुलहरू नदोहोऱ्याइ नीतिगत र कार्यक्रमगत समस्याहरूको पहिचान गर्दै समाधान खोज्नुपर्ने भएको छ भने अर्कातिर समाजवादउन्मुख अर्थतन्त्र निर्माणका लागि संरचनागत रुपान्तरण तथा उत्पादनका साधन स्रोत र विकासको प्रतिफलको सामाजिक न्यायका आधारमा समान वितरण पनि सुनिश्चित गर्नुपर्ने भएको छ । यस सन्दर्भमा दीर्घकालीन सोचको साथ योजनाको प्राथमिकीकरण, साझेदारहरू बीच जिम्मेवारी वितरण, जोखिमको आँकलन, साझेदार र सरोकारवालाहरूको सहभागिता र समन्वयमा स्रोत साधनको उपयुक्त परिचालन र संस्थागत विकास गर्नुपर्ने भएकोछ । त्यस्तै, तथ्याङ्क अभिलेख तथा प्रतिवेदन प्रणालीलाई सोचसँग आवद्ध गरी स्वचालित बनाउने, क्षेत्रगत रूपमा गन्तव्य सहितको रणनीतिक गुरु योजना र कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने र साझा प्रतिवद्धता, उच्च अनुशासन र

आचरणका साथ अघि बढ्न पनि दीर्घकालीन सोचबाट उत्प्ररणा मिल्ने अपेक्षा गरिएको छ।

यस प्रकार बढिरहेका जनचाहनाहरू सम्बोधन गर्न, संविधानबाट परिलक्षित गन्तव्यलाई क्षेत्रगत लक्ष्यहरूमा रूपान्तरित गर्न, राजनैतिक नेतृत्वले विगत चुनावका बेला व्यक्त गरेका प्रतिबद्धताहरूलाई शुत्रवद्ध रूपमा कार्यान्वयन गर्न, आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरूलाई मार्गदर्शन गर्न, दीर्घकालीन प्रयासहरूलाई एकीकृत र समन्वित गर्दै बजेट तथा समय तालिकामा राखी चरणबद्ध र क्रमबद्ध ढङ्गले कार्यान्वयन गर्दै जान र सङ्घीय प्रणालीलाई संस्थागत गर्न समेत यस प्रदेशले दीर्घकालीन सोचको आवश्यकता महसुस गरेको हो ।

२.४ प्रदेशको दीर्घकालीन सोचको मार्गचित्र

समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय सोच प्राप्तिका लागि प्रदेशले उच्च सङ्कल्पका साथ अघि बढ्न कर्णालीको दीर्घकालीन सोचको मार्गचित्रलाई निम्नानुसार रेखाङ्कन गरेको छ । प्राकृतिक स्रोत सम्पन्न कर्णाली प्रदेशमा रहेको अन्य प्राकृतिक स्रोत सहित प्रचुर सम्भावना रहेको जलविद्युत उत्पादन, सम्भाव्य खनिज तेल (पेट्रोलियम) र रत्न पथ्थर तथा अन्य खनिज पदार्थहरूको यथोचित उत्पादन र बजारीकरण हुन सकेमा प्रदेशको आ.व. २१००/०१ का लागि प्रक्षेपित प्रतिव्यक्ति आम्दानी १०,००० अमेरिकी डलर भन्दा बढी हुने देखिन्छ ।



२.५ प्रदेशको दीर्घकालीन सोच

२.५.१ समृद्ध कर्णाली, सुखारी कर्णालीबासी

उच्च आर्थिक वृद्धि, आधारभूत भौतिक सुविधा, सबैलाई सम्मानजनक रोजगारीसहित सुरक्षित र स्वच्छ वातावरणमा बसोवास गर्ने सुखी नागरिकहरूको प्रदेश ।

२.६ प्रदेशको दीर्घकालीन लक्ष्य

सामाजिक न्यायमा आधारित समावेशी, सन्तुलित र दिगो विकास गर्दै तीव्र आर्थिक वृद्धि दर हासिल गरी समृद्ध कर्णाली र सुखारी कर्णालीबासीको दीर्घकालीन सोचलाई व्यवहारमा उतार्ने दीर्घकालीन लक्ष्य रहेको छ । यसका लागि समृद्धि र सुखारीका देहाय बमोजिम लक्ष्यहरू निर्धारण गरिएको छ:

तालिका नं. २: प्रदेशको दीर्घकालीन लक्ष्य

समृद्धि	सुखारी
१. सम्भाव्य आर्थिक क्षेत्रको पहिचान र परिचालन	१. आधारभूत आवश्कता परिपूर्तिका लागि न्यायपूर्ण वितरण
२. सर्बसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर आवद्धता	२. परिष्कृत तथा मर्यादित जीवन
३. मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग	३. सुरक्षित, सभ्य र न्यायपूर्ण समाज
४. हरित अर्थतन्त्रमा आधारित उच्च र दिगो उत्पादन तथा उत्पादकत्त्व	४. स्वस्थ र सन्तुलित पर्यावरण
५. उच्च र समतामूलक प्रदेश आय	५. सुशासन
	६. सबल लोकतन्त्र
	७. प्रदेश एकता, राष्ट्रिय एकता, सुरक्षा र सम्मान

२.७ प्रदेशको दीर्घकालीन उद्देश्य

आधारभूत पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगारमा विशेष उपलब्धि हासिल गर्दै तीव्र आर्थिक-सामाजिक विकास गर्ने ।

२.८ प्रदेशको दीर्घकालीन रणनीति

नेपाल सरकारबाट निर्धारण भएका समृद्धिका ११ र सुखका २३ गन्तव्य सूचकको आधारमा कर्णाली प्रदेशका आफ्नै मौलिक विशेषतासहित **समृद्ध कर्णाली, सुखारी कर्णालीबासी** बनाउने सोचलाई सार्वजनिक, निजी, सहकारी, सामुदायिक क्षेत्र र विकास साझेदारसँग लगानी र सहकार्यको मात्रा बढाएर पूरा गर्ने रणनीति अपनाइएको छ । यो दीर्घकालीन सोचलाई देहायबमोजिम तीन चरणमा पाँच वटा पञ्चवर्षीय योजना मार्फत् २५ वर्षमा पूरा गरिनेछ ।

तालिका नं. ३: प्रदेशको दीर्घकालीन रणनीति

चरण	योजना	अवधि	प्रदेश गन्तव्य	राष्ट्रिय नारा
पहिलो	प्रथम पञ्चवर्षीय (२०७६/०७७-२०८०/०८१)	५ वर्ष	शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगार त्यसका लागि पूर्वाधार	समृद्धि र सुखको सिर्जना
दोस्रो	दोस्रो पञ्चवर्षीय (२०८१/०८२-२०८५/०८६) तेस्रो पञ्चवर्षीय (२०८६/०८७-२०९०/०९१)	१० वर्ष	विकासमा तीव्रता, समृद्धिमा अग्रता	समृद्धि र सुखको तीव्रता
तेस्रो	चौथो पञ्चवर्षीय (२०९१/०९२-२०९५/०९६) पाँचौ पञ्चवर्षीय (२०९६/०९७-२१००/००१)	१० वर्ष	समृद्ध कर्णाली, सुखारी कर्णालीबासी	समृद्धि र दिगोपना

यसका लागि निम्नानुसारको रणनीति अपनाइने छः

१. दिगो विकासका लक्ष्यहरू हाँसिल गर्ने,
२. दिगो र भरपर्दो भौतिक पूर्वाधार विकास गर्ने,
३. गुणस्तरीय र सर्वसुलभ शिक्षा र स्वास्थ्य सेवा सुनिश्चित गर्ने,
४. हरित अर्थतन्त्रमा आधारित उत्पादन र उत्पादकत्व वृद्धि गर्न औद्योगिकीकरण गर्ने,
५. प्राकृतिक स्रोत, सम्पदाको पहिचान, संरक्षण र परिचालन गर्ने र
६. सार्वजनिक सेवाको सुदृढीकरण गर्ने ।

२.९ प्रदेशको दीर्घकालीन परिमाणात्मक लक्ष्य

प्रदेशको प्रमुख २० वटा दीर्घकालीन परिमाणात्मक लक्ष्य सूचकहरू यसप्रकार तय गरिएका छन्:

तालिका नं. ४: प्रदेशको दीर्घकालीन परिमाणात्मक लक्ष्य

क्र. सं.	सूचक	आधार वर्ष २०७५/०७६ को स्थिति	प्रथम पञ्चवर्षीय योजनाको लक्ष्य (२०८०/०८१)	आ.व. २१००/०१ को प्रदेशको लक्ष्य	आ.व. २१००/०१ को राष्ट्रिय लक्ष्य
१	वार्षिक औषत आर्थिक वृद्धि दर (प्रतिशत)	५.७	१४.९	१०.५	१०.५
२	प्रतिव्यक्ति आय (अमेरिकी डलर)	६०६	१,१४७	१०,०००	१२,१००
३	निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या (प्रतिशत)	२८.९	१८	०	०
४	बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या (प्रतिशत)	५१.२	२५	३	३
५	मानव विकास सूचकाङ्क	०.४२७	०.५८८	०.७६०	०.७६०
६	लैंगिक विकास सूचकाङ्क	-	०.९३०	१	१
७	सम्पत्तिमा आधारित निजी गुणक	०.४२	०.३९	०.२५	०.२५
८	अपेक्षित आयु (जन्म हुँदाको) (वर्ष)	६७	७०	८०	८०
९	मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा)	-	१२५	२०	२०
१०	पाँच वर्षमुनिका बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा)	५८	३५	८	८
११	पाँच वर्षमुनिका कम तौल भएका बालबालिकाको प्रतिशत	३५.५	२०	२	२
१२	साक्षरता दर	६६	९५	९८	९८
१३	माध्यमिक तह (९–१२ मा खुद भर्ना दर (प्रतिशत)	५९.४	६५	९५	९५
१४	उच्च शिक्षामा कूल भर्नादर (प्रतिशत)	६.१	१५	३५	४०
१५	विद्युत उत्पादन (मेगावाट)	८.२५	२००	७,०००	४०,०००
१६	विद्युतमा पहुँच प्राप्त जनसङ्ख्या (प्रतिशत)	६७.५	९०	१००	१००

क्र. सं.	सूचक	आधार वर्ष २०७५/०७६ को स्थिति	प्रथम पञ्चवर्षीय योजनाको लक्ष्य (२०८०/०८१)	आ.व. २१००/०१ को प्रदेशको लक्ष्य	आ.व. २१००/०१ को राष्ट्रिय लक्ष्य
१७	इन्टरनेट प्रयोगकर्ता (कूल जनसङ्ख्यामा प्रतिशत)	४०	६५	१००	१००
१८	बेरोजगारी दर (प्रतिशत)	९.७	६	३	३
१९	आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसङ्ख्या (प्रतिशत)	५	४८	१००	१००
२०	३० मिनेट सम्मको दुरीमा यातायात पहुँच भएको परिवार	-	७५	९९	९९

*(**स्रोत :** आ.व. २०७५/०७६ को केन्द्रीय तथ्याङ्क विभाग, आर्थिक सर्वेक्षण २०७५/०७६, नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६, मानव विकास प्रतिवेदन २०१८, वहुआयामिक गरिवीको प्रतिवेदन २०१८, पन्ध्रौं योजनाको आधारपत्र रा.यो.आ.)*

२.१० विकासका प्रमुख सम्वाहकरु

प्रदेशको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य अनुसार आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणका निम्न प्रमुख सम्बाहकहरू पहिचान गरिएका छन् । यी सम्वाहकहरू प्रदेशका आवधिक योजनाहरूमा प्रतिविम्वित हुनेछन् । कर्णाली समृद्धिको प्रमुख सम्बाहकको रूपमा जलविद्युतलाई अङ्गीकार गरिएको छ।

१. जल विद्युत, वैकल्पिक ऊर्जा र हरितअर्थतन्त्र,
२. गुणस्तरीय र दिगो पूर्वाधार मुख्य गरी सडक सञ्जाल,
३. प्राङ्गारिक कृषि, औद्योगिक उत्पादन र सेवा क्षेत्रको विकास,
४. बहुमूल्य जडीबुटी, खानी तथा खनिज,
५. पर्या-पर्यटन तथा कला, संस्कृति,
६. विज्ञान प्रविधि र नवप्रवर्तन,
७. प्राविधिक तथा व्यावसायिक शिक्षा, मानव पुँजी निर्माण र सदुपयोग,
८. स्वच्छ वातावरण र स्वस्थ जीवन,
९. सुरक्षित, व्यवस्थित र विकसित गाउँ, नगर र शहर
१०. सार्वजनिक, निजी, सहकारी तथा सामुदायिक साझेदारी ।

२.११ पूर्वाधारमा आधारित समाजवादउन्मुख मानव केन्द्रित अवधारणा

कर्णाली प्रदेशले समाजवादउन्मुख विकास मोडेलमा **समृद्ध कर्णाली, सुखारी कर्णालीबासी**को लागि कर्णाली सोच २१०० लाई अघि सारेको छ । यो पूर्वाधारमा आधारित मानव केन्द्रित दिगो हरित विकाससँग सम्बन्धित छ । यसमा नेपालको संविधानको मर्म, पन्ध्रौं राष्ट्रिय योजना र प्रदेशको प्रथम पञ्चवर्षीय योजनामा तोकिएका प्राथमिकताका क्षेत्रहरू दृष्टिगत गरिएको छ । विकासका अवयवहरूबाट प्रक्रियागत ढङ्गले समाजवाद उन्मुख कर्णाली विकासको सोच पुरा गर्न सघाओस् भन्ने उद्देश्य राखिएको छ ।

मुलतः विकासमा राज्य, निजी क्षेत्र, सहकारी र समुदायको परिपूरक भूमिका हुन्छ । असल शासन मार्फत राजनैतिक तथा प्रशासनिक नेतृत्वले समुदाय केन्द्रित विकासका लागि जनपरिचालन र सहकारितामार्फत स्थानीय तहसम्म विकास पुऱ्याउनु पर्दछ । आन्तरिक र बाह्य लगानीलाई ब्यापक रूपमा परिचालन गरी निजी क्षेत्रलाई प्रोत्साहन गर्नु आवश्यक हुन्छ । राज्यले निजी क्षेत्रलाई निश्चित अवधिसम्म कर छुट, विद्युत, जमिन र बाटो उपलब्ध गराई औद्योगिक पूर्वाधार निर्माण गर्नुका साथै सुरक्षा र प्रोत्साहन दिन्छ । यसबाट लगानीकर्ताको उचित नाफा सुरक्षित भई लगानीकर्ता आर्कषित हुन पुग्नेछन् । नाफाअनुसार निजी क्षेत्रले पनि बिस्तारै करको दायित्व, स्थानीय रोजगारी, वातावरणीय तथा सामाजिक दायित्वहरू पुरा गर्नेछन् । सरकार, निजी क्षेत्र तथा समुदाय र सहकारी क्षेत्रले दिगो विकास लक्ष्य र समाजवाद, न्याय र समानताको उद्देश्यलाई केन्द्रमा राखी आयोजनाहरू सञ्चालित गर्नेछन् ।

यहाँ पूर्वाधार विकासलाई समग्र विकासको मूल आधारका रूपमा लिइएको छ । त्यसैगरी उत्तर-दक्षिण तथा पूर्व-पश्चिम राजमार्गहरूलाई प्रमुख आधार मानी उत्पादन तथा आर्थिक वृद्धिका रेखाहरू तय गरिएको छ । प्रदेश राजधानी, वाह्य केन्द्रहरू लगायत सडक करिडोरमा रहेका महत्त्वपूर्ण शहरी केन्द्रहरू यसका मुख्य वृद्धि विन्दुका रूपमा रहने छन् । वृद्धि रेखाका महत्त्वपूर्ण विन्दुहरूमा विद्युतीय ऊर्जा प्रशारण लाइन, खानेपानी, सूचना, सञ्चार, सिँचाइ, बस्ती विकासको भौतिक पूर्वाधार निर्माण हुनेछन् ।

तुलनात्मक लाभका पाँच "ज" (जल, जमिन, जङ्गल, जडीबुटी, जन) र उत्पादन सम्बन्धित आर्कषक क्षेत्रहरू ऊर्जा, पर्यटन, अर्गानिक व्यावसायिक कृषि, जडीबुटी प्रशोधन, खानी उत्खनन् आदिमा लगानीको वातावरण निर्माण भई आर्थिक वृद्धि तथा रोजगारी सिर्जना

भएको हुनेछ । वृद्धि रेखाहरूलाई आधार मानी प्रदेश सरकारले महत्त्वपूर्ण सामाजिक पूर्वाधार निर्माणमा व्यापक लगानी गर्नेछ । यस अन्तर्गत प्रदेश अस्पताल, क्षेत्रीय अस्पताल, जिल्ला अस्पताल, पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय, प्राविधिक क्यापस तथा शिक्षालयहरूमा लगानी गरिनेछ । सडक लगायत अन्य पूर्वाधारहरू दिगो, वातावरणमैत्री र जोखिम संवेदनशील हुनेछन् ।

यस्ता पूर्वाधारहरू मानिसका आवश्यकता र धर्तीको संवेदनशीलतालाई ध्यानमा राखी निर्माण हुनेछन् । प्रदेश सरकारले बालबालिका, वृद्ध, अपाङ्गता र पछाडि परेका समुदायलाई सामाजिक सुरक्षा र सम्मान तथा युवालाई शिक्षा, उद्यमशीलता र रोजगारका कार्यक्रममा लगानी वृद्धि गर्दै लगिनेछ । लैङ्गिक विभेद कम गर्न, बाल विवाह रोक्न र उच्च शिक्षामा पहुँच पुऱ्याउन सुरू गरेको छोरी सुरक्षा खाता यसको एउटा नमूना हो । अर्गानिक कर्णाली जस्ता कार्यक्रमहरूबाट दिगो उत्पादन, बजार र आम्दानीसँग जोडेर आर्थिक वृद्धि र दिगो विकासका लक्ष्य हाँसिल गर्न सघाउ पुग्नेछ । डिजिटल कर्णाली र विश्वविद्यालयका अध्ययन अनुसन्धानलाई सँगसँगै अघि बढाउँदा प्रविधि विकास र उन्नयनका साथै उच्च गुणस्तरीय मानव संसाधनको विकास गर्न सकिनेछ ।

पूर्वाधारमा आधारित विकासले उत्पादनका क्षेत्रमा लगानीको ढोका खोली प्रदेशले लक्ष्य राखेको दोहोरो अङ्कको तीब्र आर्थिक वृद्धि हाँसिल गर्न सकिन्छ । यसबाट नयाँ क्षेत्रमा लगानी, सहज आपूर्ती, व्यापार बिस्तार, खाद्य सुरक्षा र रोजगारी सिर्जना हुन पुग्दछ । कर्णाली प्रदेशका दुई जिल्ला र १९ स्थानीय तह अझै पनि राष्ट्रिय सडक सञ्जालमा जोड्न नसकिएको अवस्थामा दिगो र रणनीतिक पूर्वाधार केन्द्रित विकासले प्रदेशभित्र क्षेत्रीय सन्तुलन कायम गरी समतामूलक विकासको उद्देश्य हासिल गर्न सकिन्छ । तीब्र आर्थिक वृद्धिसँगै शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र रोजगारी सिर्जनामा थप लगानी गर्न सकिन्छ ।

२.११.१ पूर्वाधारमा आधारित मुख्य आर्थिक वृद्धि रेखाहरू, आर्थिक केन्द्रहरू तथा वृद्धि विन्दुहरूः

प्रदेशको पूर्वाधार विकास र आर्थिक वृद्धिलाई लक्षित गरी निम्न आर्थिक वृद्धि रेखाहरूलाई सिधा रेखाका रूपमा परिकल्पना गरी आर्थिक केन्द्रहरूलाई समेटिएको छ ।



(१) कर्णाली करिडोर आर्थिक वृद्धि रेखा (सुर्खेत-हिल्सा द्रूतमार्ग)

यस करिडोरका मुख्य आर्थिक केन्द्रहरू तथा वृद्धि विन्दु वीरेन्द्रनगर, तल्लो डुङ्गेश्वर, राकम कर्णाली, रास्कोट, पिलु, धुलाचौर, श्रीनगर, सर्केगाड, याङ्चु, सिमकोट, याल्बाङ्ग, यारी, हिल्सा हुनेछन् । कर्णाली करिडोरको जितेगाड—जुम्ला खण्डमा मान्म, नाग्म र खलङ्गा आर्थिक केन्द्र हुनेछन् भने अर्को शाखा नाग्म, शिजा, रारा, गमगढी, चंखेली, न्यारी हुँदै सिमकोट पुग्नेछ । यस्तै अर्को एक शाखा कर्णाली दोमुख, गमगढी, पुलु, मुगु हुँदै नाक्चेलाग्ना पुग्नेछ । यी नेपालको पश्चिमी भागको रेशम मार्गमा पर्ने महत्त्वपूर्ण ऐतिहासिक व्यापारिक मार्गहरू हुन्।

(२) भेरी करिडोर आर्थिक वृद्धि रेखा (छिन्चु, रिम्ना, त्रिवेणी, दुनै हुँदै धो मोरिम्ला लोकमार्ग)

यस करिडोरका मुख्य आर्थिक केन्द्रहरू तथा वृद्धि विन्दुहरूमा छिन्चु, सल्ली, चौरजहारी, राडीज्यूला, तल्लु, करबगाड, त्रिपुरासुन्दरी, दुनै, धो हुँदै मोरिम्ला

हुनेछन् । यस सडकले शे-फोक्सुण्डो र ढोरपाटन क्षेत्रका आर्थिक केन्द्रहरूलाई समेत समेट्दछ ।

(३) पुष्पलाल लोकमार्ग आर्थिक वृद्धि रेखा (रुकुम, जाजरकोट र दैलेखको राकम हुँदै जाने मध्यपहाडी लोकमार्ग)

यस राजमार्गका मुख्य आर्थिक केन्द्रहरू तथा वृद्धि विन्दुहरूमा मुसिकोट, शिम्ली, चौरजहारी, जगतिपुर, दैलेख बजार, दुल्लु, जम्बुकाँध र राकम कर्णाली हुनेछन् ।

(४) मदन भण्डारी लोकमार्ग आर्थिक वृद्धि रेखा (रुकुम, सल्यान, वीरेन्द्रनगर सुर्खेतबाट घाटगाउँ हुँदै सुदुरपश्चिम जाने लोकमार्ग)

यस राजमार्गका मुख्य आर्थिक केन्द्रहरू तथा वृद्धि विन्दुहरूमा रुकुम, सल्यान, बालुवा सङ्ग्रही, छिञ्चु, वीरेन्द्रगर, बड्डीचौर, चौकुने र घाटगाउँ हुनेछन् ।

(५) मध्य करिडोर आर्थिक वृद्धि रेखा (वीरेन्द्रनगर, दैलेख, दुल्लु, जुम्ला, गमगढी हुँदै नाक्चेलाग्ना पुग्ने लोकमार्ग)

यस राजमार्गका मुख्य आर्थिक केन्द्रहरू तथा वृद्धि विन्दुहरूमा वीरेन्द्रनगर, दैलेख दुल्लु, नाग्म, शिजा, रारा, गमगढी, मुगु गाउँ र नाक्चेलाग्ना नाका हुनेछन्।

(६) रासी करिडोर आर्थिक वृद्धि रेखा (तुल्सीपुर, सल्यान, रुकुम हुँदै डोल्पा जोड्ने रासी लोकमार्ग)

यस राजमार्गका मुख्य आर्थिक केन्द्रहरू तथा वृद्धि विन्दुहरूमा सल्यान कपुरकोट, श्रीनगर, बागचौर र मुसिकोट हुनेछन् । यस राजमार्गले दाङ तुल्सीपुर र डोल्पा जोड्ने छ।

(७) हिमाली पर्या-पर्यटकीय आर्थिक वृद्धि रेखा (हिल्सा, सिमकोट, रारा, शिजा, जुम्ला, दुनै, धो, मुस्ताङ्ग जोड्ने हिमाली सडक)

यस हिमाली सडकका मुख्य आर्थिक केन्द्रहरू तथा वृद्धि विन्दुहरूमा हिल्सा, यारी, याल्बाङ्ग, सिमकोट, न्यारी, चंखेली, रारा, गमगढी, शिजा, खलङ्गा, गुठीचौर, काइके, दुनै, लाछिक्याप, मुकोट र छार्का भोट हुनेछन् । यस सडकले चीनको ताक्लाकोट बजार र गण्डकी प्रदेशको मुस्ताङ्ग जिल्ला जोड्नेछ । यस सडकले पूर्वी रुकुमको मैकोट र ढोरपाटन पनि जोड्नेछ ।

(८) तुल्सीपुर-रारा आर्थिक वृद्धि रेखा (तुल्सीपुर, सल्यान खलङ्गा, जाजरकोट खलङ्गा, जुम्ला हुँदै रारा जोड्ने लोकमार्ग)

यस राजमार्गका मुख्य आर्थिक केन्द्रहरू तथा वृद्धि विन्दुहरूमा तुलसीपुर, श्रीनगर, सल्यान खलङ्गा, बालुवा संग्रही, चौरजहारी, जाजरकोट खलङ्गा, पाँचकाटिया, जुम्लाको टोप्ला, तातोपानी, शिजा हुँदै रारा गमगढी हुनेछन् । यो जुम्लादेखि दाङ जाने परम्परागत पश्चिमी नेपालको रेशम मार्गको उपशाखा पनि हो ।

(९) वीरेन्द्रनगर, तेलपानी, भुरीगाउँ आर्थिक वृद्धि रेखा (सुर्खेत गिरीघाट, तेलपानी हुँदै बर्दियाको भुरीगाउँ जोड्ने सडक)

यस सडकका मुख्य आर्थिक केन्द्रहरू तथा वृद्धि विन्दुहरूमा वीरेन्द्रनगर, तेलपानी र भुरीगाउँ हुनेछन् । यसले बर्दियाको बासगढी, गुलरिया हुँदै भारतको उत्तर प्रदेशलाई जोड्ने छ ।

(१०) जामु कुइने, जङ्गलघाट आर्थिक वृद्धि रेखा (चिसापानी, जामु कुइने, चौकुने, जङ्गलघाट हुँदै सुदुरपश्चिम प्रदेश जोड्ने सडक)

यस सडकका मुख्य आर्थिक केन्द्रहरू तथा वृद्धि विन्दुहरूमा चिसापानी, जामु कुइने, चौकुने र तुर्माकाँध हुनेछन् । यसको तल्लो खण्डले सुदूरपश्चिम प्रदेश राजधानी र माथिल्लो खण्डले त्यसै प्रदेशको दिपायल जोड्नेछ । यसैगरी रामघाटबाट ब्याउली, तातोपानी हुँदै जुम्ला पुग्ने छोटो वैकल्पिक मार्ग बन्नेछ।

(११) सुर्खेत-कोहलपुर सडक आर्थिक वृद्धि रेखा

यो सडकले वीरेन्द्रनगर-छिन्चु, बबई-चिसापानी-कोहलपुरलाई मुख्य आर्थिक केन्द्र बनाउनेछ । यस सडकले नेपालगञ्ज र भारतको उत्तर प्रदेशलाई जोड्नेछ ।

(१२) सुर्खेत-तुल्सीपुर अन्तरप्रदेश सडक आर्थिक वृद्धि रेखा

यस सडक खण्डका वीरेन्द्रनगर, छिन्चु, मेहेलकुना, बड्डीचौर, कालीकाटी, पुरनधारा, हापुरे, तुल्सीपुर आर्थिक केन्द्र हुनेछन् ।

कर्णाली प्रदेशका उपरोक्त आर्थिक रेखा र त्यससँग जोडिएका आर्थिक केन्द्रहरू तथा वृद्धि विन्दुहरूलाई ध्यान दिई प्रदेश महत्त्वका आर्थिक उत्पादन केन्द्र र सेवाका कार्यक्रमहरूलाई तय गरिनेछ । प्राथामिकताका आधारमा प्रदेश महत्त्वका सडक,

विद्युत प्रशारण, खोनपानी, बस्ती विकास र ढल निकासका योजनाहरू यससँग क्रमशः आवद्ध हुनेछन् । जलविद्युत उत्पादन केन्द्रहरू र विद्युत प्रशारण लाईनहरू यी आर्थिक वृद्धि रेखाहरू र वृद्धि विन्दुसँग सामिप्य भएर अघि बढ्ने छन् ।

२.१२ जोखिम पक्ष अनुमान

राष्ट्रिय सोच तथा आवधिक योजनासँग सामञ्जस्य हुने गरी प्रदेश सरकार र स्थानीय तहले आफ्नो विशेषता सहितको आवधिक योजना, कार्यक्रम तथा बजेट तर्जुमामा एकरूपता कायम गरी कार्यान्वयन गर्न सकिने अनुमान गरिएको छ । कर्णाली प्रदेशले जोखिम पक्षको आँकलन गर्दा भू-राजनैतिक अवस्थिति, जलवायु परिवर्तन, कोभिड-१९ लगायत महामारीको अवस्था, लगानीको सुनिश्चितता र खर्च गर्ने क्षमता विकास, प्रभावकारी शासन व्यवस्था, उत्पादन तथा बजार व्यवस्थापन र यथेष्ठ पूर्वाधार विकासजस्ता क्षेत्रमा जोखिमका सम्भावना देखिएका छन् । लामो समयदेखि भूकम्प नगएको यस क्षेत्रमा ठूलै भूकम्पीय जोखिम रहेको हुनाले विपद् जोखिम न्यूनीकरण सम्बन्धी पर्याप्त तयारी हुन नसकेमा मानवीय, भौतिक तथा आर्थिक क्षति व्यहोर्नु पर्ने अवस्था छ । कोभिड-१९ जस्ता विश्व महामारी, राष्ट्रिय र विश्व अर्थतन्त्रमा उतार चढावका सम्भावनालाई पनि नकार्न सकिदैन । उक्त जोखिमहरूको व्यवस्थापन गर्दा नीतिगत, सङ्गठनात्मक, व्यवस्थापकीय र वातावरणीय पक्षलाई विशेष ध्यान दिनु पर्नेछ ।

परिच्छेद : ३

प्रथम पञ्चवर्षीय योजना

(आ.व. २०७६/०७७-२०८०/०८१)

३.१ पृष्ठभूमि

नेपाल सरकारले **समृद्ध नेपाल, सुखी नेपाली** को दीर्घकालीन सोच हासिल गर्न समृद्धि र सुखका दीर्घकालीन लक्ष्यहरू निर्धारण गरेको छ । त्यसैले राष्ट्रिय नीति, क्षेत्रगत रणनीति, कार्यनीति र कार्यक्रमहरूका लक्ष्यहरूलाई एकीकृत गर्दै गइरहेको छ । यस परिप्रेक्ष्यमा कर्णाली प्रदेशले पनि **समृद्ध कर्णाली, सुखारी कर्णालीबासी** भन्ने दीर्घकालीन सोच अघि सार्दै समृद्धि र सुखारीका दीर्घकालीन लक्ष्यहरू निर्धारण गरेको छ । दीर्घकालीन सोचलाई व्यवहारमा उतार्न, दिगो, फराकिलो र तीव्र आर्थिक विकास गर्न र कर्णाली प्रदेशको आर्थिक, सामाजिक रुपान्तरणको लक्ष्य प्राप्त गर्न प्रदेश सरकार दृढ सङ्कल्पित रहेको छ । यही सङ्कल्पलाई मूर्त रूप प्रदान गर्न आवधिक योजना निर्माण गरी समृद्ध अर्थ-व्यवस्था निर्माण गर्ने कार्यक्रमहरू तर्जुमा गर्न आवश्यक देखिन्छ । जबसम्म कर्णाली समृद्ध हुँदैन, तबसम्म कर्णालीबासी मात्र होइन सम्पूर्ण नेपाली सुखारी हुन सक्दैनन् भन्ने हाम्रो ठम्याई छ । यही मान्यतामा टेकेर आधारभूत भौतिक पूर्वाधार निर्माणका कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, उत्पादनमा वृद्धि गरेर आत्मनिर्भर हुँदै निर्यातमुखी अर्थतन्त्रको निर्माण गर्ने, शिक्षा र स्वास्थ्यमा गुणस्तरीय सुधार गर्दै मानव पुँजीको विकास र सदुपयोग गर्ने, पर्यटन क्षेत्रको प्रवर्द्धन गरी **संसारको गन्तव्य नेपाल र नेपालको गन्तव्य कर्णाली** भन्ने सोचलाई साकार पार्ने, कर्णालीबाट उत्पत्ति भएको भाषा, संस्कृति र कलालाई सम्बर्द्धन गर्ने र सामाजिक सुरक्षा प्रणालीलाई सुदृढ पार्दै समाजवादउन्मुख अर्थतन्त्र निर्माणको बाटोमा अघि बढ्ने सङ्कल्पका साथ प्रदेशको यो प्रथम पञ्चवर्षीय योजना तर्जुमा गरिएको छ ।

३.२ सबल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीहरू

कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना निर्माण गर्दा यस प्रदेशको सबल पक्ष, सुधार्नु पर्ने पक्ष, चुनौती र अवसरहरूको आँकलन गर्नुपर्ने हुन्छ, जुन देहाय बमोजिम छन्:

३.२.१ सवल पक्ष

- दृढ राजनीतिक इच्छाशक्ति,
- विकासको तीव्र चाहना,
- भौगोलिक तथा धरातलीय विविधता,
- प्रचुर प्राकृतिक सम्पदाको उपलब्धता,
- भाषा, कला र संस्कृतिको गौरवपूर्ण इतिहास,
- विकासका प्रचुर सम्भावना ।

३.२.२ सुधार्नु पर्ने पक्ष

- राज्यको निर्णायक ठाउँमा प्रभावकारी पहुँचको कमी,
- आवश्यकता अनुसारको दक्ष जनशक्ति, साधन र स्रोतको कमी,
- आधारभूत भौतिक पूर्वाधारको अभाव,
- पुँजीगत खर्च गर्ने क्षमताको कमी,
- समन्वयात्मक रूपमा काम गर्ने सामूहिक जिम्मेवारीबोधको कमी ।

३.२.३ अवसर

- स्पष्ट अधिकार सहितको सङ्घीयता,
- मानव अधिकारप्रति प्रतिवद्धता,
- समाजवादउन्मुख विकासका लागि संवैधानिक प्रतिवद्धता,
- सङ्घीय सरकारको समृद्ध नेपाल, सुखी नेपालीको लक्ष्य,
- विकास साझेदारहरूको कर्णालीप्रतिको आकर्षण,
- दिगो विकास लक्ष्य प्रतिको प्रतिवद्धता,
- प्रदेशको रणनैतिक अवस्थिति ।

३.२.४ चुनौती

- गरिबी, खाद्य असुरक्षा, रोग र अशिक्षा,
- सुशासनको प्रभावकारी प्रत्याभूति नहुनु,
- बढ्दो जलवायु परिवर्तनको प्रभाव,
- कोभिड-१९ लगायतका महामारीको प्रभाव,
- बजारमा अधारित मुनाफाखोर अर्थतन्त्र ।

३.३ योजनाको आवश्यकता

देशलाई अति कम विकसित राष्ट्रको श्रेणीबाट विकासशील राष्ट्रमा स्तरोन्नति गरी वि.सं.२०८७ (सन् २०३०) सम्म दिगो विकासका लक्ष्यहरू हाँसिल गर्दै मध्यम आय भएको मुलुकमा रूपान्तरण गर्ने राष्ट्रिय अठोट व्यक्त भएको छ । मूलतः यही राष्ट्रिय अठोटमा योगदान गर्दै कर्णालीबासीको द्रुत विकास र समृद्धिको चाहनालाई पूरा गर्न कर्णाली प्रदेश सरकारको सङ्कल्प तथा सोच बमोजिम तयार गरिएको कर्णालीको दीर्घकालीन सोच, २१०० को योजनावद्ध कार्यान्वयन गर्न प्रथम पञ्चवर्षीय योजना तर्जुमा गरिएको हो । यसका निमित्त कर्णाली प्रदेशको तुलनात्मक लाभ तथा प्राथमिकताको क्षेत्रमा लगानीको वातावरण निर्माण गरी उत्पादन र रोजगारीका अवसर सिर्जना गर्नु आवश्यक छ । सीमित समयभित्र कर्णालीका स्रोत, साधन एवम् विकासका सम्भावनाहरूको उच्चतम उपयोग, गुणस्तरीय भौतिक तथा सामाजिक पूर्वाधारहरूको निर्माण, नवप्रवर्त्तनका साथ हरित अर्थतन्त्रको माध्यमबाट कृषि उत्पादन (अन्न, फलफूल, पशुपालन, मत्स्य पालन, जडीबुटी आदि) मा वृद्धि तथा व्यवसायीकरण, आकर्षक र स्तरीय पर्यटकीय उपजहरूको विकास र जलविद्युतको उत्पादन तथा औधोगिकीकरण गर्दै नाफामूलक व्यापारको सुनिश्चितता एकसाथ गर्नु परेको छ ।

विगतको राष्ट्रिय योजनामा रहेका असमानता तथा जबर्जस्ती थोपरिएका नीतिगत र व्यवहारगत समस्याहरूको पहिचान गरी तिनको पुनरावृत्ति नहुनेगरी समाधान खोज्नु परेको छ । त्यस्तै, प्रदेशको शीघ्र सामाजिक आर्थिक रूपान्तरणको लक्ष्य हाँसिल गर्न आयोजनाहरूको वैज्ञानिक छनौट र प्राथमिकीकरण, रूपान्तरणकारी कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयन, सरकारी निकायहरूबीच स्पष्ट तथा विशेषज्ञतामा आधारित जिम्मेवारी वितरण, प्रभावकारी समन्वय, खर्च गर्ने क्षमतामा अभिवृद्धि, स्रोत साधनको दक्ष र उच्चतम उपयोगको सुनिश्चिता एवम् जोखिमहरूको आँकलन र न्यूनीकरण गर्नु जरूरी छ । विकासका साझेदारहरूसँग जिम्मेवारी र जवाफदेहीता सहितको साझेदारी सुनिश्चित गर्ने, अन्तर सम्बन्धित कानुन तथा योजना निर्माण गर्दा पारस्परिक सहभागिता सुनिश्चित गर्ने, नतिजामुखी अनुगमन र मूल्याङ्कन प्रणालीको विकास गर्दै तथ्याङ्क, अभिलेख तथा प्रतिवेदन प्रणालीलाई सहक्रियात्मक र स्वचालित बनाउने, गन्तव्य सहितको रणनीतिक कार्ययोजना जारी गरी कार्यान्वयन गर्ने साझा प्रतिबद्धता, उच्च अनुशासन र आचरण देखाउने बेला आएको छ ।

निजी, सहकारी र सामुदायिक क्षेत्रको सबलीकरण एवम् नवप्रवर्त्तन तथा उद्यमशीलताको विकासबाट आन्तरिक उत्पादनमा वृद्धि ल्याउनु परेको छ । आन्तरिक स्रोतको परिचालन, विनियोजन कुशलता र पुँजीगत खर्च गर्ने क्षमतामा सुधार ल्याउनु परेको छ। यसैले यहाँका ७९ वटा स्थानीय तहहरूका साथै सिङ्गो कर्णाली प्रदेशको योजनावद्ध विकासका लागि योजना निर्माण गरी अघि बढ्नुपर्ने देखिन्छ।

३.४ योजनाका मार्गदर्शक सिद्धान्तहरू

आवधिक योजना नागरिकको विकास तथा समृद्धिको चाहनालाई धरातलीय यथार्थतामा टेकेर सरकारले आगामी पाँच वर्षभित्र सफलीभूत पार्ने रणनीति र कार्यनीतिहरू सहितको प्रतिवद्धता हो । ती अठोटहरूमा प्रतिवद्ध कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय विकास योजना निम्न मार्गदर्शक सिद्धान्तहरूमा आधारित रहेको छः

१. शान्ति, समृद्धि, समतामूलक, समावेशी र समाजवादउन्मुख आत्मनिर्भर आर्थिक, सामाजिक र सांस्कृतिक विकास र रूपान्तरण,
२. शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगार, त्यसका लागि पूर्वाधार,
३. बालबालिकामा लगानी, युवालाई रोजगारी, जेष्ठ नागरिकलाई सम्मान र सुरक्षा,
४. सार्वजनिक, निजी, सहकारी र सामुदायिक सहभागितामा आधारित वैज्ञानिक योजना निर्माण र हरित अर्थतन्त्रको विकास,
५. सबै स्रोत, साधन र नेतृत्वको इच्छाशक्तिलाई पुँजीमा रुपान्तरण, उत्पादनका साधनहरूमा नागरिक स्वामित्व सहितको विकास एवम् प्रतिफलको न्यायपूर्ण वितरण,
६. भौगोलिक, सामाजिक र सांस्कृतिक विशेषतामा आधारित विकास,
७. पर्यटन विकासका लागि संसारको गन्तव्य नेपाल, नेपालको गन्तव्य कर्णाली,
८. कर्णालीको विशिष्ट पहिचान "कर्णाली ब्राण्ड" सहितको प्राङ्गारिक कृषि उत्पादन,
९. विकासका लागि स्वदेशी तथा वैदेशिक लगानी र निश्चित मापदण्डका आधारमा आयोजनाहरूको वर्गीकरण र कार्यान्वयन,
१०. नेपालको संविधान, दिगो विकासका लक्ष्यहरू, राष्ट्रिय पन्ध्रौं योजना, प्रदेश सरकारका नीति तथा कार्यक्रम साथै नेपालले अन्तर्राष्ट्रियस्तरमा गरेका मानव अधिकार लगायत अन्य प्रतिवद्धताहरूको आन्तरिकीकरण ।

३.५ योजनाका प्राथमिकताहरू

१. भौतिक पूर्वाधार विकास (यातायात, ऊर्जा, बस्ती विकास, सिँचाइ र खानेपानी),
२. सामाजिक विकास (शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षा),
३. हरित अर्थतन्त्रमा आधारित आत्मनिर्भर उत्पादन (कृषि, उद्योग, जडीबुटी, खानी, वन पैदावार, पानी),
४. पर्यटन र वातावरण,
५. विज्ञान प्रविधि, अनुसन्धान र नव-प्रवर्तन,
६. सूचना, सञ्चार तथा डिजिटल कर्णाली,
७. सुशासन ।

योजनाको प्राथमिकता अनुरूप विभिन्न विषयगत क्षेत्र समेटी प्रदेश महत्त्वका र प्रदेश गौरवका आयोजनाको छनोट गरिनेछ र यस प्रथम पञ्चवर्षीय योजनाको अङ्गका रूपमा समावेश गरिनेछ ।

३.६ सोच

सामाजिक न्यायसहित दिगो, फराकिलो र तीव्र विकास ।

३.७ लक्ष्य

आम नागरिकको जीवनस्तरमा अपेक्षाकृत सुधार गर्दै दिगो विकास र समृद्धिको मार्गमा अघि बढ्ने ।

३.८ उद्देश्य

१. गुणस्तरीय पूर्वाधार विकास गर्नु,
२. दिगो, फराकिलो र तीव्र आर्थिक तथा सामाजिक विकास गर्नु,
३. कर्णालीबासीलाई प्रत्यक्ष अनुभूत हुनेगरी सुशासन कायम गर्नु ।

३.९ परिमाणात्मक लक्ष्य

प्रथम पञ्चवर्षीय योजनामा समृद्धि र सुखारीका निम्न बमोजिम आर्थिक, सामाजिक तथा भौतिक लक्ष्य सूचकहरू रहेका छन्:

तालिका नं. ५: प्रथम पञ्चवर्षीय योजनाको परिमाणात्मक लक्ष्य

क्र. सं.	सूचक	आधार वर्ष २०७५/०७६ को स्थिति	प्रथम पञ्चवर्षीय योजनाको लक्ष्य (२०८०/०८१)	पन्ध्रौं योजनाको राष्ट्रिय लक्ष्य (२०८०/०८१)
१. समृद्धिका सूचकहरू				
१.१	वार्षिक औषत आर्थिक वृद्धि दर (प्रतिशत)	५.७	१४.९	१०.३
	कृषि क्षेत्रको औषत वृद्धि दर (प्रतिशत)	४.४	११.१	५.४
	उद्योग क्षेत्रको औषत वृद्धि दर (प्रतिशत)	९.६	३२.२	१४.६
	सेवा क्षेत्रको औषत वृद्धि दर (प्रतिशत)	५.४	१०.७	९.९
१.२	अर्थतन्त्रमा क्षेत्रगत योगदान			
	कृषि	३२.९	२८.४	२२.३
	उद्योग	१३.८	२८.०	१८.८
	सेवा	५३.३	४३.६	५८.९
१.३	प्रतिव्यक्ति आय (अमेरिकी डलर)	६०६	१,१४७	१,५९५
१.४	निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या (प्रतिशत)	२८.९	१८	११
१.५	बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या (प्रतिशत)	५१.२	२५	१३
१.६	आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात	०.९३	०.८९	१.२५
१.७	मानव विकास सूचकाङ्क	०.४२७	०.५८८	०.६२४
१.८	लैंगिक विकास सूचकाङ्क	-	०.९३०	०.९६३
१.९	सम्पत्तिमा आधारित गिनी गुणक	०.४२	०.३९	०.२९
१.१०	आधारभूत खानेपानी सुविधा पुगेको परिवार (प्रतिशत)	८६.२	९५	९९

क्र. सं.	सूचक	आधार वर्ष २०७५/०७६ को स्थिति	प्रथम पञ्चवर्षीय योजनाको लक्ष्य (२०८०/०८१)	पन्ध्रौं योजनाको राष्ट्रिय लक्ष्य (२०८०/०८१)
१.११	सडक यातायातले जोडिएको स्थानीय तहको सङ्ख्या	६०	७९	-
१.१२	विद्युत उत्पादन (मेगावाट)	८.२५	२००	५,०००
१.१३	विद्युतमा पहुँच प्राप्त परिवार (प्रतिशत)	६७.५	९०	९९
१.१४	वर्षभरी सिँचाइ हुने खेती गरिएको जमिन (प्रतिशत)	१५.५	३३	५०
१.१५	इन्टरनेट प्रयोगकर्ता (प्रतिशत)	४०	६५	८०
१.१६	प्रदेशको कालोपत्रे सडक (कि.मी.)	१०३	५००	-
१.१७	३० मिनेट सम्मको दूरीमा यातायात पहुँच भएको परिवार (प्रतिशत)	-	७५	९५
१.१८	रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा (प्रतिशत)	४३.८	६०	५०
१.१९	श्रम उत्पादकत्व (रु हजारमा)	१६१.४	२४१.३	२७६
२. सुखारीका सूचकहरू				
२.१	अपेक्षित आयु (जन्म हुँदाको) (वर्ष)	६७	७०	७२
२.२	५ वर्षमुनिका बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा)	५८	३५	२४
२.३	पाँच वर्षमुनिका कम तौल भएका बालबालिकाको (प्रतिशत)	३५.६	२०	१५
२.४	३० मिनेटसम्मको दूरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार (प्रतिशत)	२३.६	६०	८०
२.५	स्वास्थ्य बिमामा आवद्ध जनसङ्ख्या (प्रतिशत)	६.५	६३	६०

क्र. सं.	सूचक	आधार वर्ष २०७५/०७६ को स्थिति	प्रथम पञ्चवर्षीय योजनाको लक्ष्य (२०८०/०८१)	पन्ध्रौं योजनाको राष्ट्रिय लक्ष्य (२०८०/०८१)
२.६	साक्षरता दर	६६	९५	९०
२.७	युवा साक्षरता दर (१५-२४ वर्ष (प्रतिशत)	८२	९९	९९
२.८	आधारभूत तह (१-८ मा खुद भर्ना दर (प्रतिशत)	९३.२	९८	९९.५
२.९	माध्यमिक तह (९-१२ मा खुद भर्ना दर (प्रतिशत)	५९.४	६५	६५
२.१०	उच्च शिक्षामा कूल भर्नादर (प्रतिशत)	६.१	१९	२२
२.११	बेरोजगारी दर (प्रतिशत)	९.७	६	६
२.१२	आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या (प्रतिशत)	५	४८	६०
२.१३	जीवनकालमा शारीरिक, मानसिक वा यौन हिंसापीडित महिला (प्रतिशत)	१९.१	९.४	१३
२.१४	आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार (प्रतिशत)	२२.५	५०	७०
२.१५	आफ्नै स्वामित्वको आवासमा बसोवास गर्ने परिवार (प्रतिशत)	९४.४	९९	८९
२.१६	सुधारिएको सरसफाई सुविधा प्राप्त गर्ने परिवार (प्रतिशत)	७७.७	८५	९०

आ.व. २०७५/०७६ को तथ्याङ्क स्रोत : *केन्द्रीय तथ्याङ्क विभाग, आर्थिक सर्वेक्षण २०७५/०७६, नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६, मानव विकास प्रतिवेदन २०१८, बहुआयामिक गरिबीको प्रतिवेदन २०१८, पन्ध्रौं योजनाको आधारपत्र रा.यो.आ., २०१९ ।*

३.१० योजनाका रणनीतिहरू

१. आयोजना बैङ्क स्थापना गरी रणनीतिक महत्त्वका आयोजनाहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने,

२. आधारभूत पूर्वाधारहरू वातावरण तथा जलवायु परिवर्तन अनुकूलित हुनेगरी निर्माण गर्ने,

३. सुलभ तथा गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्ने,

४. सार्वजनिक, निजी, सहकारी र सामुदायिक तथा वैदेशिक स्रोतको पहिचान र उच्चतम परिचालन गर्ने,

५. सामाजिक सुरक्षा, लैङ्गिक समानता एवम् समावेशीकरणका माध्यमबाट सीमान्तकृत समुदाय र क्षेत्रका आवश्यकतालाई प्राथमिकताका साथ सम्बोधन गर्ने,

६. युवालाई रोजगार दिन अनिवार्य न्यूनतम आय-आर्जन कार्यक्रम अघि बढाउने तथा प्रदेश निर्माणमा युवाहरूको सहभागिता सुनिश्चित गर्ने,

७. मानव संशाधन र उद्यमशीलताको विकास गरी उत्पादनशील रोजगारी अभिवृद्धि गर्ने,

८. विकास प्रक्रियालाई फराकिलो, तीव्र र दिगो बनाउने,

९. नवप्रवर्तनका लागि विज्ञान तथा प्रविधिको उच्चतम प्रयोग गर्ने,

१०. दिगो विकास र लक्ष्यलाई आन्तरिकीकरण गर्ने,

११. सङ्घ र स्थानीय तहसँगको समन्वय, सहकार्य र साझेदारी मार्फत प्रदेशको समृद्धि हासिल गर्ने,

१२. आम नागरिकप्रति जवाफदेही, स्वच्छ, पारदर्शी प्रशासन मार्फत सुशासन कायम गर्ने ।

३.११ समष्टिगत आर्थिक खाका

३.११.१ गार्हस्थ्य उत्पादनको वृद्धि दर र संरचना

आ.व.२०७५/०७६ मा राष्ट्रिय आर्थिक वृद्धि दर ६.८१ प्रतिशत रहेको थियो । कर्णाली प्रदेशको वृद्धि दर भने ५.७ प्रतिशत मात्र भएको अनुमान गरिएको छ । योजनाको आधार वर्ष आ.व.२०७५/०७६ मा कर्णाली प्रदेशको कूल गार्हस्थ्य उत्पादन रु.११९.२६ अर्ब रहेको छ । द्रुततर विकासको निमित्त आर्थिक वृद्धिको

दरलाई पनि तीव्र पार्नु पर्ने हुन्छ । तसर्थ योजना अवधिमा प्रत्येक वर्ष वृद्धि दरलाई बढाउँदै लगेर योजनाको अन्तमा अर्थात् आर्थिक बर्ष २०८०/०८१ मा वृद्धि दर १८.८ प्रतिशत र प्रदेशको कूल गार्हस्थ्य उत्पादन रु.२४१०१ करोड पुग्ने अनुमान गरिएको छ । योजना अवधिको कृषि, उद्योग र सेवाको गार्हस्थ्य उत्पादन तालिका नं. १६ मा दिइएको छ ।

तालिका नं.६: गार्हस्थ्य उत्पादन वृद्धि दर र क्षेत्रगत संरचना
(आर्थिक बर्ष २०७५/०७६ को स्थिर मूल्यमा)

(रु. करोडमा)

आ.व.	वृद्धि दर (प्रतिशत)	वृद्धि रकम			
		कृषि	उद्योग	सेवा	कूल
२०७५/०७६ आधार वर्ष	५.७	३९३१	१६४१	६३५४	११९२६
२०७६/०७७	९.९	४१३०	२०१८	६८७८	१३०२६
२०७७/०७८	१३.३	४४६१	२६६०	७६२६	१४७४७
२०७८/०७९	१५.७	५०४१	३५६१	८४६२	१७०६४
२०७९/०८०	१७.९	५७९७	४८९९	९४२०	२०११६
२०८०/०८१	१८.८	६८४०	६७३७	१०५२४	२४१०१

योजना अवधिको बार्षिक औषत आर्थिक वृद्धि दर १४.९ प्रतिशत हुने प्रक्षेपण गरिएको छ । प्रक्षेपण अनुसार योजनाको पहिलो वर्षमै औसत वृद्धि दर ९.९ प्रतिशत हासिल हुने अपेक्षा गरिएको छ । क्षेत्रगत रूपमा योजना अवधि (२०७६/०७७-२०८०/०८१) मा कृषि, उद्योग र सेवा क्षेत्रको बार्षिक औषत वृद्धि दर क्रमशः ११.१ प्रतिशत, ३२.२ प्रतिशत र १०.७ प्रतिशत हुने अनुमान गरिएको छ । जलविद्युत र पूर्वाधार विकासमा हुने द्रुतगतिको विकासले उद्योग अर्थात् द्वितीय क्षेत्रको वृद्धि दर उच्च रहने अनुमान गरिएको हो । द्वितीय र तृतीय क्षेत्रको विकाससँगै प्राथमिक क्षेत्रको योगदान खुम्चिदै जाने हुँदा कृषिको वृद्धि दर कम र मन्द हुने अनुमान गरिएको छ ।

तालिका नं.७: प्रदेशको आर्थिक वृद्धि दर

(प्रतिशतमा)

आ.व.	कृषि	उद्योग	सेवा	कूल
२०७५/०७६ आधार वर्ष	४.४	९.६	५.४	५.७
२०७६/०७७	६.०	२३.२	८.८	९.९
२०७७/०७८	८.०	३१.८	१०.९	१३.३
२०७८/०७९	१३.०	३३.९	११.०	१५.७
२०७९/०८०	१५.०	३७.६	११.३	१७.९
२०८०/०८१	१८.०	३७.५	११.७	१८.८
औषत	**११.१**	**३२.२**	**१०.७**	**१४.९**

आ.व.२०७५/०७६ मा कूल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३२.९ प्रतिशत, १३.८ प्रतिशत र ५३.३ प्रतिशत रहेको छ । प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको निमित्त प्रक्षेपण गरिएको गार्हस्थ्य उत्पादन संरचना तालिका नं.१८ मा प्रस्तुत गरिएको छ ।

आर्थिक विकासको क्रममा गार्हस्थ्य उत्पादनको संरचनामा आउने परिवर्तनलाई दृष्टिगत गरी योजनाको अन्तसम्ममा (आ.व.२०८०/०८१) कृषि क्षेत्रको योगदान २८.४ प्रतिशत मात्र हुने अनुमान गरिएको छ । गैरकृषि क्रियाकलापहरूमा उद्योगको योगदान २८.० प्रतिशत र सेवा तर्फको योगदान ४३.६ प्रतिशत पुग्ने अनुमान छ ।

तालिका नं. ८: गार्हस्थ्य उत्पादन संरचना

(प्रतिशतमा)

आ.व.	कृषि	उद्योग	सेवा	कूल
२०७५/०७६	३२.९	१३.८	५३.३	१००
२०७६/०७७	३१.७	१५.५	५२.८	१००
२०७७/०७८	३०.२	१८.१	५१.७	१००
२०७८/०७९	२९.५	२०.९	४९.६	१००
२०७९/०८०	२८.८	२४.४	४६.८	१००
२०८०/०८१	२८.४	२८.०	४३.६	१००

३.११.२ लगानी

क्षेत्रगत तथा कूल लगानी प्रक्षेपण गर्न सीमान्त पुँजी उत्पादन अनुपातको तथ्याङ्क आवश्यक पर्दछ । तर प्रदेश तहमा हाल त्यस्तो तथ्याङ्क उपलब्ध छैन । तसर्थ राष्ट्रिय स्तरमा उपलब्ध तथ्याङ्कको आधारमा प्रदेशको सीमान्त पुँजी उत्पादन अनुपातको आँकलन गर्नुपर्ने भएको छ । देशको चौधौं योजनामा समग्र सीमान्त पुँजी उत्पादन अनुपात ५.२:१ हुने अनुमान गरिएको थियो । हाल पन्ध्रौं योजनाको आधारपत्रले यसमा सुधार भई ४.९:१ मात्र हुने प्रक्षेपण गरेको छ । कर्णाली प्रदेशको आर्थिक सामाजिक वस्तुस्थिति अन्य प्रदेशहरूको औषत भन्दा तल रहेको र प्रदेशको तीव्रतर विकासको लागि पूर्वाधार, जलविद्युत जस्ता पुँजी निर्माणका परियोजनाहरूमा जोड दिनु पर्ने आवश्यकता समेतलाई विचार गर्दा प्रदेशको सीमान्त पुँजी अनुपात पन्ध्रौं योजनाको अवधारणा पत्रले राष्ट्रिय स्तरमा अनुमान गरेको ४.९:१ अनुपात भन्दा कम नहुने अनुमान गरिएको छ ।

चौधौं योजनामा कृषि, उद्योग र सेवाको निमित्त क्रमशः २.९, ६.२ र ५.३ सीमान्त पुँजी उत्पादन अनुपात प्रक्षेपण गरिएको थियो । पन्ध्रौं योजनाले सङ्केत गरे अनुसार त्यसैलाई केही सुधार गरी यस प्रदेशको लागि कृषि, उद्योग र सेवाको निमित्त सीमान्त पुँजी उत्पादन अनुपात क्रमशः २.८, ६.० र ५.० प्रक्षेपण गरिएको छ । समष्टिमा सीमान्त पुँजी उत्पादन ५.० हुन आउँछ, जुन पन्ध्रौं योजनाले राष्ट्रिय स्तरमा प्रक्षेपण गरे भन्दा सामान्य बढी भए तापनि चौधौं योजनाको अनुपात भन्दा कम हुन आउँछ ।

प्रदेश योजनाले लक्ष्य राखे अनुसार १४.९ प्रतिशतको आर्थिक वृद्धि दर हाँसिल गर्न योजना अवधिमा कूल रु.५ खर्ब २१ अर्ब ४७ करोड स्थिर पुँजी लगानी आवश्यक पर्ने अनुमान रहेको छ । योजना अवधिमा कृषि, उद्योग र सेवा क्षेत्रमा क्रमशः रु.९७ अर्ब १५ करोड, २ खर्ब ३५ अर्ब ८१ करोड र १ खर्ब ८८ अर्ब ५१ करोड लगानी आवश्यक पर्नेछ ।

तालिका नं.९: क्षेत्रगत लगानी अनुमान
(आर्थिक वर्ष २०७५/०७६ को स्थिर मूल्यमा)

(रू. करोडमा)

	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	कूल
कृषि	७७२	१०९१	१९१४	२४९५	३४४३	९७१५
उद्योग	१८७९	२९६०	४२०६	६०७६	८४६०	२३५८१
सेवा	२४४७	३३११	३७६०	४३०१	५०३२	१८८५१
कूल	**५०९८**	**७३६२**	**९८८०**	**१२८७२**	**१६९३५**	**५२१४७**

नेपालको संविधानले सार्वजनिक, निजी र सहकारीलाई विकासको तीन खम्बा मानेको छ । योजना कार्यान्वयनको लागि आवश्यक लगानी मूलतः यिनै तीन स्रोतहरूबाट जुट्ने विश्वास गरिएको छ । राष्ट्रियस्तरमा जस्तै प्रदेशमा पनि निजी क्षेत्रको लगानीको प्रमुख स्थान रहन्छ । पन्ध्रौ योजनाले निजी क्षेत्रको लगानी ५८.३ प्रतिशत हुने अनुमान गरिएको छ । त्यस्तै सहकारी क्षेत्रको लगानी ४.३ प्रतिशत हुने अनुमान गरिएको छ । विकास कार्यमा सामुदायिक क्षेत्रको संलग्नता पनि उल्लेखनीय हुन्छ । तर यसको प्रदेशगत तथ्याङ्क उपलब्ध छैन । यसका क्रियाकलापहरू निजी क्षेत्रमै समेटिने छन् । तर के कुराको हेक्का राख्नु पर्नेछ भने प्रदेशमा निजी क्षेत्रको पनि पर्याप्त विकास भइसकेको छैन ।

यस परिदृश्यमा कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनामा सरकारी क्षेत्रकै लगानीको अहम् भूमिका रहनेछ । निजी क्षेत्रको बिस्तार समेतलाई दृष्टिगत गरी कर्णाली प्रदेशको योजनामा सार्वजनिक क्षेत्रबाट ५३.६६ प्रतिशत, निजी क्षेत्रबाट ४२.६५ प्रतिशत र सहकारीबाट ३.६९ प्रतिशत लगानी हुने अनुमान गरिएको छ । सार्वजनिक क्षेत्रबाट विशेषत पूर्वाधार, शिक्षा, स्वास्थ र कृषिमा लगानी हुने अपेक्षा गरिएको छ । सामान्य प्रशासन र सुरक्षामा सार्वजनिक क्षेत्रकै मात्र लगानी हुनेछ । त्यस्तै सहकारी क्षेत्रबाट मूलत कृषि, साना उद्योग तथा व्यापार, वित्तीय मध्यस्थतामा शिक्षा तथा स्वास्थमा समेत लगानी हुने अनुमान गरिएको छ। सामान्य प्रशासन तथा सुरक्षामा बाहेक अन्य सबै क्षेत्रमा निजी क्षेत्रको पनि लगानी हुनेछ ।

तालिका नं. १० मा देखाइए अनुसार योजना अवधिको कूल अनुमानित लगानी ५ खर्ब २१ अर्ब ४७ करोडमध्ये सार्वजनिक क्षेत्रबाट रु.२ खर्ब ७९ अर्ब ८२ करोड, निजी क्षेत्रबाट रु.२ खर्ब २२ अर्ब ४२ करोड र सहकारी क्षेत्रबाट रु.१९ अर्ब २३ करोड लगानी हुने अनुमान छ ।

तालिका नं.१०: सार्वजनिक, निजी र सहकारी क्षेत्रबाट हुने लगानी
(२०७५/०७६ को स्थिर मूल्यमा)

(रू. करोडमा)

लगानीका क्षेत्रहरू	सार्वजनिक		निजी		सहकारी		जम्मा	
	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
कृषि	५,८२६	६०.०	३,२०९	३३.०	६८०	७.०	९,७१५	१८.६
उद्योग	१४,१६२	६०.०	८,८७६	३८.०	५४३	२.०	२३,५८१	४५.२
सेवा	७,९९४	४२.०	१०,१५७	५४.०	७००	४.०	१८,८५१	३६.२
कूल लगानी	**२७,९८२**	**५३.६६**	**२२,२४२**	**४२.६५**	**१,९२३**	**३.६९**	**५२,१४७**	**१००.०**

३.११.३ सार्वजनिक खर्च र खर्च व्यहोर्ने स्रोत

संविधानले सङ्घीय संरचनामा तीन तहको सरकारबाट खर्च तथा लगानी हुने व्यवस्था छ । विद्यमान व्यवस्थामा तीनै तहको सरकारले आफ्नो ढङ्गले पुँजीगत खर्च गर्न सक्ने व्यवस्था भए बमोजिम तीन तहको सरकारबाट योजना अवधिमा हुन सक्ने पुँजीगत खर्चको अनुमान गरिएको छ । यो प्रदेश सबैभन्दा कम स्थानीय तह भएको प्रदेश हो । यो कुरालाई समेत ध्यानमा राखी योजना अवधिको कूल सार्वजनिक पुँजीगत लगानी रु.२ खर्ब ७९ अर्ब ८२ करोड मध्ये स्थानीय तहबाट रु.४१ अर्ब १० करोड लगानी हुने अनुमान गरिएको छ । सङ्घीय सरकारबाट १ खर्ब ८ अर्ब २० करोड लगानी हुने अनुमान गरिएको छ । त्यस्तै बाँकी १ खर्ब ३० अर्ब ५२ करोड प्रदेश सरकारले लगानी गर्नुपर्ने अनुमान गरिएको छ । तीन वटै तहको सरकारबाट पाँच वर्षको अवधिमा गर्ने वार्षिक लगानीको अनुमानित रकमलाई तालिका नं.२१ मा दिइएको छ ।

तालिका नं.११: तीन तहको सरकारले गर्ने पुँजीगत लगानीको प्रक्षेपण
(आर्थिक वर्ष २०७५/०७६ को स्थिर मूल्यमा)

(रू. करोडमा)

तह	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	कूल
सङ्घ	१२६४	१४१४	२०१४	२६१४	३५१४	१०८२०
प्रदेश	१५००	१८४०	२५२४	३१२४	४०६४	१३०५२
स्थानीय तह	२४२	२९४	७६८	११४१	१६६५	४११०
जम्मा	**३००६**	**३५४८**	**५३०६**	**६८७९**	**९२४३**	**२७९८२**

३.११.४ प्रदेश सरकारको खर्च र खर्च व्यहोर्ने स्रोत

माथि उल्लेख भएअनुसार योजना अवधिमा प्रदेश सरकारको कूल पुँजीगत खर्च १ खर्ब ३० अर्ब ५२ करोड हुने अनुमान गरिएको छ । योजनाको सुरु वर्षमा पुँजीगत खर्चको तुलनामा चालु खर्चको अनुपात केही बढी रहे तापनि यो अनुपात घट्दै गई योजनाको अन्तिम वर्षमा कूल पुँजीगत खर्च ४० अर्ब ६४ करोड तथा चालु खर्च २८ अर्ब हुन जाने अनुमान गरिएको छ । योजना अवधिमा प्रदेश सरकारको कूल अनुमानित खर्च जम्मा रू. २ खर्ब २० अर्ब ९० करोड मध्ये रू. १ खर्ब ३० अर्ब ५२ करोड पुँजीगत तथा ९० अर्ब ३८ करोड चालु खर्च हुने अनुमान गरिएको छ ।

तालिका नं.१२: प्रदेश सरकारको अनुमानित खर्च
(आ.व.२०७५/०७६ को स्थिर मूल्यमा)

(रू. करोडमा)

विवरण	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	जम्मा
कूल खर्च	२६३२	३०८५	४२३०	५२७९	६८६४	२२०९०
चालु खर्च	११३२	१२४५	१७०६	२१५५	२८००	९०३८
पुँजीगत खर्च	१५००	१८४०	२५२४	३१२४	४०६४	१३०५२

परिच्छेद : ४
वित्तीय क्षेत्र

४.१ बचत तथा लगानी

१. पृष्ठभूमि

उच्च आर्थिक वृद्धिका लागि उल्लेख्य रूपमा बचत परिचालन र लगानीको आवश्यकता पर्दछ । नेपालको समग्र बचत तथा लगानीलाई हेर्दा आर्थिक बर्ष २०७४/०७५ मा गार्हस्थ्य उत्पादनको १५.०१ प्रतिशत कूल गार्हस्थ्य बचत र ३४.११ प्रतिशत स्थिर पुँजी निर्माण भएको देखिन्छ । विगत ५ वर्षमा कूल राष्ट्रिय बचत भने कुल गार्हस्थ्य उत्पादनको औसत ४४ प्रतिशत रहेको छ । कर्णाली प्रदेशमा गरिबीको दर राष्ट्रिय औसतभन्दा बढी रहेकोले यहाँको बचत अवस्था कमजोर रहेको छ ।

२. प्रमुख समस्या

गार्हस्थ्य बचत र लगानीको अन्तर उच्च हुनु प्रमुख समस्या हो । हालैका बर्षहरूमा बचत र गार्हस्थ्य उत्पादनको अनुपात केही बढे पनि बचत र लगानीको अन्तर भने घट्न सकेको छैन । आ.व.२०७४/७५ मा यस्तो अन्तर कूल गार्हस्थ्य उत्पादनको १९ प्रतिशत रहेको छ । यस प्रदेशमा निरपेक्ष गरिबी र बहुआयामिक गरिबीको दर अन्य प्रदेशको तुलनामा बढी छ । विप्रेषण तथा अन्य आम्दानीमा वृद्धि भए तापनि उपभोग मै बढी खर्च हुने अवस्था रहेको छ । साथै बढ्दो उपभोगवादी प्रवृत्तिले बचतमा प्रतिकूल असर पार्नु, पर्याप्त बैकिङ्ग सेवाको बिस्तार नहुनाले बचत गर्न सहज नहुनु, वित्तीय संस्था र जनसङ्ख्याको अनुपात उच्च हुनु, वित्तीय बजार विकसित हुन नसक्नु र पुँजीगत खर्च अपेक्षित रूपमा नहुनु पनि बचत निर्माण र लगानीको प्रवर्द्धनमा समस्याको रूपमा रहेका छन् ।

३. चुनौती तथा अवसर

बैकिङ्ग सेवा र वित्तीय पहुँचको बिस्तार गर्नु, गरिबीको रेखामुनि रहेका कर्णालीबासीको आयस्तर बढाउनु, पर्याप्त मात्रामा उद्यमशीलताको विकास गर्नु, प्रदेशको प्रचुर आर्थिक सम्भावनाहरूको उपयोग गर्नु र आवश्यकता अनुसार सहज वित्त उपलब्ध गराउनु, पुँजीगत खर्च गर्ने क्षमता बढाउनु, आन्तरिक तथा बाह्य लगानी सुनिश्चित गर्नु आदि चुनौतीको रूपमा रहेका छन् ।

वित्तीय क्षेत्र फराकिलो हुँदै जानु, विप्रेषणको बढ्दो आप्रवाहका कारण आम्दानी बढ्नाले बचत र पुँजी निर्माण गर्ने सम्भावना बढ्नु, सङ्घीय स्रोत साधन उपलब्ध हुनु, स्थिरता सहितको नयाँ राजनैतिक व्यवस्थाले गर्दा लगानीको लागि सकारात्मक वातावरण बन्दै जानु र प्रदेशमा आर्थिक गतिविधिका थुप्रै सम्भावनाहरू रहेकोले गैर आवासीय नेपाली सहितको निजी क्षेत्रका साथै वैदेशिक लगानी प्रर्वद्धन गर्न सकिने अवस्था रहनु अवसरका रूपमा रहेका छन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

बचत तथा लगानी प्रवर्द्धनबाट समृद्ध अर्थतन्त्र निर्माण ।

४.२ लक्ष्य

बचत र लगानी परिचालन मार्फत दुई अङ्कको आर्थिक वृद्धि दर हासिल गर्ने ।

४.३ उद्देश्य

- वित्तीय क्षेत्रको बिस्तार, विकास र सुदृढीकरण गर्नु,
- बचत गर्ने क्षमता र बानीको विकास गर्दै लगानी वृद्धि गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. वित्तीय सुविधा र पहुँच सुनिश्चित गर्ने ।	क) वित्तीय संस्थाहरू सबै पालिका तहसम्म बिस्तार गरिनेछ । ख) वित्तीय क्षमता वृद्धिका लागि वित्तीय संस्थाहरूसँग समन्वय तथा सहकार्य गरिनेछ । ग) बचत अभिवृद्धिको लागि उत्पादनशील क्षेत्रमा लगानी बढाई आय वृद्धि गरिनेछ ।
२. तिव्र र दिगो आर्थिक विकासका लागि लगानी प्रवर्द्धन गर्ने ।	क) नीतिगत तथा कानुनी व्यवस्था गरी सार्वजनिक-निजी साझेदारी मार्फत लगानी प्रवर्द्धन गरिनेछ । ख) व्यावसायिक वातावरणमा सुधार गर्न प्रदेश औद्योगिक नीति तर्जुमा गरी लागु गरिनेछ । ग) सहकारी क्षेत्रलाई बिस्तार गरी उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ ।

रणनीति	कार्यनीति
	घ) सङ्घ र स्थानीय तहवीच समन्वय र साझेदारी मार्फत लगानी भित्र्याइनेछ । ङ) प्राथमिकता प्राप्त क्षेत्रमा लगानी प्रवर्द्धन गर्न निजी क्षेत्रलाई कर छुट, सहुलियत दरमा ऊर्जा, लगानी सुरक्षाको प्रत्याभुति प्रदान गरिनेछ । च) गैर आवासीय नेपालीहरू र अन्य स्रोतबाट प्रत्यक्ष वैदेशिक लगानीलाई आकर्षित गरिनेछ ।
३. बचतको संस्कृति विकास गरी उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गर्ने ।	क) अनुत्पादक खर्चलाई कटौती गर्न विभिन्न उत्प्रेरणादायी कार्यक्रमहरू मार्फत बचत गर्न प्रोत्साहित गरिनेछ । ख) वित्तीय सेवा खासगरी बचत परिचालनको प्रक्रियालाई सरल तथा बचतकर्ता मैत्री बनाइनेछ । ग) तुलनात्मक लाभका क्षेत्रमा लगानी आकर्षित गरिनेछ । घ) विप्रेषणबाट हुने आम्दानीलाई बढी भन्दा बढी बचत गरी उत्पादनशील क्षेत्रमा लगानी गर्न अभिप्रेरित गरिनेछ ।

५. अपेक्षित उपलब्धि

सबै पालिकासम्म बैंकिङ्ग सेवा बिस्तार भएको हुनेछ । निजी क्षेत्रको लगानीमा वृद्धि भएको हुनेछ । नागरिकहरूमा बचत गर्ने बानीको विकास भएको हुनेछ ।

४.२ सार्वजनिक वित्त

४.२.१ सार्वजनिक खर्च

१. पृष्ठभूमि

सार्वजनिक खर्चको प्रभावकारिताका लागि योजना तथा कार्यक्रम निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्मका क्रियाकलापहरूलाई बढी व्यवस्थित र वैज्ञानिक बनाउनु पर्ने हुन्छ । स्रोतको उपलब्धता, आवश्यकता तथा कार्यान्वयन क्षमताका आधारमा योजना तथा कार्यक्रम तर्जुमा एवम् कार्यान्वयन गर्दै नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली मार्फत सार्वजनिक खर्चको प्रभावकारिता वृद्धि गर्न सकिन्छ।

२. प्रमुख समस्या

चालु खर्चको तुलनामा पुँजीगत खर्च अपेक्षित रूपमा बढ्न नसक्नु, बजेट निर्माण र कार्यान्वयनमा दक्ष जनशक्तिको अभाव हुनु, विकासका लागि खर्च गर्ने क्षमता कम हुनु, सार्वजनिक खरिद प्रक्रिया समस्यामूलक हुनु, नीति तथा कार्ययोजनाहरूको परिपालना नहुनु र आर्थिक अनुशासनको कमी हुनु सार्वजनिक खर्च व्यवस्थापनका प्रमुख समस्याहरू हुन् ।

३. चुनौती तथा अवसर

जिम्मेवारी प्रभावकारी रूपमा सम्पादन गर्नु, उत्पादनमूलक क्षेत्रमा लगानी अभिवृद्धि गर्नु, बजेट निर्माण र खर्च गर्ने निकाय तथा अधिकारीलाई जिम्मेवार बनाउनु, चालु खर्चलाई वान्छित सीमामा राखी बजेट संरचनामा पुँजीगत खर्चको हिस्सा र खर्च गर्न सक्ने क्षमता बढाउनु, सार्वजनिक खर्चको प्रभावकारिता मार्फत वित्तीय तथा आर्थिक अनुशासन कायम गरी सुशासन प्रवर्द्धन गर्नु मुख्य चुनौतीहरू हुन् ।

सङ्घीयताका सन्दर्भमा सार्वजनिक खर्चलाई प्रभावकारी बनाउन सो अनुकूल कानुन तथा संरचना निर्माण गर्न सकिने अवस्था रहनु, प्रदेशको विकासको विद्यमान कमजोर अवस्थाका कारण पुँजीगत खर्चको हिस्सा बढाई उच्च आर्थिक वृद्धि हासिल गर्न सकिने प्रचुर अवसर रहनु, तूलनात्मक रूपमा कर्णाली प्रदेशको जनसङ्ख्या र जनघनत्व कम भएकोले सार्वजनिक खर्चको प्रभावकारी परिचालनबाट जनताको जीवनस्तरमा छिट्टै सुधार गर्न सकिने सम्भावना अवसरका रूपमा रहेका छन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापन गरी प्रदेशको आर्थिक समृद्धि ।

४.२ लक्ष्य

सार्वजनिक खर्चको नतिजामूखी परिचालनबाट दुई अङ्कको आर्थिक वृद्धि हासिल गर्ने ।

४.३ उद्देश्य

- प्रभावकारी कानुन एवम् संस्थागत आधारशीला खडा गर्नु,

- सम्वद्ध सबै निकाय तथा पदाधिकारीहरूलाई सक्षम, उत्तरदायी र जिम्मेवार बनाउनु,
- बजेट विनियोजन र खर्चमा दक्षता, प्रभावकारिता र आर्थिक अनुशासन सुनिश्चित गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. बजेट विनियोजनका मापदण्ड तथा आधारहरूलाई वैज्ञानिक बनाउने ।	क) बजेट विनियोजनका लागि आयोजना तथा कार्यक्रम छनौट गर्दा पूर्व तयारी चरण पूरा भएका आयोजनाहरूलाई मात्र मापदण्डका आधारमा छनौट गरिनेछ । ख) तयारी नभएका आयोजनामा सम्भाव्यता अध्ययनका लागि मात्र बजेट विनियोजन गरिनेछ । ग) रकमान्तर र कार्यक्रम संशोधनलाई निरुत्साहित गरिनुका साथै कार्यान्वयनको सुनिश्चततापछि मात्र रकमान्तर र कार्यक्रम संशोधन गरिनेछ । घ) दोश्रो चौमासिक अवधिमा मात्र निश्चित सीमासम्म कार्यक्रम संशोधन र रकमान्तर गरिनेछ । ङ) चालु खर्चलाई निश्चित सीमाभित्र राखी पुँजीगत खर्चको अंश बढाइनेछ ।
२. वित्तीय प्रणाली प्रभावकारी बनाउदै जोखिमहरूको न्यूनीकरण गर्ने ।	क) आयोजना बैंक तथा मध्यमकालीन खर्च संरचना तयार गरी आयोजनाहरूलाई लागत लाभ विश्लेषण गरी प्राथमिकताका आधारमा बजेट विनियोजन गरिनेछ । ख) बजेट कार्यान्वयन गर्दा कार्ययोजना निर्माण र सो को परिपालनालाई अनिवार्य गरिनेछ । ग) अनावश्यक र अनुत्पादक खर्च कटौती गरी वित्तीय सुशासन कायम गरिनेछ ।

रणनीति	कार्यनीति
३. अन्तर सरकारी वित्तको कुशल व्यवस्थापन तथा परिचालन गर्ने ।	क) समन्वय र सहकार्यमा वित्तीय हस्तान्तरणको प्रारूप तयार गरिनेछ । ख) एकल तथा साझा अधिकारका क्षेत्रहरूलाई थप प्रष्ट पार्दै राजश्वको बाँडफाँडका लागि आधारहरू तयार गरिनेछ । ग) सार्वजनिक खर्चलाई प्रदेशको सन्तुलित र समन्यायिक विकासका लागि व्यवस्थापन गरिनेछ । घ) सङ्घ, प्रदेश र स्थानीय तहको सह-लगानीलाई रुपान्तरणकारी आयोजनाहरूमा प्राथमिकताका साथ उपयोग गरिनेछ ।

५. अपेक्षित उपलब्धि

कूल बजेटको चालु खर्च योजना अवधिमा ४० प्रतिशतमा सीमित भएको हुनेछ । प्रथम योजनाको अन्तिम आर्थिक वर्षमा पुँजीगत बजेटको ९० प्रतिशत खर्च भएको हुनेछ । वित्तीय हस्तान्तरणको प्रारूप, मध्यकालीन खर्च संरचना र आयोजना बैङ्कको निर्माण हुनुका साथै सबै कार्यालय प्रमुख तथा आयोजना प्रमुखहरूसँग कार्यसम्पादन सम्झौता भएको हुनेछ ।

४.२.२ राजश्व परिचालन

१. पृष्ठभूमि

समग्र विकास खर्च तथा प्रशासनिक खर्च समेतको आवश्यकता पुरा गर्न, वित्तीय सङ्घीयतालाई सबल र सफल बनाउन र वैदेशिक सहायता तथा सङ्घीय सरकारको अनुदान माथिको निर्भरता घटाउन प्रदेशको राजश्व वृद्धि गरी प्रभावकारी परिचालनलाई जोड दिनु पर्नेछ । हाल कर्णाली प्रदेशको कूल बजेटमा आन्तरिक राजश्वको योगदान एक प्रतिशत मात्र रहेको छ । तसर्थ राजश्व सङ्कलनको दायरा फराकिलो र दिगो बनाई प्रदेशको वित्त संरचनालाई सक्षम र सुदृढ बनाउने तर्फ प्रदेशको राजश्व नीति केन्द्रित हुनेछ ।

२. प्रमुख समस्या

प्रदेशले सङ्कलन गर्ने राजश्वको आधार र दायरा साँघुरो हुनु, प्रदेशको कूल बजेटमा राजश्वको हिस्सा न्यून हुनु, जनशक्तिको कमी हुनु, राजश्वको सङ्कलनमा पारदर्शिता र प्रभावकारी अनुगमन हुन नसक्नु, राजश्व प्रशासनमा आधुनिक प्रविधिको प्रयोग गर्न नसकिनु, बाँडफाँडबाट प्राप्त हुने राजश्वको सुनिश्चतता नहुनु, राजश्व सङ्कलन सम्बन्धमा सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय हुन नसक्नु, अनौपचारिक आर्थिक क्रियाकलापहरूलाई राजश्वको दायरामा ल्याउन नसकिनु राजश्व सम्बन्धी प्रमुख समस्या रहेका छन् ।

३. चुनौती तथा अवसर

प्रदेशको राजश्वको दायरालाई फराकिलो बनाउनु, कूल बजेटमा राजश्वको योगदान बढाउनु, राजश्व सङ्कलनलाई पारदर्शी र प्रभावकारी बनाउनु, सङ्घ र स्थानीय तहबीच राजश्व सङ्कलन तथा अनुगमनका सम्बन्धमा समन्वय गर्नु प्रमुख चुनौतीहरू हुन् ।

प्रदेश सरकारलाई राजश्व बाँडफाँड र सङ्कलनबाट स्रोतको सुनिश्चितता हुनु, राजनैतिक स्थिरता र स्पष्ट बहुमत सहितको बलियो सरकारको स्थापना हुनु, आर्थिक गतिविधिहरू बढ्दै जानु, कानुनको परिपालना र स्वैच्छिक कर सहभागितामा वृद्धि हुनु तथा प्रदेशको राजश्व अभिवृद्धिका लागि राजश्वको सम्भावना सम्बन्धमा थप अध्ययन हुनु अवसरका रूपमा रहेका छन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

राजश्व संकलन तथा परिचालनबाट आत्मनिर्भर, दिगो र सबल प्रदेश अर्थतन्त्रको निर्माण ।

४.२ लक्ष्य

सङ्कलनको दायरा फराकिलो गरी प्रदेशको राजश्व चारगुणा वृद्धि गर्ने ।

४.३ उद्देश्य

प्रभावकारी राजश्व संरचना तयार गरी कूल बजेटमा राजश्वको हिस्सा वृद्धि गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. राजश्वको दायरा फराकिलो बनाई यसको परिचालनमा दक्षता बढाउने ।	क) प्रभावकारी राजश्व संरचना तयार गर्नका लागि नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था मिलाइनेछ । ख) राजश्व परिचालनसँग सम्बन्धित निकाय र पदाधिकारीहरूको क्षमता अभिवृद्धि गरिनेछ । ग) अनौपचारिक क्षेत्रको आर्थिक कारोवारलाई निरुत्साहित गरी औपचारिक कारोवारलाई प्रोत्साहित गरिनेछ ।
२. राजश्वलाई प्रदेश समृद्धिको आधार बनाउने ।	क) कर प्रणालीलाई स्वच्छ, निष्पक्ष, पारदर्शी र समन्यायिक बनाइनेछ । ख) सूचना प्रविधिको विकास तथा प्रयोगबाट राजश्व सङ्कलनमा वृद्धि र चुहावट नियन्त्रण गरिनेछ । ग) सङ्घ र स्थानीय तहसँगको सहकार्यमा राजश्व परिचालन प्रभावकारी बनाइनेछ । ३) स्वैच्छिक कर सहभागितालाई प्रोत्साहन र प्रवर्द्धन गरिनेछ ।
३. राजश्व प्रणालीलाई लगानी एवम् व्यवसायीमैत्री बनाउने ।	क) नवीनतम अवधारणा तथा अभ्यासहरूलाई अवलम्बन गरी राजश्व प्रणालीलाई सरल, सहज र समन्यायिक बनाइनेछ । ख) कर प्रशासनमा सुशासन कायम गरिनेछ । ग) सङ्घ तथा स्थानीय तहसँग समन्वय गरी करमा दोहोरोपन हटाइनेछ ।

५. अपेक्षित उपलब्धि

योजनाको अन्तिम आर्थिक वर्षमा आन्तरिक राजश्व सङ्कलन एक अर्ब पुगेको हुनेछ । प्रदेश राजश्व विभाग गठन भएको हुनेछ । प्रदेशको कर तथा गैरकर सम्बन्धी कानुन तर्जुमा भएको हुनेछ । राजश्व परिचालनमा सूचना प्रविधिको प्रयोग भई राजश्व चुहावट नियन्त्रण भएको हुनेछ ।

४.२.३ वैदेशिक सहायता परिचालन

१. पृष्ठभूमि

प्रदेशको राजश्व सङ्कलनको अवस्था कमजोर रहेको र सङ्घीय सरकारबाट प्राप्त हुने अनुदानबाट पनि प्रदेशको दिगो र तीव्र विकासको चाहना पूरा गर्न स्रोतसाधन नपुग्ने अवस्था रहेको छ । वित्तीय स्रोतको न्यूनता पूर्ति गर्न संविधान तथा सङ्घीय कानुन बमोजिम ठूला पूर्वाधारका आयोजनाहरूमा प्रविधि हस्तान्तरण सहितको वैदेशिक सहायतालाई प्रभावकारी रूपमा परिचालन गर्नुपर्ने आवश्यकता रहेको छ।

२. प्रमुख समस्या

वैदेशिक सहायता प्रदेशको आवश्यकता र प्राथमिकताका आधारमा प्राप्त र परिचालन हुन नसक्नु, वैदेशिक सहायता परिचालनको व्यवस्थापन तथा अनुगमन प्रणाली कमजोर हुनु र प्रदेशको बजेट प्रणालीमा आबद्ध हुन नसक्नु प्रमुख समस्याहरू हुन् ।

३. चुनौती तथा अवसर

प्रदेशको विकास आवश्यकता अनुरूप वैदेशिक सहायता परिचालन गर्नु, सङ्घ र प्रदेशबीच समन्वयात्मक रूपमा विकास सहायता परिचालन गर्नु, वैदेशिक सहायता व्यवस्थापनमा प्रदेशको आबद्धता तथा अपनत्व कायम गर्नु, प्राथमिकतामा रहेका योजनाहरू सञ्चालन हुने गरी वैदेशिक सहायता परिचालन गर्नु, सहायताको प्रतिबद्धता र योजना कार्यान्वयन बीचको अन्तर घटाउनु र प्रदेशको बजेट प्रणाली मार्फत सहायता परिचालन गर्नु प्रमुख चुनौती हुन् ।

सङ्घीय प्रणाली कार्यान्वयनको क्रममा संविधानले वैदेशिक सहायता परिचालनको दिशानिर्देश गर्नु, वैदेशिक सहायताको प्रभावकारिताका लागि प्रदेश तहबाट समेत प्रतिबद्धता व्यक्त हुनु, ठुला पूर्वाधारहरूको निर्माणका लागि सङ्घको समन्वयमा वैदेशिक सहायता भित्र्याउन सकिने अवस्था विद्यमान हुनु र दिगो विकासका लक्ष्य हासिल गर्न सञ्चालन गरिने विकास योजनामा सहायता प्रवाह गर्न विकास साझेदारहरू तत्पर रहनु वैदेशिक सहायता परिचालनका अवसरहरू हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

वैदेशिक सहायताको परिचालनबाट ठूला आयोजनाहरूको निर्माण ।

४.२ लक्ष्य

प्रदेश प्राथमिकताका क्षेत्रमा वैदेशिक सहायतालाई सदुपयोग गरी दिगो, फराकिलो तथा तीव्र आर्थिक विकास हासिल गर्ने ।

४.३ उद्देश्य

प्रदेश विकासका प्राथमिकता र आवश्यकता अनुरूप अधिकतम् वैदेशिक पुँजी र प्रविधि आकर्षित र उपयोग गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. संविधान, सङ्घीय तथा प्रदेश कानुन एवम् राष्ट्रिय नीति अनुरूप वैदेशिक सहायता नीति तर्जुमा गर्ने ।	क) वैदेशिक सहायता परिचालन मापदण्ड र सदुपयोगको लागि आवश्यक नीति कानुनको तर्जुमा गरिनेछ । ख) प्रदेश बजेट र व्यवस्थापन सूचना प्रणालीमा आबद्ध गरी वैदेशिक सहायतामा पारदर्शिता वृद्धि गरिनेछ । ग) वैदेशिक सहयोगको उपयोगमा गुणात्मक सुधार गर्न सूचना प्रणाली तथा सार्वजनिक वित्त व्यवस्थापन प्रणालीमा आबद्ध गरिनेछ ।
२. प्रदेशको आवश्यकता तथा प्राथमिकताका आयोजनामा वैदेशिक सहायता परिचालन गर्ने ।	क) वैदेशिक सहायता परिचालनका लागि प्रदेशको आवश्यकता र प्राथमिकता निर्धारण गरिनेछ । ख) लाभ लागतको मूल्याङ्कन गरी वैदेशिक सहायता परिचालनमा प्रभावकारिता हासिल गरिनेछ । ग) आयोजना बैंकमा रहेका तुलनात्मक लाभका आयोजनाहरूमा वैदेशिक सहायता परिचालन गर्न विकास साझेदारहरूलाई प्रोत्साहित गरिनेछ ।

रणनीति	कार्यनीति
३. प्रदेशको सन्तुलित विकासलाई ध्यानमा राखी वैदेशिक सहायताको उपयोग गर्ने ।	क) प्रदेशभित्र रहेका सबै स्थानीय तहहरूमा सन्तुलित विकास हुने गरी वैदेशिक सहायता परिचालन गरिनेछ । ख) आर्थिक तथा सामाजिक दृष्टिकोणबाट पछाडि परेका क्षेत्र, वर्ग र समुदायका विकासको लागि वैदेशिक सहायता परिचालनलाई प्राथमिकता दिइनेछ । ग) वैदेशिक सहायताबाट सञ्चालित आयोजनाको सरकार आफै वा दातृ निकायको सहभागितामा अनुगमन र मूल्याङ्कन गरिनेछ ।

५. अपेक्षित उपलब्धि

प्रदेशको आवश्यकता र प्राथमिकताका क्षेत्रहरूमा वैदेशिक सहायता परिचालन भएको हुनेछ । प्रदेशमा प्राप्त हुने सबै प्रकारको वैदेशिक सहायता प्रदेश बजेट व्यवस्थापन सूचना प्रणाली तथा सार्वजनिक वित्त व्यवस्थापन प्रणालीमा आवद्ध भएको हुनेछ ।

४.२.४ सार्वजनिक ऋण

१. पृष्ठभूमि

सार्वजनिक ऋण घाटा बजेट पूर्ति गर्ने एक माध्यम हो । सार्वजनिक ऋणको विवेकपूर्ण प्रयोगबाट प्रदेश विकासको लागि न्यून हुन आउने आर्थिक स्रोतको व्यवस्थापन हुन सक्दछ । प्रदेशको राजस्व सङ्कलन धेरै कम भएको तथा अनुदान रकम पर्याप्त नभएको सन्दर्भमा निजी क्षेत्रको आर्थिक गतिविधिमा नकारात्मक प्रभाव नपर्ने गरी सरकारले उच्च प्रतिफलयुक्त ठूला परियोजनाहरूमा लगानी गर्ने गरी सार्वजनिक ऋण परिचालनमा जोड दिनुपर्ने हुन्छ ।

२. प्रमुख समस्या

प्रदेशमा सार्वजनिक ऋण परिचालन सम्बन्धी स्पष्ट नीति तथा कानुनी व्यवस्था तयार भई नसक्नु, प्रदेश राजश्व कम भएकोले सार्वजनिक ऋण परिचालन हुन सक्ने सम्भावना न्यून हुनु प्रमुख समस्याहरू हुन् ।

३. चुनौती तथा अवसर

सार्वजनिक ऋण परिचालन सम्बन्धी आवश्यक नीतिगत प्रवन्ध गर्नु, ऋण परिचालन प्रक्रियामा सङ्घीय सरकारसँग समन्वय कायम गर्नु, ऋणको प्रभावकारी उपयोग सुनिश्चित गर्नु, राजश्व सम्भावना न्यून हुँदा आवश्यकता अनुसारको ऋण परिचालन गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

संविधान र सङ्घीय कानुनले प्रदेश सरकारलाई पनि ऋण परिचालन गर्न सक्ने अधिकार प्रदान गर्नु, सार्वजनिक लगानीका प्रशस्त सम्भावना हुनु अवसरका रूपमा रहेका छन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

आर्थिक विकास र समृद्धिका लागि सार्वजनिक ऋणको उपयोग ।

४.२ लक्ष्य

विकासका लागि पूर्वाधार र उत्पादनमूलक क्षेत्रमा सार्वजनिक ऋणको उपयोग गर्ने ।

४.३ उद्देश्य

आर्थिक वृद्धि, रोजगारी सिर्जना र पुँजी निर्माणमा सहयोग पुग्ने गरी सार्वजनिक ऋण परिचालन गर्नु।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. घाटा बजेट पूर्तिका लागि सार्वजनिक ऋण परिचालन गर्ने।	क) आन्तरिक स्रोत, साधन र रोजगारी सिर्जना हुने गरी सार्वजनिक ऋणको परिचालन गरिनेछ । ख) ऋणको अनुपातलाई वाञ्छित सीमा भित्र राख्दै निजी क्षेत्रको आर्थिक गतिविधिमा नकारात्मक असर नपर्ने गरी सार्वजनिक ऋणको व्यवस्थापन गरिनेछ। ग) ऋण लिंदाको अवस्थामा नै ऋण तिर्ने सम्भावित स्रोत र तालिका तयार गरी सोही अनुसार ऋणको परिचालन गरिनेछ ।

५. अपेक्षित उपलब्धि

सार्वजनिक ऋण परिचालन गरी बजेट पूर्ति भएको हुनेछ । बजेटमा सार्वजनिक ऋणको अनुपात प्रदेशको कूल गार्हस्थ्य उत्पादनको ४ प्रतिशतभित्र रहेको हुनेछ ।

४.२.५ अन्तर-सरकारी वित्त

१. पृष्ठभूमि

नेपालको संविधानमा सङ्घले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजश्व संकलनको क्षमता र सम्भावनाको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था रहेको छ । प्रदेश कानुन वमोजिम प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजश्वलाई स्थानीय तहको खर्चको आवश्यकता र राजश्व संकलनको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्न सक्ने प्रावधान रहेको छ । त्यस्तै सङ्घीय कानुन बमोजिम सङ्घीय सञ्चित कोषबाट प्रदान गर्ने सशर्त अनुदान, समपूरक अनुदान वा अन्य प्रयोजनका लागि दिने विशेष अनुदान वितरण हुने व्यवस्था छ। सङ्घबाट प्रदेशमा हुने राजश्व बाँडफाँड र वित्तीय हस्तान्तरणको समुचित प्रयोग र प्रदेशबाट स्थानीय तहमा सन्तुलित, पारदर्शी र न्यायोचित वित्तीय हस्तान्तरण गर्दै समन्यायिक ढङ्गमा प्रदेशको विकास र समृद्धिको आधार सिर्जना गर्ने गरी अन्तर सरकारी वित्त व्यवस्थापन गर्नेतर्फ आवधिक योजना केन्द्रित छ ।

२. प्रमुख समस्या

सङ्घ, प्रदेश र स्थानीय तहका राजश्वका एकल र साझा अधिकारका क्षेत्रहरू बारे बुझाइमा एकरूपता नहुनु, प्रदेशको वास्तविक राजश्व क्षमता र स्थानीय तहको खर्चको आवश्यकता स्पष्ट हुन नसक्नु, प्रदेशको बजेट खर्च गर्न सक्ने क्षमता कमजोर हुनु, प्रदेशको खण्डीकृत तथ्याङ्क नहुनु, प्रदेश र स्थानीय तहमा वित्त व्यवस्थापन सम्बन्धी अनुभवको कमी हुनु, सङ्घीय वित्तीय हस्तान्तरण र प्रदेशको बजेट तथा कार्यक्रममा तादाम्यता कायम गर्न नसकिनु, अन्तरसरकारी कार्यसम्पादनमा दोहोरोपना रहनु प्रमुख समस्याका रूपमा रहेका छन् ।

३. चुनौती तथा अवसर

प्रदेशको तथ्याङ्कलाई विश्वसनीय र भरपर्दो बनाई केन्द्रीय तथ्याङ्कसँग एकरूपता कायम गर्ने, प्रदेशको खर्चको आवश्यकता र खर्च गर्न सक्ने क्षमताको पहिचान गर्ने, वित्तीय हस्तान्तरणको रकम तोकिएकै प्रयोजनमा खर्च हुने कुराको सुनिश्चितता गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने क्षमता विकास गर्ने प्रमुख चुनौती हुन् ।

वित्तीय हस्तान्तरणका सम्बन्धमा सङ्घ र प्रदेशमा आवश्यक ऐन, कानुन र कार्यविधिको निर्माण हुनु, प्रदेशमा आर्थिक-सामाजिक क्रियाकलाप बिस्तार हुनु, संविधान प्रदत्त सङ्घ, प्रदेश र स्थानीय तहको राजश्वका साझा अधिकारका क्षेत्रमा थप स्पष्टता हुँदै जानु, राजश्वको सम्भावनाको सम्बन्धमा थप अध्ययन हुनु, कर्णाली प्रदेशले वित्तीय समानीकरण अनुदान अन्य प्रदेशले भन्दा बढी प्राप्त गर्नु, अनावश्यक रूपमा स्रोत छरिने प्रवृत्तिमा कमी आउनु र उपलब्ध वित्तीय स्रोतको उपयोग गर्दै तीनै तहबीच समन्वय र सहकार्यको वातावरण निर्माण हुनु मुख्य अवसरहरू हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

समतामूलक र समृद्ध अर्थतन्त्रको निर्माणका लागि अन्तरसरकारी वित्त व्यवस्थापन ।

४.२ लक्ष्य

अन्तरसरकारी वित्त हस्तान्तरणको प्रभावकारी परिचालन गर्ने ।

४.३ उद्देश्य

- सङ्घबाट हुने वित्तीय हस्तान्तरणलाई प्राथमिकताका क्षेत्रमा लगानी गर्नु ।
- स्थानीय तहको खर्चको आवश्यकता हेरी सन्तुलित तवरले वित्त हस्तान्तरण गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. प्रदेशको प्राथमिकता र तुलनात्मक लाभको क्षेत्रमा वित्तीय हस्तान्तरणलाई उपयोग गर्ने ।	क) अन्तर सरकारी वित्तको क्षेत्रमा कार्यक्रमहरू नदोहोरिने गरी प्रभावकारी रूपमा अगाडि बढाइनेछ । ख) वित्तीय जोखिम न्यूनीकरण गर्न वित्तीय सुशासन जोखिम विश्लेषण विधिको विकास गरी अवलम्बन गरिनेछ । ग) अपुरा र अधुरा आयोजना सम्पन्न भएपश्चात मात्र नयाँ आयोजनामा लगानी गरिनेछ ।

रणनीति	कार्यनीति
२. स्थानीय तहको आवश्यकताको आधारमा सन्तुलित तवरले वित्त हस्तान्तरण गर्ने ।	क) प्रदेशको अधिकार क्षेत्र अन्तर्गत रहेको र स्थानीय तहबाट कार्यान्वयन हुँदा प्रभावकारी हुने कार्यक्रमहरू स्थानीय तहलाई हस्तान्तरण गरिनेछ । ख) आयोजना कार्यक्रम कार्यान्वयनका लागि पर्याप्त हुने गरी वित्तीय हस्तान्तरण गरिनेछ । ग) स्थानीय तहको आवश्यक्ता स्रोत र साधनको अवस्था हेरी सन्तुलित विकास हुने गरी वित्तीय हस्तान्तरण गरिनेछ । घ) प्रदेश समन्वय परिषदको बैठकमा अन्तर सरकारी समन्वयलाई अगाडि वढाइनेछ ।

५. अपेक्षित उपलब्धि

प्रदेश र स्थानीय तहको वित्तीय व्यवस्थापन क्षमता विकास भएको हुनेछ । प्रदेश र स्थानीय तहमा वित्तीय सुशासन कायम भएको हुनेछ । तीनै तहका सरकारका एकल तथा साझा कार्य जिम्मेवारीहरू समन्वयात्मक रूपमा सम्पादन हुने गरी स्रोतको व्यवस्था र तीनै तहमा वित्तीय अन्तरआवद्धता मार्फत वित्तीय सङ्घीयता संस्थागत भएको हुनेछ ।

४.३ सार्वजनिक, निजी, सहकारी साझेदारी

१. पृष्ठभूमि

संविधानमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिताबाट तीब्र र दिगो आर्थिक वृद्धि हाँसिल गर्ने र प्राप्त उपलब्धिको न्यायोचित वितरण गर्ने उल्लेख छ । प्रदेशको विकासमा समेत सार्वजनिक, निजी र सहकारी क्षेत्रको साझेदारी आवश्यक देखिन्छ । प्रदेशको विकास र समृद्धिको लागि सार्वजनिक स्रोत परिचालनले मात्र सम्भव नहुने भएकोले निजी र सहकारी क्षेत्रको संयुक्त सहभागितामा दिगो र तीव्र विकास गर्नु आवश्यक छ । सरकारले पूर्वाधार र सामाजिक विकासमा लगानी, नियमन र सहजीकरण गर्ने, निजी क्षेत्रले औद्योगिक उत्पादन, रोजगारी सिर्जना र वस्तु तथा सेवाको आपूर्तिमा लगानी गर्ने र सहकारी क्षेत्रले सामुदायिक क्षेत्रमा बचत र ऋण परिचालन तथा उत्पादनलाई प्राथमिकता दिनुपर्ने आवश्यकता छ ।

२. प्रमुख समस्या

आर्थिक विकासका प्रमुख क्षेत्र सरकारी, निजी र सहकारी क्षेत्र बीचमा पर्याप्त समन्वयको अभाव हुनु, निजी र सहकारी क्षेत्रलाई प्रदेशको विकास र समृद्धिका लागि सहजीकरण गर्न नसकिनु, निजी क्षेत्रले उत्पादन र रोजगारीमा उल्लेख्य योगदान दिन नसक्नु, सहकारी क्षेत्रले आफ्नो सङ्कलित बचतलाई उत्पादनमूलक क्षेत्रमा आवश्यक मात्रामा लगानी गर्न नसक्नु प्रमुख समस्या हुन् ।

३. चुनौती तथा अवसर

प्रदेशको विकासका मुख्य सम्वाहक सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई समन्वयात्मक रूपमा परिचालन गर्नु, औद्योगिक विकासको लागि आवश्यक न्यूनतम पूर्वाधारको विकास गर्नु, लगानीको उचित वातावरण र सुरक्षाको प्रत्याभूति प्रदान गर्नु, निजी क्षेत्रलाई स्थानीय स्रोत, साधन र कच्चा पदार्थको उपयोग, रोजगारी सिर्जना र सामाजिक उत्तरदायित्व तर्फ उन्मुख गराउनु र सहकारी क्षेत्रलाई सामुदायिक विकास र उत्पादनमा पुँजी परिचालन गर्न सहजीकरण गर्नु प्रमुख चूनौती हुन् ।

उद्योग तथा व्यापारमा लगानीका लागि उपयुक्त वातावरण बन्दै जानु, लगानीको सुरक्षाको प्रत्याभूतिका लागि सरकार तयार हुनु, आवश्यक पूर्वाधार विकासमा सरकार अगाडि बढ्नु, स्थानीय, रैथाने र प्राङ्गारिक उत्पादनको माग बढ्दै जानु, जलविद्युत, पर्यटन, जडीबुटी, कृषि तथा खानी लगायत कर्णाली प्रदेशको तुलनात्मक लाभका क्षेत्रमा निजी क्षेत्र आकर्षित हुँदै जानु, सहकारी क्षेत्रको माध्यमबाट स्थानीय पुँजी सङ्कलन र उत्पादनमूलक क्षेत्रमा लगानी वृद्धि गर्ने वातावरण बन्दै जानु अवसर हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

सरकारी, निजी र सहकारी क्षेत्रको साझेदारीबाट प्रदेशको समतामूलक आर्थिक, सामाजिक विकास ।

४.२ लक्ष्य

सरकारी, निजी र सहकारी क्षेत्रको साझेदारीमा लगानी अभिवृद्धि गरी उत्पादन वृद्धि, रोजगारी सिर्जना र नागरिकको जीवनस्तरमा सुधार गर्ने ।

४.३ उद्देश्य

- अनुकूल वातावरण सृजना तथा सुरक्षाको प्रत्याभूति दिई निजी र सहकारी क्षेत्रलाई लगानीको लागि उत्प्रेरित गर्नु ।
- निजी क्षेत्रलाई वस्तु तथा सेवाको सहज आपूर्ति र रोजगारी सिर्जनाका लागि प्रोत्साहित गर्नु ।
- सहकारी क्षेत्रलाई स्थानीय बचत सङ्कलन र उत्पादनमूलक क्षेत्रको लगानीमा केन्द्रित गर्नु।
- सार्वजनिक दायित्वको क्षेत्रमा सरकार एवं अत्याधिक जनताको शेयर सहभागिता गराई व्यवसायिक विकास मार्फत प्रतिफलमा अधिक जनताको स्वामित्व र सघन पहुँच कायम गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. सार्वजनिक, निजी र सहकारी क्षेत्रको साझेदारीका लागि नीति, कानुन र संरचनाको व्यवस्था गर्ने ।	क) साझेदारीलाई प्रभावकारी बनाउन आवश्यक नीति र कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ । ख) उच्चस्तरीय सार्वजनिक, निजी, सहकारी र साझेदारी समन्वय समिति गठन गरिनेछ । ग) साझेदारीको व्यवस्थापनका लागि आवश्यक संरचना निर्माण गरिनेछ ।
२. सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिकालाई स्पष्ट गरी लगानीको अनुकूल वातावरण सृजना गर्ने ।	क) सरकारबाट लगानीको लागि उपयुक्त वातावरण निर्माण गरिनेछ । ख) निजी क्षेत्रलाई प्रदेशका तुलनात्मक लाभका क्षेत्रमा लगानी बढाउन प्रोत्साहित गरिनेछ । ग) सहकारी क्षेत्रलाई स्थानीय बचत सङ्कलन, लगानी वृद्धि र सेवा क्षेत्रमा सहकारीलाई परिचालनमा प्रोत्साहित गरिनेछ । घ) सार्वनजिक दायित्वका शिक्षा, स्वास्थ्य, सार्वजनिक यातायात, प्राकृतिक स्रोत साधनमा आधारित उद्यम, आधारभूत उपभोग, व्यावसायिक कृषि जस्ता क्षेत्रहरुमा सरकारको साझेदारी एवं अत्याधिक नागरिकको शेयर लगानीमा वृद्धि गरिनेछ ।

५. अपेक्षित उपलब्धि

सार्वजनिक-निजी साझेदारी नीति तथा ऐन र सार्वजनिक-सहकारी साझेदारी नीति तथा ऐन निर्माण र कार्यान्वयन भएको हुनेछ । उच्चस्तरीय सार्वजनिक-निजी-सहकारी साझेदारी समन्वय समिति गठन भई आवश्यक सहजीकरण भएको हुनेछ । सार्वजनिक दायित्वको क्षेत्रमा सहकारी मार्फत अत्यायिक नागरिकको शेयर लगानीमा वृद्धि भइ सहकारी प्रणाली स्थापित भएको हुनेछ ।

४.४ वैदेशिक लगानी

१. पृष्ठभूमि

प्राकृतिक स्रोत साधनले सम्पन्न कर्णाली प्रदेशमा आधुनिक विकासका लागि ठूलो पुँजी लगानीको आवश्यकता रहेको छ । आन्तरिक सार्वजनिक, सामुदायिक तथा निजी लगानीबाट मात्र प्रदेशको द्रुत तथा दिगो आर्थिक विकास कठिन छ । त्यसैले **"समृद्ध कर्णाली, सुखारी कर्णालीबासी"** को दीर्घकालीन लक्ष्य हाँसिल गर्न प्रदेश प्राथमिकताका क्षेत्रमा ठूला आयोजनाहरू आधुनिक प्रविधि सहित भित्र्याउनका लागि वैदेशिक लगानीलाई परिचालन गर्नु पर्ने देखिन्छ।

२. प्रमुख समस्या

कर्णाली प्रदेशमा जलविद्युत, पर्यटन, कृषि तथा जडीबुटी प्रशोधन सम्बन्धी उद्योग लगायतका क्षेत्रमा लगानीका प्रशस्त सम्भावना भए तापनि हालसम्म ठूलो वैदेशिक लगानी आकर्षित नहुनु, लगानीका लागि आवश्यक पूर्वाधारको पर्याप्त विकास हुन नसक्नु, वैदेशिक लगानी सम्बन्धी नीति तथा कानुनको निर्माण नहुनु, विषयसँग सम्बन्धित दक्ष जनशक्तिको अभाव हुनु, आयोजना बैंक तयार भई नसक्नु र अन्तर-मन्त्रालयगत एवम् नीतिगत विषयमा समन्वय हुन नसक्नु प्रमुख समस्या हुन् ।

३. चुनौती तथा अवसर

आवश्यक नीति तथा कानुनको व्यवस्था गरी प्रदेशका लागि आवश्यक पर्ने ठूलो वैदेशिक लगानी भित्र्याउनु, छोटो समयभित्रै आवश्यक पूर्वाधारको विकास गरी वैदेशिक लगानीलाई आकर्षित गर्नु, वैदेशिक लगानीकर्ताहरूको विश्वास आर्जन गर्ने गरी लगानीका लागि सहज वातावरण निर्माण गर्नु चुनौतीको रूपमा रहेका छन् ।

प्रदेशको प्राथमिकता सहितको आयोजना बैंक तयारीको चरणमा रहनु, प्रदेश सरकार प्रामिकताकासाथ द्रुत पूर्वाधार निर्माणका लागि प्रतिबद्ध रहनु, प्रदेशमा साना, मझौला तथा ठूला सबै प्रकारका उद्योगको सम्भावना रहनु, प्रदेशमा जलविद्युत, खनिज पदार्थहरू, बहुमूल्य जडीबुटी, कृषि तथा पर्यटन क्षेत्रमा लगानीको प्रचुर सम्भावना रहनु प्रमुख अवसरहरू हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

नविन प्रविधि सहितको पर्याप्त वैदेशिक लगानी ।

४.२ लक्ष्य

वैदेशिक लगानीको उपयोगबाट प्रतिस्पर्धात्मक क्षमता विकास गरी समृद्धि हाँसिल गर्ने ।

४.३ उद्देश्य

- वैदेशिक लगानीको माध्यमबाट पुँजी, प्रविधि, व्यवस्थापकीय र व्यावसायिक सीप तथा कौशल भित्र्याउनु ।
- प्रदेशका भौतिक पूर्वाधार, जलस्रोत, खनिज तथा जडीबुटी लगायतका प्राकृतिक स्रोतको सदुपयोगमा प्राथमिकताका साथ वैदेशिक लगानी आकर्षित गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. वैदेशिक लगानीमैत्री वातावरण तयार गर्ने।	क) वैदेशिक लगानीसँग सम्बन्धित प्रक्रियाहरूलाई सरलीकृत गर्ने गरी आवश्यक नीति तथा कानुन निर्माण गरिनेछ । ख) वैदेशिक लगानीका लागि आवश्यक भौतिक पूर्वाधार सहित विशेष आर्थिक क्षेत्र तथा निर्यात प्रवर्द्धन केन्द्रको स्थापना गरिनेछ । ग) वैदेशिक लगानीको सुरक्षाको प्रत्याभूति र कर छुटको व्यवस्था गरिनेछ ।

रणनीति	कार्यनीति
२. रुपान्तरणकारी आयोजनाहरूमा नयाँ प्रविधि समेत आउने गरी वैदेशिक लगानी गर्न प्रोत्साहित गर्ने ।	क) प्रदेशको प्राथमिकताका आधारमा भौतिक पूर्वाधार, उत्पादनमूलक तथा रोजगारमूलक क्षेत्रमा वैदेशिक लगानी आकर्षित गरिनेछ । ख) ठूलो परिमाणमा आयात भइरहेका वस्तु तथा सेवा प्रदेशमै उत्पादन गर्न विदेशी ख्यातिप्राप्त उत्पादक कम्पनीलाई प्रोत्साहित गरिनेछ । ग) पुँजीका साथै नयाँ प्रविधि पनि भित्रिने गरी हुने लगानीलाई प्राथमिकता दिइनेछ ।

५. अपेक्षित उपलब्धि

आवश्यक नीति तथा कानुनको निर्माण भई वैदेशिक लगानीको वातावरण तयार भएको हुनेछ । वैदेशिक लगानीबाट ठूला पूर्वाधार निर्माण तथा उद्योगहरू सञ्चालन भई प्रदेशमा थप उत्पादन वृद्धि र रोजगारी सिर्जना भएको हुनेछ ।

वित्तीय क्षेत्रका कार्यक्रमहरू

४.१ बचत तथा लगानी

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	वित्तीय संस्थाहरूको बिस्तार	२०७५।०७६ २०८०।०८१	—	सबै स्थानीय तहमा वाणिज्य बैंकको शाखा बिस्तार भएको हुनेछ।
२	सार्वजनिक निजी साझेदारीको कानुन निर्माण	२०७६।०७७ २०८०।०८१	—	सार्वजनिक निजी साझेदारी मार्फत लगानी प्रर्वद्धन गर्ने कानुनको व्यवस्था भएको हुनेछ ।
३	प्रदेश औद्योगिक नीति निर्माण	२०७६।०७७ २०८०।०८१	—	प्रदेशको औद्योगिक नीति निर्माण गरी कार्यान्वयन गरिएको हुनेछ ।
४	सहकारी क्षेत्रको बिस्तार	२०७६।०७७ २०८०।०८१	२ करोड	सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिएको हुनेछ ।
५	सङ्घ र स्थानीय तहसँग समन्वय र साझेदारी	२०७५।०७६ २०८०।०८१	३ करोड	सङ्घसँग अन्तरप्रदेश परिषद्, स्थानीय तहसँग प्रदेश समन्वय परिषद् र प्रदेश विकास परिषद्को बैठक मार्फत समन्वय र साझेदारी भएको हुनेछ ।
६	प्राथमिकताका क्षेत्रमा लगानी प्रर्वद्धन	२०७५।०७६ २०८०।०८१	—	प्राथमिकताका क्षेत्रमा काम गर्नेहरूलाई सुरक्षाको प्रत्याभूति हुने वातावरण निर्माण भएको हुनेछ ।
७	वचत गर्ने बानीको विकास र उत्पादनशील क्षेत्रमा लगानी प्रवर्द्धन	२०७५।०७६ २०८०।०८१	—	अनुत्पादक खर्चलाई कटौती गरी उत्पादनशील क्षेत्रमा लगानी गरिएको हुनेछ ।

४.२ सार्वजनिक वित्त

४.२.१ सार्वजनिक खर्च

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	आयोजना छनौटको लागि मापदण्ड तर्जुमा	२०७६।०७७ २०८०।०८१	—	आयोजना छनौटको लागि मापदण्ड तर्जुमा भएको हुनेछ ।
२	मापदण्डका आधारमा आयोजना छनौट	२०७६।०७७ २०८०।०८१	—	मापदण्ड पूरा गरेका आयोजनाहरू मात्र छनौट भएको हुनेछ ।
३	पुँजीगत खर्चमा वृद्धि	२०७६।०७७ २०८०।०८१	—	चालु खर्चलाई निश्चित सिमाभित्र राखी पुँजीगत खर्चको अंश वृद्धि भएको हुनेछ ।
४	बजेट कार्यान्वयन कार्ययोजना निर्माण	२०७६।०७७ २०८०।०८१	—	बजेट कार्यान्वयन कार्ययोजना निर्माण भई लागु भएको हुनेछ।
५	वित्तीय सुशासन प्रवर्द्धन	२०७५।०७६ २०८०।०८१	—	अनावश्यक र अनुत्पादक खर्च कटौती भएको हुनेछ ।
६	आयोजना/कार्यालय प्रमुखसँग कार्यसम्पादन सम्झौता	२०७६।०७७ २०८०।०८१	—	आयोजना/कार्यालय प्रमुखसँग कार्य सम्पादन सम्झौता लागु भएको हुनेछ ।
७	बजेट कार्यान्वयनको नियमित समीक्षा	२०७५।०७६ २०८०।०८१	५ करोड	बजेट कार्यान्वयनको चौमासिक समीक्षा नियमित रूपमा भएको हुनेछ।
८	कार्यसम्पादन मूल्याङ्कनको आधार तयार	२०७५।०७६ २०८०।०८१	—	खर्च प्रगतिको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्ने पद्धतिको विकास भएको हुनेछ।
९	सार्वजनिक खर्च गर्ने गुण र दोषको आधारमा पुरस्कार र दण्ड प्रणाली स्थापना	२०७६।०७७ २०८०।०८१	१ करोड	नीति तथा कानुनमा स्पष्ट प्रावधानहरू राखी गुण र दोषका आधारमा पुरस्कार र दण्डको लागु भएको हुनेछ ।
१०	वित्तीय हस्तान्तरण मापदण्ड निर्माण	२०७५।०७६ २०८०।०८१	—	वित्तीय हस्तान्तरण मापदण्ड निर्माण भएको हुनेछ ।
११	सन्तुलित र समन्यायिक विकास व्यवस्थापन	२०७६।०७७ २०८०।०८१	—	सार्वजनिक खर्च प्रदेशको सन्तुलित र समन्यायिक विकासमा केन्द्रित भएको हुनेछ।

४.२.२ राजश्व परिचालन

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	प्रभावकारी राजश्व परिचालन सम्बन्धी कानुनी व्यवस्था	२०७६।०७७ २०८०।०८१	—	प्रभावकारी राजस्व परिचालनका लागि नीतिगत र कानुनी व्यवस्था मिलाइएको हुनेछ ।
२	राजश्वको दायरा तथा बाँडफाड मापदण्ड निर्माण	२०७६।०७७ २०८०।०८१	—	राजश्वको दायरा फराकिलो बनाई बाँडफाडको आधार तयार भएको हुनेछ ।
३	राजश्व परिचालन क्षमता अभिवृद्धि	२०७६।०७७ २०८०।०८१	—	सम्बन्धित निकायका अधिकारीहरूको क्षमता अभिवृद्धि भएको हुनेछ ।
४	कर तथा गैरकरका दरहरूको समसामयिक पुनरावलोकन	२०७६।०७७ २०८०।०८१	—	सरोकारवालाहरू तथा विज्ञहरूसँग अन्तरक्रिया गरी पुनरावलोकन भएको हुनेछ ।
५	राजश्व चुहावट नियन्त्रण	२०७६।०७७ २०८०।०८१	—	राजश्व चुहावट नियन्त्रण भई समग्र आन्तरिक राजश्व परिचालनमा वृद्धि भएको हुनेछ ।
६	राजश्व परिचालनमा सहकार्य	२०७६।०७७ २०८०।०८१	—	सङ्घ र स्थानीय तहसँगको समन्वयमा दोहोरोपन नहुने गरी राजश्व परिचालन भएको हुनेछ ।
७	राजश्व परिचालनमा सूचना प्रविधिको उपयोग	२०७६।०७७ २०८०।०८१	२५ लाख	आवश्यक कम्प्युटर सफ्टवेयरहरू निर्माण र सञ्चालन भएको हुनेछ ।
८	यारी सुख्खा बन्दरगाह निर्माण तथा सञ्चालन	२०७६।०७७ २०८०।०८१	—	सङ्घीय सरकारसँग समन्वय गरी हुम्लाको यारीमा सुख्खा बन्दरगाह निर्माण तथा सञ्चालन भएको हुनेछ।
९	कर प्रशासनमा दक्षता वृद्धि	२०७६।०७७ २०८०।०८१	—	सुशासनका लागि आवश्यक नीति, कानुन तथा निर्देशिकाहरू तयार भई सो बमोजिम अनुगमन तथा मूल्याङ्कन भएको हुनेछ ।

४.२.३ वैदेशिक सहायता परिचालन

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	वैदेशिक सहायता सम्बन्धी कानुन तर्जुमा	२०७६।०७७ २०८०।०८१	—	वैदेशिक सहायता सम्बन्धी कानुन तर्जुमा भएको हुनेछ ।
२	वैदेशिक सहायता बजेट प्रणालीमा आवद्धता	२०७६।०७७ २०८०।०८१	—	सबै प्रकारको वैदेशिक सहायता बजेटमा समावेश भएको हुनेछ ।
३	वैदेशिक सहायता प्राथमिकतामा प्रभावकारी परिचालन	२०७६।०७७ २०८०।०८१	—	वैदेशिक सहायता प्राथमिकताको आधारमा परिचालन भएको हुनेछ ।
४	विकास साझेदार परिचालन	२०७५।०७६ २०८०।०८१	७५ लाख	विकास साझेदारहरूसँग छलफल तथा गोष्ठी गरी आवश्यकताको क्षेत्रमा प्रभावकारी परिचालन भएको हुनेछ ।
५	सरकार र विकास साझेदारको संयुक्त अनुगमन मूल्याङ्कन	२०७६।०७७ २०८०।०८१	७५ लाख	वैदेशिक सहायताबाट सञ्चालित आयोजनाहरूको संयुक्त अनुगमन मूल्याङ्कन भएको हुनेछ ।

४.२.४ सार्वजनिक ऋण

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	सार्वजनिक ऋण नीति तर्जुमा	२०७६।०७७ २०८०।०८१	—	प्रदेश सार्वजनिक ऋण नीति तर्जुमा भएको हुनेछ ।
२	सार्वजनिक ऋण परिचालन	२०७६।०७७ २०८०।०८१	—	सार्वजनिक ऋण घाटा बजेट पूर्तिको लागि परिचालन भएको हुनेछ ।
३	सार्वजनिक ऋण व्यवस्थापन	२०७६।०७७ २०८०।०८१	—	निजी क्षेत्रलाई असर नपर्ने गरी सम्भावित स्रोत र तालिका अनुसार अनुगमन गरी सार्वजनिक ऋण व्यवस्थापन भएको हुनेछ ।

४.२.५ अन्तर-सरकारी वित्त

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	वित्तीय हस्तान्तरण उपयोग	२०७५।०७६ २०८०।०८१	—	कार्यक्रमहरू नदोहोरिने गरी जोखिम विश्लेषणका आधारमा अधुरा आयोजना सम्पन्न भएका हुनेछन् ।
२	सन्तुलित वित्त हस्तान्तरण	२०७५।०७६ २०८०।०८१	—	स्थानीय तहको आवश्यक स्रोत साधनको अवस्था हेरी सन्तुलित तवरले वित्त हस्तान्तरण भएको हुनेछ ।

४.३ सार्वजनिक, निजी, सहकारी साझेदारी

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	सार्वजनिक-निजी साझेदारी ऐन तर्जुमा	२०७६।०७७ २०७८।०७९	—	सार्वजनिक, निजी साझेदारी ऐन तर्जुमा भई कार्यान्वयनमा आएको हुनेछ ।
२	सार्वजनिक निजी साझेदारी उच्चस्तरीय समन्वय समिति गठन	२०७६।०७७ २०८०।०८१	—	मुख्यमन्त्रीको अध्यक्षतामा सार्वजनिक निजी साझेदारी उच्चस्तरीय समन्वय समिति गठन भएको हुनेछ ।
४	प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय स्थापना	२०७६।०७७ २०७८।०७९	१ करोड	प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय स्थापना भई स्थानीय वचत सङ्कलन, लगानी वृद्धि र समुदायिक परिचालन भएको हुनेछ ।

४.४ वैदेशिक लगानी

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	विदेशी लगानी र प्रविधि हस्तान्तरण सम्बन्धी कानुन तर्जुमा	२०७६।०७७ २०८०।०८१	—	विदेशी लगानी र प्रविधि हस्तान्तरण सम्बन्धी कानुन तर्जुमा भएको हुनेछ ।
२	विशेष आर्थिक क्षेत्र तथा निर्यात प्रर्वद्धन केन्द्रको स्थापनामा सहभागिता	२०७६।०७७ २०८०।०८१	१० करोड	वैदेशिक लगानीका लागि आवश्यक भौतिक पूर्वाधार सहित विशेष आर्थिक क्षेत्र तथा निर्यात प्रर्वद्धन केन्द्रको स्थापना भएको हुनेछ ।
३	वैदेशिक लगानीमैत्री वातावरण निर्माण	२०७६।०७७ २०८०।०८१	—	वैदेशिक लगानीको सुरक्षाको प्रत्याभूति र निश्चित कर छुट भएको हुनेछ ।
४	रुपान्तरणकारी तथा प्रदेश महत्त्वका आयोजनामा वैदेशिक लगानी	२०७६।०७७ २०८०।०८१	—	रुपान्तरणकारी तथा प्रदेश महत्त्वका आयोजनामा वैदेशिक लगानी भएको हुनेछ ।
५	विदेशी ख्यातीप्राप्त उत्पादन कम्पनीलाई प्रोत्साहन	२०७६।०७७ २०८०।०८१	२० करोड	विदेशी पुँजीका साथै नयाँ प्रविधि भित्र्याउने र रोजगारी सिर्जना गर्ने ख्याति प्राप्त उत्पादन कम्पनीलाई प्रोत्साहन भएको हुनेछ ।

वित्तीय क्षेत्रका नतिजा खाका

प्रभाव

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/०७६	२०७६/०७७	२०७७/०७८	२०७८/०७९	२०७९/०८०	२०८०/०८१	सूचनाको स्रोत
वार्षिक औषत आर्थिक वृद्धि दर	प्रतिशत	५.७	९.९	१३.३	१५.७	१७.९	१८.८	के.त.वि.
कृषि क्षेत्रको औषत वृद्धि दर	प्रतिशत	४.४	६.०	८.०	१३.०	१५.०	१८.०	के.त.वि.
उद्योग क्षेत्रको औषत वृद्धि दर	प्रतिशत	९.६	२३.२	३१.८	३३.९	३७.६	३७.५	के.त.वि.
सेवा क्षेत्रको औषत वृद्धि दर	प्रतिशत	५.४	८.८	१०.९	११.०	११.३	११.७	के.त.वि.
अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान	प्रतिशत	३२.९	३१.७	३०.२	२९.५	२८.८	२८.४	के.त.वि.
अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान	प्रतिशत	१३.८	१५.५	१८.१	२०.९	२४.४	२८.०	के.त.वि.
अर्थतन्त्रमा सेवा क्षेत्रको योगदान	प्रतिशत	५३.३	५२.८	५१.७	४९.६	४६.८	४३.६	के.त.वि.
प्रतिव्यक्ति आय	अमेरिकी डलर	६०६	७१३	८२६	९४२	१०८४	११४७	के.त.वि.
बेरोजगारी दर	प्रतिशत	९.७	९	८.५	८	७	६	आ.मा.यो.म.

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/०७६	२०७६/०७७	२०७७/०७८	२०७८/०७९	२०७९/०८०	२०८०/०८१	सूचनाको स्रोत
गार्हस्थ्य उत्पादनको अनुपातमा कूल लगानी	प्रतिशत	—	३९.१४	४९.९२	५७.९०	६३.९९	७०.२७	आ.मा.यो.म.
गार्हस्थ्य उत्पादनको अनुपातमा निजी क्षेत्रको लगानी	प्रतिशत	—	५१.०८	६६.४१	७४.०१	८६.२४	९२.२९	आ.मा.यो.म.
गार्हस्थ्य उत्पादनको अनुपातमा वार्षिक बजेट	प्रतिशत	२८.८	३२.३	३४.१	३८.०७	४०	४२.५	आ.मा.यो.म.
पुँजीगत बजेट खर्च	प्रतिशत	१०.९	४२	६१	७२	८७	९९	आ.मा.यो.म.
चालु बजेट खर्च	प्रतिशत	१२	५५	६९	७२	८५	९९	
कूल बजेटमा राजश्वको अंश	प्रतिशत	१	१.५	४	६	८	१०	आ.मा.यो.म.
मूल्य अभिवृद्धि दर कृषि उद्योग सेवा	प्रतिशत	 ४.४ ९.६ ५.४	 ६.० २३.२ ८.८	 ८.० ३१.८ १०.९	 १३.० ३३.९ ११.०	 १५ ३७.५ ११.३	 १८ ३७.६ ११.७	आ.मा.यो.म.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/०७६	२०७६/०७७	२०७७/०७८	२०७८/०७९	२०७९/०८०	२०८०/०८१	सूचनाको स्रोत
निजी क्षेत्रको कूल लगानी	रु करोड	—	६६५४	९७९४	१२६३०	१७३५०	२२२४२	आ.मा.यो.म.
सहकारी क्षेत्रको कूल लगानी	रु करोड	—	६५१	७९९	१३६०	१४६५	१९२३	आ.मा.यो.म.
कूल बजेट खर्च	रु करोड	१०१६	१६३७	१९२३	२८००	३६५५	४७५२	आ.मा.यो.म.
कूल पुँजीगत खर्च	रु करोड	५४१	९१३	११७५	१८२५	२४३१	३०९०	आ.मा.यो.म.
आन्तरिक राजश्व सङ्कलन	रु करोड	२१	२७	३५	४५	६०	७५	आ.मा.यो.म.
बजेट घाटा	रु करोड		७५	—	—	—	—	आ.मा.यो.म.
आन्तरिक ऋण सङ्कलन	रु करोड	—	७५	—	८०	९०	१००	आ.मा.यो.म.
वैदेशिक अनुदान परिचालन	रु करोड	—	—	—	४	५	६	आ.मा.यो.म.

परिच्छेद : ५
पूर्वाधार क्षेत्र

५.१ यातायात पूर्वाधार

५.१.१ सडक

१. पृष्ठभूमि

प्रदेश समृद्धिको पहिलो प्राथमिकता यातायात पूर्वाधार क्षेत्र हो र त्यसमा पनि सडक प्रमुख रहेको छ । प्रदेशका बाँकी रहेका १९ स्थानीय तहका केन्द्रहरूलाई राष्ट्रिय सडक सञ्जालसँग जोड्नु पर्नेछ । सडक सञ्जालमा राजमार्ग र सहायक राजमार्ग गरी करिब ६६० कि.मी. सडक सञ्चालनमा रहेको र थप ६७२ कि.मी. सडक निर्माणाधीन अवस्थामा रहेको छ । जिल्ला सडक सञ्जाल करिब ३,१३२ कि.मी. भए पनि उक्त सञ्जालको लगभग आधा हिस्सा सुख्खा मौसममा मात्र सञ्चालन योग्य रहेको छ । छरिएका र जोखिममा रहेका बस्तीहरूमा सडक निर्माण गर्नुको सट्टा ती बस्तीहरूलाई एकीकृत र सुरक्षित बस्तीका रूपमा विकास गर्नु पर्नेछ । साविकका सडकहरूको उपयुक्त स्तरमा मर्मत-संभार, सुधार तथा पुनर्स्थापना गरी सडक यातायातलाई भरपर्दो र सुरक्षित बनाउन आवश्यक छ ।

२. प्रमुख समस्या

कठिन भू-बनोटका कारण सडक पूर्वाधार विकासको लागत बढी हुन जानु, आवश्यकता अनुसारको प्राविधिकहरू उपलब्ध नहुनु, नियमित मर्मत सम्भारको कमीका कारण निर्माण भएका सडकहरू टिकाउ हुन नसक्नु, निर्माण व्यसायीहरूको दक्षता तथा क्षमतामा समय सापेक्षित सुधार हुन नसक्नु, सडक यातायातको एकीकृत विकास नभई विभिन्न निकायहरूले आ-आफ्नै तवरबाट सडक बिस्तार गर्नु, गुरुयोजना बिना नै सडक बिस्तारको कार्य हुनु, निर्माण सामाग्रीहरूको सुनिश्चितता नहुनु, राष्ट्रिय, प्रदेश र स्थानीय तहको सडकलाई वर्गीकरण गरी जिम्मेवारी किटान नगरिएकाले योजना तर्जुमा, प्राथमिकीकरण, बजेट व्यवस्थापन र आयोजना सञ्चालनमा कठिनाई रहनु प्रमुख समस्याहरू हुन् ।

३. चुनौती तथा अवसर

ईन्जिनीयरिङ्ग डिजाईनको आधारमा मात्र सडक निर्माण गर्नु, जलवायु अनुकूलित सडक संरचना दिगो र भरपर्दो बनाउनु, सडक पूर्वाधार योजना तर्जुमा तथा कार्यान्वयनमा दक्ष जनशक्तिको व्यवस्था र परिचालन गर्नु, निर्मित भौतिक संचरनाहरूको मर्मत, सम्भारका लागि पर्याप्त स्रोत साधनको व्यवस्थापन गर्नु, छरिएर रहेका बस्तीहरूमा आधारभूत स्तरको सडक निर्माण तथा बिस्तार गर्नु, नयाँ निर्माण हुने सडक बाह्रै महिना भरपर्दो एवम् सुरक्षित बनाउनु, अपाङ्गमैत्री सडक पूर्वाधारको निर्माण गर्नु, सडक पूर्वाधारको कारणबाट हुने सडक दुर्घटनाको दर न्यूनीकरण गर्नु, सडक पूर्वाधार निर्माण तथा पुनर्स्थापना गर्दा प्राकृतिक प्रकोप जस्तै भू-कम्प, बाढी पहिरो आदिबाट न्यून क्षति हुने गरी निर्माण कार्य गर्नु, सडक र पुलहरूको निर्माण गर्दा वातावरणमैत्री सवारी साधन समेत गुड्न सक्ने बनाउनु प्रमुख चुनौतीको रूपमा रहेका छन् ।

संविधानको अनुसूचीमा प्रदेश लोकमार्ग प्रदेशको अधिकारभित्र राखिनु, सडक पूर्वाधार विकास सरकारको प्राथमिकतामा पर्नु, गुणस्तरीय सडक निर्माणको अत्याधिक माग र आवश्यकता रहनु, श्रममा आधारित सडक निर्माण कार्यबाट उल्लेख्य रूपमा रोजगारीको सिर्जना गर्नु, सडक वरिपरि रहेका बस्तीका नागरिकलाई आयआर्जनका कार्यक्रमहरू सञ्चालन गर्न सकिनु, यातायात पहुँचको बिस्तारबाट उत्पादनशील क्षेत्रमा लगानी बढ्नु, खाद्य र पोषण सुरक्षामा टेवा पुग्नु, जलविद्युत, पर्यटन तथा उद्योग क्षेत्रमा उल्लेख्य बिस्तार हुनु, सार्वजनिक सेवाप्रवाह प्रभावकारी हुनु र स्थानीय उत्पादन तथा तुलनात्मक लाभका वस्तुहरूको बजारसम्म सहज पहुँच हुनु जस्ता अवसरहरू विद्यमान छन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

दिगो, भरपर्दो र सुरक्षित सडक पूर्वाधार ।

४.२ लक्ष्य

प्राथमिकताका आधारमा गुणस्तरीय सडक सञ्जाल निर्माण गरी विकासको आधार खडा गर्ने ।

४.३ उद्देश्य

- सेवा सुविधा र बजारसम्मको पहुँच सुनिश्चित गर्नु,

- सडकमा आधारित अर्थतन्त्रलाई अभिवृद्धि गर्नु,
- रोजगारीको वृद्धि गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. गुरुयोजना तयार गरी प्राथमिकताका आधारमा सडक पूर्वाधार विकास कार्यक्रमहरू सञ्चालन गर्ने ।	क) प्रदेश राजधानीबाट जिल्ला सदरमुकाम र स्थानीय तहका केन्द्रहरूसम्म सडक निर्माण तथा स्तरोन्नति गरिनेछ । ख) सडकको वर्गीकरण र मापदण्ड तय गरी अपाङ्गमैत्री तथा वातावरणमैत्री सडक पूर्वाधारको निर्माण गरिनेछ । ग) अन्तरदेशीय, अन्तर प्रदेश र अन्तर जिल्ला जोड्ने प्रदेश रणनैतिक सडक निर्माणका लागि समन्वय, सहकार्य र सहजीकरण गरिनेछ । घ) सडक पूर्वाधारको विकाससँग सम्बन्धित सम्पूर्ण सूचनाहरूको पहुँचमा सहजता ल्याई संस्थागत कार्य प्रभावकारितालाई आधुनिकस्तरको बनाउनका लागि सूचना प्रविधिको अधिकतम प्रयोग मार्फत पूर्ण स्वचालित विद्युतीय पद्दति विकास गरिनेछ ।
२. सबै मौसममा सञ्चालन हुन सक्ने गरी सडक पूर्वाधारको विकास तथा बिस्तार गर्ने ।	क) सडक योजनाअनुसार मर्मत सम्भार र स्तरोन्नति गरिनेछ । ख) वायो ईन्जिनियरिङ्ग जस्ता उपयुक्त प्रविधिको उपयोग मार्फत जलवायु अनुकूलित हुने गरी भू-क्षय नियन्त्रण गरिनेछ । ग) पहिरो तथा विपद्का कारण सिर्जना हुने सडक अवरोधलाई न्यूनीकरण गरिनेछ ।
३. सुर्खेतबाट प्रदेश भित्रका आर्थिक केन्द्रहरू जोड्ने सडक निर्माण गर्ने ।	क) सङ्घीय सरकारको समन्वय र साझेदारीमा प्रदेश तथा अन्तर प्रदेश आर्थिक केन्द्रहरूलाई जोड्ने द्रुतमार्ग निर्माण गरिनेछ । ख) सडक निर्माण तथा स्तरोन्नतिमा सार्वजनिक, निजी, साझेदारी, इन्जिनियरिङ्ग प्रोक्योरमेन्ट कन्स्ट्रक्सन फाइनान्सिङ्ग (ई.पी.सि.एफ.) डिजाइन, बिल्ड, ओन, अपरेट एण्ड ट्रान्सफर (बुट बनाउने स्वामित्व ग्रहण गर्ने, सञ्चालन गर्ने र हस्तान्तरण गर्ने- BOOT) जस्ता आधुनिक करार सम्झौता अवलम्बन गरी गुणस्तरमा सुनिश्चितता कायम गरिनेछ ।

५. अपेक्षित उपलब्धि

प्रदेश यातायात गुरुयोजना तयार भएको हुनेछ । सबै जिल्ला सदरमुकाम र स्थानीय तहको केन्द्र राष्ट्रिय सडक सञ्जालसँग जोडिएका हुनेछन् । कालोपत्रे सडक कूल ५०० कि. मी. पुगेको हुनेछ । आधा घण्टाको समयभित्र सडक यातायातको पहुँच पुगेको जनसङ्ख्या ७५ प्रतिशत पुगेको हुनेछ ।

५.१.२ हवाई यातायात

१. पृष्ठभूमि

कर्णालीको हिमाली र पहाडी धरातलीय स्वरूप र भौगोलिक अवस्थितिको कारण प्रत्यक्ष सहज पहुँच कायम गर्न हवाई सेवाको महत्त्वपूर्ण भूमिका रहेको छ । यस प्रदेशको भौगोलिक विकटताले आन्तरिक हवाई सेवालाई अझ अपरिहार्य तुल्याएको अवस्था छ । हालसम्म प्रदेशमा ७ वटा विमानस्थल सञ्चालनमा छन् भने एउटा अझै सञ्चालनमा ल्याउन सकिएको छैन । प्रदेशको विकासमा टेवा पुऱ्याउन सुरक्षित, विश्वसनीय र सर्वसुलभ नागरिक उड्डयन सेवाको लागि आधुनिक प्रविधियुक्त पूर्वाधार र नियमित हवाई सेवा कर्णाली प्रदेशमा आवश्यक छ ।

२. प्रमुख समस्या

विमानस्थल पूर्वाधार तथा प्रविधि अपर्याप्त हुनु, बजारको माग र आवश्यकता बमोजिम आन्तरिक तथा बाह्य उडानका लागि पर्याप्त सङ्ख्यामा विमान नहुनु प्रमुख समस्याका रूपमा रहेका छन् ।

३. चुनौती तथा अवसर

हवाई यातायातलाई सुलभ, कम खर्चिलो तथा सहज यातायातको साधनको रूपमा विकास गर्नु, निजी क्षेत्रलाई प्रदेशको हवाई सेवा बिस्तारमा आकर्षित गर्नु, प्रदेशका विमानस्थलहरूलाई आर्थिक रूपले सक्षम हुने गरी सञ्चालन गर्नु प्रमुख चुनौती रहेका छन् ।

सुर्खेत विमानस्थल बिस्तार गरी चौबीसै घण्टा सञ्चालनमा ल्याउनु, कालिकोटमा रहेको सुनथराली विमानस्थल सञ्चालनमा ल्याउनु, सिमकोट, ताल्चा, जुम्ला, चौरजहारी, जुफाल र मुसीकोट विमानस्थलको स्तरोन्नति गर्नु, कर्णाली हवाई सेवा सञ्चालन गर्ने योजनामा रहनु जस्ता अवसर रहेका छन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

सुरक्षित र सर्वसुलभ हवाई यातायातको सुनिश्चितता ।

४.२ लक्ष्य

हवाई यातायात सेवाको पहुँच बिस्तार गर्ने ।

४.३ उद्देश्य

कर्णाली प्रदेशमा रहेका सबै विमानस्थलहरू बाह्रै महिना सञ्चालनमा ल्याई कर्णालीबासीको हवाई आवागमनलाई सर्वसुलभ र सुरक्षित तुल्याउनु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. सङ्घसँगको सहकार्यमा हवाई यातायातको सेवा बिस्तारका लागि पूर्वाधारहरूको विकासलाई प्राथमिकता दिने ।	क) सुर्खेत विमानस्थललाई बिस्तार गर्नुका साथै सबै विमानस्थलहरूलाई बाह्रै महिना सञ्चालन योग्य हुने गरी स्तरोन्नति गरिनेछ । ख) नियमित उडान हुन नसकेका विमानस्थलहरूको समस्या समाधान गरी नियमित उडान सञ्चालन गरिनेछ । ग) एक हिमाली अन्तर्राष्ट्रिय विमानस्थलको सम्भाव्यता अध्ययन गरिनेछ । घ) स्थानीय तहसँगको सहकार्यमा सबै वडामा एउटा हेलीप्याड निर्माण गरिनेछ ।
२. सङ्घसँगको समन्वयमा हवाई सेवालाई आधुनिक प्रविधियुक्त, सुरक्षित, गुणस्तरीय र विश्वसनीय बनाउने ।	क) विमानहरूको उडान सुरक्षा, अनुगमन र जाँच प्रणाली अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल बनाइनेछ । ख) कर्णाली हवाई सेवा स्थापना गरी सञ्चालनमा ल्याइनेछ । ग) निजी क्षेत्रका हवाई सेवा कम्पनीहरूलाई प्रोत्साहन गरिनेछ ।

रणनीति	कार्यनीति
३. हवाई सेवालाई सर्वसुलभ बनाउन सेवा प्रदायक निकायहरूलाई प्रतिस्पर्धी र प्रभावकारी बनाउने ।	क) प्रदेश राजधानीबाट काठमाडौं लगायत प्रदेशका सबै विमानस्थलहरूमा नियमित हवाई सेवा सञ्चालन गरिनेछ । ख) ठूलो यात्रु क्षमताका जहाज सञ्चालनमा ल्याउन प्रोत्साहित गरिनेछ ।

५. अपेक्षित उपलब्धि

सुर्खेत विमानस्थल बिस्तार तथा स्तरोन्नति भएर रात्रीकालीन उडान शुरु भएको हुनेछ । एक हिमाली अन्तर्राष्ट्रिय विमानस्थलको संम्भाव्यता अध्ययन भएको हुनेछ । सबै स्थानीय तहका वडाहरूमा हेलीप्याड निर्माण भएका हुनेछन् । आन्तरिक उडान गर्ने वायुसेवाहरूको सङ्ख्या बढेको हुनेछ ।

५.१.३ जलमार्ग

१. पृष्ठभूमि

जलमार्गको अवधारणा नेपालकै लागि एक नयाँ अवधारणा हो । यसको लागि आवश्यक पूर्वाधार विकास भइसकेको छैन । तथापि कर्णाली र भेरी जस्ता ठूला नदीहरू रहेको यस प्रदेशमा जलयात्राको संभावना रहेको छ । कर्णाली र भेरी कोरीडोरको जल यातायातलाई अन्य यातायात सेवासँग परिपूरक हुने गरी विकास गर्न सकिने देखिन्छ । जलमार्गबाट निर्यात हुने सामानहरूको ढुवानी अझ सुरक्षित, सहज, भरपर्दो र व्यवस्थित हुन सक्ने र ढुवानी मूल्य घट्न जाने थप सम्भावनाहरू देखा परेका छन् । जल यातायातलाई सुरक्षित, सहज र भरपर्दो यातायातको विकल्पका रूपमा विकास गर्न सकिए प्रदेशको प्रतिस्प्रर्धात्मक क्षमतामा वृद्धि हुने, व्यावसायिक खर्चमा कमी आउने, आन्तरिक पर्यटन वृद्धिमा टेवा पुग्न जाने तथा रोजगारीमा वृद्धि हुने देखिन्छ ।

२. प्रमुख समस्या

जलमार्ग यातायात नयाँ क्षेत्र भएकोले आवश्यक नीति नियमको अभाव हुनु, यस सम्बन्धी दक्षता तथा अनुभवको कमी हुनु, जलवायु परिवर्तनका कारण नदीहरूको पानीको मात्रामा घटबढ हुनु र आवश्यक पूर्वाधारको अभाव रहनु प्रमुख समस्या हुन्।

३. चुनौती तथा अवसर

जल यातायात सञ्चालनको लागि कानुनी व्यवस्था गरी निजी क्षेत्रसँगको सहकार्यमा जल यातायात सेवा सञ्चालन गर्नु, पूर्वाधार निर्माणको लागि लगानी जुटाउनु, आवश्यक प्रविधि र जनशक्तिको उत्पादन तथा व्यवस्थापन गर्नु प्रमुख चुनौती रहेका छन् ।

कर्णाली र भेरी नदीमा जल यातायात विकासको सम्भावना रहनु र पर्यटकीय जलयात्राको सञ्चालनमा निजी क्षेत्रको अभिरुचि रहनु प्रमुख अवसरहरू हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

वैकल्पिक यातायातको रूपमा जल यातायातको विकास ।

४.२ लक्ष्य

पर्यटन प्रवर्द्धन तथा यातायातलाई सहज बनाउने ।

४.३ उद्देश्य

कर्णाली र भेरी नदीलाई जलमार्गको रूपमा प्रयोग गरी उद्योग, व्यापार तथा पर्यटन लगायत प्रदेश अर्थतन्त्रमा योगदान पुर्याउनु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. यातायातलाई सहज बनाउन र पर्यटकहरूलाई आकर्षित गर्न जल यातायातको विकास गर्ने ।	क) सम्भाव्यता अध्ययन गरी सोही आधारमा जल यातायातको विकास गरिनेछ । ख) जल यातायातका लागि चाहिने पूर्वाधार निर्माण गरिनेछ। ग) पर्यटकीय विकाससँग जोडेर सम्भाव्य नदी र तालतलैयाहरूमा जल यातायात पूर्वाधारको व्यवस्था गरिनेछ ।
२. जल यातायात सेवा सञ्चालनका लागि निजी क्षेत्रलाई प्राथमिकता दिने ।	क) जल यातायात सेवा सञ्चालनका लागि निजी क्षेत्रलाई प्राथमिकता दिइनेछ । ख) सार्वजनिक-निजी साझेदारी अवधारणा अनुसार जल यातायात विकासका लागि आवश्यक पहल गरिनेछ ।

५. अपेक्षित उपलब्धि

प्रदेशमा जल यातायातको सम्भाव्यता अध्ययन भई जल यातायात मार्गको पहिचान भएको हुनेछ । कर्णाली र भेरी नदी तथा प्रमुख तालहरूमा जल यातायात सञ्चालनका लागि आवश्यक पूर्वाधार विकास भई व्यवस्थित रूपमा जल यातायातको शुरुवात भएको हुनेछ । प्रदेशमा जल यातायातका कारण पर्यटकहरूको अपेक्षित रूपमा वृद्धि भएको हुनेछ ।

५.१.४ विद्युतीय रेलमार्ग, रज्जुमार्ग र केबलकार

१. पृष्ठभूमि

रेल यातायात यात्रु सेवा तथा मालसामान ढुवानीका लागि सहज, सस्तो तथा भरपर्दो माध्यमका रूपमा चिनिन्छ । त्यस्तै स्वच्छ, सुरक्षित, द्रुत र किफायती मालसामान ढुवानी र आवागमनका लागि रज्जुमार्ग र केबलकारहरू पनि लोकप्रिय छन् । निकट भविष्यमा यस प्रदेशमा उत्पादन हुने जलविद्युतको उपयोग गरी छिमेकी प्रदेशहरू तथा मित्रराष्ट्रसँग जोड्ने गरी विद्युतीय रेल यातायात सेवा र प्रदेशभित्रको यातायातका लागि रज्जुमार्ग र केबलकारको सञ्जालहरू विकल्पका रूपमा विकसित गर्न सकिने सम्भावना देखिएको छ । स्वच्छ ऊर्जामा आधारित यातायातका यी विकल्पहरूबाट प्रदेशमा उत्पादन हुने विद्युत ऊर्जाको खपत हुने, प्रदेशको प्राकृतिक वातावरणलाई सन्तुलनमा राख्न सकिने, पर्यापर्यटनको विकास गर्न सकिने र प्रदेशको समग्र सामाजिक-आर्थिक समुन्नतिको मार्ग खुल्न सक्ने सम्भावनाहरू छन् । यस्तो महत्त्वपूर्ण सम्भावनायुक्त क्षेत्रको दीर्घकालीन सोचका साथ प्रारम्भिक चरणका कार्यहरूको थालनी यो योजना अवधिमा गरिनेछ ।

२. प्रमुख समस्या

हाल विद्युत ऊर्जाको अभाव हुनु, विद्युतीय रेल यातायात निर्माण र सञ्चालनको लागि प्रदेशको भूगोल कठिन हुनु, विद्युतीय यातायात देशकै लागि नयाँ भएकोले आवश्यक अनुभव, नीति नियम तथा प्राविधिक दक्षताको अभाव रहनु एवम् विद्युतीय रेल, रज्जुमार्ग र केबलकार विकासका लागि आवश्यक पर्ने ठूलो आर्थिक स्रोतको अभाव रहनु प्रमुख समस्याहरू हुन् ।

३. चुनौती तथा अवसर

विद्युतीय यातायात सञ्चालनका लागि पर्याप्त जलविद्युत उत्पादन गर्नु, आवश्यक लगानीको साथै विकास र सञ्चालनका लागि दक्ष प्राविधिक जनशक्तिको व्यवस्था गर्नु प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

निकट भविष्यमा प्रदेशको आफ्नै जलविद्युत उत्पादनबाट विद्युतीय रेल, रज्जुमार्ग तथा केबलकारहरू सञ्चालनन गर्न सकिने हुनु, रज्जुमार्ग तथा केबलकारहरूको विकास र सञ्चालनले लामो दुरीको मालसमान ढुवानी तथा यात्रु सेवा सञ्चालन गर्दा रेल यातायात तुलनात्मक रूपमा किफायती, सुरक्षित, भरपर्दो, द्रुत र वातावरणमैत्री हुनु, स्वच्छ विद्युतीय यातायातलाई कर्णालीको विशिष्ट पहिचानको रूपमा विकास गर्न सकिने सम्भावना हुनु र अन्तर प्रदेशीय एवम् अन्तर देशीय रेलमार्ग सञ्चालनका लागि छिमेकी मुलुकहरूसँग सहकार्य गर्न सकिने अवसरहरू रहेका छन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

वातावरणमैत्री विद्युतीय यातायात प्रणालीको विकास ।

४.२ लक्ष्य

वातावरणमैत्री र सुरक्षित विद्युतीय यातायातलाई भरपर्दो बैकल्पिक यातायातको रूपमा विकास गर्ने ।

४.३ उद्देश्य

रेल, रज्जुमार्ग तथा केबलकार सहित विद्युतीय यातायात प्रणालीको विकासका लागि आवश्यक आधारशीला तयार गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. विद्युतीय यातायात प्रणालीको विकासका लागि गुरुयोजना तयार गर्ने।	क) रेलमार्ग, रज्जुमार्ग तथा केबलकार जस्ता विद्युतीय यातायात प्रणालीको विकासका लागि सम्भाव्यता अध्ययन गरिनेछ । ख) सम्भाव्यता अध्ययनको आधारमा विद्युतीय यातायात प्रणालीको विकास र सञ्चालनको गुरुयोजना तयार गरिनेछ ।

रणनीति	कार्यनीति
२. विद्युतीय रेल, रज्जुमार्ग तथा केबलकार सेवा सञ्चालनको लागि पूर्वाधार र संस्थागत विकास गर्ने ।	क) रेल, रज्जुमार्ग र केबलकार सेवा सञ्चालन गर्न आवश्यक कानुनी, नीतिगत र संस्थागत व्यवस्था गरिनेछ । ख) विद्युतीय यातायात प्रणालीलाई आवश्यक पर्ने जलविद्युत उत्पादन, प्रसारण र वितरण प्रणालीको विकासमा विशेष जोड दिइनेछ । ग) सार्वजनिक—निजी साझेदारी अवधारणा अनुसार रेल, रज्जुमार्ग तथा केवलकार विकासका लागि आवश्यक पहल गरिनेछ ।

५. अपेक्षित उपलब्धि

उत्तर-दक्षिण विद्युतीय रेलमार्ग, रज्जुमार्ग तथा केबलकारको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन र गुरुयोजना तयार भई प्रारम्भिक कार्य सुरु भएको हुनेछ । प्रदेशमा विद्युतीय यातायात प्रणाली विकासका लागि कानुनी, नीतिगत तथा संरचनात्मक पूर्वाधार व्यवस्था भएको हुनेछ ।

५.१.५ यातायात व्यवस्थापन

१. पृष्ठभूमि

प्रदेशको यातायात व्यवस्थापन अझै पनि प्रारम्भिक अवस्था मै रहेको छ । नेपालको संविधानले परिकल्पना गरेको सुरक्षित, व्यवस्थित, समावेशी र अपाङ्गतामैत्री यातायात सुविधा नागरिकहरूलाई प्रदान गर्न अझै धेरै नै बाँकी छ । सार्वजनिक यातायातको क्षेत्रमा होस् वा निजी यातायात, यसको सञ्चालनमा धेरै समस्याहरू आएका छन् । ती समस्याहरूको समाधान गरी कर्णालीबासीहरूको यातायात सेवामा सरल, सहज र समान पहुँच सुनिश्चित गर्न आवश्यक भएको छ । यसका साथै प्रदेशको सडक यातायात सेवालाई सुरक्षित बनाउनु पर्ने हुन्छ । यस प्रदेशमा सडक, हवाई, जल तथा विद्युतीय यातायातका क्षेत्रमा अपेक्षित पूर्वाधारको विकास गर्न बाँकी छ । यसको समाधान गरी यातायात सेवा दिगो र भरपर्दो बनाउनु यस क्षेत्रको प्रमुख आवश्यकता हो ।

२. प्रमुख समस्या

सार्वजनिक यातायात सेवा पूर्ण रूपमा व्यवस्थित, सर्वसुलभ, सुरक्षित र भरपर्दो नहुनु, उचित मर्मत सम्भार नगरिएका पुराना सवारी साधन पनि यातायात सेवामा प्रयोग भई रहेकोले दुर्घटनाको जोखिम बढ्नुका साथै प्रदुषण बढ्नु, व्यावसायिक लाभका लागि कानुन विपरित एउटै चालकबाट धेरै लामो दुरीका सवारी सञ्चालन गरिनाले दुर्घटना बढ्नु, अत्याधिक भार बहनको कारण सडक छिट्टै बिग्रनु, ट्राफिक नियमको पूर्ण परिपालना नहुनु, सवारी साधनको परीक्षण गरिने आधुनिक साधनहरूको अभाव हुनु, गुणस्तरहीन सडक पूर्वाधारका कारण दुर्घटनाको जोखिम बढ्नु प्रमुख समस्या हुन् ।

३. चुनौती तथा अवसर

ट्राफिक नियमको पूर्ण परिपालना गराउनु, कमजोर सडकको अवस्था सुधार गर्नु, सडक दुर्घटना न्यूनीकरण गर्नु, अत्याधिक सङ्ख्यामा बढ्दै गएको सवारी साधनहरूको उचित नियमन तथा व्यवस्थापनका लागि जनशक्ति तथा स्रोत-साधनको कमी पुरा गर्नु, दीर्घकालीन यातायात व्यवस्थापन तथा सडक सुरक्षा रणनीति मार्फत सडक दुर्घटना न्यूनीकरण गर्नु, शहरी क्षेत्रमा बढ्दो निजी सवारी साधनको वैज्ञानिक व्यवस्थापन गर्नु प्रमुख चुनौतिका रूपमा रहेका छन्।

सार्वजनिक यातायात सेवा सञ्चालनमा निजी क्षेत्रको लगानी आकर्षित हुनु, यातायात व्यवस्थापनका क्षेत्रमा नयाँ-नयाँ प्रविधिको विकास हुनु, आम यातायातलाई जोड दिदै वृहत बस परिवहन प्रणाली प्राथमिकतामा पर्नु, ट्राफिक नियमवारे नागरिकहरूमा चेतना अभिवृद्धि हुनु अवसरको रूपमा रहेका छन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

यात्रु तथा वातावरणमैत्री यातायात सेवा ।

४.२ लक्ष्य

यातायात सेवालाई आधुनिक प्रविधिमा आधारित सुरक्षित, सर्वसुलभ र भरपर्दो बनाउने ।

४.३ उद्देश्य

- आवागमन तथा ढुवानीलाई सहज बनाउनु ।

- यातायात सेवालाई आधुनिक प्रविधिमा आधारित अपाङ्गमैत्री, लैंगिक तथा जेष्ठ नागरिकमैत्री बनाउनु।
- यातायात सेवालाई नियमित, सुरक्षित, सर्वसुलभ र भरपर्दो बनाउनु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. यातायात व्यवस्थापनका लागि नीतिगत तथा संस्थागत सुधार गर्ने ।	क) यातायात व्यवस्थापन सम्बन्धी कानुनहरूमा समय सापेक्षित सुधार गरिनेछ । ख) यातायात व्यवस्थापनका लागि डिजिटल सर्भिलेन्स, ट्राफिक लाइट लगायतका आधुनिक प्रविधिको प्रयोग गरिनेछ । ग) विद्युतीय सवारी साधनको प्रयोगलाई प्राथमिकता दिइनेछ । घ) यातायात सेवालाई अपाङ्गमैत्री, लैंगिक तथा जेष्ठ नागरिकमैत्री बनाइनेछ । ङ) यातायात क्षेत्रमा सङ्लग्न जनशक्तिलाई क्षमता विकास र व्यवहार सुधार तालिम सञ्चालन गरिनेछ । च) सडकको अवस्था एकीन गरेर मात्र सवारी साधन सञ्चालनको रुट अनुमति दिइनेछ ।
२. यातायात क्षेत्रको नियमनलाई प्रभावकारी बनाउने ।	क) दुर्घटनालाई न्यूनीकरण गर्न सवारी साधनहरूको नियमित परीक्षण तथा सडक दुर्घटना सूचना प्रणालीको अवलम्बन गरी यातायात अनुगमनलाई प्रभावकारी बनाइनेछ । ख) सवारी साधनको परीक्षणको लागि निजी क्षेत्रबाट समेत सवारी जाँचपास केन्द्र तथा सवारी परीक्षण कार्यालय स्थापना गरिनेछ । ग) यातायात अनुगमनमा आधुनिक प्रविधिको समेत प्रयोग गरी यातायातबाट उत्सर्जन हुने प्रदुषणलाई कम गर्दै लगिनेछ । घ) राजधानीको यातायात व्यवस्थालाई व्यवस्थित गर्न स्थानीय नगरपालिकासँग सहकार्य गरिनेछ । ङ) सार्वजनिक यातायात सञ्चालनमा स्थानीय तह तथा सहकारी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्दै निजी क्षेत्रलाई प्रभावकारी नियमन गरिनेछ ।

५. अपेक्षित उपलब्धि

प्रदेशको यातायात व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग भई यातायात सेवा सहज, सरल र भरपर्दो भएको हुनेछ । सडक दुर्घटनामा अपेक्षित रूपमा कमी आएको हुनेछ । प्रदेशमा सवारी परीक्षण कार्यालय स्थापित भई सञ्चालनमा आएको हुनेछ ।

५.२ ऊर्जा

५.२.१ जलविद्युत

१. पृष्ठभूमि

कर्णाली, तिला र भेरी नदीमा गरिएको सम्भाव्यता अध्ययनअनुसार जलविद्युत उत्पादन क्षमता करिव १८,००० मेगावाट रहे तापनि कर्णाली प्रदेशबाट हालसम्म ८.२५ मेगावाट जलविद्युत मात्र राष्ट्रिय ग्रीडमा आवद्ध छ । जलविद्युत सेवाको पहुँच प्रदेशको २८ प्रतिशत जनतामा मात्र पुगेको छ । अतः प्रदेशको सबै घरधुरीमा विद्युत सेवाको पहुँच पुऱ्याउन, कृषि, उद्योग र सेवा क्षेत्रमा बढ्दै गएको मागलाई सम्बोधन गर्न एवम् विद्युतमा आत्मनिर्भर भई निर्यात समेत गर्न प्रदेशको अपार जलविद्युत क्षमतालाई सदुपयोग गर्न आवश्यक छ ।

२. प्रमुख समस्या

जलविद्युत आयोजनाहरूको सम्भावित समग्र योजनाहरूको अध्ययन हुन नसक्नु, अध्ययन भएका योजनाहरू पनि कार्यान्वयनमा ढिलाई हुनु, विद्युतको माग पुरा हुन नसक्नु, विद्युत आपुर्ति भरपर्दो र गुणस्तरीय नहुनु, प्रसारण तथा वितरण लाईन निर्माणका योजनाहरू अपेक्षित रूपमा अगाडि बढ्न नसक्नु प्रमुख समस्याहरू हुन् ।

३. चुनौती तथा अवसर

उच्च दरमा बढ्दै गईरहेको विद्युत माग पुरा गर्न प्रदेशले नेपाल सरकारसँगको समन्वयमा जलविद्युत आयोजनाहरू शुरु गर्नु, सम्पूर्ण कर्णालीबासीको स्वामित्व हुने गरी लगानी सुनिश्चित गर्नु, सहज रूपमा लगानी व्यवस्थापन गर्नु, जलविद्युत एवम् प्रसारण लाइन आयोजनाहरूका निर्माणको लागि आवश्यक पर्ने जग्गा र सडकको क्षेत्राधिकार उपलब्ध गर्नु, आयोजनाहरू समयमै र अपेक्षित लागतमा सम्पन्न गर्नु प्रमुख चुनौतीहरू हुन् ।

वर्षैभरि निरन्तर बगिरहने हिम नदीहरूबाट प्रशस्त जलविद्युत उत्पादन गर्न सकिनु, जलविद्युतलाई आर्थिक विकासको मेरुदण्डको रूपमा प्रदेश सरकारद्वारा पहिचान हुनु, ऊर्जा क्षेत्र प्राथमिकतामा परी स्वदेशी तथा विदेशी लगानीको महत्त्वपूर्ण क्षेत्रको रूपमा चिनिनु, उत्पादित विद्युतका लागि आन्तरिक र वाह्य बजार उपलब्ध हुनु, स्थानीयवासीको जलविद्युत आयोजनामा शेयर लगानी गर्न रुची बढ्नु र औद्योगिकीकरण एवम् आर्थिक गतिशीलता र कृषि क्षेत्रको आधुनिकीकरणले जलविद्युत क्षेत्र आर्थिक रुपान्तरणको सम्वाहकको रूपमा पहिचान हुनु प्रमुख अवसरहरू हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

जल विद्युतको उत्पादन तथा उपयोगबाट समृद्धि ।

४.२ लक्ष्य

जल विद्युतको उत्पादन गरी तीव्र आर्थिक विकास गर्ने ।

४.३ उद्देश्य

जल विद्युतको उत्पादन र वितरणबाट कृषि, उद्योग र सेवा क्षेत्रको विकास गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. सङ्घसँगको समन्वयमा ठूला जलविद्युत आयोजनाहरू निर्माणका लागि आवश्यक पर्ने नीति नियम निर्माण गरी लगानी जुटाउन पहल गर्ने ।	क) जलविद्युत आयोजनाहरूका लागि आवश्यक पर्ने नीति, नियम तथा संरचनाहरूको व्यवस्था गरिनेछ । ख) वातावरणीय अध्ययन एवम् विस्तृत आयोजना प्रतिवेदनका आधारमा प्राथमिकता अनुसार कार्यान्वयन गरिनेछ । ग) विद्युत खरिद सम्झौता भई निर्माणमा रहेका जलविद्युत आयोजनाहरूलाई समयमै सम्पन्न गर्न लगानीको लागि पहल गरिनेछ । घ) भौतिक पूर्वाधार विकास मन्त्रालय, विद्युत प्राधिकरण र अन्य सरोकारवालाहरूको एकिकृत कार्ययोजना बनाइनेछ ।

रणनीति	कार्यनीति
२. विद्युत उत्पादनलाई राष्ट्रिय प्रसारण ग्रीडमा प्रवाह गर्न प्रसारण लाइनहरू निर्माण गर्ने ।	ङ) उत्पादित विद्युतलाई वितरण लाइनसँग जोड्न र राष्ट्रिय ग्रीडमा प्रवाह गराउन आन्तरिक प्रसारण लाइन निर्माण गरिनेछ । च) विद्युत वितरण प्रणालीलाई भरपर्दो र विश्वसनीय बनाउन क्रमिक रूपमा वितरण प्रणाली स्वचालन एवम् स्मार्ट ग्रीड बनाउदै लगिनेछ । छ) एकीकृत जलस्रोत तथा ऊर्जा विकास योजना तयार गरी आवश्यक कार्यान्वयनका लागि लगानी सुनिश्चित गरिनेछ ।
३. प्रदेश सरकारको अगुवाइमा प्रदेशस्तरीय जलविद्युत आयोजनाहरू सञ्चालन गर्ने ।	क) प्रदेशस्तरीय जलविद्युत आयोजनाहरू निर्माणका लागि स्थानीय तह, निजी क्षेत्र र स्थानीय नागरिक तथा गैरआवासीय नेपाली नागरिकलाई शेयर लगानी गर्ने अवसर उपलब्ध गराइनेछ । ख) आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि प्रदेश तथा जिल्ला ऊर्जा समन्वय समिति गठन गरिनेछ । ग) विद्युत आयोजनाहरूको उत्पादन समिश्रणका लागि जलप्रवाहमा आधारित आयोजनाको साथै जलाशययुक्त तथा पम्प स्टोरेज सिद्धान्तका आधारमा विद्युत उत्पादन कार्य अगाडि बढाइनेछ। घ) निजी क्षेत्र समेतको सहभागितामा विद्युतबाट सञ्चालित सवारी साधनको प्रवर्द्धन गर्न आवश्यक चार्जिङ्ग स्टेशनहरू स्थापना गरिनेछ ।

५. अपेक्षित उपलब्धि

विद्युतीय पहुँच प्राप्त परिवार ९० प्रतिशत पुगेको हुनेछ । विद्युत उत्पादन २०० मेगावाट पुगेको हुनेछ । आवश्यक प्रसारण लाइनहरूको बिस्तार भएको हुनेछ ।

५.२.२ वैकल्पिक ऊर्जा

१. पृष्ठभूमि

वैकल्पिक र नवीकरणीय ऊर्जाको क्षेत्रमा भएको नवप्रवर्तन र प्रगतिबाट प्रदेशले फाइदा लिन सकिने देखिएको छ । हाल प्रदेशको कूल ऊर्जा खपतमा वैकल्पिक

ऊर्जाको योगदान ३९.५ प्रतिशत रहेको छ जसमा लघु जल विद्युतबाट ४.९८४ मेगावाट र जडित सौर्य ऊर्जाबाट ३.८ मेगावाट हुन आउँछ । वैकल्पिक ऊर्जाको उपयोगबाट छरिएर रहेका गाउँ बस्तीहरूलाई उज्यालो पार्नुका साथै नागरिकहरूको ऊर्जाको आवश्यकता सुपथ र सुलभ रूपमा पूरा गर्न सकिन्छ । प्रदेश सरकारले नेपाल सरकार र स्थानीय तहसँगको सहकार्यमा वैकल्पिक ऊर्जाको प्रवर्द्धन र विकास गरी प्रदेशको ऊर्जाको आवश्यकतालाई पुरा गर्नेछ ।

२. प्रमुख समस्या

वैकल्पिक ऊर्जामा लगानी गर्न सरकारी स्रोत साधनको अभाव हुनु, लगानीका लागि निजी क्षेत्र दुर्गम, ग्रामीण भेगसम्म पुग्न नसक्नु, वैकल्पिक ऊर्जा प्रविधि प्रवर्द्धन तथा प्रयोग गर्न प्रदेश तथा स्थानीय तहमा क्षमताको कमी हुनु, वैकल्पिक ऊर्जा घरायसी आवश्यकता परिपूर्तिमा मात्र सीमित रहनु प्रमुख समस्याहरू हुन् ।

३. चुनौती तथा अवसर

यस प्रदेशको करिव ९४.५ प्रतिशत घरधुरीमा खाना पकाउने प्रयोजनका लागि प्रयोग हुने परम्परागत ऊर्जाका स्रोतलाई वैकल्पिक ऊर्जाले प्रतिस्थापन गर्नु, वैकल्पिक ऊर्जा विकासका लागि आवश्यक पर्ने ठूलो आर्थिक स्रोत साधनको व्यवस्था गर्नु तथा वैकल्पिक ऊर्जा प्रविधिबाट ऊर्जा उत्पादन, उपयोग र व्यवस्थापनका लागि तीनै वटै तहको आपसी सहकार्य र समन्वय गर्नु चुनौतीहरू हुन् ।

ऊर्जाको माग र उपयोग बढ्दै जानु, कर्णालीको भूगोल तथा छरिएका बस्तीहरूको लागि वैकल्पिक ऊर्जा सहज हुनु, प्रदेशमा वैकल्पिक ऊर्जा विकासको ठूलो सम्भावना रहनु अवसरहरू हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

वैकल्पिक ऊर्जा विकास मार्फत ऊर्जामा पहुँच बिस्तार ।

४.२ लक्ष्य

वैकल्पिक ऊर्जाको उत्पादन बढाई स्वच्छ ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने ।

४.३ उद्देश्य

न्यून कार्वन उत्सर्जन गरी वातावरण संरक्षण तथा दिगो विकासमा टेवा पुऱ्याउनु।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. वैकल्पिक ऊर्जाको विकास र बहुउपयोग वृद्धि गर्ने ।	क) वैकल्पिक ऊर्जाको उपयोगको प्रवर्द्धन, विकास एवम् बिस्तार गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । ख) वैकल्पिक ऊर्जालाई अस्पताल, विद्यालय, पर्यटकीय स्थल, पदमार्ग आदिमा आधारभूत ऊर्जाको भरपर्दो स्रोतका रूपमा विकास गरिनेछ । ग) वैकल्पिक ऊर्जालाई कृषि व्यवसाय, उद्योग कलकारखाना आदिमा विकास तथा बिस्तार गरिनेछ। घ) वैकल्पिक ऊर्जा प्रयोग गरी लघु तथा साना उद्यमहरूको प्रर्वद्धन गरिनेछ । ङ) सर्भे र निर्माणका लागि लाइसेन्स लिने व्यवस्थामा सहज तुल्याइनेछ । च) बैकल्पिक ऊर्जा आयोजनाहरूको दिगो सञ्चालनका लागि आवश्यक व्यवस्था गरिनेछ ।
२. स्थानीयवासीमा वैकल्पिक ऊर्जाको विकास र प्रयोगको लागि क्षमता अभिवृद्धि गर्ने ।	क) स्थानीय तहहरूलाई वैकल्पिक ऊर्जाको विकासका लागि क्षमता अभिवृद्धि एवम् स्रोत परिचालन गर्न सहयोग गरिनेछ । ख) जैविक स्रोतको उपयोगबाट ऊर्जा उत्पादन गर्नका लागि आवश्यक प्रविधि र प्रणालीहरूको प्रवर्द्धन र बिस्तार गरिनेछ । ग) कृषि तथा पशुपन्छीबाट उत्पादित जैविक पदार्थ/फोहोरको उपयोग गरी ठूला क्षमताका वायोग्याँस प्लान्ट स्थापनाका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

५. अपेक्षित उपलब्धि

वैकल्पिक ऊर्जाको माध्यमबाट कृषि व्यवसाय तथा उद्योग कलकारखानाको विकास तथा बिस्तार भएको हुनेछ । राष्ट्रिय प्रसारण लाइन सम्भव नभएको सवै गाउँबस्तीमा वैकल्पिक ऊर्जाको विकासबाट उज्यालो पुगेको हुनेछ । वैकल्पिक ऊर्जाको विकासबाट कार्वन उत्सर्जन न्यूनीकरण भई लाभान्वित घरधुरीहरूमा स्वच्छ ऊर्जाको पहुँच पुगेको हुनेछ ।

५.३ गाउँ-शहर, बस्ती विकास

१. पृष्ठभूमि

कर्णाली प्रदेशमा अधिकांश ग्रामीण बस्तीहरू हुनु, प्रायः बस्तीहरू छरिएर रहनु र केही शहर र सहरोन्मुख बस्तीहरू हुनुले गाउँ-शहर तथा बस्तीलाई आधुनिकीकरण गर्दै **समृद्ध कर्णाली-सुखारी कर्णालीवासी**को सपनालाई साकार पार्नु छ । एक्काइसौं शताब्दीको आधुनिक सुविधा र मौलिक विशेषता सहितको गाउँ, शहर र बस्तीको विकास हुन बाँकी रहेको, आधुनिक आवासका सुविधाहरूको अभाव रहेको तथा एकीकृत बस्तीहरूको पनि विकास प्रारम्भ भई नसकेको हुँदा यस क्षेत्रमा विशेष पहल र लगानीको आवश्यकता रहेको छ । आधुनिक पूर्वाधारयूक्त, व्यवस्थित, मनोरम गाउँ, शहर र बस्तीको निर्माण गर्नुका साथै आधुनिक आवास तथा एकीकृत बस्तीहरूको विकास गर्नु पर्नेछ । यस्ता शहर एवम् मानव बस्तीको विकास गर्दा भूकम्पीय जोखिम बढी भएकाले भूकम्प प्रतिरोधी प्रविधिको प्रयोग गरी गाउँ, शहर तथा बस्तीलाई सुरक्षित बनाउनु पर्नेछ ।

२. प्रमुख समस्या

बढ्दो जनसङ्ख्यालाई विचार गरी योजनाबद्ध रूपमा गाउँ, शहर तथा बस्तीहरूको विकास हुन नसक्नु, एकीकृत बस्ती विकासको अवधारणाले मूर्तरूप लिन नसक्नु, भएका गाउँ बस्तीमा आधारभूत सेवा सुविधा नहुनु, आधुनिक सुरक्षित आवासको ठूलो अभाव रहनु, मौजुदा शहरी क्षेत्रमा बसाइँसराइको चाप अत्याधिक हुनु र गाउँ, शहर तथा बस्तीको विकास गर्ने निकायहरूबीच आपसी समन्वय हुन नसक्नु प्रमुख समस्या हुन् ।

३. चुनौती तथा अवसर

बढ्दो जनसङ्ख्या र बसाइँसराइलाई धान्न सक्ने गरी द्रुत रूपमा व्यवस्थित गाउँ, शहर तथा बस्तीको विकास गर्नु, सम्बन्धित निकायहरूबीच समन्वय कायम गर्नु,

छरिएर रहेका बस्तीहरूलाई आधुनिक एकीकृत बस्तीका रूपमा विकास गर्नु, सबैलाई सुविधा सम्पन्न आवासको व्यवस्था गर्नु चुनौतीका रूपमा रहेका छन् ।

गाउँ, शहर तथा बस्ती विकासका लागि निजी क्षेत्रको लगानीको शुरुआत हुनु, सुरक्षित आवास निर्माणमा नागरिकहरूको सचेतना बढ्नु, शहरी तथा एकीकृत बस्ती विकासका लागि विकासका साझेदारहरूको अभिरुची रहनु तथा नयाँ निर्माण गरिने गाउँ, शहर तथा बस्तीहरूमा मौलिक पहिचान र आधारभूत सुविधा सहित योजनाबद्ध विकास गर्न सकिने हुनु अवसर हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

समृद्धि र सुखका लागि आधारभूत सुविधा सहितको गाउँ-शहर तथा बस्तीको विकास ।

४.२ लक्ष्य

मौलिक विशेषता सहितको आधुनिक गाउँ-शहर तथा एकीकृत बस्ती विकास गर्ने ।

४.३ उद्देश्य

एकीकृत रूपमा आधुनिक सेवा सुविधा सहित सुरक्षित, वातावरणमैत्री र व्यवस्थित गाउँ, शहर तथा एकीकृत बस्तीको निर्माण गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. नेपाल सरकार र स्थानीय तहसँग समन्वय गरी प्रदेश राजधानी वीरेन्द्रनगरका साथै थप नयाँ शहरहरूको विकास गर्ने ।	क) व्यवस्थित शहर तथा बस्तीहरूको विकासका लागि मापदण्डहरू विकास गरी कार्यान्वयन गरिनेछ । ख) नेपाल सरकार र स्थानीय तहसँग समन्वय गरी सबै जिल्ला सदरमुकाम र नगरपालिकाहरूमा योजनाबद्ध रूपले आधुनिक सेवा सुविधाहरू बिस्तार गरी शहरहरूको विकास गरिनेछ । ग) आर्थिक-व्यापारिक केन्द्रको रूपमा प्रत्येक जिल्लामा कम्तीमा एउटा पर्ने गरी थप नयाँ शहर विकास गरिनेछ ।

रणनीति	कार्यनीति
	घ) प्रदेश राजधानी सुर्खेत सहित छानिएका केही शहरहरूलाई स्मार्ट शहरका रूपमा विकास गरिनेछ।
२. सेवा सुविधा सहितको सुखारी ग्रामीण बस्तीहरू विकास गर्ने ।	क) व्यवस्थित गाउँ तथा बस्तीहरूको विकासका लागि उपयुक्त मापदण्डहरू विकास गरी कार्यान्वयन गरिनेछ। ख) गाउँपालिकाका केन्द्रहरूलाई पूर्वाधार र सेवाहरूको व्यवस्था गरी एकीकृत सुखारी बस्तीको रूपमा विकास गरिनेछ । ग) छरिएका तथा जोखिममा रहेका बस्तीहरूलाई उपयुक्त ठाउँमा स्थानान्तरण गरी आधारभूत सेवा सुविधा सहित सुखारी एकीकृत बस्तीको रूपमा विकास गरिनेछ । घ) प्रदेश भरी रहेका भौगोलिक रूपमा विकट र विपद्को उच्च जोखिमयुक्त स्थान नजिकको असुरक्षित बस्ती पहिचान गरी स्थानान्तरण गरिनेछ।
३. सीमान्तकृत जातजाति तथा समुदाय एवम् विपद्को उच्च जोखिममा रहेकाहरूका लागि आवासको व्यवस्था गर्ने ।	क) अति विपन्न, लोपोन्मुख र अति सीमान्तकृत जातजाति, समुदाय र सुकुम्वासीको लागि सुरक्षित र किफायती आवास उपलब्ध गराइनेछ । ख) शारीरिक अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत विपद्को उच्च जोखिममा रहेका व्यक्तिका लागि विशेष सामाजिक आवासको विकास गरिनेछ।

५. अपेक्षित उपलब्धि

गाउँ, शहर र एकीकृत बस्ती विकासका लागि मापदण्ड सहितको गुरुयोजना तयार गरी लागु भएको हुनेछ । प्रदेशभित्र विकास गर्न सकिने नयाँ शहरहरूको पहिचान गरी शहरी विकासको कार्य प्रारम्भ भएको हुनेछन् । कर्णाली प्रदेशमा कम्तीमा दशवटा एकीकृत बस्ती विकास भएको हुनेछ । आवास भवनहरूको निर्माण गरी आवास विहीनहरूलाई वितरण गरिएको हुनेछ ।

५.४ सिँचाइ

१. पृष्ठभूमि

कर्णाली प्रदेशको खेती योग्य जमीनको १५.५ प्रतिशतमा मात्र वर्षैभरि सिँचाइ सुविधा उपलब्ध छ । हिमाली र उच्च पहाडी भू-भाग बढी केही न्यून मात्रामा भए पनि भित्री मधेश रहेको यस प्रदेशमा परम्परागत सतह सिँचाइबाट जम्मा ३० हजार ३९६ हेक्टर जमीनमा मात्र परम्परागत सिँचाइ सेवा उपलब्ध हुनसक्ने देखिन्छ भने थप ६९,५९७ हेक्टर जमिनमा लिफ्ट सिँचाइ प्रणाली मार्फत सिँचाइ सेवा उपलब्ध गराउनु पर्ने देखिन्छ । हालका दिनमा परम्परागत सिँचाइ प्रणालीको मर्मत-सम्भार तथा नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणालीको माध्यमबाट सिंचित कृषि क्षेत्रको बिस्तार हुदै आइरहेको छ । योजना अवधिमा सिँचाइ हुन बाँकी खेती भइरहेका तथा खेतीयोग्य जमीनलाई हिमाली क्षेत्रको हकमा हिउँ सङ्कलन पोखरी, पहाडी भूमिगत जलस्रोतको उपयोग तथा सवै स्थानमा वर्षातको पानी सङ्कलन पोखरी, मूलको पानी सङ्कलन पोखरी जस्ता वैकल्पिक उपायहरू मार्फत सिँचाइ सेवा उपलब्ध गराई कृषि उत्पादनमा वृद्धि गर्नेतर्फ प्रयास केन्द्रित रहनेछ ।

२. प्रमुख समस्या

सिँचाइ सुविधा पुगिसकेका खेती भइरहेका खेतीयोग्य जमिनमा पनि मानव बस्ती विकास हुन थाल्नु, निर्माण सम्पन्न भएर सञ्चालनमा आएका आयोजनाहरू पनि नियमित मर्मत संभारको अभावमा जीर्ण हुँदै जानु, अपेक्षाकृत ठूला सिँचाइ आयोजनाहरू समय मै सम्पन्न हुन नसक्नु, सिँचाइ प्रणालीको व्यवस्थापनमा प्रभावकारिता नदेखिनु, वैकल्पिक सिँचाइका सम्भावनाहरूको यथेष्ट उपयोग हुन नसक्नु तथा सिँचाइका लागि पानीको किफायती प्रयोग हुन नसक्नु प्रमुख समस्याहरू हुन् ।

३. चुनौती तथा अवसर

आवश्यकता बमोजिमका आयोजनाहरू समयमै सम्पन्न हुने गरी अघि बढाउनु, जनसहभागिता जुटाई सम्पन्न आयोजनाहरूलाई दिगो रूपमा सञ्चालन गर्नु, सिँचाइमा नयाँ प्रविधिहरूको प्रयोग गर्नु, सिँचाइ सुविधा पुगिसकेका कृषि भूमिलाई खण्डीकरण हुनबाट रोकी अन्य कार्यमा प्रयोग हुन नदिनु, ठूला सिँचाइ आयोजना सञ्चालन गर्नका लागि आवश्यक लगानी जुटाउनु, आयोजनाहरूमा हुन सक्ने जोखिमको आङ्कलन गरी उपयुक्त व्यस्थापन गर्नु प्रमुख चुनौतीहरू हुन् ।

भूमि व्यवस्थापन गर्नेतर्फ तीनै तहका सरकारहरूको ध्यान जानु, सामुहिक सिँचाइ पद्दतिको बलियो परम्परा रहनु, दक्ष जनशक्तिको वृद्धि हुँदै जानु, सिँचाइका नयाँ प्रविधिहरू उपलब्ध हुँदै जानु र लगानीका लागि विकास साझेदारहरूको रुचि बढ्दै जानु अवसरहरू हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

दिगो सिँचाइ व्यवस्थापनबाट कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि ।

४.२ लक्ष्य

कृषियोग्य भूमिमा वाह्रैमास सिँचाइ सुविधा उपलब्ध गराउने ।

४.३ उद्देश्य

परम्परागत तथा आधुनिक सिँचाइ प्रविधिको उपयोग गरी अधिकतम् कृषियोग्य भूमिमा सिँचाइ सुविधा उपलब्ध गराउनु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. सिँचाइ विकासको नीति तथा गुरुयोजना तयार गर्ने ।	क) सिँचाइ सम्बन्धी विद्यमान नीतिहरूमा आवश्यक परिमार्जन गरी जनशक्ति तथा साङ्गठनिक क्षमता अभिवृद्धि गरिनेछ । ख) प्रदेश सिँचाइ विकासको गुरुयोजना तयार गरी सो अनुसार सम्भाव्य साना तथा मझौला सिँचाइ आयोजना प्राथमिकीकरणका आधारमा निर्माण गरिनेछ । ग) स्थानीय तहबाट सम्भव हुने सिँचाइ आयोजनाहरू निर्माण गर्न स्थानीय तहहरूसँग समन्वय गरिनेछ । घ) कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न समन्वयात्मक रूपमा एकीकृत बाली तथा जल व्यवस्थापनमा जोड दिइनेछ ।
२. सिँचाइमा नयाँ प्रविधिको प्रयोग गर्ने ।	क) पानीको स्रोत न्यून हुने तथा वर्षैभरि सिँचाइ उपलब्ध हुन नसक्ने क्षेत्रमा सिँचाइ सेवा पुऱ्याउन आकाशे पानी तथा हिमपानी सङ्कलन, भण्डारण गर्नुका साथै ताल तलैया संरक्षण गरी थोपा, फोहोराजस्ता सिँचाइ प्रविधि समेत उपयोग गरिनेछ ।

रणनीति	कार्यनीति
	ख) नदी किनारमा रहेका समथर टार तथा ज्युलाहरूमा सोलार तथा इलेक्ट्रिक पावर जस्ता उपयुक्त प्रविधि प्रयोग गरी लिफ्ट सिँचाइ प्रणालीको विकास गरिनेछ । ग) पहाडी भूमिगत सिँचाइ प्रणालीको विकास गरी सिँचाइ सुविधामा बिस्तार गरिनेछ । घ) अन्तर जलाधार क्षेत्र पथान्तरण आयोजनाको सम्भाव्यता खोजिनेछ ।
३. सिँचाइ प्रणालीको दिगो व्यवस्थापन एवम् मर्मत सम्भार सुनिश्चित गर्ने।	क) सिँचाइ प्रणालीलाई टिकाई राख्न नियमित मर्मत सम्भार तथा दिगो व्यवस्थापन र उपयोग सुनिश्चित गर्न उपभोक्ताहरूलाई सहभागी गराइनेछ । ख) परम्परागत स्थानीय, सामुदायिक सिँचाइ व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ । ग) सम्पन्न भएका सिँचाइ आयोजना सञ्चालन तथा मर्मत सम्भारको लागि मर्मत सम्भार कोषको सुनिश्चितता गरिनेछ ।

५. अपेक्षित उपलब्धि

नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणालीको विकाससँगै थप २५ हजार हेक्टर भूमिमा भरपर्दो सिँचाइ सेवा उपलब्ध हुनेछ । बर्षैभरि भरपर्दो सिँचाइ सुविधा ३३ प्रतिशत सिँचाइ योग्य भूमिमा पुगेको हुनेछ । प्रदेशको खाद्य सुरक्षाको अवस्था सुनिश्चित भएको हुनेछ ।

५.५ खानेपानी तथा सरसफाइ

१. पृष्ठभूमि

मानव जीवनको लागि अत्यावश्यक सेवामा पर्ने खानेपानी तथा सरसफाइ सेवा मध्ये हालसम्म यस प्रदेशमा आधारभूत खानेपानी सुविधामा ८६.२ प्रतिशत जनसङ्ख्याको पहुँच पुगिसकेको छ । कर्णाली प्रदेशका सबै जिल्ला खुला दिसामुक्त घोषणा भई आधारभूत सरसफाइ सुविधाको उपयोग गरीरहेका छन् । नागरिकलाई नेपालको संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेको सेवाहरू सुनिश्चित गर्नको लागि खानेपानी तथा सरसफाइ सुविधा दिगो, भरपर्दो, पहुँचयोग्य, सर्वसुलभ हुन जरुरी छ ।

यसरी दिगो र भरपर्दो आधारभूत खानेपानी तथा सरसफाइ सुविधा पुऱ्याउने राष्ट्रिय लक्ष्यका साथै दिगो विकास लक्ष्य हासिल गर्न यस प्रदेशले धेरै प्रयास गर्नु पर्ने देखिन्छ ।

२. प्रमुख समस्या

पानीको स्रोतको कमीका कारण शहरमा बढदै गरेको जनसङ्ख्याको मागअनुसार पर्याप्त आधारभूत खानेपानी सुविधा उपलब्ध गराउन नसकिनु, ग्रामीण बस्तीहरूमा रहेको आधारभूत खानेपानी सुविधाको ठूलो माग पुरा गर्ने गरी पर्याप्त आयोजनाहरू निर्माण हुन नसक्नु, भौगोलिक जटिलता तथा छरिएर रहेका बस्तीका कारण आधारभूत खानेपानी सुविधा पुऱ्याउन कठिनाइ हुनु, निर्माण सम्पन्न आयोजनाहरू पनि उचित मर्मत सम्भारको अभावमा जीर्ण बन्दै जानु, न्यून बजेट विनियोजनको कारण आयोजनाको आधार बर्ष लम्विन गई आयोजना सम्पन्न गर्न लामो समय लाग्नु, मानव बस्तीको बिस्तारसँगै फोहोरको उचित व्यवस्थापनको अभाव हुनु प्रमुख समस्याका रूपमा रहेका छन् ।

३. चुनौती तथा अवसर

सीमित स्रोत साधनबाट सबैलाई स्वच्छ र सुरक्षित खानेपानीको आपूर्ति व्यवस्था मिलाउनु, खानेपानीको स्रोत बस्तीबाट टाढा हुनु, धेरै आयोजना सीमित जनशक्तिबाट व्यवस्थापन तथा सञ्चालन गर्नु र बढ्दो फोहोरहरूको व्यवस्थापन गर्नु प्रमुख चुनौती हुन् ।

खानेपानी तथा सरसफाइमा नागरिकहरूको चेतना अभिवृद्धि हुनु, नयाँ प्रविधिको विकासले सेवा उपलब्ध गराउन सहज हुँदै जानु, खानेपानी तथा सरसफाई प्रदेश र स्थानीय तहको प्राथमिकतामा पर्नु, विकास साझेदारहरूको सहभागिता रहनु अवसरका रूपमा रहेका छन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

स्वच्छ, सुलभ र सुरक्षित खानेपानी, सफा सुग्घर वातावरण ।

४.२ लक्ष्य

आधारभूत खानेपानी र सरसफाइ सेवा सबै नागरिकहरूलाई उपलब्ध गराउने ।

४.३ उद्देश्य

सवैका लागि आधारभूत खानेपानी सुविधा उपलब्ध गराउनुका साथै बस्तीहरूलाई सफा सुग्घर बनाई पूर्ण सरसफाइतर्फ अग्रसर बनाउनु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. आधारभूत खानेपानी सुविधा उपलब्ध गराउने ।	क) "एक घर एक धारा" नीतिलाई कार्वान्वयन गर्दै सवै गाउँ-शहर तथा बस्तीमा सङ्घ र स्थानीय तहसँग सहकार्य गरी आधारभूत खानेपानी सुविधा उपलब्ध गराइनेछ । ख) खानेपानी सेवा बिस्तारका लागि नयाँ प्रविधिहरू (वर्षाको पानी सङ्कलन, लिफ्टिङ्ग, पहाडी भूमिगत बोरिङ्ग) को उपयोग गर्दै मुहानहरूको संरक्षण र सुरक्षित पानीको व्यवस्था गरिनेछ । ग) सञ्चालित आयोजनाहरू दिगो र भरपर्दो बनाउन उचित मर्मत सम्भारको लागि उपभोक्ताहरूलाई सक्षम बनाइनेछ ।
२. सामुदायिक सहभागितामा सरसफाइलाई अभियानका रूपमा सञ्चालन गर्ने ।	क) फोहोरलाई मोहरमा परिणत गर्ने गरी गाउँ-शहर तथा बस्तीबाट निस्कने फोहोरमैलाहरूको उचित व्यवस्थापन गरिनेछ । ख) पूर्ण सरसफाइलाई अभियानकै रूपमा सञ्चालन गरिनेछ । ग) उपयुक्त प्रविधिको प्रयोग गरी मलमुत्र तथा फोहरलाई अर्गानिक कृषि उत्पादनमा प्रयोग गरिनेछ ।
३. मौजुदा खानेपानी सेवालाई स्तर वृद्धि गरी क्रमिक रूपमा मध्यम तथा उच्च स्तरको बनाउदै लैजाने ।	घ) ठूला तथा शहरी खानेपानी आयोजनाहरूमा पानी प्रशोधन प्रणालीको निर्माण गरिनेछ । ङ) खानेपानी सुरक्षा योजनालाई आयोजनाको अभिन्न अङ्गको रूपमा लिई खानेपानी गुणस्तर सुनिश्चित गरिनेछ ।

५. अपेक्षित उपलब्धि

योजनाको अन्त्यसम्ममा ९५ प्रतिशत जनसङ्ख्यालाई आधारभूत खानेपानीको सुविधा पुगेको हुनेछ । पूर्ण सरसफाइका कार्यक्रमहरूले निरन्तरता पाई सुधारिएको सरसफाइ सुविधा प्राप्त गर्ने परिवार ८५ प्रतिशत पुगेको हुनेछ । शहरी फोहोरहरूको उचित व्यवस्थापन भएको हुनेछ ।

५.६ सूचना तथा सञ्चार प्रविधि

१. पृष्ठभूमि

नेपालको संविधानले सूचनाको हकलाई मौलिक हकको रूपमा अङ्गीकार गरेको छ । सूचना तथा सञ्चारको चमत्कारिक विकास भएको सन्दर्भमा कर्णालीबासीको पहुँच बिस्तार हुँदै गए पनि अपर्याप्त छ । कर्णाली समृद्धिको उत्प्रेरकको रूपमा रहेको सूचना तथा सञ्चार प्रविधि क्षेत्रलाई मर्यादित, व्यावसायिक, सक्षम र सबल बनाई विकास गर्न आवश्यक छ । सूचना प्रविधिको महत्त्वलाई आत्मसात गर्दै प्रदेश सरकारले डिजिटल कर्णालीको अवधारणालाई अगाडि सारेकोले यसलाई मूर्तरूप दिनु जरुरी छ ।

२. प्रमुख समस्या

सूचना तथा सञ्चार प्रविधिमा न्यून पहुँच हुनु, दक्ष जनशक्तिको अभाव रहनु, कतिपय सूचनाहरू तथ्यगत रूपमा सम्प्रेषण नहुनु, आम नागरिकलाई सूचना प्रविधिको महत्त्ववोध गराउन नसकिनु, आवश्यकता अनुसार तथ्याङ्क तथा सूचनाहरू अद्यावधिक नहुनु, दूरसञ्चार सेवाको पर्याप्त मात्रामा विकास र बिस्तार हुन नसक्नु मुख्य समस्याहरू हुन् ।

३. चुनौती तथा अवसर

प्रकाशित तथा प्रसारित समाचारहरूलाई तथ्यमा आधारित, मर्यादित र विश्वसनीय बनाउनु, द्रूत रूपमा विकसित हुँदै गरेका नविनतम प्रविधिहरूलाई उपयोग गर्नु, सामाजिक सञ्जालहरूको बढ्दो दुरूपयोगलाई नियन्त्रण गर्नु, हुलाक सेवालाई समय सापेक्षित बनाउनु प्रमुख चुनौती हुन् ।

डिजिटल प्रदेश बनाउने प्रदेश सरकारको प्रतिवद्धता रहनु, मोबाइल प्रयोगकर्ताको सङ्ख्या तुलनात्मक हिसाबले बढ्नु, सूचना प्रविधिको क्षेत्रमा निजी क्षेत्रको लगानी बढ्दै जानु, सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा युवा वर्ग आकर्षित हुनु र रोजगारीका अवसरहरू सिर्जना हुनु प्रमुख अवसरहरू हुन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

सूचना तथा सञ्चार प्रविधियुक्त कर्णाली ।

४.२ लक्ष्य

नागरिकको सूचना तथा सञ्चार प्रविधिमा पहुँच अभिवृद्धि गर्ने ।

४.३ उद्देश्य

नागरिकको सूचना तथा सञ्चार प्रविधिमा पहुँच बिस्तार गरी डिजिटल कर्णालीको निर्माण गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. डिजिटल कर्णाली प्रदेश निर्माण गर्ने ।	क) डिजिटल प्रदेश निर्माणको प्रतिवद्धतालाई व्यवहारमा उतार्न कानुनी एवम् नीतिगत व्यवस्था गरिनेछ । ख) डिजिटल प्रदेशका लागि आवश्यक पर्ने डाटा सेन्टर, अनुसन्धान केन्द्र र डिजिटल ग्राम सहितका पूर्वाधारहरूको विकास गरिनेछ । ग) आधुनिक प्रविधिहरूको उच्चतम् प्रयोग गरी डिजिटल प्रदेश कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।
२. सूचना तथा आम सञ्चार प्रविधिको व्यवस्थापन, नियमन तथा अनुगमन गर्ने ।	क) सूचना प्रविधि तथा आम सञ्चार प्रतिष्ठान स्थापना गरिनेछ । ख) सूचना तथा आम सञ्चार प्रविधिको अनुगमन र नियमनको संस्थागत व्यवस्था मिलाइनेछ ।

रणनीति	कार्यनीति
	ग) सूचना तथा सञ्चार क्षेत्रलाई आधुनिकीकरण गरिनुका साथै प्रदेशस्तरमा सुरक्षित र सुलभ छपाइको व्यवस्था गरिनेछ ।
३. सूचना तथा सञ्चार पूर्वाधारको विकास र बिस्तार गर्ने ।	क) सूचना तथा सञ्चारको पहुँच बिस्तार गर्न आवश्यक पर्ने टावर निर्माण, अप्टिकल फाइवर बिस्तार गरी गुणस्तरीय सञ्चार तथा इन्टरनेट सेवा बिस्तार गरिनेछ । ख) इन्टरनेट सेवामा नागरिकको सुलभ पहुँच स्थापित गरिनेछ । ग) सरकारी कार्यालयहरूमा आवश्यक, सुरक्षित र भरपर्दो डिजिटल प्रविधि तथा उपकरणहरूको व्यवस्थापन गरिनेछ ।

५. अपेक्षित उपलब्धि

योजनाको अन्त्यसम्ममा कर्णाली प्रदेशका सबै स्थानीय तहमा रेडियो, टेलिभिजन, मोबाइल तथा इन्टरनेट सेवाको विकास तथा बिस्तार भएको हुनेछ । सूचना प्रविधि तथा आम सञ्चार प्रतिष्ठान स्थापना भएको हुनेछ । डाटा सेन्टर, अनुसन्धान केन्द्र र डिजिटल ग्राम स्थापना भएका हुनेछन् । कर्णाली प्रदेशमा प्रदेश छापाखानाको स्थापना हुनुका साथै कर्णाली प्रदेश डिजिटल प्रदेशको रूपमा विकास भएको हुनेछ ।

पूर्वाधार क्षेत्रका कार्यक्रमहरू

५.१ यातायात पूर्वाधार

५.१.१ सडक

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	प्रदेश यातायात गुरुयोजना तर्जुमा	२०७५।०७६ २०८०।०८१	२५ लाख	प्रदेश यातायात गुरुयोजना स्वीकृत भई कार्यान्वयन भएको हुनेछ।
२	सुर्खेत-हिल्सा द्रुत मार्ग	२०७५।०७६ २०८०।०८१	३ अर्ब	प्रारम्भिक सम्भाव्यता अध्ययनको आधारमा सङ्घीय सरकारसँग समन्वय गरी परम्परागत कर्णाली रेशम मार्गलाई कूल लागत ६४ अर्ब प्रारम्भिक अनुमान भएको सुर्खेत—हिल्सा द्रुत मार्गको निर्माण कार्य शुरु भएको हुनेछ ।
३	भेरी करिडोर सडक	२०७५।०७६ २०८०।०८१	-	सङ्घीय सरकारसँगको समन्वयमा सडक पुलहरू सहित निर्माण कार्य सम्पन्न भएको हुनेछ ।
४	मध्यपहाडी र मदन भण्डारी राजमार्ग	२०७५।०७६ २०८०।०८१	-	सङ्घीय सरकारसँगको समन्वयमा प्रदेश खण्डमा पर्ने मध्यपहाडी र मदन भण्डारी राजमार्गको निर्माण र स्तरोन्नति भएको हुनेछ ।
५	हिमाली सडक	२०७६।०७७ २०८०।०८१	१ अर्ब	हिल्सा-सिमकोट-रारा-जुम्ला-डोल्पा-मुस्ताङ जोड्ने हिमाली सडकको ट्र्याक खुलेको हुनेछ ।
६	प्रदेश राजधानीबाट जिल्ला सदरमुकाम जोड्ने सडक	२०७६।०७७ २०८०।०८१	१.५ अर्ब	गमगढी-सिमकोट सडक निर्माण तथा वालुवासंग्रही-सल्यान खलङ्गा र सल्लीबजार-रुकुम मुसिकोट सडक स्तरोन्नति भएको हुनेछ ।
७	स्थानीय तहका केन्द्र जोड्ने सडक	२०७६।०७७ २०८०।०८१	१.५ अर्ब	रणनैतिक महत्त्वका सडक अन्तर्गत स्थानीय तहको केन्द्र नजोडिएका १९ स्थानीय तहका केन्द्रसम्म सडक पुगेको हुनेछ *(हेर्नुहोस् अनुसूची-१३)* ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
८	अन्तर प्रदेश सडक	२०७६।०७७ २०८०।०८१	२ अर्ब	सङ्घ र प्रदेशको समन्वयमा कोहलपुर-सुर्खेत, तेलपानी-भुरीगाउ, वीरेन्द्रनगर- चिसापानी, कोटवाडा-रामारोशन, कुइने-चौकुने-जंगलघाट-रामघाट, कवाडी-खगालगाउँ, डोल्पा-मुस्ताङ, सुर्खेत-कालिमाटी-तुल्सीपुर, सल्यान-दाङ, बाजुरा-ताँजाकोट-अदानचुली-सर्केगाड लगायतका सडकहरू निर्माण कार्य भइरहेको हुनेछ । निकुञ्ज तथा जङ्गल क्षेत्रमा आकाशे पुल निर्माणका लागि सम्भाव्यता अध्ययन भएको हुनेछ ।
९	अन्तरदेशीय सडक	२०७६।०७७ २०८०।०८१	२ अर्ब	सिमकोट-हिल्सा सडक, मानेपेमे-लिमी-जाँग-तिव्वत सीमा सडक, खार्पुनाथ-दोजाम-च्वाँ खोला सडक, पिप्लाङ-नेप्का-टाँक्या सडक, दैलेख-महावु-गमगढी-नाक्च्यालाग्ना सडक र दुनै-धो मोरिम्ला सडकहरूको ट्याक खोल्ने कार्य शुरु भएको हुनेछ ।
१०	सडकको मर्मत सम्भार, स्तरोन्नति र नयाँ निर्माण कार्यक्रम	२०७६।०७७ २०८०।०८१	५ अर्ब	सडक गुरुयोजनाअनुसार सडकको मर्मत सम्भार, स्तरोन्नति र नयाँ निर्माण भएको हुनेछ ।
११	प्रदेश महत्त्वका सडक आयोजना	२०७५।०७६ २०८०।०८१	१२ अर्ब	प्रदेश महत्त्वका सडकको रूपमा अन्तर जिल्ला र अन्तर पालिकालाई जोड्ने सडक तथा पुल निर्माण भएका हुनेछन् *(हेर्नुहोस् अनुसूची-१३)* ।
१२	प्रदेश राजधानी सडक	२०७६।०७७ २०८०।०८१	१ अर्ब	प्रदेश राजधानी क्षेत्र भित्रका शहरी सडकहरूको स्तरोन्नति भएको हुनेछ *(हेर्नुहोस् अनुसूची-१३)* ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१३	जनता सडक कार्यक्रम	२०७६।०७७ २०८०।०८१	३ अर्ब	निर्वाचन क्षेत्रलाई आधार बनाएर निर्माण सुरु भएका जनता सडक तथा एक निर्वाचन- एक सडक/पुल निर्माण भएका हुनेछन् *(हेर्नुहोस् अनुसूची-१३)* ।
१४	सडक पुल निर्माण विशेष कार्यक्रम	२०७६।०७७ २०८०।०८१	२ अर्ब	सङ्घीय सरकारसँगको समन्वयमा प्रदेश महत्त्वका सडक तथा सङ्घ मातहतका सडकहरूको सम्भाव्यता अध्ययनका आधारमा विभिन्न ३० वटा सडक पुल निर्माण भएका हुनेछन् ।
१५	राजधानी चक्रपथ सडक निर्माण	२०७६।०७७ २०८०।०८१	१ अर्ब	प्रदेश महत्त्वको सडकका रूपमा राजधानी वीरेन्द्रनगरमा एक चक्रपथ सडक निर्माण कार्य सम्पन्न भएको हुनेछ ।
१६	झोलुङ्गे पुल निर्माण	२०७६।०७७ २०८०।०८१	५० करोड	दुर्गम क्षेत्रका आवश्यक स्थानहरूमा झोलुङ्गे पुल निर्माण भएका हुनेछन् ।

५.१.२ हवाई यातायात

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कुल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	सुर्खेत विमान स्थलको बिस्तार तथा स्तरोन्नति	२०७६।०७७ २०८०।०८१	२ अर्ब	सुर्खेत विमानस्थलको धावन मार्ग बिस्तार गरी ठूला विमान अवतरण गर्न सक्ने तथा रात्रीकालीन अवतरण पनि हुन सक्ने भएको हुनेछ ।
२	हिमाली अन्तर्राष्ट्रिय विमानस्थलको सम्भाव्यता अध्ययन	२०७६।०७७ २०८०।०८१	१ करोड	हिमाली अन्तर्राष्ट्रिय विमानस्थलको सभाव्यता अध्ययन गरिएको हुनेछ । साथै हवाइ मैदान नभएका जिल्लाहरूमा विमान स्थल निर्माणका लागि सम्भाव्यता अध्ययन भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कुल अनुमानित लागत	अपेक्षित उपलब्धि
३	जीर्ण अवस्थामा रहेका विमानस्थलहरूको स्तरोन्नती	२०७६।०७७ २०८०।०८१	३० करोड	सङ्घको समन्वयमा प्रदेशभित्रका जीर्ण अवस्थामा रहेका सात वटा विमानस्थलहरूको मर्मत संभारको लागत स्टिमेट तयार गरी स्तरोन्नति भएको हुनेछ र कालीकोटको सुनथराली विमानस्थल सञ्चालनमा आएको हुनेछ ।
४	कर्णाली हवाई सेवा सञ्चालन सम्बन्धी कानुन तर्जुमा	२०७६।०७७ २०८०।०८१	—	कर्णाली हवाइ सेवा सञ्चालनसम्बन्धी कानुन तर्जुमा भएको हुनेछ ।
५	प्रदेश राजधानीबाट नियमित उडानको व्यवस्था	२०७६।०७७ २०७८।०७९	१ करोड	जहाज सञ्चालक कम्पनीहरूसँग समन्वय गरी प्रदेश राजधानी सुर्खेतबाट सङ्घीय राजधानी, अन्य प्रदेश तथा प्रदेश भित्रका सबै जिल्लामा नियमित उडानको व्यवस्था भएको हुनेछ ।
६	हेलिप्याड निर्माण	२०७६।०७७ २०८०।०८१	१२ करोड	आवश्यक स्थानहरूको पहिचान गरी सबै वडामा हेलिप्याड निर्माण भएको हुनेछ ।

५.१.३ जलमार्ग

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	जल यातायातसम्बन्धी नीति तथा कानुनको तर्जुमा	२०७६।०७७ २०८०।०८१	—	जल यातायात सम्बन्धी नीति तथा कानुन तर्जुमा भएको हुनेछ ।
२	जल यातायातसम्बन्धी संभाब्यता अध्ययन	२०७६।०७७ २०८०।०८१	५० लाख	सङ्घीय सरकारसँग समन्वय गरी कर्णाली, भेरी, तिला र हिमा नदीमा जलमार्गको सम्भाव्यता अध्ययन भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
३	जल यातायातको पूर्वाधार विकास	२०७६।०७७ २०८०।०८१	५ करोड	पर्यटकीय रूपमा हिल्सा-तुम्कोट, तुम्कोट-चिसापानी, मुगु करान-दोमुख र डोल्पा दुनैदेखि कुइनेसम्मको जल यातायातको आवश्यक पूर्वाधारहरू निर्माण कार्य सुरु भएको हुनेछ ।
४	जल यातायात सञ्चालन	२०७६।०७७ २०८०।०८१	५ करोड	सार्वजनिक-निजी साझेदारीमा जल यातायात सञ्चालन भएको हुनेछ ।

५.१.४ विद्युतीय रेलमार्ग, रज्जुमार्ग र केवलकार

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	विद्युतीय यातायात प्रणालीको संभाब्यता अध्ययन	२०७६।०७७ २०७९।०८०	१ करोड	रेलमार्ग, रज्जु मार्ग तथा केवलकार जस्ता विद्युतीय यातायात प्रणालीको समग्रमा सम्भाव्यता अध्ययन भएको हुनेछ ।
२	विद्युतीय रेलमार्ग, रज्जुमार्ग र केवलकार सम्बन्धी कानुन तर्जुमा	२०७६।०७७ २०७९।०८०	—	विद्युतीय रेलमार्ग, रज्जुमार्ग र केवलकार सम्बन्धी कानुन तर्जुमा भएको हुनेछ ।
३	विद्युतीय रेलमार्ग, रज्जुमार्ग र केवलकारको संस्थागत विकास	२०७६।०७७ २०८०।०८१	१ करोड	हित (हिमाल-तराई) विद्युतीय रेलमार्ग, रज्जुमार्ग र केवलकारको सार्वजनिक—निजी साझेदारीमा निर्माण गर्ने वातावरण सिर्जना भएको हुनेछ ।
४	रारा—मुर्माटप रज्जुमार्ग	२०७६।०७७ २०८०।०८१	१ अर्ब	निजी क्षेत्रसँगको सहकार्यमा रारा—मुर्माटप रज्जुमार्ग निर्माण कार्य प्रारम्भ भएको हुनेछ ।
५	वीरेन्द्रनगर-सिद्धपाइला केवलकार	२०७६।०७७ २०८०।०८१	१ अर्ब	निजी क्षेत्रसँगको सहकार्यमा वीरेन्द्रनगर—सिद्धपाइला केवलकार निर्माण कार्य प्रारम्भ भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
६	सिद्धपाइला-महाबु-हाउरी-चुली-चंखेली-मारघोर-सिमकोट केवलकार	२०७६।०७७ २०८०।०८१	१ करोड	निजी क्षेत्रसँगको सहकार्यमा सिद्धपाइला-महाबु-हाउरी-चुली-चंखेली-मारघोर-सिमकोटसम्म सबभन्दा लामो केवलकारको सम्भाव्य अध्ययन भएको हुनेछ । साथै ग्रेड हिमालयन ट्रेल खण्डमा लिमीदेखि मुस्ताङसम्म सञ्चालन हुने केवलकारको सम्भाव्यता अध्ययन भएको हुनेछ ।
७	मान्म-कोटबाडा केवलकार	२०७६।०७७ २०८०।०८१	१ करोड	मान्म-कोटबाडा केवलकारको सम्भाव्यता अध्ययन भएको हुनेछ ।

५.१.५ यातायात व्यवस्थापन

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	यातायात व्यवस्थापन सम्बन्धी कानुन र सडक मापदण्ड तर्जुमा	२०७६।०७७ २०७८।०७९	—	यातायात व्यवस्थापन र विद्युतीय सवारी साधन प्रयोगलाई प्राथमिकता दिने गरी कानुन तथा सडक मापदण्ड तर्जुमा भएको हुनेछ ।
२	यातायात सुरक्षा तथा सचेतना कार्यक्रम	२०७६।०७७ २०७९।०८०	१ करोड	सवारी दुर्घटनालाई न्यूनीकरण गर्न यातायात सुरक्षा सचेतना कार्यक्रम सञ्चालन गर्नुका साथै आवश्यक आधुनिक प्रविधिको जडान भएको हुनेछ ।
३	सवारी साधन परीक्षण कार्यालय स्थापना	२०७६।०७७ २०७८।०७९	२ करोड	प्रदेश राजधानीमा सवारी साधन परीक्षणको लागि आवश्यक व्यवस्था भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
४	सार्वजनिक यातायात सञ्चालन	२०७६।०७७ २०८०।०८१	१५ करोड	स्थानीय तह वा निजी क्षेत्रसँगको साझेदारीमा राजधानी वीरेन्द्रनगर तथा प्रदेश भित्र सञ्चालन हुने सार्वजनिक यातायातको सञ्चालन तथा व्यवस्थापन भएको हुनेछ ।
५	विद्युतीय सवारी साधन चार्जिङ्ग स्टेशन स्थापना	२०७६।०७७ २०८०।०८१	२ करोड	विद्युतीय सवारी साधन चार्जिङ्ग स्टेशन स्थापना भएको हुनेछ ।
६	सवारी चालक अनुमति-पत्र जाँचपासका लागि ट्रायल स्थलको निर्माण	२०७६।०७७ २०८०।०८१	१ करोड	निजी क्षेत्रसँगको सहकार्यमा वीरेन्द्रनगर तथा जुम्लामा राष्ट्रिय मापदण्ड अनुसारको ट्रायल स्थलको निर्माण कार्य सम्पन्न भएको हुनेछ ।

५.२ ऊर्जा

५.२.१ जलविद्युत

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	जलविद्युत सम्बन्धी ऐन तर्जुमा	२०७६।०७७ २०७८।०७९	—	जलविद्युत सम्बन्धी ऐन तर्जुमा भई कार्यान्वयनमा आएको हुनेछ ।
२	एकीकृत जलस्रोत तथा ऊर्जा विकास रणनीति तर्जुमा	२०७६।०७७ २०८०।०८१	२५ लाख	प्रदेश स्तरीय एकीकृत जलस्रोत तथा ऊर्जा विकास रणनीति तर्जुमा भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
३	जलविद्युतको सम्भाव्यता अध्ययन तथा वातावरणीय प्रभाव मूल्याङ्कन	२०७६।०७७ २०८०।०८१	१० करोड	प्रदेशभित्र समग्र जलविद्युतको उत्पादन सम्भाव्यता अध्ययन तथा वातावरणीय प्रभाव मूल्याङ्कन भएका हुनेछन् ।
४	कर्णालीको पानी—जनताको लगानी	२०७५।०७६ २०८०।०८१	७ अर्ब	विद्युत खरिद सम्झौता भई निर्माणमा रहेका जलविद्युत आयोजनाहरूलाई समयमै सम्पन्न गर्न स्थानीय तह, निजी क्षेत्र, स्थानीय नागरिक तथा गैरआवासीय नेपालीको लगानी जुटाइएको हुनेछ *(हेर्नुहोस् अनुसूची-१४)* ।
५	प्रदेश तथा जिल्ला ऊर्जा समन्वय समिति गठन	२०७६।०७७ २०८०।०८१	१ करोड	प्रदेशमा प्रदेशस्तरीय र जिल्लामा जिल्ला स्तरीय ऊर्जा समन्वय समिति गठन गरी आयोजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन भएको हुनेछ।
६	कर्णाली उज्यालो कार्यक्रम	२०७५।०७६ २०८०।०८१	२ अर्ब	विद्युतको पहुँच नभएका गाउँबस्तीमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग समन्वय गरी विद्युतीकरण गर्न कर्णाली उज्यालो कार्यक्रम सञ्चालन भएको हुनेछ ।
७	राष्ट्रिय प्रसारण लाइनको बिस्तार	२०७५।०७६ २०८०।०८१	—	• सङ्घीय सरकारसँग समन्वय गरी वाफीकोट-नलसिंहगाड-फुकोट, दोधारा-वेतन-फुकोट, कोहलपुर-नलसिहगाड ४०० केभी राष्ट्रिय प्रसारण लाइनको बिस्तार कार्य भइरहेको हुनेछ । • सङ्घीय सरकारसँग समन्वय गरी कोहलपुर-सुर्खेत-दैलेख-जुम्ला १३२ केभी राष्ट्रिय प्रसारण लाइनको बिस्तार भएको हुनेछ । • सङ्घीय सरकारसँग समन्वय गरी कोहलपुर-सुर्खेत, सुर्खेत-दैलेख, रामघाट-जाजरकोट, तुल्सीपुर- सल्यान, सल्यान-रुकुम, दुल्लु-

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
				कालिकोट, कुदु-डोल्पा, दैलेख-जुम्ला, नाग्म-गमगढी र गमगढी-हुम्ला ३३ केभी राष्ट्रिय प्रसारण लाइनको बिस्तार भएको हुनेछ।
८	भेरी—बबई डाइभर्सन जलविद्युत आयोजना सुर्खेत	२०७५।०७६ २०८०।०८१	२ अर्ब	सङ्घीय सरकारसँग समन्वय गरी ४६ मेगावाट क्षमताको जलविद्युत आयोजना सह लगानीमा निर्माण भएको हुनेछ । साथै उक्त आयोजनाको शिरमा ९ मेगावाट जलविद्युत आयोजना प्रदेशको मातहतमा निर्माण भएको हुनेछ ।
९	जगदुल्ला जलविद्युत आयोजना डोल्पा	२०७५।०७६ २०८०।०८१	—	सङ्घीय सरकारसँग समन्वय गरी १०६ मेगावाट क्षमताको जलविद्युत आयोजनाको निर्माण कार्य प्रारम्भ भएको हुनेछ ।
१०	नलसिंहगाड जलाशययुक्त जलविद्युत आयोजना जाजरकोट	२०७५।०७६ २०८०।०८१	—	सङ्घीय सरकारसँग समन्वय गरी ४१० मेगावाट क्षमताको जलविद्युत आयोजनाको निर्माण कार्य प्रारम्भ भएको हुनेछ ।
११	बेतन कर्णाली जल विद्युत आयोजना सुर्खेत	२०७५।०७६ २०८०।०८१	—	सङ्घीय सरकारसँग समन्वय गरी ६८८ मेगावाट क्षमताको जलविद्युत आयोजनाको निर्माण कार्य प्रारम्भ भएको हुनेछ ।
१२	फुकोट कर्णाली जल विद्युत आयोजना कालिकोट	२०७५।०७६ २०८०।०८१	—	सङ्घीय सरकारसँग समन्वय गरी ४२६ मेगावाट क्षमताको जलविद्युत आयोजनाको निर्माण कार्य प्रारम्भ भएको हुनेछ ।
१३	माथिल्लो कर्णाली जलविद्युत आयोजना दैलेख	२०७५।०७६ २०८०।०८१	—	सङ्घीय सरकारसँग समन्वय गरी ९०० मेगावाट क्षमताको जलविद्युत आयोजना निर्माण कार्य प्रारम्भ भएको हुनेछ ।
१४	विजुलीको भूमिगत प्रशारणको लागि अध्ययन	२०७६।०७७ २०८०।०८१	१ करोड	प्रदेश राजधानी सुर्खेत लगायतका शहर बजारमा विजुलीको तारलाई भूमिगत रूपमा व्यवस्थापन गर्ने कार्यको शुरुवात भएको हुनेछ ।

५.२.२ वैकल्पिक ऊर्जा

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	वैकल्पिक ऊर्जा विशेष कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१० करोड	ऊर्जाको भरपर्दो स्रोतको रूपमा वैकल्पिक ऊर्जाको उपयोगलाई लघु तथा घरेलु उद्योग, कृषि, अस्पताल, विद्यालय, पर्यटकीय स्थलमा बिस्तार भएको हुनेछ ।
२	वैकल्पिक ऊर्जा आयोजना सम्बन्धी व्यवस्था	२०७६।०७७ २०८०।०८१	—	वैकल्पिक ऊर्जा आयोजनाको सर्भे, लाइसेन्स तथा दिगो सञ्चालनका लागि आवश्यक व्यवस्था भएको हुनेछ ।
३	सोलार मिनिग्रिड जडान कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१० करोड	हिमाली जिल्लामा सोलार मिनिग्रिडको अध्ययन गरी निर्माण कार्य शुरु भएको हुनेछ।
४	वायोग्याँस प्लान्ट जडान कार्यक्रम	२०७६।०७७ २०८०।०८१	५ करोड	विभिन्न जिल्लामा वायोग्याँस प्लान्ट जडानको लागि निर्माण कार्य शुरु भएको हुनेछ।
५	वायु ऊर्जा सम्बन्धी अध्ययन	२०७६।०७७ २०८०।०८१	—	प्रदेशको सम्भावित स्थानको पहिचान गरी वायु ऊर्जाको सम्भाव्यता अध्ययन भएको हुनेछ ।
६	तातोपानी वायु सोलार ऊर्जा मिनी ग्रिड प्रणाली जुम्ला	२०७५।०७६ २०८०।०८१	—	सङ्घीय सरकारसँग समन्वय गरी तातोपानीमा १ मेगावाट वायु सोलार ऊर्जा मिनी ग्रिड प्रणाली निर्माण भएको हुनेछ ।
७	राजधानी वैकल्पिक ऊर्जा कार्यक्रम	२०७६।०७७ २०८०।०८१	७५ करोड	प्रदेश राजधानी वीरेन्द्र नगरमा सडक बत्ती तथा सार्वजनिक स्थलहरूमा समेत नियमित विद्युत आपूर्तिका लागि ५ मेगावाट क्षमताको सोलार विद्युत उत्पादन प्लाण्ट जडान भएको हुनेछ ।
८	विद्युतीय चुलो बिस्तार	२०७६।०७७ २०८०।०८१	१ करोड	विद्युतको पहुँच भएका स्थानहरूमा स्वच्छ ऊर्जा मार्फत LGP विस्थापन गर्ने कार्य शुरु भएको हुनेछ ।

५.३ गाउँ-शहर, बस्ती विकास

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	व्यवस्थित शहर तथा बस्ती विकास सम्बन्धी आवश्यक मापदण्ड निर्माण	२०७६।०७७ २०८०।०८१	—	व्यवस्थित शहर तथा बस्ती विकास मापदण्ड निर्माण गरी सुरक्षित एकीकृत बस्ती विकास कार्यक्रम परियोजनाको रूपमा सञ्चालन भएको हुनेछ ।
२	मन्त्रालय भवन निर्माण कार्यक्रम	२०७६।०७७ २०८०।०८१	५० करोड	सङ्घीय सरकारसँगको समन्वयमा जग्गा प्राप्ति भई सबै मन्त्रालयसहित योजना आयोगको एकीकृत भवन निर्माण कार्य शुरु भएको हुनेछ ।
३	प्रदेश राजधानी स्मार्ट शहर निर्माण	२०७६।०७७ २०८०।०८१	४० करोड	सङ्घीय सरकारसँगको समन्वयमा वीरेन्द्रनगरमा स्मार्ट राजधानी शहर निर्माण कार्य शुरु भएको हुनेछ ।
४	खस सांस्कृतिक पहिचानको शहर	२०७६।०७७ २०८०।०८१	२० करोड	सङ्घीय सरकारसँगको समन्वयमा जुम्ला र दुल्लूमा खस आर्य सांस्कृतिक पहिचानको शहर विकास भएको हुनेछ ।
५	मध्य पहाडी शहर विकास कार्यक्रम	२०७६।०७७ २०८०।०८१	—	सङ्घीय सरकारसँगको समन्वयमा चौरजहारी र राकममा नयाँ शहर निर्माण कार्य प्रारम्भ भएको हुनेछ ।
६	आर्थिक केन्द्र शहर विकास कार्यक्रम	२०७६।०७७ २०८०।०८१	५० करोड	साविकका जिल्ला सदरमुकामहरू आर्थिक—व्यापारिक केन्द्र शहरको रूपमा विकास भएको हुनेछ ।
७	नयाँ साना शहरको विकास कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१ अर्ब	स्थानीय तहका केन्द्रलाई नयाँ साना शहरको रूपमा विकास गर्ने गरी कार्य प्रारम्भ भएको हुनेछ ।
८	सुरक्षित एकीकृत बस्ती विकास कार्यक्रम	२०७६।०७७ २०८०।०८१	३ अर्ब	सङ्घ र स्थानीय तहको समन्वयमा २०० सुरक्षित एकीकृत बस्ती विकासको स्थान छनौट भइ कार्य प्रारम्भ भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
९	स्मार्ट भिलेज निर्माण	२०७६।०७७ २०८०।०८१	१.५ अर्ब	पर्यटनलाई केन्द्रमा राखी हुम्लाको न्यारी र मुगुको मुर्मा टपमा स्मार्ट भिलेज निर्माण भएको हुनेछ ।
१०	जनता आवास कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१ अर्ब	सङ्घीय सरकारसँग समन्वय गरी विपन्न, घरवार विहिन र दलित समुदायका लागि ३००० वटा आवास गृह निर्माण भएको हुनेछ ।
११	रारा गृष्मकालीन सदन	२०७६।०७७ २०८०।०८१	१० करोड	रारा क्षेत्रमा सभाहल, सेमिनार कक्ष र आवास गृह सहितको गृष्मकालीन सदन निर्माण भएको हुनेछ ।
१२	कर्णाली सदन, काठमाडौं	२०७६।०७७ २०८०।०८१	२५ करोड	केन्द्रीय राजधानी काठमाडौंमा सेमिनार कक्ष, पुस्तकालय र आवास गृह सहितको बहुउद्देशीय कर्णाली सदन निर्माण भएको हुनेछ ।
१३	आन्तरिक बसाइँसराइको व्यवस्थापन	२०७६।०७७ २०८०।०८१	—	प्रदेश भित्रका ठूला शहर, मध्यम शहर र गाउँहरूको सुरक्षित एकीकृत बस्ती विकास भएको हुनेछ ।
१४	भूमिहीन तथा लोपोन्मुख समुदायको सुरक्षित बस्ती व्यवस्थापन	२०७६।०७७ २०८०।०८१	५० करोड	भूमिहीन तथा लोपोन्मुख समुदायको सुरक्षित बस्ती व्यवस्थापन गर्नुका साथै दैलेख र सर्खेतमा राउट्या घुम्ती क्षेत्र निर्माण भएको हुनेछ ।

५.४ सिँचाइ

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	सिँचाइ विकास गुरुयोजना तर्जुमा	२०७६।०७७ २०७८।०७९	५० लाख	कृषि उत्पादनलाई बढाउन प्रदेश सिँचाइ विकास गुरुयोजना तर्जुमा भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
२	एकीकृत बाली तथा जल ब्यवस्थापन	२०७६।०७७ २०८०।०८१	—	एकीकृत बाली तथा जल ब्यवस्थापनको मापदण्ड तयार भएको हुनेछ ।
३	सतह सिँचाइ आयोजना	२०७६।०७७ २०८०।०८१	२ अर्ब	विद्यमान अवस्थामा थप ३५०० हेक्टर (७०,००० रोपनी) कृषियोग्य जमिनमा सिँचाइ सुविधा पुगेको हुनेछ ।
४	नयाँ प्रविधिमा आधारित सिँचाइ आयोजना	२०७६।०७७ २०८०।०८१	३ अर्ब	सोलार पम्प, लिफ्ट सिँचाइ, फोहरा सिँचाई, थोपा सिँचाइ, पानी सङ्कलन पोखरी निर्माण लगायतका प्रविधिवाट थप ४००० हेक्टर (८०,००० रोपनी) कृषियोग्य जमिनमा सिँचाइ सुविधा पुगेको हुनेछ ।
५	सञ्चालित नहरहरूको मर्मत सम्भार तथा पुर्नस्थापना	२०७६।०७७ २०८०।०८१	४० करोड	परम्परागत तथा निर्माण सम्पन्न भई मर्मत सम्भार गर्नुपर्ने आयोजनाहरूको पहिचान गरी सम्बन्धित उपभोक्ताहरूको सहभागितामा नहरहरू मर्मत सम्भार भई सुचारु भएका हुनेछन् ।
६	वृहत बहु—उद्देश्यीय जलस्रोत आयोजना	२०७६।०७७ २०८०।०८१	५० करोड	ठूला फाँट, सेरा र जिउलाहरूमा कम्तिमा १० वटा वृहत वहु-उद्देश्यीय जलस्रोत आयोजनाहरूको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य शुरु भएको हुनेछ ।
७	जोखिमयुक्त खेतवारी संरक्षण कार्यक्रम	२०७६।०७७ २०८०।०८१	८० करोड	जोखिमयुक्त खेतवारीको पहिचान गरी प्राथमिकताका आधारमा संरक्षण भएको हुनेछ ।
८	ठूला तथा मझौला नदी नियन्त्रण कार्यक्रम	२०७६।०७७ २०८०।०८१	४० करोड	हुम्ला कर्णाली, मुगु कर्णाली, सानी भेरी, ठुली भेरी, तिला, हिमा, लोहरे र शारदा लगायतका नदीहरूको नियन्त्रणका लागि आवश्यक स्थानमा तटबन्ध भएको हुनेछ ।

५.५ खानेपानी तथा सरसफाई

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	खानेपानी आयोजना निर्माण	२०७६।०७७ २०८०।०८१	२ अर्ब	एक घर-एक धारा कार्यक्रम मार्फत ४०० खानेपानी आयोजनाहरू निर्माण सम्पन्न गरी थप आधारभूत खानेपानी सेवा उपलब्ध भएको हुनेछ ।
२	नयाँ प्रविधिमा आधारित खानेपानी कार्यक्रम	२०७६।०७७ २०८०।०८१	२ अर्ब	ग्राभिटी प्रणालीवाट खानेपानी वितरण गर्न स्रोतको अभाव भएका बस्तीहरूमा बर्षातको पानी सङ्कलन, लिप्टिङ र पहाडी भूमिगत बोरिङ्ग प्रविधिबाट खानेपानी सेवा उपलब्ध भएको हुनेछ ।
३	मुहान संरक्षण कार्यक्रम	२०७६।०७७ २०८०।०८१	४० करोड	खानेपानीको स्रोत सुनिश्चित गर्नका लागि सवै गाउँबस्तीमा मुहान संरक्षण कार्यक्रम सञ्चालन भएको हुनेछ ।
४	खानेपानी सुरक्षा योजना	२०७६।०७७ २०८०।०८१	४ करोड	योजना अवधिमा निर्माण भएमा २०० वटा खानेपानी आयोजनाहरूमा खानेपानी सुरक्षा योजना लागु भएको हुनेछ ।
५	खानेपानी गुणस्तर सुधार कार्यक्रम	२०७६।०७७ २०८०।०८१	५० करोड	सम्भाव्यता अध्ययनको आधारमा साना तथा ठूला शहरी खानेपानी आयोजनाहरूमा खानेपानी गुणस्तर सुधार कार्यक्रम सञ्चालन भएको हुनेछ ।
६	पूर्ण सरसफाई कार्यक्रम	२०७६।०७७ २०८०।०८१	५० करोड	खुला दिसामुक्त कार्यक्रमलाई दिगो बनाउन खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी संयन्त्र क्रियाशील बनाई पूर्ण सरसफाई कार्यक्रम सबै स्थानीय तहमा लागु भएको हुनेछ ।
७	सार्वजनिक शौचालय निर्माण	२०७६।०७७ २०८०।०८१	१० करोड	स्थानीय तहसँग समन्वय गरी करिव १०० सार्वजनिक शौचालयहरू निर्माण गरी मलमुत्रबाट बायोग्याँस तथा कृषि कार्यका लागि मलखाद उत्पादन भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
८	प्रदेशस्तरीय पानी परीक्षण प्रयोगशालाको स्थापना तथा सञ्चालन	२०७६।०७७ २०८०।०८१	३ करोड	प्रदेश राजधानीमा एउटा प्रयोगशाला स्थापना र सञ्चालन, सबै जिल्लाहरूमा पानी परीक्षण घुम्ती भ्यानको माध्यमबाट आवश्यक स्थानमा स्थलगत खानेपानी परीक्षण भएको हुनेछ ।
९	प्रदेश राजधानी खानेपानी विशेष कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१ अर्ब	प्रदेश राजधानीको खानेपानी समस्या समाधान गर्न भेरी नदीको रानीचौतारी सामुदायिक वन क्षेत्रबाट लिफ्टिङ्ग गरी आवश्यक खानेपानीको आपूर्ति भएको हुनेछ ।
१०	दुल्लू खानेपानी आयोजना	२०७६।०७७ २०८०।०८१	५० करोड	कर्णाली नदीबाट लिफ्ट गरी दुल्लूमा खानेपानी आपूर्ति भएको हुनेछ ।
११	सञ्चालित आयोजनाहरूको मर्मत सम्भार कार्यक्रम	२०७६।०७७ २०८०।०८१	४० करोड	मर्मत सम्भार गर्नुपर्ने आयोजनाहरूको पहिचान गरी सम्बन्धित उपभोक्ताहरूको सहभागितामा मर्मत संभार भई सुचारु भएका हुनेछन् ।

५.६ सूचना तथा सञ्चार प्रविधि

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	डिजिटल कर्णाली सम्बन्धी ऐन तर्जुमा	२०७६।०७७ २०७९।०८०	—	सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित कानुन तथा नीति निर्माण भएको हुनेछ ।
२	सूचना तथा सञ्चार प्रविधिसम्बन्धी पूर्वाधार निर्माण	२०७६।०७७ २०७९।०८०	५० करोड	डाटा सेन्टर, सूचना तथा सञ्चार अनुसन्धान केन्द्र, डिजिटल ग्राम, सूचना प्रविधि पार्क, टावर निर्माण, अप्टिकल फाइवर तथा इन्टरनेट सेवा बिस्तार भएको हुनेछ *(हेर्नुहोस् अनुसूची-१५)* ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
३	डिजिटल प्रदेश कार्यक्रम	२०७६।०७७ २०८०।०८१	५० करोड	प्रदेशका सबै कार्यालय, विद्यालयदेखि विश्वविद्यालयसम्म र अस्पतालहरूमा आधुनिक डिजिटल प्रविधिहरूको प्रयोग भएको हुनेछ ।
४	सूचना, सञ्चार प्रविधि तथा आम सञ्चार प्रतिष्ठान गठन	२०७६।०७७ २०८०।०८१	१५ करोड	सूचना, सञ्चार प्रविधि तथा आम सञ्चार प्रतिष्ठान गठन गरी आम सञ्चार माध्यममा कार्यरत जनशक्तिलाई प्रशिक्षण, अनुगमन तथा नियमन भएको हुनेछ ।
५	कर्णाली प्रदेश समाचार समिति	२०७६।०७७ २०८०।०८१	३ करोड	प्रदेशका समाचार, विचार, तस्वीरजस्ता श्रव्य/दृश्य सामाग्री सबैखाले मिडियामा उपलब्ध गराउने गरी आम सञ्चार प्रतिष्ठान मार्फत कर्णाली प्रदेश समाचार समिति सञ्चालन भएको हुनेछ ।
६	कर्णाली छापाखाना स्थापना तथा सञ्चालन	२०७६।०७७ २०८०।०८१	१ करोड	वीरेन्द्रनगर सुर्खेतमा सरकारी छापाखाना स्थापना गरी सञ्चालन भएको हुनेछ ।
७	प्रदेश पत्रकार बिमा कार्यक्रम	२०७६।०७७ २०८०।०८१	५० लाख	प्रदेशका पत्रकारहरूको लगत खडा गरी बिमा कार्यक्रम लागु भएको हुनेछ ।
८	लोक कल्याणकारी विज्ञापनको समानुपातिक वितरण	२०७६।०७७ २०८०।०८१	१ करोड	प्रदेशका सबैखाले सञ्चार माध्यमहरूलाई लोक कल्याणकारी विज्ञापनको समानुपातिक रूपमा वितरण भएको हुनेछ ।
९	श्रमजीवी सञ्चार कल्याण कोषको स्थापना	२०७६।०७७ २०८०।०८१	१ करोड	श्रमजीवी पत्रकारहरुको हक, हित र सुरक्षाको लागि व्यवस्थापकले कल्याणकारी कोष खडा गर्नुपर्ने व्यवस्था भए अनुसार श्रमजीवी सञ्चार कल्याण कोष स्थापना गरी उक्त कोषबाट श्रमजीवी पत्रकारलाई सुविधा उपलब्ध भएको हुनेछ ।

पूर्वाधार क्षेत्रका नतिजा खाका

प्रभाव

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/०७६	२०७६/०७७	२०७७/०७८	२०७८/०७९	२०७९/०८०	२०८०/०८१	सूचनाको स्रोत
कूल ग्रार्हस्थ्य उत्पादनमा यातायात र सञ्चार क्षेत्रको योगदान	प्रतिशत	१.४	१.६	१.८	२.०	२.३	२.६	के.त.वि.
कूल ग्रार्हस्थ्य उत्पादनमा विद्युत, ग्याँस, पानीको योगदान	प्रतिशत	१.२	१.५	१.८	२.२	२.४	२.७	के.त.वि.
कूल ग्रार्हस्थ्य उत्पादनमा निर्माण क्षेत्रको योगदान	प्रतिशत	११.०	१३.४	१५.०	१७.२	२०.४	२३.५	के.त.वि.
३० मिनेटको दुरीमा यातायात पहुँच पुगेको परिवार	प्रतिशत	—	५०	५५	६०	६५	७५	के.त.वि.

यातायात पूर्वाधार

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/०७६	२०७६/०७७	२०७७/०७८	२०७८/०७९	२०७९/०८०	२०८०/०८१	सूचनाको स्रोत
सडकको घनत्व	प्रति कि.मि.	०.८०	०.७०	०.६५	०.५५	०.५०	०.४०	डोलिडार
स्थानीय उत्पादनको निर्यात वृद्धि	रकम (अनुमानित)	१.५ अर्ब	१.८ अर्ब	२ अर्ब	२.३ अर्ब	२.७ अर्ब	३ अर्ब	आ.मा. यो.म.
हवाई यातायातको प्रयोग गर्ने जनसङ्ख्या	सङ्ख्या	१०६,८४४	१०८,२४६	३०,८३८	१०६,६०८	१३६,३०९	१५६,८०२	ना.उ.का. सुर्खेत र नेपालञ्ज

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/०७६	२०७६/०७७	२०७७/०७८	२०७८/०७९	२०७९/०८०	२०८०/०८१	सूचनाको स्रोत
सडक यातायातले जोडिएको स्थानीय तह	सङ्ख्या	६०	६६	६८	७०	७२	७९	भौ.पू. वि.म.
प्रदेशको कूल कालोपत्रे सडक	कि मि	१०३	१५०	२५०	३२५	४२५	५००	भौ.पू. वि.म.
प्रदेशको कूल ग्राभेल सडक	कि मि	३००	३५०	४१५	५००	६००	७००	भौ.पू. वि.म.

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/०७६	२०७६/०७७	२०७७/०७८	२०७८/०७९	२०७९/०८०	२०८०/०८१	सूचनाको स्रोत
सडक पुल निर्माण	सङ्ख्या	२५	३५	४१	४५	४८	५०	भौ.पू. वि.म.
प्रदेश राजधानी सडक बिस्तार	कि.मि.	३	८	२०	३०	४०	५०	भौ.पू. वि.म.
सुर्खेत विमानस्थलको स्तरोन्नति कार्य	प्रतिशत	—	—	१०	२५	५०	१००	उ.प.व. वा.म.
सवारी चालक अनुमतिपत्र (स्मार्ट कार्ड) वितरण	सङ्ख्या	—	७८१	१५००	२२००	२८००	३५००	भौ.पू. वि.म.

ऊर्जा

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/०७६	२०७६/०७७	२०७७/०७८	२०७८/०७९	२०७९/०८०	२०८०/०८१	सूचनाको स्रोत
विद्युतमा पहुँच प्राप्त परिवार	प्रतिशत	६७.५	६८	७०	७५	८०	९०	के.त.वि.
जल विद्युत उत्पादन	मे वा	८.२५	१५	४०	७०	८५	२००	भौ.पू.वि.म.
खाना पकाउन परम्परागत इन्धन प्रयोग गर्ने घरपरिवार	प्रतिशत	९५	९३	९०	८७	८३	८०	के.त.वि.

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/०७६	२०७६/०७७	२०७७/०७८	२०७८/०७९	२०७९/०८०	२०८०/०८१	सूचनाको स्रोत
खाना पकाउन स्वच्छ इन्धन तथा प्रविधि प्रयोग गर्ने घरपरिवार	प्रतिशत	५	७	१०	१३	१६	२०	के.त.वि.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/०७६	२०७६/०७७	२०७७/०७८	२०७८/०७९	२०७९/०८०	२०८०/०८१	सूचनाको स्रोत
जल विद्युतका ठूला आयोजना	सङ्ख्या	३१	३१	३१	३१	३१	३१	भौ.पू.वि.म.
जल विद्युतका मझौला आयोजना	सङ्ख्या	९	१०	११	११	११	११	भौ.पू.वि.म.
जल विद्युतका साना आयोजना	सङ्ख्या	१२	१२	१२	१३	१४	१५	भौ.पू.वि.म.
विद्युत प्रसारण लाइन बिस्तार-क) ४००के.भि. ख) १३२ के भि ग) ३३ के भि	कि.मि. कि.मि. कि.मि.	— — —	— — —	— — —	— — —	— — —	— — —	भौ.पू.वि.म./ ने.वि.प्रा.
वैकल्पिक ऊर्जा प्रयोग गर्ने घर परिवार	प्रतिशत	३३	३५	३८	४०	४३	४५	भौ.पू.वि.म.
वायु ऊर्जा उत्पादन	मे वा	१	१	१	१	१	१	भौ.पू.वि.म.

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/०७६	२०७६/०७७	२०७७/०७८	२०७८/०७९	२०७९/०८०	२०८०/०८१	सूचनाको स्रोत
वायो ग्याँस प्लाण्ट स्थापना	सङ्ख्या	—	—	—	१	१	२	भौ.पू.वि.म.
सुधारिएको चुलोको प्रयोग	सङ्ख्या	२९३२२	३१०००	३३०००	३५०००	३८०००	४००००	भौ.पू.वि.म.
एलपी ग्याँसको प्रयोग गर्ने परिवार	प्रतिशत	४.२	४.६	६.५	७.०	७.५	८	के.त.वि.

गाउँ-शहर, बस्ती विकास/असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/०७६	२०७६/०७७	२०७७/०७८	२०७८/०७९	२०७९/०८०	२०८०/०८१	सूचनाको स्रोत
नगर क्षेत्रमा बसोवास गर्ने जनसङ्ख्या	प्रतिशत	४९.३१	४९.६१	४९.९१	५०.२१	५०.५१	५१	के.त.वि.
आफ्नै स्वामित्वको आवासमा वसोवास गर्ने परिवार	प्रतिशत	९४.४	९५	९६	९७	९८	९९	के.त.वि.
फुसको छाना भएको घरमा बसोवास गर्ने परिवार	प्रतिशत	३८	३७	३५	३२	२८	२५	के.त.वि.
सुरक्षित बस्तीमा बसोवास गर्ने जनसङ्ख्या	प्रतिशत	६८	६९	७०	७२	७४	७५	क.वि.आ.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/०७६	२०७६/०७७	२०७७/०७८	२०७८/०७९	२०७९/०८०	२०८०/०८१	सूचनाको स्रोत
एकिकृत बस्तीको निर्माण	सङ्ख्या	-	१	३	६	८	१०	भौ.पू.वि.म.
नयाँ शहरी क्षेत्रको विकास	सङ्ख्या	२५	३६	४७	५८	६९	७९	भौ.पू.वि.म.
नयाँ आवास (जनता आवस) निर्माण	सङ्ख्या	६६९	१४००	२०००	२४००	२८००	३०००	भौ.पू.वि.म.

सिँचाइ/असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/०७६	२०७६/०७७	२०७७/०७८	२०७८/०७९	२०७९/०८०	२०८०/०८१	सूचनाको स्रोत
सिँचाइ सुविधा पुगेको कृषि गरिएको भूमि	प्रतिशत	२५	२९	३३	३६	३८	४०	भौ.पू.वि.म.
वर्षभरी सिँचाइ हुने खेती गरिएको जमिन	प्रतिशत	१५.५	१७	२१	२७	३०	३३	भौ.पू.वि.म.
साना सिँचाइ सुविधा पुगेको क्षेत्रफल	हेक्टर	१३०००	१४०००	१५०००	१६०००	१७०००	१८०००	भौ.पू.वि.म.
नयाँ प्रविधिको सिँचाइ सुविधा पुगेको क्षेत्रफल	हेक्टर	१२०००	१४०००	१६०००	१८०००	२००००	२२०००	भौ.पू.वि.म.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/०७६	२०७६/०७७	२०७७/०७८	२०७८/०७९	२०७९/०८०	२०८०/०८१	सूचनाको स्रोत
ठूला सिँचाइ आयोजना निर्माण	सङ्ख्या	२५	३०	३५	४०	४५	५०	भौ.पू.वि.म.
मझौला सिँचाइ आयोजना निर्माण	सङ्ख्या	३००	४००	४५०	५००	६००	७००	भौ.पू.वि.म.
साना सिँचाइ आयोजना निर्माण	सङ्ख्या	४००	४५०	५००	५२५	५५०	६००	भौ.पू.वि.म.
नयाँ प्रविधि सिँचाइ आयोजना	सङ्ख्या	२५०	३००	३५०	४००	४५०	५००	भौ.पू.वि.म.
सिँचाइ सुविधा बिस्तार	हेक्टर	१५२४८	१८२००	२००००	२२०००	२४०००	२६०००	भौ.पू.वि.म.
लिफ्ट सिँचाइ प्रणाली	सङ्ख्या	२	२	५	७	१०	१२	भौ.पू.वि.म.
सिँचाइ पोखरी	सङ्ख्या	—	—	१०८	३२८	५७८	७१८	भौ.पू.वि.म.

खानेपानी तथा सरसफाइ/असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/०७६	२०७६/०७७	२०७७/०७८	२०७८/०७९	२०७९/०८०	२०८०/०८१	सूचनाको स्रोत
आधारभूत खानेपानी सुविधा पुगेको परिवार	प्रतिशत	८६.२	८७.३९	८९	९१	९३	९५	भौ.पू.वि.म.
उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको परिवार	प्रतिशत	९.३	१०	१२	१४	१७	२०	भौ.पू.वि.म.

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/०७६	२०७६/०७७	२०७७/०७८	२०७८/०७९	२०७९/०८०	२०८०/०८१	सूचनाको स्रोत
सुधारिएको सरसफाई सुविधा प्राप्त गर्ने परिवार	प्रतिशत	७७.७	७९	८०	८१	८३	८५	भौ.पू.वि.म.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/०७६	२०७६/०७७	२०७७/०७८	२०७८/०७९	२०७९/०८०	२०८०/०८१	सूचनाको स्रोत
खानेपानी आयोजनाहरूको निर्माण	सङ्ख्या	८९	११०	१४०	२५०	३००	४००	भौ.पू.वि.म.
लिफ्ट खानेपानी आयोजना	सङ्ख्या	२	५	७	१२	१६	२०	भौ.पू.वि.म.
सुधारिएको शौचालय निर्माण	सङ्ख्या	१०	१५	३०	५०	८५	१००	भौ.पू.वि.म.

सूचना तथा सञ्चार प्रविधि/असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/०७६	२०७६/०७७	२०७७/०७८	२०७८/०७९	२०७९/०८०	२०८०/०८१	सूचनाको स्रोत
टेलिफोन (सबै प्रकारका) घनत्व	प्रतिशत	—	०.८०	१.३३	१.६०	२.४०	३	आ.मा.का.म.
इण्टरनेट प्रयोगकर्ता	प्रतिशत	४०	४३	४७	५१	५८	६५	आ.मा.का.म.
रेडियोमा पहुँच प्राप्त जनसङ्ख्या	प्रतिशत	३०	४५	५५	६५	७५	९०	आ.मा.का.म.

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/०७६	२०७६/०७७	२०७७/०७८	२०७८/०७९	२०७९/०८०	२०८०/०८१	सूचनाको स्रोत
टेलिभिजनमा पहुँच प्राप्त घर परिवार	प्रतिशत	३८	४०	४६	५२	५६	६०	आ.मा.का.म.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/०७६	२०७६/०७७	२०७७/०७८	२०७८/०७९	२०७९/०८०	२०८०/०८१	सूचनाको स्रोत
अप्टिकल फाइवर बिस्तार	कि मि	—	५	२०	३०	४०	५०	आ.मा.का.म.
दूर सञ्चार टावर बिस्तार	सङ्ख्या	—	—	३३२	३४०	३५०	३६०	ने.दू.प्रा.
दूर सञ्चार सेवा प्रदायक कम्पनी	सङ्ख्या	१	३	४	४	४	४	आ.मा.का.म.
केवल टीभी प्रसारण कम्पनी	सङ्ख्या	५	५	५	५	५	५	आ.मा.का.म.
एफ एम च्यानल	सङ्ख्या	४५	४५	४६	४७	४८	५०	आ.मा.का.म.
दैनिक पत्रपत्रिका	सङ्ख्या	२१	२१	२२	२३	२४	२५	आ.मा.का.म.
साप्ताहिक पत्रिका	सङ्ख्या	१२	१२	१२	१२	१२	१२	आ.मा.का.म.
अनलाईन पत्रिका	सङ्ख्या	४५	४८	५२	५५	५८	६०	आ.मा.का.म.

परिच्छेद : ६
सामाजिक क्षेत्र

६.१ शिक्षा

१. पृष्ठभूमि

संविधानले शिक्षामा आधारभूत तहसम्म अनिवार्य र माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक प्रत्याभूत गरेको छ । शिक्षा विना दिगो विकास, शान्ति र समृद्धि सम्भव हुँदैन । प्रदेशमा हाल वाल विकास केन्द्रदेखि विश्वविद्यालयसम्म जम्मा ५,७७५ वटा शैक्षिक संस्थाहरू सञ्चालनमा रहेका छन् । उच्च शिक्षाको हकमा मध्य पश्चिमाञ्चल विश्वविद्यालय, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र कर्णाली प्राविधिक शिक्षालयले पनि प्रदेशमा शैक्षिक जनशक्ति उत्पादनमा योगदान पुऱ्याउँदै आएका छन् । विद्यमान शैक्षिक अवस्थालाई थप गुणस्तरीय बनाई संविधानले निर्दिष्ट गरेको मुलभूत लक्ष्य पुरा गर्नुपर्ने देखिएको छ ।

२. प्रमुख समस्या

सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्न नसकिनु, विभेद रहित बालमैत्री सिकाइको वातावरण नहुनु, शिक्षाको गुणस्तरमा अपेक्षित सुधार नहुनु, बीचैमा विद्यालय छाड्ने दर घटाउन नसक्नु, आवश्यकता अनुसार योग्य शिक्षकहरूको व्यवस्थापन गर्न नसक्नु, विद्यालयको सक्षमताका सूचकहरू बलियो हुन नसक्नु, व्यावसायिक तथा प्राविधिक शिक्षाको अभाव रहनु र भएका पाठ्यक्रमहरू पनि समय सापेक्षिक रूपमा सीपमूलक तथा जीवन उपयोगी हुन नसक्नु उच्च शिक्षामा गुणस्तर नहुनु प्रमुख समस्याहरू हुन्।

३. चुनौती तथा अवसर

गुणस्तरीय शिक्षामा सबैको पहुँच पुऱ्याउनु, सिकाइ उपलब्धि अपेक्षित रूपमा हासिल गर्नु, आन्तरिक सक्षमता बलियो बनाउनु, विद्यार्थीको अनुपातमा विषय शिक्षकको प्रवन्ध गर्नु, सबै प्रकारका भेदभावरहित शैक्षिक वातावरण सुनिश्चित गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच अभिवृद्धि गर्नु, विद्यालय तथा विश्वविद्यालय शिक्षालाई काम तथा रोजगारीसँग जोड्नु, शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, अपाङ्गमैत्री शैक्षिक पूर्वाधार निर्माण गर्नु, सूचना तथा सञ्चार प्रविधिको बिस्तार गर्नु प्रमुख चुनौतीहरू हुन् ।

शिक्षामा पहुँच वृद्धि तथा गुणस्तर सुधारको अवसर प्राप्त हुनु, विद्यालय शिक्षामा खुद भर्ना दर र लैङ्गिक समता सूचकमा प्रगति हुँदै जानु, सामुदायिक विद्यालयप्रति सबै सरोकारवालाहरूको चासो बढ्नु, शिक्षा तीनैतहका सरकारको साझा जिम्मेवारीभित्र पर्नु, शिक्षामा लगानी बढ्दै जानु र विज्ञान र प्रविधिको विकास र माग बढ्दै जानु अवसरहरू हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

सभ्य र प्रतिस्पर्धी मानव पुँजीको निर्माण ।

४.२ लक्ष्य

शिक्षाको विकास र विस्तार गरी मानव पुँजी र पहुँच सुनिश्चित गर्ने ।

४.३ उद्देश्य

- शैक्षिक गुणस्तरमा सुधार गर्दै स्वावलम्बी र प्रतिस्पर्धी मानव संशाधनको विकास तथा परिचालन गर्नु,
- शैक्षिक क्षेत्रमा कुशल व्यवस्थापन मार्फत ज्ञान, विज्ञान, प्रविधि र नवप्रवर्तन अभिवृद्धि गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. माध्यमिक तहसम्मको शिक्षामा सबै बालबालिकाको सहज पहुँच पुऱ्याउने ।	क) सबै स्थानीय तहका वडाहरूमा कम्तिमा एक विद्यालय एक बालविकास केन्द्र बिस्तार गर्न सहजीकरण गरिनेछ । ख) जोखिममा रहेका, अपाङ्गता भएका र विपन्न बालबालिकाहरूलाई अध्ययनको अवसर प्रदान गरेर आफ्नो भौगोलिक क्षेत्रभित्र सबै बालबालिकाहरू विद्यालय भर्ना भएको घोषणा गर्न सहजीकरण गरिनेछ । ग) विद्यालय शिक्षामा समतामूलक पहुँचको सुनिश्चितता गर्न हिमाली जिल्लामा आवासीय विद्यालय र सबै स्थानीय तहमा नमुना विद्यालयको स्थापना गर्न सहकार्य गरिनेछ ।

रणनीति	कार्यनीति
२. शिक्षामा गुणस्तर अभिवृद्धि गर्ने।	क) गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै सिकाइ उपलब्धिमा उल्लेख्य सुधार ल्याइनेछ । ख) पाठ्यक्रम र पाठ्यपुस्तकलाई गुणस्तरीय र समयानुकूल बनाउनका लागि सहजीकरण गर्ने र स्थानीय पाठ्यक्रम निर्माणमा सहयोग गरिनेछ। ग) सबै शिक्षालयहरूमा आवश्यकता अनुसार भौतिक पूर्वाधार, दरवन्दी, तालिम प्राप्त दक्ष शिक्षकका साथै प्रभावकारी अनलाइन शिक्षाको व्यवस्था गरिनेछ ।
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम उपलब्ध गराउने ।	क) प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासको रणनीतिक योजना तयार गरी उपयुक्त स्थानहरूमा प्राविधिक शिक्षाको बिस्तार गरिनेछ । ख) प्राविधिक क्षमता र रोजगारी बढाउन कर्णाली प्राविधिक तथा व्यावसायिक शिक्षा परिषद् स्थापना गरिनेछ । ग) क्षमतामा आधारित व्यावसायिक सीप विकासका अवसरहरू प्रदान गरिनेछ । घ) आवश्यकता पहिचान गरी बहुप्राविधिक शिक्षालय स्थापना गरिनेछ ।
४. विश्वविद्यालय तथा शिक्षण संस्थाहरूलाई प्रविधियुक्त अनुसन्धान केन्द्रको रूपमा विकास गर्ने ।	क) पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना गरिनेछ । ख) मापदण्ड निर्माण गरी सोही आधारमा उच्च शिक्षा प्रदायक संस्थाहरूको गुणस्तर मापन तथा सुधार गरिनेछ । ग) विश्वविद्यालयहरूलाई नवीनतम् ज्ञान र अनुसन्धान केन्द्रका रूपमा विकास गरिनेछ ।
५. परम्परागत ज्ञान, सीप तथा वैकल्पिक सिकाइलाई सीपमूलक तथा आयमूलक	क) अनौपचारिक र वैकल्पिक माध्यमबाट सिकाई सुनिश्चित गर्ने गरी सीपहरूको अभिलेखीकरण, परीक्षण तथा प्रमाणीकरणका लागि कार्यविधि र संयन्त्र तयार गरिनेछ । ख) परम्परागत ज्ञान र सीपलाई प्रयोग गरी आयमूलक रोजगार प्रवर्द्धन गरिनेछ ।

रणनीति	कार्यनीति
कार्यक्रमसँग आवद्ध गर्ने ।	ग) पठन संस्कृतिको विकास गर्न सार्वजनिक पुस्तकालय प्रणालीको विकास गरी प्रदेश र स्थानीय तहमा ई-पुस्तकालयको स्थापना गरिनेछ।
६. अनुगमन र मूल्याङ्कन प्रणाली सुदृढ गर्दै शैक्षिक क्षेत्रमा सुशासन कायम गर्ने ।	क) शैक्षिक प्रशासनमा समसामयिक सुधार गर्दै पारदर्शीता, जवाफदेहीता र सामुदायिक सहभागिता प्रवर्द्धन गरिनेछ । ख) शिक्षकहरूको कार्य सम्पादनलाई विद्यार्थीहरूको सिकाइ उपलब्धिसँग आवद्ध गरी प्रोत्साहनको व्यवस्था गरिनेछ । ग) विद्युतीय प्रणालीबाट अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ।

५. अपेक्षित उपलब्धि

योजना अवधिमा प्रदेशको साक्षरता दर ९५ प्रतिशत पुगेको हुनेछ । आधारभूत तहको खुद भर्ना दर ९८ प्रतिशत पुगेको हुनेछ । माध्यमिक तहको खुद भर्ना दर ६५ प्रतिशत पुगेको हुनेछ । उच्च शिक्षामा कूल भर्ना दर १९ प्रतिशत पुगेको हुनेछ । अन्तर्राष्ट्रिय मापदण्डको पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना भएको हुनेछ ।

६.२ स्वास्थ्य

१. पृष्ठभूमि

स्वास्थ्य क्षेत्रमा गरिएका लगानी र व्यवस्थापनबाट उल्लेख्य सफलता हाँसिल भए तापनि भौगोलिक विकटताको कारणले बहुसङ्ख्यक जनता अझै पनि आधारभूत स्वास्थ्य सेवाको पहुँचमा पुग्न सकेका छैनन् । प्रतिहजार जीवित जन्ममा शिशु मृत्युदर ४७, नवजात शिशु मृत्युदर २९, पाँच वर्ष मुनिको बाल मृत्युदर ५८ तथा प्रतिलाख जीवित जन्ममा मातृ मृत्युदर २३९ (राष्ट्रिय सूचक) मा झरेको छ भने कूल प्रजनन दर २.८ प्रति महिला रहेको छ । पाँच वर्ष मुनिका पुड्कोपना भएका बालबालिका ५४.५ प्रतिशत रहेका छन् । आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदेशभित्रै उपलब्ध हुने गरी स्वास्थ्य क्षेत्रका पूर्वाधार, प्रविधि तथा जनशक्तिको उपलब्धता सुनिश्चित गर्नेतर्फ योजना केन्द्रित हुनेछ ।

२. प्रमुख समस्या

स्वास्थ्य संस्थाहरू आवश्यकता अनुसार सवै स्थानमा नहुनु वा सहज पहुँच नहुनु, स्वास्थ्य सम्बन्धी चेतनाको कमी हुनु, जनस्वास्थ्य सम्बन्धी कार्यक्रमहरू पर्याप्त नहुनु, दरवन्दी अनुसारका चिकित्सक र अन्य स्वास्थ्यकर्मीहरू पूर्ति नहुनु, निःशुल्क वितरण गर्ने औषधिहरू आवश्यकता अनुसार उपलब्ध गराउन नसक्नु, सेवा प्रवाहको नियमित अनुगमन हुन नसक्नु, सबैलाई स्वास्थ्य बिमामा समेट्न नसक्नु, कोभिड-१९ लगायत सर्ने रोगको प्रकोप निरन्तर रहिरहनु, बढ्दै गएका नसर्ने रोगहरूको उपचार सुविधाहरू अपर्याप्त हुनु, प्रदेशभित्र उच्च प्रविधियुक्त ट्रमा सेन्टर नहुनु, मातृ तथा नवजात शिशु र पाँच वर्ष मुनीका बालबालिकाको मृत्युदर तुलनात्मक रूपमा बढी रहनु प्रमुख समस्याका रूपमा रहेका छन् ।

३. चुनौती तथा अवसरहरू

प्रदेशको स्वास्थ्य सेवाका सबै आवश्यकताहरू स्थानीय रूपमै परिपूर्ति हुने गरी स्वास्थ्य क्षेत्रको क्षमतामा अभिवृद्धि गर्नु, दरवन्दी अनुसारका चिकित्सक र स्वास्थ्यकर्मीको व्यवस्था मिलाउनु, प्रदेशस्तरमा सुविधा सम्पन्न अस्पतालहरूको निर्माण गर्नु, स्वास्थ्य क्षेत्रका प्रमुख सूचकहरूमा राष्ट्रिय लक्ष्य तथा दिगो विकास लक्ष्यलाई हाँसिल गर्ने गरी प्रगति गर्नु चुनौतीको रूपमा रहेको छ ।

स्वास्थ्य क्षेत्रमा नागरिकहरूको सचेतना बढ्दै जानु, स्वास्थ्य क्षेत्र सङ्घ, प्रदेश र स्थानीय तहको समेत प्राथमिकतामा पर्नु, यस क्षेत्रमा लगानी बढ्दै जानु, दक्ष चिकित्सक तथा अन्य प्राविधिकहरूको उपलब्धतामा वृद्धि हुँदै जानु, विकास साझेदारहरूको स्वास्थ्य क्षेत्रमा सहकार्य र जनताको माग बढ्दै जानु, औषधिको लागि चाहिने जडीबुटीहरू प्रचुर मात्रामा उपलब्ध हुनु र सुविधा सम्पन्न कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना हुनु प्रमुख अवसरहरूका रूपमा रहेका छन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

स्वस्थ र सुखी कर्णालीबासी ।

४.२ लक्ष्य

गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच अभिवृद्धि गर्ने ।

४.३ उद्देश्य

- स्वास्थ्य सेवा प्रदायक निकायहरूबाट गुणस्तरीय सेवा प्रवाह गर्नु ।
- स्वास्थ्य प्रणालीमा सुधार गर्न प्रविधियुक्त स्वास्थ्य सेवा स्थानीय स्तरमै उपलब्ध गर्नु ।
- आधुनिक तथा बैकल्पिक स्वास्थ्य सेवाहरूमा सबैको पहुँच सुनिश्चित गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने।	क) स्वास्थ्य सेवाका लागि आवश्यक भौतिक पूर्वाधार तथा दक्ष जनशक्तिको व्यवस्था गरिनेछ । ख) दुर्गम ग्रामीण क्षेत्रमा आधारभूत स्वास्थ्य सेवा पहुँच बिस्तार गर्न सहकार्य गरिनेछ । ग) टेलीमेडिसिन तथा घुम्ती सेवा कार्यक्रम मार्फत स्वास्थ्य सेवा नियमित व्यवस्था गरिनेछ । घ) लक्षित समूहका लागि खोप, पोषण, सुरक्षित मातृत्व, परिवार नियोजन र रोग व्यवस्थापन सेवालाई नियमित तथा अनिवार्य हुने गरी बिस्तार गरिनेछ । ङ) स्वास्थ्य स्वयंसेवकहरूको सेवालाई प्रभावकारी बनाइनेछ। च) अस्पताल नभएका स्थानीय तहमा एउटा १५ शैयाको अस्पताल तथा सबै वडाहरूमा आधा घण्टाको दुरीभित्र आधारभूत स्वास्थ्य सेवा उपलब्ध हुने गरी स्वास्थ्य केन्द्र, उपकेन्द्रहरूको बिस्तार गर्न सहकार्य गरिनेछ ।
२. स्वास्थ्य प्रणालीमा सुधार गर्दै विशिष्टिकृत स्वास्थ्य सेवा प्रदेशभित्रै उपलब्ध हुने व्यवस्था गर्ने ।	क) प्रदेश अस्पतालको स्तरोन्नति गरी आधुनिक चिकित्सा प्रविधि र विशिष्टीकृत स्वास्थ्य सेवा सहितको मेडिकल कलेजको रूपमा विकास गरिनेछ । ख) कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई स्वास्थ्य अनुसन्धान केन्द्रको रूपमा विकास गर्न सहजीकरण गरिनेछ । ग) सेवा प्रदायक, सेवाग्राही लगायत सबै पक्षको समन्वयात्मक सहकार्य सुनिश्चत गरिनेछ ।

रणनीति	कार्यनीति
	घ) मानसिक स्वास्थ्य सेवालाई बिस्तार र सुदृढ गरिनेछ। ङ) दैलेखको राकममा ट्रमा सेन्टर स्थापना गरिनेछ ।
३. वैकल्पिक चिकित्सा पद्धतिहरूको विकास गर्ने ।	क) आयुर्वेद, प्राकृतिक चिकित्सा लगायतका प्रचलित वैकल्पिक चिकित्सा पद्धतिहरूलाई निश्चित मापदण्डका आधारमा विकास र बिस्तार गरिनेछ । ख) प्रदेशमा उपलब्ध औषधिजन्य जडीबुटी एवम् खनिजहरूको पहिचान, सङ्कलन, प्रशोधन, संरक्षण र विकास गरिनेछ । ग) आयुर्वेदिक अनुसन्धान केन्द्र, प्रयोगशाला र औषधालयको व्यवस्था गरिनेछ ।
४. विपद् व्यवस्थापन तथा स्वास्थ्य जनचेतना अभिवृद्धि गर्ने ।	क) विपद् तथा महामारीका बेला तत्काल आवश्यक स्वास्थ्य सेवा उपलब्ध हुन सक्ने गरी पूर्व तयारीको व्यवस्था गरिनेछ । ख) विपद्को समयमा स्वास्थ्य सेवा सुनिश्चित गर्न द्रुत प्रतिकार्य टोलीको व्यवस्था गरी परिचालन गरिनेछ । ग) समुदायमा स्वास्थ्य सचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गर्न सहजीकरण गरिनेछ ।

५. अपेक्षित उपलब्धिहरू

सबै नागरिकले आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गरेका हुनेछन् । प्रदेश अस्पतालमा आधुनिक चिकित्सा प्रविधि र विशिष्टिकृत स्वास्थ्य सेवा सहितको मेडिकल कलेज स्थापना भएको हुनेछ । आयुर्वेद अनुसन्धान केन्द्र तथा प्रयोगशाला स्थापना भएको हुनेछ । कर्णालीबासीको अपेक्षित आयु ७० वर्ष पुगेको हुनेछ । प्रतिलाख जीवित जन्ममा मातृमृत्यु अनुपात १२५ जना भएको हुनेछ । पाँचवर्षमुनिको वाल मृत्युदर ३५ मा झरेको हुनेछ । स्वास्थ्य बिमामा आबद्ध भएको जनसङ्ख्या ६३ प्रतिशत पुगेको हुनेछ । आधा घण्टाको दुरीमा स्वास्थ्य सेवामा पहुँच भएका घरपरिवार ६० प्रतिशत पुगेको हुनेछ । पाँचवर्ष मुनिका बालबालिकाको पुड्कोपना ४० प्रतिशतमा झरेको हुनेछ । पाँचवर्ष मुनिका कम तौल भएका बच्चाहरूको सङ्ख्या २० प्रतिशतमा झरेको हुनेछ । गर्भवती तथा बालबालिकामा भएको रक्तअल्पता क्रमशः १७ प्रतिशत र २४ प्रतिशतमा झरेको हुनेछ ।

६.३ जनसङ्ख्या तथा बसाईँसराइ

१. पृष्ठभूमि

वि.सं. २०६८ सालको राष्ट्रिय जनगणनाको तथ्याङ्क अनुसार कर्णाली प्रदेशको कूल जनसङ्ख्या १५,७०,४१८ रहेको छ जसमा पुरुषको सङ्ख्या ७,६७,९२३ र महिलाको सङ्ख्या ८,०२,४९५ रहेको छ । प्रदेशमा कूल २,९८,१७४ घर परिवार रहेको पाइन्छ र जनघनत्व प्रति वर्ग कि.मी. ५६ रहेको छ । लैङ्गिक अनुपात ९५.६९, परिवारको औषत आकार ५.४ र जनसङ्ख्या वृद्धि दर १.८ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७७/०७८ को प्रक्षेपित जनसङ्ख्या १८,२४,८३० र घर परिवारको सङ्ख्या ६,६४,९६६ रहेको छ । यस प्रदेशमा उच्च हिमाली तथा ग्रामीण बस्तीहरूबाट शहरी बस्तीहरूमा बसाईँसराइको चाप अत्याधिक रहेको छ । रोजगारीका लागि पनि मौसमी बसाईँसराइ हुने गरेको पाइन्छ । प्रदेशभित्रै उत्पादनशील रोजगारीका पर्याप्त अवसरहरूको सिर्जना गर्नुका साथै गाउँबस्तीहरूमा आधुनिक आधारभूत सेवा सुविधा एकीकृत रूपमा प्रवाहित गर्दै जनसङ्ख्याको उचित व्यवस्थापन गर्नेतर्फ योजनाको जोड रहने छ ।

२. प्रमुख समस्या

शहरी क्षेत्रहरूमा बसाईँसराइको कारणले बढेको जनसङ्ख्याको चापको प्रभावकारी व्यवस्थापन हुन नसक्नु, जनसङ्ख्यालाई केन्द्रविन्दु मानी विकास योजना तर्जुमा तथा कार्यान्वयन हुन नसक्नु, अव्यवस्थित वसाईँसराइ बढ्दै जानु, उच्च पहाडी क्षेत्रमा छरिएर रहेका बस्तीहरूमा जनसङ्ख्या तथा विकासबीच सन्तुलन कायम गर्न नसकिनु, उमेर नपुग्दै विवाह तथा गर्भधारण हुनु, प्रजनन् तथा मातृ स्वास्थ्यमा अपेक्षा गरिएअनुसार सुधार हुन नसक्नु, उत्पादनशील जनशक्ति विदेशिएको कारणले कृषि तथा अन्य क्षेत्रको उत्पादनमा नकारात्मक असर पर्नु प्रमुख समस्या हुन् ।

३. चुनौती तथा अवसर

उत्पादनशील जनशक्तिलाई प्रदेशभित्रै रोजगारीको अवसरहरू उपलब्ध गराउने, बदलिंदो उमेर संरचना र लैङ्गिक अनुपातले पार्ने नकारात्मक प्रभावको व्यवस्थापन गर्ने, बालविवाह अन्त गर्ने, प्रजनन् तथा प्रजनन् स्वास्थ्यलाई अधिकारका रूपमा प्रचलनमा ल्याउने, सन्तुलित बसाईँसराइको समुचित व्यवस्थापन गर्ने, आधारभूत सुविधा

सहितको एकीकृत बस्ती विकास गर्ने र विकास तथा जनसङ्ख्या व्यवस्थापनबीच सन्तुलन कायम गर्ने प्रमुख चुनौतीहरू रहेका छन् ।

प्रदेशमा सक्रीय जनसङ्ख्याको प्रतिशत उच्च रहेकोले जनसांख्यिक लाभांश लिन सकिने अवस्था हुनु, जनसङ्ख्या तथा बसाइँसराइको व्यवस्थापन सङ्घीय तथा प्रदेश सरकारको प्राथमिकतामा पर्नु, वैदेशिक रोजगारीबाट फर्केका युवाहरूले आर्जन गरेको सीप र आयबाट उद्यमशीलता विकासमा योगदान पुग्न सक्ने स्थिति हुनु, जनसङ्ख्या र बसाइँसराई व्यवस्थापनमा सरोकारवालाहरूको चासो बढ्दै जानु अवसरको रूपमा रहेका छन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

सक्षम नागरिक र व्यवस्थित बसाइँसराइ ।

४.२ लक्ष्य

जनसङ्ख्या तथा बसाइसराइँको प्रभावकारी व्यवस्थापन गर्ने ।

४.३ उद्देश्य

जनसङ्ख्या व्यवस्थापनबाट स्वस्थ, उत्पादनशील र स्तरीय जीवनयापनको वातावरण तयार गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. जनसङ्ख्या व्यवस्थापनलाई समग्र विकासको अभिन्न अङ्गका रूपमा स्थापित गर्ने।	क) प्रदेशको सन्दर्भमा विद्यमान क्षेत्रगत नीति, योजना तथा कार्यक्रमहरूको जनसाङ्ख्यिक दृष्टिकोणवाट पुनरावलोकन गरिनेछ । ख) प्रदेशभित्र विभिन्न विषयगत क्षेत्रमा आवश्यक पर्ने दक्ष र प्राविधिक जनशक्तिको प्रक्षेपण गरी सोही अनुसार जनशक्ति उत्पादन एवम् आपूर्तिको व्यवस्था मिलाइनेछ । ग) जनसङ्ख्याका विविध पक्षहरूलाई सामाजिक, आर्थिक तथा भू-राजनीतिक आयामहरूमा

रणनीति	कार्यनीति
	एकीकृत गर्दै प्रभावकारी व्यवस्थापन गरिनेछ । घ) जनसङ्ख्या व्यवस्थापनका लागि साझेदारी र सहकार्यलाई प्रोत्साहन गरिनेछ । ङ) व्यक्तिगत घटना दर्तालाई व्यवस्थित गर्न सहजीकरण गरिनेछ ।
२. स्वस्थ जीवनयापनका लागि उपयुक्त जीवनशैली एवम् वातावरणको निर्माण गर्ने ।	क) जनसङ्ख्याको कोरा मृत्युदर घटाई अपेक्षित आयु वृद्धि गरिनेछ । ख) धुम्रपान, मद्यपान जस्ता स्वास्थ्यमा नकारात्मक असर पार्ने वस्तुको उत्पादन तथा विक्री वितरणलाई नियमन गर्दै निरुत्साहित गरिनेछ। ग) स्वस्थ खानपान, आहार, व्यवहार तथा व्यायामयुक्त स्वस्थ जीवनशैली अपनाउन सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । घ) प्रदुषणविहीन वैकल्पिक ऊर्जा विकासमा जोड दिंदै, ग्रामीण क्षेत्रमा धुवाँरहित चुलोको प्रवर्द्धन गर्न स्थानीय तहहरूसँग समन्वय गरिनेछ ।
३. बाह्य तथा आन्तरिक बसाइँसराइको प्रभावकारी व्यवस्थापन गर्ने।	क प्रदेशभित्रै उद्योगधन्दाको विकास र आय आर्जनका क्रियाकलापद्वारा रोजगारीका अवसर वृद्धि गर्दै वैदेशिक रोजगारीमा जाने दर घटाउनेछ । ख) आन्तरिक बसाइँसराइबाट रैथाने वासिन्दाहरूको आर्थिक, सामाजिक, सांस्कृतिक विकासमा विचलन हुन नदिन कार्यक्रमहरू सञ्चालन गरिनेछ । ग) ग्रामीण बस्तीहरूमै आधारभूत भौतिक पूर्वाधार र सेवा सुविधाहरू उपलब्ध गराई आन्तरिक बसाइँसराइको चापलाई कम गर्दै लगिनेछ । घ) आन्तरिक र बाह्य बसाइँसराइ सम्बन्धी अभिलेखन र तथ्याङ्क प्रणालीलाई व्यवस्थित गर्न स्थानीय तहहरूलाई सहजीकरण गरिनेछ ।

५. अपेक्षित उपलब्धि

सीपयुक्त र उद्यमी जनसङ्ख्याको अनुपात वृद्धि भएको हुनेछ । सुरक्षित वसाइँसराइ तथा जनसङ्ख्याको व्यवस्थापन उचित तरिकाले भएको हुनेछ ।

६.४ युवा

१. पृष्ठभूमि

युवाहरू आर्थिक र सामाजिक परिवर्तनको संवाहक शक्ति हुन् । युवाबाट नै **समृद्ध कर्णाली सुखारी कर्णालीबासी**को परिकल्पना साकार हुन सक्दछ । युवाहरूमा ज्ञान, सीप, प्रविधि, सिर्जनशीलता र उद्दमशीलताको विकास एवम् पर्याप्त रोजगारीका अवसरहरू उपलब्ध गराउनु अहिलेको प्रमुख आवश्यकता हो । युवाहरूका लागि सर्वाङ्गीण विकासका अवसरहरू सिर्जना गर्दै प्रदेश विकासको अभियानमा सकारात्मक सोचका साथ एकीकृत र समर्पित हुने वातावरण बनाउने तर्फ योजनाको प्रयास लक्षित हुनेछ।

२. प्रमुख समस्या

प्रदेशका सिर्जनशील, उर्जावान युवालाई विदेसिनबाट रोक्न नसक्नु, युवालाई विकास निर्माणमा लगाउन विश्वसनीय र भरपर्दो पूर्वाधार नहुनु, युवा सम्बन्धी कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु, युवाको यथार्थ अवस्थाको सम्बन्धमा विश्वसनीय अभिलेख नहुनु, युवालाई प्रदेशको विकास निर्माणमा परिचालन गर्नको लागि भरपर्दो आधार नहुनु, स्थानीय तहमा रोजगारीका सम्भावनाहरू कम हुनु, समाजमा विद्यमान कुरीति, अन्धविश्वास, सामाजिक विभेद जस्ता कुरालाई हटाउन नसक्नु प्रमुख समस्याहरू हुन् ।

३. चुनौती तथा अवसर

प्रदेशको आवश्यकता अनुसारको सीप र सीप अनुसारको रोजगारी सुनिश्चित गर्ने, उर्जावान युवाहरूलाई सीप र उद्यमशीलतायुक्त बनाउने, प्रदेशभित्रै उत्पादनशील रोजगारीका अवसरहरू सिर्जना गरी प्रतिभाहरूको पलायन रोक्ने, युवा उद्यमशीलताका लागि लगानीमैत्री वातावरण सिर्जना गर्ने, युवाहरूका लागि वित्तीय र सामाजिक आर्थिक सेवाहरूमा पहुँच सुनिश्चित गर्ने, सामाजिक विभेद, अन्धविश्वासलाई हटाउने जस्ता चुनौतीहरू छन् ।

युवाको विकासका लागि संवैधानिक नीतिगत, कानुनी र संरचनागत व्यवस्था हुनु, प्राविधिक तथा व्यावसायिक शिक्षाका अवसर बिस्तार हुदै जानु, उद्यमशीलता र रोजगारीका अवसरहरू वृद्धि हुदै जानु, युवालाई विकास निर्माणको मूल प्रवाहमा समाहित गर्ने कार्यमा सरकारको उच्च प्राथमिकता हुनु अवसरका रूपमा रहेका छन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

स्वावलम्बी र नैतिकवान युवा ।

४.२ लक्ष्य

युवालाई आत्मोन्नतिका अवसरहरू प्रदान गरी समग्र विकास प्रक्रियामा परिचालन गर्ने ।

४.३ उद्देश्य

युवालाई ज्ञान, सीप, प्रविधियुक्त, उद्यमशील र स्वावलम्बी बनाउदै विकासको सम्वाहक शक्तिको रूपमा स्थापित गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. व्यावसायिक सीप विकास, उद्यमशीलता र स्वरोजगारीका कार्यक्रमहरूको बिस्तार गर्ने ।	क) युवाहरुको सशक्तीकरण र विकास लागि प्रदेश र जिल्लाहरुमा युवा परिषद् गठन गरी युवाहरुको संस्थागत विकास गरिनेछ । ख) व्यावसायिक सीप र तालिमका अवसरहरू बढाई युवा उद्यमशीलताका लागि सङ्घ र स्थानीय तहसँग सहकार्य गरिनेछ । ग) बजारको माग अनुरूप उद्यमशीलता विकासका लागि आवश्यक परामर्श सेवाका साथै प्राविधिक सहयोग उपलब्ध गराइनेछ । घ) अन्य मुलुकका कामबाट आर्जित ज्ञान, सीप, प्रविधि, पुँजी र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ । ङ) परम्परागत सीप, पेशा र व्यवसायलाई प्रवर्द्धन र

रणनीति	कार्यनीति
	व्यवसायीकरण गर्न सहयोग गरिनेछ । च) उद्योग व्यवसाय सञ्चालन गर्ने युवाको लागि सहुलियत दरमा कर्जा र बिमाको व्यवस्था गरिनेछ। छ) रोजगार विनिमय सेवालाई प्रभावकारी बनाईनेछ ।
२. विकास निर्माणमा युवाको सक्रीय सहभागिता गराउने।	क) सबै जिल्लामा युवा सञ्जालको संस्थागत विकास गरिनेछ । ख) युवाहरूलाई सामुदायिक विकासका कार्यहरूमा सहभागी गराइनेछ । ग) अनुसन्धान केन्द्र मार्फत युवालाई अनुसन्धान कार्यमा परिचालन गरिनेछ ।
३. कृषिमा युवाको आकर्षण बढाउने ।	क) पुँजी, प्रविधि र सीप उपलब्ध गराइ प्राङ्गारिक कृषिमा युवाहरूलाई संलग्न गरिनेछ । ख) युवाहरूको नेतृत्वमा नमुना फार्महरू र उत्पादनमा आधारित मूल्य श्रृङ्खलाहरूको विकास गरिनेछ ।

५. अपेक्षित उपलब्धि

व्यवसाय, रोजगारी र सामुदायिक विकासमा युवाको संलग्नता बढेको हुनेछ ।वैदेशिक रोजगारीमा जाने युवाहरूको सङ्ख्यामा कमी आएको हुनेछ । वैदेशिक रोजगारबाट फर्केका यूवाहरूलाई लक्षित उद्यमशीलता विकासका कार्यक्रमहरू सञ्चालन भएको हुनेछ । युवा स्वरोजगारका कार्यक्रमहरूमा युवाहरूको सहभागिता वृद्धि भएको हुनेछ । कृषि क्षेत्रमा युवाहरूको संलग्नता बढेको हुनेछ ।

६.५ महिला सशक्तीकरण तथा लैङ्गिक समानता

१ पृष्ठभूमि

संविधानले असहाय अवस्थामा रहेका एकल महिला र जोखिममा परेका तथा पारिवारिक वहिष्करणमा परेका, हिंसा पीडित महिलाहरूलाई रोजगारीमा प्राथमिकता दिई संरक्षण, सशक्तीकरण र पुनर्स्थापना गर्ने व्यवस्था गरेको छ । विकासका हरेक क्षेत्रमा महिलाको समानुपातिक, सन्तुलित, समन्यायिक र अर्थपूर्ण सहभागिता हुन सकेमात्र प्रदेशको दिगो शान्ति र उन्नति सम्भव हुन्छ । सरकारी, गैरसरकारी र

निजी क्षेत्रबाट हालसम्म भएका विभिन्न प्रयासहरूबाट महिलाहरूको सामाजिक-आर्थिक अवस्थामा केही सुधार देखिए तापनि सारभूत परिवर्तन अझै आउन सकेको छैन । यस पृष्ठभूमिमा महिलाहरूको आर्थिक, सामाजिक, राजनैतिक तथा समग्र मानव अधिकारहरूको संरक्षण र प्रवर्द्धन गर्दै प्रदेशलाई लैङ्गिक दृष्टिले विभेदरहित, हिंसारहित समतामूलक प्रदेशमा रूपान्तरण गर्नुपर्नेछ ।

२. प्रमुख समस्या

लैङ्गिक हिंसा, घरेलु तथा यौनजन्य हिंसा, हानिकारक सामाजिक अभ्यासहरूले निरन्तरता पाइरहनु, लैङ्गिक विभेद कायमै रहनु, लैङ्गिक खण्डिकृत तथ्याङ्कको अभाव हुनु, सामाजिक तथा पारिवारिक बहिष्करणमा परेका तथा हिंसा प्रभावित महिला लक्षित कार्यक्रमहरूमा समन्वय र सहकार्य हुन नसक्नु, महिलाहरू माथि हुने गरेको विभेद, छुइ प्रथा तथा बालविवाह जस्ता कुराहरूको अन्त्य हुन नसक्नु प्रमुख समस्या हुन्।

३. चुनौती र अवसर

लैङ्गिक समानता सम्बन्धी नीति, योजना तथा कार्यक्रमहरूमा समन्वय कायम गर्नु, महिला सशक्तीकरण र विकास सम्बद्ध सबै सरकारी तथा गैरसरकारी निकायहरूलाई प्रभावकारी रूपमा परिचालन गर्नु, कर्णालीबासी महिलाको जीवनमा सारभूत समानता कायम गर्दै गलत परम्परा र अभ्यासहरूको निराकरण गर्नु, महिलामाथि हुने हिंसा र विभेदको अन्त्य गर्नु प्रमुख चुनौती हुन् ।

सकारात्मक कानुनी प्रावधानहरू विद्यमान रहनु, महिलाको राजनीतिक सहभागिता उत्साहजनक रहनु, सरकारी तथा गैरसरकारी क्षेत्रमा लैंगिक सशक्तीकरणका लागि तत्परता देखिनु, शिक्षा तथा चेतना स्तरमा अभिवृद्धि हुनु, सामाजिक मूल्य मान्यतामा क्रमशः सकारात्मक परिवर्तन देखा पर्नु अवसरहरू हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

लैङ्गिक समानतायुक्त प्रदेश निर्माण ।

४.२ लक्ष्य

महिलालाई समन्यायिक ढङ्गले विकासका अवसरहरूमा पहुँच प्रदान गर्ने ।

४.३ उद्देश्य

सबै प्रकारका लैङ्गिक विभेद, हिंसा र शोषणको अन्त्य गरी विकासमा महिलाको समान र सार्थक सहभागिता सुनिश्चित गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. लैङ्गिक समानतामैत्री नीति तथा बजेट विनियोजन पद्धति अवलम्बन गर्ने ।	क) लैङ्गिक तथा घरेलु हिंसासम्बन्धी विद्यमान कानुनहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ । ख) लैङ्गिक तथा घरेलु हिंसाका कारण पर्न जाने सामाजिक, आर्थिक तथा स्वास्थ्य एवम् व्यक्तित्व विकास सम्बन्धी नकारात्मक असर र कानुनी प्रावधानवारे सामाजिक जागरण अभियान सञ्चालन गरिनेछ । ग) घरेलु तथा महिला हिंसाको विषयलाई सम्बोधन गर्न हेल्पलाईन, सुरक्षा गृह, कानुनी सहायता र पुनर्स्थापनाको व्यवस्था गरिनेछ । घ) लैंङ्गिक उत्तरदायी बजेट विनियोजन प्रणालीलाई प्रदेश तथा सबै स्थानीय तहसम्म संस्थागत गरिनेछ ।
२. आर्थिक र सामाजिक रूपमा पछाडि परेका महिलाको आर्थिक-सामाजिक-राजनैतिक सशक्तीकरण गर्ने ।	क) राउट्या, बादी, दलित, सीमान्तकृत लगायत सबै विपन्न र अवसरबाट बञ्चित महिलाहरूको क्षमता विकास र सशक्तीकरणका लागि स्थानीय तहसँग समन्वय गरी लक्षित कार्यक्रम ल्याइनेछ । ख) महिलाहरूलाई उद्यमशीलता, उन्नत प्राङ्गारिक कृषि उत्पादन, सीप तथा व्यावसायिक क्षमता अभिवृद्धि र वित्तीय तथा डिजिटल साक्षरता सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ । ग) सुरक्षित महिनावारी र प्रजनन् अधिकार सुनिश्चित गर्नुका साथै छुई समयलाई महिलाको सुरक्षित र सरसफाई गर्ने अवधिको रूपमा उपयोग गर्न लगाइनेछ । घ) महिलाहरूको बहुआयामिक विकासका लागि महिला विकास कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ ।

५. अपेक्षित उपलब्धि

सबै किसिमका हानिकारक सामाजिक अभ्यासमा कमी आएको हुनेछ । महिलामाथि हुने हिँसामा अपेक्षाकृत रूपमा कमी आएको हुनेछ । प्रदेशको हरेक तह, तप्का र क्षेत्रमा महिलाको पहुँच तथा उपस्थिति जनसाङ्ख्यिक अनुपातमा कायम भएको हुनेछ।

६.६ बालबालिका तथा किशोर किशोरी

१. पृष्ठभूमि

संविधानमा बालबालिकाको विकास, संरक्षण, सहभागिता लगायतको हकको प्रत्याभूति गरिएको छ । बालबालिका तथा किशोरकिशोरी आवाजविहीन र समाजका अत्यन्त संवेदनशील समूह भएकोले तुलनात्मक रूपमा उनीहरूलाई विशेष संरक्षणसहित विकास र सहभागिताका अवसरहरू आवश्यक पर्दछ । विगतमा बालबालिकाको स्वास्थ्य, शिक्षा, पोषण लगायत विकासका सूचकहरूमा धेरै सुधार भए तापनि कर्णाली प्रदेशमा बालबालिकाको संरक्षण, विकास र सहभागिताका लागि थप प्रयासको आवश्यकता महसुस गरिएको छ ।

२. प्रमुख समस्या

भौगोलिक विकटताका कारण बालबालिका तथा किशोरकिशोरीको शिक्षा, स्वास्थ्यमा पहुँच कम हुनु, बालश्रम, मानव ओसार पसार, बालविवाह, बाल यौन दुर्व्यवहार, बलात्कार, लागु पदार्थको दुर्ब्यसन जस्ता विकृति विसंगतिहरू विद्यमान रहनु, अनाथ, अभिभावकविहीन, द्वन्द्व प्रभावित तथा सडक बालबालिका तथा किशोरकिशोरीको विकासका लागि लक्षित कार्यक्रमको अभाव हुनु प्रमुख समस्या हुन् ।

३. चुनौती तथा अवसर

सहज रूपमा बालबालिका तथा किशोरकिशोरीको शिक्षा र स्वास्थ्यमा पहुँच पुऱ्याउनु, बालश्रम, मानव ओसार पसार, बालविवाह, बाल यौन दुर्व्यबहार, बलात्कार, लागु औषध दुर्ब्यसन लगायतका समस्याहरूको निराकरण गर्नुका साथै बालअधिकारबाट वञ्चित बालबालिका तथा किशोरकिशोरीको उचित संरक्षण र व्यवस्थापन गर्नु चुनौती हुन् ।

संविधानमा नै बालबालिकाको हक र अधिकारलाई मौलिक हकको रूपमा व्यवस्था गरिनु, दिगो विकास लक्ष्यले बालबालिकाको संरक्षण र विकासका लागि जोड दिनु, स्थानीय तहदेखि नै बालबालिका तथा किशोरकिशोरीको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्न बालक्लव तथा बालअधिकार समितिहरूको गठन गरिनु र प्रदेश तथा स्थानीय तहबाट बालबालिका तथा किशोर किशोरीको शिक्षा र स्वास्थ्यमा विशेष जोड दिइनु अवसरहरू हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

बालबालिका तथा किशोरकिशोरीमैत्री समाज निर्माण ।

४.२ लक्ष्य

बालबालिका तथा किशोर किशोरीहरूको उचित संरक्षण, विकास र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

४.३ उद्देश्य

बालबालिका तथा किशोर किशोरीहरूको समग्र विकासका लागि उपयुक्त पूर्वाधारहरू सहित अनुकूल वातावरण सिर्जना गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. बालबालिका तथा किशोर किशोरीको शिक्षा र स्वास्थ्य सेवामा पहुँच बढाउने ।	क) बालविकास कार्यक्रमलाई बिस्तार गरी सबै बालबालिकाको पहुँच सुनिश्चित गरिनेछ । ख) बालबालिका तथा किशोर किशोरीहरूको उमेर र कक्षा अनुसार सबै विद्यालयहरूमा अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिनेछ । ग) अनाथ, अभिभावकविहीन, द्वन्द्व प्रभावित तथा सडक बालबालिकाहरूको बालविकास केन्द्रमा पहुँच सुनिश्चित गर्न विशेष प्रवन्ध गरिनेछ । घ) बालबालिका तथा किशोरकिशोरीहरूको आधारभूत स्वास्थ्य र पोषण सम्बन्धी सेवामा पहुँच सुनिश्चित गरिनेछ ।

रणनीति	कार्यनीति
	ङ) किशोर किशोरीहरूलाई लक्षित गरी प्रजनन् स्वास्थ्य सञ्चालन गरिनेछ ।
२. बालबालिका तथा किशोरकिशोरी, असहाय, अनाथ, अशक्त तथा बेवारिसे बालबालिका बिरुद्ध हुने सबै प्रकारका हिँसाको अन्त्य गर्ने।	क) बालबालिका तथा किशोर किशोरीको अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी नीति, कानुन, योजना तथा कार्यक्रम र मापदण्डहरूको निर्माण तथा प्रभावकारी कार्यान्वयन गरिनेछ । ख) बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने हिंसा, यौन दुर्व्यवहार, बालश्रम, बलात्कार, लागुऔषध दुर्व्यसन, बेचबिखन तथा ओसारपसार, बालविवाह विरुद्धका विभिन्न अभियानहरू सञ्चालन गरिनेछ । ग) प्रदेशमा आपतकालीन बालउद्धार कोष स्थापना गरी सञ्चालन गरिनुका साथै स्थानीय तहमा सहजीकरण गरिनेछ । घ) बालबालिका खोजतलास नं.१०४ र बाल हेल्पलाइन नं.१०९८ को सेवालाई सुदृढ र प्रभावकारी बनाइनेछ।
३. सबै प्रकारको बालश्रमको अन्त्य गर्ने।	क) प्रदेश तथा स्थानीय तहबाट सबै प्रकारका बालश्रमको अन्त्य गर्न आवश्यक कानुनी, नीतिगत तथा कार्यक्रमगत व्यवस्था गरी कार्यान्वयन गरिनेछ।
४. बालगृह, पुनर्स्थापना केन्द्रमा रहेका बालबालिकालाई संरक्षण गर्ने ।	क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई वैकल्पिक हेरचाह र स्याहार प्रणाली स्थापना गरिनेछ। ख) बालबालिकालाई सामाजिक जीवनमा सहभागी हुने वातावरण सिर्जना गरिनेछ । ग) बाल क्लव, बाल समूह, किशोरी समूह जस्ता संस्थाको गठन तथा सञ्चालनलाई बिस्तार गरी बालबालिकाको संरक्षण गरिनेछ ।
५. बालबालिकाको पहुँचयुक्त पूर्वाधार निर्माण गरी बालमैत्री वातावरण सिर्जना गर्ने ।	क) बालमैत्री स्थानीय शासनको आवश्यक पूर्वाधार तयार गरी बाल अधिकार सुनिश्चित गरिनेछ । ख) सार्वजनिक स्थल तथा विद्यालयका भौतिक संरचना र अन्य संरचनालाई बालमैत्री बनाइनेछ । ग) बाल अधिकारमैत्री पाठ्यक्रम समावेश गरी अभिमुखीकरण तथा क्षमता अभिवृद्धि तालिम प्रदान गरिनेछ ।

रणनीति	कार्यनीति
	घ) कर्णाली प्रदेशलाई बालमैत्री प्रदेश निर्माणका लागि बालबालिकालाई लगानी गरेर बालअधिकार संरक्षण प्रणाली स्थापना गरी सुदृढीकरण समेत गरिनेछ ।

५. अपेक्षित उपलब्धि

बालबालिका तथा किशोरकिशोरीको अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी नीति, कानुन, योजना तथा कार्यक्रम र मापदण्ड कार्यान्वयन भएको हुनेछ । बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने सबै प्रकारका शारीरिक, मानसिक, यौनजन्य हिंसा, दुर्व्यवहार तथा लागु औषध दुर्ब्यसनको न्यूनीकरण भएको हुनेछ । विभिन्न सचेतना अभियान सञ्चालन गरी २० प्रतिशत बालश्रम घटेको हुनेछ । बाल खोजतलास टेलिफोन नं. १०४ र बाल हेल्पलाईन टेलिफोन नं. १०९८ को प्रभावकारी रूपमा सञ्चालन भएको हुनेछ । असहाय, अनाथ, अशक्त, अपाङ्गता भएका, बेवारिसे, द्वन्द्व प्रभावित, सडक बालबालिकालाई विशेष संरक्षण प्राप्त भएको हुनेछ ।

६.७ जेष्ठ नागरिक

१. पृष्ठभूमि

संविधानको धारा ४१ ले जेष्ठ नागरिकको विशेष संरक्षण र सामाजिक सुरक्षा पाउने अधिकारलाई प्रत्याभूत गरेको छ । हाल कर्णालीमा कूल जनसङ्ख्याको करिव १० प्रतिशत जेष्ठ नागरिकहरू रहेका छन् । निःशुल्क स्वास्थ्य उपचार, यातायातमा सहुलियत तथा आरक्षणको सुविधा प्रदान गर्नुका साथै जेष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आइएको छ । जेष्ठ नागरिकका लागि आधारभूत सेवा सुविधाहरू उपलब्ध गराउनुका साथै जेष्ठ नागरिकको सेवालाई सुरक्षित, मर्यादित र सम्मानजनक बनाउन आवश्यक छ । जेष्ठ नागरिकको अमूल्य अनुभव, ज्ञान र सीपलाई अनुभव बैंकको रूपमा लिई प्रदेश विकासमा उनीहरूको योगदान सुनिश्चित गरिनेछ।

२. प्रमुख समस्या

जेष्ठ नागरिकमैत्री पूर्वाधारको अभाव हुनु, उपलब्ध सेवा र सुविधाको पहुँचमा कठिनाइ हुनु, परिवार बिखण्डनका कारणले निराश्रितहरूको सङ्ख्या बढ्दै जानु, रोजगारको सिलसिलामा परिवारका सक्रीय सदस्यहरू घर बाहिर रहँदा जेष्ठ नागरिकको उचित

रेखदेख नहुनु, उपलब्ध सामाजिक सुरक्षाका प्रावधानहरू अपर्याप्त हुनु, उनीहरूको ज्ञान, सीप, अनुभवको प्रयोग हुन नसक्नु, अशक्त र असहाय जेष्ठ नागरिकको समुचित संरक्षण हुन नसक्नु प्रमुख समस्या हुन् ।

३. चुनौती तथा अवसर

जेष्ठ नागरिकमैत्री पूर्वाधारहरूको विकास गर्ने, उनीहरूको ज्ञान, सीप र अनुभवको सामयिक प्रयोग तथा पुस्तान्तरण गर्ने, जेष्ठ नागरिकप्रति हुने उपेक्षा, विभेद, हिंसा र दुर्व्यवहार अन्त्य गर्ने जस्ता चुनौती रहेका छन् ।

जेष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा संविधानबाटै सुनिश्चित हुनु, जेष्ठ नागरिकको हक अधिकार रक्षाका लागि प्रदेश सरकार प्रतिबद्ध रहनु, जेष्ठ नागरिक आफ्ना हक अधिकारप्रति जागरूक हुँदै जानु अवसरका रूपमा रहेका छन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

सुरक्षित, सम्मानित, सक्रीय र सुखी जेष्ठ नागरिक ।

४.२ लक्ष्य

जेष्ठ नागरिकमैत्री समाज र संस्कृतिको विकास गर्ने ।

४.३ उद्देश्य

- जेष्ठ नागरिकमैत्री सेवा र सुविधाहरूको बिस्तार गर्नु ।
- जेष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई सदुपयोग गर्नु ।

४.४ रणनीति र कार्यनीति

रणनीति	कार्यनीति
१. जेष्ठ नागरिकको पहिचान र जीवनयापन सहज बनाउनका लागि आवश्यक पूर्वाधार विकास गर्ने ।	क) स्थानीय तहको समन्वयमा जेष्ठ नागरिकको तथ्याङ्क अद्यावधिक गरिनेछ । ख) परिवारमा आधारित हेरचाह प्रणालीलाई प्रबर्द्धन गर्नुका साथै हिंसा तथा दुर्व्यवहारमा परेका जेष्ठ नागरिकको संरक्षण सुनिश्चित गरिनेछ ।

रणनीति	कार्यनीति
	ग) स्थानीय तहसँगको समन्वय र सहकार्यमा जेष्ठ नागरिक सेवा र सुरक्षा सुदृढीकरण गरिनेछ ।
२. जेष्ठ नागरिकको सामाजिक सुरक्षाको प्रत्याभूति गर्दै उनीहरूको ज्ञान, सीप र अनुभवलाई विविध क्षेत्रमा उपयोग गर्ने ।	क) सामाजिक सुरक्षा भत्ता तथा स्वास्थ्य सेवामा जेष्ठ नागरिकलाई दिदै आएका छुटलाई समयानुकूल बनाइनुका साथै पहुँचका लागि स्थानीय तह र सम्वद्ध निकायहरूसँग समन्वय गरिनेछ । ख) जेष्ठ नागरिकका ज्ञान, सीप र अनुभवलाई विकासको विविध क्षेत्रमा उपयोग गरिनेछ । ग) जेष्ठ नागरिकको मानसिक, शारीरिक तथा संवेगात्मक पक्षलाई सक्रीय बनाउन विविध कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

५. अपेक्षित उपलब्धि

समाजमा जेष्ठ नागरिकप्रति हुने हिंसा, विभेद र दुर्व्यबहारमा कमी आइ सामाजिक प्रतिष्ठामा वृद्धि भएको हुनेछ । जेष्ठ नागरिकको सेवा सुविधामा वृद्धि भई जीवनयापनमा सहजता आएको हुनेछ । जेष्ठ नागरिकमैत्री पूर्वाधारहरूको निर्माण भएको हुनेछ । जेष्ठ नागरिकको ज्ञान, सीप र अनुभवको उपयोग मार्फत आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा टेवा पुगेको हुनेछ ।

६.८ अपाङ्गता भएका व्यक्तिहरू

१. पृष्ठभूमि

कर्णाली प्रदेशमा शारीरिक, बौद्धिक, अटिज्म र बहुअपाङ्गता सहित १० प्रकारका अपाङ्गता भएका करिब ५० हजार जनसङ्ख्या रहेको अनुमान छ । संविधानले अपाङ्गता भएका व्यक्तिलाई संविधानप्रदत्त मौलिक हकको रूपमा सामाजिक सुरक्षा, समानता, शिक्षा र राज्यका सबै निकायमा सहभागिताको सुनिश्चितता गरेको छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघ सम्भाव्यता महासन्धी, दिगो विकास लक्ष्यहरू र नेपाल सरकारको पन्ध्रौं योजनाले पनि अपाङ्गता भएका व्यक्तिहरूका लागि विभिन्न नीतिगत र कार्यक्रमगत व्यवस्था गरेको छ । संविधान, नीति र कानुनमा भएका व्यवस्थालाई थप प्रयासका साथ प्रदेशमा प्रचलनमा ल्याउनेतर्फ यो योजना लक्षित रहेको छ ।

२. प्रमुख समस्या

कठिन भौगोलिक अवस्था समेतका कारणले अपाङ्गतामैत्री पूर्वाधारहरूको अभाव हुनु, रोजगारी, सामाजिक सहभागिता र आय-आर्जनका अवसरमा समान पहुँच नहुनु, समावेशी प्रणालीहरूको अभावमा शिक्षा, स्वास्थ्य, सञ्चार सेवाहरूमा सीमित पहुँच हुनु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि सहायक सामाग्री, पुनर्स्थापना सेवा उपलब्ध गराउन नसिकनु, वैज्ञानिक वर्गीकरण नहुँदा पहिचान र परिचयपत्र प्राप्त गर्ने प्रक्रिया झन्झटिलो हुनु, राजनैतिक सहभागिताको सुनिश्चितता नहुनु प्रमुख समस्या हुन् ।

३. चुनौती तथा अवसर

विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि पूर्वाधार निर्माण गर्ने, हिमाली तथा पहाडी दुर्गम क्षेत्रमा सहज सेवा सुविधाको व्यवस्थापन गर्ने, सबै भौतिक संरचनाहरू अपाङ्गमैत्री बनाउने, अति अशक्त र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको पुनर्स्थापना गर्ने र सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि शिक्षा, स्वास्थ्य, रोजगारी उपलब्ध गराउने चुनौती रहेका छन् ।

नेपाल अपाङ्गतासम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राष्ट्र हुनु, संविधान, दिगो विकास लक्ष्यहरूमा विभिन्न सेवा सुविधा एवम् सामाजिक सुरक्षाको व्यवस्था हुनु, अपाङ्गताको विषयलाई सम्बोधन गर्नका लागि सम्भाव्यता संरचना बमोजिम तीनै तहका सरकार र सरोकारवाला सङ्घ, संस्थाको सहकार्य, साझेदारी, अपनत्व र लगानीमा वृद्धि हुनु अवसरहरू हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

अपाङ्गता भएका नागरिकको सम्मानित जीवनयापन ।

४.२ लक्ष्य

अपाङ्गमैत्री संरचना र वातावरणको सिर्जना गर्ने ।

४.३ उद्देश्य

भौतिक संरचना, ज्ञान, प्रविधि, सूचना र सेवा सुविधामा सहज पहुँचको सुनिश्चितता गर्दै विकास निर्माण कार्यमा अपाङ्गता भएका नागरिकहरूको सहभागिता सुनिश्चित गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. सबैखाले भौतिक संरचना अपाङ्गतामैत्री बनाउँदै उनीहरूको पहुँच र आवागमनलाई सहज बनाउने ।	क) सडक, भवन, कार्यस्थल, सञ्चारप्रणाली लगायतका सार्वजनिक भौतिक संरचनालाई सबैको पहुँच सहज हुने गरी डिजाइन र निर्माण गरिनेछ । ख) भइरहेका पूर्वाधारहरूलाई सम्भव भएसम्म अपाङ्गतामैत्री बनाउने गरी मर्मत र पुनर्स्थापन गरिनेछ ।
२. अपाङ्गता भएका व्यक्तिको स्वतन्त्र जीवनयापनका लागि अनुकूल र टेवामूलक वातावरण निर्माण गर्ने ।	क) अपाङ्गता भएका व्यक्तिको शीघ्र पहिचान गरी सहजरूपमा परिचयपत्र प्राप्त हुने व्यवस्था मिलाइनेछ । ख) अपाङ्गता भएका व्यक्तिलाई सम्भव भएसम्म आत्मनिर्भर बनाइनेछ । ग) शारीरिक र पेशागत पुनर्स्थापनका लागि प्रस्थेटिक उपकरण, विशिष्ट सेवा सुविधा, उपचार तथा ह्वील चियर, स्ट्याण्डिङ फ्रेम लगायतका सहयोगी सामाग्रीहरूको व्यवस्था गर्दै लगिनेछ । घ) अपाङ्गतासम्बन्धी अध्ययन अनुसन्धान गर्नुका साथै यस क्षेत्रमा उपलब्ध सबै सूचना तथा जानकारीहरू सङ्कलन गर्ने एक स्रोत केन्द्रको स्थापना गरिनेछ ।
३. अपाङ्गता भएका व्यक्तिहरूलाई प्रदेशको राजनैतिक, आर्थिक र सामाजिक जीवनमा एकीकरण र मूलप्रवाहीकरण गर्ने ।	क) अपाङ्गता भएका व्यक्तिहरूलाई सबै प्रकारका विभेद र हिंसाको अन्त्यका लागि आम रूपमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ । ख) अपाङ्गता भएका व्यक्तिहरूलाई शिक्षा, सीप र उद्यमशीलताले युक्त बनाउँदै उत्पादनशील रोजगारी र स्वरोजगारीमा संलग्न गराइनेछ ।

रणनीति	कार्यनीति
	ग) अपाङ्गतासम्बन्धी नीति, योजना तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन एवम् मूल्याङ्कन गर्दा उनीहरूको प्रतिनिधित्व अनिवार्य सहभागी गराउने व्यवस्था मिलाइनेछ । घ) अपाङ्गता भएका व्यक्तिहरूलाई राजनीतिक, आर्थिक र सामाजिक जीवनमा एकीकरण गर्न लक्षित कार्यक्रमहरू तर्जुमा गरिनेछ।

५. अपेक्षित उपलब्धि

सार्वजनिक भौतिक संरचना अपाङ्गमैत्री भएको हुनेछ । अपाङ्गता भएका व्यक्तिको लागि आवश्यक पर्ने सेवा सुविधा सहजरूपमा सबैले प्राप्त गरेका हुनेछन् । सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका लागि विशिष्ट प्रकारको सेवा सुविधा सहितको पुनर्स्थापना सेवा उपलब्ध भएको हुनेछ ।

६.९ खेलकुद

१. पृष्ठभूमि

नागरिकहरूको बहुआयामिक र सर्वाङ्गीण विकास र प्रदेशको सङ्घ तथा अन्तर्राष्ट्रिय क्षेत्रमा समेत पहिचान बनाउन खेलकुदको महत्त्वपूर्ण भूमिका रहन्छ । विगतमा प्रदेश खेलकुदको विकासको क्षेत्रमा आवश्यक प्रयासहरू हुन सकेका छैनन् । समय सापेक्ष विकासका लागि सरकारी, गैरसरकारी तथा निजी सङ्घ संस्थाहरूको समन्वय र सहकार्यमा खेलकुदमा व्यावसायिकताको विकास गरी पर्यटन, दिगो विकास, शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता, आर्थिक वृद्धि लगायतका विषयहरूमा समेत वाञ्छित उपलब्धि हासिल गर्न सकिन्छ । प्रदेशका सबै विद्यालय तथा स्थानीय तह, खेलकुद सम्बन्धी सङ्घ संस्थाहरूले खेलकूदको विकास र पूर्वाधारमा लगानी गरी ***सबैका लागि खेलकूद*** भन्ने अभियानलाई साकार पार्नु आवश्यक छ ।

२. प्रमुख समस्या

प्रदेशमा खेलकुदका पूर्वाधार र सामग्रीहरूको अभाव हुनु, भएका पूर्वाधार र सामग्रीहरू पनि गुणस्तरहीन र जीर्ण अवस्थामा हुनु, प्रशिक्षकहरूको अभाव हुनु र भएका

प्रशिक्षकहरूलाई पनि उपयुक्त सेवा सुविधा र प्रशिक्षणको कमी हुनु, खेलकुदलाई जीवनयापनको माध्यमको रूपमा विकास गर्न नसक्नु, प्रदेश खेलकुद परिषद् गठन भइ नसक्नु, पर्यटकीय साहसिक तथा मनोरञ्जनात्मक खेलकुद कार्यक्रम सञ्चालनका लागि संस्थागत क्षमता विकास भइनसक्नु, खेलकुद क्षेत्रलाई विविधतापूर्ण र समावेशी बनाउन नसकिनु प्रमुख समस्या हुन्।

३. चुनौती तथा अवसर

विद्यालय, स्थानीय तह, निर्वाचन क्षेत्र, जिल्ला र प्रदेश स्तरमा उपयुक्त खेल मैदान, रंगशाला जस्ता खेलकुद पूर्वाधारहरूको निर्माण गर्ने, क्षमतावान प्रशिक्षक र खेलाडी उत्पादन गर्ने, नियमित रूपमा खेलकुद प्रतियोगिताहरू सञ्चालन गर्ने, गैरसरकारी, निजी सङ्घ-संगठन र खेलकुदसँग सरोकारवाला सङ्घसंस्थालाई खेलकुद क्षेत्रको लगानीमा आकर्षित गर्ने, व्यावसायिकता विकास गरी खेलकुदलाई जीवनयापनको आधार बनाउने, आवश्यक मापदण्ड बनाई खेलकुदका संस्थाहरूलाई व्यवस्थापन तथा नियमन गर्ने चुनौतीहरू रहेका छन्।

खेलकुदप्रति सबैको रुचि बढ्नु, विद्यालय, स्थानीय तह, जिल्ला तथा प्रदेश स्तरमा खेलकुदका कार्यक्रम सञ्चालन हुनु, तीनै तहका सरकारले खेलकुदको लागि रकम विनियोजन गर्नु, खेलकुदलाई रोजगार र व्यवसायमूलक बनाई जीवनयापनको अभिन्न अङ्ग बनाउनु पर्दछ भन्ने विषयमा सरोकारवाला सचेत हुनु, साहसिक, पर्यटकीय र मनोरञ्जनात्मक खेलहरूको प्रयास सम्भावना हुनु आदि अवसरहरू हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

समग्र खेलकुद क्षेत्रको विकास मार्फत स्वस्थ, प्रतिस्पर्धी र अनुशासित नागरिक निर्माण।

४.२ लक्ष्य

स्वस्थ जीवन र सकारात्मक सामाजिक परिवर्तनका लागि खेलकुद क्षेत्रका सम्भावनाहरूको उच्चतम् उपयोग गर्ने ।

४.३ उद्देश्य

- खेलकुदलाई सबै नागरिकको सरोकार र पहुँचको विषय बनाउनु ।

- स्तरीय पूर्वाधार र व्यावसायिक खेलाडीहरू तयार गरी खेलकुद क्षेत्रलाई उद्योगका रूपमा विकास गर्नु।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. खेलकुद, व्यायाम र स्वास्थ्यसम्बन्धी व्यापक सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने ।	क) विद्यालय तहदेखि नै बालबालिकालाई सन्तुलित खेलकुद तथा स्वस्थ र सिर्जनशील जीवनको सम्बन्ध बारे शिक्षा प्रदान गरिनेछ । ख) अभिभावक र वयस्कहरूमा योग, शारीरिक व्यायाम र खेलकुदसम्बन्धी साक्षरता सहित अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ । ग) जनसङ्ख्याको विशेषताहरू र आवश्यकता अनुरूप खेलकुदलाई विविधतापूर्ण र समावेशी बनाइनेछ। घ) बालबालिका, युवा र वयस्कहरूलाई विभिन्न क्लव वा सामुदायिक संस्थाहरू मार्फत व्यायाम र खेलकुदसँग आवद्ध गरिनेछ ।
२. सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा पूर्वाधारको निर्माण गर्ने ।	क) प्रत्येक विद्यालयहरूमा खेल मैदानहरू र पर्याप्त खेल सामग्रीहरूको व्यवस्था गरिनेछ । ख) प्रदेशमा सुविधा सम्पन्न खेल मैदान र अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको अत्याधुनिक प्रविधियुक्त रङ्गशाला निर्माण गरिनेछ । ग) प्रदेशलाई भविष्यमा हाई अल्टिच्युट खेलको हवको रूपमा विकास गर्न सुविधा सम्पन्न रंगशालाहरू र प्रशिक्षण केन्द्र स्थापना गरिनेछ । घ) दशौं राष्ट्रिय खेलकुदको तयारीका लागि स्थानीय तहसँगको साझेदारीमा एक स्थानीय तह- एक खेल मैदानको पूर्वाधार तथा एक जिल्ला- एक खेल पूर्वाधार निर्माण गरिनेछ । ङ) सामुदायिक र गैरसरकारी क्षेत्रको सहकार्यमा समुदाय तहका खेलकुदका पूर्वाधार निर्माण र व्यवस्थापन गरिनेछ ।

रणनीति	कार्यनीति
३. खेलकुदलाई उद्योगको रूपमा विकास गर्न गैरसरकारी तथा निजी क्षेत्रसँग साझेदारी र सहकार्य गर्ने ।	क) खेलकुदलाई व्यवसायीकरण र बजारीकरण गर्दै निजी क्लवहरू, रङ्गशालाहरू, स्वीमिङ पुल, जिमखानाहरू जस्ता प्रतिष्ठानहरूको स्थापनाका लागि निजी क्षेत्र र सहकारी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । ख) सामुदायिक र गैरसरकारी संस्थाहरूबाट सामुदायिक स्तरमा उपयुक्त खेलकुदका पूर्वाधार निर्माण र व्यवस्थापन गरिनेछ । ग) व्यावसायिक रूपमा विभिन्न प्रतियोगिताहरू आयोजना, सञ्चालन र व्यवस्थापनमा निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । घ) खेलकुदलाई रोजगारी र जीवनयापनको माध्यमको रूपमा विकास गरिनेछ ।
४. खेलाडीहरू र खेलकुदसँग सम्बन्धित सङ्घ संस्थाहरूको क्षमता विकास र सुशासन कायम गर्ने ।	क) सबैका लागि खेलकुद भन्ने नारालाई सफल बनाउन प्रदेश खेलकुद परिषद्को गठन गरिनेछ। ख) खेलकुदसँग सम्बन्धित संस्थाहरूलाई सवल, व्यावसायिक तथा प्रभावकारी बनाइनेछ । ग) विद्यालय तथा स्थानीय तहदेखि नै प्रतिभाको पहिचान र खोजी गर्दै सम्भावना भएका खेलाडीहरूको क्षमता अभिवृद्धिमा लगानी गरिनेछ। घ) खेलकुदको क्षेत्रमा उत्कृष्टता प्रदर्शन गर्ने खेलाडी तथा प्रशिक्षकहरूलाई विशेष पुरस्कार र जीविकोपार्जनको व्यवस्था गरिनेछ । ङ) खेलकुद क्षेत्रमा सुशासन सुनिश्चित गरिनेछ ।

५. अपेक्षित उपलब्धि

प्रदेश राजधानीमा अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको सुविधा सम्पन्न रङ्गशाला र विभिन्न स्थानहरूमा साना ठूला पूर्वाधारहरू निर्माण भएको हुनेछ । खेलाडीहरूका लागि आवश्यक प्रशिक्षणको व्यवस्था भएको हुनेछ । यथेष्ठ खेलकुद कार्यक्रमहरूको आयोजना भएको हुनेछ । प्रदेश खेलकुद परिषद् गठन भएको हुनेछ । व्यवस्थित खेलकूदबाट जीविकोपार्जन भएको हुनेछ ।

६.१० भाषा, कला, साहित्य र संस्कृति

१. पृष्ठभूमि

सांस्कृतिक विरासत हरेक समाज र राष्ट्र पहिचानको प्रमुख मानक हो । नेपाली भाषाको उद्‌गमस्थल कर्णाली प्रदेशलाई यहाँको मौलिक संस्कृति, ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक सम्पदाहरूले विशिष्ट पहिचान दिएका छन् । असल सांस्कृतिक अभ्यास, सांस्कृतिक सहिष्णुता र सह-अस्तित्वमार्फत सामाजिक सद्‌भाव सुदृढ गरी भाषा, कला, साहित्य र संस्कृतिको संरक्षण र विकास गर्न आवश्यक छ ।

२. प्रमुख समस्या

विद्यमान ऐतिहासिक सांस्कृतिक सम्पदाहरूको अभिलेखीकरण हुन नसक्नु, सांस्कृतिक सम्पदाको व्यवस्थापन सम्बन्धी नीति तथा कानुनको प्रभावकारी कार्यान्वयन गर्न स्रोत-साधन अपर्याप्त हुनु, सम्पदाको संरक्षणका लागि स्थानीयस्तरमा जागरुकताको कमी हुनु, भाषा, कला, साहित्य र संस्कृतिको संरक्षण र प्रवर्द्धन प्राथमिकतामा नपर्नु र पर्याप्त अध्ययन, अनुसन्धान तथा अन्वेषण हुन नसक्नु प्रमुख समस्या हुन् ।

३. चुनौती तथा अवसर

विश्वव्यापीकरण तथा बजारीकरणको नकारात्मक प्रभावबाट मौलिक संस्कृतिलाई बचाउने, भाषा, कला, साहित्य र संस्कृतिको जगेर्ना गर्दै सामाजिक एकता कायम गर्ने र कर्णालीको संस्कृतिलाई संरक्षण तथा प्रवर्द्धन गर्न यथेष्ट स्रोत-साधनको प्रबन्ध मिलाउने चुनौती रहेका छन् ।

भाषा, कला र संस्कृतिको हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरिनु, नेपाली भाषा, खस तथा वोन सभ्यता र अधिकांश नेपाली जात थरको उद्‌गमस्थल हुनु, सांस्कृतिक एवम् धार्मिक विविधता र आपसी सद्‌भाव रहनु र धार्मिक पर्यटकलाई समेत आकर्षण गर्न सकिनु अवसर हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

सांस्कृतिक सद्‌भाव सहित विविधतामा एकता ।

४.२ लक्ष्य

सबै मौलिक सामाजिक-संस्कृतिको संरक्षण, विकास र सम्वर्द्धन गर्ने ।

४.३ उद्देश्य

सांस्कृतिक सम्पदा, भाषा, साहित्य, कला र संस्कृतिको उचित संरक्षण गर्दै सामाजिक-सांस्कृतिक एकता अभिवृद्धि गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. सामाजिक, सांस्कृतिक र धार्मिक धरोहरहरूको संरक्षण र प्रबर्द्धन गर्ने ।	क) सबै धार्मिक, सांस्कृतिक धरोहरहरूको संरक्षणका लागि गुरूयोजना तयार गरी कार्यान्वयन गरिनेछ । ख) सबै समुदायका सांस्कृतिक मूल्य-मान्यताहरूको सम्मान गर्दै लोपोन्मुख संस्कृतिहरूको अभिलेखीकरण तथा प्रचलन गरी संरक्षण गरिनेछ । ग) सबै प्रकारका सांस्कृतिक, संस्थागत विकास र प्रबर्द्धनमा सामुदायिक संलग्नतालाई जोड दिइनेछ । घ) धार्मिक, सांस्कृतिक, पारम्परिक, चाडपर्व, जात्रा, मेलाहरूलाई थप व्यवस्थित गरी कर्णाली सभ्यताको प्रवर्द्धन गर्दै लगिनेछ । ङ) प्रदेश राजधानीमा बहुसांस्कृतिक सङ्ग्रहालयको स्तरोन्नति गरिनेछ । च) सामाजिक, सांस्कृतिक र धार्मिक धरोहरहरूको संरक्षण र प्रबर्द्धन गरिनेछ ।
२. खस भाषा, कला, साहित्य र सङ्गीत आदि क्षेत्रसँग सम्बद्ध संस्थाहरूको सबलीकरण गर्ने ।	क) भाषा, साहित्य, कला र संस्कृतिको उत्थानका लागि कर्णाली प्रज्ञा प्रतिष्ठान गठन गरिनेछ । ख) कर्णालीको मौलिक सभ्यताको पहिचान, प्रवर्द्धन र संरक्षण गरिनेछ । ग) परम्परागत देउडा लोकसङ्गीत, नृत्य, नाट्य लगायतका श्रव्य तथा प्रदर्शनजन्य लोक कलाहरूको अनुसन्धान र संरक्षणको उचित व्यवस्था मिलाइने छ ।
३. पुरातात्त्विक सम्पदाहरूको पहिचान, उत्खनन् र संरक्षण गर्ने ।	क) महत्त्वपूर्ण पुरातात्विक सम्पदाहरूको निरन्तरता र विकासमा योगदान पुग्ने गरी अनुसन्धान गरिनेछ । ख) स्थानीय सम्पदाहरूको खोज, अभिलेखीकरण, संरक्षण र उपयोग गर्न सङ्घ तथा स्थानीय तहसँग समन्वय गरिनेछ।

५. अपेक्षित उपलब्धि

प्रदेश भित्रका सकभर सबै समुदायहरूको संस्कृतिको खोज, अभिलेखीकरण एवम् लोपोन्मुख सांस्कृतिक सम्पदाहरूको जगेर्ना भएको हुनेछ । पुरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदा संरक्षणमा स्थानीय तह तथा समुदायको सहभागिता वृद्धि भएको हुनेछ । पुरातात्विक एवम् ऐतिहासिक महत्त्वका सम्पदाहरूको संरक्षण र सम्वर्द्धन भएको हुनेछ। प्रदेश राजधानीमा बहुसांस्कृतिक संग्रहालय स्थापना र स्तरोन्नति भएको हुनेछ । कर्णालीको भाषा, साहित्य, कला र संस्कृतिको उत्थानका लागि कर्णाली प्रज्ञा प्रतिष्ठान गठन भएको हुनेछ ।

६.११ सामाजिक समावेशीकरण

१. पृष्ठभूमि

कर्णाली प्रदेशमा लोपोन्मुख, सीमान्तकृत तथा सुविधा वञ्चित राउट्या, राजी, माझी, थारू, भोट्या, लामा, डोल्पो, थपाल्या व्यासी, कार्मारोङ लगायतका आदिवासी जनजातीहरू रहेका छन् । यस्तै महिला, दलित, मुस्लिम समुदाय, पिछडिएका वर्ग, अपाङ्गता भएका व्यक्ति, आर्थिक रूपले विपन्न खस समेत जनसङ्ख्याको महत्त्वपूर्ण हिस्सा आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक रूपमा वञ्चितीकरणमा परेका छन् । विभिन्न संवैधानिक, कानुनी, नीतिगत व्यवस्थाहरू अन्तर्गत विकासको प्रक्रियामा यी समुदायहरूको समावेशीकरणका लागि लक्षित कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । कार्यक्रमहरूको अपर्याप्तता, विकासको मन्द गति र विभिन्न जाति, वर्ग एवम् क्षेत्रबीच देखिएको असमानताको कारण अपेक्षित सुधार हुन सकेको छैन । यस सन्दर्भमा, योजना अवधिमा कार्यक्रम तर्जुमा, कार्यान्वयन र प्रतिफलमा प्रत्यक्ष सहभागिता र थप लक्षित कार्यक्रम मार्फत उल्लेखित समुदायहरूको अर्थपूर्ण सामाजिक समावेशीकरणलाई सुनिश्चित गरिनेछ ।

२. प्रमुख समस्या

छरिएर रहेका बस्तीहरूमा सेवा सुविधाहरूको प्रवाहमा कठिनाइ हुनु, लक्षित समुदाय र वर्गका बीच सामाजिक तथा सांस्कृतिक अधिकारको पूर्ण उपयोगमा अवरोध रहनु, लक्षित विकासका कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु, अन्धविश्वाश, छुवाछुत, गरिबी, अशिक्षा कायमै रहनु, स्रोत, साधन तथा सेवा सुविधामा न्यायोचित पहुँच नहुनु, समाजमा धनी र गरीब बीचको असमानता कायम रहनु सार्थक सामाजिक समावेशीकरणका प्रमुख समस्याहरू हुन् ।

३. चुनौती तथा अवसर

विभिन्न वर्ग तथा समुदायबीच रहेको आर्थिक, सामाजिक, शैक्षिक अन्तर कम गर्ने, उपलब्ध स्रोत साधन तथा सेवा सुविधामा सबै क्षेत्र, वर्ग, लिङ्ग र समुदायको समन्यायिक पहुँच स्थापित गर्ने, योजना तर्जुमा र कार्यान्वयनमा लक्षित समुदायको समावेशी सहभागिता सुनिश्चित गर्ने, विपन्न समुदायमा व्याप्त गरिबी घटाउने, लक्षित समुदायलाई प्रदेशको राजनीतिक-आर्थिक-सामाजिक-सांस्कृतिक जीवनको मूलप्रवाहमा ल्याउने चुनौतीहरू रहेका छन् ।

समावेशीकरण सबैका लागि संवैधानिक दायित्वको रूपमा स्थापित हुनु, प्रदेशका नागरिकको समानता तथा समावेशिताको हक संरक्षण र सम्बर्द्धनमा प्रदेश सरकार प्रतिबद्ध रहनु, भाषा, धर्म, संस्कृतिको संरक्षण र सम्बर्द्धनका लागि सचेतना तथा स्थानीय तह र सङ्घ संस्थाहरू मार्फत विभिन्न कार्यक्रमहरू सञ्चालन हुनु, नागरिकहरूमा सचेतना वृद्धि हुँदै जानु, राज्यको तीन वटै तहमा जातीय, लैङ्गिक निश्चित प्रतिनिधित्वको व्यवस्था हुनु अवसरहरू हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

समावेशी सहभागिता र सामाजिक न्यायको सुनिश्चितता ।

४.२ लक्ष्य

विपन्न र पछाडि परेका व्यक्ति र समुदायलाई प्रदेशको राजनैतिक-आर्थिक-सामाजिक-सांस्कृतिक विकासको मूलप्रवाहमा ल्याउने ।

४.३ उद्देश्य

सबै वर्ग, क्षेत्र, लिङ्ग र समुदायको न्यायोचित पहुँच तथा सार्थक सहभागितामा समावेशी विकास गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. प्रदेशका सबै स्रोत साधन तथा सेवा सुविधामा सबै नागरिकको पहुँच वृद्धि गर्ने।	क) समावेशी लक्षित विद्यमान कार्यक्रमहरूको पर्याप्तता, प्रभावकारिता तथा कमी कमजोरीहरूको मूल्याङ्कन गरी सबैको पहुँच बिस्तार गरिनेछ । ख) सबै विषयगत क्षेत्रहरूलाई समेट्ने एक व्यवस्थित समावेशीकरण रणनीति तयार गरी प्रवाहित सेवा सुविधाहरू र स्रोत साधनहरूमा महिला, दलित, आदिवासी, जनजाति, सीमान्तकृत, लोपोन्मुख, दुर्गम हिमाली क्षेत्रका बासिन्दा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्गका नागरिकहरूको पहुँच वृद्धि गरिनेछ । ग) आर्थिक सशक्तीकरणका लागि समुदाय लक्षित विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
२. सकारात्मक कार्यका माध्यमबाट सबै क्षेत्रमा लक्षित वर्गको सार्थक सहभागितालाई सुनिश्चित गर्ने ।	क) विभिन्न कारणहरूबाट पछाडी परेका व्यक्ति तथा समुदायलाई सकारात्मक विभेद र आरक्षणको माध्यमबाट राजनैतिक, सामाजिक र प्रशासनिक क्षेत्रमा सहभागिताको सुनिश्चितता गरिनेछ । ख) सामान्य र लक्षित कार्यक्रमका प्रतिफलमा बञ्चितीकरणमा परेका समुदायको पहुँच बढाउनुका साथै आवश्यकता अनुसार थप लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
३. सबै समुदायको परम्परागत सीप, भाषा र संस्कृतिको संरक्षण, सम्वर्द्धन तथा विकासमा जोड दिने ।	क सीमान्तकृत समुदाय लगायतका सबै समुदायहरूको परम्परागत सीप र भाषाका सम्बन्धमा अनुसन्धान गरी अभिलेखीकरण गरिनेछ । ख) परम्परागत सीप, भाषा र संस्कृतिको संरक्षण, सम्वर्द्धन तथा विकासका लागि सम्बन्धित समुदायकै अग्रसरतामा विशेष कार्यक्रमहरू सञ्चालन गर्न सहयोग गरिनेछ ।

५. अपेक्षित उपलब्धि

विभिन्न लक्षित वर्ग र समुदाय बीचको असमानता न्यूनीकरण भएको हुनेछ । पिछडिएका क्षेत्र र वर्गको समानुपातिक तवरले उपलब्ध स्रोत साधनमा पहुँच वृद्धि भएको हुनेछ । निर्णय, योजना तर्जुमा प्रक्रियामा हरेक क्षेत्र, लिङ्ग, समुदाय र वर्गको सार्थक सहभागिता भएको हुनेछ । परम्परागत सीप, भाषा र संस्कृतिको संरक्षण भएको हुनेछ ।

६.१२ दलित मूलप्रवाहीकरण

१. पृष्ठभूमि

प्रदेशमा कूल जनसङ्ख्याको झण्डै २९ प्रतिशत दलित समुदाय रहेको छ । जातीय विभेद र संरचनात्मक समस्याले दलित समुदाय शताब्दीऔंदेखि शोषण, उत्पीडन र पछौटेपनको पर्यायवाचीको रूपमा रहनु परेको छ । विभिन्न चरणका राजनीतिक परिवर्तनको फलस्वरूप दलित समुदायलाई संवैधानिक, नीतिगत र कानुनी संरक्षण प्राप्त भए तापनि व्यवहारमा उतार्न बाँकी नै छ । राजनीतिक, सामाजिक र आर्थिक सशक्तीकरणका लागि शिक्षा, स्वास्थ्य, रोजगारी र राजनीतिक प्रतिनिधित्वसम्बन्धी नीतिगत र कानुनी प्रावधानहरूमा केही हदसम्म सुधार भएको छ । यस कारणले दलित समुदायलाई विशेष सम्बोधन हुने गरी यो विषयलाई महत्त्व दिई योजनामा समावेश गरिएको छ ।

२. प्रमुख समस्या

जातीय विभेद, राजनैतिक, सांस्कृतिक, शैक्षिक, आर्थिक-सामाजिक अधिकार माथि पहुँच नहुनु, दलित समुदायवीच विभाजन र छुवाछुत प्रचलित रहनु, दलित समुदाय तथा समस्त समाजमा अन्धविश्वाश रहिरहनु, मौजुदा संवैधानिक, कानुनी र नीतिगत प्रावधानहरूको कार्यान्वयन कमजोर हुनु, दलित लक्षित कार्यक्रमहरूका लक्ष्य र उद्देश्य अनुरूप पर्याप्त स्रोत, साधन परिचालन हुन नसक्नु र विनियोजित कार्यक्रमहरूको कार्यान्वयन प्रभावकारी नहुनु जस्ता प्रमुख समस्याहरू रहेका छन् ।

३. चुनौती तथा अवसर

मौजुदा कानुनी व्यवस्थालाई व्यवहारमा उतार्ने, विभेद र अन्धविश्वास हटाउने, सेवा प्रवाह तथा विकास कार्यहरूमा दलितमैत्री वातावरण सिर्जना गर्ने, कानुन र नीतिको

कार्यान्वयन गर्ने निकायहरूलाई जिम्मेवार बनाउने, दलित लक्षित कार्यक्रमहरूमा लगानी बढाउने जस्ता चुनौतीहरू विद्यमान रहेका छन् ।

दलितलाई संवैधानिक र कानुनी संरक्षण प्राप्त हुनु, क्षेत्रगत नीति र कार्यक्रमहरूमा दलित लक्षित कार्यक्रमहरूको व्यवस्था हुनु, दलित समुदायमा आफ्नो हक अधिकारप्रति जागरुकता बढ्नु, राजनैतिक र आर्थिक अवसरहरूमा पहुँच वृद्धि हुँदै जानु अवसरहरू हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

विभेदरहित समाज निर्माण ।

४.२ लक्ष्य

सबै प्रकारका असमानता, जातीय विभेद र उत्पीडनको अन्त्य गर्दै दलित समुदायको संविधानप्रदत्त हक अधिकार सुनिश्चित गर्ने ।

४.३ उद्देश्य

प्रदेशको राजनैतिक, आर्थिक, शैक्षिक, सामाजिक र सांस्कृतिक जीवनमा दलित समुदायको समान पहुँच स्थापित गरी विभेदरहित समतामूलक समाज निर्माण गर्नु।

४.४ रणनीति र कार्यनीति

रणनीतिहरू	कार्यनीतिहरू
१. दलित मूलप्रवाहीकरणका बाधा अवरोधहरूको पहिचान गरी सम्बोधन गर्ने ।	क) दलित समुदायको वास्तविक तथ्याङ्क सङ्कलन गर्नुका साथै कार्यान्वयन भइरहेका दलित लक्षित नीति तथा कार्यक्रमको विविध पक्षहरूको अध्ययन अनुसन्धान गरी विद्यमान समस्याहरूको समाधान गरिनेछ । ख) दलित अधिकार, मानव अधिकार र संवैधानिक कानुनी सचेतनासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नुका साथै सेवा प्रवाह गर्ने निकायहरूलाई दलितमैत्री बनाइनेछ। ग) दलितसमुदाय लक्षित नीति, कानुन, कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्दै सम्बद्ध संस्थाहरूको कार्यसम्पादन अवस्थाको सघन अनुगमन गरिनेछ ।

रणनीतिहरू	कार्यनीतिहरू
२. मर्यादित जीवनयापनको लागि सामाजिक, आर्थिक, राजनैतिक सशक्तीकरणमा जोड दिने ।	क) व्यावसायिक सीप तथा उद्यमशीलता विकास, वित्तीय सहयोग र लघुवित्त कार्यक्रमहरू सहित रोजगारी र जीविकोपार्जन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ। ख) ठोस दलित लक्षित कार्यक्रमहरू सञ्चालन गरी लगानीको सुनिश्चितता गरिनेछ । ग) दलित लक्षित सामाजिक सुरक्षाका प्रावधानहरूलाई सुदृढ र सार्थक बनाइनेछ ।
३. दलित महिला तथा बालबालिकाको लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्ने ।	क) दलित महिलाहरूको सशक्तीकरण, जनजीविका एवम् नेतृत्व विकासका लागि दलित महिला विकास कार्यक्रम सञ्चालन गरिनेछ । ख) दलित महिलाहरूले विभिन्न क्षेत्रमा भोग्नु परेको विभेद, बञ्चितीकरण तथा जातीय र लैङ्गिक हिंसालाई अन्त गर्न सुरक्षित आश्रय गृह, कानुनी सहयोग र पुनर्स्थापन लगायतका प्रावधानहरू विकास गरिनेछ । ग) दलित बालबालिकाको शिक्षाको लागि विशेष व्यवस्था गरिनेछ ।

५. अपेक्षित उपलब्धि

दलित समुदायको संविधानप्रदत्त हक अधिकारहरू प्रयोगमा आएका हुनेछन् । राजनीतिक प्रतिनिधित्व, सामाजिक विकास र आर्थिक स्रोत साधनमा पहुँच वृद्धि भएको हुनेछ । छुवाछुत रहित समाजको निर्माण भएको हुनेछ । विकासमा मूल प्रवाहीकरणद्वारा दलित समुदायको मर्यादित जीवन स्थापित भएको हुनेछ।

६.१३ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण

१. पृष्ठभूमि

मानव बेचबिखन एउटा जघन्य अपराध हो । मानव ओसारपसारमा संलग्न अपराधीहरूले प्रायः समाजका सबैभन्दा निर्दोष, कमजोर र उत्पीडित समुदायलाई लक्षित गर्ने गरेका छन् । ललाइफकाई, झुठ, लालच वा धम्कीबाट विशेष गरी महिला तथा बालबालिकालाई ओसारपसार र बेचबिखन गरेका घटनाहरू देखा परिरहेका छन् भने अर्कोतर्फ पीडितहरू देश बाहिर र भित्र नारकीय जीवन बिताउन

बाध्य भएका छन् । यो स्थितिको निरन्तरता कुनै पनि सभ्य समाजका लागि नसुहाउने कुरा हो । मानव बेचबिखन तथा ओसारपसार बहुआयामिक, बहुक्षेत्रगत समस्या भएको हुँदा निगरानी, रोकथाम, पीडितको पहिचान तथा संरक्षण, पुनर्स्थापन र कानुनी उपचारका लागि थुप्रै निकायहरू र बृहत्तर समाजको प्रतिबद्धता, संलग्नता र प्रयास जरुरी छ । यस्तै साझा र समन्वित प्रयासबाट प्रदेशभित्रै सुरक्षित जीवनयापनका अवसरहरू वृद्धि गरी समस्यामुक्त कर्णाली बनाउनु छ ।

२. प्रमुख समस्या

शिक्षा र चेतनाको कमी हुनु, रोजगारी तथा सुरक्षित जीवनयापनका पर्याप्त विकल्पहरू नहुनु, छरिएका दुर्गम बस्तीहरूमा सूचना प्रवाह र सम्प्रेषण गर्न कठिन हुनु, आवतजावत हुने प्रमुख नाकाहरूमा निगरानी प्रणाली स्थापना गर्न नसकिनु, नजिकका आफन्त र चिनजानका व्यक्ति नै यस प्रकारको अपराध कर्ममा सरिक रहनु प्रमुख समस्या हुन् ।

३. चुनौती तथा अवसर

मानव बेचबिखनका सम्बन्धमा एकीकृत तथ्याङ्क तथा सूचना प्रणालीको विकास गर्ने, रोजगारी, स्वरोजगारी र जीवनयापनका वैकल्पिक अवसरहरूको सिर्जना गर्ने, मानव बेचबिखन विरुद्ध व्यापक सचेतना फैलाउने, प्रभावकारी सामुदायिक निगरानी प्रणालीहरूको विकास गर्ने, शुन्य सहनशीलताको विद्यमान नीति र कानुनहरूको प्रभावकारी कार्यान्वयन गर्दै अपराधीहरूले उन्मुक्ति पाउन नसक्ने व्यवस्था मिलाउने र पीडितहरूको संरक्षण, शारीरिक एवम् कानुनी उपचार र पुनर्स्थापनको व्यवस्था गर्ने चुनौतीहरू रहेका छन्।

शोषण विरुद्धको हक संविधानमा उल्लेख गरिनु, मानव बेचबिखन तथा ओसारपसार समस्याको निराकरणका लागि तीन तहका सरकारहरू प्रयत्नशील रहनु, मानव बेचबिखन नियन्त्रणका लागि अन्य विभिन्न क्षेत्रबाट प्रयासहरू जारी रहनु र जनमानसमा समस्याप्रति जागरूकता बढ्दै जानु अवसरहरू हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

मानव बेचबिखन तथा ओसारपसारमुक्त प्रदेश ।

४.२ लक्ष्य

मानव बेचबिखन तथा ओसारपसारको अन्त्य गर्ने ।

४.३ उद्देश्य

- जीवनयापनका वैकल्पिक अवसर सिर्जना र जोखिममा रहेका समुदाय एवम् क्षेत्रको पहिचान गरी मानव बेचबिखन रोकथाम गर्नु ।
- पीडितको उद्धार, संरक्षण, न्यायमा पहुँच र पुर्नस्थापनाको सेवालाई प्रभावकारी बनाउनु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१ सघन निगरानी प्रणालीको विकास गरी मानव बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्ने ।	क) सबै सरोकारवालाहरूसँग समन्वय र सहकार्य गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको लागि प्रभावकारी निगरानी एवम् एकीकृत सूचना तथा तथ्याङ्क व्यवस्थापन प्रणालीको विकास गरिनेछ। ख) बेचबिखन तथा ओसारपसार नियन्त्रणको लागि भएका कानुनी, नीतिगत र संस्थागत व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन र नयाँ व्यवस्थाहरू समेत थप गरी अपराधीहरूले उन्मुक्ति नपाउने अवस्था सिर्जना गरिनेछ।
२. प्रदेशभित्रै सुरक्षित जीवनयापनका वैकल्पिक अवसरहरू सिर्जना गर्ने।	क) जोखिममा रहेका क्षेत्र, समूह र समुदायको पहिचान गरी रोजगारी, स्वरोजगारी र अन्य आयआर्जनका अवसरहरूको बिस्तार गरिनेछ। ख) विद्यालय बाहिर रहेका बालबालिका र किशोरकिशोरीका लागि साक्षरता, सीप विकास र सामुदायिक विकासका गतिविधि सञ्चालन गरी सहभागी गराइनेछ ।
३. मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावित पीडितको उद्धार, संरक्षण र पुनर्स्थापना गर्ने ।	क) मानव बेचबिखन तथा ओसारपसारबाट पीडितको लागि प्रदान गरिने भौतिक, स्वास्थ्य सम्बन्धी, मनोसामाजिक, कानुनी र पुनर्स्थापना सेवा सुविधाहरूका लागि कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ ।

रणनीति	कार्यनीति
	ख) समाजमा रहेका पीडित एवम् प्रभावित व्यक्तिलाई हेर्ने दृष्टिकोणमा परिवर्तन गर्ने तथा पीडितलाई समाजको मूलधारमा फर्काउने व्यवस्था गरिनेछ । ग) पीडितहरूलाई उचित क्षतिपूर्ति सुनिश्चित गर्नुका साथै पुनर्मिलन तथा पुनर्स्थापना केन्द्र स्थापना गरी अल्पकालीन वा दीर्घकालीन संरक्षणको व्यवस्था गरिनेछ।

५. अपेक्षित उपलब्धि

मानव बेचबिखन तथा ओसारपसारको अन्त भएको हुनेछ । पीडितले क्षतिपूर्ति सहज रूपमा प्राप्त गरेका हुनेछन् । पीडित तथा प्रभावितका लागि सुविधा सम्पन्न पुनर्स्थापना केन्द्र सञ्चालन भएको हुनेछ ।

६.१४ सामाजिक सुरक्षा

१. पृष्ठभूमि

प्रदेशको विशिष्ट भौगोलिक बनोट, जीवन चक्रका विभिन्न चरणमा भोग्नु परेका जोखिम, असुरक्षा, गरिबी र असमानताको सन्दर्भमा सामाजिक सुरक्षाको उचित प्रावधान सहितको व्यवस्थापन आवश्यक छ । खासगरी बहुआयामिक गरिबी र जोखिमहरू कम गर्न, रोजगारी मार्फत जनजीविकालाई सुनिश्चित गर्न, सेवा सुविधाहरूमा पहुँच बढाउन, मानव अधिकार र संविधानप्रदत्त मौलिक अधिकारहरूलाई व्यवहारमा उतार्न, समन्यायिक आर्थिक वृद्धि हाँसिल गर्न, दिगो विकासका लक्ष्यहरू हाँसिल गरी सामाजिक-आर्थिक सन्तुलित विकास गर्न र सामाजिक सुरक्षा प्रणालीको योजनावद्ध कार्यक्रमहरू सञ्चालन गर्नु जरुरी छ ।

२. समस्याहरू

झण्डै आधाभन्दा बढी जनसङ्ख्या बहुआयामिक गरिबीको चपेटामा रहनु, स्थानीय तहमा उत्पादनशील रोजगारीका अवसरहरू सिर्जना हुन नसक्नु, विद्यमान सामाजिक सुरक्षाका प्रावधानहरू एकीकृत रूपमा नभई छरिएर सञ्चालनमा आउनु, भएका प्रावधानहरू पनि अपर्याप्त र प्रभावकारी नहुनु, भौगोलिक तथा वातावरणीय अवस्थाले

कतिपय स्थानमा वर्षैभरी आय आर्जनका काम गर्न नसकिनु, नागरिकहरूमा सामाजिक सुरक्षा सम्बन्धी सचेतनाको कमी हुनु आदि प्रमुख समस्याहरू हुन् ।

३. चुनौती तथा अवसरहरू

सबैलाई समेट्ने गरी सार्थक सामाजिक सुरक्षाको प्रावधान व्यवस्था गरी सवल कार्यक्रम सञ्चालन गर्न, सामाजिक सुरक्षाका लागि यथेष्ट लगानी जुटाउन, स्थानीयस्तरमा रोजगारीका अवसरहरू सिर्जना गर्न, जोखिममा रहेका समूहहरूलाई नियमित, प्रत्यक्ष र भरपर्दो सामाजिक सुरक्षा प्रदान गर्न, एकीकृत, समन्वित र समावेशी प्रणाली विकास गर्न, प्रभावहीन देखिएका कार्यक्रमहरूलाई हटाउन, सम्बद्ध निकाय तथा जनशक्तिको क्षमता अभिवृद्धि गरी सेवा प्रवाहलाई दक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउनु प्रमुख चुनौती रहेका छन्।

सामाजिक सुरक्षाको माग बढ्दै जानु, सामाजिक सुरक्षाको क्षेत्र व्यापक हुनु, युवा लक्षित रोजगारीका कार्यक्रमको माग बढ्नु, राजनीतिक तहमा सामाजिक सुरक्षाको बिस्तारका लागि अभिरुचि र प्रतिबद्धता देखिनु, जोखिमहरू न्यूनीकरण गर्ने र सामना गर्न सक्ने क्षमता विकास गर्ने प्रकृतिका कार्यक्रमहरूको बिस्तार हुँदै जानु र विभिन्न क्षेत्रगत लक्ष्यहरू तथा दिगो विकास लक्ष्यहरू हाँसिल गर्नेतर्फ सामाजिक सुरक्षाबाट महत्त्वपूर्ण योगदान हुन सक्ने अवस्था रहनु प्रमुख अवसरहरू हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

सामाजिक सुरक्षा प्रणालीबाट संरक्षित कर्णालीबासी ।

४.२ लक्ष्य

जीवनचक्रमा आधारित अभाव र जोखिमको सामना गर्न सक्ने सामाजिक सुरक्षा प्रदान गर्ने ।

४.३ उद्देश्य

आफ्नो जीवनयापन आफै गर्न नसक्ने सबै उमेर, लिङ्ग, वर्ग, जातजाति, समुदाय र क्षेत्रका व्यक्ति तथा घरपरिवारलाई सामाजिक सुरक्षा प्रदान गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीतिहरू	कार्यनीतिहरू
१. सङ्घ र स्थानीय तहसँग सहकार्य, समन्वय र साझेदारीमा सामाजिक सुरक्षाको प्रावधान बिस्तार गर्ने ।	क) विद्युतीय सूचना प्रणाली तयार गरी सामाजिक असुरक्षामा रहेका व्यक्ति, वर्ग, क्षेत्र, लिङ्ग र समुदायको तथ्याङ्क अध्यावधिक गरिनेछ । ख) विभिन्न निकाय र तहबाट सञ्चालित कार्यक्रमहरूलाई एकीकृत र परस्पर आवद्ध गर्दै सामाजिक सुरक्षा प्रदान गरिनेछ । ग) सामाजिक सुरक्षाका कार्यक्रमहरू मार्फत महिला, बालबालिका, युवा, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, सडक मानव, दलित तथा आरक्षित समूहहरूको पहुँच सुनिश्चित गरिनेछ ।
२. सामाजिक सुरक्षाको प्रभावमा अभिवृद्धि हुने गरी बहुक्षेत्रीय पूरक सेवाहरू बिस्तार गर्ने ।	क) दिगो स्थानीय पूर्वाधारहरूको निर्माण र सामुदायिक विकास कार्यक्रमहरू मार्फत स्थानीय रोजगारीका कार्यक्रमहरू सञ्चालन गरिनेछ । ख) शिक्षा, सीप विकास, खाद्य सुरक्षा, रोजगार, निःशुल्क स्वास्थ्य उपचारजस्ता सेवाहरूको पहुँच र प्रभावकारितामा सुधार गरिनेछ । ग) सामाजिक सुरक्षालाई वित्तीय समावेशीकरणको माध्यमका रूपमा उपयोग गरिनेछ ।
३. सामाजिक सुरक्षा प्रणालीलाई चुस्त, सहज र दक्ष बनाउने ।	क) सामाजिक सुरक्षा सेवाहरूको व्यवस्थापन संयन्त्रलाई चुस्त, पारदर्शी र उत्तरदायी बनाउन सम्बद्ध जनशक्तिलाई जनउत्तरदायी बनाइनेछ । ख) सामाजिक सुरक्षाका कार्यक्रमहरूको अनुगमन प्रणालीको विकास गरी नियमित रूपमा अनुगमन गरिनेछ । ग) भरपर्दो सामाजिक सुरक्षा व्यवस्थापन र सूचना प्रणालीको विकास गरिनेछ ।

५. अपेक्षित उपलब्धि

आवश्यकतानुसार कर्णालीबासीलाई आधारभूत सामाजिक सुरक्षा उपलब्ध भएको हुनेछ । सामाजिक सुरक्षालाई सहयोग पुग्ने गरी विभिन्न क्षेत्रगत पूरक सेवाहरू प्रवाहित भएका हुनेछन् ।

सामाजिक क्षेत्रका कार्यक्रमहरू

६.१ शिक्षा

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	एक विद्यालय—एक बाल विकास केन्द्र स्थापना	२०७६।०७७ २०८०।०८१	१ अर्ब	स्थानीय तहसँग समन्वय गरी एक विद्यालय—एक बाल विकास केन्द्र स्थापना भएको हुनेछ ।
२	अनिवार्य विद्यालय भर्ना अभियान	२०७६।०७७ २०८०।०८१	१० करोड	सबै बालबालिका विद्यालयमा भर्ना गर्ने अभियान सञ्चालन भएको हुनेछ ।
३	हिमाली जिल्लामा आवासीय विद्यालय स्थापना तथा सञ्चालन	२०७६।०७७ २०८०।०८१	१ अर्ब	हुम्ला, मुगु, जुम्ला, कालिकोट र डोल्पामा एक/एक वटा आवासीय विद्यालय स्थापना भएका हुनेछन् ।
४	नमुना विद्यालयको स्थापना	२०७६।०७७ २०८०।०८१	२.५ अर्ब	सङ्घ र स्थानीय तहसँग समन्वय गरी नमुना विद्यालय स्थापना भएको हुनेछ ।
५	गुणस्तरीय शिक्षामा सबैको पहुँच	२०७६।०७७ २०८०।०८१	१ करोड	गुणस्तरीय शिक्षा मापदण्ड बनाइ सबैको पहुँच स्थापित भएको हुनेछ ।
६	प्रारम्भिक जीवनवृत्ति मार्गनिर्देशन कार्यक्रम	२०७६।०७७ २०८०।०८१	३ करोड	माध्यमिक तहका विद्यार्थीको रुचि, क्षमता र खुबी हेरी भविष्यमा वृत्ति विकासमा सहयोग पुग्ने गरी प्रारम्भिक जीवनवृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालन भएको हुनेछ ।
७	जेहेन्दार छात्रवृत्ति कार्यक्रम	२०७६।०७७ २०८०।०८१	२० करोड	सार्वजनिक शिक्षामा उच्च अङ्क ल्याउने हरेक सार्वजनिक विद्यालय उत्कृष्ट विद्यार्थीलाई उच्च शिक्षा प्राप्त गर्न सघाउ पुगेको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
८	'टिच कर्णाली' कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१० करोड	क्षमतावान शिक्षित युवाहरूलाई विशेष शिक्षण तालिम दिई कर्णाली प्रदेशको सार्वजनिक शिक्षाको गुणस्तरीयता सुधार गरिएको हुनेछ ।
९	क्याम्पस र उच्च शिक्षा पूर्वाधार विकास तथा गुणस्तरीयता सुधार कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१ अर्ब	प्रदेश भित्र क्याम्पस र उच्च शिक्षा पूर्वाधार विकास तथा गुणस्तरीयता सुधार कार्यक्रम लागु भएको हुनेछ ।
१०	राउट्या तथा सीमान्तकृत बालबालिका पठनपाठन कार्यक्रम	२०७६।०७७ २०८०।०८१	५ करोड	राउट्या लगायत सीमान्तकृत बालबालिकाहरूको पढाइ सुनिश्चितताका लागि विद्यालय तथा घुम्ती विद्यालय सञ्चालन भएको हुनेछ ।
११	प्रदेश तथा स्थानीय पाठ्यक्रम निर्माण	२०७६।०७७ २०८०।०८१	१ करोड	प्रदेशमा पाठ्यक्रम विकास वोर्ड गठन गरी समयानुकूल गुणस्तरीय पाठ्यक्रम निर्माण गर्नुका साथै स्थानीय तहको पाठ्यक्रम निर्माण भएको हुनेछ ।
१२	शैक्षिक पूर्वाधार र दरवन्दीको व्यवस्था	२०७६।०७७ २०८०।०८१	१ अर्ब	सबै शिक्षालयहरूमा आवश्यक शैक्षिक पूर्वाधार र दरवन्दीको व्यवस्था भएको हुनेछ ।
१३	मानव संशाधन विकास केन्द्रको स्थापना र सञ्चालन	२०७६।०७७ २०८०।०८१	५० करोड	प्रदेशलाई चाहिने मानव संशाधनको प्रक्षेपण गर्नुका साथै निजामती कर्मचारी, शिक्षा, स्वास्थ्य, कृषि, वन, सीप विकास र प्रविधि सम्बन्धी क्षमता विकास तालिमहरू सञ्चालन भएका हुनेछन्।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१४	प्राविधिक तथा व्यावसायिक शिक्षा	२०७६।०७७ २०८०।०८१	१ अर्ब	प्राविधिक तथा व्यावसायिक शिक्षाको बिस्तार गर्नुका साथै सबै स्थानीय तहसँग छात्रवृत्तिमा साझेदारी गरी ६ प्राविधिक (कृषि, भेटेनरी, इन्जिनियरिङ्ग, मेडिकल, सूचना प्रविधि र वन) उत्पादन भएको हुनेछ ।
१५	बहुप्राविधिक शिक्षालय स्थापना	२०७६।०७७ २०८०।०८१	१ अर्ब	एक जिल्ला—एक बहु—प्राविधिक शिक्षालय स्थापना भएका हुनेछन् ।
१६	पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना तथा सञ्चालन	२०७६।०७७ २०८०।०८१	१ अर्ब	पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना भई सञ्चालनमा आएको हुनेछ ।
१७	शैक्षिक गुणस्तर मापन तथा सुधार कार्यक्रम	२०७६।०७७ २०७९।०८०	१ करोड	उपयुक्त मापदण्ड बनाई शैक्षिक गुणस्तर मापन गरी शैक्षिक गुणस्तर सुधार भएको हुनेछ ।
१८	परम्परागत ज्ञान र सीपको ब्यवहारीकरण	२०७६।०७७ २०८०।०८१	१ करोड	परम्परागत ज्ञान र सीपको व्यवहारीकरणका निम्ति बनेको कार्यविधि र संयन्त्रले काम गरेको हुनेछ ।
१९	कर्णाली आविस्कार केन्द्रको स्थापना र सञ्चालन	२०७६।०७७ २०८०।०८१	१० करोड	नव-प्रर्वतन प्रवर्द्धनका लागि कर्णाली आविस्कार केन्द्रको स्थापना र सञ्चालन भएको हुनेछ ।
२०	सार्वजनिक पुस्तकालयको स्थापना	२०७६।०७७ २०८०।०८१	५० करोड	प्रदेश राजधानीमा प्रदेशस्तरीय तथा पालिका केन्द्र र सबै शैक्षिक केन्द्रमा पुस्तकालयको स्थापना भएको हुनेछ ।
२१	शैक्षिक सुशासन	२०७६।०७७ २०८०।०८१	१ करोड	शैक्षिक प्रशासन, शिक्षकहरूको कार्यसम्पादन तथा विद्यार्थी सिकाईमा निरन्तर अनुगमन तथा मूल्याङ्कन भएको हुनेछ ।

६.२ स्वास्थ्य

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	भौतिक पूर्वाधार तथा जनशक्तिको व्यवस्थापन	२०७६।०७७ २०८०।०८१	८ अर्ब	प्रदेशमा प्रदेश अस्पताल, जिल्लामा जिल्ला अस्पताल, स्याटलाईट अस्पताल, स्थानीय तहहरूमा आधारभूत अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत/सामुदायिक स्वास्थ्य इकाई, शहरी स्वास्थ्य इकाई, वर्थिङ सेन्टर, खोप क्लिनिक तथा गाउँघर क्लिनिकको पूर्वाधार निर्माण तथा आवश्यक जनशक्तिको व्यवस्थापन भएको हुनेछ ।
२	आधारभूत स्वास्थ्य सेवाको पहुँच बिस्तार	२०७६।०७७ २०८०।०८१	४ अर्ब	प्रदेशका सबै नागरिकलाई खोप, प्रसुति, सुरक्षित मातृत्व, परिवार नियोजन, पोषण, सर्ने/नसर्ने रोगहरू, नवजात शिशु तथा वाल रोगको एकीकृत व्यवस्थापन, निःशुल्क औषधी व्यवस्था, मानसिक स्वास्थ्य, स्वास्थ्य शिक्षा प्रर्वद्धनजस्ता आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित भएको हुनेछ ।
३	घुम्ती स्वास्थ्य सेवा	२०७६।०७७ २०८०।०८१	२ करोड ५९ लाख	कर्णाली करिडोर र भेरी करिडोरमा चिकित्सक सहितको घुम्ती स्वास्थ्य सेवा सञ्चालन भएको हुनेछ ।
४	स्वास्थ्य स्वयम सेवक परिचालन	२०७६।०७७ २०८०।०८१	१० करोड	प्रदेशभित्र आवश्यक आधारभूत स्वास्थ्य सेवाको पहुँच र उपयोगिता बढाउन स्वास्थ्य स्वंयम सेवक परिचालन भएको हुनेछ ।
५	प्राज्ञिक स्वास्थ्य संस्थाहरूको विकास र स्तरोन्नति	२०७६।०७७ २०८०।०८१	२ अर्ब	प्रदेश अस्पलाललाई शिक्षण अस्पतालको रूपमा विकास गर्ने र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई अनुसन्धान केन्द्रको रूपमा विकास, स्तरोन्नति र सहजीकरण भएको हुनेछ ।
६	मानसिक स्वास्थ्य सेवा	२०७६।०७७ २०८०।०८१	१४ करोड	सबै अस्पतालहरूमा जनशक्ति तथा भौतिक पूर्वाधार सहितको मानसिक स्वास्थ्य तथा परामर्श सेवा सञ्चालन भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
७	ट्रमा सेन्टर स्थापना	२०७६।०७७ २०८०।०८१	२५ करोड ५० लाख	दैलेखको राकममा ट्रमा सेन्टर स्थापना भएको हुनेछ ।
८	आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिको विकास र बिस्तार	२०७६।०७७ २०८०।०८१	२५ करोड	प्रदेशस्तरमा आयुर्वेद अस्पताल, आयुर्वेदिक अनुसन्धान केन्द्र र औषधालयको विकास र बिस्तार भएको हुनेछ ।
९	औषधीजन्य जडीबुटीको उत्पादन, पहिचान, सङ्कलन, प्रशोधन र उत्पादन	२०७६।०७७ २०८०।०८१	११ करोड	आयुर्वेदिक अनुसन्धान केन्द्रबाट प्रदेशमा उपलब्ध औषधिजन्य जडीबुटीको पहिचान, उत्पादन, सङ्कलन, प्रशोधन गरी औषधि उत्पादन भएको हुनेछ ।
१०	आपतकालीन स्वास्थ्य सेवा	२०७६।०७७ २०८०।०८१	२ करोड	विपत तथा महामारीको समयमा आपतकालीन स्वास्थ्य सेवा उपलब्ध भएको हुनेछ ।
११	स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली	२०७६।०७७ २०८०।०८१	७ करोड	अनलाईन प्रणालीमा आधारित स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको पहुँच सबै स्वास्थ्य संस्थाहरूसम्म पुगेको हुनेछ ।
१२	औषधी तथा स्वास्थ्य उपकरणको व्यवस्था	२०७६।०७७ २०८०।०८१	४ करोड	सबै अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा अत्यावश्यक औषधि तथा स्वास्थ्य उपकरणहरूको व्यवस्था भएको हुनेछ ।
१३	पूर्ण खोप घोषणा	२०७६।०७७ २०८०।०८१	२ करोड ४८ लाख	प्रदेशभित्रका सबै स्थानीय तह र जिल्लामा बच्चा जन्मेदेखि १५ महिनाभित्र लगाउनु पर्ने सबै खोपहरू पूरा गरी पूर्ण खोप घोषणा भएको हुनेछ ।
१४	सर्ने तथा नसर्ने रोगहरूको रोकथाम, नियन्त्रण, निवारण र व्यवस्थापन	२०७६।०७७ २०८०।०८१	६ करोड	तोकिएका सर्ने तथा नसर्ने रोगहरूको रोकथाम, नियन्त्रण र निवारण भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१५	जेष्ठ नागरिक स्वास्थ्य सेवा	२०७६।०७७ २०८०।०८१	१५ करोड ४४ लाख	जेष्ठ नागरिकलाई तोकिएको मापदण्ड बमोजिम स्वास्थ्य सेवा निःशुल्क उपलब्ध भएको हुनेछ ।
१६	किशोर किशोरीका लागि स्वास्थ्य सेवा	२०७६।०७७ २०८०।०८१	१८ करोड २१ लाख	शारीरिक, मानसिक, व्यक्तिगत सरसफाई र पोषणका लागि स्वास्थ्य संस्थामा किशोर किशोरीमैत्री वातावरण सुनिश्चित भएको हुनेछ ।
१७	पारिवारिक स्वास्थ्य विवरण अद्यावधिक कार्यक्रम	२०७६।०७७ २०८०।०८१	२ करोड	हरेक परिवारले वार्षिक रूपमा पारिवारिक स्वास्थ्य विवरण अद्यावधिक गरेको हुनेछ ।
१८	स्वास्थ्य बिमा	२०७६।०७७ २०८०।०८१	८ करोड ४० लाख	सबै स्थानीय तहका अधिकतम् नागरिक स्वास्थ्य बिमामा आवद्ध भएका हुनेछन् ।
१९	पोषण सेवा	२०७६।०७७ २०८०।०८१	१५ करोड	स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार मार्फत स्वास्थ्य प्रर्वद्धनात्मक कार्यक्रम सञ्चालन भएको हुनेछ ।
२०	स्वास्थ्य प्रर्वद्धनात्मक कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१ करोड	तोकिएको मापदण्डअनुसार सबै स्वास्थ्य संस्थाहरूले गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरेका हुनेछन् ।
२१	गुणस्तरीय स्वास्थ्य सेवा	२०७६।०७७ २०८०।०८१	५ करोड ४४ लाख	स्वास्थ्यसम्बन्धी नीति, कानुन तथा मापदण्डका आधारमा जनउत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक, निजी र गैरसरकारी स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य सुशासन लागु भएको हुनेछ ।
२२	स्वास्थ्य सुशासन	२०७६।०७७ २०८०।०८१	—	स्वास्थ्य सम्बन्धी कानुन, मापदण्ड, निर्देशिका र कार्यविधि निर्माण भई लागु भएको हुनेछ ।

६.३ जनसङ्ख्या तथा बसाइँसराइ

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	प्रमुख जनसांख्यिक समस्याहरूको पहिचान र समाधान	२०७६।०७७ २०८०।०८१	—	स्थानीय तह/जिल्लाका जनसङ्ख्या सम्बन्धी प्रमुख मुद्दाहरूको पहिचान र समाधानका उपायको पहिचान भएको हुनेछ ।
२	दक्ष र प्राविधिक जनशक्तिको प्रक्षेपण	२०७६।०७७ २०८०।०८१	—	प्रदेशभित्र विषयगत क्षेत्रमा आवश्यक पर्ने दक्ष र प्राविधिक जनशक्तिको अवस्था पहिचान भएको हुनेछ ।
३	जनसङ्ख्या व्यवस्थापनका लागि साझेदारी र सहकार्य	२०७६।०७७ २०८०।०८१	—	जनसङ्ख्या व्यवस्थापनका लागि सरोकारवाला निकायहरूको बीचमा साझेदारी र सहकार्य भएको हुनेछ ।
४	जनसङ्ख्या सूचना प्रणालीको व्यवस्था	२०७६।०७७ २०८०।०८१	१ करोड	जीवन घटना दर्ताको पहुँच र उपयोग वृद्धि भएको हुनेछ ।
५	उचित आहार, विहार र स्वस्थ जीवनशैली	२०७६।०७७ २०८०।०८१	३ करोड	पत्रुखानाको नियन्त्रण, स्वस्थकर खानाको वृद्धि, सकारात्मक सोच, स्वस्थकर वानी व्यवहारको प्रर्वद्धन भएको हुनेछ ।

६.४ युवा

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	युवा सूचना प्रणाली स्थापना तथा सञ्चालन	२०७६।०७७ २०८०।०८१	५ करोड	युवाहरूको वास्तविक अवस्था बुझ्न युवा सूचना प्रणाली स्थापना र सञ्चालन भएको हुनेछ ।
२	युवा स्वरोजगार परामर्श सेवा	२०७६।०७७ २०८०।०८१	१ करोड	स्वरोजगार हुनका लागि परामर्श सेवाका साथै प्राविधिक सहयोग उपलब्ध भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
३	युवा उद्यमशीलता कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१ अर्ब	युवा उद्यमशीलताका लागि ज्ञान, सीप, प्रविधि, पुँजी र अनुभवलाई उत्पादनका क्षेत्रमा लगाउन युवा उद्यमशीलता कार्यक्रम सञ्चालन भएको हुनेछ ।
४	युवा स्वरोजगार कार्यक्रम	२०७६।०७७ २०८०।०८१	३ अर्ब	उद्योग व्यवसाय सञ्चालन गर्ने युवाको लागि सहुलियतपूर्ण कर्जा र बिमाको व्यवस्था भएको हुनेछ ।
५	प्रदेश युवा परिषद् गठन र सञ्चालन	२०७६।०७७ २०८०।०८१	२ करोड	प्रदेशमा प्रदेश युवा परिषद् र सबै स्थानीय तहमा युवा सञ्जालको गठन तथा सञ्चालन भएको हुनेछ ।
६	युवा अध्ययन अनुसन्धान कार्यक्रम	२०७६।०७७ २०८०।०८१	५ करोड	युवाहरू अध्ययन अनुसन्धान कार्यमा अभिप्रेरित भई सहभागी भएका हुनेछन्।
७	कृषिमा युवा आकर्षण कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१ अर्ब	उत्पादकत्व बढाउन कृषिमा युवा आकर्षण कार्यक्रम सञ्चालन भएको हुनेछ ।
८	युवा वैज्ञानिक सम्मेलन	२०७७।२०७८ २०८०।०८१	१ करोड	विज्ञान प्रविधिमा रुची भएका युवा र विद्यार्थीलाई लक्षित गरी हरेक वर्ष युवा वैज्ञानिक सम्मेलन आयोजना भएको हुनेछ ।
९	कर्णाली युवा प्रतिभा पुरस्कार	२०७६।०७७ २०८०।२०८१	५० लाख	कर्णाली प्रदेशमा कृषि, वातावरण संरक्षण, पर्यटन विकास, शिक्षा, स्वास्थ्य र उद्यमका क्षेत्रमा अनुकरणीय काम गर्ने १० जना युवालाई प्रत्येक वर्ष जनही १ लाखका दरले कर्णाली युवा पुरस्कार प्रदान भएको हुनेछ ।
१०	एक वडा एक युवा क्लव गठन	२०७७।२०७८ २०८०।०८१	५ करोड	प्रदेशमा निरक्षरता उन्मूलन, वृक्षारोपण तथा वातावरण संरक्षण, सामाजिक कुरीति कुसंस्कार अन्त्यका लागि युवा क्लव स्थापना गरी परिचालन भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
११	कर्णाली विकास स्वयम सेवक कार्यक्रम	२०७६।०७७ २०८०।२०८१	१० करोड	शिक्षा, स्वास्थ्यको क्षेत्रमा सुधार गर्न र सामाजिक विकृति र विसंगति अन्त्यका लागि विश्वविद्यालयका एक हजार स्नातक तहका विद्यार्थी स्वयंसेवकको रूपमा परिचालन भएको हुनेछ ।
१२	प्रदेश युवा संसद स्थापना तथा सञ्चालन	२०७७।२०७८ २०८०।०८१	६० लाख	जिम्मेवार लोकतान्त्रिक अभ्यास गरी युवाका अधिकारहरू मुखरित गर्न प्रदेश युवा संसद स्थापना गरी कार्यविधिमार्फत् सञ्चालन भएको हुनेछ ।
१३	युवा आदान प्रदान कार्यक्रम	२०७७।२०७८ २०८०।२०८१	१ करोड	हरेक वर्ष प्रदेशको विभिन्न क्षेत्रमा उत्कृष्ट काम गरेका युवालाई छनौट गरी देश तथा विदेशमा शैक्षिक उद्यमशीलता भ्रमण अनुभव आदानप्रदान कार्यक्रम भएको हुनेछ ।

६.५ महिला सशक्तीकरण तथा लैङ्गिक समानता

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	लैङ्गिक तथा घरेलु हिंसा नियन्त्रण सम्बन्धी नीति तर्जुमा	२०७६।०७७ २०८०।०८१	—	लैङ्गिक तथा घरेलु हिंसा नियन्त्रण सम्बन्धी नीति तर्जुमा भएको हुनेछ ।
२	लैङ्गिक तथा घरेलु हिंसामा परेका व्यक्तिलाई कानुनी सहायता	२०७६।०७७ २०८०।०८१	१ करोड ५० लाख	लैङ्गिक तथा घरेलु हिंसामा परेका व्यक्तिलाई कानुनी सहायता प्रदान भएको हुनेछ ।
३	लैङ्गिक तथा घरेलु हिंसा प्रभावित महिला पुनर्स्थास्थापना तथा सेवा केन्द्र सञ्चालन	२०७६।०७७ २०८०।०८१	१० करोड	गैरसरकारी संस्थासँग सहकार्य गरी प्रदेशमा पुनर्स्थापना केन्द्र र जिल्लामा आश्रय सहितको सेवा केन्द्र सञ्चालन भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
४	लैङ्गिक उत्तरदायी बजेट विनियोजन प्रणालीको व्यवस्था	२०७६।०७७ २०८०।०८१	—	प्रदेश तथा सबै स्थानीय तहमा उपयुक्त निर्देशिका र कार्यविधि बनाई लैङ्गिक उत्तरदायी बजेट विनियोजन प्रणालीको व्यवस्था भएको हुनेछ ।
५	लक्षित वर्गका महिलाको क्षमता विकास तथा सशक्तीकरण कार्यक्रम	२०७६।०७७ २०८०।०८१	२५ करोड	राउट्या, वादी, दलित, एकल महिला, लोपउन्मुख, विपन्न अवसरबाट बञ्चित महिलाको आय आर्जनका लागि क्षमता विकास तथा सशक्तीकरण कार्यक्रम सञ्चालन भएको हुनेछ।
६	महिला उद्यमशीलता विकास तालिम	२०७६।०७७ २०८०।०८१	१० करोड	महिलालाई आत्मनिर्भर बनाउन व्यावसायिक क्षमता अभिवृद्धिका लागि महिला उद्यमशीलता विकास तालिम सञ्चालन भएका हुनेछन् ।
७	छुई व्यवस्थापन कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१० करोड	आवश्यक सरसफाई सामग्री तथा चेतना अभिवृद्धि कार्यक्रम उपलब्ध गराएर महिनावारी सुरक्षित र मर्यादित भएको हुनेछ ।
८	महिला नेतृत्व विकास कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१० करोड	महिलालाई हरेक क्षेत्रको अग्र भागमा स्थापित गर्न महिला नेतृत्व विकास कार्यक्रम सञ्चालन भएको हुनेछ ।
९	बैंक खाता छोरीको, सुरक्षा जीवन भरीको	२०७६।०७७ २०८०।०८१	३९ करोड ६३ लाख	छोरीको सर्वाङ्गीण दिगो विकासको लागि छोरी वचत खाता सञ्चालन भएको हुनेछ ।

६.६ बालबालिका तथा किशोरकिशोरी

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	बाल विकास कार्यक्रम	२०७६।०७७ २०८०।०८१	५० करोड	गर्भावस्थादेखि ८ वर्ष सम्मका बालबालिकालाई लगानी स्वरूप गुणस्तरीय पोषण, स्वास्थ्य तथा आमा शिक्षा लगायतका सेवा प्रदान भएको हुनेछ ।
२	बालगृह तथा पुनर्स्थापना केन्द्रको स्थापना र सञ्चालन	२०७६।०७७ २०८०।०८१	३ करोड	गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी अनाथ, अभिभावक विहीन, द्वन्द्वपीडित, अलपत्र परेका, कानुनी विवादमा परेका तथा सडक बालबालिकाको पहुँच सुनिश्चित गर्न बालगृह तथा पुनर्स्थापना केन्द्रको स्थापना र सञ्चालन भएको हुनेछ ।
३	आधारभूत स्वास्थ्य तथा पोषण सेवामा बालबालिका तथा किशोर किशोरीको पहुँच	२०७६।०७७ २०८०।०८१	२० करोड	आधारभूत स्वास्थ्य तथा पोषण सेवामा बालबालिका तथा किशोर किशोरीको पहुँच सुनिश्चित भएको हुनेछ ।
४	बालबालिका तथा किशोरकिशोरीको विकास सम्बन्धी नीति तथा कानुन तर्जुमा	२०७६।०७७ २०८०।०८१	—	बालबालिका तथा किशोर किशोरी विकास सम्बन्धी नीति तथा कानुन तर्जुमा भई कार्यान्वयन भएको हुनेछ ।
५	बालबालिका तथा किशोर किशोरी सचेतना कार्यक्रम	२०७६।०७७ २०८०।०८१	३ करोड	हिंसा, यौनजन्य दुर्व्यवहार, बालश्रम, लागुऔषध दुर्व्यसन, मानव बेचबिखन तथा ओसारपसार र बालविवाह विरुद्ध सचेतना कार्यक्रम सञ्चालन भएको हुनेछ ।
६	बालबालिका खोजतलास तथा हेल्पलाईन सञ्चालन	२०७६।०७७ २०८०।०८१	१ करोड	प्रदेशभर वालवालिका खोजतलास तथा हेल्पलाईन सञ्चालन भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
७	बालबालिकाको बैकल्पिक हेरचाह र स्याहार प्रणाली स्थापना	२०७६।०७७ २०८०।०८१	४ करोड	स्थानीय तहसँगको समन्वयमा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई वैकल्पिक स्याहार प्रणालीको स्थापना भएको हुनेछ ।
८	बालक्लव तथा किशोरी समूह गठन	२०७६।०७७ २०८०।०८१	२ करोड	गाउँगाउँमा बालक्लव तथा किशोरी समूह गठन भएको हुनेछ ।
९	बालमैत्री वातावरण निर्माण कार्यक्रम	२०७६।०७७ २०८०।०८१	३ करोड	स्थानीय तहबाट बालमैत्री वातावरण निर्माण कार्यक्रमहरू सञ्चालन भएको हुनेछ ।
१०	बालबालिका तथा किशोरकिशोरीहरूको अधिकार संरक्षण प्रणालीको स्थापना	२०७६।०७७ २०८०।०८१	१ करोड	बालबालिका तथा किशोर किशोरीमैत्री वातावरण निर्माणका लागि अधिकार संरक्षण प्रणाली स्थापना भई कार्यान्वयनमा आएको हुनेछ ।
११	बालविवाह नियन्त्रणका लागि रणनीति निर्माण तथा सचेतना अभियान	२०७६।०७७ २०८०।०८१	१ करोड	बालविवाह सम्बन्धी रणनीति निर्माण भई बालविवाहमा उल्लेख्य नियन्त्रण भएको हुनेछ ।

६.७ जेष्ठ नागरिक

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	जेष्ठ नागरिक तथ्याङ्क अध्यावधिक	२०७६।०७७ २०८०।०८१	५० लाख	स्थानीय तहसँगको समन्वयमा जेष्ठ नागरिकहरूको तत्थ्याङ्क संकलन गरी अद्यावधिक भएको हुनेछ ।
२	वृद्धाश्रम सञ्चालन	२०७६।०७७ २०८०।०८१	५ करोड	गैरसरकारी संस्थासँगको समन्वयमा विपन्न, साहाराविहिन तथा जोखिममा रहेका जेष्ठ नागरिकहरूको वृद्धाश्रममा संरक्षण भएको हुनेछ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
३	जेष्ठ नागरिक सेवा, सुरक्षा र सम्मान	२०७६।०७७ २०८०।०८१	५ करोड	जेष्ठ नागरिकलाई दिने सेवा सुविधा र सुरक्षाका साथै ६५ वर्ष पुगेपछिका जेष्ठ नागरिकलाई देश दर्शनका कार्यक्रमहरूको आयोजना हुनुका साथै जीवनभरको अनुभव लेखन तथा अभिलेख राख्ने कार्य शुरु भएको हुनेछ ।
४	अन्तरपुस्ता ज्ञान, सीप हस्तान्तरण	२०७६।०७७ २०८०।०८१	५ करोड	सबै स्थानीय तहमा जेष्ठ नागरिक मिलन केन्द्र मार्फत अनुभव आदानप्रदान कार्यक्रम गरी अन्तरपुस्ता ज्ञान र सीप हस्तान्तरण भएको हुनेछ ।
५	जेष्ठ नागरिक मनोपरामर्श सेवा	२०७६।०७७ २०८०।०८१	२ करोड ५० लाख	समस्यामा रहेका सबै प्रकारका जेष्ठ नागरिकहरूलाई आवश्यक मनोपरामर्श सेवा उपलब्ध भएको हुनेछ ।

६.८ अपाङ्गता भएका व्यक्तिहरू

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	अपाङ्गतामैत्री नीति तर्जुमा	२०७६।०७७ २०८०।०८१	—	अपाङ्गतामैत्री नीति तर्जुमा भएको हुनेछ ।
२	अपाङ्गता भएका व्यक्ति पहिचान तथा परिचयपत्र वितरण	२०७६।०७७ २०८०।०८१	१ करोड	मापदण्डका आधारमा अपाङ्गता भएका व्यक्ति पहिचान गरी परिचयपत्र वितरण भएको हुनेछ ।
३	अपाङ्गता जीविकोपार्जन कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१५ करोड	अपाङ्गता भएका व्यक्तिहरूलाई रुची र सीप अनुसारका जीविकोपार्जन कार्यक्रम सञ्चालन भएको हुनेछ ।
४	अपाङ्गता सहायता सामाग्री सहयोग कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१० करोड	अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक सहयोगी सामाग्री सहयोग भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
५	अपाङ्गता सचेतना कार्यक्रम	२०७६।०७७ २०८०।०८१	२ करोड	अपाङ्गता भएका व्यक्तिहरूलाई हुने सबै प्रकारका विभेद र हिंसा अन्त्यको लागि सचेतना कार्यक्रमहरू सञ्चालन भएको हुनेछ ।
६	अपाङ्गता पुनर्स्थापना कार्यक्रम	२०७६।०७७ २०८०।०८१	५ करोड	अति विपन्न, असहाय तथा सहाराविहिन पूर्ण अशक्त रूपमा अपाङ्गता भएका व्यक्तिहरूका लागि पुनर्स्थापना केन्द्र सञ्चालन भएको हुनेछ ।
७	अपाङ्गता मूलप्रवाहीकरण कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१० करोड	अपाङ्गता भएका व्यक्तिहरूमा जागरण ल्याएर सामाजिक जीवनमा मूलप्रवाहीकरण भईरहेको हुनेछ ।

६.९ खेलकूद

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	खेलकुद विकास गुरुयोजना तर्जुमा	२०७६।०७७ २०८०।०८१	—	खेलकुद विकास गुरुयोजना तर्जुमा भई कार्यान्वयनमा आएको हुनेछ ।
२	खेलकुद परिषद् गठन र सञ्चालन	२०७६।०७७ २०८०।०८१	२ करोड	प्रदेशमा प्रदेश खेलकुद परिषद्, जिल्ला र स्थानीय तहमा खेलकुद विकास समिति गठन तथा सञ्चालन भएको हुनेछ ।
३	खेलकुद, व्यायाम र स्वास्थ्य सचेतना कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१ करोड	विद्यालय तहदेखि योग, ध्यान, व्यायम खेलकुद शिक्षा मार्फत स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन भएको हुनेछ ।
४	खेल पूर्वाधार निर्माण कार्यक्रम	२०७६।०७७ २०८०।०८१	५ अर्व	प्रदेश राजधानीमा अन्तर्राष्ट्रिय स्तरको बहुउद्देश्यीय रङ्गशाला तथा कभर्डहल, हिमाली क्षेत्रमा पर्वतीय रङ्गशाला र जिल्ला सदरमुकाममा कभर्डहल तथा सबै स्थानीय तहमा खेलमैदानहरू निर्माण भएका हुनेछन् ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
५	साहसिक तथा मौलिक खेलहरूको अध्ययन, अनुसन्धान र प्रर्वद्धन	२०७६।०७७ २०८०।०८१	१५ करोड	साहसिक तथा मौलिक खेलहरूको अध्ययन, अनुसन्धान र प्रर्वद्धनका लागि हुम्लाको सिमकोट, मुगुको बाम, जुम्लाको पाताराशी लगायतका ठाउँमा यथेष्ठ कार्यक्रमहरू सञ्चालन भएका हुनेछन् ।
६	खेलकुद क्षेत्रको व्यावसायिक विकास	२०७६।०७७ २०८०।०८१	६ करोड	खेलकुदको विभिन्न प्रतियोगिताहरूको आयोजना, सञ्चालन र व्यवस्थापनमा निजी तथा गैरसरकारी संस्थासँगको साझेदारीमा खेल रोजगारी सिर्जना गरिएको हुनेछ ।
७	खेलाडी क्षमता विकास र प्रोत्साहन	२०७६।०७७ २०८०।०८१	१० करोड	प्रदेशभित्र व्यावसायिक खेल प्रशिक्षकहरूको व्यवस्था भएको हुनेछ ।
८	खेल प्रतिभाको खोजी र प्रोत्साहन	२०७६।०७७ २०८०।०८१	५ करोड	खेल प्रतिभाको पहिचान गरी विशेष प्रोत्साहन प्रदान भएको हुनेछ ।
९	खेलकुद सुशासन	२०७६।०७७ २०८०।०८१	—	निष्पक्ष, अनुशासित, मर्यादित र गतिशील बनाउन खेलकुद क्षेत्रको अनुगमन मूल्याङ्कन प्रणाली स्थापित भएको हुनेछ ।

६.१० भाषा, कला, साहित्य र संस्कृति

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	सबै महत्त्वपूर्ण धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्त्वका धरोहरहरूको संरक्षण	२०७६।०७७ २०८०।०८१	१५ करोड	सबै महत्त्वपूर्ण धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्त्वका धरोहरहरूको संरक्षण भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
२	लोपोन्मुख भाषा, कला, साहित्य, संस्कृतिहरूको खोज, अभिलेखीकरण तथा संरक्षण	२०७६।०७७ २०८०।०८१	३ करोड	लोपोन्मुख भाषा, कला, साहित्य, संस्कृतिको अध्ययन अनुसन्धान गरी अभिलेखीकरण तथा संरक्षण भएको हुनेछ ।
३	विभिन्न मौलिक चाडपर्व, मेला, धमारी तथा देउडाको प्रर्वद्धन	२०७६।०७७ २०८०।०८१	३ करोड	सम्बन्धित समुदायको सहकार्यमा विभिन्न मौलिक चाडपर्व, मेला, धमारी तथा देउडाको सम्वर्द्धन, संरक्षण र प्रवर्द्धन भएको हुनेछ ।
४	संग्रहालयको स्थापना र स्तरोन्नति	२०७६।०७७ २०८०।०८१	३० करोड	प्रदेश राजधानीमा प्रदेश संग्रहालय, शिजा जुम्लामा खस संग्रहालय र दुल्लुमा सांस्कृतिक संग्रहालयको स्थापना तथा स्तरोन्नति भएको हुनेछ ।
५	कर्णाली प्रज्ञा प्रतिष्ठान गठन र सञ्चालन	२०७६।०७७ २०८०।०८१	५ करोड	कर्णालीको भाषा, कला, साहित्य र संस्कृतिको प्रवर्द्धन गर्न कर्णाली प्रज्ञा प्रतिष्ठान गठन र सञ्चालन भएको हुनेछ ।
६	कर्णाली सांस्कृतिक डबली निर्माण	२०७६।०७७ २०८०।०८१	३० करोड	प्रदेश राजधानी सुर्खेतमा कर्णाली सांस्कृतिक देउडा डबली घर निर्माण तथा सञ्चालन भएको हुनेछ ।
७	भाषा, कला, साहित्य र सांस्कृतिक क्षेत्रमा कार्यरत सङ्घ-संस्थाहरूको सशक्तीकरण	२०७६।०७७ २०७८।०७९	२ करोड	भाषा, कला, साहित्य र सांस्कृतिको क्षेत्रमा कार्यरत सङ्घ-संस्थाहरूको सहकार्यबाट साहित्य क्षेत्रमा सशक्तीकरण भएको हुनेछ ।
८	चित्रकला, हस्तकला, वास्तुकला, मूर्तिकला लगायतका सीपको खोजी तथा प्रवर्द्धन	२०७६।०७७ २०८०।०८१	३ करोड	चित्रकला, हस्तकला, वास्तुकला, मूर्तिकला लगायतका सीपको खोजी तथा प्रवर्द्धन भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
९	मितेरी सम्बन्ध बिस्तार कार्यक्रम	२०७६।०७७ २०८०।०८१	२ करोड	कर्णाली प्रदेश र यहाँका स्थानीय तहले देश विदेशका अन्य प्रदेश वा स्थानीय तहसँग मितेरी सम्बन्ध स्थापित गरी समृद्धिको आधार बनाउन क्रियाशील भएका हुनेछन् ।

६.११ सामाजिक समावेशीकरण

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	समावेशी पहुँच बिस्तार कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१ करोड	महिला, दलित, आदिवासी जनजाति, सीमान्तकृत, लोपोन्मुख, दुर्गम हिमाली क्षेत्रका वासिन्दा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको वर्ग लक्षित गरी समावेशी पहुँच बिस्तार भएको हुनेछ।
२	लक्षित वर्ग उत्थान कार्यक्रम	२०७६।०७७ २०८०।०८१	७५ करोड	लक्षित समुदायलाई आत्मनिर्भर बनाउन आर्थिक आयआर्जन कार्यक्रम सञ्चालन भएको हुनेछ ।
३	लक्षित वर्ग विशेष सहभागिता कार्यक्रम	२०७६।०७७ २०८०।०८१	२ करोड	राजनीतिक, सामाजिक र प्रसाशनिक क्षेत्रमा लक्षित वर्गको विशेष सहभागिता भएको हुनेछ ।
४	सीमान्तकृत समुदायको परम्परागत सीप, भाषा र संस्कृतिको अनुसन्धान, अभिलेखीकरण र सम्वर्द्धन	२०७६।०७७ २०८०।०८१	५ करोड	सीमान्तकृत समुदायको परम्परागत सीप, भाषा र संस्कृतिको अनुसन्धान, अभिलेखीकरणरका साथै संरक्षण तथा सम्वर्द्धन भएको हुनेछ ।

६.१२ दलित मूल प्रवाहीकरण

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	दलित समस्या समाधान विकास समिति गठन	२०७६।०७७ २०८०।०८१	१ करोड	प्रदेशमा प्रदेश स्तरीय र सबै स्थानीय तहमा दलित समस्या समाधान समिति गठन भएको हुनेछ ।
२	दलितमैत्री वातावरण सिर्जना	२०७६।०७७ २०८०।०८१	१ करोड	सार्वजनिक सेवा प्रवाह र सामाजिक जीवनमा जातीय छुवाछुत तथा भेदभावमुक्त वातावरण सिर्जना भएको हुनेछ ।
३	परम्परागत सीपको आधुनिकीकरण तथा दलित उद्यमशीलता कार्यक्रम	२०७६।०७७ २०८०।०८१	६० करोड	परम्परागत आरन, बाजागाजा, छाला प्रशोधन, सुनचाँदीका गहना, सिलाई कटाई, माटोको भाँडाकुडा, मादल, सारङ्गी, मूर्ति निर्माण, धातुका कृषि औजारको संरक्षण, प्रवर्द्धन र आधुनिकीकरण गर्नुका साथै दलित समुदायको जीविकोपार्जनमा सुधार ल्याउन उद्यमशीलता कार्यक्रम सञ्चालन भएको हुनेछ ।
४	दलित महिला विकास कार्यक्रम	२०७६।०७७ २०८०।०८१	५ करोड	नेतृत्व विकासका लागि दलित महिला विकास कार्यक्रम सञ्चालन भएको हुनेछ ।
५	दलित छात्रवृत्ति कार्यक्रम	२०७६।०७७ २०८०।०८१	५ करोड	उच्च तथा प्राविधिक शिक्षालयहरूमा दलित छात्रवृत्ति कार्यक्रम निरन्तरता दिइएको हुनेछ ।
६	दलित समुदायका लागि छात्रवास निर्माण	२०७६।०७७ २०८०।०८१	१५ करोड	उच्च शिक्षामा अध्ययनरत दलित समुदायका छात्रछात्राहरूलाई बसोवासको व्यवस्था गर्न प्रदेश राजधानीमा छात्रावास निर्माण भएको हुनेछ ।

६.१३ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	मानव वेचविखन तथा ओसारपसार नियन्त्रण कार्यक्रम	२०७६।०७७ २०८०।०८१	४ करोड	सुरक्षा निकाय र गैरसरकारी संस्थासँग समन्वय गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कार्यक्रम सञ्चालन भएको हुनेछ ।
२	जोखिममा परेकाहरूका लागि आयआर्जन	२०७६।०७७ २०८०।०८१	३ करोड	मानव बेचबिखन तथा ओसारपसारको जोखिममा परेका व्यक्तिहरूका लागि आयआर्जन कार्यक्रम सञ्चालन भएको हुनेछ ।
३	मानव बेचबिखन तथा ओसारपसारबाट पीडितका लागि पुनर्स्थापना कार्यक्रम	२०७६।०७७ २०८०।०८१	४ करोड	गैरसरकारी संस्थासँगको सहकार्यमा कानुनी, स्वास्थ्य, मनोसामाजिक परामर्श सहितको पुनर्स्थापना सेवा उपलब्ध गराइएको हुनेछ ।

६.१४ सामाजिक सुरक्षा

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	विद्युतीय सूचना प्रणाली स्थापना	२०७६।०७७ २०८०।०८१	२ करोड	जेष्ठ नागरिक, अपाङ्गता, एकल महिला, लोपोन्मुख, बाल पोषणका लागि दिइने सामाजिक सुरक्षा भत्तालाई विद्युतीय सूचना प्रणालीमा आवद्ध गरिएको हुनेछ ।
२	मुख्यमन्त्री रोजगार कार्यक्रम	२०७६।०७७ २०८०।०८१	८ अर्ब	भारत लगायत विदेशमा काम गर्न जाने बेरोजगार सक्रीय जनशक्तिलाई स्थानीय स्तरमै रोजगार प्रदान गरी सामाजिक सुरक्षाको प्रत्याभूति दिइएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
३	सामाजिक सुरक्षा सचेतना कार्यक्रम	२०७६।०७७ २०८०।०८१	३ करोड	महिला, बालबालिका, युवा, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, सडक मानव, दलित तथा आरक्षित समूहको पहुँच सुनिश्चितताको लागि सामाजिक सुरक्षा सचेतना कार्यक्रम सञ्चालन भएको हुनेछ ।
४	आधारभूत सेवामा पहुँच कार्यक्रम	२०७६।०७७ २०८०।०८१	३० करोड	शिक्षा, स्वास्थ्य, रोजगार, खाद्य सम्प्रभूता खाद्य सुरक्षा र सूचना जस्ता आधारभूत सेवामा सबैको पहुँच स्थापित भएको हुनेछ ।
५	जनउत्तरदायी सामाजिक सुरक्षा सेवा	२०७६।०७७ २०८०।०८१	—	स्थानीय तहका सामाजिक शाखाले जनउत्तरदायी, चुस्त, पारदर्शी र प्रभावकारी सेवा प्रवाह गरेका हुनेछन् ।
६	मानव सेवा आश्रम	२०७६।०७७ २०८०।०८१	२ करोड	सडकापेक्षी मानव मुक्त गर्न स्थानीय र गैर सरकारी सङ्घ-संस्थासँग समन्वय गरी मानव सेवा आश्रम सञ्चालन भएको हुनेछ ।
७	हलिया पुनर्स्थापना कार्यक्रम	२०७६।०७७ २०८०।०८१	५ करोड	समाजशास्त्रीय अध्ययनबाट मुक्त हलियाहरुको प्रमाणीकरण गरी हलिया पुनर्स्थापना कार्यक्रम मार्फत समस्या समाधान भएको हुनेछ ।
८	सामाजिक सुरक्षाका कार्यक्रमहरूको अनुगमन मूल्याङ्कन	२०७६।०७७ २०८०।०८१	१ करोड	सामाजिक सुरक्षाका कार्यक्रमहरूको नियमित अनुगमन र मूल्याङ्कन प्रणाली स्थापित भएको हुनेछ ।

सामाजिक क्षेत्रका नतिजा खाका

प्रभाव

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
मानव विकास सूचकाङ्क	—	०.४२७	०.४५७	०.५३८	०.५४६	०.५६४	०.५८८	रा.यो.आ./सं.रा.सं.
लैङ्गिक विकास सूचकाङ्क	—	—	०.९०४	०.९१०	०.९१७	०.९२३	०.९३०	के.त.वि.
अपेक्षित आयु (जन्म हुँदाको)	वर्ष	६७	६७.६	६८.२	६८.८	६९.४	७०	के.त.वि.
बेरोजगारी दर	प्रतिशत	९.७	९.०	८.५	८.०	७.०	६	के.त.वि.
बहुआयामिक गरिबीको दर	प्रतिशत	५२.२	५१.२	५०	४५	३९	२५	रा.यो.आ.

शिक्षा

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
साक्षरता दर	प्रतिशत	६६	७१.०	७६.४	८२.१	८८.३	९५	के.त.वि.
युवा साक्षरता दर (१५-२४ वर्ष)	प्रतिशत	८२	८५.१	८८.४	९१.८	९५.३	९९	के.त.वि.

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
बाल विकास केन्द्रको भर्ना दर	प्रतिशत	—	७५	८०	८५	९०	९९	सा.वि.म.
आधारभूत तह (१-८) मा खूद भर्ना दर	प्रतिशत	९३.२	९३.३	९४.५	९५.६	९६.८	९८	सा.वि.म.
माध्यमिक तह (९-१२) मा खुद भर्ना दर	प्रतिशत	५९.४	६०.५	६१.६	६२.७	६३.८	६५	सा.वि.म.
उच्च शिक्षामा कूल भर्ना दर	प्रतिशत	६.१	७.७	९.६	१२.१	१५.१	१९	सा.वि.म.
आधारभूत तह (१-८) मा कक्षा छाड्ने दर	प्रतिशत	४.५	२.९	१.९	१.२	०.८	०.५	सा.वि.म.
माध्यमिक तह (९-१२) मा कक्षा छाड्ने दर	प्रतिशत	३.९	२.६	१.७	१.१	०.८	०.५	सा.वि.म.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
बाल विकास केन्द्र	सङ्ख्या	२७१९	३०००	३३२०	३६७४	४०६६	४५००	सा.वि.म.
आधारभूत विद्यालय	सङ्ख्या	३१६१	३१२८	३०९५	३०६३	३०३१	३०००	सा.वि.म.
माध्यमिक विद्यालय	सङ्ख्या	५७४	६४१	७१६	८००	८९४	१०००	सा.वि.म.

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
कलेज	सङ्ख्या	५६	६२	७०	७९	८९	१००	सा.वि.म.
विश्वविद्यालय	सङ्ख्या	१	१	१	२	२	२	सा.वि.म.
शिक्षक विद्यार्थी अनुपात आधारभूत तह (१-८)	अनुपात	५२.३७	५०.८	४९.३	४७.८	४६.४	४५	सा.वि.म.
शिक्षक विद्यार्थी अनुपात माध्यमिक तह (९-१२)	अनुपात	५७.६३	५४.८	५२.२	४९.७	४७.३	४५	सा.वि.म.
पेशागत तालिम प्राप्त शिक्षक आधारभूत तह (१-८)	सङ्ख्या	१३०२१	१३५२१	१४०४०	१४५७९	१५१३९	१५७२०	सा.वि.म.
पेशागत तालिम प्राप्त शिक्षक माध्यमिक तह (९-१२)	सङ्ख्या	२९०४	३०१०	३११९	३२३३	३३५१	३४७३	सा.वि.म.
माध्यमिक तहमा छात्रवृत्ति पाउने विद्यार्थी	सङ्ख्या	८२३३२	८५५९६	८८९९०	९२५१८	९६१८७	१०००००	सा.वि.म.
उच्च शिक्षामा छात्रवृत्ति पाउने विद्यार्थी	सङ्ख्या	४६६	५४३	६३२	७३७	८५८	१०००	सा.वि.म.
इण्टरनेट सुविधा पुगेका विद्यालय	सङ्ख्या	५३८	७००	९१०	११८३	१५३८	२०००	सा.वि.म.

स्वास्थ्य

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
बाल मृत्यु दर ५ वर्षमुनिका (प्रतिहजार जीवित जन्ममा)	जना	५८	४७.४	४५	४२	३८	३५	ने.ज.स्वा.स./ के.त.वि./युनिसेफ
५ वर्षमुनिका कम तौल भएका बालबालिका	प्रतिशत	३५.६	३१.७	३७.४	२५.२	२२.४	२०	ने.ज.स्वा.स./ के.त.वि./युनिसेफ
३० मिनेटको दूरीमा स्वास्थ्य सेवामा पहुँच भएको परिवार	प्रतिशत	२३.६	२८.४	३४.३	४१.३	४९.८	६०	ने.ज.स्वा.स.
स्वास्थ्य बीमामा आवद्ध जनसङ्ख्या	प्रतिशत	६.५	१०.२	१६.१	२५.४	४०.०	६३	ने.ज.स्वा.स.
स्वास्थ्य उपचारमा व्यक्तिगत खर्चको अनुपात	प्रतिशत	४९	४४.४	४०.३	३६.५	३३.१	३०	ने.ज.स्वा.स.
मातृ मृत्यु दर (प्रति लाख जीवित जन्ममा)	जना	२३९	२१२	१८७	१६६	१४७	१३०	ने.ज.स्वा.स.
नवजात शिशु मृत्यु दर (प्रतिहजार जीवित जन्ममा)	जना	२९	२२	११	९	८	७	ने.ज.स्वा.स./ के.त.वि./युनिसेफ
कूल प्रजनन दर	प्रति महिला	२.८	२.७	२.७	२.५	२.४	२.३	ने.ज.स्वा.स./ के.त.वि./युनिसेफ
किशोरी अवस्थाको प्रजनन (१९ वर्ष मुनि)	प्रतिशत	१९	१८.१	१७.३	१६.५	१५.७	१५	ने.ज.स्वा.स.

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
स्वास्थ्य संस्था मार्फत प्रसूति सेवा लिने महिला	प्रतिशत	७३	७५.३	७७.६	८०.०	८२.५	८५	ने.ज.स्वा.स.
दक्ष स्वास्थ्यकर्मीको उपस्थितिमा सुत्केरी भएका महिला	प्रतिशत	५९	६२.७	६७.७	७०.८	७५.३	८०	ने.ज.स्वा.स./ के.त.वि./युनिसेफ
प्रोटोकल अनुसार चार पटकसम्म गर्भवती जाँच गराउने महिला	प्रतिशत	६२	६६.८	७२.०	७७.५	८३.५	९०	ने.ज.स्वा.स./ के.त.वि./युनिसेफ
प्रोटोकल अनुसार आमा बच्चाको जन्मपछि तीन पटक सेवा प्राप्त गर्ने महिला	प्रतिशत	२४	२७.८	३२.२	३७.३	४३.२	५०	स्वा.व्य.सू.प्र.
भिटामिन ए प्राप्त गर्ने गर्भवती महिला	प्रतिशत	९८	९८.४	९८.८	९९.२	९९.६	१००	स्वा.व्य.सू.प्र.
तोकिए वमोजिमका सबै खोप प्राप्त गर्ने बालबालिका	प्रतिशत	७९	८१.१	८३.२	८५.४	८७.७	९०	स्वा.व्य.सू.प्र.
प्रतिलाख जनसङ्ख्यामा चिकित्सक	सङ्ख्या	५	६	७	८	९	१०	स्वा.व्य.सू.प्र.
परिवार नियोजनको साधन प्रयोग दर(१५-४९ वर्षका विवाहित महिलामा)	प्रतिशत	३५	३८.३	४१.९	४५.९	५०.२	५५	स्वा.व्य.सू.प्र.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
प्राथमिक उपचार केन्द्र	सङ्ख्या	२२७	२५४	२८५	३१९	३५७	४००	सा.वि.म.
स्वास्थ्य चौकी	सङ्ख्या	३३५	३३८	३४१	३४४	३४७	३५०	सा.वि.म.
अस्पताल	सङ्ख्या	१३	१७	२२	२९	३८	५०	सा.वि.म.
प्रसूति केन्द्र	सङ्ख्या	३०१	३१०	३२०	३३०	३४०	३५०	सा.वि.म.
चिकित्सक	सङ्ख्या	८५	९९	११५	१३३	१५५	१८०	सा.वि.म.
स्वास्थ्य कर्मी	सङ्ख्या	२०७०	२२९९	२५५४	२८३७	३१५१	३५००	सा.वि.म.
स्वास्थ्य स्वयं सेविका	सङ्ख्या	४१०२	४१७९	४२५७	४३३६	४४१७	४५००	सा.वि.म.

जनसङ्ख्या तथा बसाईंसराइ

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
जनसङ्ख्या वृद्धि दर	प्रतिशत	१.६३	१.५५	१.४७	१.३९	१.३२	१.२५	के.त.वि..
वैदेशिक रोजगारीका लागि भारत जाने	सङ्ख्या	९००००	७८३४९	६८२०७	५९३७८	५१६९१	४५०००	सा.वि.म.
भारत बाहेक अन्य मुलुकमा जाने	सङ्ख्या	६२६३	७१३३	८१२३	९२५२	१०५३७	१२०००	सा.वि.म.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
बसाइँसराइका घटना	सङ्ख्या	१९७६५	१७२४७	१५०५०	१३१३३	११४६०	१००००	सा.वि.म.

युवा

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
युवा अर्ध-बेरोजगारी दर	प्रतिशत	२९	२७	२५	२०	१७	१५	के.त.वि.
युवा साक्षरता दर	प्रतिशत	८२	८५	८८	९२	९५	९९	के.त.वि.
स्वरोजगार कर्जा प्राप्त गरी व्यवसाय सञ्चालन गर्ने युवा	सङ्ख्या	—	—	९३४५	१३५००	१६०००	२००००	सा.वि.म. / यु.स्व.को

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
रोजगार वा स्वरोजगार प्राप्त युवा	सङ्ख्या	२८९	४५०	६००	१०००००	१०००००	१०००००	सा.वि.म.
सीप विकास तालिम प्राप्त युवा	सङ्ख्या	४४००	५६२३	७१८६	९१८४	११७३७	१५०००	सा.वि.म.
युवा उद्यमीहरू	सङ्ख्या	—	—	—	७०००	८०००	१००००	सा.वि.म.

महिला सशक्तीकरण तथा लैङ्गिक समानता

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पीडित महिला	प्रतिशत	१९.१	१६.६	१४.४	१२.५	१०.८	९.४	सा.वि.म.
घरेलु हिंसा पीडित महिलाको उजुरी सङ्ख्या	सङ्ख्या	८५८	८००	७७५	७५०	७२१	६६०	सा.वि.म.
महिला साक्षरता दर	प्रतिशत	५३	६०	६७	७५	८५	९०	के.त.वि.
छोरी सुरक्षा कार्यक्रममा आवद्ध छोरी	सङ्ख्या	—	७२००	११००३	१६८१४	२५६९४	३९२६४	सा.वि.म.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
महिला सीप विकास तालिम	सङ्ख्या	५	६	७	८	९	१०	सा.वि.म.
महिला उद्यमीहरू	सङ्ख्या	१००	१५०	२००	३००	४००	५००	सा.वि.म.

बालबालिका तथा किशोरकिशोरी

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
बाल हिंसाका घटना	सङ्ख्या	१२६९	१०३१	९२५	८००	७००	६००	सा.वि.म.
बाल विवाह NMICS	प्रतिशत	३४	२९	२५	२१	१८	१५	सा.वि.म.
बाल श्रम	सङ्ख्या	३७३२३	३५०००	३१०००	२८०००	२३०००	१८०००	सा.वि.म.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
बाल विकास केन्द्र	सङ्ख्या	२७११	२७६६	२८२३	२८८१	२९४०	३०००	सा.वि.म.
किशोर किशोरी लक्षित कार्यक्रम	सङ्ख्या	२	२	३	३	४	५	सा.वि.म.
छोरी सुरक्षा बैंक खाता	सङ्ख्या	७२००	७९७४	८८३२	९७८२	१०८३४	१२०००	सा.वि.म.

जेष्ठ नागरिक

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
सरकारी सेवा, सुविधा उपभोग गर्ने जेष्ठ नागरिक	प्रतिशत	९०	९२	९४	९६	९८	१००	सा.वि.म.

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
जेष्ठ नागरिक लक्षित कार्यक्रम	सङ्ख्या	२	२	३	३	४	५	सा.वि.म.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
जेष्ठ नागरिक दिवा सेवा केन्द्र	सङ्ख्या	१२	१३	१५	१६	१८	२०	सा.वि.म.
जेष्ठ नागरिक मिलन चौतारी	सङ्ख्या	१२	१३	१५	१६	१८	२०	सा.वि.म.
जेष्ठ नागरिक लक्षित कार्यक्रमका लागि विनियोजित बजेट	रु लाखमा	७०	९३.६	१२५.३	१६७.६	२२४.२	३००	सा.वि.म.

अपाङ्गता भएका व्यक्ति

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
सरकारी सुविधा उपभोग गर्ने अपाङ्गता भएका व्यक्ति	सङ्ख्या	२००००	२२३६९	२५०१८	२७९८०	३१२९४	३५०००	सा.वि.म.

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
अपाङ्गता भएका व्यक्ति लक्षित कार्यक्रम	सङ्ख्या	३	३	४	४	५	५	सा.वि.म.
रोजगारी प्राप्त अपाङ्गता भएका व्यक्तिहरू (सरकारी तथा गैरसरकारी क्षेत्र समेत)	सङ्ख्या	—	—	१५१	१८०	२५०	३००	सा.वि.म.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
अपाङ्गता भएकाहरूका लागि सेवा केन्द्र	सङ्ख्या	१	१	१	१	१	१	सा.वि.म.
अपाङ्गता भएका व्यक्तिहरू लक्षित कार्यक्रमका लागि विनियोजित बजेट	रु करोडमा	७.२९	८	८	९	९	१०	आ.मा. यो.म.

खेलकूद

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
प्रदेश स्तरीय खेलकूद प्रतियोगिता	सङ्ख्या	२	२	२	२	३	३	सा.वि.म.
खेल प्रशिक्षक/खेलकूद शिक्षक भएको विद्यालय	प्रतिशत	४५	५५	६५	७५	८५	९५	सा.वि.म.
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको खेल प्रतियोगितामा हासिल पदक	सङ्ख्या	६	७	८	९	१०	१२	सा.वि.म.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
स्टेडियम	सङ्ख्या	५	६	७	८	९	१०	सा.वि.म.
खेल मैदान	सङ्ख्या	१०	२५	७९	८०	८०	८०	सा.वि.म.
खेल प्रशिक्षक/शिक्षक	सङ्ख्या	३९८	४६४	५४९	६६३	७५२	८४०	सा.वि.म.

भाषा, कला, साहित्य र संस्कृति

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
संरक्षण गरिएका लोपोन्मुख भाषाहरू	सङ्ख्या	२	२	३	३	४	५	सा.वि.म.
संरक्षण गरिएका लोपोन्मुख कला, संस्कृतिहरू	सङ्ख्या	३	३	४	४	५	५	सा.वि.म.
भाषा, कला, साहित्य र संस्कृति प्रवर्द्धनका कार्यक्रमहरू	सङ्ख्या	६	६	७	८	९	१०	सा.वि.म.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
सांस्कृतिक संग्राहालय	सङ्ख्या	१	१	२	२	२	३	सा.वि.म.
संरक्षण गरिएका सम्पदा	सङ्ख्या	८	१०	१२	१५	१८	२०	सा.वि.म.
भाषा, कला, साहित्य र संस्कृति सम्बन्धी कार्यक्रमका लागि विनियोजित बजेट	रु करोडमा	१.६	२.०	२.५	३.२	४.०	५	आ.मा. यो.म.

सामाजिक समावेशीकरण

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
सामाजिक समावेशीकरणको कार्यक्रमबाट लाभान्वित लोपान्मुख जातजाति	सङ्ख्या	१४६	१७९	२१८	२६७	३२७	४००	सा.वि.म.
सामाजिक समावेशीकरण लक्षित कार्यक्रम	सङ्ख्या	२	२	३	३	४	५	सा.वि.म.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
राजनीतिक तहमा महिला सहभागिता	सङ्ख्या	१५२८	१६४४	१७६८	१९०२	२०४५	२२००	सा.वि.म.
राजनीतिक तहमा लोपोन्मुख तथा पीछडिएका जातजातिहरूको सहभागिता	सङ्ख्या	१३	१५	१७	१९	२२	२५	सा.वि.म.
सामाजिक समावेशीकरण लक्षित बजेट	रु करोडमा	९६	५३.२	२९.४	१६.३	९.०	५	आ.मा. यो.म.

दलित मूलप्रवाहीकरण

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
दलित साक्षरता	प्रतिशत	५७.८	६४	६८	७०	७५	८०	सा.वि.म.
दलितहरूको रोजगारी	प्रतिशत	१	१	१	१	१.५	२	सा.वि.म.
दलित हिंसाको घटना	सङ्ख्या	२४६	२२५	२००	१८०	१५०	१००	सा.वि.म.
जातीय विभेद/ छुवाछुतका घटना	सङ्ख्या	१८	१५	१२	९	७	५	सा.वि.म. / ने.मा.ब.पु. २०२०
स्थानीय तहमा दलित प्रतिनिधित्व	सङ्ख्या	९६२	९६२	९६२	९६२	९६२	१३००	निर्वाचन आयोग
प्रदेश सभामा दलित प्रतिनिधित्व	सङ्ख्या	५	५	५	६	६	१०	निर्वाचन आयोग

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
प्रदेश निजामती सेवामा दलितहरूको सहभागिता	सङ्ख्या	३६	४०	५४	६६	८१	१०१	सा.वि.म.
राजनीतिमा दलितहरूको सहभागिता	प्रतिशत	३	४	५	६	७	९	सा.वि.म.

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
मानव बचबिखनको घटना	सङ्ख्या	—	—	२	०	०	०	ने.मा.ब.पु.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
मानव बेचबिखन तथा ओसार पसार नियन्त्रणका कार्यक्रम	सङ्ख्या	१	१	२	२	२	३	सा.वि.म.

सामाजिक सुरक्षा

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसङ्ख्या	प्रतिशत	५	८	१२	१९	३१	४८	सा.वि.म.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेहरू	प्रतिशत	६०	६५	७०	८०	९०	१००	सा.वि.म.
बैंक खाता छोरीको सुरक्षा जीवनभरीको	सङ्ख्या	७२००	७९७५	८८३२	९७८२	१०८३५	१२०००	सा.वि.म.

परिच्छेद : ७
आर्थिक क्षेत्र

७.१ कृषि तथा प्राकृतिक स्रोत व्यवस्थापन

७.१.१ प्राङ्गारिक तथा व्यावसायिक कृषि

१. पृष्ठभूमि

कर्णाली प्रदेशको कूल जनसङ्ख्याको दुई तिहाई भन्दा बढी जनसङ्ख्या कृषिमा आश्रित छ । कृषि तथा वन उपक्षेत्रले प्रदेशको कूल गार्हस्थ्य उत्पादनमा करिब एक तिहाई योगदान दिएको छ । कृषिमा आधुनिकीकरण तथा यान्त्रिकीकरणका माध्यमबाट प्रतिस्पर्धी बनाई प्राङ्गारिकका साथै उच्च मूल्यका कृषि उत्पादन र उत्पादकत्व बढाउन सकिएमा कृषकहरूको आयमा वृद्धि हुन गई यसबाट प्रदेशको गरिबी निवारणका साथै खाद्य तथा पोषण सुरक्षालाई प्रत्याभूत गर्न पनि ठोस योगदान पुग्न जानेछ । एकातर्फ कृषिमा आश्रित जनसङ्ख्यालाई र कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान समेतलाई कम गर्दै लैजानु पर्नेछ भने अर्कोतर्फ कृषिमा मूल्य अभिवृद्धि, विविधीकरण, व्यावसायीकरण र औद्योगिकीकरण गर्न पनि आवश्यक छ ।

२. प्रमुख समस्या

व्यावसायिक कृषिका लागि गुणस्तरीय उत्पादन सामाग्रीहरूको उपलब्धता नहुनु, पर्याप्त सिँचाइ सुविधा नहुनु, उन्नत बीउ विजन लगायतका कृषि सामाग्रीहरू समयमा सहज उपलब्ध नहुनु, कृषिमा नवप्रवर्तन र सिर्जनशीलताको अभाव हुनु, कृषिमा यान्त्रिकीकरण हुन नसक्नु, प्राङ्गारिक खेती प्रणालीको लागि जैविक प्रविधिको ज्ञान तथा उत्पादन सामाग्रीहरूको उपलब्धता नहुनु, प्राङ्गारिक कृषि उन्मुख अनुसन्धान, शिक्षण तथा तालिम नहुनु, विषादी प्रयोगको नियमनमा कमी, उत्पादनमा जोखिम, भूमिको खण्डीकरण, जलवायु तथा वातावरण अनुकूलित स्थानीय तथा रैथाने बालीको संरक्षण र सम्वर्द्धन हुन नसक्नु, बजारसम्मको सहज पहुँचको अभाव हुनु, कृषि उत्पादनलाई उद्योगसँग जोड्न नसकिनु, स्थानीय तथा रैथाने बालीको उचित प्रोत्साहन, बौद्धिक अधिकार प्रमाणीकरण हुन नसक्दा अन्तर्राष्ट्रिय बजारमा पहुँच नहुनु, युवाहरूको वैदेशिक रोजगारीमा जाने क्रम बढिरहेका कारण श्रम शक्तिको अभावमा पहाडी भू-भागका जग्गाहरू बाँझो रहनु, कृषि तथा पशुजन्य वस्तुहरूको उचित भण्डारण व्यबस्था नहुनु, जलवायु परिवर्तनको असर कृषि उत्पादनमा पर्नु, कोभिड-१९ जस्ता

महामारीको असर कृषिमा पनि पर्नु, कृषि पेसालाई सम्मानित बनाउन नसकिनु, कृषि तथा पशु विज्ञान अध्ययन गरेका युवा पुस्तामा कृषिमा आधारित व्यवसाय सञ्चालन गर्ने सोच भन्दा जागिर खाने वा विदेशमा श्रम गर्ने मनस्थिति हुनु जस्ता समस्याहरू विद्यमान छन् ।

३. चुनौती तथा अवसर

कृषि पेशाबाट पलायन हुने प्रवृत्तिको निराकरण गर्नु, जमिनको खण्डीकरणलाई रोक्नु, कृषिका लागि आवश्यक श्रमशक्तिको उपलब्धता, रासायनिक एवम् किटनाशक विषादीको अनियन्त्रित आयात तथा खुला वितरण र प्रयोगको नियन्त्रण, दक्ष प्राविधिक जनशक्तिको सहज आपूर्तिको व्यवस्था मिलाउनु, पर्याप्त सिँचाइको प्रवन्ध मिलाउनु, प्राङ्गारिक कृषि प्रधान प्रदेश बनाउनु जलवायु परिवर्तन अनुकूलित कृषि व्यवसाय हुनु, प्रमुख चुनौतीहरू रहेका छन् ।

प्राङ्गारिक तथा उच्च मूल्यका कृषि उपजहरू उत्पादन गरी आन्तरिक तथा वाह्य वजारमा विक्री गर्न सकिने अवस्था विद्यमान रहनु, कर्णाली प्रदेशको हिमाली क्षेत्र प्राङ्गारिक अवस्था मै रहनु र अन्य भागमा रासायनिक मलको कम उपलब्धता तथा प्रयोग (मलको आपूर्ति वार्षिक करिव ४ हजार मे.टन मात्र) का कारण प्राङ्गारिक खेती गर्न सहज देखिनु, सिँचित क्षेत्र बिस्तार गरी उत्पादन बढाउन सकिने हुनु, कृषिमा व्यावसायिकता तथा उद्यमशीलता विकास गर्न कृषकहरूको रुचि बढ्दै जानु, कृषि र पशु विज्ञान अध्ययन गराउने प्राविधिक शिक्षण संस्था तथा अध्ययन गर्ने स्थानीय युवाको सङ्ख्यामा वृदि हुँदै जानु, भौगोलिक तथा जैविक विविधता आदि अवसरका रूपमा रहेका छन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

प्राङ्गारिक कृषि उत्पादनमा वृद्धि, हरित अर्थतन्त्रमा आधारित समृद्धि ।

४.२ लक्ष्य

प्राङ्गारिक कृषि प्रणालीको माध्यमबाट कृषि पेशालाई व्यावसायिक र प्रतिस्पर्धी बनाई कृषकहरूको जीवनस्तरमा सुधार गर्ने ।

४.३ उद्देश्य

- प्राङ्गारिक कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषकको आय बढाउनु ।

- तुलनात्मक लाभका कृषि उपज प्रवर्द्धन गरी कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाउनु ।
- रैथाने बाली र जैविक विविधताको संरक्षण र सम्वर्द्धन गरी वातावरण तथा जनस्वास्थ्यमैत्री कृषि प्रवर्द्धन गर्नु ।
- पुष्प खेती, रेशम खेती, नगदे बाली, मसला बाली तथा उच्च मूल्यका जडीबुटी खेतीको थालनी तथा बिस्तार गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. कृषि उत्पादन वृद्धिका लागि उत्पादन सामाग्री, पूर्वाधार, प्रविधि तथा प्राविधिक सेवाको उपलब्धता सुनिश्चित गर्ने ।	क) गुणस्तरीय कृषि उत्पादन सामाग्री (जस्तै बीउ, बीजन, बेर्ना आदि) उत्पादनका लागि सरकारी स्रोत केन्द्रहरूको सुदृढीकरण तथा निजी स्रोतकेन्द्रलाई प्रोत्साहन गरिनेछ । ख) स्थानीय तहसँगको साझेदारीमा सिँचाइ कार्यक्रमलाई अभियानको रूपमा लागु गरिनेछ । ग) प्राविधिक सेवा बिस्तारको लागि प्रदेश, स्थानीय तहका प्राविधिकहरू तथा निजी प्राविधिक सेवा प्रदायक/एग्रोभेट/पाराभेटहरूको क्षमता विकास गर्दै एक-वडा एक कृषि प्राविधिक तथा नमुना कृषि फार्म स्थापना गरिनेछ। घ) भौचर प्रणाली मार्फत साना तथा विपन्न वर्गका कृषकहरूलाई उत्पादन सामग्री तथा प्राविधिक सेवा बिस्तार गर्दै मझौला किसानमा स्तरोन्नति गरिनेछ ।
२. व्यावसायिक कृषि उत्पादनका लागि आवश्यक कृषि ऋणको उपलब्धता सुनिश्चित गर्ने ।	क) व्यावसायिक कृषि उत्पादनका लागि कृषि ऋण उपलब्ध गराउने वित्तीय सङ्घ संस्थाहरूलाई ऋण लगानीका लागि सहजीकरण र परिचालन गरिनेछ । ख) मध्यम तथा उच्च व्यावसायिक कृषक समुह, सहकारी, निजी फर्म, कम्पनी तथा उद्योग एवं उद्यमीहरूलाई प्रतिस्पर्धी बनाउन सहुलियत दरको ऋण, बिमा र व्याज अनुदानको व्यवस्था गरिनेछ । ग) व्यावसायिक कृषि उत्पादनका लागि आवश्यक ज्ञान, सीप, प्रविधि र तालिम प्राप्त व्यवसायीहरूलाई कृषि ऋण उपलब्ध गराउन प्राथिमकता दिइनेछ ।

रणनीति	कार्यनीति
३. कृषि उत्पादनमा हुने जोखिमलाई न्यूनीकरण गर्ने ।	क) प्राकृतिक प्रकोप तथा आकस्मिक रोग किराबाट पशुपन्छी तथा बालीनालीमा हुने क्षतिलाई सम्बोधन गर्ने व्यबस्था मिलाइनेछ । ख) कृषि बिमा अनिवार्य गरिनेछ र सबैखाले उत्पादनको बिमा गराउन प्रोत्साहन गरिनेछ । ग) कृषकहरूको उत्पादनको न्यूनतम समर्थन मूल्य समायोजन कार्यक्रमको सुरुआत गरिनेछ ।
४. कृषकलाई सम्मान र कृषि पेसालाई मर्यादित बनाउँदै लैजाने ।	क) कृषकहरूको बिमाका साथै बिमामा आधारित पेन्सन कार्यक्रमको शुरुवात गरिनेछ । ख) उत्कृष्ट व्यावसायिक कृषक, कृषि समूह र सहकारीहरूलाई पुरस्कृत गरिनेछ । ग) कृषि पेसालाई सम्मानित र श्रमलाई मर्यादित बनाउने कार्यको थालनी गरिनेछ ।
५. तुलनात्मक लाभका कृषि उपजको गुणस्तरीय उत्पादन, प्रशोधन र बजार प्रवर्द्धन गरी प्रतिस्पर्धी बनाउने।	क) छनौट भएका उच्च मूल्यका कृषि वस्तुको उत्पादन, प्रशोधन, भण्डारण, विविधीकरण, ब्राण्डिङ्ग तथा बजारीकरणमा प्रोत्साहन दिइनेछ । ख) कृषिमा आधारित उद्योग स्थापना, सञ्चालन र सुदृढीकरण गर्दै निर्यात प्रवर्द्धन गरिनेछ । ग) कृषि र पशुजन्य वस्तुहरूको गुणस्तरीय उत्पादन वृद्धिका लागि एक वडा-एक पकेट क्षेत्र, एक सहकारी-एक नमुना कृषि व्यवसाय, एक पालिका-एक कृषि र पशुजन्य उद्योग, एक जिल्ला-एक चिस्यान केन्द्र सञ्जाल जस्ता कार्यहरूको थालनी गरिनेछ ।
६. रैथाने कृषि उत्पादनहरूको संरक्षण र प्रवर्द्धन गर्दै प्राङ्गारिक उत्पादनमा वृद्धि गरी आन्तरिक र बाह्य बजारमा निर्यात गर्ने ।	क) रैथाने प्रजातिका कृषि बालीवस्तुहरूको प्राङ्गारिक उत्पादनका लागि कृषि प्रविधिहरूको विकास तथा बिस्तार गरिनेछ । ख) रैथाने प्रजातिका कृषि बालीवस्तुहरूको प्राङ्गारिक उत्पादनमा प्रोत्साहन गरिनेछ । ग) निर्यातजन्य रैथाने वाली तथा वस्तुको विविधीकरण, प्रशोधन, ब्राण्डिङ्गमा सहयोग, प्रोत्साहन तथा सहजीकरण गरी आन्तरिक तथा वाह्य बजारमा बजारीकरण तथा निर्यात गर्न प्रोत्साहन गरिनेछ ।

रणनीति	कार्यनीति
७. प्राङ्गारिक उत्पादनका लागि प्राङ्गारिक मल एवम् जैविक विषादी उत्पादन तथा बजार प्रवर्द्धन गर्ने ।	क) प्राङ्गारिक मल, गोठे मल, जैविक विषादी उत्पादन तथा बजारीकरणमा प्रोत्साहन गरिनेछ । ख) सार्वजनिक-निजी/सहकारी साझेदारीमा प्राङ्गारिक मल, जैविक विषादी, कृषि उपकरण, आदिका उद्योग स्थापनामा सहयोग तथा सहजीकरण गरिनेछ ।
८. कृत्रिम रसायन तथा विषादीहरूबाट कृषि क्षेत्र लगायत मानव स्वास्थ्यमा हुने जोखिम न्यूनीकरण गर्ने ।	क) कृत्रिम रसायन तथा रसायनमा आधारित विषादी उत्पादनलाई निरुत्साहित गरिनेछ । ख) कृत्रिम रसायन तथा रसायनमा आधारित विषादी आयात, उत्पादन तथा बिक्री वितरणमा नियमन गरिनेछ । ग) कृषक तथा उपभोक्ताहरूलाई कृत्रिम रसायन तथा विषादीहरूबाट कृषि क्षेत्र लगायत मानव स्वास्थ्यमा हुने जोखिम तथा हानीबारे जनचेतना जगाइनेछ । घ) प्रदेशलाई चरणबद्ध रूपमा रासायनिक मल तथा विषादी आयातलाई निषेध गर्दै क्रमशः जोनिङ्ग गरी प्राङ्गारिकीकरण गरिनेछ ।
९. प्राङ्गारिक कृषि अनुसन्धान केन्द्रको स्थापना गरी प्राङ्गारिक कृषि प्रविधिको विकास गर्ने ।	क) प्राङ्गारिक कृषि सम्बन्धी अध्ययन, अनुसन्धान र विकासका लागि एक अनुसन्धान केन्द्रको स्थापनाका साथै प्राङ्गारिक उत्पादनलाई प्रमाणीकरण गर्ने व्यवस्था मिलाइनेछ । ख) प्राङ्गारिक कृषि उत्पादनहरूको कर्णाली ब्राण्डको नामबाट ब्राण्डिङ्ग गरिनेछ । ग) स्थानीय माटो तथा हावापानी सुहाउँदो वातावरणमैत्री प्रविधिको विकास, प्रवर्द्धन तथा प्रसारणका लागि नमुना कार्य थालनी गरिनेछ ।

५. अपेक्षित उपलब्धि

प्रमुख अन्न बालीहरूको उत्पादनमा १० प्रतिशत, फलफूल तथा तरकारीको उत्पादनमा २५ प्रतिशत र पुष्पखेतीमा उलेख्य वृद्धि भएको हुनेछ । प्राङ्गारिक कृषि

उत्पादनहरूको व्यवसायीकरण भएको हुनेछ । फलफूल तथा तरकारी उत्पादनको निर्यातमा अपेक्षित रूपमा वृद्धि भई कृषकहरूको आय वृद्धि भएको हुने तथा रासायनिक मल तथा विषादीहरूको प्रयोगलाई निषेध गरी हिमाली जोन पूर्ण प्राङ्गारिक र बाँकी प्राङ्गारिकउन्मुख क्षेत्र घोषणा भएको हुनेछ । प्राङ्गारिक कृषि उत्पादनहरू कर्णाली ब्राण्डको नामबाट स्थापित भई बजारीकरण भएको हुनेछ ।

७.१.२ पशुपन्छी, मत्स्य तथा मौरी पालन

१. पृष्ठभूमि

पशुपन्छी, मत्स्य तथा मौरी पालन प्रदेशको कृषि विकासको महत्त्वपूर्ण अङ्ग मानिन्छ। दुध, दही, माछा, मासु, अण्डा, मह आदिको उत्पादनमा प्रदेशलाई आत्मनिर्भर बनाउनु पर्ने भएको छ भने प्राङ्गारिक रूपमा यिनीहरूको उत्पादन गर्न सकिए निकै नै ठूलो बजार लिन सक्ने देखिन्छ । उच्च हिमाली भूभागमा पशुपन्छी र स्थानीय मौरी पालन व्यवसायको विकास गर्ने हो भने प्रदेशले झनै ठूलो लाभ प्राप्त गर्न सक्नेछ । त्यसैले व्यावसायिक पशुपन्छी, मौरी तथा मत्स्य पालनको बिस्तारबाट थप रोजगारी सिर्जना र कृषकहरूको आय वृद्धि गर्दै समृद्ध कर्णालीको निर्माणमा योगदान पुग्नेछ ।

२. प्रमुख समस्या

पशुपन्छी तथा मत्स्य पालनको व्यावसायिक उत्पादनका लागि आवश्यक पर्ने उन्नत नश्लका पशुपन्छीहरू र पशु स्वास्थ्य प्रविधि तथा गुणस्तरीय आहाराको अभाव हुनु, उन्नत नश्लका पशुपन्छीहरूको स्रोतकेन्द्र तथा उन्नत पशुपन्छी पालन प्रविधि कृषकको घरदैलोमा उपलब्ध नहुनु, प्राङ्गारिक पशुपालन प्रणालीको लागि प्रविधि उपलब्ध नहुनु, प्रति जैविकी पदार्थहरू तथा अन्य रसायन तथा विषादीको प्रयोगको नियमनमा कमी, उत्पादनमा रहेका जोखिमहरूको न्यूनीकरण हुन नसक्नु, रैथाने पशुपन्छीहरूको संरक्षण र सम्बर्द्धन हुन नसक्नु, मौरी तथा मत्स्य पालनमा कम ध्यान पुग्नु प्रमुख समस्याहरू हुन् ।

३. चुनौती तथा अवसर

पशुपन्छी, मत्स्य तथा मौरी पालन व्यवसायको प्रदेशभित्र यथेष्ट विकास गर्नु, यी व्यवसायका लागि स्रोत केन्द्रहरूको स्थापना तथा विकास गर्नु, प्राङ्गारिक उत्पादनका लागि आवश्यक प्रविधि र थप स्रोत साधनको व्यवस्था गर्नु, कृषकहरूलाई यी व्यवसायमा आकर्षित गर्नु, बजारको प्रवर्द्धन गर्नु प्रमुख चुनौतीको रूपमा रहेका छन् ।

यस प्रदेशको उच्च हिमाली भूभागमा प्राङ्गारिक रूपमा पशुपन्छी, मत्स्य तथा मौरी पालन व्यवसायको पर्याप्त सम्भावनाहरू रहनु, माछा, मासु, दुग्ध पदार्थ उत्पादनको प्रदेशभित्रै र बाहिर पनि ठूलो बजार उपलब्ध हुनु, कृषकहरूको यस व्यवसायतर्फ बिस्तारै अभिरुचि बढ्दै जानु, पशुपन्छीको विकास र प्रवर्द्धनका लागि नवीनतम प्रविधहरूको विकास हुँदै जानु आदि अवसरका रूपमा रहेका छन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

स्वच्छ, स्वस्थ्य, प्राङ्गारिक तथा व्यावसायिक पशुपन्छी, मत्स्य तथा मौरी पालनद्वारा आर्थिक उन्नति ।

४.२ लक्ष्य

प्राङ्गारिक प्रणाली तथा प्रविधिलाई प्राथमिकता दिई पशुपन्छी, मत्स्य तथा मौरी पालन व्यवसायलाई कृषकहरूको जीविकोपार्जनको प्रमुख माध्यमसँगै व्यावसायिक र प्रतिस्पर्धी बनाउने ।

४.३ उद्देश्य

- तुलानात्मक लाभका उपजहरू प्रवर्द्धन गरी पशुपन्छी, मत्स्य तथा मौरी पालन क्षेत्रलाई उत्पादनशील र प्रतिस्पर्धी बनाउनु ।
- पशुपन्छी, मत्स्य तथा मौरीजन्य पदार्थको उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषकहरूको आय बढाउनु ।
- रैथाने पशुपन्छी, मत्स्य तथा मौरीको संरक्षण, सम्वर्द्धन र जैविक उत्पादनलाई प्रवर्द्धन गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. गुणस्तरीय उत्पादन सामाग्री, प्रविधि तथा विज्ञ प्राविधिक सेवाको उपलब्धता सुनिश्चित गर्ने ।	क) गुणस्तरीय पशुपन्छी, मत्स्य तथा मौरी उत्पादन सामग्री जस्तै उन्नत नश्लका व्याडे पशु, उन्नत घाँसको बीउ, बिजन, बेर्ना, उन्नत जातका माछा, मौरीको उन्नत घार आदिको उत्पादन गर्ने सरकारी तथा निजी स्रोतकेन्द्रको विकास तथा प्रोत्साहन गरिनेछ ।

रणनीति	कार्यनीति
	ख) उन्नत घाँसखेती, मत्स्य तथा मौरी पालनको लागि स्थानीय तहसँगको साझेदारीमा अभियान सञ्चालन गरिनेछ। ग) प्राविधिक सेवा बिस्तारका लागि सरकारी तथा निजी प्राविधिक सेवा प्रदायकको क्षमता विकास गर्दै एक वडा एक-पशु प्राविधिक तथा नमुना पशु फार्म स्थापना गरिनेछ ।
२. व्यावसायिक उत्पादनका लागि आवश्यक सहुलियत ऋणको उपलब्धता सुनिश्चित गर्ने ।	क) व्यावसायिक पशुपन्छी तथा पशुजन्य उत्पादन, मत्स्य तथा मौरी पालनका लागि कृषि ऋण उपलब्ध गराउने वित्तीय सङ्घ संस्थाहरूलाई ऋण लगानीका लागि सहजीकरण र परिचालन गरिनेछ। ख) भूमिहिन कृषि मजदुर, साना तथा गरीब किसानहरूलाई अनिवार्य न्यूनतम् आयआर्जनका माध्यमबाट व्यावसायिक कृषकमा रुपान्तरण गरिनेछ। ग) मझौला तथा ठूला कृषक, समूह, सहकारी, निजी कृषि कम्पनी र फार्महरूलाई ब्याज अनुदानको व्यवस्था गरिनेछ ।
३. उत्पादनमा हुने जोखिमलाई न्यूनीकरण गर्ने ।	क) प्राकृतिक विपद् तथा महामारी रोगबाट हुने आकस्मिक क्षतिको बिमा तथा अन्य माध्यमबाट सम्बोधन गरिनेछ । ख) अनुदानका कार्यक्रममा बिमा अनिवार्य गरी सबैखाले उत्पादनको बिमा गराउन प्रोत्साहन गरिनेछ।
४. कृषकलाई सम्मान र व्यवसायलाई मर्यादित बनाउंदै लैजाने ।	क) पशुजन्य पदार्थको गुणस्तरीय उत्पादनका लागि मापदण्ड तयार गरिनेछ । ख) कृषकहरूको बिमाका साथै बिमामा आधारित पेन्सन कार्यक्रमको लागि कार्यनीति तथा कार्यविधि तय गरिनेछ । ग) व्यावसायिक कृषक समूह र सहकारीहरूलाई उचित प्रोत्साहनका साथै पुरस्कृत गरिनेछ ।

रणनीति	कार्यनीति
५. तुलानात्मक लाभका उपजको गुणस्तरीय उत्पादन, प्रशोधन, बजार प्रवर्द्धन गरी प्रतिस्पर्धी बनाउने।	क) छनौट भएका उच्च मूल्य जाने वस्तुको उत्पादन, प्रशोधन, विविधीकरण र बजारीकरणमा प्रोत्साहन, ब्राण्डिङ्ग, सहजीकरण एवम् नियमन गरिनेछ । ख) माछा, मौरी लगायत पशुपन्छीपालन व्यवसायमा आधारित उद्योग स्थापना, सञ्चालन र सुदृढीकरणका लागि स्थानीय तहसँग समन्वय गरिनेछ ।
६. पशुपालन व्यवसायमा आधारित उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने ।	क) निर्यातजन्य उत्पादन विविधीकरण, प्रशोधन, ब्राण्डिङ्गमा सहयोग, प्रोत्साहन तथा सहजीकरण गरिनेछ । ख) उत्पादन र उत्पादकत्व बढाउनका लागि सम्बन्धित सरोकारवालाहरूलाई सहभागी गराइनेछ । ग) पशुपन्छीमा प्रयोग गर्न सकिने प्रतिजैविकी पदार्थ, तथा विषादीहरूको पहिचान र नियमन गरी प्राङ्गारिक पशुपन्छी पालन प्रणालीलाई सुदृढ गरिनेछ । घ) स्थानीय तहको समन्वयमा सञ्चालन गरिने पशुपन्छी, मत्स्य तथा मौरी पालन कार्यक्रमको प्रभावकारी कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
७. प्राङ्गारिक पशुपालन प्रविधि अनुसन्धान तथा स्रोत केन्द्र मार्फत वस्तु तथा सेवा विकास र बिस्तार गर्ने ।	क) प्राङ्गारिक पशुपन्छी पालन अनुसन्धान तथा स्रोत केन्द्रहरूको स्थापना गरिनेछ । ख) स्थानीय माटो तथा हावापानी सुहाउँदो वातावरणमैत्री नवप्रवर्तनलाई प्राथमिकता दिइनेछ । ग) पशुपन्छी, मत्स्य तथा मौरीका स्रोतव्यक्ति एवम् विशेषज्ञ जनशक्ति तयार गरिनेछ ।

५. अपेक्षित उपलब्धि

पशुपन्छी, मत्स्य तथा मौरीजन्य वस्तुहरूको जैविक उत्पादन वृद्धि भएको हुनेछ । माछा, मासु, दुग्ध पदार्थ तथा अण्डाको उत्पादनमा प्रदेश आत्मनिर्भर भई निर्यातमा समेत वृद्धि भएको हुनेछ ।

७.१.३ खाद्य सम्प्रभूता, खाद्य सुरक्षा तथा पोषण

१. पृष्ठभूमि

खाद्य सम्प्रभूताको सुनिश्चितता गर्दै खाद्य सुरक्षा तथा पोषणमा सुधार ल्याउन सके मानव विकासमा गुणात्मक परिवर्तन ल्याउन सकिनेछ । खाद्य सुरक्षा तथा पोषणको अवस्था हेर्दा कर्णाली प्रदेश अन्य प्रदेशका तुलनामा बढी जोखिममा रहेको देखिन्छ । नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०७२ अनुसार कर्णाली प्रदेशमा २८ प्रतिशत घरपरिवार खाद्य जोखिममा रहेका छन् भने ७ प्रतिशत परिवार गम्भीर खाद्य असुरक्षामा रहेको पाइन्छ। यस्तै पोषणको हिसाबले पनि बच्चाहरूको पुड्कोपन, ख्याउटेपन, कम तौल लगायत रक्त अल्पता हुने सख्या क्रमश ५५, ७.५, ३५.५ र ४८ प्रतिशत भएको तथ्याङ्क छ । त्यसैले खाद्य सुरक्षाका साथसाथै मानव स्वास्थ्यका लागि आवश्यक पर्ने पोषणको सुनिश्चितताको आवश्यकता रहेको छ । पोषणको हिसाबले प्राङ्गारिक कृषि तथा स्थानीय रैथाने बाली र पशुपन्छी नश्लहरूकै उत्पादन तथा उपभोगमा जोड दिनु पर्नेछ भने कर्णाली प्रदेशको लागि उपयुक्त खाद्य सुरक्षा तथा पोषण सम्बन्धी रणनीति र कार्यनीतिहरू बनाई प्रभावकारी कार्यान्वयन गर्दै हालको खाद्य तथा पोषणको अवस्थामा सुधार गर्नु पर्ने देखिन्छ ।

२. प्रमुख समस्या

संविधानको मौलिक हकको रूपमा उल्लेखित खाद्य सम्प्रभूताको हकलाई कार्यान्वयनमा ल्याउन नसक्नु, खाद्य उत्पादनमा अपेक्षित वृद्धि हुन नसक्नु, यातायातको पर्याप्त सुविधाको अभावका कारण खाद्यवस्तुको सर्वसुलभ पहुँच र उपलब्धतामा कमी भएकोले गरीब घरपरिवारहरूको खाद्यमा पहुँच कमजोर रहनु, प्रदेशमा अझै २१ हजार ४ सय ४१ मेट्रिक टन खाद्यान्न अपुग रहनु, कुपोषण कै कारण हालसम्म पनि पाँच वर्षमुनिका तौल नपुगेका बालबालिकाहरू ३० प्रतिशत हुनु, यस्तै नवजात शिशु र शिशु मृत्युदर तथा पुड्कोपनाको अवस्था नेपालको औषत दर भन्दा निकै उच्च रहनु, प्रदेश तथा स्थानीय तहमा खाद्य सुरक्षा अवस्थाको तथ्याङ्कको अभावले गर्दा लक्षित समूह वा क्षेत्र पहिचान गर्न कठिन हुनु, समुदायमा खाद्यको सन्तुलित उपभोगप्रति जनचेतनाको कमी र खाद्यको अनुचित प्रयोगले खाद्य सुरक्षा र पोषण क्षेत्रको अवस्था कमजोर हुनु, स्थानीय रैथाने बालीको बिस्तारै लोप र उपभोगमा कमी हुँदै जानु, बाहिरी आयातित खाद्यवस्तुमा निर्भर हुनाले खाद्य सम्प्रभूता, खाद्य सुरक्षा र पोषणका क्षेत्रमा थप जटिलता बढ्दै जानु यस क्षेत्रको प्रमुख समस्याहरू हुन् ।

३. चुनौती तथा अवसर

स्थानीय स्तरमा पर्याप्त खाद्यको उत्पादन गरी खाद्यको उपलब्धतालाई सुनिश्चितता गर्नु, सडक लगायत अन्य यातायातका सञ्जालको कमीका कारण भौगोलिक विकटता भएका दुर्गम स्थानहरूमा खाद्य उपलब्ध गराउनु, उपभोगका लागि आवश्यक पर्ने खाद्यान्न चरम गरिबीमा रहेका ठूलो सङ्ख्याका नागरिकहरूलाई उपलब्ध गराउनु, स्थानीय नागरिकहरूको पोषण सम्बन्धी चेतना अभिवृद्धि गर्नु प्रमुख चुनौती हुन् ।

संविधानले खाद्य अधिकार र खाद्य सम्प्रभुताको प्रत्याभूत गर्दै खाद्य असुरक्षाबाट मुक्त हुन पाउने अधिकार सुनिश्चित गर्नु, खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ जारी हुनु, दिगो विकासको भोकमरीको अन्त्य, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने लक्ष्य कार्यान्वयनमा प्रतिबद्धता रहनु, दोश्रो बहुक्षेत्रीय पोषण योजना विभिन्न स्थानीय तहमा कार्यान्वयन हुनु, कृषि विकास रणनीति (सन् २०१५-२०३५) ले खाद्य सम्प्रभूता, खाद्य र पोषण सुरक्षालाई जोडदिनु अवसर हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

खाद्य सम्प्रभूताको प्रत्याभूति सहितको खाद्य तथा पोषण सुरक्षायुक्त प्रदेश ।

४.२ लक्ष्य

गुणस्तरीय तथा पोषणयुक्त खाद्यको उपलब्धता सुनिश्चित गर्ने ।

४.३ उद्देश्य

- गुणस्तरयुक्त र पोषणयुक्त खाद्यवस्तुको सर्वसुलभ आपूर्ति, वितरण प्रणाली र उपभोगमा सुधार गर्नु ।
- स्थानीय दिगो कृषि प्रणालीको प्रवर्द्धन र बजारीकरण गरी आन्तरिक खाद्य उपलब्धता तथा पहुँचको अवस्था सुदृढ गर्नु ।
- जोखिममा रहेका क्षेत्र र समूहको नियमित पहिचान गरी खाद्य अधिकारको प्रत्याभूत गर्न आवश्यक खाद्यको उपलब्धता र पोषण सुनिश्चित गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभूता र पोषण सम्बन्धी नीति तथा योजना तर्जुमा गर्ने ।	क) खाद्य सुरक्षा तथा पोषण, खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐनको प्रभावकारी कार्यान्वयन गरिनेछ। ख) सङ्घ, प्रदेश तथा स्थानीय तहका खाद्य सुरक्षा तथा पोषणका कार्यक्रमहरू बीच समन्वय गरी भोकमरी रोकथाम तथा नियन्त्रणको लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन उपाय अवलम्बन गरिनेछ । ग) दिगो विकास लक्ष्यको भोकमरीको अन्त्य र गरिबीको अन्त्य सम्बन्धी लक्ष्यहरूलाई प्रादेशिक तथा स्थानीय योजना तथा कार्यक्रमहरूमा समाहित गरिनेछ ।
२. खाद्य तथा पोषण असुरक्षित क्षेत्रका घर परिवारलाई परिचयपत्र जारी गरी आवश्यक खाद्यको व्यवस्था मिलाउने ।	क) स्थानीय तहसँग सहकार्य गरेर खाद्य तथा पोषण असुरक्षित क्षेत्र र समूहको पहिचान गरी सूचना व्यवस्थापन प्रणालीमा तथ्याङ्क सङ्कलन गरिनेछ । ख) खाद्य असुरक्षाबाट प्रभावित घरधुरीलाई लक्षित गरी खाद्य संकटको सामनाका लागि उत्पादनशील कार्यक्रम सञ्चालन गरिनेछ ।
३. जैविक विविधताको संरक्षण, सम्वर्द्धन र सदुपयोग गरी खाद्य तथा पोषण सुरक्षामा योगदान गर्ने ।	क) कृषियोग्य जमिन खण्डीकरण र उर्वरा जमिन बाँझो राख्ने र अन्य योजनामा राख्ने प्रवृत्तिलाई निरुत्साहित गरी कृषि उत्पादन र खाद्य उपलब्धतामा वृद्धि गरिनेछ । ख) कृषि जैविक विविधताको संरक्षण, सम्वर्द्धन तथा उपयोगको लागि अध्ययन, अनुसन्धान र प्रसार गरिनेछ । ग) बायो-फोर्टीफाईड बाली र वस्तुको विकास तथा उपयोगमा बिस्तार गरिनेछ । घ) सबै स्थानीय तहहरूमा प्रभावकारी बहुक्षेत्रीय पोषणका कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

रणनीति	कार्यनीति
४. रैथाने प्रजातिका कृषिबाली, पशुपन्क्षी र जलचरको उचित संरक्षण, प्रवर्द्धन र प्रचारप्रसार गर्ने ।	क) स्थानीयस्तरमा हुने रैथाने बालीको संरक्षण, उत्पादन र उपभोगमा वृद्धि गरिनेछ । ख) रैथाने बालीको पोषणयुक्त खाद्य वस्तुको विभिन्न परिकारको विकास र प्रवर्द्धन गरिनेछ । ग) पोषण सेवाहरूको पहुँच र उपभोग बढाउन जनचेतना अभिवृद्धि गरिनेछ ।
५. सुरक्षित तथा पोषणयुक्त खाद्यवस्तुको उपलब्धता सुनिश्चित गर्न स्थानीय तहसँग समन्वय गरी खाद्य भण्डारणको व्यवस्था गर्ने ।	क) खाद्य जोखिमका क्षेत्रहरूमा खाद्य आपूर्ति सुनिश्चित गर्न खाद्यवस्तु ढुवानी, सञ्चय र वितरणमा स्थानीय तहसँग समन्वय गरी सञ्जालको विकास गरिनेछ । ख) खाद्यवस्तुको बजार अनुगमन प्रणालीलाई प्रभावकारी बनाई कृत्रिम मूल्य उतार चढावलाई व्यवस्थित गरिनेछ ।
६. प्रदेश तथा स्थानीय तहले खाद्यवस्तुको गुणस्तर र स्वच्छता सुनिश्चित गर्न नियमन प्रणाली विकास तथा संस्थागत गर्ने ।	क) खाद्य पदार्थको गुणस्तरको परीक्षण, प्रमाणीकरण एवम् नियमन प्रकृयालाई प्रभावकारी बनाउन प्रयोगशाला स्थापना गरिनेछ । ख) खाद्यवस्तुको स्वच्छता तथा गुणस्तर बारे जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । ग) खाद्य तथा पोषण स्थितिको नियमित अनुगमनको व्यवस्था मिलाइनेछ । घ) प्रदेश र स्थानीय तहमा खाद्य सुरक्षा सूचना केन्द्र स्थापना गरी सूचना सङ्कलन, विश्लेषण तथा व्यवस्थापन गरिनेछ ।
७. आपतकालीन अवस्थामा खाद्य तथा पोषण सम्बन्धी सेवाहरूको लागि पूर्व तयारी गर्ने ।	क) विपद्का बेला संकट सामना गर्न मानव अधिकार, मानवीय सहायता, खाद्य तथा पोषण क्षेत्रमा कार्यरत निकाय एवम् सङ्घ संस्थाको समन्वयमा आवश्यक सेवा सञ्चालन गरिनेछ। ख) आपतकालीन अवस्थामा खाद्य तथा पोषण सुरक्षाको पूर्व तयारीका लागि स्थानीय तहसँगको समन्वयमा प्रतिकार्य योजना तयार गरिनेछ । ग) मानव अधिकारको परिपुरकको दायित्व वहन गर्न आवश्यक क्रियाकलापहरू सञ्चालन गरिनेछ ।

५. अपेक्षित उपलब्धि

योजनाको अन्तमा आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार हालको २२.५ प्रतिशतबाट बढेर ५० प्रतिशत र गम्भीर खाद्य असुरक्षित (खाद्य असुरक्षा अनुभव मापन अनुसार) जनसङ्ख्या १७.५९ प्रतिशतबाट घटेर ७ प्रतिशत भएको हुनेछ । पाँच वर्ष मुनिका बच्चाहरूको पुड्कोपना ३० बाट १५ प्रतिशतमा र ख्याउटेपना ५ प्रतिशतमा झरेको हुनेछ । भोकमरीको जोखिम नियन्त्रणको लागि आवश्यक खाद्य सञ्चिति र वितरणको व्यवस्था भएको हुनेछ ।

७.१.४ भूमि व्यवस्थापन

१. पृष्ठभूमि

कूल ३०,२११ वर्ग कि.मि. मा फैलिएको कर्णाली प्रदेशको नेपालकै विशिष्ट प्रकारको भू-उपयोगको अवस्था रहेको छ । यस प्रदेशमा प्रतिपरिवार कूल भूमि करिब ६ हेक्टरभन्दा बढी भए तापनि कृषियोग्य भूमि भने राष्ट्रिय औसतभन्दा कम छ । प्रदेशमा नाङ्गा डाँडापाखा, पाटन तथा बाँझो क्षेत्र करिब २७ प्रतिशतभन्दा बढी रहेको छ । कर्णाली प्रदेशमा अझै एकातर्फ सामन्ती भू-स्वामित्वका अवशेषहरू (गुठी, हलिया प्रथा आदि) बाँकी नै छन् भने अर्कोतर्फ द्वन्द्वकालमा कब्जा भएका, किनबेच भएका जमीनको समस्या अझै सुल्झिसकेको छैन । त्यसैले समग्र भूमिको उचित व्यवस्थापन, नक्शाङ्कन र वर्गीकरण गरी दिगो भू-उपयोगको नीति, नियम बनाउन आवश्यक छ । यसरी नै भूमिको वर्गीकरण, भू-उपयोग नक्सा तथा तथ्याङ्क तयार गर्ने कार्य गर्न बाँकी रहेको छ । बढ्दो अव्यवस्थित बस्ती र शहरीकरण, भू-क्षय तथा मरुभूमिकरण, सार्वजनिक जग्गा, मठ मन्दिर लगायतका सामाजिक, धार्मिक तथा सांस्कृतिक महत्त्व बोकेको भूमिको उचित व्यवस्थापन गरी समग्र कर्णालीको विकासमा भूमि व्यवस्थापन गर्नु अपरिहार्य भएको छ । यसैगरी कृषियोग्य भूमिमा हुँदै गरेको अतिक्रमणलाई नियन्त्रण गर्नु तथा प्रदेशका वनजङ्गल, पाटन तथा चरन क्षेत्र, खुल्ला क्षेत्र र जल क्षेत्रको संरक्षण र प्रवर्द्धनका लागि समयमा नै आवश्यक ध्यान पुऱ्याउनुपर्ने देखिन्छ।

२. प्रमुख समस्या

भौगोलिक विकटता हुनु, खेतीयोग्य जमीनको कम उपलब्धता, बढ्दो अव्यवस्थित बस्ती र शहरीकरण, जग्गाको खण्डीकरण दिनानुदिन बढ्दै जानु, भू-उपयोग गुरुयोजना विना नै जथाभावी जमीनको प्रयोग हुनु, कृषियोग्य भूमि गैर कृषि क्षेत्रमा

प्रयोग हुनु, समथल जग्गाको तुलनामा भिरालो जमीन तथा नाङ्गा डाँडापाखा अधिक हुनु, भिरालो खेतबारी र सीमान्त भूमिमा भइरहेको खेतीपातीका कारण भू-क्षय बढ्दै जानु, सरकारी र वन क्षेत्रका जग्गाहरू पनि अतिक्रमणको चपेटामा पर्नु, छरिएर रहेको बस्ती हुनु, कृषकहरूको स्वामित्वमा खेतीयोग्य जमिन नहुनु, सुकुम्बासी, मुक्त कमैया र हलिया तथा बाढीपीडितहरूको जग्गा तथा पुनर्बास व्यवस्था नहुनु, अव्यवस्थित बस्ती, उपभोग नभएका जमीनमा भू-स्वामित्व कायम नहुनु जस्ता समस्याहरू विद्यमान छन् ।

३. चुनौती तथा अवसर

भूमिको स्रोत एवम् जलवायु परिवर्तनबाट सिर्जित असरहरू मानव सिर्जित एवम् प्राकृतिक प्रकोपबाट हुन सक्ने जोखिम संवेदनशील भू-उपयोग योजना तय गरी लागु गर्नु, आरक्ष र कृषि क्षेत्रको उचित व्यवस्थापन, तीव्र शहरीकरण भएका ठाउँमा वैज्ञानिक भू-उपयोगिता लागु गर्ने, आर्थिक र सामाजिक परिवेशलाई मध्यनजर गरी भूमिको उपयोग तथा दिगो व्यवस्थापन पद्दतिको विकास गर्ने र भूमिको वर्गीकरण विषयमा बहुसरोकारवालाको क्षमता अभिवृद्धि र समन्वय गर्ने चुनौती रहेका छन् । लामो समयदेखि गुठी अन्तर्गत रहेका किसानको जमीनको भू-स्वामित्वमा संविधानप्रदत्त अधिकारलाई सङ्घको समन्वयमा प्रदेशमा लागु गराउनु र द्वन्द्वकालीन जमीन किनबेचको समस्या हल गर्नु, भिरालो र असुरक्षित बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी भूमि प्रबन्ध गर्नु आदि प्रदेशका थप चुनौतीहरू हुन् ।

भूमि व्यवस्थापन सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारमा पर्नु, सबै राजनैतिक दलहरू वैज्ञानिक भूमि व्यवस्थापनमा प्रतिवद्ध रहनु, कर्णालीमा रहेको विशाल गैर कृषि भूमिलाई गैर कृषि तथा वनजन्य कृषिमा उपयोग गर्न सकिने अवस्था, कर्णालीमा ठूलो भू-क्षेत्र अर्ग्यानिक अवस्थामा रहनु, आकर्षक हिमाली सिमसार क्षेत्र, सूचना तथा प्रविधिको विकासले भूमि व्यवस्थापन तथा वर्गीकरण गर्न सहज हुनु अवसरका रूपमा रहेका छन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

दिगो र वैज्ञानिक भू-व्यवस्थापन ।

४.२ लक्ष्य

उपलब्ध भूमि स्रोतको उचित उपयोग तथा दिगो व्यवस्थापन मार्फत कर्णाली प्रदेशको समृद्धि हासिल गर्ने।

४.३ उद्देश्य

- जोखिम संवेदनशील भू-उपयोगको गुरुयोजना तयार गरी योजनाबद्ध उपयोग गर्नु ।
- कृषि योग्य भूमिको दिगो तथा अर्ग्यानिक भू-व्यवस्थापन मार्फत उर्वराशक्ति वृद्धि गर्नु।
- भूमिहीन वर्गहरूको भूमिमा पहुँच र स्वामित्त्व स्थापित गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. उपलब्ध भूमिको वैज्ञानिक वर्गीकरण तथा दिगो उपयोग गर्ने ।	क) प्रदेशको जोखिम संवेदनशील भू-उपयोग नीति तथा गुरुयोजना तयार गरी लागु गरिनेछ । ख) कृषियोग्य भूमिलाई गैह्र कृषि क्षेत्रमा प्रयोग गर्न निरुत्साहित गरिनुका साथै खेतीयोग्य बाँझो जग्गामा खेती गर्न प्रोत्साहन गरिनेछ । ग) भूमि बैंक स्थापना गरी खेतीयोग्य बाँझो जग्गा लगायत अन्य उपयोगमा नआएका उत्पादनयोग्य जग्गालाई प्रयोगमा ल्याइनेछ। घ) कृषि प्रयोजनको लागि कम उपयोगी र जोखिमरहित जग्गालाई मात्र आवासीय र व्यावसायिक प्रयोजनका लागि उपयोग गर्न पाइने व्यवस्था गरिनेछ । ङ) प्रदेशको तीव्र आर्थिक विकास सहितको दिगो विकासलाई मध्यनजर राखी भू-उपयोग गरिनेछ । च) फलफूल खेती तथा कृषिका लागि लामो अवधिको करार कानुनको व्यवस्था गरिनेछ । छ) कर्णाली प्रदेशको उच्च तुलनात्मक लाभ भएका क्षेत्रमा गरिब किसानहरूको जमीन सस्तोमा भू-दखली हुन नदिन नीतिगत प्रबन्ध गरिनेछ ।

रणनीति	कार्यनीति
२. भूमिहीन, सुकुम्वासी तथा सीमान्तकृत वर्गको भूमि माथिको अधिकार र पहुँच सुनिश्चित गर्ने ।	क) भूमिको विस्तृत अभिलेख तयार गरी भूमिहीन सुकुम्बासी र सीमान्तकृत वर्गको भूमिमा स्वामित्व तथा पहुँच वृद्धि गरी जीविकोर्पाजन सुनिश्चित गरिनेछ । ख) प्रदेशमा गुठी अन्तर्गत रहेको रैकर जमिनको भू-स्वामित्व किसानहरूलाई प्रदान गरिनेछ । ग) भू-स्वामित्वबाट वञ्चित अव्यवस्थित बस्तीहरूलाई व्यवस्थित गरी भू-स्वामित्व प्रदान गर्न पहल गरिनेछ । घ) बगर, नदी उकास जमीन, भिराला नाङ्गा पाखालाई व्यवस्थित गरी गरिब भूमिहिनको आयआर्जन गर्न पहुँच सुनिश्चित गरिनेछ । ङ) सङ्घसँग समन्वय गरी द्वन्द्वकालमा थाती रहेका भू-स्वामित्वको विवाद हल गरिनेछ । च) कृषि पेसा गर्न चाहने गरिब भूमिहिन किसान, युवा, महिला र सीमान्तकृतका लागि सरकारले जमीन लिजमा लिई (सिँचाइ, मल, बिउ, प्रविधिको सहयोग सहित) समाजवाद उन्मुख सामूहिक कृषि मोडेल लागु गरिनेछ ।
३. कृषि तथा गैर कृषि भूमिको दिगो तथा अर्ग्यानिक भू-व्यवस्थापन गर्ने	क) प्रदेशमा रहेको कृषि भूमिको पूर्ण अर्ग्यानिक, मिश्रित र विषादी रसायन प्रयोग भएका भूमिको वर्गीकरण गरी अर्ग्यानिक जोनहरूको विकास गरिनेछ । ख) कृषि उत्पादन वृद्धि गर्न चक्लाबन्दी र गह्रा सम्याउने कार्यक्रम लागु गरिनेछ । ग) प्रदेशमा रहेका अधिक पाटन क्षेत्र, नाङ्गा डाँडापाखा दिगो व्यवस्थापन गरी जैविक हरियाली आयमूलक बनाइनेछ र यस्ता बाँझो र गैर कृषि क्षेत्रमा विपन्न भूमिहिन र गरिबको पहुँच सुनिश्चित गरिनेछ । घ) सङ्घको समन्वयमा निकुञ्ज र कृषि तथा बसोबास क्षेत्रको बीचको अन्तरविरोधको उचित समाधान गरिनेछ र निकुञ्ज क्षेत्रलाई फलफूल, जडीबुटी खेती लगायतका आय-आर्जनका लागि प्रयोग गर्ने व्यवस्था गरिनेछ ।

५. अपेक्षित उपलब्धि

समग्र कर्णाली प्रदेशको भू-उपयोग नीति तथा गुरुयोजना तयार गरी कार्यान्वयनमा आएको हुनेछ । प्रदेशमा उपलब्ध भूमि स्रोतको वैज्ञानिक आधारमा वर्गीकरण गरी दिगो भू-व्यवस्थापनको प्रक्रिया सुरु भएको हुनेछ । भूमिहीन, सुकुम्वासी तथा गरिब सीमान्तकृत वर्गको भूमिमा पहुँच सुनिश्चित भएको हुनेछ । एकीकृत बस्ती विकासको माध्यमबाट कर्णाली जोखिमबाट अधिक रूपमा मुक्त हुने प्रक्रियाको शुरुवात भएको हुनेछ । गुठी अन्तर्गत रहेको किसानको रैकर जमीन र द्वन्द्वकालको जग्गा विवाद समाधान भएको हुनेछ । प्रदेशमा समाजवाद उन्मुख सामूहिक कृषि मोडेलहरू स्थापना भएका हुनेछन् ।

७.१.५ वन तथा जैविक विविधता

१. पृष्ठभूमि

कर्णाली प्रदेशमा कूल वनले ढाकेको क्षेत्र ११ लाख ८३ हजार ४ सय हेक्टर रहेको छ जुन समग्र भू-भागको ३८.५७ प्रतिशत हो । वन क्षेत्र मध्ये सामुदायिक वनले सबैभन्दा धेरै ३४.५३ प्रतिशत ओगटेको छ । हालसम्म यस प्रदेशमा ४ हजार ४ सय ८३ वटा सामुदायिक वन, ८ सय ६१ कबुलियती वन, १० वटा धार्मिक वन र एउटा संरक्षण वन रहेको छ । डोल्पा जिल्लाको शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जमा मात्र २ सय २४ भन्दा बढी सुगन्धित वनस्पती र जडीबुटी पाइन्छ भने २ सय ७० प्रजातिका पन्छी र १ सय ७५ प्रजातिका वन्यजन्तुहरू पाईन्छन् । कस्तुरी मृग, हिमाली कालो भालु, ब्वाँसो, हाब्रे, हिँऊ चितुवा, हिमाली भेडा-च्याङ्ग्रा, निलभेडा आदि यस प्रदेशका प्रमुख वन्यजन्तुहरू हुन् । विश्वका प्रमुख रामसार क्षेत्र मध्ये दुईवटा क्षेत्र शे-फोक्सुण्डो र रारा ताल यसै प्रदेशमा पर्दछन् । नेपालको सबैभन्दा ठूलो राष्ट्रिय निकुञ्ज शे-फोक्सुण्डो र सबैभन्दा सानो राष्ट्रिय निकुञ्ज रारा यसै प्रदेशमा पर्दछ । साथै, बर्दिया राष्ट्रिय निकुञ्ज र बाँके राष्ट्रिय निकुञ्जको केही अंश समेत यस प्रदेशको क्षेत्रभित्र पर्दछ।

२. प्रमुख समस्या

वन अतिक्रमण तथा वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि हुने बढ्दो प्रयोगका कारण वन क्षेत्र घट्न जानु, पूर्वाधार विकास र पर्यावरणबीच सन्तुलन कायम गर्न नसक्नु, वन्यजन्तुको चोरी शिकार तथा अवैध व्यापार हुनु, वन्यजन्तु र

वनपैदावारहरूको प्रभावकारी संरक्षणका लागि वन्यजन्तु तथा दुर्लभ वनस्पतिहरूको स्पष्ट पहिचान र अवस्था एकीन हुन नसक्नु यसका प्रमुख समस्या हुन् ।

३. चुनौती तथा अवसर

वन तथा जैविक विविधता संरक्षण र यसको उपयोगमा सरकारी, निजी र सामुदायिक क्षेत्रबीच प्रभावकारी समन्वय र सहकार्यको वातावरण सिर्जना गर्ने, वन, वन्यजन्तु लगायत जैविक विविधताहरूको संरक्षणका लागि पर्याप्त जनशक्तिको व्यवस्था मिलाउने प्रमुख चुनौती हुन् ।

वन र वातावरणबीच प्रत्यक्ष सम्बन्ध रहने भएकोले यसको संरक्षण र विकासका लागि नेपाल सरकार सहित विकासका साझेदारहरूको विशेष सरोकार रहनु, स्थानीय नागरिकहरूको पनि वन, जैविक विविधता तथा वन्यजन्तु संरक्षण सम्बन्धी चेतना बढ्दै जानु, वैज्ञानिक तथा दिगो वन व्यवस्थापन मार्फत वनक्षेत्रको व्यवस्थापन हुनु, दिगो विकास लक्ष्यले पनि वन तथा जैविक विविधता संरक्षण गर्ने लक्ष्य राख्नु यसका प्रमुख अवसरहरू हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

कर्णालीको समृद्धिका लागि वन तथा जैविक विविधता क्षेत्रको दिगो व्यवस्थापन।

४.२ लक्ष्य

वन क्षेत्रको व्यवस्थापन तथा जैविक विविधताको प्रवर्द्धनद्वारा समृद्धिमा योगदान पुऱ्याउने ।

४.३ उद्देश्य

- वन, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन गरी सामाजिक, आर्थिक तथा वातावरणीय लाभ हासिल गर्नु ।
- जडीबुटी लगायत वन पैदावारमा आधारित उद्यमहरूको विकास गर्नुका साथै वन सम्पदाबाट प्राप्त लाभको न्यायोचित वितरण गर्नु ।

४.४. रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण गर्ने।	क) वन स्रोतको संरक्षण र विकासका लागि सर्वेक्षण गरी वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण कार्यलाई समन्वित ढङ्गले सञ्चालन गरिनेछ । ख) संरक्षित प्रजाति तथा सम्पदा संरक्षणको लागि संरक्षित भूपरिधिहरूको स्थापना गरिनेछ । ग) प्रदेशको समग्र वन तथा जैविक विविधता क्षेत्रको विकासका लागि नीति तथा संरचना निर्माण गरिनेछ । घ) उपयुक्त स्थानको चयन गरी वनस्पति उद्यान र 'जीओ' पार्क निर्माण गरिनेछ ।
२. वन संरक्षण तथा व्यवस्थापन गर्ने ।	क) स्थानीय तह, उपभोक्ता समूह र सरोकारवाला निकायहरूको सहकार्यमा वन क्षेत्रको संरक्षण र व्यवस्थापन गरिनेछ । ख) स्थानीय सरोकारवाला नागरिक समूहहरूलाई वन क्षेत्रको संरक्षण र सम्वर्द्धनका लागि सहभागी गराइनेछ । ग) सामुदायिक, निजी, कवुलियती तथा कृषि वन क्षेत्र बिस्तारका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
३. वन क्षेत्रको माध्यमबाट उद्यम विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्ने ।	क) वैज्ञानिक वनको व्यवस्थापनबाट वन क्षेत्रको दगो उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरिनेछ । ख) वनमा आधारित उद्यम सञ्चालनका लागि आवश्यक कच्चा पदार्थ उत्पादनमा जोड दिइनुका साथै सहुलियत कर्जाको व्यवस्था गरिनेछ । ग) काठ, दाउरा र गैरकाष्ठ वन पैदावारको आपूर्तिबाट स्थानीय रोजगारी तथा आय आर्जनका कार्यक्रम सञ्चालन गरिनेछ ।

५. अपेक्षित उपलब्धि

योजना अवधिमा प्रदेशको वनले ढाकेको क्षेत्र ४२ प्रतिशत पुगेको हुनेछ । वन अतिक्रमण तथा डँढेलो नियन्त्रण भई वन तथा वन्यजन्तुहरूको उचित संरक्षण भएको हुनेछ । वन्यजन्तु तथा जैविक विविधताको सर्वेक्षण गरी अवस्था एकीन भएको

हुनेछ । दिगो तथा वैज्ञानिक वनको व्यवस्थापन मार्फत वन पैदावारको सहज आपूर्ति भएको हुनेछ । सामुदायिक, निजी, कवुलियती तथा कृषि वन क्षेत्रको स्तरोन्नति भई रोजगारी तथा आय आर्जन वृद्धि भएको हुनेछ ।

७.१.६ जडीबुटी

१. पृष्ठभूमि

कर्णाली प्रदेश जडीबुटी उपलब्धताका हिसाबले नेपालकै सम्पन्न क्षेत्र मानिन्छ । यहाँ धेरै प्रकारका दुर्लभ तथा औषधीय गुणले भरिपूर्ण जडीबुटीहरू पाईन्छन् । विभिन्न स्रोत अनुसार यस क्षेत्रमा करिब ७०० प्रजातिका जडीबुटीहरूको रेकर्ड भएके छ भने विषेशगरी यार्सागुम्वा, जटामसी, देवदार, डालेचुक, लौठसल्ला, विष, चिराईतो, गुच्छी च्याउ, कटुकी, सुगन्धवाल, सतुवा, पाँचऔले, अत्तिस, पोऱ्या, केशर, सेतोचिनी आदि यस क्षेत्रका महत्त्वपूर्ण जडीबुटीहरू हुन् । कर्णाली प्रदेशको आर्थिक सम्वृद्धिको बलियो आधारको रूपमा रहेको जडीबुटीबाट स्थानीयस्तरमा रोजगारी सृजना गर्नुका साथै राजश्व सङ्कलन र व्यापार व्यवसायबाट यस प्रदेशको अर्थतन्त्रमा विशेष योगदान पुग्न सक्दछ ।

२. प्रमुख समस्या

विस्तृत अध्ययन अनुसन्धानको अभावले यसको परिमाण र गुणको वास्तविक पहिचान हुन नसक्नु, यसको लाभ कर्णालीले लिन नसक्नु, अधिकांश जडीबुटीहरू कच्चा पदार्थको रूपमा मात्रै निकासी हुनु, कतिपय बहुमूल्य जडीबुटीहरू त्यसै खेर जानु, प्राविधिक रूपमा सही ढङ्गले र सही समयमा सङ्कलन नगरी अपरिपक्व अवस्थामा वा पुनरुत्पादनको ख्याल नै नराखी सङ्कलन गरिनुले प्राकृतिक अवस्थामा रहेका जडीबुटीहरूको अत्याधिक दोहन भई लोप हुने अवस्थामा पुग्नु यस क्षेत्रका प्रमुख समस्याहरू हुन्।

३. चुनौती तथा अवसर

जडीबुटीको खेती गरी कसरी दिगो रूपमा सहज आपूर्ति गर्न सकिन्छ भन्ने प्रविधिको विकास/पहिचान गर्ने, हाल सङ्कलित जडीबुटीहरू प्रशोधन नगरी कच्चा पदार्थको रूपमा बाहिर निकासी हुने गरेकोमा सोलाई रोकी स्थानीय स्तरमै प्रशोधन हुने व्यवस्था मिलाउने, प्राकृतिक रूपमा उपलब्ध बहुमूल्य र दुर्लभ जडीबुटीहरूको संरक्षण गर्ने प्रमुख चुनौतीहरू हुन् ।

जडीबुटी सङ्कलन र यसको व्यवसायीकरणबाट यस प्रदेशका नागरिकहरूको जीवनस्तरमा सुधार गर्न सकिने प्रशस्त आधारहरू उपलब्ध हुनु, वार्षिक रूपमा राजश्व सङ्कलनमा वृद्धि भई वन क्षेत्रबाट प्राप्त कूल गार्हस्थ्य उत्पादनमा टेवा पुग्नु, भौगोलिक तथा जलवायूको विविधताका कारण रैथाने र दुर्लभ जडीबुटीहरू प्रचुर मात्रामा उपलब्ध हुनु र यसको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा ठूलो माग हुनु यसका मुख्य अवसरहरू हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

प्राकृतिक जडीबुटी, कर्णालीको सम्वृद्धि ।

४.२ लक्ष्य

जडीबुटीहरूको संरक्षण, उत्पादन, प्रशोधन, प्रयोग र बजारीकरण गर्ने ।

४.३ उद्देश्य

- प्राकृतिक अवस्थामा रहेका दुर्लभ तथा लोपोन्मुख जडीबुटीहरूको खोज, अनुसन्धान गरी संरक्षण गर्नु ।
- जडीबुटी खेतीलाई अभियानकै रूपमा अघि बढाई स्थानीय रोजगारीको सङ्ख्या र आयआर्जनमा वृद्धि गर्नु ।
- आधुनिक प्रविधिको प्रयोग गरी मूल्य श्रृङ्खला अभिवृद्धि गर्नु ।
- जडीबुटी प्रशोधन उद्योग सञ्चालन गरी कूल गार्हस्थ्य उत्पादनमा योगदान दिनु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. जडीबुटीको पहिचान, सर्वेक्षण, संरक्षण तथा व्यवस्थापन गर्ने ।	क) प्रदेशमा पाईने जडीबुटीहरूको अध्ययन, अनुसन्धान तथा विकासका लागि जडीबुटी अनुसन्धान केन्द्रको स्थापना गरिनेछ । ख) जडीबुटीको समग्र मूल्य श्रृङ्खलाहरूको मानक निर्धारण गरी कार्यान्वयन गरिनेछ । ग) बहुमूल्य जडीबुटीहरूलाई लोप हुन नदिन विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

रणनीति	कार्यनीति
२. जडीबुटी खेती बिस्तार गर्ने ।	क) समुदाय, निजी तथा कृषि वनमा आधारित वन क्षेत्रहरूमा जडीबुटी खेतीलाई प्रोत्साहन गरिनेछ । ख) जडीबुटी पकेट क्षेत्र निर्धारण गरिनेछ । ग) निजी तथा सार्वजानिक जग्गामा जडीबुटी खेतीका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गरिनेछ। घ) प्राकृतिक अवस्थामा रहेका जडीबुटीहरूलाई खेती गर्नका लागि उपयुक्त प्रविधिको प्रयोग गरिनेछ।
३. जडीबुटी प्रशोधन तथा बजारीकरण गर्ने ।	क) जडीबुटीमा आधारित उद्यम विकास गरी जडीबुटीको मूल्य अभिवृद्धि हुने व्यवस्था मिलाइनेछ । ख) जडीबुटीमा आधारित उत्पादनमा कर्णाली ब्राण्डिङ्ग गरिनेछ । ग) जडीबुटीको प्रयोगशाला तथा प्रशोधनको पूर्वाधार विकास गरिनेछ ।

५. अपेक्षित उपलब्धि

प्रदेशमा उपलब्ध बहुमूल्य जडीबुटीहरूको उत्पादन वृद्धि गरी व्यावसायीकरण गरिएको हुनेछ । लोपोन्मुख बहुमूल्य जडीबुटीहरूको पहिचान गरी संरक्षणको व्यवस्था गरिएको हुनेछ । जडीबुटी बढी उत्पादन हुने स्थानहरूमा आधुनिक प्रशोधन केन्द्रहरूको स्थापना भएको हुनेछ ।

७.१.७ खानी तथा खनिज सम्पदा

१. पृष्ठभूमि

कर्णाली प्रदेशमा खानी तथा खनिजका सम्बन्धमा पर्याप्त सम्भावना भए तापनि विस्तृत अध्ययन अनुसन्धानको अभावमा परिमाण तथा गुणस्तर सहितको विस्तृत भौगर्भिक नक्साङ्कन हुन बाँकी नै छ । यस प्रदेशमा तामा खानी दैलेखको जौंचौर र मुगुको सालिमार उपत्यकामा भेटिएको छ भने सुर्खेत भेरी नदी र रुकुमको वार्गेमा सुनखानी भेटिएको छ । यस्तै जाजरकोटमा प्रशस्त मात्रामा टर्मालाईन फेला परेको छ । हुम्ला र दैलेखमा ग्रेनाइटको खानी छन् भने दैलेखमा प्राकृतिक ग्याँस र तेलको ठूलो सम्भावना रहेकोले हाल सो को अन्वेषण कार्य चलिरहेको छ । सुर्खेत र हुम्लामा

चुनढुङ्गाको खानी छन् । यसका अतिरिक्त काइनाईटका लागि कालिकोट, जाजरकोट तथा दैलेख प्रसिद्ध छन् । जुम्ला र हुम्लाको तातोपानीमा गन्धक खानी रहेको देखिएको छ ।

२. प्रमुख समस्या

यस प्रदेशमा रहेका खानी तथा खनिज पदार्थको विस्तृत अध्ययन अनुसन्धान हुन नसक्नु, पहिचान भइसकेका खानीहरूको पनि उत्खनन् कार्यको थालनीका लागि प्राविधिक एवम् आर्थिक स्रोत साधनहरूको कमी हुनु प्रमुख समस्याको रूपमा रहेका छन् ।

३. चुनौती तथा अवसर

खानीहरूको सर्वेक्षण गरी उत्खनन् कार्य प्रारम्भ गर्ने, खानी उत्खनन् गर्नको लागि आवश्यक प्रविधि, प्राविधिक तथा आर्थिक स्रोत साधनको व्यवस्था गर्ने प्रमुख चुनौतीहरू हुन् ।

यस प्रदेशको दैलेख जिल्लामा रहेको ग्याँस तथा तेल खानीको अन्वेषण गर्ने कार्य प्रारम्भ हुनु र प्रदेशका विभिन्न जिल्लाहरूमा रहेका खानीहरूको पहिचान भएको हुनु अवसरका रूपमा रहेका छन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

खानी तथा खनिज पदार्थहरूको उपयोगबाट आर्थिक उन्नति ।

४.२ लक्ष्य

खानीहरूको उत्खनन् तथा प्रशोधन गरी बजारीकरण गरेर आर्थिक लाभ प्राप्त गर्ने ।

४.३ उद्देश्य

- प्रदेशमा रहेका खानीहरूको अन्वेषण गरी त्यसको उत्खनन् कार्य प्रारम्भ गर्नु ।
- खनिज उद्योगको विकासका लागि स्वदेशी निजी क्षेत्रको पुँजीलाई प्राथमिकता दिई वैदेशिक लगानी समेत भित्र्याउनु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. खानी तथा खनिज पदार्थहरूको अन्वेषण, संरक्षण तथा उत्खनन् गर्ने ।	क) खानी तथा खनिज पदार्थ सम्बन्धी नीतिगत, संस्थागत र कार्यान्वयन पक्षलाई सवल बनाइनेछ । ख) प्रदेश भित्रका खानी तथा खनिज पदार्थहरूको अन्वेषण गरिनेछ । ग) सङ्घीय सरकारसँग समन्वय गरी सम्भाव्य खानीहरूको उत्खनन् गरी सञ्चालन गरिनेछ ।
२. खानीमा लगानी गर्न लगानीमैत्री वातावरण सिर्जना गर्ने ।	क) खानी तथा खनिज पदार्थमा लगानी गर्न आवश्यक भौतिक पूर्वाधारको व्यवस्था सहित लगानीमैत्री वातावरण सिर्जना गरिनेछ । ख) खनिजजन्य उद्योगहरूको स्थापनाका लागि स्वदेशी निजी क्षेत्रको लगानीलाई प्राथमिकता दिने गरी कार्यक्रमहरू सञ्चालन गरिनेछ । ग) खनिज उद्योगहरूमा (विशेषतः खनिज तेल, सिमेन्ट आदि) वैदेशिक लगानी पनि भित्र्याउने वातावरण सिर्जना गरिनेछ ।
३. खनिज प्रशोधन उद्योग स्थापना गर्नेञ	क) सङ्घसँगको समन्वयमा प्रदेश सरकारले यस प्रदेशमा रहेका रत्नपत्थर, काइनाइट लगायत खनिज उद्योगको स्थापना गरी आयआर्जन तथा रोजगारी सिर्जना गरिनेछ । ख) खनिज सम्बन्धी प्रविधि भित्र्याउनुका साथै तालिम सञ्चालन तथा छात्रवृत्ति प्रदान गरिनेछ । ग) खनिज क्षेत्र (रत्नपत्थर) जेमोलोजी भ्रमण तथा अध्ययन पर्यटन सञ्चालन गरिनेछ ।

५. अपेक्षित उपलब्धि

खानीहरूको अन्वेषण गरी उत्खनन् कार्य प्रारम्भ भएको हुनेछ । खानी तथा खनिजजन्य उद्योगहरूको स्थापना भएको हुनेछ ।

७.२ उद्योग, वाणिज्य र आपूर्ति

७.२.१ उद्योग

१. पृष्ठभूमि

आर्थिक विकासको एक प्रमुख सम्वाहकको रूपमा रहेको उद्योग क्षेत्रको विकास, बिस्तार र प्रवर्द्धन माथि नै यस प्रदेशको आर्थिक समृद्धि निर्भर रहेको छ । यसका लागि स्वदेशी निजी क्षेत्रका साथै वैदेशिक लगानी आकर्षित गर्न औद्योगिक पूर्वाधारहरूको विकास गर्नुपर्ने देखिन्छ । ठुलाका साथै मझौला, लघु, घरेलु तथा साना उद्योगहरूको यथेष्ट प्रवर्द्धन हुन सकेमा यसले प्रदेशको गरिबी न्यूनीकरण गर्नमा महत्त्वपूर्ण योगदान पुग्न जानेछ । औद्योगिक विकासका माध्यमबाट रोजगारीको अवसर सिर्जना, निर्यात प्रवर्द्धन तथा विदेशी मुद्रा आर्जन भई उच्च आर्थिक वृद्धिको लक्ष्य हासिल हुन सक्छ । यसैले कर्णाली प्रदेशलाई औद्योगिकीकरण तर्फ उन्मुख गराई दिगो औद्योगिक विकास गर्न आवश्यक छ ।

२. प्रमुख समस्या

आमरूपमा उद्यमशीलताको कमी, तालिमलाई उद्यमसँग आवद्ध गर्न नसक्नु, व्यवसाय सुरु गर्न आधार पुँजीको अपर्याप्तता, औद्योगिक उत्पादनहरू लागत प्रतिस्प्रर्धी तथा गुणस्तरीय नहुनु, घरेलु उद्योग प्रवर्द्धनमा उल्लेख्य सफलता हासिल हुन नसक्नु, औद्योगिक पूर्वाधारको कमी हुनु, घरेलु उद्योगबाट उत्पादित वस्तु बाहिरी बजारसँग प्रतिस्पर्धा गर्न नसक्नु प्रमुख समस्याको रूपमा रहेका छन् ।

३. चुनौती तथा अवसरहरू

प्रदेशको औद्योगिक विकासका लागि पर्याप्त पूर्वाधारको विकास गर्ने, स्वदेशी निजी पुँजीको परिचालन तथा वैदेशिक लगानीलाई आकर्षित गर्ने, लगानीमैत्री वातावरण सिर्जना गर्ने, सञ्चालित उद्योगहरूलाई तुलनात्मक लाभ लिने गरी प्रतिस्पर्धी बनाउने, खानीहरूको उत्खनन् र उपयोग गर्ने, उत्पादित वस्तु एवम् सेवाको गुणस्तर कायम गर्ने, उद्योगलाई आवश्यक कच्चा पदार्थ तथा प्रविधिको सुनिश्चितता गर्ने चुनौतीहरू रहेका छन् ।

प्रदेशभित्र खानीजन्य तथा जडीबुटी प्रशोधन उद्योगहरूको ठूलो सम्भावना रहनु, जलविद्युत उत्पादनको ठूलो सम्भावना रहनु, खुला अर्थतन्त्र, यातायात, सूचना तथा सञ्चार प्रविधिको बिस्तार हुदै जानु, वन, शिक्षा, स्वास्थ्य एवम् पर्यटन क्षेत्रलाई

उद्योगसँग आवद्ध गरी बिस्तार गर्ने प्रचुर सम्भावना हुनु तथा दुई ठूला अर्थतन्त्र भएका छिमेकी मुलुकहरूमा उत्पादित वस्तुहरूका लागि बजारको ठूलो सम्भावना रहनु यस क्षेत्रका अवसरहरू हुन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

तीव्र आर्थिक विकासका लागि औद्योगिकीकरण ।

४.२ लक्ष्य

प्रदेशको अर्थतन्त्र सबल बनाउन औद्योगिक विकास गर्ने ।

४.३ उद्देश्य

- प्रदेशको कूल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाउनु ।
- रोजगारमूलक र उच्च प्रतिफलयुक्त दिगो औद्योगिक विकास गर्नु ।
- लघु, घरेलु, मझौला तथा ठूला उद्योगहरूको विकास तथा बिस्तारबाट कर्णाली प्रदेशको अर्थतन्त्र सुदृढ गरी गरिबी न्यूनीकरण गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. उद्योग सम्बन्धी नीति तथा कानुनको तर्जुमा गरी लगानीमैत्री वातावरण तयार गर्ने ।	क) उद्योग र लगानी सम्बन्धी नीति तथा कानुनलाई आवश्कता अनुसार तर्जुमा, परिमार्जन एवम् कार्यान्वयन गरिनेछ । ख) उद्योग व्यवसाय स्थापना तथा सञ्चालनमा सहजता ल्याउन प्रणालीगत सुधार गरिनेछ । ग) सार्वजनिक, निजी र सहकारीको साझेदारीमा औद्योगिक विकासमा जोड दिनुका साथै सहुलियत कर्जाको व्यवस्था गरिनेछ ।
२. तुलनात्मक लाभका उद्योग व्यवसायहरूको पहिचान गरी प्रवर्द्धन गर्ने ।	क) प्रदेशका पानीजन्य, खानीजन्य, कृषि तथा पशुपन्छीजन्य, जडिबुडीजन्य, वन पैदावारजन्य उद्योगहरूको विकास गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गरिनेछ ।

रणनीति	कार्यनीति
	ख) जडीबुटी, हस्तकला लगायतका कच्चा पदार्थमा आधारित उद्योगको प्रवर्द्धन तथा कर्णाली ब्राण्डिङ्ग गरिनेछ। ग) प्राङ्गारिक उत्पादनका उद्योगहरूलाई प्रोत्साहन गर्ने नीति लिइनेछ। घ) खानी तथा खनिजजन्य उद्योगको विकास गरिनेछ ।
३. उद्योगलाई आवश्यक पर्ने पूर्वाधारको विकास गर्ने ।	क) प्रदेश औद्योगिक क्षेत्र र जिल्लामा उद्यम ग्रामहरू स्थापना गरी पूर्वाधारको विकास गरिनेछ । ख) लघु, घरेलु तथा साना उद्योगको संरक्षण र सम्वर्द्धन गरिनेछ । ग) उद्योग धन्दाको विकास र बिस्तारका लागि सीप विकास, उद्यमशीलता विकास र वित्तीय पहुँच सुनिश्चित गरिनेछ ।

५. अपेक्षित उपलब्धि

प्रदेशको कूल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान वृद्धि भई २८ प्रतिशत पुगेको हुनेछ । ठूला उद्योगहरूमा वैदेशिक लगानी तथा स्वदेशी निजी क्षेत्रको लगानी आकर्षित भएको हुनेछ । मझौला, साना तथा घरेलु उद्योगहरूको सङ्ख्यामा अपेक्षाकृत रूपमा वृद्धि भएको हुनेछ । थप औद्योगिक क्षेत्रहरूको स्थापना भएको हुनेछ ।

७.२.२ वाणिज्य तथा आपूर्ति

१. पृष्ठभूमि

वाणिज्य तथा आपूर्ति क्षेत्रले आर्थिक वृद्धि र विकासमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । अन्य क्षेत्रहरू जस्तै वाणिज्य तथा आपूर्तिको क्षेत्रमा पनि यस प्रदेशमा यथेष्ट विकास हुन बाँकी रहेको छ । प्रदेशका उत्पादनहरूलाई बाह्य बजारसम्म पुऱ्याइ बढी लाभ लिन तथा आन्तरिक उत्पादनहरूले नपुग मागको आपूर्तिका लागि विशेष

व्यवस्थाहरूको आवश्यकता रहेको छ । अहिले पनि यो प्रदेशको आन्तरिक माग बाह्य उत्पादनमै निर्भर रहेको छ । कृषि उत्पादन बढाई आत्मनिर्भरतालाई सुनिश्चित गर्न मात्रै होइन अन्य औद्योगिक उत्पादनमा पनि यो प्रदेश पछि परेको छ । तसर्थ वाणिज्य तथा आपूर्तिको क्षेत्रमा विशेष ध्यान पुऱ्याउन आवश्यक देखिन्छ ।

२. प्रमुख समस्या

प्रदेशमा माग र आपूर्तिका बीच सन्तुलन कायम नहुनु, कृषि क्षेत्रलाई व्यवसायीकरण गर्न नसक्नु, कृषि उत्पादन तथा उत्पादकत्त्व न्यून भई कृषिजन्य उपजको आयात वृद्धि हुनु, निर्यातजन्य तुलनात्मक तथा प्रतिस्पर्धी लाभका वस्तु सेवाको अपेक्षित विकास र मूल्य अभिवृद्धि हुन नसक्नु, आन्तरिक उत्पादन र निर्यातभन्दा उपभोगमुखी आयाततर्फ निजी क्षेत्रको लगानी केन्द्रित हुनु र निर्यातमा कच्चा पदार्थ र प्राथमिक वस्तुको वर्चस्व रहनु समस्याहरू हुन् ।

३. चुनौती तथा अवसर

कठिन भौगोलिक अवस्था र यातायात सञ्जालको अपर्याप्तताका कारणले प्रदेशका सबै स्थानहरूमा माग अनुसारको आपूर्ति व्यवस्था मिलाउने, तुलनात्मक लाभको क्षेत्रमा लगानी केन्द्रित गर्ने, आयात निर्यातबीच सन्तुलन कायम गर्ने चुनौती रहेको छ ।

जैविक विविधताको प्रचुरताको कारण विभिन्न प्रजातिका वनस्पतिसँग सम्बन्धित एवम् जलविद्युतको निर्यातको माध्यमबाट लाभ लिन सकिने प्रदेशको प्रचुर सम्भावना रहनु, जडीबुटी प्रशोधन कार्य र उच्च मूल्यका पर्वतीय कृषिजन्य उत्पादन वढाउन सकिने सम्भावना रहनु तथा खनिजमा आधारित उद्योगको माध्यमबाट प्रदेशको निर्यात व्यापार बढाउन सकिने अवसरका रूपमा रहेका छन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

नाफामूलक प्रदेश व्यापार तथा सर्वसुलभ र सुनिश्चित आपूर्ति व्यवस्था ।

४.२ लक्ष्य

नाफामूलक प्रदेश व्यापारबाट आर्थिक समृद्धिमा योगदान दिने र आपूर्तिलाई सर्वसुलभ र सुनिश्चित बनाउने ।

४.३ उद्देश्य

- आधारभूत उपभोगका वस्तुहरू र तुलनात्मक लाभका निर्यातजन्य वस्तु तथा सेवाको उत्पादन वृद्धि गरी व्यापार बढाउनु ।
- आपूर्ति व्यवस्थालाई सहज, सरल र सुदृढ बनाई सर्वसुलभ आपूर्ति सुनिश्चित गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. तुलनात्मक लाभका निर्यातजन्य वस्तु तथा सेवाको उत्पादन वृद्धि गरी ब्यापार बढाउने ।	क) उत्पादनमा विविधीकरण र उत्पादकत्त्वमा वृद्धि गरिनेछ । ख) कर्णाली ब्रान्डसँगसँगै ब्यापार सम्बद्ध बौद्धिक सम्पत्ती सम्बन्धी अधिकारको संरक्षण र प्रवर्द्धन गरिनेछ । ग) उत्पादित वस्तु तथा सेवाको बजारीकरण गरिनेछ ।
२. आवश्यक पूर्वाधार विकास गरी उत्पादित वस्तुहरू बजारसम्म पुऱ्याउने।	क) स्थानीय उत्पादनको प्रशोधन र भण्डारणको लागि आवश्यक पूर्वाधारको विकास गरिनेछ । ख) स्थानीय उत्पादनहरूको बजार प्रर्वद्धन गरिनेछ ।
३. नीतिगत सुधार गर्ने ।	क) सङ्घीय नीति अनुरूप व्यापार, वाणिज्य सम्बन्धी नीति तयार गरिनेछ । ख) नीति नियमको कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ।
४. आपूर्ति प्रणाली सुदृढ गर्ने ।	क) खाद्या तथा अतिआवश्यक वस्तुको आपूर्ति सुनिश्चितताका लागि आपूर्तिसँग सम्बद्ध निकायहरूको पुनर्संरचना गरी सुदृढ गरिनेछ । ख) आपूर्तिको अनुगमन प्रणाली विकास गरिनेछ । ग) सीमा क्षेत्रमा एकीकृत जाँच चौकी तथा क्वारेन्टाईन सेवाको लागि आवश्यक व्यवस्था गरिनेछ । घ) आपतकालीन आपूर्तिका लागि स्थानीय भण्डारण क्षमताको बिस्तार गरिनेछ ।

५. अपेक्षित उपलब्धि

प्रदेशको निर्यात व्यापारमा वृद्धि हुनुका साथै आपूर्ति व्यवस्था सरल, सहज र सुदृढ भएको हुनेछ ।

७.३ पर्यटन विकास

१. पृष्ठभूमि

अतुलनीय प्राकृतिक सम्पदा, जैविक एवम् वातावरणीय विविधताले भरपुर, प्राग ऐतिहासिक संस्कृति बोकेको तथा धार्मिक महत्त्वका स्थलहरू समेत रहेको कर्णाली प्रदेशमा पर्यटन विकासको प्रचुर सम्भावना रहेको छ । तर थोरै सङ्ख्याको घरेलु पर्यटन, धार्मिक पर्यटन र उच्च हिमाली भागमा विदेशी नागरिकहरूबाट हुने पदयात्रा तथा राष्ट्रिय निकुञ्जको केही पर्यटकीय गतिविधिमा मात्र प्रदेशको पर्यटन खुम्चिएको छ । धार्मिक तथा सांस्कृतिक पर्यटन, मनोरञ्जनात्मक पर्यटन, कृषि पर्यटन, पर्या-पर्यटन, पदयात्रा तथा साहसिक पर्यटन प्रदेशको पर्यटन विकासको प्रमुख सम्भाहक हुन् ।

त्यसैगरी अनुसन्धानात्मक पर्यटनको सम्भावना भएका क्षेत्र खासगरी शैव संस्कृति, बोन धर्मको खोज, नेपाली भाषाको उत्पत्ति लगायत अन्य धेरै समूदायहरूको चाल-चलन, रहन-सहन आदि पनि पर्यटकीय आकर्षणका केन्द्र हुन सक्ने देखिन्छ । प्रदेशको प्रमुख पर्यटकीय स्थानहरूमा शे-फोक्सुन्डो, शिजा उपत्यका, रारा ताल, पञ्चकोशी ज्वाला क्षेत्र, काँक्रिविहार, वुलवुले ताल, स्यार्पु ताल, कुपिण्डे ताल, दुधे दह, त्रिपुरा सुन्दरी मन्दिर, महादेउ र बाह्रदेउ मइठाका थानहरू, खार्पुनाथ, छायाँनाथ, चन्दननाथ, डुडुल चैत्य, लिमी उपत्यका, उच्च हिमाली पदयात्रा (ग्रेट हिमालयन ट्रेल), पचाल झरना, वडिमालिका, भ्यू दुला, गवला, जगतिपुर दरबार क्षेत्र, कोट गढी, पञ्चदेवल, सिद्धपाइला, गोतामकोट, जाजुरा दह आदि हुन् ।

२. प्रमुख समस्या

पर्यटकीय पूर्वाधारहरूको कमी हुनु, नियमित हवाई सेवाको कमी रहनु, पर्यटकीय गन्तब्यहरूको उचित संरक्षण तथा प्रवर्द्धन नहुनु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा कर्णाली क्षेत्रका पर्यटकीय गन्तब्यहरूको प्रचार प्रसार नहुनु पर्यटन क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

३. चुनौती तथा अवसर

पर्यटकीय गन्तव्यको विविधीकरण गर्दै नयाँ पर्यटकीय स्थल र उपजहरूको पहिचान गर्ने, पर्यटकीय पूर्वाधारहरूको विकास गरी पर्यटन उद्योगलाई प्रदेश तथा समग्र राष्ट्रको अर्थतन्त्रको एक प्रमुख आधारको रूपमा स्थापित गर्ने, पहिचान भएका पर्यटकीय गन्तव्यहरूसम्म पर्यटकहरूको सहज पहुँचको प्रबन्ध मिलाउने, पर्यटकहरूको स्वास्थ्य तथा व्यक्तिगत सुरक्षाका लागि उचित प्रबन्ध मिलाउने, प्राचीन पुरातात्त्विक सम्पदाहरूको बढ्दो अतिक्रमण रोक्ने, पर्याप्त पर्यटकीय सूचनाको व्यवस्था गर्ने, हवाई सेवालाई थप भरपर्दो बनाउने, पर्यटन क्षेत्रमा दक्ष जनशक्तिको उपलब्धता सुनिश्चित गर्ने, पर्यटकीय पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्ने यस क्षेत्रका चुनौतीहरू हुन् ।

पर्यटकीय क्षेत्रहरूको उपयोगका दृष्टिकोणले प्रयोग नभएको भूमिका (भर्जिनल्याण्ड) रूपमा परिचित कर्णालीमा असङ्ख्य पर्यटकीय क्षेत्रहरूको अवस्थित रहनु, नयाँ-नयाँ पर्यटकीय गन्तव्यहरूको पहिचान तथा विकास हुँदै जानु, विश्व समुदाय सामु प्राकृतिक तथा आध्यात्मिक छटायुक्त पर्यटकीय क्षेत्रहरूको प्रदेशको रूपमा परिचित हुनु, यस क्षेत्रलाई पर्यटकीय हबको रूपमा स्थापित गर्न तीनै तहका सरकारबाट प्राथमिकता पाउनु, पूर्वाधारहरूको विकास तीव्र रूपमा हुँदै जानु, हालसम्म प्रदेशमा विभिन्न सात प्रकारका पर्यटकीय उपजहरूको पहिचान हुनु, निजी क्षेत्रको लगानी वृद्धि हुनु अवसरका रूपमा रहेका छन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

संसारको गन्तव्य नेपाल र नेपालको गन्तव्य कर्णाली ।

४.२ लक्ष्य

गुणस्तरीय पर्यटन पूर्वाधार र सेवाको बिस्तार गरी यस क्षेत्रलाई आर्थिक उन्नतिको एक प्रमुख आधारका रूपमा विकास गर्ने।

४.३ उद्देश्य

- आन्तरिक तथा बाह्य कर्णाली पर्यटकीय सर्किटको विकास गर्नु ।
- कर्णाली प्रदेशलाई सुरक्षित, गुणस्तरीय र आकर्षक पर्यटनमैत्री केन्द्रको रूपमा विकास गर्नु ।

- पर्यटकीय क्षेत्रलाई कर्णाली प्रदेशको अर्थतन्त्रको एक प्रमुख आधारको रूपमा विकास गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. कर्णाली प्रदेशलाई सुरक्षित र आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने ।	क) पर्यटन प्रवर्द्धनका लागि गुरुयोजना निर्माण गरी लागु गरिनेछ । ख) देशव्यापी रूपमा तथा अन्तर्राष्ट्रिय जगतमा समेत पर्यटकीय उत्पादनहरूको प्रचार प्रसार गरिनेछ । ग) गर्मी छल्ने पर्यटकलाई ध्यानमा राखी पहाडी शीतल आराम क्षेत्र लगायत मानव निर्मित पर्यटकीय संरचना विकास गरिनेछ ।
२. गुणस्तरीय पर्यटकीय सेवा सुविधाको बिस्तार गरी पर्यटकको बसाइ लम्ब्याउने।	क) पर्यटकीय सेवाका लागि पूर्वाधारको निर्माण तथा सुदृढीकरण गरिनेछ । ख) पर्यटकीय उपजलाई स्थानीय स्तरमा लाभ लिन सक्ने गरी बिस्तार र विविधीकरण गरिनेछ । ग) मनोरञ्जनात्मक तथा साहसिक पर्यटनको विकास गरिनेछ ।
३. सुनौलो त्रिभुज र सुनौलो सिक्रीको अवधारणा अनुरूप पर्यटन पूर्वाधारको विकास र बिस्तार गर्ने ।	क) प्रदेश राजधानीदेखि भेरी करिडोर हुदै शे-फोक्सुण्डोसम्म, कर्णाली करिडोर हुँदै रारा, जुम्ला तथा मानसरोवर कैलाशसम्म जाने र ग्रेट हिमालयन ट्रेलको कर्णाली खण्डको पर्यटकीय पूर्वाधारको विकास गरिनेछ। ख) वीरेन्द्रनगर सुर्खेतदेखि हिल्सा हुँदै कैलाश मानसरोवर क्षेत्र जाने पर्यटकीय पूर्वाधार विकास गरिनेछ । ग) प्रदेशका मुख्य पर्यटकीय विन्दुका रूपमा र यससँग जोडिएका विभिन्न जिल्लाका पर्यटकीय स्थलहरूलाई उपकेन्द्रका रूपमा विकास गरी बजारीकरण गरिनेछ। घ) पर्यटकीय स्थलहरूको दिगो व्यवस्थापनमा जोड दिइनेछ ।

रणनीति	कार्यनीति
४. धार्मिक पर्यटनको बिस्तार गर्ने।	क) प्रदेशमा रहेका धार्मिक शक्ति पीठहरूलाई जोड्ने गरी शिवपथ र बुद्ध धर्मसँग सम्बन्धित सम्पदाहरूलाई जोड्नेगरी बौद्धपथको विकास गरिनेछ । ख) पर्यटकीय महत्त्वका स्थानीय धार्मिक स्थलहरूको पहिचान गरी विकास गरिनेछ ।

५. अपेक्षित उपलब्धि

प्रदेशको पर्यटकीय पूर्वाधारहरूको पर्याप्त विकास भई पर्यटक आवागमन सङ्ख्यामा उल्लेख्य वृद्धि भएको हुनेछ । अर्थतन्त्रमा पर्यटन क्षेत्रले पुऱ्याउने योगदानमा उल्लेख्य वृद्धि भएको हुनेछ ।

७.४ निजी क्षेत्र

१. पृष्ठभूमि

देशको आर्थिक विकासमा निजी क्षेत्रको अहम् भूमिका रहँदै आएको छ । पन्ध्रौं योजनाले ५८ प्रतिशतभन्दा बढी लगानी निजी क्षेत्रबाटै हुने अनुमान गरेको छ भने कर्णाली प्रदेशको प्रस्तुत प्रथम पञ्चवर्षीय योजनामा ४२.६ प्रतिशत लगानी निजी क्षेत्रबाट हुने प्रक्षेपण गरिएको छ । तसर्थ यहाँ पनि निजी क्षेत्रलाई प्रदेश विकासको एक प्रमुख सम्वाहकको रूपमा स्थान दिइएको छ । यस प्रदेशको पूर्वाधार विकासको अवस्था सन्तोषजनक नभएको हुँदा यहाँ बाह्य निजी क्षेत्रको लगानी आवश्यक मात्रामा भित्रिन सकिरहेको छैन । आन्तरिक विद्युत उत्पादनमा वृद्धि गर्नुका साथै थप आवश्यक पूर्वाधारहरूको विकास गर्न सकिएमा प्रदेशको आर्थिक विकासमा निजी क्षेत्रको सहभागिता उत्साहप्रद रूपमा बढ्न जानेछ । प्रदेशको तीव्र विकासको लक्ष्य हाँसिल गर्न र आन्तरिक तथा वाह्य निजी क्षेत्रको लगानी भित्र्याउनका लागि उत्प्रेरक वातावरण निर्माण गर्नुपर्ने हुन्छ । यसका लागि प्रदेशले सुविधा तथा सहुलियतका प्याकेज सहितका नीति तथा कानुनहरूको निर्माण गरी निजी क्षेत्रको विश्वास हासिल गर्नुपर्ने देखिएको छ ।

२. प्रमुख समस्या

प्रदेशको निजी क्षेत्र सम्बन्धी नीति तथा कानुन तर्जुमा भई नसक्नाले बाह्य निजी क्षेत्रलाई आकर्षित गर्ने वातावरण तयार नहुनु, आन्तरिक निजी क्षेत्रको प्रतिस्पर्धी क्षमताको विकास भई नसक्नु, प्रदेशमा निजी क्षेत्रको लगानीका लागि आवश्यक पूर्वाधारहरूको कमी हुनु, आन्तरिक बजार सानो हुनु तथा बाह्य बजारको पहुँचमा कमी हुनु, आवश्यक दक्ष जनशक्तिको आपूर्तिमा कमी हुनु यस प्रदेशको निजी क्षेत्रसँग सम्बन्धित प्रमुख समस्याहरू हुन् ।

३. चुनौती तथा अवसर

आवश्यक नीति तथा कानुनहरू तर्जुमा तथा भौतिक पूर्वाधारहरूको विकास गरी लगानीमैत्री वातावरण बनाउनु, प्रदेश भित्रका निजी क्षेत्रको प्रतिस्पर्धी क्षमता बढाउनु, निजी क्षेत्रको लगानीलाई उत्पादनमूलक उद्योग तर्फ केन्द्रित गर्नु तथा बाह्य निजी क्षेत्रको लगानी भित्र्याउनु चुनौतिपूर्ण रहेका छन् ।

प्रदेशमा पूर्वाधारको विकास पहिलो प्राथमिकतामा रहनु, लगानीमैत्री नीति तथा कानुन निर्माणमा प्रदेश सरकार प्रतिवद्ध रहनु, राजनैतिक स्थिरता रहनु, प्रदेशमा जलविद्युत, खानीजन्य, जडीबुटी तथा पर्यटनमा निजी क्षेत्रको लगानीको अपार सम्भावनाहरू रहनु प्रमुख अवसरहरू हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

निजी क्षेत्रको प्रवर्द्धन, प्रदेश समृद्धिको आधार ।

४.२ लक्ष्य

प्रदेशमा लगानीमैत्री वातावरण बनाई स्वदेशी तथा विदेशी निजी क्षेत्रलाई आकर्षित गर्ने ।

४.३ उद्देश्य

- निजी क्षेत्रमुखी नीति तथा कानुनको निर्माण गर्नु,
- पूर्वाधारहरूको द्रुत विकास गरी निजी क्षेत्रको लगानीका लागि सहज वातावरण बनाउनु,

- निजी क्षेत्रको प्रतिस्पर्धी क्षमता अभिवृद्धिका लागि विशेष सहुलियत प्रदान गर्नु,

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. निजी क्षेत्रमुखी नीति तथा कानुन बनाई निजी क्षेत्रको विश्वास हाँसिल गर्ने ।	क) प्रदेशको औद्योगिक तथा पूर्वाधार विकासमा समेत निजी क्षेत्रलाई आकर्षित गर्ने गरी नीति तथा कानुनको तर्जुमा गरिनेछ । ख) वाह्य ठूला लगानीकर्ताहरूलाई प्रदेशमा लगानी गर्न उत्प्रेरित गरिनेछ ।
२. निजी क्षेत्रलाई ध्यानमा राखी आवश्यक पूर्वाधारको विकास तथा व्यवस्था गर्ने ।	क) प्रदेशमा सडक, विद्युत, औद्योगिक क्षेत्रहरूको बिस्तार लगायतका निजी क्षेत्रको लगानीका लागि आवश्यक पर्ने पूर्वाधारहरूको छिटो विकास गरिनेछ । ख) उद्योग स्थापनाका लागि आवश्यक जग्गाको व्यवस्था मिलाइनेछ। ग) उद्योगको लागि चाहिने दक्ष जनशक्तिको लागि तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।
३. आन्तरिक निजी क्षेत्रको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने ।	क) प्रदेश भित्रका निजी क्षेत्रको क्षमता विकासका आवश्यकताहरू पहिचान गरी सो आवश्यकता परिपूर्ति गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछन् । ख) सार्वजनिक क्षेत्र, सहकारी क्षेत्र एवम् सामुदायिक क्षेत्रसँग निजी क्षेत्रको सहकार्य हुने व्यवस्था मिलाइनेछ । ग) निजी क्षेत्रलाई आवश्यक पर्ने पुँजी र प्रविधिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्तीय निकायहरूसँग समन्वय गरिनेछ ।
४. बृहत आयोजनाहरूमा अन्तर्राष्ट्रिय लगानी भित्र्याउन विशेष पहल गर्ने ।	क) विकासका साझेदारहरू तथा गैर आवासीय नेपालीहरूसँगको सहकार्यमा प्रदेशमा लगानी सम्मेलनको आयोजना गरी वृहत आयोजनाहरूका लागि अन्तर्राष्ट्रिय निजी क्षेत्रको लगानी भित्र्याउन विशेष पहल गरिनेछ ।

५. अपेक्षित उपलब्धि

निजी क्षेत्रसँग सम्बन्धित प्रदेशको नीति तथा कानुन तर्जुमा भई लगानी भित्र्याउने वातावरण तयार भएको हुनेछ । प्रदेशको निजी क्षेत्रको क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन भएको हुनेछ । सार्वजनिक क्षेत्र, निजी क्षेत्र, सहकारी क्षेत्र तथा सामुदायिक क्षेत्रसँगको सहकार्यमा प्रदेशमा पूर्वाधार विकास, औद्योगिक विकास, कृषि, पर्यटन तथा सेवा क्षेत्रमा लगानी अभिवृद्धि भएको हुनेछ । विकासका साझेदारहरू तथा गैर आवासीय नेपालीहरूसँगको सहकार्यमा लगानी सम्मेलनको आयोजना भई बृहत आयोजनाहरूमा वैदेशिक लगानी अभिवृद्धि भएको हुनेछ ।

७.५ सहकारी क्षेत्र

१. पृष्ठभूमि

संविधानमा सहकारी क्षेत्रलाई अर्थतन्त्रका तीन खम्बा मध्ये एक मानिएको छ । सहकारी क्षेत्रले छरिएर रहेको श्रम, सीप, प्रविधि र पुँजीलाई एकत्रित गरी उत्पादन र उत्पादकत्त्व वृद्धि मार्फत रोजगारी सिर्जना गरी प्रदेशको समग्र आर्थिक विकासमा योगदान गर्न सक्दछ। हाल प्रदेशमा ३२१ र स्थानीय तहहरूमा २१०० सहकारी संस्थाहरू आवद्ध रहेका छन् । सहकारी संस्थाहरूको प्रभावकारी परिचालन मार्फत सीमान्तकृत समुदायको सशक्तीकरण, वित्तीय पहुँचमा वृद्धि, उद्यमशीलताको विकासका साथै गरिबी निवारणमा पनि ठोस योगदान पुग्न जाने देखिन्छ । तसर्थ यस योजनाले प्रदेशको सामाजिक आर्थिक विकासमा सहकारी क्षेत्रको सम्भावनाहरूको उच्चतम उपयोगमा जोड दिएको छ ।

२. प्रमुख समस्या

प्रदेशमा अपेक्षित रूपमा सहकारी शिक्षा र चेतनाको बिस्तार हुन नसक्नु, कतिपय सहकारी संस्थाहरूले सहकारीको मूल्य मान्यता, सिद्धान्त प्रभावकारी रूपमा अनुसरण गर्न नसकेको देखिनु, सहकारी संस्था व्यावसायिक, उत्पादनमूलक र रोजगारीमूलक भन्दा बचत तथा ऋणको कारोवारमा मात्र केन्द्रित हुनु मुख्य समस्याहरू हुन् ।

३. चुनौती तथा अवसर

सहकारी मूल्य मान्यता, सिद्धान्त अनुरूपको सहकारी संस्थाको सञ्चालन गर्नु, सहकारीलाई विपन्न तथा न्यून आय भएका वर्गमा बिस्तार गर्नु, सहकारी सम्बन्धी ऐन,

कानुनको प्रभावकारी कार्यान्वयन गर्नु, आर्थिक रूपमा विपन्न तथा सीमान्तकृत वर्गमा सहकारीको सेवा बिस्तार गर्नु, सहकारी क्षेत्रलाई सामाजिक सुरक्षाको आधारको रूपमा स्थापित गर्नु यसका चुनौतीहरू हुन् ।

सहकारीलाई राष्ट्रिय अर्थतन्त्रको एक बलियो आधारको रूपमा लिइनु, सहकारीलाई स्वायत्त रूपमा काम गर्न सक्ने अधिकार राज्यले प्रदान गर्नु, कृषि उत्पादनका मूल्य शृङ्खलामा सहकारी संस्थाहरूलाई आवद्ध गर्दै लैजाने सम्भावना रहनु, सहकारी आन्दोलनमा महिला तथा विपन्न वर्गको पहुँच स्थापित हुने खालका कार्यक्रमहरू सञ्चालन हुनु यसका अवसरहरू हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

आर्थिक समुन्नतिका लागि दिगो सहकारी विकास।

४.२ लक्ष्य

छरिएर रहेको स्थानीय श्रम, सीप, स्रोत र पुँजीको अधिकतम् परिचालनद्वारा सहकारीलाई अर्थतन्त्रको एक सबल खम्बाको रूपमा विकास गरी प्रदेशको आर्थिक र सामाजिक विकासमा योगदान पुऱ्याउने ।

४.३ उद्देश्य

- सहकारी मार्फत रोजगारी सिर्जना तथा गरिबी निवारण गर्नु ।
- सहकारी संस्था मार्फत स्थानीय उत्पादनलाई विविधीकरण, बजारीकरण गरी आर्थिक आत्मनिर्भरता कायम गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. सहकारी शिक्षा र सूचनाको माध्यमबाट सहकारीको संस्थागत विकासका लागि क्षमता अभिवृद्धि गर्ने ।	क) सहकारीको मूल्य, मान्यता र सिद्धान्तको पालना गर्ने व्यवस्थालाई कार्यान्वयन गर्न सहकारी संस्थाहरूलाई उत्प्रेरित गरिनेछ । ख) सहकारी शिक्षा र सूचनालाई व्यापक र प्रभावकारी बनाइ संस्थाको व्यवस्थापन क्षमता, सदस्य एवम् सञ्चालकहरूलाई सक्षम र योग्य बनाईनेछ।

रणनीति	कार्यनीति
	ग) आम सञ्चारका माध्यमहरूवाट सहकारी सम्बन्धी जनचेतनामूलक सामग्री प्रचार-प्रसार गरिनेछ । घ) सहकारी शिक्षालाई विद्यालयका पाठ्यक्रममा समावेश गर्ने व्यवस्था मिलाई सहकारीको लागि आवश्यक पर्ने दक्ष जनशक्ति तयार गरिनेछ । ङ) प्रदेशस्तर र स्थानीय तहमा सहकारी सूचना केन्द्र स्थापना गरी सहकारी सम्बन्धी सूचना सम्प्रेषण कार्यलाई प्रभावकारी बनाइनेछ।
२. आम नागरिकहरूको जीवनस्तरमा सुधार ल्याउन सहकारीको पहुँच अभिवृद्धि गर्ने ।	क) महिला, गरीब तथा विपन्न वर्ग, अपाङ्ग, सीमान्तकृत, भूमिहीन तथा पछिपरेका वर्गहरूलाई सहकारी संस्थामा आवद्ध गराई सहकारी घुम्ती कोष मार्फत उनीहरूको आर्थिक र सामाजिक स्तर सुधार गरिनेछ । ख) लक्षित वर्गहरूलाई विशेष प्राथमिकता दिई सहकारी मार्फत उद्यम तथा उद्योग प्रवर्द्धन गर्न व्यावसायिक तथा सीपमूलक तालिम प्रदान गर्ने व्यवस्था मिलाइनेछ। ग) भूमिहीन तथा साना किसानहरूलाई सहकारी खेती गर्न उपयोगमा नआएका सरकारी तथा सार्वजनिक जग्गा लिजमा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ।
३. सबै प्रकारका व्यवसायीहरूलाई सहकारीमा आवद्ध गरी यस क्षेत्रलाई गुणस्तरीय, प्रतिस्पर्धी एवम् प्रभावकारी बनाउने ।	क) सहकारीलाई उद्यमशीलता विकास र नवप्रवर्तनको सम्वाहकको रूपमा स्थापित गरिनेछ । ख) निजी, सार्वजनिक र सहकारी क्षेत्र बीच अन्तरसम्बन्ध विकास गर्दै साझेदारी उद्योग, व्यवसायको सञ्चालन गर्ने प्रारूप तयार गरिनेछ। ग) कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणका लागि सहकारी संस्थाहरूलाई प्रोत्साहन सहित परिचालन गरिनेछ । घ) सहकारी क्षेत्रको विकासका लागि न्यून हुने पुँजी परिपूर्ति गर्न आवश्यक समन्वय गरिनेछ ।

रणनीति	कार्यनीति
	ङ) सहकारी संस्थाहरूको उत्पादनलाई बजारीकरण गर्न प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्र समेतको साझेदारीमा आवश्यक पूर्वाधारको निर्माण र सञ्चालन गरिनेछ ।

५. अपेक्षित उपलब्धि

यस प्रदेशका सबै सहकारी संस्थाहरू आफ्नो मूल्य, मान्यता, सिद्धान्त अनुरूप सञ्चालन भएका हुनेछन् । प्रदेशमा सहकारी संस्थाहरूको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको हुनेछ । समग्र अर्थतन्त्रमा सहकारी क्षेत्रले पुऱ्याउने योगदानमा वृद्धि भएको हुनेछ ।

आर्थिक क्षेत्रका कार्यक्रमहरू

७.१ कृषि तथा प्राकृतिक स्रोत व्यवस्थापन

७.१.१ प्राङ्गारिक तथा व्यावसायिक कृषि

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	स्रोत केन्द्रको स्थापना र सुदृढीकरण	२०७६।०७७ २०८०।०८१	५० करोड	अन्तर्राष्ट्रिय मापदण्ड सहितको प्रदेशस्तरीय सरकारी एकीकृत कृषि फर्म तथा जिल्लास्तरमा समूह, सहकारी तथा निजी साझेदारीमा जिल्ला विशेष सम्भाव्यताको आधारमा कृषि स्रोत केन्द्र स्थापना भई सञ्चालनमा आएको हुनेछ ।
२	साना तथा मझौला सिँचाइ कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१.५ अर्ब	स्थानीय तहसँगको सहकार्य र सहजीकरणमा २५ हेक्टरदेखि १०० हेक्टरसम्मका साना तथा मझौला सिँचाइ आयोजना सञ्चालन भई उत्पादन तथा उत्पादकत्व वृद्धि भएको हुनेछ ।
३	प्राविधिक सेवा प्रवाह कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१५ करोड	एक वडा एक कृषि प्राविधिक, निजी प्राविधिक सेवा प्रदायक तथा सरकारी निकायका प्राविधिकबाट गुणस्तरीय सेवा प्रवाह भई नमूना कृषि फर्मको स्थापना तथा सञ्चालन भएको हुनेछ ।
४	भौचर प्रणाली मार्फत कृषि सेवा प्रवाह कार्यक्रम	२०७६।०७७ २०८०।०८१	६० करोड	भौचर प्रणाली मार्फत साना तथा विपन्न वर्गका कृषकहरूलाई उत्पादन सामग्री तथा प्राविधिक सेवा प्रदान भएको हुनेछ ।
५	व्यावसायिक उत्पादनका लागि सहुलियत ऋण र व्याज अनुदान	२०७६।०७७ २०८०।०८१	१ अर्ब	आयआर्जनका लागि गरिब किसानहरूलाई सहुलियत ऋण र मध्यम तथा ठूला व्यावसायिक उत्पादनका लागि व्याज अनुदान कार्यक्रम कार्यान्वयन भई सञ्चालनमा आएका कृषि व्यवसायहरूको बिमा भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
६	कृषि व्यवसाय जोखिम न्यूनीकरण कार्यक्रम	२०७६।०७७ २०८०।०८१	५० करोड	प्राकृतिक प्रकोप, आकस्मिक रोग किरा र बजार मूल्यको उतारचढावको कारण न्यूनतम लागत मूल्य पनि प्राप्त नहुने जस्ता कृषि क्षेत्रमा हुने जोखिमलाई बाली बिमा, विपद् व्यवस्थापन तथा राहत कार्यक्रम र न्यूनतम् समर्थन मूल्यबाट कृषि व्यवसाय जोखिम न्यूनीकरण भएको हुनेछ ।
७	बाली उत्पादन प्रोत्साहन कार्यक्रम	२०७६।०७७ २०८०।०८१	२५ करोड	निश्चित मापदण्डका आधारमा व्यक्तिगत, सामूहिक/सहकारी, कबुलियती, करार खेती तथा चक्लावन्दी मार्फत उत्पादन गर्ने कृषक, समूह, सहकारी र निजी फर्मका उत्पादन कर्तालाई प्रोत्साहन उपलब्ध गराई व्यावसायिक कृषि फर्महरूको सङ्ख्यामा वृद्धि भई उत्पादन वृद्धि भएको हुनेछ ।
८	प्राङ्गारिक कृषि उत्पादन केन्द्रित विशेष कार्यक्रम	२०७६।०७७ २०८०।०८१	५० करोड	प्राङ्गारिक कृषि प्रर्वद्धनको लागि प्राङ्गारिक कृषि क्षेत्रको वर्गीकरण, प्राङ्गारिक नमूना गाउँ र सामूहिक/सहकारी खेती स्किम कार्यक्रम सञ्चालन भई उत्पादित कृषि वस्तुहरूको प्रमाणीकरण सहित बजारीकरण भएको हुनेछ ।
९	किसान सम्मान कार्यक्रम	२०७६।०७७ २०८०।०८१	२० करोड	कृषि पेशालाई मर्यादित र सम्मानित बनाउन उत्कृष्ट कृषक, कृषि समूह र सहकारीलाई पुरस्कृत गर्दै कृषिमा संलग्न समुदायको बिमामा आधारित पेन्सन कार्यक्रमको शुरुवात भएको हुनेछ ।
१०	लागत साझेदारीमा कृषिमा आधारित उद्योगहरू स्थापनाका लागि	२०७६।०७७ २०८०।०८१	२ अर्ब	लागत साझेदारीको आधारमा निजी फर्म, कम्पनी, सहकारी तथा समूह मार्फत जैविक विषादी तथा प्राङ्गारिक मल, कृषि औजार, बिउ प्रशोधन, कृषिमा आधारित प्रशोधन उद्योग लगायतका अन्य कृषिजन्य

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
	सहजीकरण कार्यक्रम			उद्योगहरू स्थापना भई वस्तु तथा सेवा सहुलियत दरमा उपलब्ध भएको हुनेछ ।
११	कृषि उत्पादनहरूको बजारीकरण तथा निर्यात प्रवर्द्धन कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१ अर्ब	निर्यातयोग्य बालीहरू (अदुवा, बेसार, सिमी, स्याउ, सुन्तला, मह आदि) को मिसन कार्यक्रम मार्फत हरेक जिल्लामा थोक बजार/ सङ्कलन केन्द्रको स्थापना गरी कृषि वस्तुहरूको विविधीकरण, ब्रान्डिङ, प्याकेजिङ र लेवलिङ गरी बजारीकरण भएको हुनेछ।
१२	पकेट प्याकेज कार्यक्रम	२०७६।०७७ २०८०।०८१	२ अर्ब	व्यावसायिक कृषि उत्पादनको लागि एक-एक पकेट, एक सहकारी-एक नमूना कृषि व्यवसाय र एक पालिका एक कृषिजन्य उद्योग स्थापना भई सञ्चालन भएको हुनेछ।
१३	साना, मझौला तथा ठूला शित भण्डार गृहको निर्माण तथा सञ्चालन कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१ अर्ब	व्यावसायिक कृषिजन्य वस्तुहरूको मूल्य अभिवृद्धिको लागि सुगम स्थानमा साना, मझौला तथा ठूला शित भण्डार गृह र दुर्गम क्षेत्रहरूमा सेलारस्टोर/जिरो इनर्जी स्टोर निर्माण तथा सञ्चालन भएको हुनेछ ।
१४	रैथाने प्रजातिका कृषि बालीहरूको उत्पादन प्रबर्द्धन कार्यक्रम	२०७६।०७७ २०८०।०८१	५० करोड	रैथाने बालीहरूको अनुसन्धान र उत्पादनमा प्रोत्साहन / सहुलियत प्रदान गर्दै पकेट तथा ब्लकहरूमा मिसन कार्यक्रम सञ्चालन गरी उत्पादित वस्तुहरूको विविधीकरण, प्रशोधन, लेवलिङ तथा कर्णालीको नामबाट ब्रान्डिङ गरी बजारीकरण भएको हुनेछ ।
१५	विषादी परीक्षण प्रयोगशाला स्थापना तथा सञ्चालन	२०७६।०७७ २०८०।०८१	२५ करोड	एकीकृत कृषि प्रयोगशाला सुर्खेत र प्रदेशको मुख्य नाका हिल्सा, हर्रे, कपुरकोट र वीरेन्द्रनगरमा द्रुत विषादी परीक्षण प्रयोगशाला स्थापना गरी विषादीको परीक्षण, उत्पादन तथा बिक्री वितरणमा नियमन भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१६	प्राङ्गारिक कृषि अनुसन्धान केन्द्र स्थापना	२०७६।०७७ २०८०।०८१	१५ करोड	प्रदेशस्तरीय प्राङ्गारिक कृषि अनुसन्धान केन्द्र स्थापना भई प्रविधि बिस्तार भएको हुनेछ ।
१७	प्राङ्गारिक मल तथा जैविक विषादी उत्पादन कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१ अर्ब	प्रदेश राजधानी तथा सबै जिल्लाहरूमा प्राङ्गारिक मल तथा जैविक विषादी उत्पादन केन्द्रको स्थापना भएको हुनेछ ।
१८	कृषि उत्पादन प्याकेजिङ्ग पार्क	२०७६।०७७ २०८०।०८१	१ अर्ब	निजी क्षेत्रसँगको सहकार्यमा मुख्य उत्पादन केन्द्र लक्षित गरी कृषि उत्पादनको ग्रेडिङ्ग, लेबलिङ र प्याकेजिङ्ग लगायतका सुविधा भएको पार्क निर्माण भएको हुनेछ ।

७.१.२ पशुपन्छी, मत्स्य तथा मौरी पालन

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	पशुपन्छी तथा मत्स्य विकास स्रोत केन्द्रको स्थापना	२०७६।०७७ २०८०।०८१	१ अर्ब	अन्तर्राष्ट्रिय मापदण्ड अनुसार प्रदेशस्तरीय एकीकृत पशुपन्छी, मत्स्य तथा घाँस उत्पादनको सरकारी फार्मको स्थापना हुने र सबै जिल्लाहरूमा सहकारी, निजी, स्थानीय तहसँगको साझेदारीमा एक-एक वटा स्रोत केन्द्रहरूको स्थापना भएको हुनेछ ।
२	प्राविधिक सेवा, पशु विकास तथा मत्स्य विकास कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१ अर्ब	सरकारी तथा निजी प्राविधिक सेवा प्रदायकको क्षमता अभिवृद्धि, एक वडा-एक प्राविधिक सेवा व्यवस्थापन, एक वडा-एक पशुपन्छी पालन नमूना फार्म स्थापना, भौचर प्रणाली मार्फत साना तथा विपन्न वर्गका कृषकहरूलाई पशुजन्य उत्पादन सामग्री तथा प्राविधिक सेवा प्रदान र पशुपन्छी बिमाका लागि आवश्यक सहजीकरण भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
३	नश्ल सुधार कार्यक्रम	२०७६।०७७ २०८०।०८१	२५ करोड	सुर्खेतमा तरल नाइट्रोजन प्लान्ट स्थापना भई जिल्लास्थित कार्यालय, स्थानीय तह, निजी पाराभेटहरूद्धारा कृत्रिम गर्भाधान सेवा सञ्चालन भई पशु नश्ल सुधार भएको हुनेछ ।
४	व्यावसायिक उत्पादनका लागि सहुलियत ऋण र व्याज अनुदान	२०७६।०७७ २०८०।०८१	१ अर्ब	आयआर्जनका लागि गरिब किसानहरूलाई सहुलियत ऋण र मध्यम तथा ठूला व्यावसायिक उत्पादनका लागि व्याज अनुदान कार्यक्रम कार्यान्वयन भएको हुनेछ ।
५	पशु स्वास्थ्य सेवा कार्यक्रम	२०७६।०७७ २०८०।०८१	२ अर्ब	प्रदेशस्तरीय रिफरल भेट्नरी अस्पताल स्थापना तथा सञ्चालन, जिल्लास्थित कार्यालयमा पशुपन्छी उपचार तथा आधारभूत प्रयोगशाला सेवा सञ्चालन, स्थानीय तहसँगको समन्वयमा पशु खोप सेवा सञ्चालन, पशुपन्छीमा हुने महामारी पशुपंक्षी रोग रोकथाम, नियन्त्रण तथा उपचार, जुनोटीक रोग सचेतना कार्यक्रम सञ्चालन भई पशु स्वास्थ्य प्रमाणीकरण नियमन कार्यक्रम सञ्चालन भएको हुनेछ।
६	कृषकलाई सम्मान, मर्यादित व्यवसाय र सामाजिक सुरक्षा	२०७६।०७७ २०८०।०८१	१ अर्ब	गुणस्तरीय उत्पादनमा पशुपन्छी, मत्स्य तथा मौरी पालक किसानको सम्मान, पेशामा मर्यादित, विपतमा राहत र बिमामा आधारित कृषक पेन्सन तथा प्रोत्साहन भएको हुनेछ ।
७	प्राङ्गारिक पशुपन्छी, मत्स्य तथा मह उत्पादन कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१ अर्ब	प्राङ्गारिक विधिबाट पशुपन्छीजन्य पदार्थ, मत्स्य तथा मह उत्पादन कार्य प्रारम्भ भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
८	पशुपन्छीमा आधारित उद्योग स्थापना र निर्यात प्रर्वद्धन कार्यक्रम	२०७६।०७७ २०८०।०८१	३ अर्ब	निजी क्षेत्रको साझेदारी र लगानीमा दुध उत्पादन सङ्कलन/ चिस्यान/प्रशोधन उद्योग स्थापना, चिज/ पनिर/आइसक्रिम/ घ्यू/पस्मिना/ऊन प्रशोधन/दाना/साइलेज/पाउडरदुध/अण्डा/ मासु/ह्याचरी/वधस्थल/वधशाला/सुकुटी/ हाडछाला लगायतका उद्योग स्थापना तथा निर्यात प्रर्वद्धन भएको हुनेछ ।
९	पशुपन्छीजन्य, मत्स्य तथा मह उत्पादनको बजारीकरण	२०७६।०७७ २०८०।०८१	१ अर्ब	हावापानी सुहाउँदो उत्पादन, उत्पादित वस्तुको सङ्कलन र हाटबजारको व्यवस्था गरी बजारीकरण भएको हुनेछ ।
१०	पशुपन्छीमा प्रयोग हुने जैविक विषादीहरूको पहिचान तथा प्रवर्द्धन कार्यक्रम	२०७६।०७७ २०८०।०८१	२० करोड	पशुपन्छीजन्य पदार्थमा एन्टीबायोटिक्स अवशेष परीक्षण भई पशुपन्छी दानाको गुणस्तर नियमन कार्यक्रम सञ्चालन भएको हुनेछ।
११	एकीकृत पशुपन्छी तथा मत्स्य अनुसन्धान केन्द्रको स्थापना	२०७६।०७७ २०८०।०८१	१ अर्ब	नेपाल कृषि अनुसन्धान परिषद्सँगको समन्वयमा एकीकृत अर्गानिक पशुपन्छी तथा मत्स्य अनुसन्धान केन्द्रको स्थापना र सञ्चालन भएको हुनेछ ।
१२	मौरी पालन तथा मह उत्पादन विशेष कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१ अर्ब	वन मौरीको संरक्षण, प्रवर्द्धन तथा मह सङ्कलन र घर मौरीको व्यवसायीकरण एवं बजारीकरण भएको हुनेछ ।

७.१.३ खाद्य सुरक्षा तथा पोषण

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	नीति तथा योजना तर्जुमा	२०७६।०७७ २०८०।०८१	—	खाद्य सुरक्षा, पोषण तथा खाद्य सम्प्रभूता सम्बन्धी नीति, ऐन र नियम तयार भई कार्यान्वयन भएको हुनेछ ।
२	खाद्य तथा पोषण सुरक्षा कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१५ करोड	सङ्घ र स्थानीय तहसँगको समन्वयमा खाद्य सुरक्षाको जोखिममा रहेका क्षेत्र, समुदाय/वर्गको पहिचान गरी तथ्यमा आधारित खाद्य तथा पोषण सहायता परिचय-पत्र जारी भएको हुनेछ ।
३	बहुक्षेत्रीय पोषण कार्यक्रम	२०७६।०७७ २०८०।०८१	२५ करोड	सबै स्थानीय तहमा बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गरी पोषणयुक्त खानपिनमा सुधार भई योजनामा विविधीकरण भएको हुनेछ ।
४	खाद्य संकट सामना गर्न उत्पादन विकास कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१ अर्व	खाद्य सुरक्षाको जोखिममा रहेका लक्षित घरधुरीहरूलाई लक्षित वर्ग विशेष कार्यक्रम, किसान सरकार हातेमालो कार्यक्रम र करार, कबुलियती, चक्लाबन्दी तथा सामूहिक खेती कार्यक्रम सञ्चालन भई खाद्य सुरक्षामा टेवा पुगेको हुनेछ ।
५	आपतकालीन खाद्य भण्डारण	२०७६।०७७ २०८०।०८१	७९ करोड	प्रदेश स्तरीय खाद्य सुरक्षा प्रतिकार्य योजना तयार भई सबै स्थानीय तहरूमा कृषि उत्पादनलाई सङ्कलन, आपतकालीन भण्डारण र वितरण गर्ने व्यवस्था भएको हुनेछ ।

७.१.४ भूमि व्यवस्थापन

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	भू-उपयोग नीति तथा गुरुयोजना तर्जुमा	२०७६।०७७ २०८०।०८१	३ करोड	प्रदेशको भू-उपयोग सम्बन्धी नीति तथा गुरुयोजना तयार भई कृषियोग्य भूमिलाई गैरकृषि क्षेत्रमा प्रयोग गर्न निरुत्साहित भएको हुनेछ ।
२	भूमि बैंकको स्थापना र सञ्चालन	२०७६।०७७ २०८०।०८१	५ करोड	भूमि बैंक मार्फत खेतीयोग्य जमिनको व्यवसायीकरण, बाँझो जग्गाको उपयोग र सार्वजनिक जमिनको लगत अद्यावधिक भएको हुनेछ ।
३	भूमिहीन सीमान्तकृत वर्ग लक्षित आय आर्जन कार्यक्रम	२०७६।०७७ २०८०।०८१	५० करोड	भूमि समिति मार्फत भूमिहीन, सीमान्तकृत समुदायको पहिचान गरी बगर खेती, कृषि वन, कबुलियती, करार, सामुहिक खेती जस्ता लक्षित कार्यक्रम सञ्चालन भएको हुनेछ।
४	कृषि भूमि संरक्षण कार्यक्रम	२०७६।०७७ २०८०।०८१	२० करोड	कृषियोग्य भूमिलाई अन्य प्रयोजनमा प्रयोग हुनबाट रोकी कृषिजन्य उत्पादन वृद्धि भएको हुनेछ ।
५	कृषि यान्त्रीकीकरणका लागि गरा सुधार तथा चक्लाबन्दी	२०७६।०७७ २०८०।०८१	१ अर्ब	उत्पादन बढाउन कृषि यान्त्रिकरणका लागि गरा सुधार तथा चक्लाबन्दी कार्यक्रम सञ्चालन भएको हुनेछ ।
६	सामुहिक कृषि व्यावसायिक कम्पनी स्थापना	२०७६।०७७ २०८०।०८१	१ अर्ब	साना र मझौला किसानहरूलाई एकीकृत गरी १० वटा समाजवादउन्मुख सामुहिक कृषि व्यावसायिक कम्पनी स्थापना भई उत्पादन कार्य प्रारम्भ भएको हुनेछ ।
७.	बाँझो जग्गा उपयोग कार्यक्रम	२०७६।०७७ २०८०।०८१	४५ करोड	बाँझो जग्गाको समुचित सदुपयोग भई उत्पादन वृद्धि र खाद्य सुरक्षामा वृद्धि भएको हुनेछ ।

७.१.५ वन तथा जैविक विविधता

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधता संरक्षण	२०७६।०७७ २०८०।०८१	१० करोड	वन क्षेत्रको संरक्षण र विकासका लागि वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधता संरक्षण गर्ने कार्यक्रमहरू सञ्चालन भएका हुनेछन्।
२	शहरी वृक्षारोपण	२०७६।०७७ २०८०।०८१	५० करोड	शहरी वनको विकास गरी प्रदुषण न्यूनीकरण तथा स्वच्छ वातावरणको सिर्जना भएको हुनेछ ।
३	फलफूल विरुवा वृक्षारोपण	२०७६।०७७ २०८०।०८१	१ अर्ब	निजी, सार्वजनिक स्थल तथा वन क्षेत्रमा समेत सामुदायिक फलफूल बगैंचाको विकास गरी समुदायको आम्दानी बढाइएको हुनेछ ।
४	भू-परिधि क्षेत्रहरूको पहिचान, क्षेत्र निर्धारण र व्यवस्थापन	२०७६।०७७ २०८०।०८१	१ करोड	हिमाल, महाभारत र चुरे बचाऔं अभियान मार्फत भू-परिधि क्षेत्रहरूको पहिचान, क्षेत्र निर्धारण र व्यवस्थापन भएको हुनेछ ।
५	महत्त्वपूर्ण प्रजाति संरक्षण (गुराँस, भोजपत्र, देवदार, वेल, जैतुन, डालेचुक, ओखर, खमु, चूली, ढँटेलो, लौठसल्ला, धुपी लगायत)	२०७६।०७७ २०८०।०८१	५० करोड	हरेक स्थानीय तहमा पाइने महत्त्वपूर्ण प्रजातिको छनौट गरी वन बीउ बगैंचा (Breeding/Seedling Orchard) को रूपमा संरक्षण तथा व्यवस्थापन गर्ने कार्य भइरहेको हुनेछ ।
६	वनस्पति उद्यान र जिओपार्क क्षेत्रहरूको अध्ययन, निर्माण र व्यवस्थापन	२०७६।०७७ २०८०।०८१	१० करोड	प्रदेशको जैविक तथा भौगोलिक विविधता तथा वन क्षेत्रको प्रोफाइल तयार गरी वनस्पति उद्यान र जिओपार्क क्षेत्रहरूको अध्ययन, निर्माण र व्यवस्थापन भएको हुनेछ ।
७	समूदायमा आधारित वन व्यवस्थापन तथा संरक्षण कार्यक्रम	२०७६।०७७ २०८०।०८१	३० करोड	महिला, दलित, आदिवासी तथा स्थानीय समुदायको सक्रीयतामा वन व्यवस्थापन, अतिक्रमण नियन्त्रण, डढेलो, चोरी निकासी, मिचाहा प्रजाति नियन्त्रण क्रियाकलापहरू सञ्चालन भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
८	सामुदायिक, निजी तथा कृषि वन क्षेत्रको विकास तथा बिस्तार	२०७६।०७७ २०८०।०८१	५० करोड	सरोकारवालासँग सहकार्य गरी सामुदायिक, निजी तथा कृषि वनको विकास र बिस्तारका साथै प्रदेशको नगर क्षेत्र तथा शहरी क्षेत्रमा वृक्षारोपण मार्फत हरियाली कायम भएको हुनेछ ।
९	दिगो वन व्यवस्थापन	२०७६।०७७ २०८०।०८१	१ अर्ब	प्रदेश वन संरक्षण ऐन निर्माण र कार्यान्वयन गरी दिगो वन व्यवस्थापन भएको हुनेछ।
१०	वनमा आधारित उद्यम कार्यक्रम	२०७६।०७७ २०७८।०७९	१ अर्ब	वनमा आधारित उद्यम सञ्चालनका लागि कच्चा पदार्थ उपलब्ध गराउनुका साथै सहुलियत कर्जाको व्यवस्था भएको हुनेछ ।
११	वन पैदावारको संरक्षण, सङ्कलन र बजारीकरण	२०७६।०७७ २०८०।०८१	२५ करोड	वन पैदावारको संरक्षण, सङ्कलन र बजारीकरण मार्फत स्थानीय रोजगारी र आयआर्जनमा वृद्धि भएको हुनेछ ।
१२	खर्क तथा पाटन व्यवस्थापन	२०७६।०७७ २०८०।०८१	३३ करोड	चरिचरन क्षेत्रको व्यवस्थापन गरी खर्क व्यवस्थापन भएको हुनेछ । जडीबुटी पर्यावरण र चरन क्षेत्रलाई दृष्टिगत गरी पाटन क्षेत्रको विशेष ब्यवस्थापन भएको हुनेछ ।
१३	वन क्षेत्र बहु-उपयोग कार्यक्रम	२०७६।०७७ २०८०।०८१	५० करोड	सङ्घ र स्थानीय तहसँगको समन्वयमा आवश्यकता अनुसार खाद्य तथा कृषि बाली र जडीबुटी खेती बिस्तारको लागि वन क्षेत्रको सदुपयोग भएको हुनेछ ।
१४	वन्यजन्तु पालन तथा प्रजनन कार्यक्रम	२०७६।०७७ २०८०।०८१	५० करोड	संभाव्य वन क्षेत्रमा ब्यवसायिक रूपमा कस्तुरी, कालिज लगायत कानुनी रूपमा स्वीकृति प्राप्त वन्यजन्तु पालनमा वृद्धि हुनुका साथै मानव-वन्यजन्तु द्धन्द न्यूनीकरण भएको हुनेछ ।
१५	कर्णाली आयमूलक हरियाली कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१ अर्ब	मनग्य आम्दानी गर्न सुख्खा डाँडाकाँडा तथा टार फाँटहरूमा आयमूलक बोटविरुवाहरूको वृक्षारोपण भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१६	उच्च प्रविधि (हाईटेक) नर्सरी स्थापना र सञ्चालन कार्यक्रम	२०७६।०७७ २०८०।०८१	२४ करोड	प्रत्येक निर्वाचन क्षेत्रमा कम्तिमा १ वटा उच्च प्रविधिको नर्सरी स्थापना भई सञ्चालनमा आएको हुनेछ ।

७.१.६ जडीबुटी

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	जडीबुटी अनुसन्धान, प्रयोगशाला निर्माण तथा प्रशोधन	२०७६।०७७ २०८०।०८१	५० करोड	प्रदेश आयुर्वेदिक औषधालय लगायतसँग समन्वय गरी जडीबुटी अनुसन्धान, प्रयोगशाला निर्माण तथा जडीबुटी प्रशोधन भएको हुनेछ ।
२	कर्णालीका औषधीजन्य जडीबुटीको मूल्य श्रृङ्खला अभिवृद्धि कार्यक्रम	२०७६।०७७ २०८०।०८१	६२ करोड	जडीबुटी खेती, सङ्कलन, प्रशोधन, उत्पादन, बजारीकरण र कर्णाली ब्रान्डिङ गरी मूल्य श्रृखला अभिवृद्धि भएको हुनेछ ।
३	बहुमूल्य जडीबुटीको दिगो उत्पादन, संरक्षण, सङ्कलन र सम्वर्द्धन	२०७६।०७७ २०८०।०८१	२ करोड	बहुमूल्य जडीबुटीको दिगो उत्पादन, संरक्षण तथा सङ्कलनका लागि मापदण्ड तयार गरी लागु भएको हुनेछ ।
४	जडीबुटी उत्पादन, खेती बिस्तार तथा उद्यम विकास	२०७६।०७७ २०८०।०८१	१ अर्ब	विद्यमान अवस्थाको जडीबुटी उत्पादन, खेती बिस्तार तथा उद्यम विकासका लागि आधुनिक प्रविधिको प्रयोग मार्फत उत्पादन दोब्बर भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
५	जडीबुटी पकेट क्षेत्र निर्धारण	२०७६।०७७ २०८०।०८१	५ करोड	सम्भाव्यता अध्ययनका आधारमा पकेट क्षेत्र निर्धारण गरी सार्वजनिक, निजी र सहकारी क्षेत्रको समन्वयमा महत्त्वपूर्ण पाँच प्रजातिका जडीबुटीको पकेट क्षेत्र निर्धारण भएको हुनेछ ।
६	कर्णाली ब्रान्डिङ	२०७६।०७७ २०८०।०८१	१ करोड	कर्णालीका औषधीजन्य तथा सुगन्धित जडीबुटीबाट उत्पादित सामाग्रीलाई स्थानीय नाममा ब्राण्डिङ भएको हुनेछ ।
७	कर्णाली जडीबुटी प्रशोधन कम्पनी स्थापना	२०७६।०७७ २०८०।०८१	७५ करोड	निजी क्षेत्रसँगको साझेदारीमा कर्णालीमा रहेका बहुमूल्य जडीबुटीहरूको प्रशोधन गरी निर्यात गर्नका लागि कर्णाली जडीबुटी प्रशोधन कम्पनी स्थापना भएको हुनेछ ।

७.१.७ खानी तथा खनिज सम्पदा

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	खानी तथा खनिज पदार्थ सम्बन्धी संस्थागत व्यवस्था	२०७६।०७७ २०८०।०८१	१ करोड	खानी तथा खनिज पदार्थको अनुसन्धान, उत्खनन र व्यवस्थापन सम्बन्धी कार्यका लागि संस्थागत व्यवस्था भएको हुनेछ ।
२	भौगर्भिक सर्भेक्षण तथा अन्वेषण कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१ करोड	विज्ञ टोलीको सहायताले सम्भाव्य क्षेत्रमा भौगोलिक सर्भेक्षण तथा अन्वेषण कार्य प्रारम्भ भएको हुनेछ ।
३	भू-गर्भीय तरङ्ग र नियमित सूचना सम्प्रेषण	२०७७।०७८ २०८०।०८१	१ करोड	राष्ट्रिय भूकम्प मापन केन्द्रसँग समन्वय गरी डेकन प्लेट र तिब्बती प्लेटको बीचमा हुने घर्षणको भू-गर्भीय तरङ्ग अध्ययन र नियमित जानकारी उपलब्ध भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
४	बहुमूल्य पत्थरको सङ्कलन, प्रशोधन र बजारीकरण	२०७६।०७७ २०८०।०८१	१ अर्ब	सम्भाव्यता अध्ययनको आधारमा निजी क्षेत्रलाई प्रोत्साहन गरी रत्न पत्थर जस्ता बहुमूल्य पत्थर प्रशोधन उद्योग स्थापना भएको हुनेछ ।
५	पेट्रोलियम पदार्थ उत्खनन् तथा प्रशोधन	२०७६।०७७ २०८०।०८१	—	सङ्घीय सरकारसँगको समन्वय र साझेदारीमा दैलेखमा पेट्रोलियम पदार्थ उत्खनन् र प्रशोधन कार्य आरम्भ भएको हुनेछ।

७.२ उद्योग, वाणिज्य तथा आपूर्ति

७.२.१ उद्योग

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	उद्योग सम्बन्धी नीति तथा कानुन तर्जुमा	२०७६।०७७ २०८०।०८१	—	प्रदेशमा उद्योग सम्बन्धी ऐन, नियम तर्जुमा गरी उद्योग स्थापना र लगानीमैत्री वातावरण निर्माण भएको हुनेछ ।
२	उद्योग स्थापना र सञ्चालनमा सहजीकरण कार्यक्रम	२०७६।०७७ २०८०।०८१	५ करोड	उद्योग दर्ता, सञ्चालन र नवीकरण प्रणालीलाई छिटो, छरितो र सरलीकृत रूपमा सेवा उपलब्ध गराउन एकल विन्दु सेवा प्रणाली सञ्चालन भएको हुनेछ ।
३	औद्योगिक विकासका लागि वित्तीय व्यवस्थापन	२०७६।०७७ २०८०।०८१	१ अर्ब	औद्योगिक विकासका लागि सहुलियत कर्जा सम्बन्धी कानुनी व्यवस्था भई कर्जा प्रवाह भएको हुनेछ ।
४	आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१० करोड	पानीजन्य, खानीजन्य, कृषिजन्य, जडीबुटीजन्य र वन पैदावारजन्य उद्योगहरूको विकास गरी आयात प्रतिस्थापनतर्फ उन्मुख भई निर्यात प्रवर्द्धनमा २५ प्रतिशत वृद्धि भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
५	उद्योग प्रवर्द्धन र कर्णाली ब्रान्डिङ	२०७६।०७७ २०८०।०८१	१० करोड	कर्णालीमा पाइने कच्चा पदार्थहरूमा आधारित उद्योगहरूको प्रवर्द्धन र उत्पादित सामग्री बजारीकरणको लागि कर्णाली ब्रान्डिङ्गको व्यवस्था भएको हुनेछ ।
६	प्रदेश औद्योगिक क्षेत्र र उद्योग ग्रामहरूको स्थापना	२०७६।०७७ २०८०।०८१	३ अर्ब २५ करोड	सुर्खेतमा प्रदेशस्तरीय औद्योगिक क्षेत्र र कम्तिमा २५ स्थानीय तहमा उद्योग ग्रामहरूको स्थापना भएको हुनेछ ।
७	लघु, घरेलु तथा साना उद्योगहरूको स्थापना, संरक्षण र सम्वर्द्धन	२०७६।०७७ २०८०।०८१	५० करोड	लघु, घरेलु तथा साना उद्योग विकास र सहयोग कार्यक्रम सञ्चालन भई उद्योगहरूको स्थापना, संरक्षण र सम्वर्द्धन भएको हुनेछ।
८	औद्योगिक पूर्वाधार निर्माण	२०७६।०७७ २०८०।०८१	३ अर्ब	सम्भाव्यताको आधारमा चौकुने सिमेन्ट उद्योग, छाला उद्योग, जैविक मलखाद, जैविक विषादी, रेसामा आधारित उद्योग, ऊन, कपास र पार्टिकल बोर्ड सम्बन्धी उद्योगका लागि पूर्वाधार निर्माण तथा सञ्चालन भएको हुनेछ।

७.२.२ वाणिज्य तथा आपूर्ति

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	निर्यातजन्य वस्तु तथा सेवाको उत्पादनमा विविधीकरण, बजारीकरण र ब्राण्डिङ	२०७६।०७७ २०८०।०८१	३० करोड	निर्यातजन्य वस्तु तथा सेवाको उत्पादनमा वृद्धि, बजारीकरणका लागि सहजीकरण र ब्राण्डिङका लागि प्रमाणीकरण गर्ने व्यवस्था भएको हुनेछ ।
२	एक वडा-एक अन्न भकारी स्थापना	२०७६।०७७ २०८०।०८१	७२ करोड	स्थानीय तहसँगको साझेदारीमा एक वडा-एक अन्न भकारी स्थापना भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
३	सौगात गृह तथा लघु औद्योगिक ग्राम स्थापना	२०७६।०७७ २०८०।०८१	५ करोड	प्रत्येक जिल्लामा सौगात गृह र सुर्खेतमा लघु औद्योगिक ग्राम स्थापना भई सञ्चालनमा आएको हुनेछ ।
४	व्यापार वाणिज्य सम्बन्धी नीति तथा कानुन तर्जुमा	२०७६।०७७ २०८०।०८१	—	व्यापार वाणिज्य सम्बन्धी नीति तथा कानुन तर्जुमा भई कार्यान्वयन भएको हुनेछ ।
५	खाद्य तथा अति आवश्यक वस्तुको आपूर्ति	२०७६।०७७ २०८०।०८१	१.५ अर्ब	विपद् तथा महामारीको समयमा खाद्य संकट कम गर्न खाद्य तथा अति आवश्यक वस्तुको ढुवानीको व्यवस्था भएको हुनेछ।
६	एकीकृत जाँच चौकी तथा क्वारेन्टाइन सेवाको व्यवस्था	२०७६।०७७ २०८०।०८१	५० करोड	प्रदेशका व्यापारिक नाका हिल्सा, कपुरकोट र हर्रेमा क्रमशः सुविधा सम्पन्न जाँच चौकी तथा क्वारेन्टाइन सेवाको स्थापना भएको हुनेछ।
७	बजार व्यवस्थापन र नियमन	२०७६।०७७ २०७८।०७९	५० लाख	बजार व्यवस्थापन र नियमन संयन्त्रको निर्माण गरी अनुगमनबाट उपभोक्ता हित संरक्षण भएको हुनेछ ।
८	पेट्रोलियम पदार्थको भण्डारणको लागि पूर्वाधार निर्माण	२०७६।०७७ २०७८।०७९	१० करोड	पेट्रोलियम पदार्थको भण्डारणको लागि प्रदेशस्तरीय पूर्वाधार निर्माण भई सञ्चालन भएको हुनेछ ।

७.३ पर्यटन विकास

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	कर्णाली पर्यटन गुरुयोजना निर्माण	२०७६।०७७ २०७७।०७८	—	सबै तहका सरकारहरूसँगको समन्वयमा प्रदेशको समग्र पर्यटकीय विकासका लागि कर्णाली पर्यटन गुरुयोजना निर्माण भई कार्यान्वयनमा आएको हुनेछ । साथै, रारा र शे-फोक्सुण्डोको लागि छुट्टै पर्यटन विकास गुरुयोजना तयार भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
२	पर्यटन गुरुयोजना कार्यान्वयन	२०७६।०७७ २०८०।०८१	४ अर्ब	पर्यटन गुरुयोजना कार्यान्वयनका लागि कूल १२ अर्ब ३२ करोड लगानी अनुमान गरिएकोमा प्रदेश सरकारबाट स्वीकृत पर्यटन गुरुयोजनाको कार्यान्वयन प्रारम्भ भएको हुनेछ ।
३	प्रदेशको पर्यटनसम्बन्धी कानुन तर्जुमा	२०७६।०७७ २०८०।०८१	—	प्रदेशको पर्यटन प्रवर्द्धन गर्नका लागि पर्यटनसम्बन्धी कानुन तर्जुमा भई कार्यान्वयनमा आएको हुनेछ ।
४	कर्णाली पर्यटन गन्तव्यको प्रचार प्रसार	२०७६।०७७ २०८०।०८१	१ करोड	नेपालका अन्य प्रदेश लगायत विश्वलाई कर्णाली प्रदेशका मौलिक विशेषता चिनाउने गरी वृत्तचित्र तथा फिल्म सामग्री निर्माण गरी प्रचार प्रसार भएको हुनेछ ।
५	कर्णाली रेशम मार्गको पर्यटकीय पूर्वाधारहरूको निर्माण	२०७६।०७७ २०८०।०८१	१ अर्ब ५० करोड	चीनको तिब्बतमा अवस्थित कैलाश मानसरोवरलाई लक्षित गरी कर्णाली करिडोरको ट्र्याक खोल्ने, वीरेन्द्रनगर-सिमकोटको विमानस्थल स्तरोन्नतिबाट पर्यटन आवत-जावत बढेको हुनेछ। यो मार्गमा पर्ने पर्यटकीय स्थलहरूमा पर्यटकीय पूर्वाधारहरूको निर्माण भएको हुनेछ ।
६	सुनौलो पर्यटकीय त्रिभुजको अवधारणामा आधारित पर्यटकीय पूर्वाधारहरूको निर्माण	२०७६।०७७ २०८०।०८१	५० करोड	कर्णाली प्रदेश राजधानीदेखि कर्णाली र भेरी करिडोर क्षेत्रलाई त्रिभुजीय पर्यटन पूर्वाधारहरू निर्माण कार्य भइरहेका हुनेछन् । जसअनुसार राजधानीमा खुल्ला चिडियाखानाको रूपमा काँक्रेविहार, बुलबुले, देउतीबज्यै, शहिद पार्क, सिद्धपाइलाको निर्माण हुनेछ । कर्णाली करिडोर आसपासका गुराँसे पार्क, पञ्चकोशी, पञ्चदेवल, रास्कोट, बडिमालिका, पचाल झरना, चुली, रामा, तल्छरी, नेप्का, बाह्रदेउ शिव मण्डला, गवला, भ्यूदुला, खार्पुनाथ, रल्लिङ गुम्बा, याल्वाङ्ग गुम्बा, हल्जी गुम्बा, लिमी, लाप्चा, हिल्सा हुँदै मानसरोवर

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
				कैलाश पुग्ने पर्यटन पूर्वाधार निर्माण भएका हुनेछन्। यसैगरी भेरी र राप्ती करिडोरबाट जनमुक्ति सेना ब्यारेक क्षेत्र रहेको दशरथपुर, कुपिण्डे, खैरावाङ्ग, छत्रेश्वरी, जगतिपुर, चित्री पाटन, रानीचौर, डिग्रीसाई, मुसीकोट, स्यार्पु, मेलगैरी, त्रिपुरासुन्दरी, शे-फोक्सुन्डो, छार्काभोट, चन्दननाथ, कनकासुन्दरी, शिजा, बुडु, छायानाथ, बाम, चंखेली हुँदै रारा पुग्ने पर्यटकीय पूर्वाधारहरू निर्माण भएका हुनेछन्।
७	हिल स्टेशनहरू निर्माण	२०७६।०७७ २०८०।०८१	५० करोड	गर्मी छल्ने र प्रकृतिको मनोरम आनन्द लिन चाहने पर्यटकलाई ध्यानमा राखी प्रदेशभित्रका ५ उपर्युक्त स्थानहरूको छनौट गरी हिल स्टेशन पूर्वाधार विकास भएको हुनेछ।
८	एक जिल्ला-एक पर्यटकीय क्षेत्र विकास परियोजना	२०७६।०७७ २०८०।०८१	५० करोड	सबै जिल्लामा एक/एक वटा आकर्षक गन्तव्यको पहिचान गरी पर्यटकीय क्षेत्र विकासका लागि आधारभूत पूर्वाधारको निर्माण भएको हुनेछ ।
९	करिडोर तथा ग्रेट हिमालयन ट्रेलको पूर्वाधार विकास	२०७६।०७७ २०८०।०८१	५० करोड	सङ्घीय सरकारसँग समन्वय र साझेदारीमा कर्णाली र भेरी करिडोर तथा ग्रेट हिमालयन ट्रेलको कर्णाली प्रदेश खण्डमा पूर्वाधार विकास भएको हुनेछ । यसका लागि केही स्थानमा केवलकारको सम्भाव्यता अध्ययन भएको हुनेछ ।
१०	गुरिल्ला ट्रेल, रेडपाण्डा ट्रेल, साहसिक तथा पर्या-पर्यटन पूर्वाधार विकास	२०७६।०७७ २०७९।०८०	६ करोड	सम्भाव्यता अध्ययनको आधारमा गुरिल्ला ट्रेल, रेडपाण्डा ट्रेल, साहसिक तथा पर्या-पर्यटनमा ईच्छुक सरोकारवालाहरूसँगको साझेदारीमा पूर्वाधार विकास भएको हुनेछ ।
११	दिगो पर्यटन विकास साझेदारी कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१० करोड	सार्वजनिक, निजी, सामुदायिक र सहकारी साझेदारीमा सुविधा सम्पन्न होटल तथा होमस्टे व्यवस्थापन, आपतकालीन पर्यटक

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
				उद्धार संयन्त्रको व्यवस्था, पर्यटकीय क्षेत्रमा फोहोरमैला र प्रदुषण नियन्त्रण गर्ने जनशक्तिको विकास भएको हुनेछ ।
१२	पर्यटन क्षेत्रमा जनशक्ति विकास तालिम	२०७६।०७७ २०८०।०८१	५ करोड	सरोकारवालाहरूसँग समन्वय गरी पर्यटकीय क्षेत्रमा पर्याप्त दक्ष जनशक्तिको विकास गर्न ऱ्याफ्टिङ, पाराग्लाइडिङ, पर्यटन पथ प्रदर्शक, हार्दिकता र मानवताजस्ता तालिम, गोष्ठी, सेमिनार आदि सञ्चालन भएको हुनेछ।
१३	शिवपथ र बौद्धपथको पूर्वाधार विकास	२०७६।०७७ २०८०।०८१	१० करोड	धार्मिक पर्यटनमा केन्द्रित भई सिद्धपाईलादेखि कैलाशसम्म शिवपथ, काँक्रेविहारदेखि याल्वाङ गुम्वा, हल्जी गुम्बा-शे—गुम्वासम्म बौद्धपथको विकास भएको हुनेछ । यसलाई मुक्तिनाथ, पशुपतिनाथ र लुम्बिनीसँग पनि जोडिनेछ ।
१४	प्रमुख धार्मिक तथा ऐतिहासिक स्थल मर्मत संभार तथा संरक्षण	२०७६।०७७ २०८०।०८१	१० करोड	महादेव, मैठो (मष्टो) लगायत बाह्रदेउ तथा बढीमालिका, त्रिपुरा बाला सुन्दरी, खैरावाङ, देउतीबज्यै, कनकासुन्दरी लगायतका नौ देवी स्थानहरूको पहिचान गरी मर्मत सम्भार, जीर्णोद्वार तथा संरक्षण भएको हुनेछ।
१५	हिमालहरूको आरोहण सम्बन्धी सम्भाव्यता अध्ययन	२०७६।०७७ २०७८।०७९	५० लाख	पातारासी, काञ्जिरोवा, गोरख, चुरेनी लगायतका हिमालहरूको आरोहण सम्बन्धी सम्भाव्यता अध्ययन भएको हुनेछ ।
१६	शिजा र दुल्लूमा सभ्यता खस सङ्ग्राहालय, रुकुम, कालिकोट र सुर्खेतमा जनयुद्ध सङ्ग्राहालय स्थापना	२०७६।०७७ २०७८।०७९	४ करोड	शिजा र दुल्लूमा खस सङ्ग्राहालय, रुकुम, कालिकोट र सुर्खेतमा जनयुद्ध सङ्ग्राहालय स्थापना भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१७	प्रदेशका प्राचीन महत्त्व भएका सांस्कृतिक एवम् पर्यटकीय निधिहरूलाई युनेस्को सम्पदामा सूचीकृत गराउने	२०७६।०७७ २०७८।०७९	—	प्रदेशको खस सभ्यता र पश्चिमी रेशम मार्गका महत्त्वपूर्ण निधिहरू काँक्रेविहार, किर्तिखम्व, रल्लिङ गुम्वा र हल्जी गुङ्गबालाई युनेस्को सम्पदामा सूचीकृत गराउने प्रक्रिया प्रारम्भ भएको हुनेछ ।
१८	नमूना पद मार्ग निर्माण	२०७६।०७७ २०८०।०८१	५० करोड	रारा-मुर्मा पदमार्ग, वीरेन्द्रनगर-गोठीकाँडा-महाबु मनोरम पदमार्ग, भुब्न्यादेखि नेप्कासम्म कस्तुरी तथा नावर पदमार्ग, मुचु-चाला-मासपुर नुनमार्ग, गोताम-खप्तड बाबा पदमार्ग तथा शे-फोक्सुन्डोलाई लक्षित गरी नमूना भोटक्षेत्र पदमार्गको विकास भएको हुनेछ ।
१९	राउट्या जातिको संस्कृतिमा आधारित पर्यटन विकास कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१ करोड	घुमन्ते, लोपोन्मुख राउट्या जातिको सांस्कृतिक उत्थान तथा बासस्थान व्यवस्थापनसँग सम्बन्धित विशेष पर्यटनको विकास कार्यक्रम सञ्चालन भएको हुनेछ ।
२०	ऱ्याफ्टिङ कार्यक्रम	२०७६।०७७ २०७८।०७९	१ करोड	कर्णाली र भेरी नदीमा ऱ्याफ्टिङका लागि सभाव्यता अध्ययन गरी निजी क्षेत्रसँगको सहकार्यमा नियमित ऱ्याफ्टिङ सेवा सञ्चालन भएको हुनेछ।
२१	जलयात्रा संभाव्यता अध्ययन	२०७६।०७७ २०७८।०७९	१ करोड	रारा, शे-फोक्सुण्डो, कुभिण्डे दह लगायतका जलासयहरूमा नौका विहारका लागि आधुनिक डुङ्गाहरूको व्यवस्था भएको हुनेछ । मुचुदेखि जामु कुइने हुँदै चिसापानी र डोल्पादेखि जामुसम्म मनोरञ्जनात्मक जलयात्राको सम्भाव्यता अध्ययन गरी निजी क्षेत्रसँगको सहकार्यमा जलयात्रा सञ्चालन भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
२२	कृषि तथा पर्या-पर्यटन प्रवर्द्धन कार्यक्रम	२०७६।०७७ २०७८।०७९	१० करोड	स्याउ, आँपका बगैंचा, मत्स्यपालन, कस्तुरी फर्म, कालिज पालन, व्यावसायिक अर्गानिक कृषि फर्म आदिलाई लक्षित गरी पर्यटकलाई आकर्षित गर्ने कृषि पर्या-पर्यटन कार्यक्रम सञ्चालन भएको हुनेछ । जङ्गलका सबैभन्दा ठूला तथा पुराना रुख, ठूला चट्टान, ताल तलैयाहरू, पाटन, यार्चा क्षेत्र, तातोपानी कुण्ड (जुम्लाको तातोपानी, हुम्लाको केर्मी, खार्पु, उनापानी, दोभान धारा, दर्भी, सल्लीसल्ला र खच्चा) घना जङ्गल आदिको पहिचान गरी पर्या-पर्यटन विकासका लागि प्रचार प्रसार गरिएको हुनेछ।
२३	पर्यटन विषय अध्ययन तथा अध्यापनका लागि छात्रवृत्ति कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१ करोड	मध्यपश्चिमाञ्चल विश्वविद्यालयमा पर्यटन विषयको अध्यापन कार्य प्रारम्भ भएको हुनेछ । प्रदेश सरकारबाट पर्यटन विषय अध्ययनका लागि प्रत्येक वर्ष छात्रवृत्ति प्रदान गरिएको हुनेछ ।

७.४ निजी क्षेत्र

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	निजी क्षेत्रसम्बन्धी नीति तथा कानुन तर्जुमा	२०७६।०७७ २०७८।०७९	—	निजी क्षेत्रको प्रवर्द्धन र व्यवस्थापन सम्बन्धी नीति तथा कानुन तर्जुमा भएको हुनेछ ।
२	निजी क्षेत्रको क्षमता अभिवृद्धि कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१ करोड	निजी क्षेत्रको क्षमता अभिवृद्धिका लागि आवश्यक कार्यक्रम पहिचान गरी सञ्चालन भएको हुनेछ ।

७.५ सहकारी क्षेत्र

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	सहकारीसम्बन्धी कानुनको तर्जुमा	२०७६।०७७ २०७८।०७९	—	सहकारी सम्बन्धी नीति, कानुन र नियमावलीको तर्जुमा भई सहकारी क्षेत्रको संस्थागत विकास भएको हुनेछ ।
२	सहकारी सचेतना तथा क्षमता अभिवृद्धि कार्यक्रम	२०७६।०७७ २०८०।०८१	४ करोड	सहकारी सम्बन्धी विद्यालय शिक्षामा पाठ्यक्रम, आम सञ्चारका माध्यमबाट जनचेतना र सहकारी सञ्चालकहरूको लागि व्यवस्थापन तालिम सञ्चालन भएको हुनेछ ।
३	सहकारी सूचना प्रणाली स्थापना	२०७६।०७७ २०८०।०८१	१ करोड	सहकारी सम्बन्धी सूचना सम्प्रेषण गर्न प्रदेशमा प्रदेशस्तरीय र सबै स्थानीय तहमा सहकारी सूचना प्रणालीको स्थापना भएको हुनेछ ।
४	सहकारी नमूना गाउँ	२०७६।०७७ २०८०।०८१	४० करोड	सहकारी नमूना गाउँ मार्फत सामूहिक संस्कृति, पर्मा पद्धति र क्षमता अनुसार काम गर्ने समाजवादउन्मुख अभ्यास भएको हुनेछ ।
५	सहकारीमा लक्षित वर्गको पहुँच अभिवृद्धि कार्यक्रम	२०७६।०७७ २०८०।०८१	३० करोड	लक्षित वर्गलाई सहकारीमा आवद्ध गराई व्यावसायिक तालिम, सहकारी घुम्ती कोष सञ्चालन र भूमिहीनलाई सार्वजनिक जग्गा लिजमा उपलब्ध गराउने व्यवस्था भएको हुनेछ ।
६	सहकारी उत्पादन र बजारीकरण	२०७६।०७७ २०८०।०८१	२५ करोड	एक सहकारी-एक नमुना उत्पादनको ब्रान्डिङ गरी बजारीकरण गर्न र विशिष्टिकृत सहकारी मार्फत आर्थिक रुपान्तरणका क्रियाकलाप सञ्चालन भएको हुनेछ ।
७	सहकारी, निजी र सार्वजनिक साझेदारी कार्यक्रम	२०७६।०७७ २०८०।०८१	५० करोड	उत्पादन बढाउन र बजारीकरण गर्न सहकारी, निजी र सार्वजनिक साझेदारी कार्यक्रम सञ्चालन भएको हुनेछ ।
८	सहकारी बैंक स्थापना	२०७६।०७७ २०८०।०८१	१ अर्ब	कर्णाली प्रदेशमा रहेका सहकारी संस्थाहरूको सहभागितामा सहकारी बैंकको स्थापना र सञ्चालन भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
९	सार्वनजिक दायित्वका क्षेत्रहरुमा सहकारी संघ-संस्थाहरुको स्थापना तथा सञ्चालन	२०७६।०७७ २०८०।०८१	१ अर्ब	सरकार तथा नागरिकको संयुक्त लगानीमा शिक्षा, स्वास्थ्य, सार्वजनिक यातायात, प्राकृतिक स्रोत साधनमा आधारित उद्यम, आधारभूत उपभोगका क्षेत्रहरु तथा व्यावसायिक कृषिको क्षेत्रमा बचत तथा ऋण कारोबार नगरी सिधै व्यावसायिक (उत्पादनमूलक, प्रशोधनमूलक, वितरणमूलक तथा सेवामूलक) कार्य गर्ने सहकारीहरु स्थापना तथा सञ्चालन भएका हुनेछन् ।

आर्थिक क्षेत्रका नतिजा खाका

प्रभाव

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
निरपेक्ष गरिबीको रेखामुनी रहेका जनसङ्ख्या	प्रतिशत	२८.९	२८	२५	२२	२०	१८	के.त.वि.
कृषि क्षेत्रको औषत वृद्धि दर	प्रतिशत	४.४	६.०	८.०	१३.०	१५.०	१८.०	के.त.वि.
उद्योग क्षेत्रको औषत वृद्धि दर	प्रतिशत	९.६	२३.२	३१.८	३३.९	३७.६	३७.५	के.त.वि.
सेवा क्षेत्रको औषत वृद्धि दर	प्रतिशत	५.४	८.८	१०.९	११.०	११.३	११.७	के.त.वि.
अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान	प्रतिशत	३२.९	३१.७	३०.२	२९.५	२८.८	२८.४	के.त.वि.
अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान	प्रतिशत	१३.८	१५.५	१८.१	२०.९	२४.४	२८.०	के.त.वि.

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
अर्थतन्त्रमा सेवा क्षेत्रको योगदान	प्रतिशत	५३.३	५२.८	५१.७	४९.६	४६.८	४३.६	के.त.वि.
आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार	प्रतिशत	२२.५	२५	३०	३५	४०	५०	के.त.वि.

प्राङ्गारिक तथा व्यावसायिक कृषि

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
प्रमुख अन्न बालीहरूको उत्पादन (धान,मकै, गहुँ, कोदो र जौ)	मे.टन (हजारमा)	५३९.१३*	५५०	५६०	५८०	६००	६२०	भू.व्य.कृ. स.म.
प्रमुख अन्न बालीहरूको उत्पादकत्व	मे.टन/हे.	२.२२*	२.३०	२.५	२.७	३.०	३.२०	भू.व्य.कृ. स.म.
प्रमुख नगदे बालीहरूको उत्पादन (तेलहन, आलु र उँखु)	मे.टन (हजारमा)	१४७.७४*	१५०	१७०	१८०	१९०	२००	भू.व्य.कृ. स.म.
प्रमुख नगदे बालीहरूको उत्पादकत्व	मे.टन/हे.	७.९१*	८.०	८.५	९.०	९.२५	९.५	भू.व्य.कृ. स.म.
प्रमुख तरकारीहरूको उत्पादन	मे.टन (हजारमा)	१३६.६४*	१५०	१६०	१८०	१९०	२००	भू.व्य.कृ. स.म.
प्रमुख तरकारीहरूको उत्पादकत्व	मे.टन/हे.	११*	११.२	११.५	११.६	११.८०	१२	भू.व्य.कृ. स.म.

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
प्रमुख दलहन बालीको उत्पादन (मसुरो, चना, केराउ, कालो मास, भटमास)	मे.टन (हजारमा)	१३.३२*	१४	१४.१	१४.२	१४.३	१४.५	भू.व्य.कृ. स.म.
प्रमुख दलहन बालीहरूको उत्पादकत्व (मसुरो, चना, केराउ, कालो मास, भटमास)	मे.टन/हे.	१.२६*	१.५	२.०	२.३	२.५	२.८	भू.व्य.कृ. स.म.
सिमीको उत्पादन	मे.टन (हजारमा)	७.५३**	८.०	९.०	१०.०	११.०	१२.०	भू.व्य.कृ. स.म.
सिमीको उत्पादकत्व	मे.टन/हे.	१.९८**	२	२.२	२.४	२.५	२.८	भू.व्य.कृ. स.म.
स्याउको उत्पादन	मे.टन (हजारमा)	१४.८८*	१५	१५.५	१६	१६.५	१७	भू.व्य.कृ. स.म.
स्याउको उत्पादकत्व	मे.टन/हे.	६.५*	६.७	६.८	६.९	७	७.५	भू.व्य.कृ. स.म.
अन्य फलफूलहरू (हिउँदे) को उत्पादन (नास्पती, ओखर, आरु, आरुबखडा, खुर्पानी, किबी, अनार आदि)	मे.टन (हजारमा)	२२.७९*	२३	२३.५	२४	२५	२६	भू.व्य.कृ. स.म.
अन्य फलफूलहरू (हिउँदे) को उत्पादकत्व (नास्पती, ओखर, आरु, आरुबखडा, खुर्पानी, किबी, अनार आदि)	मे.टन/हे.	५.९*	६	६.१	६.३	६.५	७	भू.व्य.कृ. स.म.

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
सुन्तला जातको फलफूलको उत्पादन	मे.टन (हजारमा)	२२.३८*	२३	२४	२५	२६	२७	भू.व्य.कृ. स.म.
सुन्तला जातको फलफूलको उत्पादकत्व	मे.टन/हे.	८.८*	८.९	९	९.१	९.२	९.३	भू.व्य.कृ. स.म.
अन्य फलफूलहरु (वर्षे) को उत्पादन (आँप, लिची, केरा, नरिवल, अम्बा, भूइकटर, मेवा आदि)	मे.टन (हजारमा)	१३.५७*	१३.६०	१३.७०	१३.८०	१३.९०	१४.००	भू.व्य.कृ. स.म.
अन्य फलफूलहरू (वर्षे) को उत्पादकत्व (आँप, लिची, केरा, नरिवल, अम्बा, भुइँकटर, मेवा आदि)	मे.टन/हे.	८.३*	८.५	८.६	८.७	८.८	९	भू.व्य.कृ. स.म.
मसलाजन्य बालीहरूको उत्पादन	मे.टन (हजारमा)	५६.०१*	५६.१	५६.२	५६.३	५६.४	५६.५	भू.व्य.कृ. स.म.
मसलाजन्य बालीहरूको उत्पादकत्व	मे.टन/हे.	९.६५*	९.७	९.८	९.९	९.९	१०	भू.व्य.कृ. स.म.
प्रमाणित प्राङ्गारिक कृषि गाउँ	सङ्ख्या	—	—	६	२०	३५	५०	भू.व्य.कृ. स.म.
सहुलियतपूर्ण व्याज अनुदान प्राप्त गर्ने	सङ्ख्या	—	८५	१००	१५०	२००	२५०	भू.व्य.कृ. स.म.

नोटः * आधार बर्षको तथ्याङ्कको लागि Nepalese agriculture statistics, FY 2017/18 बाट लिइएको ।

** आधार बर्षको तथ्याङ्कका लागि भूमि व्यबस्था कृषि तथा सहकारी मन्त्रालयबाट लिइएको ।

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
धान उत्पादन	मे. टन हजारमा	१३१.७४*	१४०	१६०	१८०	२००	२२०	भू.व्य.कृ.स.म.
धान बालीको उत्पादकत्व	मे.टन/हे.	३.४*	३.५	३.७	३.९	४	४.२	भू.व्य.कृ.स.म.
गहुँ उत्पादन	मे. टन हजारमा	१६०.२१*	१९०	२१०	२२०	२३०	२५०	भू.व्य.कृ.स.म.
गहुँ बालीको उत्पादकत्व	मे.टन/हे.	१.९*	२	२.१	२.२	२.३	२.४	भू.व्य.कृ.स.म.
मकै उत्पादन	मे. टन हजारमा	२१४.६२*	२२०	२३०	२४०	२५०	२६०	भू.व्य.कृ.स.म.
मकै बालीको उत्पादकत्व	मे.टन/हे.	२.३*	२.५	२.७	३	३.५	३.८	भू.व्य.कृ.स.म.
कोदो उत्पादन	मे. टन हजारमा	१९.४८*	२०	२०.५	२१	२१.५	२२	भू.व्य.कृ.स.म.
कोदो बालीको उत्पादकत्व	मे.टन/हे.	१.०४*	१.१	१.२	१.३	१.४	१.५	भू.व्य.कृ.स.म.
फापर उत्पादन	मे. टन हजारमा	२.२*	७	७.५	८	८.५	९	भू.व्य.कृ.स.म.
फापर बालीको उत्पादकत्व	मे.टन/हे.	१.०९*	१.१	१.२	१.३	१.४	१.४	भू.व्य.कृ.स.म.
जौं बालीको उत्पादन	मे. टन हजारमा	१३.२४*	१३.५०	१४.००	१४.५०	१५.००	१५.५०	भू.व्य.कृ.स.म.
जौं बालीको उत्पादकत्व	मे.टन/हे.	१.४*	१.५	१.६	१.७	१.८	१.९	भू.व्य.कृ.स.म.
आलु बालीको उत्पादन	मे. टन हजारमा	१४१.१६*	१४५	१५०	१६०	१७०	१८०	भू.व्य.कृ.स.म.

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
आलु बालीको उत्पादकत्व	मे.टन/हे.	१२.०४*	१२.५	१३.५	१३.८	१४	१४.५	भू.व्य.कृ.स.म.
स्याउ उत्पादन	मे. टन हजारमा	१४.८८*	१५	१६.५	१८	१९	२०	भू.व्य.कृ.स.म.
स्याउको उत्पादकत्व	मे.टन/हे.	६.५*	६.६	६.८	७	७.१०	७.२०	भू.व्य.कृ.स.म.
शीत भण्डार (१०० टन क्षमताभन्दा बढी)	सङ्ख्या	२	३	५	७	८	१०	भू.व्य.कृ.स.म.
अदुवाको उत्पादन	मे. टन हजारमा	३९.१४*	४०	४५	५०	६०	६५	भू.व्य.कृ.स.म.
अदुवाको उत्पादकत्व	मे.टन/हे.	१२.८८*	१२.९	१३.३	१३.६	१४	१४.५	भू.व्य.कृ.स.म.
बेसारको उत्पादन	मे. टन हजारमा	८.८४*	९	१०	११	१२	१३	भू.व्य.कृ.स.म.
बेसारको उत्पादकत्व	मे.टन/हे.	९.६*	९.७	९.८	९.९	१०	११	भू.व्य.कृ.स.म.
लसुनको उत्पादन	मे. टन हजारमा	६.२६*	१०	१५	२०	२५	३०	भू.व्य.कृ.स.म.
लसुनको उत्पादकत्व	मे.टन/हे.	६.०९*	७	७.१	७.२	७.६	८	भू.व्य.कृ.स.म.
स्थानीय जातको विउ उत्पादन	मे. टन	—	०.५	०.७	१	१.५	२	भू.व्य.कृ.स.म.
दर्ता भएको व्यावसयिक कृषि तथा पशुपालन फर्म	सङ्ख्या	७५०	१०५०	१२३५	१४६०	१८५०	२०००	भू.व्य.कृ.स.म.
लागत साझेदारीमा सञ्चालित निजी कृषि फर्म	सङ्ख्या	—	—	२००	३००	४००	५००	भू.व्य.कृ.स.म.
प्रमाणीकरणसहितको अर्गानिक उत्पादनमा संलग्न कृषक	सङ्ख्या	—	४००	७५०	२०००	३०००	४०००	भू.व्य.कृ.स.म.

पशुपन्छी, मत्स्य तथा मौरी पालन

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
दुध उत्पादन वृद्धि दर	प्रतिशत	३.३९**	५.४८	७.५७	९.६६	११.७५	१३.८४	भू.व्य.कृ.स.म.
अण्डा उत्पादन वृद्धि दर	प्रतिशत	५.६९**	७.५८	९.४७	११.३६	१३.२५	१५.१४	भू.व्य.कृ.स.म.
मासु उत्पादन वृद्धि दर	प्रतिशत	४.६९**	५.३०	५.९१	६.५२	७.१३	७.७४	भू.व्य.कृ.स.म.
माछा उत्पादन वृद्धि दर	प्रतिशत	६.६६**	६.८६	७.०६	७.२६	७.४६	७.६६	भू.व्य.कृ.स.म.
प्राङ्गारिक पशुपन्छीजन्य उत्पादनको वृद्धि दर	प्रतिशत	१.५**	१.६	१.७	१.८	१.९	२.०	भू.व्य.कृ.स.म.
प्राङ्गारिक माछा उत्पादनको वृद्धि दर	प्रतिशत	.४६**	०.५२	०.५४	०.५८	०.५९	०.६०	भू.व्य.कृ.स.म.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
मासु उत्पादन	मे. टन	३२३८३**	३२७७९.२७	३३३८०.३५	३४१९६.०५	३५२४०.२८	३६५३१.३६	भू.व्य.कृ.स.म.
दुध उत्पादन	लिटर (हजारमा)	१०६३५४**	११०८४६.	११७८४३५	१२७७४४	१४११४६	१५८९०३	भू.व्य.कृ.स.म.
अण्डा उत्पादन	गोटा (हजारमा)	२६८९५**	२७९२१	२९५१४	३१७५५	३४७६७	३८७२१	भू.व्य.कृ.स.म.
माछा उत्पादन	मे. टन	५१.८३*	५२.०३	५२.३५	५२.७६	५३.२९	५३.९३	भू.व्य.कृ.स.म.

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
मह उत्पादन	मे.टन	१७.५	२०	२५	३०	३३	३५	भू.व्य.कृ.स.म.
पशु प्रजनन केन्द्र	सङ्ख्या	३६**	३८	४०	४२	४४	४६	भू.व्य.कृ.स.म.
डेरी तथा दुग्ध सङ्कलन केन्द्र	सङ्ख्या	१२**	१४	१६	१८	२०	२२	भू.व्य.कृ.स.म.
दुग्ध प्रशोधन केन्द्र	सङ्ख्या	२**	२	२	३	४	५	भू.व्य.कृ.स.म.
गाई पालन	सङ्ख्या (हजारमा)	५३२.४३**	५४३.७७	५५५.३५	५६७१८७	५७९.२६	५९१.६०	भू.व्य.कृ.स.म.
भैसी पालन	सङ्ख्या (हजारमा)	३२९९६६**	३३४.३८	३३८.८६	३४३.४०	३४८.०१	३५२.६७	भू.व्य.कृ.स.म.
बाख्रा पालन	सङ्ख्या (हजारमा)	१५९०.९१**	१६३०.२१	१६७०.४७	१७११.७३	१७५४.०१	१७९७.३४	भू.व्य.कृ.स.म.
भेडा पालन	सङ्ख्या (हजारमा)	३१८.१०**	३२०.९३	३२३.७९	३२६.६७	३२९.५८	३३२.५१	भू.व्य.कृ.स.म.
कुखुरा पालन	सङ्ख्या (हजारमा)	१७५९.१५**	१८२६.००	१८९५.३९	१९६७.४१	२०४२.१८	२११९.७८	भू.व्य.कृ.स.म.
चौंरी पालन	सङ्ख्या (हजारमा)	१९.५४**	१९.७२	१९.९०	२०.०८	२०.२६	२०.४५	भू.व्य.कृ.स.म.
च्याङ्ग्रा पालन	सङ्ख्या (हजारमा)	२.६३**	२.६४	२.६५	२.६६	२.६७	२.६८	भू.व्य.कृ.स.म.
बंगुर पालन	सङ्ख्या (हजारमा)	७०.८०**	७२.५२	७४.२८	७६.०९	७७.९४	७९.८३	भू.व्य.कृ.स.म.

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
हाँस पालन	सङ्ख्या (हजारमा)	८.००**	८.०६	८.१२	८.१८	८.२४	८.३०	
कालिज पालन	सङ्ख्या	८१८**	१०००	१५००	३०००	४०००	५०००	भू.व्य.कृ.स.म.
पशु खोप सेवा	सङ्ख्या (हजारमा)	१०१५.००**	१९८०.५१	२०२१.१९	२०६४.३०	२१०७.६१	२१५१.८९	भू.व्य.कृ.स.म.
पन्छी खोप सेवा	सङ्ख्या (हजारमा)	१५०.००**	१४६०.८०	१५१६.३१	१५७३.९३	१६३३.७४	१६९५.८२	भू.व्य.कृ.स.म.
भकारो सुधार	सङ्ख्या (हजारमा)	१५०.००**	१४६०.८०	१५१६.३१	१५७३.९३	१६३३.७४	१६९५.८२	भू.व्य.कृ.स.म.

खाद्य सुरक्षा तथा पोषण

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
प्रमुख खाद्यान्न बालीहरूको उत्पादनमा वृद्धि	मे.टन हजारमा	५३९.१३*	५५०	५६०	५८०	६००	६२०	भू.व्य.कृ.स.म.
प्रमुख खाद्यान्न बालीहरूको उत्पादन वृद्धि दर	मे.टन/हे	२.२२*	२.३०	२.५	२.७	३.०	३.१०	भू.व्य.कृ.स.म.
प्रमुख पशुपन्छीजन्य उत्पादनहरूको वृद्धि दर	प्रतिशत	३.५**	४	४.५	५	६	७	भू.व्य.कृ.स.म.

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
माछा	प्रतिशत	६.३६**	७	७.५	८	९	१०	
कूल आम्दानीको दुई तिहाई भन्दा बढी खानामा खर्च गर्ने परिवार	प्रतिशत	—	६३.३१	५६.२५	५०.४४	४५.१२	४१.२५	के.त.वि.
कुपोषित बालबालिका	प्रतिशत	—	६.२	४.९	३.९	३.१	२.५	स्वा.सू.व्य.प्र.
होचा पुड्का बालबालिका	प्रतिशत	५५	५१	४७	४३	४०	३६	स्वा.सू.व्य.प्र.

प्रतिफल (प्रति व्यक्ति, प्रति वर्ष कृषि उत्पादनको उपलब्धता)

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
खाद्यान्न	कि.ग्रा.	१७४	१८०	१८५	१९०	१९५	२००	भू.व्य.कृ.स.म.
मासु	कि.ग्रा.	१२.७८	१३	१३.५	१४	१४.४	१४.८	भू.व्य.कृ.स.म.
दुध	लिटर	५९.३५	६०	६२	६५	६७	७०	भू.व्य.कृ.स.म.
अण्डा	गोटा	१८	२०	२२	२५	३०	३५	भू.व्य.कृ.स.म.
माछा	कि.ग्रा.	३**	३.२	३.४	३.७	४	४.५	भू.व्य.कृ.स.म.
दलहन	कि.ग्रा.	२०	२५	३०	३५	४०	४२	भू.व्य.कृ.स.म.
तरकारी	कि.ग्रा.	८०	९०	१००	११०	११५	१२६	भू.व्य.कृ.स.म.
फलफूल स्याउ सुन्तला केरा अन्य	कि.ग्रा.	६.१	७	७.५	८	९	११	भू.व्य.कृ.स.म.

भूमि व्यवस्थापन

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
कृषि कार्यमा उपयोग भएको भूमि (कृषियोग्य भूमिमध्ये)	प्रतिशत	७२.४५	७३	७३.५	७४	७५	७५.६	भू.व्य.कृ.स.म.
बस्ती र निर्माण क्षेत्रले ओगटेको भूमि	प्रतिशत	१३	१३.२०	१३.५०	१३.७५	१४	१४.५	के.त.वि.२०१६
वनले ढाकेको भूमि	प्रतिशत	३८.५७	३८.४५	३९.०२	४०.५०	४१.१५	४२.००	भू.व्य.कृ.स.म.
बुट्यान क्षेत्र	प्रतिशत	२.२	३.२	३.८	४.२	४.८	५.५	भू.व्य.कृ.स.म.
कृषियोग्य जमिनको चक्लावन्दी	हेक्टर	—	—	५००	७५०	१०००	१२००	भू.व्य.कृ.स.म.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
भूमिहीनहरूको पहिचान	प्रतिशत	—	—	२५	५०	७५	१००	भू.व्य.कृ.स.म.
कृषि भूमिमा गरा सुधार तथा यान्त्रिकीकरण घरपरिवार	सङ्ख्या	-	-	५०	१००	१५०	२००	भू.व्य.कृ.स.म.
कृषि योग्य जग्गा मध्ये बाँझो जग्गा	प्रतिशत	२७.५५	२६	२५.५	२०	१५	१०	भू.व्य.कृ.स.म.
सरकारी कार्यक्रमबाट भूमिमा स्वामित्व प्राप्त गर्ने गरिब सुकुमबासी परिवार	प्रतिशत	—	—	—	१५	२५	५०	भू.व्य.कृ.स.म.

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
उन्मुक्त हलिया मध्ये पुनर्स्थापना भएको परिवार	सङ्ख्या	९५०	१८१०	२७२०	३६२०	४१६०	४५२०	भू.व्य.कृ.स.म.
भू-उपयोग नक्सा तयार गर्ने स्थानीय तह	सङ्ख्या	—	—	१०	२५	५२	७९	भू.व्य.कृ.स.म.

वन तथा जैविक विविधता

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
वनले ढाकेको क्षेत्रफल	प्रतिशत	३८.५७	३९.००	३९.५७	४०.५०	४१.५३	४२.००	उ.प.व.वा.म.
वनजन्य उत्पादनको वृद्धि दर	प्रतिशत	१	१.१	१.२१	१.३	१.४६	१.६	उ.प.व.वा.म.
वन क्षेत्रबाट प्राप्त राजस्व रकम	रु लाखमा	१५२०	३५१०	१६५०	१८१५	१९९६	२१९६	उ.प.व.वा.म.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
सामुदायिक वन	सङ्ख्या क्षेत्रफल (हेक्टरमा)	२६६४ ३४५२३७.६	२७१९ ३५०४९५	२७३४ ३५१९३५	२७४९ ३५३३७५	२७६४ ३५४८१५	२७७९ ३५६२५५	उ.प.व.वा.म.
संरक्षित भू-परिधि	सङ्ख्या	—	—	—	१	२	३	उ.प.व.वा.म.

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
निजी वन	सङ्ख्या क्षेत्रफल (हेक्टरमा)	७५ ५७.१७	७५ ५७.१७	८५ ६८.५७	९५ ७६.१७	१०५ ८३.७७	११५ ९१.३७	उ.प.व.वा.म.
वन नर्सरी	सङ्ख्या	१०	१३	२०	२५	३०	३५	उ.प.व.वा.म.
कवुलियती वन	सङ्ख्या क्षेत्रफल (हेक्टरमा)	६५८ ६९८७	६५८ ६९८७	६६८ ७१४६.२७	६७८ ७२५२.४६	६८८ ७३५८.६४	७०० ७४८६.१	उ.प.व.वा.म.
चरन क्षेत्र	हेक्टर	९४९८५२	९४९८५२	९४९८५२	९७५८५२	९७५८५२	१००००००	उ.प.व.वा.म.
दाउरा उत्पादन	मे टन	२४.३	१९.३	२१.२	२१.४	२२.४	२३.२	उ.प.व.वा.म.
काठ उत्पादन	घनफिट	३७००००	७१४८६	३८००००	४१८०००	४५००००	४९५०००	उ.प.व.वा.म.
वन उद्यमको विकास तथा प्रवर्द्धन	सङ्ख्या	१२५०	१३५०	१४८५	१६३३	१८००	१८५०	उ.प.व.वा.म.
वृक्षारोपण गरिएको क्षेत्रफल	हेक्टर	२२०	१२२.१२	२०००	२०००	२५००	२५००	उ.प.व.वा.म.
विरुवा उत्पादन	सङ्ख्या	१२९५०००	६८००००	४००००००	४००००००	५००००००	५००००००	उ.प.व.वा.म.

जडीबुटी

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
प्राकृतिक बहुमूल्य जडीबुटीहरूको उत्पादन वृद्धि दर	प्रतिशत	१०	६	१०	१७	२२	२५	उ.प.व. वा.म.

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
व्यावसायिक बहुमूल्य जडीबुटीहरूको उत्पादन वृद्धि दर	प्रतिशत	१०	८	१०	१७	२२	२५	उ.प.व. वा.म.
प्रशोधित जडीबुटीहरूको निर्यात वृद्धि दर	प्रतिशत	७	५	९	१२	१२	१५	उ.प.व. वा.म.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
जडीबुटीहरूको व्यावसायिक उत्पादन क्षेत्रफल	हेक्टर	१३००	१५००	१७००	१८००	२०००	२२००	उ.प.व. वा.म.
जडीबुटीहरूको नर्सरी	सङ्ख्या	१००	८०	१२०	१५०	२००	२५०	उ.प.व. वा.म.
जडीबुटीबाट प्राप्त कूल राजश्व	रु करोडमा	१०.५	२.४५	१५	१६.५	१८.१५	२०	आ.मा. यो.म.
प्राकृतिक रूपमा उत्पादित जडीबुटी सङ्कलन क) यार्सागुम्वा ख) जटामसी ग) टिमुर	के जी ५२५ ११९४६ —	 ३०० ९००० २५७७८७	 ५०० ३०००० ३८३२४७	 १०० ७००० ३९४४०४	 ६०० १५००० ४०५९३३	 ६०० ३०००० ४२००२७	 ६५० ३५००० ४३७६२०	उ.प.व. वा.म.
जडीबुटीबाट प्रदेशमा भएको कुल आम्दानी	रु करोडमा	७७०६६६२८	८७४७६१६२	९६२२३७७८	११०६५७३४५	१२७२५५९४७	१४६३४४३३९	उ.प.व. वा.म.

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
गैरकास्ट वन पैदवार								उ.प.व. वा.म.
क) खोटो	केजी	—	१९५९६१२	२०५९६१२	२१५७७१७	२२५९६३०	२३५९६३४	
ख) गिटी	घनमिटर	—	—	६००००	७००००	८००००	९००००	
जडीबुटी प्रशोधन उद्योग	सङ्ख्या							उ.प.व. वा.म.
क) ठूला	—	—	—	२	३	५	५	
ख) मझौला	—	—	—	५	५	१०	१०	
ग) लघु उद्योग	—	१२००	१४००	१५००	१६००	१८००	२०००	

खानी तथा खनिज सम्पदा

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
रत्नपथ्थर	सङ्ख्या	—	१	२	४	७	१०	उ.प.व.वा.म
चुन ढुङ्गा	सङ्ख्या	—	१	१	१	१	१	उ.प.व.वा.म
वालुवा गिटी	प्रतिशत	—	—	५	१५	२०	२५	उ.प.व.वा.म

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
नयाँ खानीहरूको अन्वेषण	सङ्ख्या	—	—	—	१	१	२	उ.प.व.वा.म
खानीहरूको उत्खनन्	सङ्ख्या	३	३	५	७	९	१०	उ.प.व.वा.म

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
खानीबाट उत्पादित क) रत्न पत्थर	मे टन	५००	—	—	३००	५००	१०००	उ.प.व.वा.म
खानी प्रशोधन उद्योग क) ठूला ख) मझौला ग) लघु उद्योग	 सङ्ख्या सङ्ख्या सङ्ख्या	 — — ८	 — — १०	 १ १ १२	 १ २ १३	 २ ३ २५	 ५ ६ ३६	उ.प.व.वा.म

उद्योग, वाणिज्य तथा आपूर्ति

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
औद्योगिक उत्पादनको वृद्धि दर	प्रतिशत	९.६	२३.२	३१.८	३३.९	३७.६	३७.५	उ.प.व.वा.म
आयात प्रतिष्ठापन दर	प्रतिशत	—	१	२	३	४	५	उ.प.व.वा.म
निर्यात वृद्धि दर	प्रतिशत	—	५	१०	१५	२०	२५	उ.प.व.वा.म

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
ठूला उद्योगहरू	सङ्ख्या	—	—	१	१	२	३	उ.प.व.वा.म
मझौला उद्योगहरू	सङ्ख्या	—	—	१	२	३	७	उ.प.व.वा.म

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
साना तथा घरेलु उद्योगहरू	सङ्ख्या	५०००	३५००	८०००	९०००	१००००	१००००	उ.प.व.वा.म.
खाद्य सञ्चय डिपो	सङ्ख्या	८	८	१०	१०	१०	१२	उ.प.व.वा.म.
तोकिएको दुर्गम जिल्लामा खाद्य ढुवानी	मे टन	१५०००	१५०००	१२०००	१००००	५०००	५०००	उ.प.व.वा.म.
औद्योगिक क्षेत्र	सङ्ख्या	१	१	१	२	२	३	उ.प.व.वा.म.
औद्योगिक ग्राम	सङ्ख्या	—	—	४	९	१७	२५	उ.प.व.वा.म.
घरेलु तथा लघु उद्यमी	सङ्ख्या	५३२३	७४५३	८५१८	९५८३	१०६४७	११०००	उ.प.व.वा.म.
प्रदेशमा हुने कूल व्यापार क) आयात ख) निर्यात	रु करोडमा	१२५०	७१२३	१५५०	१८२१	२०८९	२२६०	उ.प.व.वा.म.

पर्यटन विकास

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
पर्यटन आयको वृद्धि दर	प्रतिशत	१०	१३	५	१५	२०	२५	उ.प.व.वा.म

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
पर्यटकीय केन्द्रहरूको विकास र बिस्तार कार्यक्रम	सङ्ख्या	२४	३८	५३	६७	८३	१०८	उ.प.व.वा.म

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
पर्यटकीय मार्गको बिस्तार	कि मि	२८०	३००	३३०	४००	५००	६००	उ.प.व.वा.म
पर्यटकीयस्तरका होटलहरू	सङ्ख्या	१००	१००	११०	१३०	१५०	२००	उ.प.व.वा.म
होमस्टे	सङ्ख्या	३०	३३	३५	४०	४५	५०	उ.प.व.वा.म
पर्यटक आवागमन क) स्वदेशी (लाख) ख) विदेशी (हजार) ग) मानसरोवर लक्षित (हजार)	सङ्ख्या प्रतिवर्ष	 ४.५४ ६.३ १५	 २ ६ ३	 २ ०.१ —	 ५ १० २०	 ६ १२ २५	 ७ १५ ३०	उ.प.व.वा.म

निजी क्षेत्र

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
अर्थतन्त्रमा निजी क्षेत्रको योगदान	प्रतिशत	३८	३९	३२	३६	४०.६५	४२.६५	आ.मा.यो.म.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
सरकारी निजी साझेदारी कार्यक्रम	सङ्ख्या	—	१	२	३	४	५	आ.मा.यो.म.

सहकारी क्षेत्र

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
अर्थतन्त्रमा सहकारी क्षेत्रको योगदान	प्रतिशत	६	७	८	९	१०	११	भू.व्य.कृ.स.म.
सहकारी क्षेत्रको लगानी वृद्धि दर	प्रतिशत	—	१.०	१.५	२.०	२.५	३.६९	भू.व्य.कृ.स.म.

प्रतिफल (प्रदेशको नियमन क्षेत्राधिकार भित्रका)

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
सहकारी संस्थाहरू	सङ्ख्या							भू.व्य.कृ.स.म.
क) बहुउद्देश्यीय		७२	७३	७५	७७	७८	८०	
ख) बचत तथा ऋण		९५	९२	९०	९१	९३	९६	
ग) कृषि		६८	७०	७४	७७	८०	८२	
घ) श्रम		-	२	४	५	६	७	
ङ) उपभोक्ता		११	१२	१३	१४	१५	१६	
च) जडीबुटी		९	१०	१२	१५	१७	२०	
छ) दुग्ध		५	८	९	११	१३	१६	
ज) अन्य		५९	६०	६१	६२	६५	६६	
नमूना सहकारी संस्था	सङ्ख्या	१०	१०	१०	२०	२०	२०	भू.व्य.कृ.स.म.

परिच्छेद : ८

सुशासन

८.१ शान्ति सुरक्षा र सुव्यवस्था

१. पृष्ठभूमि

शान्ति सुरक्षा बहुआयामिक, संवेदनशील र गतिशील विषय भएकाले सामाजिक, धार्मिक, सांस्कृतिक, आर्थिक, राजनीतिक अवस्था एवम् भौगोलिक अवस्थितिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । शान्ति सुरक्षा र सुव्यवस्था विकास प्रशासनको लागि पूर्व शर्त हो । नागरिकको जीउ-धन र स्वतन्त्रताको संरक्षण तथा विकास निर्माणका कार्यहरूको निर्वाध कार्यान्वयनका लागि अनुकूल र विश्वसनीय वातावरण तयार गर्न शान्ति सुरक्षा र सुव्यवस्थाको प्रभावकारी प्रवन्ध मिलाउनु पर्ने हुन्छ । सुशासन, मानव अधिकार, सक्षम सुरक्षा संयन्त्र, सवल अनुसन्धान प्रणाली र नागरिक शिक्षा जस्ता पक्षहरू प्रभावकारी सुरक्षा व्यवस्थाका आधारस्तम्भ हुन् । शान्तिपूर्ण, न्यायिक र समतामूलक समाज निर्माणका लागि प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्न जरुरी छ ।

२. प्रमुख समस्या

भौगोलिक विकटता, आर्थिक विपन्नता, न्यून चेतनास्तर, कुरीति, कु-संस्कार र कु-प्रथाले गाँज्नु, असमानता र भौतिक विकासको स्तर न्यून रहनु, शान्ति सुरक्षा तथा सुव्यवस्था कायम राख्न आवश्यक पर्ने साधन स्रोत, प्रविधि, सुरक्षा संयन्त्र तथा दक्ष जनशक्तिको अपर्याप्तता जस्ता पक्षहरू प्रमुख समस्याका रूपमा रहेका छन् ।

३. चुनौती तथा अवसर

सामाजिक विकृति, कुप्रथा, विभेद, बहिष्करणको अन्त्य गर्ने, अपराध र गैरकानुनी गतिविधिहरूको प्रभावकारी अनुसन्धान र निगरानी प्रणालीको स्थापना गर्ने, जनअपेक्षा अनुरूपको प्रदेश सुरक्षा निकायहरूको सवलीकरण, आधुनिकीकरण र व्यवसायीकरण गर्ने, द्वन्द्वका कारणहरूको समयमै पहिचान गरी निराकरणका उपायहरू अवलम्बन गर्ने चुनौतीहरू रहेका छन् ।

शान्ति सुरक्षा र सुव्यवस्था कायम राख्ने कार्यमा प्रदेश सरकारले कानुनी तथा संस्थागत क्षमताको प्रभावकारी विकास गर्न विशेष ध्यान दिनु, प्रदेश सरकार अन्तर्गत

प्रहरी सेवा रहनु तथा विगत द्वन्द्वको पीडाबाट उन्मुक्ति पाई शान्ति सुव्यवस्था स्थापना गर्न आम जनसमुदायका चाहना र अवसरका रूपमा लिन सकिन्छ ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

शान्तिपूर्ण र सुरक्षित कर्णाली प्रदेश ।

४.२ लक्ष्य

जनजीवन, जनजीविका, लगानी प्रवर्द्धन र दिगो विकासका लागि शान्ति सुरक्षा र सुव्यवस्थाको प्रत्याभूति दिने ।

४.३ उद्देश्य

- सबै सुरक्षा निकाय र सम्बद्ध पक्षबीच आपसी सहयोग र समन्वय कायम गरी प्रभावकारी र विश्वसनीय सुरक्षा प्रणाली स्थापित गर्नु,
- सुरक्षा निकायलाई समयानुकूल सबल, सुदृढ र जनउत्तरदायी बनाउनु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. सुरक्षा व्यवस्थालाई सुदृढ बनाउने ।	क) सुरक्षा नीति, रणनीति तथा कानुन तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । ख) शान्ति सुरक्षा र सुव्यवस्था कायम राख्न सङ्घ र स्थानीय तहबीच समन्वय र सहकार्यलाई प्रभावकारी बनाइनेछ । ग) सुरक्षा निकायको संरचनालाई समयानुकूल चुस्त, प्रविधियुक्त र प्रभावकारी बनाइनेछ । घ) विकास आयोजना तथा औद्योगिक प्रतिष्ठानहरूको निर्वाध सञ्चालनका लागि सुरक्षित वातावरण सुनिश्चित गरिनेछ । ङ) द्वन्द्वका कारणको पहिचान र प्रभावहरूको समयमै विश्लेषण गरी निराकरणका उपायहरू अवलम्बन गरिनेछ ।

रणनीति	कार्यनीति
२. नागरिकमैत्री सुरक्षा व्यवस्थाको प्रत्याभूति गराउने ।	क) अपराधिक क्रियाकलापलाई नियन्त्रण गर्न अपराध अनुसन्धान तथा नियन्त्रण प्रणालीलाई प्रभावकारी तुल्याइनेछ । ख) अपराधको निगरानी र नियन्त्रण गर्न प्रमुख शहर बजार, घनाबस्ती, चोक, मूल सडक र सम्वेदनशील स्थानहरूमा सि.सि.टि.भी., साईरन जस्ता उपकरण प्रयोग गरी सुरक्षा प्रणालीलाई सबलीकृत गरिनेछ । ग) समाजमा शान्ति सुरक्षा र सुव्यवस्था कायम राख्न आवश्यक संयन्त्रहरू निर्माण गरी स्थानीय नागरिकसँग सहकार्य गरिनेछ ।
३. सुरक्षा निकायको व्यावसायिक क्षमता अभिवृद्धि गर्ने ।	क) प्रदेश प्रहरीलाई तालिम, प्रशिक्षण तथा वृत्ति विकासको अवसर सिर्जना गरी व्यावसायिक क्षमता अभिवृद्धि गरिनेछ । ख) सुरक्षा निकायलाई स्रोत साधन सम्पन्न र आधुनिक प्रविधियुक्त बनाई संस्थागत विकास गरिनेछ । ग) सुरक्षाकर्मीहरूको मनोवल उच्च राख्न पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।

५. अपेक्षित उपलब्धि

प्रदेश प्रहरीको गठन गरी परिचालन भएको हुनेछ । सुरक्षा निकायहरूबीच समन्वय कायम भएको हुनेछ । प्रशिक्षण र आधुनिक प्रविधि मार्फत सुरक्षा निकाय दक्ष र व्यावसायिक बनेको हुनेछ । द्वन्द्वका कारणहरूको समयमै पहिचान भई निराकरणका उपायहरू अवलम्बन गरिएको हुनेछ । आन्तरिक सुरक्षा प्रणाली सुदृढ र जनउत्तरदायी भई शान्ति सुरक्षा र सुव्यवस्था कायम भएको हुनेछ।

८.२ शासकीय सुधार र सुशासन

१. पृष्ठभूमि

दिगो विकासका लक्ष्यहरू हाँसिल गर्न, विभिन्न आयोजनाहरूमा हुने लगानीको उच्चतम प्रतिफल सुनिश्चित गर्न, सार्वजनिक सेवा प्रवाहलाई चुस्त र अनुमानयोग्य बनाउन र कर्णालीबासीका सुशासनका अपेक्षाहरू सम्बोधन गर्न शासकीय प्रणालीमा

समयानुकूल सुधार हुनु जरुरी छ । समग्र शासकीय कार्य सम्पादनमा जनप्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज र आम जनसमुदाय सबैले आ-आफ्नो जिम्मेवारी गम्भीरतापूर्वक वहन गर्नुपर्ने हुन्छ । शासकीय निर्णयहरू तथा कार्यान्वयन प्रक्रियालाई पारदर्शी बनाउन नियमित सूचना प्रवाह, सार्वजनिक सुनुवाई, सामाजिक लेखा परीक्षण जस्ता नवीन शासकीय उपक्रमहरू सञ्चालन गर्ने र सुशासन प्रत्याभूत गर्ने कर्णाली प्रदेश सरकारको नीति रहेको छ । जवाफदेहीताको संस्कृति विकास गर्नुका साथै नागरिकमैत्री शासन, सङ्घीय शासन प्रणाली अनुरूपको सेवा प्रवाह, कानुनी शासनको प्रत्याभूति र समन्वय तथा सहकार्यलाई व्यवस्थित गर्दै सुशासन सुनिश्चित गर्नुपर्नेछ ।

२. प्रमुख समस्या

नागरिक केन्द्रित सेवा प्रवाह र विकास कार्यक्रमहरूको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनको लागि प्रदेश र स्थानीय तहको अपेक्षित क्षमता अभिवृद्धि हुन नसक्नु, कर्मचारी समायोजन पश्चात पनि दरबन्दी अनुरूप पदपूर्ति हुन नसक्नु, तीन तहका शासकीय इकाईहरू बीचमा आपसी समन्वय तथा सहकार्य सुदृढ हुन नसक्नु, पारदर्शिता, जवाफदेहीता र अनुमगन तथा मूल्याङ्कन प्रणाली व्यवस्थित हुन नसक्नु प्रमुख समस्या हुन् ।

३. चुनौती तथा अवसर

नयाँ सङ्घीय परिवेशमा कर्णालीबासीको बढ्दो अपेक्षाहरूको सम्बोधन गर्दै दक्षतापूर्वक जवाफदेही र प्रभावकारी ढङ्गले सेवा प्रवाह गर्ने, कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने, तीन तहका प्रशासकीय इकाईहरूबीच आपसी समन्वय र सहकार्य स्थापित गर्ने, शासकीय कामकारवाहीमा कानुनी शासन, पारदर्शिता र नागरिकप्रति जवाफदेहीता प्रवर्द्धन गर्दै सदाचार, नैतिकता र मितव्ययिता कायम गर्ने चुनौती रहेका छन् ।

प्रदेश र स्थानीय तहमा लामो अन्तरालपछि प्रतिवद्ध राजनीतिक नेतृत्व प्राप्त हुनु, राजनीतिक स्थिरता कायम हुनु, शासकीय कार्यहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढ्दै जानु, नागरिकको चेतनाको स्तर बढ्दै जानु, सरकार र यसका प्रशासनिक एकाईहरूको काम कारबाहीलाई नागरिक समाजले निगरानी गर्ने वातावरण तयार हुनु अवसरहरू हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

सबै क्षेत्रमा सुशासन ।

४.२ लक्ष्य

कानुनी शासनको प्रत्याभूत हुने गरी चुस्त दुरुस्त सेवा प्रवाह गर्ने ।

४.३ उद्देश्य

पारदर्शी, जवाफदेही, उत्तरदायी, सदाचारयुक्त र प्रविधिमैत्री सेवा प्रवाहबाट सुशासन कायम गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. सुशासन प्रवर्द्धनका लागि कानुनी, संरचनात्मक र प्रक्रियागत सुधार गर्ने ।	क) प्रदेश निजामती सेवा ऐन, नियमावली लगायत सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक अन्य कानुनहरूको तर्जुमा र कार्यान्वयन गरिनेछ। ख) प्रदेश लोकसेवा आयोगको गठन गरिनेछ । ग) सुशासनलाई प्रत्याभूत गर्न आवश्यक संरचनात्मक सुधारका साथै दरबन्दी अनुसारको दक्ष जनशक्ति परिपूर्ति गरिनेछ । घ) तीनवटै तहका सरकारहरूबीच प्रभावकारी समन्वय स्थापित गरिनेछ । ङ) प्रक्रियामुखी वर्तमान प्रशासनिक व्यवहारलाई पारदर्शी, जवाफदेही, सदाचारयुक्त बनाउँदै नतिजामुखी व्यवहारमा रुपान्तरण गरिनेछ । च) सूचना प्रविधिमा आधारित विद्युतीय सुशासन कायम गरिनेछ ।
२. सेवा प्रवाहको अनुगमन तथा मूल्याङ्कन प्रणाली व्यवस्थित गर्ने ।	क) राजनीतिक र प्रशासनिक नेतृत्वको कार्य सम्पादन सम्झौता तथा कार्य सम्पादन मूल्याङ्कन प्रणाली विकास गरिनेछ । ख) सेवा प्रवाह र विकास कार्यक्रमहरूको नियमित

रणनीति	कार्यनीति
	अनुगमन तथा मूल्याङ्कन गर्न सूचना प्रविधिमा आधारित अनुगमन प्रणाली विकास गरिनेछ । ग) सार्वजनिक सुनुवाई, सामाजिक लेखा परीक्षण विधिहरूको उपयोग गर्दै जनगुनासाहरूको तत्काल सम्बोधन गर्ने परिपाटी अपनाइनेछ । घ) मुख्यमन्त्री हटलाइन सेवालाई सुदृढ बनाइनेछ । ङ) कार्य सम्पादन मूल्याङ्कन प्रणाली सुदृढ गर्दै पुरस्कार र दण्डको उचित व्यवस्था गरिनेछ ।

५. अपेक्षित उपलब्धि

प्रदेश लोक सेवा आयोग गठन भएको हुनेछ । प्रशासनिक व्यवहार पारदर्शी, जवाफदेही, सदाचारयुक्त र नतिजामुखी भएको हुनेछ । कार्य सम्पादन सम्झौता तथा कार्य सम्पादन मूल्याङ्कन प्रणाली विकास भएको हुनेछ । सेवा प्रवाह र विकास कार्यक्रमहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गर्न सूचना प्रविधिमा आधारित अनुगमन प्रणाली विकास भएको हुनेछ । सार्वजनिक सुनुवाई, सामाजिक लेखा परीक्षण विधिहरूको उपयोग गर्दै जनगुनासाहरूको तत्काल सम्बोधन गर्ने परिपाटी बसेको हुनेछ ।

८.३ प्रदेश र स्थानीय तहको क्षमता विकास

१. पृष्ठभूमि

संविधानको धारा ५६ ले राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुन बमोजिम गर्ने भनी राज्य शक्तिको बाँडफाड गरेको छ । तद्अनुसार प्रदेश र स्थानीय तहहरूमा निर्वाचनबाट सरकारहरू गठन भई आ-आफ्नो क्षेत्राधिकारमा सक्रिय रहेका छन् । नेपालमा सङ्घीयता नौलो अभ्यास भएकोले कतिपय सवालहरूमा स्पष्टता आइनसकेको, आवश्यक पर्ने कतिपय संस्थाहरू स्थापित भई नसकेको र स्थापित संस्थाहरू कार्य सम्पादनका दृष्टिले सक्षम र परिपक्व भई नसकेकोले सङ्घीय प्रणालीको मर्म अनुसार जनसमुदायलाई नजिकबाट प्रभावकारी ढङ्गबाट सेवा प्रवाह हुन सकिरहेको छैन । प्रदेश र स्थानीय तहका संस्थाहरूलाई पर्याप्त भौतिक, मानवीय र वित्तीय स्रोत साधन प्रदान गरी सबल र सक्षम नबनाएसम्म

सङ्घीय प्रणालीका उद्देश्यहरू पुरा हुन नसक्ने निश्चित छ । यसैलाई मध्यनजर गर्दै योजना अवधिमा प्रदेश र स्थानीय तहका सरकारहरूको क्षमता विकासमा विशेष जोड रहनेछ ।

२. प्रमुख समस्या

प्रदेश र स्थानीय तहमा भौतिक पूर्वाधार तथा जनशक्ति व्यवस्थापनमा कठिनाई हुनु, सम्भाव्य कार्यक्रमको अभ्यासमा परिपक्कता आइनसक्नु, प्रदेशको युगान्तकारी रूपान्तरण र विकासका लागि आवश्यक पर्ने मानवीय, भौतिक तथा वित्तीय स्रोत र सामर्थ्यको कमी हुनु प्रमुख समस्याको रूपमा रहेका छन्।

३. चुनौती तथा अवसर

भौगोलिक जटिलताबीच नागरिकहरूको अपेक्षा पुरा गर्ने, आवश्यक स्रोत साधनको आन्तरिक व्यवस्थापन गर्ने र सबै स्थानीय तहहरूको सन्तुलित विकास गर्ने प्रमुख चुनौती रहेका छन्।

जनप्रतिनिधीहरू विकास र सेवा प्रवाहप्रति प्रतिवद्ध रहनु, नागरिकहरूको आफ्नो क्षेत्रको विकासप्रति सरोकार, चासो तथा सहभागिता रहनु, सङ्घीय सरकार र विकास साझेदारहरू समेत सन्तुलित विकास तथा स्थानीय क्षमता अभिवृद्धिका लागि प्रतिवद्ध रहनु अवसरहरू हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

सक्षम प्रदेश र स्थानीय तहहरू ।

४.२ लक्ष्य

प्रदेशको विकास र समृद्धिको यात्रामा प्रभावशाली योगदान दिन सक्ने गरी प्रदेश तथा स्थानीय तहहरूको क्षमता विकास गर्ने ।

४.३ उद्देश्य

- सबै स्थानीय तहहरूलाई मानवीय, भौतिक तथा वित्तीय स्रोत साधन सम्पन्न बनाउनु,

- शासन, विकास निर्माण तथा सेवा प्रवाहमा प्रदेश तथा स्थानीय तहहरूलाई सक्षम तथा प्रभावशाली बनाउनु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. प्रदेश तथा स्थानीय तहहरूको क्षमता विकासका लागि कार्ययोजना तयार गर्ने।	क) प्रदेश र स्थानीय तहको क्षमता विकासको आवश्यकता पहिचान गरी सोको लागि कार्ययोजना तयार गरिनेछ । ख) स्थानीय स्रोत साधनको उच्चतम् परिचालनका लागि सम्बन्धित निकायहरूलाई जिम्मेवार र उत्तरदायी बनाइनेछ ।
२. प्रदेश र स्थानीय तहको कुशल स्रोत परिचालन क्षमता अभिवृद्धि गर्ने ।	क) स्रोत सङ्कलन तथा कुशल परिचालनको क्षमता बढाउन विशेष तालिम तथा कार्यशाला सञ्चालन गरिनेछ । ख) एकीकृत मानव संशाधन विकास केन्द्रको स्थापना गरिनेछ ।
३. क्षमता विकासका लागि स्थानीय तहसँग आपसी सहकार्य र साझेदारी सुदृढ गर्ने ।	क) स्थानीय तहसँग समन्वय, सहकार्य तथा साझेदारी गर्ने रणनीति तयार गरिनेछ । ख) प्रदेश सरकारका कार्यक्रमहरू स्थानीय तहसँगको सहकार्यमा अगाडि बढाइनेछ ।

५. अपेक्षित उपलब्धि

प्रदेश र स्थानीय तहहरूको विकास-निर्माणको आवश्यकता परिपूर्ति हुने गरी सबै निकायहरूको क्षमतामा अभिवृद्धि भएको हुनेछ । प्रदेश सरकार र स्थानीय तहहरूबीच विकास-निर्माणका लागि समन्वय र सहकार्य प्रभावकारी भएको हुनेछ।

८.४ मानव अधिकार

१. पृष्ठभूमि

मानव अधिकार नैसर्गिक अधिकार हो । यसको संरक्षण, प्रचलन र प्रबर्द्धनका लागि नेपालको संविधानले नै स्पष्ट व्यवस्था गरेको छ । प्रदेश सरकारले मानव अधिकार सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ । मानव अधिकारको

संरक्षण र प्रवर्द्धन गर्दै सङ्घसँगको समन्वय र सहकार्यमा संविधानले परिकल्पना गरेको विभेदमुक्त, समन्यायिक र समावेशी समाजको स्थापना गर्नेतर्फ योजनाको जोड रहनेछ ।

२. प्रमुख समस्या

प्रदेशमा सामाजिक, आर्थिक विभेद, जातीय तथा लैङ्गिक हिंसा र असमानता विद्यमान रहनु, सामाजिक-आर्थिक सेवा र अवसरहरूमा असमान पहुँच हुनु, परम्परागत कुरीति एवम् कुसंस्कार तथा चेतनाको कमी रहनु जस्ता समस्या रहेका छन् ।

३. चुनौती र अवसर

संविधानमा उल्लिखित राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सुनिश्चित गर्नु, मानव अधिकार सम्बन्धी सचेतना अभिवृद्धि गर्नु, दण्डहीनताको अन्त्य गरी पीडित पक्षलाई न्याय प्रदान गर्नु चुनौती पूर्ण रहेको छ ।

संविधानको प्रस्तावनामै मानव अधिकारको पूर्ण प्रत्याभूति हुनु, संविधानमा मौलिक हकको ग्यारेन्टी हुनु, मौलिक हक प्रचलनका लागि ऐनको निर्माण हुनु, नेपाल विभिन्न अन्तर्राष्ट्रिय मानव अधिकारका सन्धि-अभिसन्धिहरूको पक्ष राष्ट्र हुनु, स्थानीय तहमा न्यायिक समिति स्थापना हुनु, स्वतन्त्र न्यायालयको व्यवस्था हुनु, प्रदेशमा मुख्य न्यायाधिवक्ता कार्यालयको व्यवस्था हुनु, मानव अधिकार सम्बन्धमा सरकारको प्रतिवद्धता रहनु अवसर हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

मानव अधिकारमैत्री कर्णाली ।

४.२ लक्ष्य

संविधानले ग्यारेन्टी गरेका राजनीतिक, नागरिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको प्रत्याभूति गराउने ।

४.३ उद्देश्य

मानव अधिकारमैत्री समाज र शासन पद्धतिको बिस्तार र विकास गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. मानव अधिकारमैत्री संस्कारको विकास गर्ने ।	क) संविधानमा भएको मानव अधिकारको व्यवस्थाको संरक्षण र सम्वर्द्धन गरिनेछ । ख) विद्यमान मानव अधिकार सम्बन्धी कानुनी प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्नुका साथै आवश्यकता अनुसार नयाँ कानुनहरूको तर्जुमा गरिनेछ । ग) कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा मानव अधिकारको सिद्धान्त र प्रणालीलाई आत्मसात गरिनेछ । घ) समाजमा विद्यमान लैङ्गिक हिंसा लगायत सबै प्रकारका हिंसा, भेदभाव, छुवाछुत, कुप्रथा, बालश्रमको अन्त्य गरिनेछ ।
२. सबै खाले दण्डहीनताको अन्त्य गर्ने ।	क) मानव अधिकार उल्लङ्घन सम्बन्धी घटनाको उजुरी दर्ता गर्ने प्रणालीलाई बलियो बनाउँदै कमजोर र सीमान्तकृत वर्गलाई निःशुल्क कानुनी सहायताका लागि आवश्यक व्यवस्था गरिनेछ । ख) पीडितमैत्री अनुसन्धान र अभियोजन प्रणालीको व्यवस्था गरी पीडितलाई न्याय एवम् क्षतिपूर्ति र पीडकलाई कानुनी कारवाही गरिनेछ । ग) प्रभावकारी निगरानी प्रणालीको विकास गरी मानव अधिकार उलङ्घनका घटनाहरूको न्यूनीकरण गरिनेछ ।
३. सबै खाले द्वन्द्वका पीडितहरूको मानव अधिकार सुनिश्चित गर्ने।	क) द्वन्द्व पीडित, घाइते, अपाङ्ग र बेपत्ता भएका व्यक्ति र परिवारलाई पुनर्स्थापना गरिनेछ । ख) द्वन्द्व पीडितहरूको मानव अधिकार उल्लङ्घनका घटनाको सत्यतथ्य निरूपण गरी पुनर्मिलन गराउने व्यवस्था मिलाइनेछ । ग) समाजमा द्वन्द्वका कारणहरू पहिचान गरी सम्भावित द्वन्द्वको व्यवस्थापन गरिनेछ ।

५. अपेक्षित उपलब्धि

मानव अधिकारको व्यवहारिक रूपमा उपभोग गर्न सक्ने अवस्था सुनिश्चितता भएको हुनेछ । सामाजिक कुरीति र कुसंस्कारको अन्त्य गर्न प्रभावकारी अभियानहरू सञ्चालन भएको हुनेछ । द्वन्द्व पीडितहरूको मानव अधिकार उलङ्घनका घटनाको सत्यतथ्य निरूपण गरी पुनर्स्थापना तथा पुनर्मिलनको व्यवस्था गरिएको हुनेछ । प्रदेशमा मानव अधिकार उलङ्घनका घटनाहरूमा न्यूनीकरण भएको हुनेछ ।

८.५ भ्रष्टाचार नियन्त्रण

१. पृष्ठभूमि

भ्रष्टाचार नियन्त्रणका प्रयासहरू जारी रहे तापनि यसको कूप्रभाव विकास तथा सेवा प्रवाहमा रहेको पाइन्छ । भ्रष्टाचारजन्य क्रियाकलापहरू नियन्त्रण गरी सुशासन प्रवर्द्धनका लागि नागरिक समाजको समेत चासो र सरोकार रहने गरेको छ । भ्रष्टचारले आर्थिक, सामाजिक र राज्यको समग्र समृद्धिमा पारेको प्रतिकूल असरलाई नियन्त्रण गर्न राजनीतिक तथा प्रशासनिक संयन्त्र स्वअनुशासित, पारदर्शी र सदाचारयुक्त हुनु जरुरी छ ।

२. प्रमुख समस्या

विकास निर्माण, सेवा प्रवाह तथा शासन सञ्चालनमा पारदर्शी, स्वअनुशासित, विधिको शासनबाट निर्देशित कार्यप्रणाली विकास गर्न नसकिनु, प्रविधिमैत्री सेवा प्रवाह तथा अनुगमन प्रणाली अवलम्बन हुन नसक्नु जस्ता समस्याहरू विद्यमान रहेका छन् ।

३. चुनौती तथा अवसर

भ्रष्टाचारलाई सामाजिक अपराधको रूपमा स्थापित गर्ने, भ्रष्टाचार र अनियमितता जस्ता कार्यलाई नियन्त्रण गरी सुशासनको प्रत्याभूति दिने, भ्रष्टाचारमा देखिएका नयाँनयाँ स्वरूपलाई नियन्त्रण गर्ने र नयाँ स्वरूपहरूलाई नियन्त्रण गर्न सक्ने गरी संस्थागत क्षमता विकास गर्ने चुनौती रहेका छन् ।

भ्रष्टाचारको स्थानीय स्तरसम्म नै निगरानी र खबरदारी बढ्नु, नागरिकहरूमा चेतना जागृत भई भ्रष्टाचारलाई सामाजिक अपराधको रूपमा लिने प्रचलन बढ्दै जानु,

प्रविधिको विकासले भ्रष्टाचारजन्य क्रियाकलापको सहज प्रमाण सङ्कलन तथा नियन्त्रण गर्न सहज हुनु, अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रदेश कार्यालयको स्थापना र सञ्चालन हुनु अवसर हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

भ्रष्टाचारमुक्त कर्णाली ।

४.२ लक्ष्य

भ्रष्टाचारलाई न्यूनीकरण गर्दै स्वच्छ र सदाचारयुक्त समाज निर्माण गर्ने ।

४.३ उद्देश्य

- भ्रष्टाचारलाई नियन्त्रण गरी सुशासन कायम गर्नु ।
- नैतिकवान जनशक्तिको परिचालन र सदाचारयुक्त समाज निर्माण गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. भ्रष्टाचार नियन्त्रण तथा सुशासन सम्बन्धी नीति तथा कानुनहरूको प्रभावकारी कार्यान्वयन गर्ने ।	क) भ्रष्टाचार नियन्त्रण तथा सुशासनको प्रवर्द्धन गर्न विद्यमान कानुनहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ । ख) भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ । ग) सार्वजनिक खरिद प्रक्रियालाई थप वैज्ञानिक र पारदर्शी बनाइनेछ ।
२. सार्वजनिक सेवा प्रवाहलाई जवाफदेही एवम् पारदर्शी बनाउने।	क) सार्वजनिक सेवा प्रवाहलाई अनुमानयोग्य, जवाफदेही एवम् पारदर्शी बनाउनका लागि आवश्यक व्यवस्था गरिनेछ । ख) नागरिक वडापत्र, सार्वजनिक सुनुवाई र सामाजिक लेखा परीक्षणको व्यवस्थालाई प्रभावकारी ढङ्गले कार्यान्वयनमा ल्याइनेछ ।

रणनीति	कार्यनीति
	ग) जनशक्ति छनौट, कार्य सम्पादन मूल्याङ्कन तथा नेतृत्व विकासमा नैतिकता र सदाचारलाई विशेष महत्त्व दिइनेछ । घ) कर्मचारी तथा जनप्रतिनिधिहरूलाई स्वअनुशासन, नैतिकता तथा सदाचारको प्रबन्ध मिलाइनेछ । ङ) सूचना प्रविधिको समेत उपयोग गरी निगरानी प्रणालीलाई सुदृढ गरिनेछ ।

५. अपेक्षित उपलब्धि

भ्रष्टाचार नियन्त्रण तथा सुशासनको प्रवर्द्धन गर्न विद्यमान कानुनहरूको प्रभावकारी कार्यान्वयन भएको हुनेछ । सूचना प्रविधिको समेत उपयोग गरी निगरानी प्रणालीलाई सुदृढ गरिएको हुनेछ । स्वअनुशासन, नैतिकता तथा सदाचारयुक्त जनशक्ति तयार भएको हुनेछ । सार्वजनिक सेवा प्रवाहलाई अनुमान योग्य, पारदर्शी एवम् जवाफदेही भई नागरिक सन्तुष्टि बढेको हुनेछ ।

सुशासन क्षेत्रका कार्यक्रमहरू

८.१ शान्ति सुरक्षा र सुव्यवस्था

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	प्रदेश प्रहरी परिचालन तथा व्यवस्थापन सम्बन्धी कानुन निर्माण	२०७६।०७७ २०७८।०७९	—	प्रदेश प्रहरी परिचालन तथा व्यवस्थापन सम्बन्धी कानुन निर्माण भई सञ्चालनमा आएको हुनेछ ।
२	सङ्घ र स्थानीय तहसँगको समन्वयमा शान्ति सुरक्षा	२०७६।०७७ २०८०।०८१	—	सुरक्षा निकायलाई समयानुकूल, चुस्त र प्रभावकारी बनाउन सङ्घ र स्थानीय तहसँगको जीवन्त समन्वय भएको हुनेछ ।
३	प्रदेश अनुसन्धान ब्यूरो गठन	२०७६।०७७ २०८०।०८१	१० करोड	सेवा प्रवाह प्रभावकारी तुल्याउन, शान्ति सुरक्षा सम्बन्धी सूचना सङ्कलन, विश्लेषण र सम्प्रेषण तथा संगठित आर्थिक अपराध सम्बन्धी सूचना सङ्कलन, विश्लेषण र सम्प्रेषणका लागि प्रदेश अनुसन्धान ब्यूरो गठन भएको हुनेछ ।
४	प्रहरी तालिम केन्द्र स्थापना	२०७६।०७७ २०८०।०८१	१० करोड	आधुनिक प्रदेश प्रहरी तालिम केन्द्र स्थापना भई सञ्चालनमा आएको हुनेछ ।
५	सामाजिक द्धन्द्ध व्यवस्थापन	२०७६।०७७ २०८०।०८१	१५ करोड	सामाजिक द्वन्द्वको पहिचान, विश्लेषण र निराकरणको उपाय अवलम्बन गर्नुका साथै विकास आयोजना तथा औद्योगिक प्रतिष्ठानहरूको निर्वाध सञ्चालन भएको हुनेछ ।
६	नागरिकमैत्री सुरक्षा व्यवस्था	२०७६।०७७ २०८०।०८१	२० करोड	जीवन आत्मरक्षा, समुदायको सुरक्षा र सामाजिक अपराध नियन्त्रण गर्नको लागि प्रत्येक १८ देखि २० वर्षका युवायुवतीलाई जीवन तथा समुदाय सुरक्षा तालिम प्रदान भएको हुनेछ ।
७	शान्ति सुरक्षाको लागि सूचनामा साझेदारी	२०७६।०७७ २०८०।०८१	१० करोड	सम्वेदनशील क्षेत्र र प्रदेशका कार्यालयहरूमा सि.सि. टि.भी. जडान गर्नुका साथै सबै सुरक्षा निकायबीच शान्ति सुरक्षा प्रणालीको विकास गरी सूचनामा साझेदारी भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
८	व्यावसायिक क्षमता अभिवृद्धि तालिम	२०७६।०७७ २०८०।०८१	२० करोड	प्रदेश प्रहरीको व्यावसायिक क्षमता वृद्धिका लागि उच्च मनोबलका साथ तालिम, प्रशिक्षण, वृत्ति विकास, स्रोत साधन सम्पन्न र आधुनिक प्रविधियुक्त भएको हुनेछ ।
९	मनोपरामर्श सेवा सञ्चालन	२०७६।०७७ २०८०।०८१	५ करोड	अपराध, दुर्व्यसनमा परेका व्यक्तिलाई रुपान्तरण गर्न अभिमूखीकरण तालिमका साथै मनोपरामर्श सेवा सञ्चालन भएको हुनेछ ।
१०	प्रदेश प्रहरी संगठन संरचनाको पुनरावलोकन तथा प्रभावकारी परिचालन	२०७७।०७८ २०८०।०८१	—	प्रदेश प्रहरीको रणनीतिक योजना तयार पारी प्रहरी संगठन संरचनाको पुनरावलोकन तथा प्रभावकारी परिचालन भएको हुनेछ ।
११	हटलाइन सेवा सञ्चालन	२०७६।०७७ २०८०।०८१	१ करोड	तत्काल शान्ति सुरक्षा दिन हटलाइन सेवा सञ्चालन भएको हुनेछ ।

८.२ शासकीय सुधार र सुशासन

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	प्रदेश निजामती सेवा ऐन र नियमावली तर्जुमा	२०७६।०७७ २०८०।०८१	—	प्रदेश निजामती सेवा ऐन र नियमावली तर्जुमा भई कार्यान्वयनमा आएको हुनेछ ।
२	प्रदेश लोक सेवा आयोगको गठन	२०७६।०७७ २०८०।०८१	१० करोड	प्रदेश लोकसेवा आयोग गठन भई सञ्चालनमा आएको हुनेछ ।
३	संरचनात्मक सुधार तथा जनशक्ति व्यवस्थापन	२०७६।०७७ २०८०।०८१	२ करोड	सुशासनको प्रत्याभूति गराउन संरचनात्मक सुधारका साथै दक्ष जनशक्तिको व्यवस्थापन भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
४	सङ्घ र स्थानीय तहसँग समन्वय र सहकार्य	२०७६।०७७ २०८०।०८१	२ करोड	सङ्घ र स्थानीय तहसँग जीवन्त समन्वय र सहकार्य गरेर शासकीय सुधार भएको हुनेछ ।
५	कानुनी सहायता अधिकृतको व्यवस्था	२०७६।०७७ २०८०।०८१	११ करोड ४४ लाख	सबै जिल्ला अदालत र बार एसोसियसनसँग सहकार्य गरी नागरिक कानुनी सहायता उपलब्ध गराइएको हुनेछ भने सबै स्थानीय तहमा कानुनी कार्य सम्पादनमा सहयोग पुग्ने गरी कानुनी सहायता अधिकृतको व्यवस्था भएको हुनेछ ।
६	प्रशासनिक सुशासन	२०७६।०७७ २०८०।०८१	—	राजनीतिक र प्रशासनिक नेतृत्वको कार्य सम्पादन सम्झौता तथा कार्य सम्पादन मूल्याङ्कन प्रणाली स्थापित गरी विद्युतीय प्रशासनिक सुशासन कायम भएको हुनेछ ।
७	सेवा प्रवाह र विकास कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन	२०७६।०७७ २०८०।०८१	२ करोड	कार्य सम्पादन मूल्याङ्कन प्रणाली सुदृढ गरी प्रभावकारी सेवा प्रवाह र नतिजामुखी विकासका लागि नियमित अनुगमन तथा मूल्याङ्कन भएको हुनेछ ।
८	जनतासँग मुख्यमन्त्री कार्यक्रम	२०७६।०७७ २०८०।०८१	३ करोड	प्रदेश सरकारको प्रत्यक्ष अनुभूति हुने गरी "हाम्मा कुडा, हाम्मा मुख्यमन्त्री" र "हेल्लो मुख्यमन्त्री हटलाईन" सेवाबाट जनताका गुनासाहरू प्रत्यक्ष सुनुवाई तथा सम्वोधन भएको हुनेछ ।

८.३ प्रदेश तथा स्थानीय तहको क्षमता विकास

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	प्रदेश र स्थानीय तहको क्षमता विकास तथा योजना तर्जुमा	२०७६।०७७ २०८०।०८१	१० करोड	प्रदेश र स्थानीय तहको क्षमता विकास तथा योजना तर्जुमा गर्न सहयोग भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
२	स्थानीय स्रोत साधन उपलब्धताको नक्साङ्कन र प्रभावकारी परिचालन	२०७६।०७७ २०८०।०८१	२ करोड	सम्बन्धित तहलाई जिम्मेवार र उत्तरदायी बनाई स्थानीय स्रोत साधनको उपलब्धताको नक्साङ्कन र प्रभावकारी परिचालन भएको हुनेछ ।
३	आपसी सहकार्य र साझेदारी कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१ करोड १० लाख	समन्वय, सहकार्य र साझेदारीको रणनीति तयार गरी स्थानीय तहसँग सहकार्य र साझेदारी भएको हुनेछ ।

८.४ मानव अधिकार

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	मानवअधिकार उलङ्घनका घटनाको अध्ययन र विश्लेषण तथा मानवअधिकारमैत्री समाजको विकास	२०७६।०७७ २०८०।०८१	५ करोड	विद्यमान बालश्रम, लैङ्गिक, छुवाछुत लगायतका विभेद र सामाजिक कुप्रथाको अन्त्य गरी मानव अधिकारमैत्री सचेतना कार्यक्रम तथा विकास मार्फत मानवअधिकारमैत्री समाज निर्माण भएको हुनेछ।
२	दण्डहीनता अन्त्यको लागि कानुनी सहायता	२०७६।०७७ २०८०।०८१	१२ करोड	पीडितमैत्री अनुसन्धान प्रणालीको विकास गरी पीडितलाई क्षतिपूर्तिसहितको न्याय र पीडकलाई कानुनी कारबाही भएको हुनेछ।
३	द्वन्द्वपीडित भएका व्यक्ति र परिवारको पुनर्स्थापना	२०७६।०७७ २०८०।०८१	१५ करोड	द्वन्द्वपीडित, घाइते, अपाङ्ग भएका व्यक्ति तथा परिवारको पुनर्स्थापना भएको हुनेछ ।
४	सत्य निरूपण तथा पुनर्मिलन कार्यक्रम	२०७६।०७७ २०८०।०८१	५ करोड	मानवअधिकार उलङ्घनका घटनाको पहिचान गरी सत्य निरूपण र पुनर्मिलन गरी द्वन्द्व व्यवस्थापन भएको हुनेछ।

८.५ भ्रष्टाचार नियन्त्रण

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	कानुन निर्माण तथा कार्यान्वयन	२०७६।०७७ २०८०।०८१	३ करोड	भ्रष्ट्राचार नियन्त्रण गर्न आवश्यक कानुन निर्माण भई विद्यमान कानुनहरूको प्रभावकारी कार्यान्वयन, शून्य सहनशीलताको नीति अवलम्बन र सार्वजनिक खरिद प्रक्रिया पारदर्शी भएको हुनेछ ।
२	सार्वजनिक सेवा प्रवाहको लागि संस्थागत तथा प्रणालीगत सुधार	२०७६।०७७ २०८०।०८१	२ करोड	सार्वजनिक सेवा प्रवाह पूर्व अनुमानयोग्य, जवाफदेही, पारदर्शी र नैतिकता जस्ता स्व:अनुशासनको संस्थागत तथा सूचना प्रविधिको उपयोग गरी प्रभावकारी निगरानी प्रणालीको विकास भएको हुनेछ।

सुशासन क्षेत्रका नतिजा खाका

प्रभाव

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
नागरिक सन्तुष्टीको सूचकाङ्क	प्रतिशत	२२.६	२५.००	२८.६	३२.६	३८.४	४५.००	का.वि.वि.
प्रदेशको कूल खर्चमा बेरुजुको अनुपात	प्रतिशत	५.१६	४.६०	४.०५	३.२४	२.७३	१.०	म.ले.प. / म.ले.नि.का.
स्थानीय तहको कूल खर्चमा बेरुजुको अनुपात	प्रतिशत	५.३१	५.०	४.०	३.०	२.०	१.०	म.ले.प. / म.ले.नि.का.

शान्ति, सुरक्षा र सुव्यवस्था

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
प्रति सुरक्षाकर्मी जनसङ्ख्याको अनुपात	अनुपात	१:२७२.१७	१:२६७.३०	१:२५६.१४	१:२५०	१:२४५	१:२४०	आ.मा.का.म.
शान्ति, सुरक्षा र सुव्यवस्था भङ्ग भएका घटनाहरू	सङ्ख्या	१२१	१११	७०	६५	५६	४०	आ.मा.का.म.
विपद् व्यवस्थापन	सङ्ख्या	८३१	७६९	४५२	४२१	३६५	३१२	आ.मा.का.म.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
सुरक्षा निकायका चौकीहरूको बिस्तार	सङ्ख्या	२५६	३७३	३७४	३७४	३७५	३७८	आ.मा.का.म.
सुरक्षा निकायको क्षमता विकास सम्बन्धी कार्यक्रमहरू	सङ्ख्या	२६	२७	२८	२९	३१	३३	आ.मा.का.म.
अपराध सर्वेक्षण	सङ्ख्या	७६९	६३९	३३५	३१३	२८४	२१२	आ.मा.का.म.
प्रदेश विधि विज्ञान प्रयोगशाला स्थापना	सङ्ख्या	—	—	—	१	१	१	आ.मा.का.म.

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
लागु औषध निषेध कार्यक्रम लागु गर्ने स्थानीय तह	सङ्ख्या	२३	२६	३१	५६	७९	७९	आ.मा.का.म.

शासकीय सुधार र सुशासन

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
विद्युतीय माध्यमबाट सूचना तथा सेवा प्रवाह गर्ने सरकारी निकाय	प्रतिशत	२५	३२	४०	५०	६३	८०	मु.म.का.
हेलो सरकार तथा हाम्मा मुख्य मन्त्री हाम्मा कुडामा प्राप्त जनगुनासाहरूको सुनवाई तथा सुझाव कार्यान्वयन	सङ्ख्या	२२१	२९८	३५५	४२३	५०४	६००	मु.म.का.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
प्रदेश निजामती सेवा सहितका कानुनहरूको तर्जुमा	सङ्ख्या	४०	३६	३२	२८	२१	१२	मु.म.का.

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
राजनीतिज्ञ तथा कर्मचारीहरूको क्षमता विकास सम्बन्धी कार्यक्रमहरू	सङ्ख्या	१०	१२	७	११	१३	१५	मु.म.का.
विद्युतीय प्रणाली मार्फत सेवा प्रवाह गर्ने स्थानीय तह	सङ्ख्या	७	११	१८	२८	४४	७९	मु.म.का.

प्रदेश तथा स्थानीय तहको क्षमता विकास

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
प्रदेशको वित्तीय प्रगति	प्रतिशत	२७.६	३५	४९	६८	८१	९०	आ.मा.यो.म.
स्थानीय तहहरूको कूल खर्चमा पुँजीगत खर्चको अंश	प्रतिशत	४३.१	४४	४५	४६	४७	४८.१	आ.मा.यो.म.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
प्रदेश तथा स्थानीय तहका पदाधिकारीहरूको क्षमता विकास सम्बन्धी तालिम	सङ्ख्या	—	—	६	७	७	८	मु.म.का.

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
प्रदेश तथा स्थानीय तहका कर्मचारीहरूको क्षमता विकास सम्बन्धी तालिम	सङ्ख्या	—	—	४६	५३	६१	७९	मु.म.का.
आफ्नै प्रशासकीय भवन भएका स्थानीय तह	सङ्ख्या	—	—	४५	५५	७०	७९	मु.म.का.
स्थानीय तथ्याङ्क अद्यावधिक गरेका स्थानीय तह	सङ्ख्या	—	—	४७	५५	७९	७९	मु.म.का.
प्रदेश सरकारबाट स्थानीय सरकारलाई हस्तान्तरण भएको कूल रकम	रु करोडमा	—	२८८	३१७	३४८	३८३	४२२	आ.मा. यो.म.
प्रदेश राजधानीमा सरकारी कार्यालय भवन निर्माण	सङ्ख्या	—	—	—	२	३	७	भौ.पू.म.
आवधिक योजना तयार गर्ने स्थानीय तह	सङ्ख्या	—	२३	३५	७९	७९	७९	प्र.यो.आ.
मध्यमकालीन खर्च संरचना तयार गर्ने स्थानीय तह	सङ्ख्या	—	—	—	७९	७९	७९	प्र.यो.आ.
आयोजना बैंक तयार गर्ने स्थानीय तह	सङ्ख्या	—	१२	२५	३६	७९	७९	प्र.यो.आ.

मानव अधिकार

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
मानव अधिकार उलङ्घनका घटनाहरू	सङ्ख्या	—	—	४८६	३५०	२७५	२००	मा अ व पु
मानव अधिकार उलङ्घनका घटनाहरूमा कारबाही प्रक्रिया अगाडि बढेको	प्रतिशत	—	—	१८	३५	७०	१००	मु.म.का.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
मानव अधिकार सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम	सङ्ख्या	४	५	७	९	१२	१५	मु.म.का.
मानव अधिकार उल्लङ्घनका घटनाको उजुरी फछ्र्यौट	प्रतिशत	४०	५०	६०	७०	८०	९०	मु.म.का.

भ्रष्टाचार नियन्त्रण

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
भ्रष्ट्राचारका घटनाहरू	सङ्ख्या	९६२	१०८०	१०५०	१०००	९५०	७००	मु.म.का.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
भ्रष्ट्राचार नियन्त्रण सम्बन्धी निकायको क्षमता विकास सम्बन्धी कार्यक्रमहरू	सङ्ख्या	१	१	१	२	३	५	मु.म.का.

परिच्छेद : ९

अन्तरसम्बन्धित विषय

९.१ गरिबी निवारण

१. पृष्ठभूमि

कर्णाली प्रदेशको समग्र आर्थिक सामाजिक, विकासको प्रमुख बाधकको रूपमा गरिबी रहेको छ । देशमा गरिबी न्यूनीकरणका लागि हालसम्म भएका प्रयासहरूको परिणामस्वरूप उल्लेख्य सफलता हासिल भएको छ । तर कर्णाली प्रदेशको प्रगति अझै सन्तोषजनक हुन सकेको छैन । आर्थिक वर्ष २०७५/०७६ मा देशमा निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसङ्ख्या १८.७ प्रतिशत र कर्णाली प्रदेशमा २८.९ प्रतिशत थिए । त्यस्तै, उक्त समयमा देशमा २८.६ र कर्णाली प्रदेशमा ५१.२ प्रतिशत जनसन्ख्या बहुआयामिक गरिबीबाट प्रभावित थिए । तसर्थ, गरिबीसम्बन्धी राष्ट्रिय लक्ष्य र दिगो विकास लक्ष्यहरू हासिल गर्न प्रदेशले ठूलै प्रयत्न गर्नुपर्ने अवस्था छ । गरिबी निवारण अन्तरसम्बन्धित विषय भएको र संविधानले तीनै तहका सरकारहरूको साझा जिम्मेदारीको रूपमा स्थापित गरेबाट यसका लागि सङ्घ, प्रदेश र स्थानीय तह अनि सरकारी, निजी, सहकारी, सामुदायिक एवम् गैरसरकारी क्षेत्र र विकासका साझेदारहरू समेतको समन्वित र साझा प्रयास जरुरी छ । यस पृष्ठभूमिमा प्रदेशको विशिष्ट अवस्था, विगतका अनुभवहरू र लक्षित समूहहरूमा केन्द्रित भई गरिबी निवारणका उद्देश्य र रणनीतिहरू निर्धारण गर्नुपर्ने भएको छ ।

२. प्रमुख समस्या

आधारभूत भौतिक पूर्वाधार, उत्पादनका स्रोत-साधन, सामाजिक सेवा, सीप, पुँजी र प्रविधिमा विपन्न समुदायको पहुँच नहुनु, उद्यमशीलता विकास, कृषि, वन, वातावरण र प्राकृतिक स्रोत व्यवस्थापनसम्बन्धी आधारभूत सूचनाहरूमा जनसमुदायको पर्याप्त पहुँच नहुनु, गरिबी निवारणका लागि कार्यरत निकायहरूबीच आवश्यक समन्वय कायम हुन नसक्नु, कार्यान्वयनको प्रभावकारिता र असरका दृष्टिले हालसम्म सञ्चालित गरिबी निवारणका कार्यक्रमहरू कमजोर देखिनु, धनी र गरिब तथा शहर र गाउँ बीचको असमानता घटाउन नसक्नु र बौद्धिक पलायन रोक्न नसक्नु प्रमुख समस्याहरू हुन् ।

३. चुनौती तथा अवसर

प्रदेशभित्र गरिबी निवारणका लागि उत्पादनशील क्रियाकलापहरूमा वृद्धि तथा रोजगारी र आयआर्जनका अवसरहरू सिर्जना गर्दै अर्थतन्त्रलाई गतिशील बनाउने, सीप, पुँजी, र प्रविधि, आधारभूत भौतिक पूर्वाधार, सामाजिक उत्पादनका स्रोत र साधन सेवा र सूचनाहरूमा विपन्न वर्गको पहुँच सुनिश्चित गर्ने, गरिब र धनीबीच, शहर र गाउँबीच विद्यमान असमानता घटाउने, कृषि क्षेत्रको व्यावसायीकरण र यान्त्रिकीकरण गरी उत्पादकत्त्व बढाउने, विपन्न तथा सीमान्तकृत समुदायका लागि सामाजिक सुरक्षा र गरिबी निवारणका प्रभावकारी लक्षित कार्यक्रम सञ्चालन गर्ने चुनौतीहरू रहेका छन् ।

सुशासन, मानवअधिकार, सामाजिक आर्थिक रुपान्तरण र समावेशीकरण राज्य सञ्चालनको आधारका रूपमा स्थापित हुनु, भौतिक पूर्वाधारहरू बिस्तार हुँदै जानु, दिगो विकास लक्ष्य प्राप्त गर्ने राज्यको घोषित नीति हुनु, सङ्घीय संरचनामा प्रदेशमा केन्द्रित भै कार्यक्रमहरू तर्जुमा र कार्यान्वन गर्न सकिनु, गरिबी निवारण तीनै तहका सरकारको प्राथमिकतामा पर्नु, कृषि क्षेत्रमा विकासका लागि प्रचुर सम्भावना हुनु, नागरिकहरूको सचेतना र सक्रीय सहभागिता बढ्दै जानु, प्रदेशको विभिन्न क्षेत्रमा पर्यटन, जडीबुटी सङ्कलनजस्ता आर्थिक क्रियाकलापमा वृद्धि हुनु रोजगारी तथा उत्पादन वृद्धिमा विभिन्न लक्षित कार्यक्रमहरू सञ्चालन हुनु, प्रमुख अवसरहरू हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

नागरिकहरूको जीवनस्तरमा सुधार ल्याई गरिबी निवारण गर्दै समृद्ध प्रदेशको निर्माण ।

४.२ लक्ष्य

निरपेक्ष गरिबीलाई १८ प्रतिशत र बहुआयामिक गरिबीलाई २५ प्रतिशतमा ल्याउने ।

४.३ उद्देश्य

- विपन्न र सीमान्तकृत समुदायको उत्पादनका स्रोत र साधन, सीप, पुँजी, प्रविधि र सेवाहरूमा पहुँच बढाउनु ।
- सामाजिक-आर्थिक असमानता कम गर्नु ।
- रोजगारी एवम् स्वरोजगारीका अवसरहरू सिर्जना गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. वास्तविक गरिबहरूको पहिचान गरी ग्रामीण तथा शहरी गरिबी लक्षित छुट्टाछुट्टै रणनीति कार्यान्वयन गर्ने ।	क) विपन्न घर परिवारको विवरण अद्यावधिक गरी परिचयपत्र उपलब्ध गराइनेछ । ख) पहिचान भएका विपन्न घर परिवारलाई लक्षित गरी उत्पादनका स्रोत र साधनमा पहुँच स्थापित गर्ने, क्षमता विकास, आय आर्जन तथा रोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ । ग) सबै सरोकारवालाहरूको समन्वय र सहकार्यमा ग्रामीण र शहरी गरिबी निवारण रणनीति तर्जुमा गरिनेछ । घ) प्रदेश सरकारबाट लगानी हुने सबै सम्भाव्य क्षेत्रका विकास आयोजनाहरूमा गरिबी निवारणलाई एकीकृत गरिनेछ ।
२. विपन्न समुदायलाई स्रोतसाधन, सीप र प्रविधिले युक्त बनाउने।	क) बाँझा जमिनहरूको व्यवस्थापन गर्दै कृषियोग्य भूमिमा विपन्न समुदायको पहुँच सुनिश्चित गरिनेछ। ख) उपयुक्त संयन्त्रहरू मार्फत जडीबुटी लगायतका वनपैदावार र अन्य प्राकृतिक स्रोतहरूमा पहुँच बढाइनेछ । ग) सीप विकास तथा व्यावसायिक शिक्षा, उद्यमशीलता विकास र लघु उद्यमहरूका विकासलाई अभियानका रूपमा अघि बढाइनेछ। घ) लक्षितसमुदायको प्रविधि र पुँजीमा पहुँच बढाउन तीन तहमा सरकारी तथा गैरसरकारी निकाय तथा विकासका साझेदारहरूसँग समन्वय र सहकार्य गरिनेछ । उद्यम गर्न चाहने विपन्न परिवारलाई सहुलियत दरमा ऋण उपलब्ध गराइनेछ ।
३. आधारभूत भौतिक पूर्वाधार, सेवा र सूचनाहरूमा विपन्न वर्गको पहुँच बढाउने ।	क) कृषि सडक, वैकल्पिक ऊर्जा, सिँचाइ, खानेपानी, सञ्चार जस्ता पूर्वाधार बिस्तार गरी विपन्न समुदायको पहुँचमा पुऱ्याइनेछ । ख) गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा, लघुकर्जा, विना प्रिमियम वा सहुलियत प्रिमियम दरमा कृषि र स्वास्थ्य बिमाजस्ता सेवाहरूको बिस्तार गरिनेछ ।

रणनीति	कार्यनीति
	ग) विपन्न समुदायलाई लक्षित गरी उपलब्ध सेवा, तीनका फाइदाहरू, सेवा प्राप्त गर्ने तरिका र प्राप्त नभएमा गर्नुपर्ने उपचारका बारेमा आधारभूत सूचनाहरू प्रवाह गरिनेछ । घ) कुनै आयआर्जन गर्न नसक्ने, निराश्रित जेष्ठ नागरिकहरू, एकल महिलाहरू, अपाङ्गता भएका व्यक्तिहरू र बालबालिकाहरूलाई नगद हस्तान्तरण मार्फत सामाजिक सुरक्षामा आबद्ध गरिनेछ । ङ) वित्तीय र डिजिटल साक्षरताका कार्यक्रमहरू सञ्चालन गर्दै विपन्न समुदायलाई वित्तीय संस्थाहरूसँग आबद्ध गरिनेछ ।
४. अन्तरनिकाय र अन्तरक्षेत्रीय आबद्धता र समन्वयलाई सुदृढ बनाउने।	क) प्रदेशमा गरिबी निवारणमा काम गर्ने निकायहरूको प्रतिनिधित्त्व रहने गरी एक उच्चस्तरीय निर्देशक समिति गठन गरिनेछ । ख) विभिन्न सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूलाई परस्पर आवद्ध र समन्वित गर्दै कार्यक्रमहरूको दक्षता र प्रभावकारितामा वृद्धि गरिनेछ । ग) गरिबी निवारणका कार्यक्रमहरूको सहभागितामूलक ढङ्गले संयुक्त अनुगमन गरिनेछ र देखिएका कमीकमजोरीमा तत्काल सुधार गरिनेछ । घ) सबै क्षेत्रबाट गरिबीका पकेटहरूमा लगानी बढाउँदै एकीकृत रूपमा सेवाहरू प्रवाहित हुने केही नमुना बस्ती विकास गरिनेछ ।
५. उत्पादनमूलक रोजगारीका अवसरहरूको वृद्धि गर्ने ।	क) परम्परागत ज्ञान, सीपमा आधारित पेशा तथा व्यवसायलाई नयाँ प्रविधि र बजारसँग आवद्ध गर्ने गरी उत्पादनशील रोजगारी सिर्जना गरिनेछ । ख) विपन्न घरपरिवारलाई भूमिमा पहुँच सुनिश्चित गर्दै समूह गठन गरी सहकारीमार्फत सामूहिक कृषि व्यवसाय गर्न प्रोत्साहन गरिनेछ ।

रणनीति	कार्यनीति
	ग) विपन्न समुदायका उत्पादनहरूका लागि उचित मूल्य पाउने व्यवस्था गरिनेछ । घ) सङ्घ र स्थानीय तहसँगको समन्वयमा स्थानीय पूर्वाधार विकास र सामुदायिक विकासजस्ता कार्यक्रमहरूसँग आवद्ध विकासमुखी सामाजिक सुरक्षाका प्रावधानहरू विकास गरिनेछ ।

५. अपेक्षित उपलब्धि

योजनाको अन्त्यमा गरिबी निवारणसम्बन्धी रणनीति निर्माण भई कार्यान्वयनमा आएको हुनेछ । विपन्न घरपरिवार पहिचान र परिचयपत्र वितरण भएको हुनेछ ।गरिब लक्षित कार्यक्रमहरू तर्जुमा एवम् कार्यान्वयनबाट निरपेक्ष गरिबी २८.९ बाट १८ प्रतिशतमा तथा बहुआयामिक गरिबी ५१.२ बाट २५ प्रतिशतमा झरेको हुनेछ ।

९.२ उद्यमशीलता विकास

१. पृष्ठभूमि

उद्यमशीलताले नयाँ अवसरको सिर्जना, उपलब्ध अवसरको पहिचान र उपयोग गर्न सक्ने बनाउँछ । उद्यमीहरू सिर्जनात्मक विचार, नवप्रवर्तन र परिवर्तनका सम्वाहक हुन्। यस्तै क्षमताले उनीहरूलाई सामाजिक, आर्थिक र वातावरणीय चुनौतीको सामना गर्न सक्ने बनाउँछ । उद्यमशीलतालाई सबै दिगो विकासका लक्ष्यहरूमा योगदान गर्न सक्ने साझा र सक्षम तत्वका रूपमा पहिचान गरिएको छ । उद्यमशीलता विकास गर्न सकिएमा कर्णाली प्रदेशका बहुआयामिक समस्याहरूको समाधान गर्न सकिने र सामाजिक, आर्थिक र वातावरणीय क्षेत्रमा तथा गरिबी निवारणमा महत्त्वपूर्ण योगदान प्राप्त हुन सक्ने देखिन्छ । स्थानीयस्तरमा उद्यमशीलताको विकासले प्रदेशमा व्याप्त बेरोजगारीको समस्या समाधान हुनुका साथै पुँजी पलायन हुनबाट समेत जोगाउँछ ।

२. प्रमुख समस्या

शिक्षा प्रणालीमा उद्यमशीलताले अपेक्षित महत्त्व नपाउनु, उद्यमशीलता विकासका लागि भौतिक, नीतिगत, कानुनी र संस्थागत पूर्वाधारहरू कमजोर हुनु, विज्ञान, प्रविधि र नवप्रवर्तनका क्षेत्रमा न्यून लगानी हुनु, उत्पादित वस्तु तथा सेवाको लागि बजार

सुनिश्चित नहुनु, प्रशासनिक अवरोध तथा ढिलासुस्ती हुनु, उद्यमशीलताको विकास र प्रोत्साहित गर्ने वातावरणको अभाव हुनु जस्ता समस्याहरू रहेका छन् ।

३. चुनौती तथा अवसर

उद्यमशीलतालाई माध्यमिक तह र उच्च शिक्षाको पाठ्यक्रममा एकीकृत गरी शिक्षा प्रणालीको अनिवार्य घटक बनाउने, उद्यमशीलता र नवप्रवर्तनमा आधारित संस्कृतिको विकास गर्ने, उद्यमशीलता विकासका लागि अनुकूल वातावरण सिर्जना गर्ने, उपयुक्त प्रविधि, उद्यमशीलता र नवप्रवर्तनको क्षेत्रमा लगानी बढाउने, समग्र व्यवसाय सञ्चालन र कारोबारको लागत घटाउने, विश्वसनीय व्यावसायिक आयोजनाहरूलाई प्रोत्साहित गर्ने र वित्तीय पहुँचमा सहजीकरण गर्नेजस्ता चुनौतीहरू छन् ।

प्रदेश सरकार कर्णालीलाई नवप्रवर्तनको हवको रूपमा विकास गर्न प्रतिबद्ध हुनु, प्रदेशमा सामाजिक, आर्थिक र वातावरणीय क्षेत्रमा उद्यमशीलता विकासका लागि प्रचुर सम्भावना रहनु, उत्पादन, उत्पादकत्व वृद्धि गरी स्थानीयस्तरमै रोजगारी दिने सोच जनप्रतिनिधिहरूमा हुनु र आफ्नै गाउँठाउँमा केही गर्नुपर्छ भन्ने सोच युवाहरूमा पलाउँदै जानु अवसरहरू हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

उद्यमशीलताको विकास गरी प्रदेशको आर्थिक समृद्धिमा टेवा पुऱ्याउने ।

४.२ लक्ष्य

नवप्रवर्तनशील उद्यमी र उद्यमहरूको विकास गर्ने ।

४.३ उद्देश्य

- उद्यमहरूको विकासका लागि अनुकूल र उत्प्रेरक वातावरण सिर्जना गर्नु ।
- उद्यमी मानव संशाधन र उद्यमशील संस्कृति विकास गर्नु ।
- रोजगारी र आय आर्जनका अवसर वृद्धि गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. नीतिगत, संस्थागत, कानुनी तथा प्रक्रियागत सुधार र अत्यावश्यक पूर्वाधारहरू स्थापित गर्ने ।	क) स्थानीय ज्ञान, सीप, क्षमताको उपयोगमा सहयोग पुग्ने गरी उद्यममैत्री पूर्वाधार, नीति नियमहरू बनाइने छ । ख) सशर्त अनुदानमार्फत स्थानीय तहलाई उद्यमशीलताको विकास र प्रोत्साहनका लागि बजेटको व्यवस्था गर्न उत्प्रेरित गरिनेछ । ग) एकद्वार प्रणालीबाट सबै सेवा उपलब्ध गराउँदै उद्यमहरूको लागत भार घटाइने छ । घ) व्यवसाय विकास केन्द्र लगायतका पूर्वाधारहरू स्थापना गरी नयाँ उद्यमहरूको लागि व्यावसायिक, प्राविधिक, वित्तीय परामर्श लगायत अन्य सेवाहरूमा सहजीकरण गरिनेछ ।
२. उद्यमशीलता विकासका लागि प्रोत्साहन, सहकार्य र साझेदारी गर्ने।	क) सहकारी एवम् सामुदायिक संस्थाहरूलाई सहकारी उद्यम र सामाजिक उद्यमहरू विकासका लागि तालिम र बीउ पुँजीका साथै परामर्श सेवाहरू प्रदान गरिनेछ । ख) वैदेशिक रोजगारबाट सीप सिकेर आएका युवाहरूलाई प्रदेशमै सीप अनुसारको उद्यम सञ्चालनका लागि सहजीकरण गरिनेछ । ग) प्रदेशमा गुणस्तरयुक्त तालिमका अवसरहरू सिर्जना गरी स्थानीय सीप, स्रोतसाधनको प्रयोगबाट व्यवसायहरूको प्रवर्द्धन गर्दै आत्मनिर्भर अर्थतन्त्रको विकास गरिनेछ । घ) सीमान्त समुदायको सशक्तीकरण गर्दै जीवनस्तरमा सुधार ल्याउने सामाजिक उद्यमीहरूको विकास गरिनेछ । ङ) गैरसरकारी तथा नागरिक समाजका संस्थाहरूसँगको सहकार्यमा सामाजिक र पर्यावरणीय उद्यमहरूको प्रबर्द्धनका लागि सामाजिक इन्कुबेटरको स्थापना गरिनेछ ।

रणनीति	कार्यनीति
३. महिला र युवाहरूमा उद्यमशीलता प्रवर्द्धन गर्ने ।	क) सङ्घ र स्थानीय तहसँगको समन्वयमा सीप तथा क्षमता विकाससहित महिला र युवा लक्षित उद्यमशीलता सम्बन्धी विशेष कार्यक्रमहरू कार्यान्वयन गरिनेछ । ख) उद्यमीहरूलाई व्यवसाय स्थापनाका लागि पुँजी, प्रविधि र बजारका लागि सहजीकरण गरिनेछ । ग) अपाङ्गता भएका व्यक्तिको क्षमता विकास गरी उद्यमशीलतालाई प्रोत्साहन गरिनेछ । घ) सीप विकास तालिमहरूलाई उद्यमशीलता र व्यवसाय विकाससँग आवद्ध गरिनेछ । ङ) माध्यमिक विद्यालय र उच्च शिक्षाको पाठ्यक्रममा उद्यमशीलता र नवप्रवर्तनलाई समावेश गर्न पहल गरिनेछ ।
४. उद्यमशीलताको लागि वित्तीय पँहुच र लगानीमा वृद्धि गर्ने ।	क) लघु, घरेलु तथा साना उद्योगहरू एकै स्थानमा सञ्चालन गर्नका लागि सबै आवश्यक पूर्वाधारहरूसहित उपयुक्त स्थानमा एक नमुना औद्योगिक पार्कको स्थापना गरिनेछ । ख) बैंक र वित्तीय संस्थाहरूबाट विभिन्न प्रकृतिका उद्योगहरूमा प्रदान गरिने अनिवार्य कर्जा प्रवाहको सीमा निर्धारण गरिनेछ । ग) उद्यमशीलता विकास कोष स्थापना गरी निश्चित मापदण्डका आधारमा वातावरणमैत्री र तुलनात्मक लाभका व्यावसायिक आयोजना वा उद्यमीहरूलाई अनुदान र विशेष सुविधाहरू उपलब्ध गराइनेछ ।

५. अपेक्षित उपलब्धि

थप घरेलु तथा साना उद्योगहरूको स्थापना भई रोजगारी र स्वरोजगारीमा वृद्धि भएको हुनेछ । प्रदेशमा बिजनेस इन्कुबेशन सेण्टर, एक सामाजिक इन्कुबेटर र एक औद्योगिक पार्कको स्थापना भएको हुनेछ । वित्तीय संस्थाहरूबाट घरेलु, साना तथा मझौला उद्योगहरूमा प्रवाह हुने कर्जामा उल्लेख्य वृद्धि भएको हुनेछ ।

९.३ विपद् व्यवस्थापन

१. पृष्ठभूमि

विपद आकस्मिक हुन्छ तर यसको प्रभाव अनपेक्षित, बहुआयामिक र दीर्घकालीन हुन्छ । भूकम्प, बाढी, पहिरो, महामारी, खडेरी, चट्याङ्ग, आगलागी, असिना, हुरीबतास, हिमपात, हिमतालको विस्फोट जस्ता विपदहरूबाट प्रभावित भइरहने अवस्थाको व्यवस्थापन गर्न जरुरी छ । सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा विपद जोखिम न्यूनीकरण, रोकथाम तथा व्यवस्थापन गर्नका लागि नीतिगत, कानुनी तथा संस्थागत प्रावधानहरू विद्यमान छन् । जटिल भू-धरातलीय बनोट, छरिएर रहेका बस्तीहरू र स्थानीय भण्डारण क्षमताको अभावले गर्दा कर्णाली प्रदेशमा विपद् अघिपछि समेत अत्यावश्यक वस्तु र सेवाहरूको आपूर्तिमा कठिनाई हुने गरेको छ । विपद्का बेला उद्धार तथा राहत पुऱ्याउन विपद् पश्चात पुनर्स्थापनाका कार्यक्रमहरू गर्न झन् कठिन छ । अव्यवस्थित र गुणस्तरहीन पूर्वाधार निर्माणका कारण पनि विभिन्न प्राकृतिक तथा गैरप्राकृतिक विपद्को जोखिम बढिरहेको छ । यस तथ्यलाई मध्यनजर गर्दै सम्भावित विपद्का लागि आवश्यक पूर्व तयारी र प्रतिकार्य योजना निर्माणमा जोड रहनेछ ।

२. प्रमुख समस्या

भौगोलिक जटिलता, मौसमी प्रतिकूलता, छरिएका बस्तीहरू हुनु, गुणस्तरीय पूर्वाधारको अभाव हुनु, विपद न्यूनीकरणका लागि सजगता र विपद् पश्चातको उद्धार तथा राहतका लागि चाहिने पूर्व तयारीको कमी हुनु, स्थानीयस्तरमा भण्डारण क्षमताको अभाव हुनु, दक्ष जनशक्ति, आधुनिक उपकरण र बन्दोबस्तीका सामानहरू अपर्याप्त रहनु प्रमुख समस्याहरू हुन् ।

३. चुनौती र अवसर

दक्ष जनशक्ति, उपकरण र बन्दोबस्तका आधारमा प्रभावकारी उद्धार र राहतका कार्यक्रम सञ्चालन गर्ने, जलवायु परिवर्तनका कारण उत्पन्न असर अनुकूलन कार्यक्रमहरूबाट सम्बोधन नहुनु, दूरदराजमा खाद्यान्न, पालहरू, औषधी उपकरण लगायत अत्यावश्यक सामग्रीहरू भण्डारण गर्ने, समय समयमा वस्तु र सामग्रीहरू प्रतिस्थापन गरिरहनु पर्ने, विपद् व्यवस्थापन कोषको स्थापना गरी तत्काल सेवाका लागि परिचालन गर्ने, सबै नागरिकलाई विपद् सम्बन्धी सचेतना अभिवृद्धि गराई पूर्व तयारीको लागि सजग गराउने जस्ता चुनौतीहरू रहेका छन् ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नीतिगत, कानुनी र संस्थागत व्यवस्थाहरू विकास हुँदै जानु, विपद् जोखिम न्यूनीकरणका लागि तीनै तहका सरकारहरू तथा गैर सरकारी संघ-संस्थाबाट कार्यक्रम सञ्चालन गरिनु, उपयुक्त पूर्वाधारहरूमा क्रमिक बिस्तार हुनु, जलवायु परिवर्तनका कारण उत्पन्न समस्याका लागि स्रोत-साधनको क्रमशः व्यवस्था हुँदै जानु, नागरिकहरू जागरुक हुँदै जानु अवसरहरू हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोंच

विपद् जोखिमबाट सुरक्षित र उत्थानशील प्रदेश ।

४.२ लक्ष्य

विपद्का जोखिम तथा प्रभावहरूलाई न्यूनीकरण गर्ने ।

४.३ उद्देश्य

१. प्रभावकारी पूर्वतयारी गरी विपद्बाट हुने क्षतिलाई न्यून गर्नु ।
२. विपद्को प्रभाव न्यूनीकरण, सामना र द्रुत प्रतिकार्य क्षमता विकास गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. उच्च जोखिममा रहेका समुदाय, क्षेत्र तथा जोखिम न्यूनीकरणका उपायहरू पहिचान गर्ने ।	क) सबै सरोकारवालाहरूको सहभागितामा प्रकोपहरूको नियमित रूपमा पूर्वानुमान र नक्साङ्कन गर्दै उच्च जोखिममा रहेका क्षेत्र र समुदायको पहिचान गरी प्रदेशको जोखिम नक्सा (Hazard map) तयार गरिनेछ । ख) जोखिममा रहेका समुदाय र क्षेत्रहरूका लागि प्रतिकार्य गर्ने क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ । ग) सङ्घ र स्थानीय तहसँगको सहकार्यमा आधुनिक प्रविधि तथा औजारहरूको प्रयोग गरी जोखिम क्षेत्रहरूको पूर्वानुमान र पूर्व सूचना प्रणालीको विकास गरिनेछ ।

रणनीति	कार्यनीति
	घ) विपद् व्यवस्थापन सम्बन्धमा समुदायमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ । ङ) जोखिम क्षेत्रहरूको भू-उपयोग योजना तयार गरी जल तथा जलाधार संरक्षण, नदी नियन्त्रण र पहिरो नियन्त्रणजस्ता निरोधात्मक उपायहरू अवलम्बन गरिनेछ । च) नयाँ भवन, बस्ती, पूर्वाधार निर्माण तथा विकासका कार्य गर्दा जलवायु अनुकूलित र विपद् प्रतिरोधी प्रविधि तथा मापदण्ड लागु गरिनेछ । छ) कृषि, स्वास्थ्य, यातायात, आवास तथा सामुहिक दुर्घटना बिमा लगायत सामाजिक सुरक्षाका प्रावधानहरूलाई सुदृढ गरिनेछ ।
२. जोखिम न्यूनीकरण गर्न नीतिगत, संस्थागत र बन्दोबस्ती सम्बन्धी व्यवस्था गर्ने ।	क) सरोकारवालाहरूको सहभागिता र समन्वयमा विपद् जोखिम व्यवस्थापन तथा पूर्व तयारी सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ । ख) जोखिममा भएका अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, महिला र बालबालिकाका आवश्यकताहरूलाई सम्बोधन गरिनेछ । ग) प्रदेशस्तरमा विपद् व्यवस्थापनका लागि विपद् व्यवस्थापन कोष स्थापना गरी सञ्चालनमा ल्याइनेछ । घ) स्थानीय तहसँग समन्वय गरी आवश्यक स्थानहरूमा राहत तथा उद्धारका अत्यावश्यक सामग्रीहरूको भण्डारण गर्नका लागि जनभकारी स्थापना गरिनेछ । ङ) विकास निर्माणका कार्यक्रमहरूमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई मूलप्रवाहित गरिनेछ । च) विपद्को समयमा आश्रय लिन सकिने गरी सुरक्षित खुला स्थानहरू, सामुदायिक भवन, सडक र आश्रय स्थलहरूको पहिचान तथा व्यवस्था गरिनेछ । छ) विपद् व्यवस्थापन विषयलाई विद्यालयदेखि विश्वविद्यालयसम्म पाठ्यक्रममा समावेश गरिनेछ।

रणनीति	कार्यनीति
३. सरकारी क्षेत्र, निजिक्षेत्र, गैरसरकारी र सामुदायिक क्षेत्रसँगको सहकार्यमा सबै सरोकारवालाहरू को क्षमता विकास गर्ने ।	क) सामुदायिक स्तरमा विपद् व्यवस्थापन कार्ययोजना तथा पारिवारिक विपद् जोखिम व्यवस्थापन योजना निर्माण गरी समुदायलाई सक्षम बनाइनेछ । ख) आपतकालमा प्रतिकार्यलाई शीघ्र नेतृत्व दिन सक्ने सीपयुक्त विपद् दुतको व्यवस्था गरिनेछ । ग) प्रदेश र स्थानीय तहमा प्रकोप व्यवस्थापनका लागि गठन भएका संयन्त्रहरू र त्यसका पदाधिकारीहरूको क्षमता वृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ । घ) सरोकारवालाहरूको बीचमा प्रभावकारी र कार्यमूलक सञ्चार सम्बन्ध स्थापित गरी र सबैको भूमिका प्रष्ट गर्दै निर्दिष्ट भूमिका निर्वाह गर्न सक्ने बनाइनेछ। ङ) विपद् प्रतिकार्य, खोज तथा उद्धार, राहत वितरण सम्बन्धी आम नागरिकलाई प्रशिक्षण दिइनेछ । च) विपद् र प्रतिकार्य व्यवस्थापनमा सुशासन कायम गरिनेछ।

५. अपेक्षित उपलब्धि

विपद् जोखिम व्यवस्थापन रणनैतिक योजना निर्माण भई कार्यान्वयनमा आएको हुनेछ । सक्षम र प्रभावकारी विपद् व्यवस्थापन संयन्त्र क्रियाशील भएको हुनेछ । प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणालीको स्थापना भएको हुनेछ । आधुनिक उपकरण, बन्दोबस्ती, प्रविधि र दक्ष जनशक्तिसहितको प्रतिकार्य क्षमता अभिवृद्धि भएको हुनेछ । प्रदेशको जोखिम नक्सा (Hazard map) तयार भएको हुनेछ ।

९४ वातावरण तथा जलवायु परिवर्तन

१. पृष्ठभूमि

वातावरण, जलवायु र प्राणी जगतबीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ ।हाल प्राकृतिक स्रोतहरूको धान्न नसकिने उपयोग, वायु, पानी र माटोको प्रदुषण, जैविक विविधताको विनाश, जलवायु परिवर्तन र समग्र वातावरणमा ह्रास विश्वव्यापी समस्या बनेका छन् । यसका असरहरू मौसम, तापक्रम, भूमि तथा जलस्रोत व्यवस्थापन, कृषि उत्पादन, स्वास्थ्य, पूर्वाधार र ऊर्जाका क्षेत्रमा प्रष्ट देखिन थालेका छन् । नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने

हक प्रदान गर्दै वातावरण संरक्षणलाई तीनवटै तहका सरकारहरूको साझा अधिकार क्षेत्रमा राखेको छ । हालसम्म कर्णालीमा वातावरण विनाश र प्रदुषण अन्य प्रदेशको तुलनामा कम भए पनि जलवायु परिवर्तनका असरहरू महसुस हुन थालेका छन् । विकास निर्माणको गतिसँगै वातावरणीय ह्रास र जलवायु परिवर्तनका समस्याहरू गहिरिदै र जटिल हुँदै जाने निश्चित छ । यस पृष्ठभूमिमा, वातावरण संरक्षण र जलवायु परिवर्तनका असरहरूको न्यूनीकरण गर्दै प्राकृतिक स्रोत साधनको दिगो व्यवस्थापन गर्नेतर्फ योजनाको जोड रहनेछ ।

२. प्रमुख समस्या

वातावरण तथा जलवायु परिवर्तनका समस्याहरू बढदै जानु, पूर्वाधार विकास र वातावरणबीच सन्तुलन कायम हुन नसक्नु, हरितगृह ग्याँसको उत्सर्जन बढ्दै जानु, धुँवा, धुलोको कण, फोहोरमैला आदिका कारण वायु, नदीनाला प्रदूषित हुँदै जानु, कृषि क्षेत्रमा असन्तुलित ढङ्गले रासायनिक मल र विषादीको प्रयोग बढ्दै जानु, प्रदूषण नियमन सम्बन्धी वैज्ञानिक मापदण्डको अभाव र भएका मापदण्डको कार्यान्वयन क्षमता कमजोर हुनु, वातावरण विनाश र जलवायु परिवर्तनका बहुआयामिक असर बारे जनचेतनामा कमी हुनु र सम्बन्धित सरोकारवालाहरूको समन्वयमा कमी रहनु प्रमुख समस्या हुन् ।

३. चुनौती तथा अवसर

वातावरण संरक्षण र जलवायु अनुकूलन सम्बन्धी संवैधानिक, नीतिगत, कानुनी तथा योजनाका प्रावधानहरू कार्यान्वयन गर्ने, प्राकृतिक कारणले तथा मानवीय क्रियाकलापबाट हुने वातावरणीय ह्रास तथा प्रदूषण नियन्त्रण गर्ने, फोहोरमैलाको उचित व्यवस्थापन गर्ने, पूर्वाधार विकास र वातावरणवीच सन्तुलन कायम गर्ने, र वातावरण संरक्षणका लागि आम कर्णालीबासीलाई जागरूक बनाउने चुनौतीहरू छन् ।

वातावरण संरक्षणमा संविधानको जोड रहनु, जलवायु परिवर्तन व्यवस्थापनमा राष्ट्रिय प्रतिवद्धता हुनु, यस क्षेत्रको वातावरण प्रदूषणयुक्त र ह्रास भइ नसकेकाले संरक्षणका कामहरू पनि सापेक्षित रूपमा सहज हुनु, वातावरण संरक्षणसम्बन्धी प्रदेशस्तरमा नयाँ नीति, कानुन र सङ्गठनात्मक संरचना निर्माण गर्न सकिने अवस्था हुनु, स्वच्छ तथा स्वस्थ वातावरणको महत्त्वका बारेमा जनचेतना वृद्धि हुदै जानु, जैविक विविधता र प्राकृतिक वातावरण संरक्षणबाट पर्यटन विकासमा योगदान पुग्ने सम्भावना रहनु, र

दिगो विकास लक्ष्यहरूले वातावरणीय तथा जलवायु परिवर्तनका पक्षलाई जोड दिनुलाई अवसरको रूपमा लिन सकिन्छ ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

जलवायु अनुकूलित वातावरण निर्माण ।

४.२ लक्ष्य

विकास प्रक्रियालाई स्वच्छ, जलवायु अनुकूलित र वातावरणमैत्री बनाउने ।

४.३ उद्देश्य

- वातावरणीय ह्रास र जलवायु परिवर्तनका असरहरू नियन्त्रण तथा व्यवस्थापन गर्नु ।
- भौतिक पूर्वाधारका प्रविधि तथा विकासका कार्यलाई जलवायु अनुकूलित र वातावरणमैत्री बनाउनु ।
- वातावरण र जलवायुसम्बन्धी संयन्त्रको सबलीकरण गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. सबै प्रकारका फोहोरमैला, प्रदूषण र वातावरणीय ह्रासलाई रोकथाम र प्रभावकारी व्यवस्थापन गर्ने ।	क) मापदण्ड र संयन्त्रहरू निर्माण गरी जल, वायु, माटो, ध्वनि, प्रदूषण, नियन्त्रण तथा फोहोरमैला व्यवस्थापन गरी स्वच्छ वातावरण कायम गरिनेछ। ख) कृषि तथा उद्योगहरूमा विषादी प्रयोगलाई व्यवस्थापन, नियमन र नियन्त्रण गरिनेछ । ग) उद्योग, ऊर्जा, यातायात लगायत अन्य प्रमुख क्षेत्रहरूमा न्यून तापमान र न्यून कार्बन उत्सर्जन गर्ने स्वच्छ प्रविधिहरूको प्रयोग गरिनेछ । घ) प्रदेशमा एक वातावरण प्रदूषण परीक्षण प्रयोगशाला र सबै स्थानीय तहमा फोहोरमैला व्यवस्थापन प्लान्ट स्थापना गरिनेछ । ङ) जलवायु परिवर्तन र वातावरणीय घटनाहरूको नियमित निगरानी गरिनेछ ।

रणनीति	कार्यनीति
२. स्रोतसाधनहरूको संरक्षण तथा मितव्ययी, दक्ष, चक्रीय प्रयोग र पुनःप्रयोगमा जोड दिने ।	क) जमिन, जल, वन सम्पदा लगायत सबै प्राकृतिक स्रोत साधनहरूको संरक्षण र पुनर्स्थापन गर्दै मितव्ययी र उच्चतम प्रयोगमा जोड दिइनेछ । ख) सीमान्त जमिन, नाङ्गा पाखाहरू र नदी किनारहरूमा अतिक्रमण रोकी वृक्षारोपण अभियान सञ्चालन गरिनेछ। ग) नदी, ताल र सिमसारहरूको संरक्षण गरी पानीको सतहलाई यथावत कायम राखिनेछ । घ) वातावरण संरक्षण र जलवायु अनुकूलनसम्बन्धी नीति, कार्यक्रम र संयन्त्रहरूमा अन्तरक्षेत्रीय आवद्धता बढाई एकीकृत र समन्वित गर्दै लगिनेछ। ङ) प्राकृतिक स्रोतसाधन र जैविक विविधताको बेसलाइन (आधार अवस्था) तयार गरी निगरानी प्रणालीको स्थापना गरिनेछ ।
३. पूर्वाधार विकासलाई जलवायु अनुकूलित र वातावरणमैत्री बनाउने ।	क) वातावरण र जलवायुसम्बन्धी नीति र कानुनहरूको प्रभावकारी कार्यान्वयन गर्दै आवश्यकतानुसार परिमार्जन गरिनेछ । ख) तोकिएबमोजिम प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गरेर मात्रै ठूला पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन गरिनेछ । ग) निर्माण र मर्मत सम्भारका सबै शृङ्खलाहरूमा वातावरणमैत्री न्यून कार्वनयुक्त प्रविधि र ऊर्जा प्रयोग गर्दै हरितग्याँस उत्सर्जनलाई बाञ्छित सीमाभित्र राखिनेछ। घ) जलवायु अनुकूलन तथा न्यूनीकरणको योजना बनाई कार्यान्वयन गरिनेछ ।
४. प्राविधिक र संस्थागत क्षमता अभिवृद्धि र उच्चतम उपयोग गर्ने ।	क) वातावरण संरक्षण र जलवायु परिवर्तनको क्षेत्रमा अध्ययन, अनुसन्धान गरिनेछ । ख) न्यून कार्बनयुक्त र जलवायु अनुकूलित विकासका लागि प्राविधिक र संस्थागत क्षमता बढाइनेछ । ग) वातावरण शिक्षा र सूचना प्रचारप्रसारबाट

रणनीति	कार्यनीति
	सरोकारवालाहरूको सचेतना र क्षमता वृद्धि गरिनेछ। घ) वातावरण संरक्षण र जलवायु परिवर्तनको क्षेत्रमा समुदाय र स्थानीय तहको भूमिका र जिम्मेवारी वृद्धि गरिनेछ । ङ) वातावरणीय तथ्याङ्क एवम् सूचना प्रणालीको विकास गरिनेछ ।

५. अपेक्षित उपलब्धि

सबै किसिमका प्रदूषण रोकथाम र न्यूनीकरण गर्न पर्याप्त नीतिगत व्यवस्था र नियमनकारी संयन्त्रको विकास भएको हुनेछ ।वातावरणीय सूचना प्रणालीको विकास भएको हुनेछ । वृक्षारोपणले हरियालीक्षेत्र बिस्तार भएको हुनेछ । प्रदेशमा एउटा वातावरण प्रदूषण परीक्षण प्रयोगशाला स्थापना भएको हुनेछ ।

९.५ जलाधार संरक्षण

१. पृष्ठभूमि

जलप्रवाह प्रणालीका दृष्टिले कर्णाली प्रदेशलाई मुख्य पाँचवटा जलाधार क्षेत्रहरूमा विभाजन गर्न सकिन्छ। ती क्षेत्रहरू हुम्ला कर्णाली (हुम्ला जिल्ला), मुगु कर्णाली (मुगु र डोल्पाका उत्तर पश्चिम भाग), मध्य कर्णाली (कालिकोट, जुम्ला र दैलेख), भेरी (तल्लो डोल्पा, जाजरकोट र सुर्खेत) तथा शारदा नदी (सल्यान जिल्ला) हुन् । यस्तै हिमा, तिला र लोहरे पनि छन् । यो प्रदेश हिमाली, उच्च पहाडी, पहाडी र चुरे भावरमा बिस्तारित रहेको र यसमा छोटो दुरीमै धेरै उचाइगत विविधता रहेको हुँदा यस क्षेत्रका कतिपय भू-भागहरू भू-क्षय, बाढी पहिरोको उच्च जोखिममा रहेका छन् । विगत केही वर्षयता प्राकृतिक तथा मानवीय क्रियाकलापका कारणले यहाँका जलाधारहरूमा समस्याहरू देखिन थालेका छन् । वातावरणमा ह्रास र जलवायु परिवर्तनको दबाब पनि बढिरहेको छ। यी सबै कुराहरूको प्रत्यक्ष प्रभाव कर्णालीबासीको स्वास्थ्य र जीविकोपार्जनमा पर्ने निश्चित छ । यस पृष्ठभूमिमा जलाधार तथा उप-जलाधार क्षेत्रहरू र तिनको सम्वेदनशीलताको पहिचान तथा नक्साङ्कन गर्ने, जनसहभागितामा जलवायु अनुकूल जलाधार व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन गर्ने, पानीका स्रोतहरूको संरक्षण गर्ने र त्यसका लागि प्रदेशभित्र सक्षमता विकास गर्ने तर्फ योजनाको विशेष जोड रहनेछ ।

२. प्रमुख समस्या

जलाधारमा सक्रीय भौतिक, भौतिक जीव र मानवीय तत्त्वहरू बीचका अन्तरसम्बन्धका बारेमा सुझबुझको अभाव हुनु, जलाधारहरू तथा तिनका स्रोतसाधन एवम् जोखिमहरूको यथार्थ तथ्याङ्क सङ्कलन र लेखाजोखा हुन नसक्नु, जलाधार र नदीहरू प्रदुषित हुँदै उपलब्ध पानीको गुणस्तरमा समस्या देखापर्नु, ग्रामीण सडकहरूको अव्यवस्थित निर्माण समेतका कारणले बाढी पहिरो, भूक्षयका घटनाहरूमा वृद्धि हुनु, नदीमा फोहर फाल्ने र विषादीबाट माछा मार्ने कार्यले नदीमा फोहोर भई मानव स्वास्थ्यमा असर पर्न जानु, जलाधारहरूको संरक्षणका लागि समन्वित र व्यवस्थित प्रयास हुन नसक्नु प्रमुख समस्याहरू हुन् ।

३. चुनौती तथा अवसरहरू

जलप्रणालीको उचित व्यवस्थापनका लागि जलाधारलाई ईकाइको रूपमा लिएर पारिस्थितिकीय प्रणालीहरूको व्यवस्थापन र पुनरुत्थान गर्ने, जलाधार र उप-जलाधारहरूका विशेषता र जोखिमहरू समेतका बारेमा पर्याप्त सूचना तथा तथ्याङ्कहरू सङ्कलन एवम् विश्लेषण गर्ने, जलाधार, तिनका महत्त्व तथा संरक्षणका बारेमा सबै सरोकारवालाहरूमा सचेतना फैलाउने र एकीकृत जलाधार व्वस्थापनका लागि सङ्घ, प्रदेश र स्थानीय तहहरूका कार्यक्रमहरू बीच समन्वय कायम गर्ने जस्ता चुनौतीहरू छन् ।

कर्णाली भौगोलिक रूपमा विशाल र जलस्रोतका हिसाबले सम्पन्न प्रदेशको रूपमा रहनु, प्रदेशमा रारा, शे-फोक्सुण्डो जस्ता महत्त्वपूर्ण ताल लगायत नेपालकै सर्वाधिक अग्लो झरना, दर्जनौ तालतलैया तथा सिमसार क्षेत्रहरू रहनु, अनुवंशिक जैविक विविधता, धरातलीय विविधता तथा पारिस्थितिकीय विविधताको उचित सदुपयोग गर्दै प्रदेशको विशाल भूमिको व्यवस्थापनबाट प्रदेशको समृद्धिमा ठोस योगदान पुऱ्याउने अवसरहरू रहेका छन्।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

भू तथा जलस्रोतको प्रभावकारी व्यवस्थापनबाट स्वच्छ र स्वस्थ जलाधार प्रणालीको विकास ।

४.२ लक्ष्य

प्राकृतिक स्रोतहरूको गुणस्तरीय व्यवस्थापन र दिगो उपलब्धता सुनिश्चित गर्ने।

४.३ उद्देश्य

- जलाधार क्षेत्रहरूको संरक्षणका लागि एकीकृत व्यवस्थापन गर्नु ।
- जलाधार क्षेत्रमा परिस्थितिकीय सन्तुलन कायम राख्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. जोखिम र सम्वेदनशीलताका दृष्टिले जलाधारहरूको नक्शाङ्कन गरी प्राथमिकीकरण गर्ने ।	क) स्थानीय तह, समुदाय र अन्य सरोकारवालाहरूको सहभागिता र सहकार्यमा विभिन्न स्तरका जलाधार पहिचान, वर्गीकरण र प्राथमिकीकरण गरिनेछ । ख) वर्गीकरणको आधारमा व्यवस्थापन योजना निर्माण र कार्यान्वयन गरिनेछ । ग) जलाधारहरूको एकीकृत व्यवस्थापन गर्दै बाढी, पहिरो, भूक्षयको रोकथाम गरिने छ । घ) समुदायहरूको सहभागितामा महत्त्वपूर्ण जलाधारक्षेत्रहरूको नियमित निगरानी र सूचना सङ्कलन गरिनेछ । ङ) चुरे क्षेत्रको जलाधार व्यवस्थापनलाई विशेष प्राथमिकता दिइनेछ।
२. जलाधार क्षेत्रको महत्त्व, उपादेयता र संरक्षणका विधिहरू बारे स्थानीय तह र समुदायमा सचेतना वृद्धि र सहकार्य गर्ने ।	क) जलस्रोतका बहु-उपयोग, प्रविधिहरू र उपयोग बारे जनसमुदायमा जागरूकता फैलाइनेछ। ख) समुदायमा रहेका बाँझा जमिनहरूमा रूख तथा बोटबिरुवाहरूको वृक्षारोपण गरी जलाधार र पानीका मुहानहरूको पुनरूत्थान गरिनेछ । ग) स्थानीय तह र समुदायहरूको सह-व्यवस्थापनमा जलाधार, नदीहरू, र जलचरहरूको संरक्षणका लागि सामुदायिक योजनाहरू तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

रणनीति	कार्यनीति
	घ) जलप्रदूषणका कारण, असर र निवारणका उपायहरूको बारेमा समुदायमा सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ । ङ) भइरहेका वनलाई संरक्षित गर्दै भिराला जमिनहरू, पहिरोले विकृत पारेका स्थानहरू र नदीका किनारहरूमा वृक्षारोपण गरी सुरक्षित र संरक्षित गरिनेछ ।
३. जलाधारको व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान, उपयुक्त प्रविधिको विकास र प्रसार गर्नु ।	क) जलाधार संरक्षणका विविध पक्षमा अनुसन्धान र नवप्रवर्तनलाई उत्प्रेरित गरिनेछ । ख) सम्बद्ध सबै निकायहरूको क्षमतामा अभिवृद्धि गरिनेछ । ग) जलाधार संरक्षण कार्यलाई उत्पादनशील, आयमूलक, एवम् बजारमुखी बनाइनेछ । घ) सम्बन्धित क्षेत्रहरू (वन, कृषि, पशुपालन र जलस्रोत) सँग समन्वय र सहकार्य गर्दै एकीकृत र समन्वयात्मक रूपमा अनुसन्धान गरिनेछ ।

५. अपेक्षित उपलब्धि

स्थानीय नागरिकहरूको सक्रीय सहभागितामा विभिन्नस्तरका जलाधार पहिचान, वर्गीकरण र प्राथमिकीकरण भएको हुनेछ । प्रदेशका जलाधारहरूको संरक्षण भएको हुनेछ । संरक्षित जलाधारहरूको उपयोग गरी आय आर्जनका कार्यक्रमहरू सञ्चालन भएका हुनेछन् । जलाधार संरक्षणका विविध पक्षमा अनुसन्धान भई ज्ञानको व्यवस्थापन भएको हुनेछ ।

९.६ सामुदायिक साझेदारी र गैरसरकारी नागरिक संस्था

१. पृष्ठभूमि

कर्णाली प्रदेशमा दुई हजारभन्दा बढी गैरसरकारी नागरिक संस्थाहरू र उल्लेख्य सङ्ख्यामा सामुदायिक संस्थाहरू रहेका छन्। आकार, विचारधारा, उद्देश्य, रणनीति, विशेषज्ञता, कार्यक्रम र वित्तीय स्रोत व्यवस्थापनका दृष्टिले यी संस्थाहरूमा विविधता

पाइन्छ । यी संस्थाहरूका गतिविधिहरूको नियमित अनुगमन गर्ने संयन्त्रको विकास गर्दै यिनको भूमिकालाई अझ सकारात्मक, प्रभावकारी र जवाफदेही बनाउनु आवश्यक देखिएको छ । साथै, यिनको क्षमता, पुँजी, सीप तथा स्रोतसाधनलाई प्रदेशका प्राथमिकताका क्षेत्रमा उपयोग गर्दै आर्थिक-सामाजिक विकासको मूलधारमा ल्याउनु परेको छ । त्यसैले प्रदेशमा कार्यरत सामुदायिक तथा गैरसरकारी संस्थाहरूसँग साझेदारी गर्दै पारदर्शी ढङ्गले विकासमा उनीहरूको सीप, लगानी र क्षमताको अधिकतम् उपयोग गर्नेतर्फ योजना केन्द्रित रहेको छ ।

२. प्रमुख समस्या

गैरसरकारी संस्थाहरू वित्तीय र साङ्गठनिक क्षमताका दृष्टिले कमजोर हुनु, प्रदेशको प्राथमिकता क्षेत्रसँग उनीहरूको आवद्धता कम हुनु, नियमनका लागि प्रभावकारी र एकीकृत संयन्त्र नहुनु, प्रदेश र स्थानीय तहमा साझेदारी र समन्वयको अभाव हुनु, दीर्घकालीन रूपमा स्रोतको सुनिश्चितता नहुनु, कतिपय कार्यक्रमहरूमा दोहोरोपन हुनु, प्रभावकारी अनुगमन मूल्याङ्कन प्रणालीको अभावमा आन्तरिक सुशासन कमजोर हुनु प्रमुख समस्याका रूपमा रहेका छन् ।

३. चुनौती तथा अवसर

दिगो विकासका लागि सरकारसँग सहकार्य र साझेदारीको वातावरण सिर्जना गर्ने, साझेदारीलाई सघन, सक्षम र सबै पक्षका लागि लाभदायक बनाउने, भूमिकालाई पारदर्शी बनाउँदै आन्तरिक सुशासन कायम गर्ने, लगानीलाई प्रदेश र स्थानीय तहहरूको प्राथमिकताका क्षेत्रमा प्रवाहित गराउने, लगानीको उच्चतम् उपयोगबाट अधिकतम् प्रतिफल हाँसिल गर्ने, नियमन, अनुगमन र मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउने जस्ता चुनौतीहरू छन् ।

सामुदायिक तथा गैरसरकारी संस्थाहरूको लागि संवैधानिक संरक्षण प्राप्त हुनु, निर्वाचनबाट तीन तहका सरकारको गठनसँगै स्थानीयस्तरमा साझेदारी, नियमन र अनुगमनका लागि अनुकूल वातावरण तयार हुनु, क्रमिकरूपमा संस्थाहरूको विशेषज्ञता र क्षमता बिस्तार हुँदै जानु, प्रदेशमा ठूलो सङ्ख्यामा गैरसरकारी संस्थाहरूको उपस्थिति रहनु अवसरहरू हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

सामुदायिक एवम् गैरसरकारी क्षेत्रको सहकार्यमा दिगो सामाजिक-आर्थिक विकासमा सहयोग ।

४.२ लक्ष्य

सामाजिक-आर्थिक रुपान्तरणका लागि सामुदायिक तथा गैरसरकारी संस्थाहरूको प्रभावकारी परिचालन गर्ने।

४.३ उद्देश्य

सामुदायिक तथा गैरसरकारी संस्थाहरूको स्रोत, साधन र सीपलाई प्राथमिकताका क्षेत्रहरूमा पारदर्शी ढङ्गले परिचालन गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीतिहरू	कार्यनीतिहरू
१. सामुदायिक तथा गैरसरकारी संस्थाहरूसँग सार्थक साझेदारीका लागि अनुकूल वातावरण सिर्जना गर्ने ।	क) साझेदारीलाई कार्यान्वयन गर्नका लागि आवश्यक नीतिगत, कानुनी, संस्थागत पूर्वाधारहरू निर्माण गरिनेछ । ख) प्रदेश सामुदायिक र गैरसरकारी संस्था समन्वय महाशाखा स्थापना गरी संस्थाहरूलाई सहजीकरण र कार्यक्रमहरूको प्रभावकारितामा वृद्धि गरिनेछ । ग) साझेदारहरूको भूमिका र जिम्मेवारी प्रष्टसँग उल्लेख गरेको औपचारिक सम्झौतामा आधारित साझेदारी र सहकार्य गरिनेछ ।
२. सामुदायिक र गैरसरकारी संस्थाहरूलाई समृद्ध कर्णाली निर्माणमा सहयोगीको भूमिका प्रदान गर्ने ।	क) मौलिक, सिर्जनशील र नवप्रवर्तनशील आयोजनाहरूका लागि **च्यालेन्ज फण्ड**को स्थापना गरी मापदण्डको आधारमा प्रदान गरिनेछ । ख) महिला, दलित तथा अन्य सीमान्तकृत समुदायको मूलप्रवाहीकरण र सशक्तीकरणको क्षेत्रमा साझेदारीलाई प्रर्वद्धन गरिनेछ ।

रणनीतिहरू	कार्यनीतिहरू
	ग) समुदायमा दिगो भौतिक, सामाजिक र आर्थिक पूर्वाधार र सेवाहरूको विकास र सामुदायिक स्वावलम्बनलाई मद्दत पुग्ने खालका आयोजनाहरूलाई विशेष प्राथमिकता दिइनेछ ।
३. स्थानीय तहसँगको समन्वयमा सामुदायिक तथा गैरसरकारी संस्थाहरूको परिचालन, व्यवस्थापन तथा नियमनका लागि प्रभावकारी संयन्त्र विकास गर्ने ।	क) सामुदायिक तथा गैरसरकारी संस्थाहरूमा आन्तरिक सुशासन कायम गर्न आचारसंहिता तर्जुमा र कार्यान्वयन गरिनेछ । ख) पारदर्शिता, जवाफदेहिता र सुशासनलाई साझेदारीको पूर्वशर्तको रूपमा स्थापित गरिनेछ। ग) प्रदेश र स्थानीय निकायमा स्थापित संयन्त्रमार्फत सामुदायिक तथा गैरसरकारी संस्थाहरूबाट सञ्चालित आयोजनाहरूको नियमित रूपमा अनुगमन र मूल्याङ्कन गरिनेछ । घ) विभिन्न संस्थाहरूमार्फत प्रदेशमा भएका लगानी र सञ्चालित कार्यक्रमहरूलाई वार्षिक बजेटमा प्रतिविम्बित गर्नुका साथै भित्रिएको स्रोत, साधन र कार्यक्रमहरूको एकीकृत अभिलेख राखिनेछ ।

५. अपेक्षित उपलब्धि

सामुदायिक र गैरसरकारी क्षेत्रहरूसँगको साझेदारीमा सञ्चालित कार्यक्रमहरूको प्रभावकारिता उल्लेख्य वृद्धि भएको हुनेछ । सामुदायिक र गैरसरकारी संस्थाका स्रोत, साधनहरू प्रदेश र स्थानीय तहले तोकेका प्राथमिकताको क्षेत्रमा प्रवाहित भएका हुनेछन् । स्थापित एकद्वार प्रणालीमार्फत परिचालन र नियमनमा प्रभावकारिता आएको हुनेछ ।

९.७ अनुसन्धान र विकास

१. पृष्ठभूमि

अनुसन्धान, प्रविधिको विकास, नवप्रवर्तन र दिगो विकासबीच गहिरो सम्बन्ध रहन्छ । विज्ञान र प्रविधिको क्षेत्रमा तीव्र प्रगति भइरहेको वर्तमान सन्दर्भमा नयाँ अवसरहरूको पहिचान गर्न, नयाँ प्रविधि, वस्तु र सेवाहरूको विकास गर्न, उपयोग भैरहेका

अवसरहरूलाई निरन्तरता दिन, सेवाग्राहीहरूका बदलिंदा रुचि, अपेक्षा र प्राथमिकता बमोजिम वस्तु र सेवाहरूमा सुधार गर्न, उत्पादकत्वमा वृद्धिका लागि रणनीतिहरूको विकास गर्न, सार्वजनिक सेवाहरूको प्रभावकारितामा अभिवृद्धि गर्न र नयाँ सिर्जना हुने सामाजिक र वातावरणीय जोखिम तथा चुनौतीहरूको सामना गर्न अनुसन्धानमा आधारित विकास आवश्यक छ ।

२. प्रमुख समस्या

प्रदेशमा अध्ययन, अनुसन्धान र नवप्रवर्तनको अपेक्षित विकास हुन नसक्नु, सोच, स्रोत र साधनको अभावले यस क्षेत्रमा लगानी न्यून हुनु, ज्ञान उत्पादनका लागि स्थापित केही संस्था तथा विश्वविद्यालय अनुसन्धानका दृष्टिले पछाडि पर्नु, उपलब्ध र आवश्यक नवप्रवर्तनलाई उपयोगमा ल्याउन नसक्नु, निजीक्षेत्र अनुसन्धान र विकासका लागि लगानी गर्न असमर्थ हुनु, सार्वजनिक, निजी, सहकारी र सामुदायिक तथा गैरसरकारी संस्थाहरूलाई अनुसन्धान, नवप्रवर्तन र विकासमा परिचालन गर्न नसक्नु प्रमुख समस्याहरू हुन् ।

३. चुनौती तथा अवसर

अध्ययन, अनुसन्धान र विकासका लागि आवश्यक संरचना, जनशक्ति र भौतिक पूर्वाधारहरूको निर्माण गर्ने, अनुसन्धान र विकास प्रणालीलाई नीति तथा कार्यक्रम तर्जुमा प्रक्रियासँग आवद्ध गर्ने, नीति विश्लेषणका लागि पर्याप्त क्षमता विकास गर्ने, अनुसन्धानमा आधारित विकास तथा नवप्रवर्तनको बारेमा नीति निर्माताहरूमा अभिरुची र इच्छाशक्ति जागृत गराउने, प्रभावकारी अनुसन्धान र विकास प्रणालीको विकासमा निजीक्षेत्रलाई सहकार्यका लागि आकर्षित गर्ने जस्ता चुनौतीहरू रहेका छन् ।

अध्ययन र अनुसन्धानमा आधारित विकास योजनाको माग बढ्दै जानु, परम्परागत ज्ञान र सीपको लामो अनुभव विद्यमान हुनु, विकास र सुशासनका लागि डिजिटल कर्णाली प्रदेशको अवधारणा अगाडि बढाउनु, सरकारी तथा गैरसरकारी क्षेत्र र दातृ निकायहरूको यस क्षेत्रमा संलग्नता बढ्दै जानु र विश्वव्यापी रूपमै सूचना र तथ्यमा आधारित नीति निर्माण गर्ने अभ्यास लोकप्रिय हुँदै जानु अवसरहरू हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

अध्ययन, अनुसन्धानमा आधारित विकास निर्माण ।

४.२ लक्ष्य

अध्ययन, अनुसन्धानमा आधारित विकास मार्फत आर्थिक-सामाजिक रुपान्तरण गर्ने।

४.३ उद्देश्यहरू

उत्पादकत्व, उद्यमशीलता र नवप्रवर्तनलाई प्रर्वद्धन गर्दै सामाजिक आर्थिक रुपान्तरण गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. अध्ययन, अनुसन्धान र विकास कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउने।	क) सरोकारवालाहरूसँगको परामर्शमा अध्ययन, अनुसन्धानका लागि प्राथमिकताका क्षेत्रहरूको पहिचान गरिनेछ । ख) अध्ययन अनुसन्धानमा लगानी अभिवृद्धि गरी तुलनात्मक लाभ र रुपान्तरणकारी क्षेत्रमा केन्द्रित गर्दै उत्पादन र उत्पादकत्वमा वृद्धि गरिनेछ । ग) अध्ययन, अनुसन्धानका परिणामहरूलाई दिगो विकासका लागि सदुपयोग गरिनेछ ।
२. शैक्षिक प्रणालीलाई गुणस्तरयुक्त, व्यावसायिक र अनुसन्धानमूलक बनाउने ।	क) विज्ञान र शिक्षालाई एकीकरण गर्दै प्राथमिकताका क्षेत्रको अनुसन्धान र विकासका लागि आवश्यक उच्चस्तरीय मानव संशाधन क्रमशः प्रदेशभित्रै तयार गरिनेछ । ख) आवश्यक पूर्वाधारहरूको बिस्तार गरी प्रस्तावित पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय, मध्यपश्चिमाञ्चल विश्वविद्यालय र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई अनुसन्धान तथा नवप्रवर्तन केन्द्रको रूपमा विकास गरिनेछ । ग) प्रदेशमा नवप्रवर्तन र आविष्कार गर्नेलाई प्रोत्साहित गर्ने नीति लिइनेछ ।
३. अध्ययन, अनुसन्धानमा आधारित विकासमा सरकारी, निजी,	क) प्रदेशको प्राथमिकताका क्षेत्रमा अध्ययन, अनुसन्धान गरिरहेका विश्वविद्यालयहरू, निजी क्षेत्र, सहकारी तथा विकास साझेदारहरूसँग सहकार्य गर्दै अनुसन्धान र विकास सञ्जालको विकास गरिनेछ । ख) अन्वेषण र अनुसन्धान केन्द्रहरू, आवश्यक कार्यशाला

रणनीति	कार्यनीति
सहकारी तथा विकास साझेदारहरूसँग साझेदारी बढाउने ।	र स्तरीय प्रयोगशालाहरू स्थापना गर्नका लागि सङ्घ, स्थानीय तह, तथा निजी, सहकारी र विकास साझेदारसँग सहकार्य गरिनेछ । ग) अनुसन्धानलाई स्थानीय समस्या र सम्भावनासँग जोड्न अनुसन्धानकर्ता, निजीक्षेत्र, नीति निर्माता तथा जनसमुदायहरूलाई सघन रूपमा परिचालन गराइनेछ ।

५. अपेक्षित उपलब्धि

अनुसन्धान र विकासको क्षेत्रको लगानीमा उल्लेख्य वृद्धि भई अध्ययन अनुसन्धानमा आधारित विकास कार्य भएका हुनेछन् । भएका अनुसन्धान र विकास कार्यहरूको व्यवस्थित अभिलेखीकरण भएको हुनेछ । मध्यपश्चिमाञ्चल विश्वविद्यालय र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग सहकार्य गर्नुका साथै प्रस्तावित पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय र नव-प्रवर्तन तथा आविष्कार केन्द्रको स्थापना भई सञ्चालन भएको हुनेछ ।

९.८ श्रम तथा रोजगारी

१. पृष्ठभूमि

संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हक मानेको छ । स्थानीय स्तरमा रोजगारको अभावको कारणले कर्णाली प्रदेशबाट अधिकांश युवाहरू मौसमी रोगजारका लागि खासगरी भारत लगायत विश्वका विभिन्न देशहरूमा जानु पर्ने बाध्यता रही आएको छ । प्रदेशको रोजगारीमा गैर कृषि औपचारिक क्षेत्रको हिस्सा ४३.८ प्रतिशत र बेरोजगारी ९.७ प्रतिशत रहेको छ । यसर्थ, उत्पादनशील र मर्यादित रोजगारीका अवसरको सिर्जना, उद्यमशील र सीपयुक्त मानव संशाधनको विकास तथा बेरोजगार र अनुत्पादक क्षेत्रमा रहेका श्रमशक्तिलाई उत्पादनशील क्षेत्रमा स्थानान्तरण गर्दै पूर्ण रोजगारयुक्त र समृद्ध कर्णालीको आधारशीला निर्माण गर्नु पर्नेछ ।

२. प्रमुख समस्या

प्रदेशभित्र उत्पादनशील रोजगारीका अवसरहरू सीमित हुनु, रोजगारी सिर्जनाका लागि भएका सम्भावनाहरूको उपयोग गर्न नसकिनु, वैदेशिक रोजगारप्रतिको निर्भरता बढ्दै जानु, श्रमबजारका आवश्यकता र उपलब्ध सीपहरूबीच तालमेल नहुनु, पूर्वाधार

विकासका कार्यक्रमहरूले अपेक्षित गति लिन नसक्नु, उद्यमशीलताका लागि उत्प्रेरक वातावरण बन्न नसक्नु, उपलब्ध रोजगारीका अवसरमा अनौपचारिक क्षेत्रको बर्चस्व रहनु, रोजगार विनिमय सेवा प्रभावकारी हुन नसक्नु, व्यवसायजन्य सुरक्षा र स्वास्थ्यका प्रावधानहरूको पर्याप्त विकास गर्न नसक्नु, वैदेशिक रोजगारबाट प्राप्त हुन आएको सीप र पुँजीलाई प्रदेशभित्र उद्यमहरू र रोजगारीका अवसर सिर्जना गरी उपयोग गर्न नसकिनु प्रमुख समस्याहरू हुन् ।

३. चुनौती तथा अवसर

श्रमशक्ति खपत गर्ने आन्तरिक क्षमता बढाई ऊर्जाशील श्रमशक्तिलाई प्रदेशको विकासमा लगाउने, प्रदेशमा तीव्र औद्योगीकरण गर्ने, श्रमशक्तिलाई श्रमबजारका आवश्यकता अनुरूप सीप, प्रविधि र उद्यमशीलतायुक्त बनाउने, जीवनभर सिकाइको अवसर उपलब्ध गराउँदै श्रमशक्तिको सीपलाई अद्यावधिक र समय–सान्दर्भिक बनाई राख्ने, लैङ्गिक, जातीय लगायतका विभेदहरू हटाउँदै श्रमबजारलाई समावेशी बनाउने, रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा वृद्धि गर्दै अनौपचारिक क्षेत्रलाई नियमनको दायरामा ल्याउने र बालश्रम लगायत अस्वीकार्य श्रम अभ्यासहरूको अन्त गर्ने जस्ता चुनौतीहरू रहेका छन् ।

युवामा सीप र उद्यमशीलताप्रति अभिरुचि बढ्दै जानु, सीप विकासका अवसरहरूमा वृद्धि हुँदै जानु, मर्यादित कामका मानकहरूप्रति जागरुकता बढ्दै जानु, श्रम सम्बन्धमा सुधार हुँदै जानु, राजनीतिक स्थिरता कायम हुनु तथा नीतिगत, कानुनी र संस्थागत सुधारले लगानीका लागि अनुकूल वातावरण बन्दै जानु, संविधान प्रदत्त रोजगारी र श्रमको हक प्रत्याभूत गर्न सङ्घ, प्रदेश र स्थानीय तहको नेतृत्व प्रतिबद्ध हुनु, क्रमिक रूपमा पूर्वाधारहरूको बिस्तार हुँदै जानु, स्थानीय तहहरूमा रोजगार सूचना केन्द्रको स्थापना हुनु र प्रदेशमा कृषि, वन, उद्योग, पर्यटन र पूर्वाधारका क्षेत्रमा पर्याप्त उत्पादनशील रोजगारीको सिर्जना हुने सम्भावना रहनु अवसरहरू हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोंच

मर्यादित, सुरक्षित र उत्पादनशील श्रम तथा रोजगार ।

४.२ लक्ष्य

काम गर्ने उमेरका कर्णालीबासीलाई ज्ञान, सीप, प्रविधि, पुँजी र उद्यमशील बनाई रोजगार सुनिश्चित गर्ने।

४.३ उद्देश्य

- मर्यादित र उत्पादनशील रोजगारीका अवसर वृद्धि गर्नु गरी उद्यमशीलता विकासबाट स्वरोजगारी प्रबर्द्धन गर्नु ।
- असल श्रम अभ्यासहरूलाई प्रोत्साहित गर्दै कामदारहरूको हक अधिकारको संरक्षण गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. प्रतिफलमूलक रोजगारका अवसरहरूको पहिचान र प्रवर्द्धन गर्ने ।	क) प्रदेशभित्र निर्माण र उत्पादन रोजगारका अवसर तथा सम्भावना पहिचान गरी रोजगार प्रवर्द्धनको कार्यलाई व्यापक बनाईनेछ । ख) अन्तर्राष्ट्रिय श्रम बजारका सम्भाव्यताहरूको अध्ययन गर्ने र सो अनुकूल दक्ष र प्रतिस्पर्धी जनशक्ति तयार गरिनेछ । ग) रोजगार सिर्जनाका लागि सार्वजनिक, निजी, सहकारी तथा साझेदारी संस्थाहरूको भूमिकालाई प्रभावकारी बनाईनेछ । घ) स्थानीय स्रोत, सीप र श्रममा आधारित उद्योगलाई प्रोत्साहन गर्न तथा उद्योग स्थापना र सञ्चालन सम्बन्धी व्यवस्थापकीय प्रक्रियालाई सहज र सरल बनाउन आवश्यक व्यवस्था मिलाइने छ । ङ) प्रदेशभित्र रोजगार प्रदान गर्ने उद्योग व्यवसायलाई रोजगारीका आधारमा कानुन बमोजिम आवश्यक सुविधा र सहुलियत प्रदान गरिनेछ । च) सडक, यातायात, जलविद्युत, पर्यटन लगायतका क्षेत्रसँग सम्बन्धित साना, मध्यम र ठूला आयोजनाहरूको विकास र सञ्चालन गर्दा प्रदेशभित्रका श्रमशक्तिको उपयोगलाई प्राथमिकता दिइनेछ ।

रणनीति	कार्यनीति
	छ) प्रदेशमा श्रमिकको माग र आपूर्तिलाई व्यवस्थित र पहुँचयोग्य बनाउन आधुनिक रोजगार सूचना प्रणालीका साथै रोजगार प्रवर्द्धन संरचनाको विकास गरी कार्यान्वयन गरिनेछ । ज) वर्षभरी नै बेरोजगार रहेका स्थानीय व्यक्तिहरूलाई कम्तिमा १०० दिन रोजगारीको सुनिश्चितता गरिनेछ। झ) बजारको माग अनुसार दक्ष र सीपयुक्त जनशक्ति विकास गरी रोजगार एवं स्वरोजगारका सम्भावनाहरू वृद्धि गरिनेछ । ञ) रोजगारी र व्यावसायिक शिक्षा तथा तालिमबीचको अन्योन्याश्रित सम्बन्धलाई उजागर गर्न युवाहरूलाई उद्यमशीलताप्रति आकर्षित गर्न र श्रम र श्रमिकप्रति सम्मान गर्न विविध सचेतना कार्यक्रमहरू अभियानका रूपमा सञ्चालन गरिनेछ ।
२. प्रदेशमा विद्यमान अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिक क्षेत्रको रोजगारीमा क्रमशः रुपान्तरण गर्ने ।	क) अनौपचारिक तरिकाबाट प्राप्त सीप र दक्षतालाई औपचारिक उद्योग व्यवसायमा रुपान्तरण गर्न, अनौपचारिक शिक्षा, उद्यमशीलता तालिम, सीप र क्षमता विकास तथा पुनर्ताजगी तालिम प्रदान गरिनेछ। ख) लोपोन्मुख, सीमान्तकृत र पिछडिएको समुदायले आर्जन गरेको परम्परागत सीप र पेशालाई व्यवसायमुखी बनाई रोजगार वृद्धि गरिनेछ । ग) अनौपचारिक तथा परम्परागत श्रम, सीप र ज्ञानमा आधारित पेसा व्यावसायको स्थापना, परामर्श, सूचना, व्यवस्थापन, वित्तीय सेवामा पहुँच पुऱ्याउन विशेष व्यवस्था गरिने छ । घ) अनौपचारिक पेशामा संलग्न समुदायहरूका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरी उनीहरूका पेसा र व्यवसायलाई सामाजिक सुरक्षासँग आवद्ध गरिनेछ ।

रणनीति	कार्यनीति
	ङ) उपभोक्ता समितिबाट गराइने विकास निर्माणका कार्यमा स्थानीय बेरोजगार व्यक्तिलाई पहिलो प्राथमिकता दिई रोजगारीमा संलग्न गराइने छ । च) अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूलाई श्रमिक सहकारीमा आवद्ध गरी संस्थागत गरिने छ ।
३. बालश्रम, बाँधा श्रम तथा बाध्यकारी श्रम अभ्यासलाई उन्मूलन गर्दै रोजगारीमा महिला र सीमान्तकृत वर्गको समान पहुँच बढाउने ।	क) प्रदेशभित्र बालश्रमको अवस्थाबारे अध्ययन एवम् पहिचान गरी बालश्रम उन्मूलन गरिनेछ । ख) वादी, हलिया जस्ता बाध्यकारी श्रम सम्बन्ध उन्मूलन गर्न व्यवस्था मिलाइनेछ । ग) आर्थिक रूपले विपन्न, दलित, पीडित महिला, सीमान्तकृत तथा बाध्यकारी श्रममा पारिएका वर्ग र समुदायहरूको लागि सीप तथा क्षमता अभिवृद्धि गरी रोजगारीमा आरक्षणको व्यवस्था गरिनेछ ।
४. रोजगारमूलक लगानीको प्रवर्द्धनको लागि सुमधुर श्रम सम्बन्धको विकास गर्न आवश्यक कानुनी एवम् संरचनागत व्यवस्था गर्ने ।	क) श्रमबजार तथा रोजगारीमा लैङ्गिक, वर्गीय तथा जातीय विभेद र हिंसा निरुत्साहित गरी कानुन बमोजिम समान कामका लागि न्यूनतम समान ज्याला दिने व्यवस्था मिलाइनेछ । ख) उद्योग प्रतिष्ठान, व्यवसाय, आयोजना परियोजनाहरूमा श्रमिकहरूको प्रतिष्ठा स्थापित गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासहरूलाई समेत मध्यनजर गरी मर्यादित श्रम मापदण्डहरू निर्धारण गरी लागु गरिनेछ । ग) सुमधुर औद्योगिक सम्बन्धको विकासका लागि प्रदेश सरकार, रोजगारदाता र श्रमिकबीचको सहकार्यलाई निरन्तरता दिइनेछ । घ) श्रमिकहरूको हित प्रवर्द्धन, गुनासो व्यवस्थापन, औद्योगिक प्रतिष्ठानहरूको नियमित अनुगमन, मूल्याङ्कन र निरीक्षण गर्न, त्रि-पक्षीय र द्वि-पक्षीय परामर्श तथा वार्ताका लागि सहजीकरण गर्न संरचना निर्माण गरिनेछ ।

रणनीति	कार्यनीति
	ङ) कार्यस्थलमा हुने जोखिमलाई न्यूनीकरण गरी व्यवसायजन्य सुरक्षा र स्वास्थ्य प्रवर्द्धनका लागि मापदण्ड बनाई कार्यान्वयन गरिनेछ । च) नेपाल सरकारसँग समन्वय गरी अशक्त, अपाङ्गता भएका, कडा रोग लागेका, अति विपन्न श्रमिक र तिनका परिवारका लागि सामाजिक सुरक्षा कार्यक्रम ल्याइनेछ । छ) नेपाल सरकारबाट सञ्चालन गरिएका योगदानमा आधारित सामाजिक सुरक्षा योजना र स्वास्थ्य बिमा कार्यक्रममा सबै श्रमिक तथा स्वरोजगारमा संलग्न हुने वातावरण तयार गर्न आवश्यक व्यवस्था मिलाइनेछ।
५. वैदेशिक रोजगार व्यवस्थापनलाई सुधार गर्दै वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित र लाभयुक्त बनाउने ।	क) प्रदेशबाट भारत लगायत विभिन्न मुलुकमा वैदेशिक रोजगारीका लागि जाने नागरिकहरूको अभिलेख व्यवस्थापन गरिनेछ । ख) वैदेशिक रोजगारीका नाममा हुने ठगी तथा मानव बेचबिखनलाई न्यूनीकरण गर्न सचेतना कार्यक्रमका साथै प्रदेश स्तरमा गुनासो सुन्ने इकाइको व्यवस्था गरी पीडकलाई कानुनी कारवाही गर्ने व्यवस्था मिलाइनेछ । ग) वैदेशिक रोजगारीमा जानु अघि जान्नै पर्ने लाभ, लागत, जोखिम र सचेतना जस्ता विषयमा प्रत्येक स्थानीय तहसँग समन्वय गरी नियमित रूपमा अभिमुखीकरण गर्ने व्यवस्था मिलाइने छ । घ) प्रदेशबाट वैदेशिक रोजगारमा जान चाहने र पुनः जान चाहने कामदारका लागि श्रम स्वीकृति प्रदेश स्तरबाटै प्रदान गर्ने व्यवस्थाका लागि नेपाल सरकारसँग समन्वय गरिनेछ । ङ) प्रदेशबाट रोजगार प्रवर्द्धन बोर्डसँग समन्वय गरी वैदेशिक रोजगारमा गई समस्यामा परेका कामदारको उद्धार, मृतक कामदारका हकवालालाई

रणनीति	कार्यनीति
	आर्थिक सहायता, अशक्त अपाङ्गलाई उपचार खर्च र पुनःस्थापना जस्ता सेवाहरू प्रदेश स्तरबाटै प्रदान गर्ने व्यवस्था मिलाइने छ ।
६. वैदेशिक रोजगारबाट सिकेको सीप तथा ज्ञानलाई स्वदेशमै प्रयोग गरी रोजगार सिर्जना गर्ने वातावरण बनाउन विशेष कार्यक्रम सञ्चालन गर्ने ।	क) वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको तथ्याङ्क सङ्कलन गरी उनीहरूले सिकेको ज्ञान र सीप अनुसार व्यवसाय गर्न वित्तीय पहुँच सहितका कार्यक्रमहरू सञ्चालन गरिनेछ । ख) वैदेशिक रोजगारीमा ठगिएका श्रमिकहरूलाई उद्धार, पुनःस्थापना र पुर्नएकीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ । ग) मौसमी रोजगारीका लागि प्रवास जाने प्रवृतिलाई अन्त्य गर्न स्थानीय तहमै रोजगार तथा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

५. अपेक्षित उपलब्धि

प्रदेशमा काम गर्ने उमेरका जनशक्ति उत्पादनशील रोजगारीमा संलग्न भएका हुनेछन् । सक्रीय श्रमबजार नीतिबाट न्यूनतम रोजगारी प्रत्याभूत भएको हुनेछ । प्रदेशको बेरोजगारी दर ९.७ प्रतिशतबाट ६ प्रतिशतमा ओर्लेको हुनेछ । आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसङ्ख्या हालको ५ प्रतिशतबाट ४८ प्रतिशत पुगेको हुनेछ । सबै स्थानीय तहहरूमा श्रमबजार सूचना प्रणाली विकास भई प्रभावकारी रूपमा रोजगार विनिमय सेवा सञ्चालन भएको हुनेछ । असल श्रम अभ्यासका माध्यमबाट औद्योगिक वातावरणमा सुधार भएको हुनेछ ।

अन्तरसम्बन्धित विषयका कार्यक्रमहरू

९.१ गरिबी निवारण

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	गरिबी न्यूनीकरण रणनीति तर्जुमा	२०७६।०७७ २०८०।०८१	१ करोड	सबै स्थानीय तहमा पुगेर सुझाव सङ्कलन र तथ्याङ्क लिई गरिबी न्यूनीकरण रणनीति तर्जुमा गरी कार्यान्वयन भएको हुनेछ ।
२	गरिब घर परिवार पहिचान र परिचयपत्र वितरण	२०७६।०७७ २०८०।०८१	२० करोड	सङ्घ र स्थानीय तहसँग समन्वय गरी गरिब घर परिवार पहिचान र परिचय पत्र वितरण भएको हुनेछ।
३	खाना, नाना, छाना कार्यक्रम	२०७६।०७७ २०८०।०८१	५० करोड	सङ्घ र स्थानीय तहसँग समन्वय गरी विपन्न घर परिवार लक्षित गरी खाना, नाना, छाना कार्यक्रम सञ्चालन भएको हुनेछ ।
४	गरिबी निवारणका लागि एकीकृत अनिवार्य न्यूनतम आयआर्जन कार्यक्रम	२०७६।०७७ २०८०।०८१	४ अर्ब	कर्णाली प्रदेशका गरिब घरपरिवार लक्षित गरी एकीकृत अनिवार्य न्यूनतम आयआर्जन कार्यक्रम मार्फत यस्ता घरपरिवारलाई गरिबीको रेखा माथि ल्याउनुका साथै उनीहरूले तोकिएको न्यूनतम आयआर्जन गरेको हुनेछ ।
५	विपन्न समुदायलाई स्रोत, साधन सीप र प्रविधियुक्त कार्यक्रम	२०७६।०७७ २०८०।०८१	३ अर्ब	व्यावसायिक शिक्षा, सीप विकास, उद्यमशीलता र सहुलियत दरमा ऋण उपलब्ध गराई विपन्न समुदायको स्वरोजगार सुनिश्चित भएको हुनेछ ।
६	गरिबी न्यूनीकरण उच्चस्तरीय संयन्त्र निर्माण	२०७६।०७७ २०८०।०८१	—	मुख्यमन्त्रीको संयोजकत्वमा गरिबी न्यूनीकरण उच्चस्तरीय निर्देशन समिति र सम्बन्धित मन्त्रालयका मन्त्रीको संयोजकत्वमा समन्वय समिति क्रियाशील भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
७	गरिबी निवारण सम्बन्धी कार्यक्रमहरूको समन्वय	२०७६।०७७ २०८०।०८१	—	गरिबी निवारणका लागि सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालन हुने कार्यक्रमहरू सम्बन्धित मन्त्रालयहरूको समन्वयमा कार्यान्वयन भएको हुनेछ ।
८	उत्पादन र रोजगार कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१२ अर्ब	सङ्घ र स्थानीय तहसँग समन्वय गरी मुख्यमन्त्री रोजगार कार्यक्रम, लक्षित वर्ग विशेष कार्यक्रम मार्फत सबैलाई रोजगारी सिर्जना भएको हुनेछ ।

९.२ उद्यमशीलता विकास

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	उद्यमी संस्कारको प्रोत्साहन तथा विकास	२०७६।०७७ २०८०।०८१	६ करोड	स्थानीय स्रोत साधन र ज्ञान सीपमा आधारित उद्यम व्यवसाय गर्न व्यावसायिक, प्राविधिक, वित्तीय परामर्श लगायतका उद्यमी संस्कारको विकास भएको हुनेछ ।
२	उद्यमशीलता विकासका लागि प्रोत्साहन, सहकार्य र साझेदारी	२०७६।०७७ २०८०।०८१	५ करोड	प्राविधिक सीप परीक्षणको व्यवस्था, वैदेशिक रोजगारीबाट फर्केकाहरूको सीप उपयोग, उद्यमशीलता विकास सम्बन्धी काममा प्रोत्साहन र सरोकारवालाहरूसँग सहकार्य र साझेदारी भएको हुनेछ।
३	लक्षित वर्ग उद्यम विकास कार्यक्रम	२०७६।०७७ २०८०।०८१	२५ करोड	महिला, दलित, सीमान्तकृत समुदाय, अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकास गरी उद्यम विकास भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
४	नमुना औद्योगिक पार्क	२०७६।०७७ २०८०।०८१	५ करोड	प्रदेशभित्र रहेका औद्योगिक उपकरणको बारेमा सिक्ने, सिकाउने, प्रदर्शन गर्ने र मनोरञ्जन गर्ने एक नमूना औद्योगिक पार्कको स्थापना भएको हुनेछ ।

९.३ विपद् व्यवस्थापन

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	विपद् जोखिम व्यवस्थापन तथा पूर्वतयारी सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा	२०७६।०७७ २०७७।०७८	—	विपद् जोखिम व्यवस्थापन तथा पूर्वतयारी सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा भई कार्यान्वयनमा आएको हुनेछ ।
२	विपद्को पहिचान, पूर्वानुमान र नक्शाङ्कन	२०७६।०७७ २०८०।०८१	५० लाख	सरोकारवालाको सहभागितामा उच्च जोखिममा रहेका क्षेत्र र समुदायको पहिचान, पूर्वानुमान र नक्शाङ्कन भएको हुनेछ ।
३	विपद्को पूर्वतयारी सहितको व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१ करोड	सङ्घ र स्थानीय तहसँग जोखिम क्षेत्रहरूको पूर्वानुमान र पूर्वसूचना प्रणालीको विकास गरी विपद्को पूर्वतयारी सहितको व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन भएको हुनेछ।
४	प्रदेश तथा स्थानीय तहहरूमा पूर्व तयारी प्रबन्ध कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१ अर्ब	विपद्को उद्धार तथा राहतका साथै जलाधार संरक्षण, नदी तटबन्धन, पहिरो नियन्त्रण, जलवायु अनुकुलित र भूकम्प प्रतिरोधी विकास संरचना तथा दुर्घटना बिमा जस्ता पूर्व तयारीको प्रवन्ध भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
५	विपद् व्यवस्थापन कोषको स्थापना	२०७६।०७७ २०८०।०८१	१ अर्ब	प्रदेश स्तरमा विपद् व्यवस्थापनका लागि विपद् व्यवस्थापन कोष स्थापना र सञ्चालन भएको हुनेछ ।
६	जन भकारीको स्थापना	२०७६।०७७ २०८०।०८१	५० करोड	स्थानीय तहहरूमा राहत तथा उद्धारका लागि अत्यावश्यक सामाग्रीहरूको भण्डारण गर्न जनभकारी स्थापना र सञ्चालन भएको हुनेछ ।
७	विपद्को समयमा आश्रयस्थलको पहिचान र व्यवस्थापन	२०७६।०७७ २०८०।०८१	५० करोड	सबै स्थानीय तहले विपद्को समयमा आश्रय स्थलको पहिचान र व्यवस्थापन गरेको हुनेछ ।
८	विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण	२०७६।०७७ २०८०।०८१	३० करोड	विपद् प्रतिरोधी प्रविधि तथा मापदण्ड निर्माण भई विपद्को उद्धार सम्बन्धी जनशक्ति तयार गर्न प्रत्येक वडाहरूमा प्रशिक्षण कार्यक्रम सञ्चालन भएको हुनेछ ।
९	विपद् जोखिमविरुद्ध सामूहिक दुर्घटना बिमा	२०७६।०७७ २०८०।०८१	—	विपद् जोखिमविरुद्ध सामुहिक दुर्घटना बिमाको कानुन निर्माण गरी लागु भएको हुनेछ ।
१०	समुदायमा आधारित विपद् व्यवस्थापन कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१ करोड	प्रत्येक घरमा विपद् पूर्व तयारीको व्यवस्था गर्न अभिप्रेरित गर्नुका साथै विद्यायलयदेखि विश्वविद्यालयसम्मको पाठ्यक्रममा विपद् व्यवस्थापन विषयमा पढाइ भएको हुनेछ ।
११	विपद् दूतको व्यवस्था		१० करोड	विपद् प्रतिकार्य खोज तथा उद्धार र राहत सम्बन्धी प्रशिक्षण आम नागरिकलाई प्रदान गर्नुका साथै सबै पालिकामा स्वयंसेवकको रूपमा विपद् दूतको व्यवस्था भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१२	विपद् व्यवस्थापन सूचना प्रणाली स्थापना	२०७६।०७७ २०७८।०७९	१० करोड	विपद् व्यवस्थापन सूचना प्रणाली स्थापना गरी विपद् प्रतिकार्य व्यवस्थापन भएको हुनेछ ।

९.४ वातावरण तथा जलवायु परिवर्तन

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	प्रदेश वातावरण संरक्षण ऐन, नियमावली र मापदण्ड तर्जुमा	२०७६।०७७ २०७७।०७८	—	प्रदेश वातावरण संरक्षण ऐन, नियमावली र मापदण्ड तर्जुमा गरी संयन्त्र निर्माण भएको हुनेछ ।
२	कृषि तथा उद्योगहरूमा प्रयोग हुने विषादी नियन्त्रण	२०७६।०७७ २०८०।०८१	—	कृषिमा रासायनिक मलको नियन्त्रण गरी जैविक मलखादको बिस्तार तथा उद्योगहरूमा प्रयोग हुने विषादी नियन्त्रणको लागि मापदण्ड निर्माण गरी कार्यान्वयन भएको हुनेछ ।
३	न्यून तापमान र न्यून कार्वन उत्सर्जन गर्ने स्वच्छ प्रविधिहरूको उपयोग	२०७६।०७७ २०८०।०८१	२० करोड	वैकल्पिक ऊर्जा प्रर्वद्धन, विद्युतीय सवारी साधनको बिस्तार, विद्युतीय ऊर्जाको उपयोगमा बढोत्तरी भएको हुनेछ ।
४	वातावरण परीक्षण प्रयोगशाला स्थापना	२०७६।०७७ २०८०।०८१	१ करोड	प्रदेशस्तरीय वातावरण परीक्षण प्रयोगशाला स्थापना भएको हुनेछ ।
५	स्थानीय तहहरूमा फोहोरमैला व्यवस्थापन प्लाण्ट स्थापना	२०७६।०७७ २०८०।०८१	३ करोड	सबै स्थानीय तहहरूमा फोहोरमैला व्यवस्थापन प्लाण्ट स्थापना भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
६	जलवायु परिवर्तन तथा वातावरणीय तथ्याङ्क एवं सूचना प्रणालीको विकास	२०७६।०७७ २०८०।०८१	५० लाख	सरोकारवाला निकायसँगको साझेदारीमा जलवायु परिवर्तन तथा वातावरणीय घटनाहरूको निगरानीका लागि सूचना प्रणाली निर्माण गरी कार्यान्वयनमा आएको हुनेछ ।
७	नवीकरणीय प्राकृतिक स्रोत साधनहरूको संरक्षण, चक्रीय र पुनः प्रयोग	२०७६।०७७ २०८०।०८१	१० करोड	नदी, ताल र सिमसार क्षेत्र जस्ता नवीकरणीय प्राकृतिक स्रोत साधनहरूको संरक्षण चक्रीय र पुनः प्रयोग भई प्रतिकूल वातावरणमा समानुकूलन भएको हुनेछ ।
८	वातावरण संरक्षण र जलवायु अनुकूलन सम्बन्धी अध्ययन अनुसन्धान	२०७६।०७७ २०८०।०८१	१० करोड	विकास साझेदार संस्थाहरूसँगको सहकार्यमा वातावरण संरक्षण र जलवायु अनुकूलन सम्बन्धी अध्ययन अनुसन्धान भएको हुनेछ ।
९	जैविक विविधताको निगरानी प्रणाली स्थापना	२०७७।०७८ २०८०।०८१	१ करोड	प्राकृतिक स्रोत साधन र जैविक विविधताको प्रोफाईल तयार गरी जैविक विविधताको निगरानी प्रणाली स्थापना भएको हुनेछ ।
१०	प्रदेश वातावरण अनुकूलन योजना तर्जुमा	२०७६।०७७ २०७८।०७९	५० लाख	प्रदेश वातावरण अनकूलन योजना तर्जुमा गरी कार्यान्वयन भएको हुनेछ ।
११	वातावरणीय शिक्षाको प्रचार प्रसार	२०७६।०७७ २०८०।०८१	१ करोड	विद्यालय, समुदाय र स्थानीय तहमा वातावरणीय शिक्षाको प्रचार प्रसार भएको हुनेछ ।

९.५ जलाधार संरक्षण

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	प्रदेशका महत्त्वपूर्ण जलाधार क्षेत्रहरूको नक्साङ्कन, वर्गीकरण र प्राथमिकीकरण	२०७६।०७७ २०८०।०८१	५० लाख	स्थानीय तहसँगको सहकार्यमा जलाधार, उपजलाधार व्यवस्थापन योजना बनाई कार्यान्वयन प्रारम्भ भएको हुनेछ ।
२	संवेदनशील गाउँ बस्ती तथा पूर्वाधारहरूको प्रकोप जोखिम न्यूनीकरण	२०७६।०७७ २०८०।०८१	६० करोड	अति संवेदनशील बस्ती तथा पूर्वाधारहरूको प्रकोप जोखिम न्यूनीकरणका लागि बाढी, पहिरो, भूक्षय रोकथामका कार्यहरू र बायो इन्जिनियरिङ पद्धतिबाट सडक पाखो संरक्षण भएको हुनेछ ।
३	अति जोखिम क्षेत्र पहिचान, नक्साङ्कन तथा पूर्वसूचना प्रणाली व्यवस्थापन	२०७६।०७७ २०८०।०८१	५ करोड	भौगोलिक, भौगर्भिक तथा मौसमी अवस्थाको अध्ययन गरी जोखिम क्षेत्र पहिचान, नक्साङ्कन तथा पूर्वसूचना प्रणाली व्यवस्थापन भएको हुनेछ ।
४	चुरे क्षेत्रको जलाधार व्यवस्थापन	२०७६।०७७ २०८०।०८१	३ करोड	राष्ट्रपति चुरे संरक्षण कार्यक्रमसँग समन्वय गरी चुरे क्षेत्रको जलाधार व्यवस्थापन भएको हुनेछ ।
५	ताल, तलैया, पोखरी तथा सिमसार क्षेत्रको पहिचान, वर्गीकरण र संरक्षण	२०७६।०७७ २०८०।०८१	९० करोड	स्थानीय तहसँग सहकार्य गरी ताल, तलैया, पोखरी तथा सिमसार क्षेत्रको पहिचान, वर्गीकरण र संरक्षण गर्नुका साथै एक वडा-एक पोखरी निर्माण कार्यक्रम सञ्चालन भएको हुनेछ ।
६	पानीका मुहान क्षेत्रहरू संरक्षण विशेष कार्यक्रम	२०७६।०७७ २०८०।०८१	२६ करोड	एकीकृत जलाधार व्यवस्थापनबाट पानीको मुल संरक्षण, जल पुर्नभरणका लागि हिँउ पोखरी तथा वर्षे पोखरी निर्माण र गह्रा सुधार कार्यक्रम मार्फत पानीका मुहान क्षेत्रहरू संरक्षण भएका हुनेछन्।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
७	जलस्रोतको बहु-उपयोग र जलप्रदुषण नियन्त्रण सचेतना कार्यक्रम	२०७६।०७७ २०८०।०८१	२४ करोड	जलस्रोत ऐनको प्रावधान अनुसार जलको बहु-उपयोग र जलचर संरक्षण ऐन अनुसार पानीका मुहान, खोला, पोखरी, ताल र नदीमा जल प्रदुषण हुन नदिन जलस्रोतको बहु-उपयोग र जलप्रदुषण नियन्त्रण सचेतना कार्यक्रम सञ्चालन भएको हुनेछ ।
८	भिरालो जमिनमा सुरक्षित खेती प्रणाली विकास र बिस्तार	२०७६।०७७ २०८०।०८१	१६ करोड	बायो इन्जिनियरिङ पद्धतिबाट क्षतिग्रस्त भूमिहरूको पूनरुत्थान गर्नुका साथै भिरालो जमिनमा सुरक्षित खेती गर्ने प्रणाली (SALT) को बिस्तार गरिएको हुनेछ ।
९	उपल्लो क्षेत्रको संरक्षण र तल्लो क्षेत्रमा बाँध तथा तटबन्ध	२०७६।०७७ २०८०।०८१	२० करोड	जलाधार व्यवस्थापन योजना बनाई उपल्लो क्षेत्रमा छेकाबाँधहरू र तल्लो क्षेत्रमा तटबन्ध निर्माण गरी प्रकोप जोखिम न्यूनीकरण गरिएको हुनेछ ।
१०	कार्यमूलक अनुसन्धान र नवप्रर्वद्धन	२०७६।०७७ २०८०।०८१	६ करोड	स्थानीय तहसँगको सहकार्यमा सुक्ष्म जलाधार संरक्षण र प्रर्दशन, भिरालो जमिनमा सुरक्षित खेती प्रविधि विकास र प्रर्दशन, खेतीबारी संरक्षण प्रविधि विकास तथा जलस्रोतको संरक्षण र बहु-उपयोगका कार्यहरूमा कार्यमूलक अनुसन्धान गरी प्रविधि विकास भएको हुनेछ।
११	जलाधारीय स्रोतहरूको समुचित व्यवस्थापन मार्फत हरित रोजगारी प्रवर्द्धन	२०७६।०७७ २०७८।०७९	१६ करोड	जल, जमिन, जडीबुटी, जंगल, जीवजन्तु र जनसमुदायको समुचित व्यवस्थापनका लागि उपयुक्त स्थान, समुदाय र क्षेत्र छनौट गरी नमूना कृषक तयार पारी सुरक्षित खेतीपातीका प्रविधिहरू बिस्तार भएको हुनेछ ।

९.६ सामुदायिक साझेदारी तथा गैर सरकारी संस्थाहरू

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	सामुदायिक तथा गैरसरकारी संस्थाहरूसँग साझेदारीका लागि आवश्यक नीतिगत, कानुनी, संस्थागत पूर्वाधारहरू निर्माण	२०७६।०७७ २०७८।०७९	—	सामुदायिक तथा गैरसरकारी संस्थाहरूसँग सार्थक साझेदारीका लागि आवश्यक नीतिगत, कानुनी र संस्थागत पूर्वाधारहरू निर्माण भई तिनीहरूलाई प्रदेश प्राथमिकताको क्षेत्रमा परिचालन भएको हुनेछ ।
२	नव प्रवर्तनशील आयोजनाहरूका लागि च्यालेन्ज फण्डको व्यवस्था	२०७६।०७७ २०८०।०८१	१ करोड	मौलिक, सिर्जनशील र नव प्रवर्तनशील आयोजनाहरूका लागि च्यालेन्ज फण्डको व्यवस्था भइ कार्यान्वयन भएको हुनेछ ।
३	समुदाय लक्षित मुलप्रवाहीकरण कार्यक्रममा साझेदारी	२०७६।०७७ २०८०।८१	९ करोड	महिला, दलित तथा अन्य सीमान्तकृत समुदाय लक्षित मुलप्रवाहीकरण कार्यक्रममा साझेदारी गरी विद्यमान स्थितिमा सुधार भएको हुनेछ ।
४	दिगो विकासमा सामुदायिक तथा गैरसरकारी सङ्घ संस्थाहरूको स्वावलम्बी प्रयास	२०७६।०७७ २०८०।०८१	३ करोड	सामुदायिक तथा गैरसरकारी सङ्घ संस्थाहरूबाट दिगो विकासमा सहयोगीको भूमिका खेल्ने स्वावलम्बी कार्यक्रमहरू सञ्चालित भएको हुनेछ ।
५	सामुदायिक तथा गैरसरकारी संस्थाहरूको परिचालन, व्यवस्थापन तथा नियमन	२०७६।०७७ २०८०।०८१	५० लाख	सामुदायिक तथा गैरसरकारी संस्थाहरूको एकीकृत अभिलेखका लागि सूचीकृत, प्राथमिकतामा परिचालन तथा नियमन गर्न मापदण्ड तर्जुमा गरी कार्यान्वयन भएको हुनेछ ।

९.७ अनुसन्धान र विकास

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	प्रदेशको प्राथमकिताका क्षेत्रहरूको पहिचान	२०७६।०७७ २०८०।०८१	१० करोड	सरोकारवालाहरूसँगको परामर्शमा अनुसन्धानका लागि प्राथमिकताका क्षेत्रहरूको पहिचान गरी थप अध्ययन अनुसन्धान भएको हुनेछ ।
२	अनुसन्धान र विकास	२०७६।०७७ २०८०।०८१	५० करोड	अध्ययनका आधारमा विकास योजना छनौट गरी तुलनात्मक लाभ र रुपान्तरकारी तथा प्रदेश महत्त्वका आयोजनामा प्रदेश केन्द्रित भएको हुनेछ।
४	अध्ययन, अनुसन्धानका लागि सहकार्य कार्यक्रम	२०७६।०७७ २०८०।०८१	१० करोड	मध्यपश्चिमाञ्चल विश्वविद्यालय, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रस्तावित पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय र नवप्रवर्तन तथा आविष्कार केन्द्रसँग अध्ययन अनुसन्धानका लागि सहकार्य भएको हुनेछ ।
५	अनुसन्धानमा आधारित विकास साझेदारी कार्यक्रम	२०७६।०७७ २०८०।०८१	५० करोड	सङ्घ, स्थानीय तह, विकास साझेदार तथा निजी र सहकारी क्षेत्रसँगको साझेदारीमा अनुसन्धान प्रयोगशालाहरू स्थापना भई सबैलाई अनुसन्धानको ढोका खुला भएको हुनेछ ।

९.८ श्रम तथा रोजगारी

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	रोजगारका अवसरहरूको पहिचान तथा प्रवर्द्धन कार्यक्रम	२०७६।०७७ २०८०।०८१	६० लाख	प्रदेशभित्र निर्माण र उत्पादन रोजगारका अवसर तथा सम्भावनाको पहिचान गरी सार्वजनिक, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरूसँगको समन्वय र सहकार्यबाट एकीकृत रूपमा रोजगारी प्रर्वद्धन भएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
२	दक्ष र प्रतिस्पर्धी जनशक्ति निर्माण	२०७६।०७७ २०८०।०८१	५ करोड	राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारको अध्ययन गरी योजनावद्ध रूपमा दक्ष र प्रतिस्पर्धी जनशक्ति निर्माण गर्ने कार्य भईरहेको हुनेछ ।
३	श्रम तथा रोजगारसम्बन्धी कानुन तर्जुमा	२०७६।०७७ २०८०।०८१	—	प्रदेश श्रम तथा रोजगार सम्बन्धी कानुन तर्जुमा भई कार्यान्वयनमा आएको हुनेछ ।
४	श्रम तथा रोजगार सूचना प्रणालीको स्थापना	२०७६।०७७ २०८०।०८१	१ करोड ५० लाख	स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रसँगको समन्वयमा प्रदेशभित्र श्रमिकहरू र रोजगारदाताहरूको सूचना सङ्कलन र सहजीकरण गर्न श्रम तथा रोजगार सूचना प्रणालीको स्थापना भएको हुनेछ ।
५	मुख्यमन्त्री रोजगार कार्यक्रम	२०७६।०७७ २०८०।०८१	८ अर्ब	प्रदेशमा रहेका सम्पूर्ण बेरोजगार जनशक्तिलाई एक आर्थिक वर्षमा कम्तिमा १०० दिनको रोजगारीको सुनिश्चितता भएको हुनेछ ।
६	श्रम तथा रोजगार सचेतना कार्यक्रम	२०७६।०७७ २०८०।०८१	३ करोड	श्रमप्रति सम्मान अभिवृद्धि गरी श्रमिक र रोजगारदाताबीच असल श्रम सम्बन्ध स्थापित गर्न श्रम तथा रोजगार सचेतना कार्यक्रम सञ्चालन भएको हुनेछ ।
७	प्राविधिक सीप विकास तालिम	२०७६।०७७ २०८०।०८१	१२ करोड	अनौपचारिक क्षेत्रमा कार्यरत जनशक्तिलाई प्राविधिक तथा व्यावसायिक सीप प्रदान गरी औपचारिक रोजगारीको क्षेत्रमा रुपान्तरण गराईएको हुनेछ ।
८	समुदायका परम्परागत तथा मौलिक सीपको व्यवसायीकरण	२०७६।०७७ २०८०।०८१	१२ करोड	लोपोन्मुख, सीमान्तकृत र पिछडिएको समुदायका परम्परागत तथा मौलिक सीपको प्रर्वद्धन गरी व्यवसायीकरण भएको हुनेछ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
९	पेशा र व्यवसायमा आधारित सामाजिक सुरक्षा	२०७६।०७७ २०८०।०८१	१ करोड १० लाख	योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७५ बमोजिम पेशा र व्यवसायमा आवद्ध भएकाहरूको सामाजिक सुरक्षाको हक कार्यान्वयन भएको हुनेछ ।
१०	श्रम सहकारी गठन र सञ्चालन	२०७६।०७७ २०८०।०८१	७९ लाख	स्थानीय तहसँग समन्वय गरी बेरोजगार जनशक्तिलाई उत्पादन र पूर्वाधार विकासमा परिचालन गर्न श्रम सहकारीको गठन र सञ्चालन भएको हुनेछ ।
११	बालश्रम तथा बाध्यकारी श्रमको उन्मूलन	२०७६।०७७ २०८०।०८१	१ करोड	बालश्रम तथा बाध्यकारी श्रमको अनुगमन तथा नियमन गरी उन्मूलनका कार्यक्रमहरू सञ्चालन भएको हुनेछ ।
१२	समान काम-समान ज्याला	२०७६।०७७ २०८०।०८१	—	लैङ्गिक, वर्गीय र जातीय विभेद निरुत्साहित गरी समान कामका लागि समान ज्याला लिने दिने पद्दति स्थापित भएको हुनेछ।
१३	मर्यादित श्रम मापदण्ड निर्धारण	२०७६।०७७ २०८०।०८१	२५ लाख	राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम अभ्यासका आधारमा मर्यादित श्रम मापदण्ड निर्धारण भई कार्यान्वयनमा आएको हुनेछ ।
१४	श्रमिक परामर्श तथा कानुनी सहायता	२०७६।०७७ २०८०।०८१	६० लाख	प्रदेशस्तरमा श्रमिकहरूको हक अधिकार सम्बन्धी परामर्श तथा कानुनी सहायता उपलब्ध गराइएको हुनेछ ।
१५	स्वरोजगार कार्यक्रम	२०७६।०७७ २०८०।०८१	६ अर्व	मौसमी रोजगारीका लागि प्रवास जाने जनशक्तिलाई प्रदेशभित्रै रोजगारीका लागि स्वरोजगार कार्यक्रम सञ्चालन भएको हुनेछ।
१६	उत्पादन र रोजगारमा प्राथमिकता	२०७६।०७७ २०८०।०८१	—	प्रदेश भित्रको स्थानीय उत्पादनको उपभोग र रोजगार क्षेत्रमा स्थानीय जनशक्तिलाई पहिलो प्राथमिकता दिइएको हुनेछ ।

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१७	वैदेशिक रोजगारबाट फर्केका र ज्ञान, सीप, क्षमता भएकाहरूको लागि वित्तीय पहुँच तथा प्राविधिक सहयोग	२०७६।०७७ २०८०।०८१	३ करोड ३० लाख	वैदेशिक रोजगारबाट फर्केका र ज्ञान, सीप, क्षमता भएकाहरूको लागि वित्तीय पहुँच तथा प्राविधिक सहयोग उपलब्ध भएको हुनेछ ।

अन्तरसम्बन्धित विषयका नतिजा खाका

प्रभाव

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
वार्षिक औषत आर्थिक वृद्धि दर	प्रतिशत	५.७	९.९	१३.३	१५.७	१७.९	१८.८	के.त.वि.
निरपेक्ष गरिबीको रेखामुनी रहेका जनसङ्ख्या	प्रतिशत	२८.९	२८	२५	२२	२०	१८	के.त.वि.
बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या	प्रतिशत	५१.२	५०	४५	३९	३२	२५	के.त.वि.
बेरोजगारी दर	प्रतिशत	९.७	९.०	८.५	८	७	६	के.त.वि.

गरिबी निवारण

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्या	अनुपात	०.९३	०.९२	०.९१	०.९०	०.८९	०.८९	के.त.वि.
सम्पत्तिमा आधारित गिनी गुणक		०.४२	०.४२	०.४१	०.४०	०.३९	०.३९	के.त.वि.
लक्षित कार्यक्रमबाट फाइदा लिएका घरपरिवार	सङ्ख्या	१०००	५०००	५५००	७५००	८०००	८५००	भु.ब्य.कृ स.म.
भूमिहीन कृषि कार्यक्रममा समावेश घर परिवार	सङ्ख्या	—	३००	५००	८००	१०००	१२००	भु.ब्य.कृ स.म.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
गरिब लक्षित कार्यक्रमका लागि विनियोजित बजेट	प्रतिशत	—	५	९	१०	१४	१८	भु.ब्य.कृ स.म.

उद्यमशीलता विकास

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
लघु उद्यम सञ्चालन गर्ने घर परिवार	प्रतिशत	२०	२०	३०	३२	३५	४०	उ.प.व.वा.म..
लघु उद्यम प्रवर्द्धनका लागि सञ्चालित कार्यक्रम	सङ्ख्या	५	५	१०	१५	१८	२०	उ.प.व.वा.म.
लघु उद्यमबाट भएको स्वरोजगार सङ्ख्या	सङ्ख्या	९१२३	१०५५९	१२०००	१५०००	२००००	२५०००	उ.प.व.वा.म.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
लघु उद्यम सम्बन्धी तालिम प्राप्त व्यक्ति	सङ्ख्या	२५००	३७३१	५०००	७०००	१००००	१५०००	उ.प.व.वा.म.
लघु उद्यम दर्ता	सङ्ख्या	३१०९	३५०४	४०००	४३००	४५००	५०००	उ.प.व.वा.म.
लघु उद्यममा स्वरोजगार प्राप्त व्यक्ति	सङ्ख्या	९१२३	१०५५९	१२०००	१५०००	२००००	२५०००	उ.प.व.वा.म.

विपद् व्यवस्थापन

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
विपद्का घटनामा उद्धार गरिएको	प्रतिशत	७५	७०	८३	९०	९५	१००	आ.मा. का.म
विपद् उद्धारको पूर्व तयारी गरेका स्थानीय तह	सङ्ख्या	४३	४७	७९	७९	७९	७९	आ.मा. का.म.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त जनशक्ति	सङ्ख्या	६५	८८	९६	११२	१२५	१३२	आ.मा. का.म.
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी पूर्व तयारीका कार्यक्रम	सङ्ख्या	२५	२९	२९	३२	३५	४०	आ.मा. का.म.
विपद् घटनाबाट प्रभावित मध्ये राहत प्राप्त गर्ने घर परिवार	सङ्ख्या	२८९	१२६	१४००	१५००	१६००	१७००	आ.मा. का.म.

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
विपद् घटनाबाट प्रभावित मध्ये पुनर्स्थापित घर परिवार	सङ्ख्या	६९७१	५९१	४२५	३५०	२००	१००	आ.मा. का.म.
बाढी पूर्व सूचना प्रणाली जडान	सङ्ख्या	५	७	८	९	१०	१२	उ.प.व. वा.म
ठूला तथा मझौला नदीमा तटवन्ध निर्माण	कि मि	३.४	४	५.५	६	८	१०	उ.प. व. वा.

वातावरण तथा जलवायु परिवर्तन

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
विषादी प्रयोगको मात्रा	मे टन	४०	३५	३०	२५	२०	१५	भू.व्य.कृ.स

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
वातावरण संरक्षणका कार्यक्रम	सङ्ख्या	१०	१०	१०	१०	१०	१०	उ.प.व.वा.म.
फोहोर मैला प्रशोधन केन्द्र	सङ्ख्या	०	२	४	६	८	१०	उ.प.व.वा.म.
वायु गुणस्तर मापन केन्द्र	सङ्ख्या	०	०	१	२	३	४	उ.प.व.वा.म.

जलाधार संरक्षण

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
संरक्षित जलाधार क्षेत्र	सङ्ख्या	०	०	१०	१५	२०	२५	उ.प.व.वा.म.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
जलाधार संरक्षणका कार्यक्रम	सङ्ख्या	७	७	५	७	८	१०	उ.प.व.वा.म.
जलाधार संरक्षणका लागि भएको वृक्षारोपण	हेक्टर	२००	२५०	१३०	३४०	४५०	५२५	उ.प.व.वा.म.

सामुदायिक साझेदारी तथा गैर सरकारी संस्थाहरू

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
सरकारी निकायसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने गैर सरकारी संस्थाहरू	सङ्ख्या	८०	९१	१०३	११७	१३२	१५०	साविम

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
गैरसरकारी संस्थाहरू	सङ्ख्या	२८४	२९६	३०९	३३२	३२६	३५०	सा.वि.म.
गैर सरकारी संस्थाहरूले सञ्चालन गरेका कार्यक्रम	सङ्ख्या	५२	५६	६०	६५	७०	७५	सा.वि.म.
विकास साझेदार संस्थाहरू	सङ्ख्या	३०	३५	४०	४४	४८	५०	सा.वि.म.

अनुसन्धान तथा विकास

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
अनुसन्धान तथा विकासमा छुट्याइएको बजेट	प्रतिशत	१	२	२	३	४	५	आ.मा. यो.म.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
अनुसन्धान तथा विकास सम्बन्धी कार्यक्रम	सङ्ख्या	—	—	७	१०	२५	५०	मु.म.का.
अनुसन्धान तथा विकासमा संलग्न निकाय	सङ्ख्या	—	—	३	५	७	१०	मु.म.का.
प्रदेशमा स्थापना भएका अनुसन्धान केन्द्र	सङ्ख्या	—	—	२	३	४	४	मु.म.का.

श्रम तथा रोजगारी

असर

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा	प्रतिशत	४३.८	४४.५	४५	५०	५५	६०	सा.वि.म.
श्रम उत्पादकत्व	रु हजारमा	१६१.४	१७१	१८२	२००	२२०	२४१.३	सा.वि.म.
युवा बेरोजगारी	प्रतिशत	९.७	८	८.७०	७.१०	७.४५	६	सा.वि.म.

प्रतिफल

प्रमुख सूचक	इकाइ	आधार वर्ष २०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	सूचनाको स्रोत
प्रति वर्ष स्वरोजगार सिर्जना	सङ्ख्या	४०००	६३००	१०१००	१५९००	२५२००	३००००	सा.वि.म.
प्रति वर्ष रोजगार सिर्जना	सङ्ख्या	—	—	—	२००००	२५०००	३००००	सा.वि.म.
प्रति वर्ष श्रम बजारमा आउने जनशक्ति	सङ्ख्या	—	—	—	४००००	५००००	६००००	सा.वि.म..
प्रति वर्ष दक्ष जनशक्तिको उत्पादन	सङ्ख्या	—	—	—	४७४	६००	८००	सा.वि.म.

परिच्छेद : १०

योजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन

१०.१ अन्तर सरकारी समन्वय र सहकार्य

१. पृष्ठभूमि

समृद्ध र सुखारी प्रदेश निर्माण गर्न बनेका योजनाहरूको सफल कार्यान्वयनका लागि तीन तहका सरकारहरूबीच मात्र हैन प्रदेशभित्र अन्तर मन्त्रालय तथा सबै सरकारी निकायहरूबीच एवम् अन्तर प्रदेश आपसी समन्वय र सहकार्य पनि अत्यावश्यक हुन्छ । अन्य प्रदेशहरूभन्दा विषम भूगोल रहेको, मानव विकास सूचकाङ्कमा पछाडि परेका स्थानीय तहहरूको बाहुल्यता रहेको कर्णाली प्रदेशमा द्रुत आर्थिक, सामाजिक र पूर्वाधार विकासका लागि प्रभावकारी अन्तर सरकारी समन्वय र सहकार्यको झनै ठूलो महत्त्व रहेको छ । संविधानको धारा २३२ मा तीन तहका सरकारहरूको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने उल्लेख रहेको छ । संविधानको मर्म र भावना बमोजिम पारस्परिक तहगत सहयोग, समन्वय र सहकार्य गरी नागरिकहरूको समृद्धिको सपना साकार पार्नेतर्फ योजनाको जोड रहनेछ ।

२. प्रमुख समस्या

संविधानको अनुसूचीमा रहेका साझा अधिकारहरूको प्रयोग तथा कार्यान्वयनका सम्बन्धमा बुझाई फरक फरक पर्नु, राजश्व तथा अनुदानको समानुपातिक समावेशी बाँडफाडको विषय पेचिलो बन्दै जानु, अन्तरसरकारी समन्वयको संस्थागत तथा कानुनी संयन्त्र तथा विधि सुदृढ नहुनु, समन्वयका लागि स्थापित संयन्त्रहरूसँग बाध्यात्मक अधिकार नरहनु, तीन तहको समन्वय र सहकार्यलाई नतिजामुखी बनाउन नसकिनु प्रमुख समस्याको रूपमा रहेका छन्।

३. चुनौती तथा अवसर

संविधानले प्रदान गरेको एकल तथा साझा अधिकारहरूको प्रयोग तथा कार्यान्वयनका सम्बन्धमा समान बुझाई र स्पष्टता कायम गर्नु, तीव्र र दिगो आर्थिक-सामाजिक एवम् पूर्वाधार विकासका लागि उपलब्ध स्रोत-साधनहरूको समन्वयात्मक रूपमा परिचालन गर्नु, तीन तहबीच प्रभावकारी समन्वय र सहकारिताबाट नागरिक सन्तुष्टि बढाउनु, तहगत समन्वयका संरचनाहरूलाई सुदृढ, सक्षम र कार्यमूलक बनाउनु चुनौतीहरू हुन् ।

तीन तहका सरकारबीच रहनु पर्ने अन्तरसम्बन्धको सिद्धान्त, विधि र संरचनाहरूको संवैधानिक व्यवस्था रहनु, प्रदेश र स्थानीय तहको समन्वय परिषद्को व्यवस्था हुनु, तीनै तहका सरकारहरूको साझा लक्ष्य सुशासन, आर्थिक-सामाजिक र पूर्वाधार विकास मार्फत नागरिक सन्तुष्टि प्रवर्द्धन गर्ने रहनु, तहगत सरकारका विवाद निरूपणको लागि संवैधानिक इजालसको अलग व्यवस्था समेत रहनु अवसरहरू हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

नतिजामुखी अन्तर सरकारी समन्वय र सहकार्य ।

४.२ लक्ष्य

सङ्घ, प्रदेश र स्थानीय तह एवम् सबै सरकारी निकाय बीचको समन्वयलाई सुदृढ गरी नतिजामुखी बनाउने।

४.३ उद्देश्य

- प्रभावकारी तहगत अन्तरसम्बन्ध र सहकार्यको लागि कार्यान्वयनयोग्य कानुनी तथा संस्थागत आधार निर्माण गर्नु ।
- उपलब्ध साधन स्रोतको समानुपातिक तथा न्यायोचित बाँडफाँड र स्रोत परिचालनमार्फत विकास तथा सुशासन कायम गर्नु ।
- विकास निर्माणका लागि सबै सरकारी निकायहरू बीच समन्वय कायम गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. संविधान प्रदत्त तहगत अधिकारको प्रयोग तथा कार्यान्वयन समन्वयात्मक रूपमा गर्ने ।	क) अन्तरसरकारी समन्वयका लागि आवश्यक सङ्घीय कानुन निर्माणमा रचनात्मक सुझाब सहित पैरवी गरिनेछ। ख) स्थानीय तहहरूको लागि निर्माण गर्नुपर्ने प्रदेश कानुन निर्माणका लागि सरोकारवालाहरूसँग समन्वय गरिनेछ। ग) प्राकृतिक स्रोत साधन तथा चल अचल सम्पत्तिको कुशल बाँडफाँड तथा उपयोगका लागि पैरवी गरिनेछ।

रणनीति	कार्यनीति
२. अन्तर सरकारी समन्वय तथा सहकार्यका कानुनी तथा संस्थागत संरचनाहरूको सबलीकरण गर्ने ।	क) अन्तर प्रदेश परिषद्, अन्तर सरकारी वित्त परिषद्बीच प्रभावकारी समन्वय तथा सहकार्यका लागि सार्थक सहभागिता तथा रचनात्मक पैरवी गरिनेछ। ख) प्रदेश समन्वय परिषद् र प्रदेश विकास परिषद्लाई कार्यमूलक संयन्त्रको रूपमा विकास गरिनेछ ।
३. तहगत समन्वयलाई प्रभावकारी बनाउँदै तहगत सेवाप्रवाह तथा विकास व्यवस्थापनमा स्वच्छ प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्ने ।	क) आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम, बजेट निर्माण र कार्यान्वयन चरणमा एकरूपता तथा समन्वय कायम गरिनेछ । ख) सेवा प्रवाह तथा विकास व्यवस्थापन चुस्त, छरितो तथा प्रभावकारी बनाई नागरिक सन्तुष्टी अभिवृद्धि गर्नका लागि सबै सरकारी निकायहरूबीच समन्वय कायम गरिनेछ ।

५. अपेक्षित उपलब्धि

तीन तहका सरकारहरूको साझा अधिकारको प्रयोग तथा उपभोगमा स्पष्टता आएको हुनेछ । अन्तर सरकार परिषद्, अन्तर सरकार वित्त परिषद्, प्रदेश समन्वय परिषद्, प्रदेश विकास परिषद्, संस्थागत तथा कानुनी क्षमता विकास भएको हुनेछ । सबै सरकारी निकायहरूबीच समन्वय तथा सहकार्यबाट सबै तहको समानुपातिक विकास र समृद्धि उन्मुख योजना तथा कार्यक्रम कार्यान्वयन भएका हुनेछन् । सेवा प्रवाहमा नागरिक सन्तुष्टि बढेको हुनेछ ।

१०.२ प्रदेश आयोजना बैङ्क

१. पृष्ठभूमि

कर्णालीको तीव्र आर्थिक विकास तथा सामाजिक रुपान्तरणका लागि आवश्यक आयोजनाहरूको पहिचान गरी तिनको प्राथमिकताक्रम निर्धारण गरी वित्तीय अनुशासन कायम गर्न र लगानीका थप अवसर जुटाउन प्रारम्भदेखि नै आयोजना बैङ्कको अवधारणालाई आत्मसाथ गरी अघि बढ्ने अठोट गरिएको छ । स्थानीय आवश्यकता र मागमा आधारित, आर्थिक रूपमा सम्भाव्य, सामाजिक-सांस्कृतिक रूपमा ग्राह्य, वातावरणीय रूपमा अनुकूलित र व्यवस्थापकीय रूपमा कार्यान्वयनयोग्य

आयोजनाहरूको छनौट गर्न र कुशल कार्यान्वयन गरी अपेक्षित उपलब्धि हासिल गर्न प्रदेश आयोजना बैंकको व्यवस्था गर्न आवश्यक छ । निश्चित मापदण्डविना आयोजनाको पहिचान तथा छनोट गर्ने र आवश्यक पूर्व तयारीविना कार्यान्वयनमा लैजानाले प्राय आयोजनाहरू समस्याग्रस्त हुने गरेका छन् । आयोजना बैंकको व्यवस्थाबाट रणनैतिक आयोजनाहरूको पहिचान र छनोट गर्न, आयोजनाका निर्धारित लक्ष्यहरू तोकिएको गुणस्तरमा लागत र समयभित्रै सम्पन्न गरी लगानीको उच्चतम प्रतिफल प्राप्त गर्न महत्त्वपूर्ण योगदान पुग्न जाने अपेक्षा गरिएको छ ।

२. प्रमुख समस्या

पूर्व तयारी र विश्लेषण विना आयोजनाहरूको छनोट गरी कार्यान्वयन गर्ने परिपाटीले निरन्तरता पाउनु, आयोजनाको आवश्यकता र योगदान सम्बन्धी तथ्यगत सूचनाको अपर्याप्तता रहनु, क्षेत्रगत गुरुयोजना तथा कार्यान्वयन योजनाको अभाव हुनु, विकास आयोजनाहरू तोकिएको समय र निर्धारित लागतमा सम्पन्न नहुनु, संस्थागत संरचना र क्षमताको कमी हुनु समस्या हुन् ।

३. चुनौती तथा अवसर

विगतमा अपरिपक्क रूपमा गरिएका आयोजना पहिचान र छनोटले ल्याएको दीर्घकालीन नकारात्मक प्रभावलाई कम गर्दै जाने र आयोजना बैंकको सिद्धान्त र मान्यतालाई अनुशरण तथा कार्यान्वयन गर्ने चुनौतीहरू छन् ।

प्रदेश आयोजना बैंक स्थापना गर्न प्रदेश सरकार प्रतिवद्ध रहनु, प्राथमिकताको क्षेत्र स्पष्ट हुनु, सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको लगानी परिचालन गर्ने नीति हुनु, आगामी आर्थिक वर्षहरूको लागि आयोजना छनोटको आधार तय हुनु अवसरहरू हुन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

प्रदेशको तीव्र विकासका लागि आयोजना तर्जुमा तथा व्यवस्थापनमा कुशलता ।

४.२ लक्ष्य

उपलब्ध स्रोतको प्राथमिकताका आधारमा प्रभावकारी परिचालनका लागि आयोजनाहरू तयारी अवस्थामा राख्ने ।

४.३ उद्देश्य

- प्रदेशको तीव्र विकासका लागि रुपान्तरणकारी आयोजनाहरूको तयारी गर्नु,
- आयोजना पहिचान, छनोट, मूल्याङ्कन तथा प्राथमिकीकरण गरी सार्वजनिक वा निजी क्षेत्रको लगानीका लागि वातावरण तयार गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. प्रदेशका उच्च प्रतिफलयुक्त तथा रणनीतिक महत्त्वका आयोजनाहरूको छनौट गरी आयोजना बैङ्क निर्माण गर्ने ।	क) आयोजना बैंक स्थापनाका लागि नीतिगत तथा संस्थागत व्यवस्था गरी विद्युतीय व्यवस्थापन सूचना प्रणालीको विकास गरिनेछ । ख) प्रदेश महत्त्वका परियोजनाहरूलाई विषयगत मन्त्रालयबाट सम्भाव्यता अध्ययन गर्न लगाई आयोजना बैङ्कमा समावेश गरिनेछ । ग) स्थानीय तहले सम्भाव्यता अध्ययन गरी छनौट गरेका रणनैतिक महत्त्वका परियोजनालाई समावेश गरिनेछ। घ) स्थानीय तहहरूमा आयोजना बैङ्क प्रणालीको स्थापना गर्न सहजीकरण गरिनेछ ।
२. प्रदेश रुपान्तरणकारी आयोजनाहरूलाई उच्च प्राथमिकताका साथ आयोजना बैंकमा समावेश गर्ने ।	क) रुपान्तरणकारी आयोजनाहरूको पहिचान, छनोट तथा प्राथमिकीकरण गरी स्रोत साधन व्यवस्थापन र शीघ्र कार्यान्यनका लागि नेपाल सरकारसँग समन्वय गरिनेछ । ख) प्रदेश महत्त्वका आयोजनाहरू शीघ्र कार्यान्वयन गर्न नीतिगत तथा कानुनी प्रवन्ध मिलाइनेछ ।
३. आयोजना बैंक तयार गरी लगानी सम्मेलन आयोजना गर्ने।	क) निजी क्षेत्रलाई आकर्षित गर्न लगानी सम्मेलनमा आयोजनाहरू प्रस्तुत गरिनेछ । ख) निजी क्षेत्रबाट सम्भाव्यता अध्ययन भएका उपयुक्त आयोजनाहरूलाई पनि आयोजना बैंकमा समावेश गरिनेछ। ग) आयोजनाहरूको प्राथमिकताको सूची तयार गरी स्वदेशी तथा विदेशी लगानी र सहायता परिचालन गरिनेछ।

५. अपेक्षित उपलब्धि

प्रदेश आयोजना बैंक तयारी भई लगानी सम्मेलनको आयोजना भएको हुनेछ । रुपान्तरणकारी आयोजनाहरू तथा प्रदेश महत्त्वका आयोजनाहरूको विस्तृत परियोजना प्रस्ताव तयार भई कार्यान्वन प्रक्रियामा रहेका हुनेछन् । प्रदेशमा निजी क्षेत्रको लगानी आकर्षित भएको हुनेछ ।

१०.३ कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन

१. पृष्ठभूमि

नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयनको सुनिश्चितताका लागि अनुगमन तथा त्यसबाट प्राप्त नतिजाको विश्लेषणका लागि मूल्याङ्कनको आवश्यकता हुन्छ । विकास आयोजनाहरूबाट निश्चित उपलब्धि निर्धारित लागत र समयभित्र प्राप्त गर्न नतिजामूखी अनुगमन तथा मूल्याङ्कन पद्धतिको महत्त्वपूर्ण भूमिका रहन्छ । प्रदेश सरकारका नीति र कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन प्रदेश सभाको समितिबाट हुने गरेको छ भने स्थानीय तहका आयोजना र कार्यक्रमहरूको अनुगमनको जिम्मेवारी जिल्ला समन्वय समितिलाई दिइएको छ । आधुनिक सूचना तथा सञ्चार प्रविधिमा आधारित अनुगमन तथा मूल्याङ्कन पद्दतिको विकास गरी यसलाई नियमित र अनिवार्य गर्न सकिए यसले कार्यान्वयनमा रहेका योजना, कार्यक्रम तथा आयोजनाहरूको सफलताको सुनिश्चितता प्रदान गर्नेछ । यसरी नै प्रदेशको रणनीतिक महत्त्वका कार्यक्रम एवम् आयोजनाहरूको कार्यान्वयनमा देखापरेका कठिनाईहरूको निराकरणका लागि योजना आयोगको नेतृत्वमा अनुगमन तथा मूल्याङ्कन एवम् समन्वय गर्ने संयन्त्र बनाउन आवश्यक देखिएको छ ।

२. प्रमुख समस्याहरू

प्रदेशमा नतिजामूखी अनुगमन तथा मूल्याङ्कन र समन्वयका लागि प्रभावकारी संयन्त्रको विकास भई नसक्नु, वस्तुगत सूचकहरू विकास गर्न बाँकी रहनु, अनुगमनको अधिकार प्राप्त जिल्ला समन्वय समिति सम्बन्धी कानुन बनी नसक्नु, पर्याप्त स्रोत साधन, तथ्याङ्क र जनशक्तिको अभाव हुनु प्रमुख समस्याहरू हुन् ।

३. चुनौती तथा अवसर

सङ्घ, प्रदेश र स्थानीय सरकारहरू बीच समन्वयका लागि संविधानले परिकल्पना गरेको कानुन निर्माण गर्नु, नतिजामूलक अनुगमन र मूल्याङ्कन प्रणालीका लागि

वस्तुगत सूचकहरूको विकास गर्नु, अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना र सञ्चालन गर्नु, स्रोत, साधन र जनशक्तिको सुनिश्चितता र क्षमता विकास गरी योजना कार्यान्वयनको लागि उत्प्रेरणा र जिम्मेवारीबोध गराउनु चुनौतीपूर्ण रहेका छन् ।

प्रदेश योजना निर्माण सुरुको चरणमा रहेकोले प्रारम्भदेखि नै अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्न सकिने हुनु, राजनैतिक नेतृत्व सु-शासनप्रति प्रतिबद्ध भएकोले नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सबल बनाउन सकिने अवस्था हुनु तथा नियमित ढङ्गले जनप्रतिनिधिहरू मार्फत समेत अनुगमन र मूल्याङ्कनमा सहयोग लिन सकिने हुनु अवसरका रूपमा रहेका छन् ।

४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

४.१ सोच

प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणालीको विकास ।

४.२ लक्ष्य

नतिजामूखी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई विकास व्यवस्थापनमा संस्थागत तथा स्थापित गर्ने ।

४.३ उद्देश्य

- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई योजनाको हरेक चरणको नियमित र अपरिहार्य अंशको रूपमा स्थापित गर्नु ।
- विकास योजनाका लक्षित कार्यक्रमहरू तथा आयोजनाहरूको प्रभावकारी कार्यान्वयनद्वारा समयमै अपेक्षित उपलब्धि प्राप्त गर्नु ।

४.४ रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
१. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गर्ने ।	क) नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नीति, कानुन तथा दिग्दर्शन समेतको तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । ख) प्रदेश योजना आयोगको संयोजकत्वमा आयोजना अनुगमन तथा मूल्याङ्कन एवम् समन्वय गर्ने उच्चस्तरीय संयन्त्रको निर्माण गरिनेछ ।

रणनीति	कार्यनीति
	ग) विकास आयोजना र कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनको नतिजालाई सम्बन्धित कर्मचारीहरूको कार्य सम्पादनसँग आवद्ध गरी उचित पुरस्कार तथा दण्डको व्यवस्था मिलाईनेछ । घ) आयोजनासँग सम्बन्धित कर्मचारीहरूलाई योजना अवधिभर सरुवा नगर्ने नीति अपनाईनेछ । ङ) आयोजनाको सफल कार्यान्वयनको लागि सङ्घीय सरकार तथा स्थानीयतहसँग सहकार्य, समन्वय तथा सहयोग बिस्तार गरिनेछ ।
२. प्राथमिकता बमोजिम आयोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने ।	क) योजना, कार्यक्रम तथा आयोजनाहरू तर्जुमा गर्दा तार्किक कार्य-कारण श्रृङ्खला कायम गरिनेछ । ख) नतिजा सूचकका आधारमा कार्यक्रम र आयोजनाहरूको चौमासिक र वार्षिक समीक्षा तथा मूल्याङ्कन गरिनेछ । ग) अनुगमन तथा मूल्याङ्कनको प्रभावकारिताका लागि सूचना तथा सञ्चार प्रविधिमा आधारित प्रणालीको विकास गरी तथ्याङ्कलाई निरन्तर अद्यावधिक गरिनेछ । घ) प्रतिफल, असर र प्रभाव सूचकहरूका आधारमा योजनाको समीक्षा गरिनेछ । ङ) सुखारी कर्णालीको सूचकहरू विकास गरी सुख मापन गरिनेछ ।
३. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणद्वारा विकास योजना, कार्यक्रम तथा परियोजनाहरूमा सुधार गर्ने ।	क) अनुगमन तथा मूल्याङ्कनमा सहभागितामूलक बहुपक्षीय प्रणालीलाई उपयोग गरिनेछ । ख) अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनहरूबाट आएका सुझावहरूलाई सुधारको मार्ग दर्शनका रूपमा लिई कार्यान्वयन गरिनेछ । ग) सेवाग्राही लक्षित समूहको पृष्ठपोषण लिने व्यवस्था मिलाई सोको आधारमा आयोजनाहरूको परिमार्जन गरिनेछ ।

रणनीति	कार्यनीति
४. अनुगमन तथा मूल्याङ्कनको प्रभावकारिताका लागि सम्बन्धित निकाय र जनशक्तिको क्षमता विकास गर्ने ।	क) अनुगमन तथा मूल्याङ्कनमा खटिने जनशक्तिलाई आवश्यक साधन स्रोत उपलब्ध गराउनुका साथै क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछन् । ख) योजना, कार्यक्रम तथा आयोजना तर्जुमा गर्दा नै अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक बजेटको सुनिश्चितता गरिनेछ । ग) स्थानीय तहमा अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्न समन्वय र सहकार्य गरिनेछ ।

५. अपेक्षित उपलब्धि

स्पष्ट नीति तथा कानुन बमोजिम नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास भएको हुनेछ । सूचना तथा सञ्चार प्रविधिमा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास भई तथ्याङ्क निरन्तर अद्यावधिक भएको हुनेछ । नियमित अनुगमन तथा मूल्याङ्कन भई योजना, कार्यक्रम तथा आयोजनाहरूको सफल कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।

योजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनका कार्यक्रमहरू

१०.१ अन्तर सरकारी समन्वय र सहकार्य

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	तहगत समन्वय र पैरबी	२०७६।०७७ २०८०।०८१	५० लाख	सङ्घ र स्थानीय तहसँग नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकारको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाट सम्बन्धी तहगत समन्वय र पैरवी भएको हुनेछ ।
२	अन्तर सरकारी समन्वय र सहकार्य	२०७६।०७७ २०८०।०८१	३ करोड	अन्तर प्रदेश परिषद्, अन्तर सरकारी वित्त परिषद्, प्रदेश समन्वय परिषद् र प्रदेश विकास परिषद्लाई कार्यमूलक संयन्त्रको रूपमा समन्वय गरी सहकार्य भएको हुनेछ ।
३	अन्तर तह विकास व्यवस्थापन	२०७६।०७७ २०८०।०८१	३ करोड	प्रदेश विकास परिषद् मार्फत् आवधिक योजना, दिगो विकास लक्ष्य अनुसारका कार्यक्रमहरू, वार्षिक नीति तथा कार्यक्रम, बजेट निर्माण र कार्यान्वयनमा एकरूपता ल्याउन सहजीकरण भएको हुनेछ ।
४	सेवा प्रवाह तथा विकास व्यवस्थापन	२०७६।०७७ २०८०।०८१	—	छिटो छरितो सेवा प्रवाह, विकासमा नागरिक सन्तुष्टि हुने विकास आयोजनाहरूको तर्जुमा तथा कार्यान्वयन भएको हुनेछ ।

१०.२ प्रदेश आयोजना बैंक

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	आयोजना बैंकसम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था	२०७६।०७७ २०७७।०७८	६० लाख	आयोजना बैंकसम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था भई आयोजना बैंकको विद्युतीय व्यवस्थापन सूचना प्रणालीको विकास भएको हुनेछ ।
२	सम्भाव्यता अध्ययन तथा आयोजना बैंकको स्थापना	२०७६।०७७ २०७८।०७९	६० करोड	योजना आयोग र सम्बन्धित मन्त्रालयले प्रदेश प्राथमिकताका आयोजनाहरूको सम्भाव्यता अध्ययन गर्ने र उक्त आयोजनालाई आयोजना बैकमा राख्ने पद्धति संस्थागत भएको हुनेछ ।
३	स्थानीय तहहरूमा सहजीकरण	२०७६।०७७ २०७८।०७९	—	स्थानीय तहहरूमा समेत आयोजना बैक प्रणाली स्थापना गर्न सहजीकरण भएको हुनेछ ।
४	प्रदेश महत्त्वका आयोजना, रुपान्तरणकारी तथा प्रदेश गौरवका आयोजनाको छनौट र कार्यान्वयन	२०७६।०७७ २०८०।०८१	६० अर्ब	प्रदेशबाट प्रदेश महत्त्वका आयोजना र प्रदेश गौरवका आयोजनाको छनौट र कार्यान्वयन प्रभावकारी रुपमा भएको हुनेछ भने प्रदेश रुपान्तरणकारी आयोजना सङ्घीय सरकारसँगको सहकार्यमा कार्यान्वयन भएको हुनेछ ।
५	लगानी सम्मेलनको आयोजना	२०७६।०७७ २०७८।०७९	१ करोड	प्रदेशको विकासका लागि आकर्षक सम्भाव्यता अध्ययन भएका आयोजनाहरूलाई आयोजना बैकको सूचना प्रणालीमा आबद्ध गरी निजी तथा वैदेशिक लगानी आकर्षित गर्न उपर्युक्त समयमा लगानी सम्मेलन भएको हुनेछ ।

१०.३ कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन

क्र. सं.	कार्यक्रम	कार्यक्रम अवधि (सुरु तथा समाप्ति)	कूल अनुमानित लागत	अपेक्षित उपलब्धि
१	अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नीति, कानुन तथा दिग्दर्शनको तर्जुमा	२०७६।०७७ २०८०।०८१	—	नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीको लागि आवश्यक नीति, कानुन तथा दिग्दर्शनको तर्जुमा भई कार्यान्वयन भएको हुनेछ ।
२	अनुगमन मूल्याङ्कन संयन्त्रको निर्माण	२०७६।०७७ २०८०।०८१	—	प्रदेश योजना आयोगको संयोजकत्वमा उच्चस्तरीय अनुगमन तथा मूल्याङ्कन संयन्त्रको निर्माण भई अनुगमन तथा मूल्याङ्कन भएको हुनेछ ।
३	मध्यावधि/वार्षिक मूल्याङ्कन तथा नतिजा व्यवस्थापन	२०७६।०७७ २०८०।०८१	५० लाख	आयोजनाहरूको नतिजामा आधारित मध्यावधि तथा वार्षिक मूल्याङ्कन भएको हुनेछ ।
४	प्राथमिकतामा आधारित आयोजनाहरूको तर्जुमा तथा प्रभावकारी कार्यान्वयन	२०७६।०७७ २०८०।०८१	५० लाख	तार्किक कार्यकारण श्रृङ्खलामा आधारित आयोजना तर्जुमा र नतिजा सूचकका आधारमा आयोजनाहरूको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।
५	स्थानीय पहिचानका आयोजनाहरूको छनौट	२०७६।०७७ २०८०।०८१	१२ करोड	सम्भाव्यता अध्ययनका आधारमा सम्बन्धित स्थानीय तहको विकास र समृद्धिका लागि स्थानीय पहिचानका आयोजनाहरू छनौट भई कार्यान्वयन भएको हुनेछ ।
६	अनुगमन मूल्याङ्कन सुझाव कार्यान्वयन	२०७६।०७७ २०८०।०८१	—	बहुपक्षीय प्रणालीबाट भएको अनुगमनबाट प्राप्त सुझावलाई मार्गदर्शनको रूपमा कार्यान्वयन भएको हुनेछ ।
७	आवश्यक जनशक्ति व्यवस्थापन	२०७६।०७७ २०८०।०८१	१५ करोड	अनुगमन मूल्याङ्कनका लागि आवश्यक दक्ष जनशक्तिको विज्ञ सूची तयार गरी व्यवस्थापन भएको हुनेछ ।

अनुसूचीहरू

अनुसूची-१

जिल्लागत क्षेत्रफलको विवरण

क्र.सं.	जिल्ला	वर्ग कि.मि.
१	डोल्पा	७,८८९.०
२	हुम्ला	५,६५५
३	मुगु	३,५३५
४	जुम्ला	२,५३१
५	सुर्खेत	२,४५१
६	जाजरकोट	२,२३०
७	कालिकोट	१,७४१
८	दैलेख	१,५०२
९	सल्यान	१,४६२
१०	रूकुम पश्चिम	१,२१५
कर्णाली प्रदेश		**३०,२११**

स्रोत : *केन्द्रीय तथ्याङ्क विभाग, २०७६*

अनुसूची-२

कर्णाली प्रदेशका स्थानीय तहहरू

जिल्ला	कुल स्थानीय तह सङ्ख्या	नगर पालिका सङ्ख्या	गाउँपालिका सङ्ख्या	कुल वडा सङ्ख्या
दैलेख	११	४	७	९०
सल्यान	१०	३	७	८३
सुर्खेत	९	५	४	९९
कालिकोट	९	३	६	८२
जुम्ला	८	१	७	६०
डोल्पा	८	२	६	७६
जाजरकोट	७	३	४	७७
हुम्ला	७	०	७	४४
रुकुम पश्चिम	६	३	३	७३
मुगु	४	३	१	४५
कर्णाली प्रदेश	७९	२५	५४	७१८
नेपाल	७५३	२९३	४६०	६७४३

स्रोतः *केन्द्रीय तथ्याङ्क विभाग, २०७४*

अनुसूची-३

कर्णाली प्रदेशमा जनसङ्ख्याको अवस्था (राष्ट्रिय जनगणना, २०६८)

सूचक	कर्णाली प्रदेश	नेपाल	प्रदेशको अंश
जनसङ्ख्या	१५,७०,४१८	२,६४,९४,५०४	५.४
संस्थागत जनसङ्ख्या	१५,१७६	२,४०,७२४	६.३
परिवार सङ्ख्या	२,९८,१७४	५४,२७,३०२	५.५
संस्थागत परिवार सङ्ख्या	१८५	४००५	४.६
लैङ्गिक अनुमात	९५.६९	९४.२	बढेको
परिवारको औषत आकार	५.२६	४.८८	बढेको
जनघनत्व (प्रतिवर्ग/किमि)	५६	१८० जना	घटेको
अनुपस्थित	६७,५८२	१९,२१,४९४	३.५
जनसङ्ख्या वृद्धिदर	१.८	१.३५	वढेको

स्रोतः *केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

अनुसूची-४

कर्णाली प्रदेशको मानव विकास सूचकाङ्क तथा गरिबीको अवस्था

सूचकहरू	कर्णाली प्रदेश	नेपाल
अपेक्षित आयु	६७	६९.७
युवा साक्षरता दर	८२	८५
मानव विकास सुचकाङ्क	०.४२७	०.५७४
आधारभूत खानेपानीको सुविधा पुगेको परिवार (प्रतिशत)	८६.२	८८
५ वर्ष मुनिका कुपोषित बालबालिकाको (प्रतिशत)	५३.६	४०.५
५ वर्ष मुनिका पुड्का बच्चाहरू (प्रतिशत)	५५	३६
आर्थिक रूपले अति पछाडि परेका जनसङ्ख्या (प्रतिशत)	४४.२	२८.८
निरपेक्ष गरिबीको रेखामुनि रहेको दर (प्रतिशत)	२८.९	१८.७
बहुआयामिक गरिबीको दर (प्रतिशत)	५१.२	२८.६

स्रोतः *आर्थिक सर्वेक्षण, २०७५/७६, राष्ट्रिय योजना आयोग नेपालको बहुआयामिक गरिबी सूचकाङ्क, सन् २०१८ र नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्भे, २०१६*

अनुसूची-५

कर्णाली प्रदेशको शैक्षिक तथ्याङ्क

संस्था	संस्था सङ्ख्या	विद्यार्थी सङ्ख्या	शिक्षक सङ्ख्या	शिक्षक विद्यार्थी अनुपात
बाल विकास केन्द्र	२६०७	५४१९१	२७९६	१९
आधारभूत तहका विद्यालय	२५९५	४९७५१२	९९८८	५०
माध्यमिक तहका विद्यालय	५७२	१०५३७३	१८२१	५८
जम्मा	**५७७४**	**६५७०७६**	**१४६०५**	

स्रोतः *सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, २०७६*

अनुसूची-६
कर्णाली प्रदेश स्वास्थ्य सेवा प्रदायकको सङ्ख्या

सेवा प्रदायक	संख्या	सेवा प्रदायक	संख्या
प्रदेश अस्पताल	१	दक्ष प्रसुतिकर्मी	३४७
स्वास्थ्य कार्यालय	६	गाउँघर क्लिनकि	१०६०
सा.जि. स्वास्थ्य कार्यालय	४	खोप क्लिनिक	१३२३
शिक्षण अस्पताल	१	महिला स्वास्थ्य स्वयं सेविका	४३४१
जिल्ला अस्पताल	८	सुरक्षित गर्भपतन केन्द	४४
अन्य सरकारी अस्पताल	२	माइक्रोस्कोपी सेण्टर	३५
प्राथमिक स्वास्थ्य केन्द	१४	टी.बी. डट्स सेण्टर	३७७
स्वास्थ्य चौकी	३३६	डि.आर. उपचार केन्द्र/सब केन्द्र	५
सामुदायिक स्वास्थ्य इकाइ	६०	जीन एक्सर्पट प्रयोगशाला	१
सहरी स्वास्थ्य केन्द्र	१०	एआरटी केन्द्र	५
संस्थागत क्लिनिक	२	आयुर्वेद अस्पताल/उपचार केन्द्र	१०
बर्थिंग सेण्टर	२७४	निजी स्वास्थ्य संस्थाहरू	३७
आकस्मिक प्रसुति केन्द्र	२८		

स्रोतः *सामाजिक बिकास मन्त्रालय, कर्णाली प्रदेश, २०७६*

अनुसूची-७
प्रदेश जिल्ला अनुसार गरिबीको दर

क्र.सं.	जिल्ला	गरिवीको दर
१	कालिकोट	५८.७
२	हुम्ला	५६.२७
३	जुम्ला	४९.८२
४	मुगु	४५.९४
५	डोल्पा	३९.४२
६	जाजरकोट	३७.८७
७	दैलेख	३५.४३
८	सुर्खेत	३०.५
९	सल्यान	२९.४४
१०	रुकुम पश्चिम	२६.६

स्रोतः *भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश, २०७५*

अनुसूची-८

कर्णाली तथा नेपालको प्रमुख अन्न बाली उत्पादन क्षमता

उत्पादन (मे.ट.)	राष्ट्रिय	कर्णाली प्रदेश	प्रदेशको अंश (%)
धान	५२१९३३१	१३३७५१	३
गहुँ	१७१०८६७	१५२५२४	९
मकै	२३०११३६	१८९७३६	८
कोदो	३००७९६	१९००१	६
जौ, उवा	३१७६०	१३२४५	२२
जम्मा	९५७५५३१	५१०७६०	५

स्रोतः *भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश, २०७५*

अनुसूची-९

जिल्लाका प्राथमिकता प्राप्त बालीहरू

जिल्ला	प्राथमिकता प्राप्त बालीहरू
रूकुम पश्चिम	तरकारी, मकै, बिउ, अदुवा, गहुँ
सल्यान	सुन्तला, अदुवा, खुर्सानी, तरकारी,धान
सुर्खेत	मौरी, तरकारी, मकै, बिउ, धान
दैलेख	सुन्तला, मकै, अदुवा, बिउ, धान
जाजरकोट	मकै, मौरी, भटमास,धान
डोल्पा	स्याउ, ओखर, तरकारी, फापर, जौ उवा, कोदो,गहुँ
जुम्ला	सिमी, स्याउ, आलु, धान,गहुँ,फापर
कालिकोट	सिमी, स्याउ, ओखर, मकै, जौ उवा, गहुँ, धान
मुगु	सिमी, स्याउ, आलु, जौ उवा, फापर, कोदो, गहुँ
हुम्ला	सिमी, स्याउ, ओखर,फापर, जौ उवा, कोदो, गहुँ, मार्स्या

स्रोतः *भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश, २०७६*

अनुसूची-१०

कर्णाली प्रदेशमा सञ्चालनमा आएका साना तथा घरेलु उद्योगहरू

सि.नं.	जिल्ला	उद्योग सङ्ख्या				राजस्व संकलन (रू.)
		घरेलु तथा साना उद्योग	लघु उद्योग	बाणिज्य	जम्मा	
१	जाजरकोट	८१९	१११	२०१६	२९४६	१,७७७,१५०
२	जुम्ला	१६७४	३१९	२१२२	४११५	३,०९३,६३०
३	दैलेख	२२८५	१८००	२७७५	६८६०	२,३९८,३७५
४	डोल्पा	६६८	४०	६३९	१३४७	१,५०१,७५०
५	रुकुम पश्चिम	१४०६	१५०	२७०५	४२६१	१,७९७,९०५

सि.नं.	जिल्ला	उद्योग सङ्ख्या				राजस्व संकलन (रू.)
		घरेलु तथा साना उद्योग	लघु उद्योग	बाणिज्य	जम्मा	
६	सल्यान	१८६९	२३८	२२७३	४३८०	२,९५३,३९६
७	कालिकोट	१०७०	१८३	१४१९	२६७२	१,२९१,२२५
८	मुगु	११५	५	१२६	२४६	६६५,९५०
९	हुम्ला	९०४	१८६	५७५	१६६५	९२४,५२५
१०	सुर्खेत	४६८१	०	९२८६	१३९६७	९,८३१,४००
	जम्मा	**१५,४९१**	**३,०३२**	**२३,९३६**	**४२४५९**	**२,६२,३५३०६**

स्रोतः *उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश, २०७५*

अनुसूची-११
बैङ्क तथा बित्तीय संस्थाहरूको जिल्लागत विवरण

क्र. सं.	जिल्ला	क वर्ग	ख वर्ग	ग वर्ग	वित्तीय संस्थाको जम्मा सङ्ख्या	जिल्लाको जम्मा प्रक्षेपित जनसङ्ख्या	जनसङ्ख्या प्रति शाखा
१	रूकुम पश्चिम	१६	१	१	१८	१६७२२४	९२९०
२	सल्यान	२१	४	१	२६	२६६००९	१०२३१
३	सुर्खेत	४१	१०	२	५३	४०३३८४	७६११
४	दैलेख	१७	१	०	१८	२८९३८९	१६१०५
५	जाजरकोट	१२	१	०	१३	१९२५९०	१४८१५
६	डोल्पा	७	०	०	७	४११२२	५८७५
७	जुम्ला	१६	१	०	१७	१२१६६०	७१५६
८	कालिकोट	१३	०	०	१३	१५४५३३	११८८७
९	मुगु	५	०	०	५	६२१०६	१२४२१
१०	हुम्ला	८	०	०	८	५७०७७	७१३५
जम्मा		१५६	१८	४	१७८	१७५५५९६	९८६३

स्रोतः *बैङ्क तथा वित्तीय संस्था नियमन विभाग, नीति अनुसन्धान विश्लेषण महाशाखा, नेपाल राष्ट्र बैङ्क, २०७५ फागुन*

अनुसूची-१२
आयोजनाहरूको वर्गीकरण र कार्यान्वयन बजेट मापदण्ड

क्र.सं.	आयोजना	लागत
१	साना तथा स्थानीय पहिचानका आयोजना	१ करोडसम्म
२	मझौला आयोजना	१ करोडदेखि १५ करोडसम्म
३	प्रदेश महत्त्वका आयोजना	१६ करोडदेखि ५० करोडसम्म
४	रूपान्तरणकारी तथा गौरवका आयोजना	५० करोडभन्दा माथि ।

अनुसूची-१३

जिल्लागत रूपमा जनता सडक, एक प्रदेश- एक निर्वाचन क्षेत्र सडक, सडक पहुँच नभएका स्थानीय तह जोड्ने सडक, बहुवर्षीय सडक आयोजनाहरू र समपुरक/विशेष/अनुदानका सडक आयोजनाहरू

क्र.सं.	जिल्ला	आयोजनाको नाम
१.	सुर्खेत	
१)	सुर्खेत	जनता सडक
	सुर्खेत	पृतनागेटदेखि करेखोला वडा कार्यालयसम्म सडक (कालोपत्रे सडक)
	सुर्खेत	शंकरचोकदेखि पृतना गेटसम्म सडक (कालोपत्रे सडक)
	सुर्खेत	बस्तीपुर-धुलियाविट सडक (कालोपत्रे सडक)
	सुर्खेत	बन समिति कार्यालयदेखि भैरबस्थानसम्मको सडक (कालोपत्रे सडक)
	सुर्खेत	रत्न राजमार्गदिखि गढीमार्गसम्मको सडक (कालोपत्रे सडक)
	सुर्खेत	रत्न राजमार्गदिखि प्रदेश अस्पतालसम्मको सडक (कालोपत्रे सडक)
	सुर्खेत	देउली सिर्पा काफलकोट रहकुल पाठोकाट्ना सडक निर्माण (सडक)
	सुर्खेत	सुर्खेत उपत्यका सडक (सडक पुल)
	सुर्खेत	रत्न राजमार्ग–थानीचौर–मदैनीचौर–घारीवन–काल्चे–भदाले निगालचुला सडक (सडक पुल)
	सुर्खेत	कुइने जामु बाबियाचौर भक्तरी जगलघाट सडक (सडक पुल)
	सुर्खेत	मसिना चेपाङ्ग बराहताल सडक (सडक पुल)
	सुर्खेत	झुप्रा लामिदमार टिमुरकोट सडक (सडक पुल)
	सुर्खेत	मेहेलकुना वडाखोली कुर्मी सडक (सडक पुल)
२)	सुर्खेत	समपुरक/विशेष/अनुदानका आयोजनाहरू
	सुर्खेत	प्रदेश राजधानी वीरेन्द्रनगर प्लानिङ क्षेत्र शहरी सडक (कालोपत्रे सडक)
	सुर्खेत	दशरथपुर नेटा सहित मार्ग र छेडा कचाली सडक (सडक पूल)
३)	सुर्खेत	वहुवर्षीय आयोजनाहरू
	सुर्खेत	भेडावारी– आंपगैरा– खेल्नेचौर खडक योजना (सडक पुल)
	सुर्खेत	कुइने जामु बाबियाचौर भक्तरी जङ्गलाघाट सडक (सडक पुल)
४)	सुर्खेत	एक प्रदेशओ एक निर्वाचन क्षेत्र सडक कार्यक्रम
	सुर्खेत	जहरे मिलडाँडा गुयलाघारी सडक योजना (सडक पुल)
	सुर्खेत	कृष्ण नगर विशाल चौक पण्डित काल्ना सडक योजना (सडक पुल)
	सुर्खेत	घाँटगाउँ गुटु साल्म कोल्नेमोरा तुर्माखाँद सडक योजना (सडक पुल)
	सुर्खेत	यरी चौकदेखि ठउरीसम्म सडक स्तरोन्नती (सडक पुल)
२.	दैलेख	
१)	दैलेख	जनता सडक
	दैलेख	माथिल्लो डुंगेश्वर दुल्लु ब्याउली कालिकोट सडक (सडक पुल) (बहुवर्षीय)

क्र.सं.	जिल्ला	आयोजनाको नाम
	दैलेख	मध्य पहाडी राजमार्ग भिरखेतबाट गिताचौर कासीकाँध हुँदै कालिकोट जोड्ने सडक (सडक पुल)
	दैलेख	नारायण नगरपालिका चक्रपथ निर्माण (सडक पुल)
	दैलेख	गुराँसे पातिकाल्ना– डुडापोखरा– तल्लो डुङ्गेश्वर सडक (सडक पुल)
	दैलेख	रामघाट– ठाँटीकाँध– सिंहासैन– पिपलकोट हुँदै कालिकोट मोटरवाटो ग्राभेल (सडक पुल) (बहुवर्षीय)
	दैलेख	साँगेतडा– विन्द्रासैनी– चामुन्डा बाटो निमार्ण (सडक पुल)
	दैलेख	माथिल्लो डुङ्गेश्वर डाडापराजुल हुँदै हर्नेटा जोड्ने सडक (सडक पुल)
२)	**दैलेख**	**एक प्रदेश एक निर्वाचन क्षेत्र सडक कार्यक्रम**
	दैलेख	बिजारे धनकोट भुवानथान हुँदै कालिकोट सडक योजना(सडक पुल)
	दैलेख	तोलीपानी लुजई रातीमाटे छिउडी पुसाकोट(सडक पुल)
	दैलेख	नारायण न.पा. ४ कलेल चौक रातापानी गैडाबास सडक योजना(सडक पुल)
	दैलेख	कोप्ची कट्टी रुम देउली (सडक पुल)
३)	**दैलेख**	**वहुवर्षीय आयोजनाहरू**
	दैलेख	दैलेख सदरमुकामदेखि नौमुले गा.पा १ देखि ४ हुँदै जुनीचाँदे जाजरकोट जिल्ला जोड्ने सडक (सडक पुल)
	दैलेख	सान्तडा मेहलतोली, पातिहाल्ना जाजरकोट (शहिद मायाराम मार्ग)(सडक पुल)
	दैलेख	चुप्रा कालभैरव कयलकुना पक्की पुल दुल्लु नपा ११(सडक पुल)
३.	**कालिकोट**	
१)	**कालिकोट**	**जनता सडक**
	कालिकोट	कालिकोट सेरी पान्तडी पाद्मघाट जुम्ला सडक (बहुवर्षिय योजना समेत)(ग्राभेल / खण्ड स्मिथ सडक)
	कालिकोट	तलकोट भेडा साघु हुदै गा.पा जोड्ने सडक नरहरीनाथ गा.पा कालिकोट (कच्ची सडक)
	कालिकोट	सर्कदिखि तोलिभिटसम्मको सडक निर्माण पचाल झरना गा.पा. कालिकोट (कच्ची सडक)
	कालिकोट	धौलागोह राडुनेटा हुदै खिनजाड्ने सडक निर्माणा पलाता गा.पा कालिकोट (कच्ची सडक)
	कालिकोट	सान्नीघाटदेखि सिप्खाना सडक योजना (सडक पुल)
२)	**कालिकोट**	**एक प्रदेश एक निर्वाचन क्षेत्र सडक कार्यक्रम**
	कालिकोट	पान्तडीदेखि पारमघाट सडक योजना (सडक पुल)
	कालिकोट	खुलालु लालु मालकोट रुप्सा सडक योजना (सडक पुल)
३)	**कालिकोट**	**सडक पहुँच नभएका स्थानीय तहको केन्द्र जोड्ने सडक**
	कालिकोट	पलाता गा.पा. केन्द्र जोड्ने बाटो (थिर्पु-खिन-लोहरे सडक(ग्राभेल / खण्ड स्मिथ सडक)
	कालिकोट	नरहरि गा.पा. केन्द्र जोड्ने सडक (कोटाबाडा-कुमालगाउ सडक) (ग्राभेल/खण्ड स्मिथ सडक)

क्र.सं.	जिल्ला	आयोजनाको नाम
	कालिकोट	पचाल झरना केन्द्र जोड्ने सडक (जारकोट-पछेना सडक)(ग्राभेल / खण्ड स्मिथ सडक)
	कालिकोट	शुभ कालिका केन्द्र (जोड्ने सडक (भर्तागाड-राराकटिया-सुकाटिया सडक) (ग्राभेल / खण्ड स्मिथ सडक)
४)	**कालिकोट**	**वहुवर्षीय आयोजनाहरू**
	कालिकोट	कालीकोट सेरी पान्तडी पाझघाट जुम्ला सडक (बहुवर्षिय योजना समेत) (ग्राभेल / खण्ड स्मिथ सडक)
	कालिकोट	वारातु सियाला रेगिंल रोड(कच्ची सडक)
	कालिकोट	रेंगिल बेली ब्रिज(सडक पुल)
५)	**कालिकोट**	**समपुरक/विशेष/अनुदानका आयोजनाहरू**
	कालिकोट	कालिकोट लालु लैफु रास्कोट कोटबाडा रुप्सा हुँदै सुदूरपश्चिम प्रदेशको रामारोशन (बहुवर्षीय)
	कालिकोट	सडक सान्नीगाड सिप्खाना रास्कोट सडक कालिकोट(ग्राभेल / खण्ड स्मिथ सडक) (बहुवर्षीय)
४.	**जुम्ला**	
१)	**जुम्ला**	**जनता सडक**
	जुम्ला	जुम्ला विमानस्थल, उर्थु, खाली न्याउरीघाट, बलबुले मुगु सडक (बहुवर्षीय)
	जुम्ला	राजमार्गवाट रोकायावाडा पिच गर्ने र तल्लो रानी सैन ढाडडाणाहुँदै सेरी साम्टासम्म कनकासुन्दरी गा.पा वाड नं.७ सम्म(ग्राभेल/ खण्ड स्मिथ सडक)
	जुम्ला	टोप्ला ईमिल्चा जाजारकोट सडक (सडक पुल)
	जुम्ला	खोसी धिपा रासा मालापानी सुडी जुम्लाकोट सडक
	जुम्ला	जिया चौथा मर्फान सडक कनकासुन्दरी
२)	**जुम्ला**	**एक प्रदेश एक निर्वाचन क्षेत्र सडक कार्यक्रम**
	जुम्ला	धितालिही, गोरा भाडगाउ छकले पानी सडक
३)	**जुम्ला**	**वहुवर्षीय आयोजनाहरू**
	जुम्ला	जुम्ला दानसागु चोत्रा काइगाउँ डोल्पा सडक योजना
	जुम्ला	जलजला गोठीज्यूला, जलजला थालाचौर, गोठेलबाडा, बुडू कालाकाडा मुगु खत्याड जोड्ने सडक
५.	**मुगु**	
१)	**मुगु**	**जनता सडक**
	मुगु	माझचउर, झुगला बाटो सुदूरपश्चिम जोड्ने सडक (सडक पुल) (बहुवर्षीय)
	मुगु	जिमा सोरुकोट भिइ सडक (सडक पुल)
	मुगु	पिना बालै गमगढी सडक(सडक पुल)
	मुगु	रुगादेखि छाइलासम्म जडीबुटी लोकमार्ग सडक (जनता सडक)(सडक पुल)

क्र.सं.	जिल्ला	आयोजनाको नाम
२)	**मुगु**	**एक प्रदेश एक निर्वाचन क्षेत्र सडक कार्यक्रम**
	मुगु	सेरी रोल सैना जिउका सडक योजना (सडक पुल)
	मुगु	अल्का साँघुदेखि रोवा हुँदै सोभा सडक योजना (सडक पुल)
३)	**मुगु**	**सडक पहुँच नभएका स्थानीय तहको केन्द्र जोड्ने सडक**
	मुगु	मुगु कार्मारोङ पालिका जोड्ने सडक (ग्राभेल / खण्ड स्मिथ सडक)
	मुगु	छाइल–पुलु सडक (सडक पुल)
४)	**मुगु**	**बहुवर्षीय आयोजनाहरू**
	मुगु	रुगादेखि छाइलसम्म जडीबुटी लोकमार्ग सडक (बहुवर्षीय) (सडक पुल)
	मुगु	दोमुख तारापानी गमगढी नाक्चे लाग्ना सडक (सडक पुल)
६.	**हुम्ला**	
१)	**हुम्ला**	**जनता सडक**
	हुम्ला	सर्केगाड– जैर हुदै तुम्चसम्म सडक(कच्ची सडक)
	हुम्ला	मिमी श्रीमष्टा– मासिधारा हुँदै मेल्छामसम्म सडक (नयाँ ट्र्याक खोल्ने सडक)
	हुम्ला	लाली बगर औलथाली मोटोरेबल पुल (सडक पुल) (बहुवर्षीय)
	हुम्ला	सार्की ज्युला खगालगाउँ मोटोरेबल पुल(सडक पुल)
२)	**हुम्ला**	**एक प्रदेश एक निर्वाचन क्षेत्र सडक कार्यक्रम**
	हुम्ला	सिमकोट-स्याम्ने सडक स्तोरन्नती (सडक पुल)
	हुम्ला	लिमी लाप्चा सडक स्तरोन्नती (सडक पुल)
३)	**हुम्ला**	**वहुवर्षीय आयोजनाहरू**
	हुम्ला	बाजुरा कवाडी ताजकोट अदानचुली सर्केगाड
	हुम्ला	याङ्चु बजार (पालिका केन्द्र) देखि तुम्लिक मोटरेवल पुल, खार्पुनाथ गा.पा. हुम्ला
४)	**हुम्ला**	**समपुरक/विशेष/अनुदानका आयोजनाहरू**
	हुम्ला	सर्केगाड-मारघोर-खार्पुनाथ-सिमकोट सडक (नयाँ ट्र्याक खोल्ने सडक) (बहुवर्षीय)
५)	**हुम्ला**	**सडक पहुँच नभएका स्थानीय तहको केन्द्र जोड्ने सडक**
	हुम्ला	औलेटा–छर्पेला–मैला–मदना सडक (वाजुरा–कवाडी–ताजाकोट–अदानचुली–सर्केगाड सडक खण्डमा पर्दछ) (ग्राभेल / खण्ड स्मिथ सडक)
	हुम्ला	तीर्थासैन–कल्ख्या–श्रीनगर–काख्या–बारीगाउँ–कर्गेइ–पाल्स सडक(ग्राभेल/खण्ड स्मिथ सडक)
	हुम्ला	पिप्लाङ –ह्याप्स्या–फुचा–पङ्वा सडक(ग्राभेल / खण्ड स्मिथ सडक) (बहुवर्षीय)
	हुम्ला	सर्केगाड–बराइ–छ्यागी–घिउसी सडक(ग्राभेल / खण्ड स्मिथ सडक)
	हुम्ला	याङ्चु–लाली–गोप्का–भुङ्या–रादेउ सडक(ग्राभेल / खण्ड स्मिथ सडक)
	हुम्ला	खगालगाउँ–स्याँडा–याङ्गु सडक (ग्राभेल/खण्ड स्मिथ सडक)

क्र.सं.	जिल्ला	आयोजनाको नाम
७.	**जाजरकोट**	
१)	**जाजरकोट**	**जनता सडक**
	जाजरकोट	कचाली गुरुसे धरमपोखरा सडक(सडक पुल)
	जाजरकोट	जाजरकोट कुशे चाल्ना ब्याउली जुम्ला सडक,कुशे (सडक पुल)
	जाजरकोट	सईलेख साँगु रावतगाउ ध्यार्गाउँ सडक,नलगाड, कुशे (सडक पुल)
	जाजरकोट	मोर्का स्यापी सिस्ने नेपा हुदै कचाली सडक,शिवालय(सडक पुल)
२)	**जाजरकोट**	**एक प्रदेश एक निर्वाचन क्षेत्र सडक कार्यक्रम**
	जाजरकोट	पातीहाल्ना रतुमारे चौलाया मझकोट जुम्ला सडक योजना (सडक पुल)
३)	**जाजरकोट**	**बहुवर्षीय आयोजनाहरू**
	जाजरकोट	कालिमाटी-खाल्चौर-नेटिलेक सडक खण्डको सक्ला खारी बयाले लिम्सा सडक (सडक पुल)
	जाजरकोट	छेडा थालह सनाखोला चांदे जुम्ला सडक, जुनिचादे (सनाखोला चांदे जुम्ला सडक खण्डको ३० कि.मि) (सडक पुल)
८.	**सल्यान**	
१)	**सल्यान**	**जनता सडक**
	सल्यान	आमखोली मैदपोखरी पाखापानी स्वारा जैतपानी (सडक पुल)
	सल्यान	स्वीकोट नेटा बजार गुदासे चिनाली सडक (सडक पुल)
	सल्यान	लान्ति लेखपोखरा दहखोला झ्याम दमाचौर मोखला सडक (सडक पुल)
२)	**सल्यान**	**समपुरक/विशेष/अनुदानका आयोजनाहरू**
	सल्यान	शारदा खोला पुल
	सल्यान	थारमारे चौरजहारी सडक योजना
	सल्यान	प्रदेश राजधानी सुर्खेतदेखि कालिमाटी रामपुर रामबजार लुहाम जोड्ने सडक सल्यान खलङ्गा र रुकुम मुसिकोट सल्यान खलङ्गा कालीमाटी घुइयावारी सडक (सडक पुल)
३)	**सल्यान**	**बहुवर्षीय आयोजनाहरू**
	सल्यान	त्रिवेणी, लुहाम काभ्रा कालीमाटी सडक (सडक पुल)
	सल्यान	ढोरचौर, छापडाडा, गैरीकटेरी, मैदुपोखरी सल्लीवजार सडक (सडक पुल)
	सल्यान	बालुवा संग्रही कुपिण्डे खलङ्गा सडक (सडक पुल)
	सल्यान	बागचौर-पातिहाल्ना जघार खोला मोटेरेवल पुल
४)	**सुर्खेत**	**एक प्रदेश-एक निर्वाचन क्षेत्र सडक कार्यक्रम**
	सल्यान	घुइयावारी स्वामीवास चेपाङ्ग सडक
	सल्यान	ढोरचौर तुसारे हुँदै वडा नम्बर १४ जोड्ने सडक

क्र.सं.	जिल्ला	आयोजनाको नाम
९.	**रूकुम पश्चिम**	
१)	**रुकुम पश्चम**	**जनता सडक**
	रुकुम पश्चिम	चिसापानी –राडी- नदुवा –मुसीकोट सडक (बहुवर्षीय)(ग्राभेल / खण्ड स्मिथ सडक)
	रुकुम पश्चिम	झुलनेटा लाइता दह मार्ग्ने सिमतरा करल बारधार्नी पेदिखेत दोपाइ सडक (सडक पुल)
	रुकुम पश्चिम	झुल्नेटा नुवाकोट अर्मा पेदि गराईला सल्लीचौर घापागार सडक (सडक पुल)
२)	**रुकुम**	**एक प्रदेश एक निर्वाचन क्षेत्र सडक कार्यक्रम**
	रुकुम पश्चिम	झुल्नेटा, नुवाकोट, अर्मा, पेदी गराइला, सल्लीचौर, घापागार सडक(सडक पुल)
	रुकुम पश्चिम	झुलखेत हिलखर्चीबाँग सडक निर्माण (सडक पुल)
३)	**रुकुम पश्चिम**	**बहुवर्षीय आयोजनाहरू**
	रुकुम पश्चिम	चिसापानी –राडी- नदुवा –मुसिकोट सडक (बहुवर्षीय)(ग्राभेल / खण्ड स्मिथ सडक)
	रुकुम	देवस्थल-कैनडाँडा चौरजहारी सडक
४)	**रुकुम पश्चिम**	**समपुरक/विशेष/अनुदानका आयोजनाहरू**
	रुकुम पश्चिम	प्रदेश राजधानी सुर्खेतबाट सल्लीबाजर चौरजहारी रुकुम मुसिकोट जोड्ने सडक (कालोपत्रे सडक)
१०.	**डोल्पा**	
१)	**डोल्पा**	**जनता सडक**
	डोल्पा	रूपगाड तातापानी हुगाउँ माझगाउँ सडक (नयाँ ट्र्याक खोल्ने सडक)
	डोल्पा	सिमेनबाट कुमाल हुँदै सालदाग सडक (नयाँ ट्र्याक खोल्ने सडक)
	डोल्पा	जगदुला गा.पा काइगाउँदेखि मुट्केचुला सर्मीसम्म सडक (सडक पुल)
	डोल्पा	क्याटु साल्दाङ- धो सडक योजना
२)	**डोल्पा**	**एक प्रदेश –एक निर्वाचन क्षेत्र सडक कार्यक्रम**
	डोल्पा	चुँ गाड लिकु घोराखोर सडक योजना
	डोल्पा	धो ताक्सीदेखि रापा हुँदै साल्दाङ जोड्ने सडक योजना
३)	**डोल्पा**	**बहुवर्षीय आयोजनाहरू**
	डोल्पा	त्रिवेणी,नर्कु सर्मी,भालुलेक,जुम्ला सडक(सडक पुल)
	डोल्पा	दुनै सरस्वती मन्दिरदेखि तिप्ला गाउँ हुँदै थरगाउँ– काँडाताली सम्म (सडक पुल)
४)	**डोल्पा**	**सडक पहुँच नभएका स्थानीय तहको केन्द्र जोड्ने सडक**
	डोल्पा	छार्का ताङसोङ जोड्ने सडक (लाछिक्याप-कागकोट झारगाउँ- मुस्ताङ सडक (ग्राभेल / खण्ड स्मिथ सडक)
	डोल्पा	धो-छोरेगाउँ-साल्दाङ सडक (ग्राभेल / खण्ड स्मिथ सडक)
	डोल्पा	दुनै बजार, जगतदेखि व्याँसगाड नाम्दो सडक (काइके गा.पा.जोड्ने सडक)(ग्राभेल / खण्ड स्मिथ सडक)

***स्रोतः** भौतिक पूर्वाधार विकास मन्त्रालय, कर्णाली प्रदेश, २०७७*

अनुसूची-१४
जलविद्युत आयोजनाहरको सूची

क्र. सं.	आयोजना	केभि/मेगावाट	कार्यक्षेत्र	अनुमानित लागत
१	भेरी-१ जलविद्युत आयोजना गोतामकोट रुकुम	४४० मेगावाट	सङ्घीय सरकार	-
२	भेरी-२ जलविद्युत आयोजना खगेनकोट जाजरकोट	२५६ मेगावाट	सङ्घीय सरकार	-
३	भेरी-३ जलविद्युत आयोजना जाजरकोट	४८० मेगावाट	सङ्घीय सरकार	-
४	भेरी-४ जलविद्यु आयोजना रुकुम, जाजरकोट, सल्यान र सुर्खेत	३०० मेगावाट	सङ्घीय सरकार	-
५	भेरी नदी-वी जलविद्युत आयोजना लावाङ, डोल्पा	१२५ मेगावाट	सङ्घीय सरकार	-
६	माथिल्लो भेरी जलविद्युत आयोजना कालिका डोल्पा	२८१ मेगावाट	सङ्घीय सरकार	-
७	हुम्ला कर्णाली-१ जलविद्युत आयोजना सर्केगाड र चंखेली हुम्ला	२३५ मेगावाट	सङ्घीय सरकार	-
८	हुम्ला कर्णाली जलविद्युत आयोजना कासकाडे हुम्ला	९१६ मेगावाट	सङ्घीय सरकार	-
९	मुगु कर्णाली जलविद्युत आयोजना मुगु	१९०२ मेगावाट	सङ्घीय सरकार	-
१०	माथिल्लो मुगु कर्णाली जलविद्युत आयोजना रोवा मुगु	३०६ मेगावाट	सङ्घीय सरकार	-
११	भार्भुङ जलविद्युत आयोजना छार्का ताङ्सोङ डोल्पा	५०० मेगावाट	सङ्घीय सरकार	५६ अर्व
१२	हुम्ला कर्णाली जलविद्युत आयोजना सल्ली हुम्ला	६३ मेगावाट	सङ्घीय सरकार	१७ अर्व
१३	तिला-१ जलविद्युत आयोजना कालिकोट	४४० मेगावाट	सङ्घीय सरकार	-
१४	तिला-२ जलविद्युत आयोजना कालिकोट	४२० मेगावाट	सङ्घीय सरकार	-
१५	बुर्बाङग खोला जलविद्युत आयोजना डोल्पा	५१० मेगावाट	सङ्घीय सरकार	-
१६	कर्णाली स्टोरेज-१ जलविद्युत आयोजना कालिकोट	१८४ मेगावाट	सङ्घीय सरकार	-
१७	लोती कर्णानी जलविद्युत आयोजना जुम्ला	४९.५०० मेगावाट	सङ्घीय सरकार	-
१८	डाँडागाउँ खलङगा भेरी जलविद्युत आयोजना जारकोट	१२८ मेगावाट	सङ्घीय सरकार	-
१९	चेरा-१ जलविद्युत आयोजना साल्म सुर्खेत	१४८ मेगावाट	सङ्घीय सरकार	-
२०	मुगु कर्णाली जलविद्युत आयोजना मुगु	१६० मेगावाट	सङ्घीय सरकार	-
२१	माथिल्लो लोती कर्णाली जलविद्युत आयोजना मिमी हुम्ला	२२ मेगावाट	सङ्घीय सरकार	-
२२	माथिल्लो कर्णाली-२ जलविद्युत आयोजना कालिकोट	६० मेगावाट	सङ्घीय सरकार	-
२३	मध्य कर्णाली जलविद्युत आयोजना दैलेख	३० मेगावाट	सङ्घीय सरकार	-
२४	स्यार्पु दह- साना भेरी नदी जलविद्युत आयोजना रुकुम	३० मेगावाट	सङ्घीय सरकार	-

क्र. सं.	आयोजना	केभि/मेगावाट	कार्यक्षेत्र	अनुमानित लागत
२५	नाम्लाङ जलविद्युत आयोजना मुगु	३०३ मेगावाट	सङ्घीय सरकार	-
२६	दार्म नदी जलविद्युत आयोजना चङखेली हुम्ला	१० मेगावाट	प्रदेश सरकार	२ अर्ब
२७	तल्लो लोहोरे खोला जलविद्युत आयोजना खड्कावाडा दैलेख	२० मेगावाट	प्रदेश सरकार	५ अर्ब
२८	भेरी खोला जलविद्युत आयोजना ताम्मी जुम्ला	५ मेगावाट	प्रदेश सरकार	१.२५ अर्ब
२९	हिमा जलविद्युत आयोजना शिजा जुम्ला	१० मेगावाट	प्रदेश सरकार	३ अर्ब
३०	जवा खोला जलविद्युत आयोजना जुम्ला	१७.५५० मेगावाट	प्रदेश सरकार	५ अर्ब
३१	कवाडी खोला जलविद्युत आयोजना हुम्ला	२० मेगावाट	प्रदेश सरकार	५ अर्ब
३२	ताक्सुधाट जलविद्युत आयोजना जाजरकोट	१० मेगावाट	प्रदेश सरकार	२ अर्ब
३३	रुकुम गाड जलविद्युत आयोजना रुकुम	५ मेगावाट	प्रदेश सरकार	१ अर्ब
३४	रुरु बन्चु-१ जलविद्युत आयोजना कालिकोट	१६ मेगावाट	प्रदेश सरकार	४ अर्ब
३५	रुरु बन्चु-२ जलविद्युत आयोजना कालिकोट	१२ मेगावाट	प्रदेश सरकार	३ अर्ब
३६	कवाडी खोला -१ जलविद्युत आयोजना हुम्ला	१५ मेगावाट	प्रदेश सरकार	४ अर्ब
३७	रामगाड जलविद्युत आयोजना दैलेख	५ मेगावाट	प्रदेश सरकार	१ अर्ब
३८	पदम खोला जलविद्युत आयोजना दैलेख*	४.८ मेगावाट	स्थानीय तह	१.२५ अर्ब
३९	गुठीचौर बालिका खोला जलविद्युत आयोजना जुम्ला	३ मेगावाट	स्थानीय तह	३ अर्ब
४०	माथिल्लो लोहोरे जलविद्युत आयोजना तोली दैलेख*	४ मेगावाट	स्थानीय तह	१ अर्ब
४१	लोहोरे खोला जलविद्युत आयोजना दैलेख	४.२ मेगावाट	स्थानीय तह	१ अर्ब
४२	पराजुली खोला जलविद्युत आयोजना दैलेख	४.२०० मेगावाट	स्थानीय तह	१ अर्ब
४३	कट्टी खोला जलविद्युत आयोजना दैलेख	२.९७८ मेगावाट	स्थानीय तह	७५ करोड
४४	पराजुली खोला-१ जलविद्युत आयोजना दैलेख	२.१५ मेगावाट	स्थानीय तह	५० करोड
४५	न्याउरीगाड जलविद्युत आयोजना जुम्ला	४ मेगावाट	स्थानीय तह	१ अर्ब
४६	माथिल्लो कट्टी खोला जलविद्युत आयोजना रुम दैलेख	१.६४८ मेगावाट	स्थानीय तह	-
४७	माथिल्लो चिङगाड जलविद्युत आयोजना सुर्खेत	३.२०० मेगावाट	स्थानीय तह	७५ करोड
४८	चिङगाड खोला जलविद्युत आयोजना सुर्खेत	४.८०० मेगावाट	स्थानीय तह	१.२५ अर्ब

स्रोतः *विद्युत विकास विभाग, २०७६*

* सम्पन्न भएका आयोजना

अनुसूची-१५
कर्णाली प्रदेशमा सूचना सञ्चार टावरको सङ्ख्या

क्र.सं.	जिल्ला	NDCL	Ncell	NSTPL	UTL
१	दैलेख	१५	२२	४	
२	डोल्पा	११	१	१३	
३	हुम्ला	११	१	५	
४	जाजरकोट	६	६	२	
५	जुम्ला	११	१	६	
६	कालिकोट	९	१	३	
७	मुगु	१२	१	३	
८	पश्चिम रुकुम	११	९	६	
९	सल्यान	२१	२८	६	
१०	सुर्खेत	५०	४७	९	१
	जम्मा	१५७	११७	५७	१

स्रोतः *नेपाल दूरसञ्चार प्राधिकरण, २०७७*

अनुसूची-१६

प्रथम पञ्चवर्षीय योजना तर्जुमा गर्दा अपनाइएको प्रक्रिया

१. नेपालको संविधान, २०७२ जारी भएपछि संघीय सरकारबाट पन्ध्रौ योजनासँग तादाम्यता मिलाउँदै कर्णाली प्रदेशको दीर्घकालीन सोच सहित प्रथम पञ्चवर्षीय योजना तर्जुमा गरिएको छ । योजना तर्जुमा गर्दा संविधानमा व्यवस्था भएका मौलिक हक एवं राज्यका निर्देशक सिद्धान्त तथा नीति, दिगो विकास लक्ष्य, प्रदेश सरकारको प्राथमिकता तथा प्रतिवद्धता र संघीय सासन प्रणालीलाई आधारको रूपमा लिइएको छ ।

२. प्रदेश रुपान्तरणकारी आयोजनाको प्रस्ताव, प्रदेश महत्त्वको आयोजना र स्थानीय पहिचानका आयोजना तथा प्रमुख कार्यक्रम योजना अवधिमा सम्पन्न गर्ने गरी स्रोत र साधनको व्यवस्था सहित कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा जोड दिइएको छ । समृद्ध कर्णाली, सुखारी कर्णालीबासीको दीर्घकालीन सोच हासिल गर्न समृद्धिका ५ र सुखारीका ७ वटा गरी १२ वटा प्रदेश लक्ष्य र ६ वटा प्रदेश रणनीति तय गरिएको छ । यसैगरी ७ वटा प्राथमिकता क्षेत्र र १० वटा कर्णाली समृद्धिको सम्वाहक पहिचान गरिएको छ ।

३. कार्णाली सोच २१०० तयार गरिएको छ । यो प्रथम पञ्चवर्षीय योजनाले शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगारमा जोड दिई पूर्वाधार निर्माणबाट समृद्धि र सुखको सिर्जना हुने प्रक्षेपण गरिएको छ । यसैगरी उक्त सोच हासिल गर्न एक दसक विकासमा तीव्रता र समृद्धिमा अग्रता ल्याउनमा केन्द्रित हुनेछ । एवंरितले अर्को दशक समृद्धि र दिगोपनाका लागि मार्गदर्शन गर्ने गरी योजना तर्जुमा गरिएको छ ।

४. कर्णाली सोच २१०० सहित प्रथम पञ्चवर्षीय योजनाको मुल दस्तावेज तयारीपूर्व यसको अवधारणा पत्र तयार गरी प्रदेश मन्त्रीपरिषदबाट स्वीकृत गरिएको थियो । सो अवधारणा पत्रको आधारमा १० वटै जिल्लामा पुगी सबै स्थानीय तहबाट सुझाव लिने कार्य भयो । विषयगत मन्त्रालय तथा स्थानीय तहसँगको सहभागितामा आधार पत्रको प्रारम्भिक मस्यौदा तयार गरिएको थियो ।

५. यस योजनालाई सहभागितात्मक ढंगबाट तर्जुमा गर्न संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधि तथा पदाधिकारी, प्रदेश सभाका सदस्यहरू, कर्णाली विज्ञ समूह र निजी, सहकारी तथा सामुदायिक क्षेत्रका प्रतिनिधिसँग अन्तर्क्रिया गरी राय सुझाव प्राप्त भएको थियो । साथै, प्रमुख राजनैतिक दलका प्रतिनिधि, विभिन्न क्षेत्रका प्राज्ञिक तथा विषय विज्ञ, प्रदेश सरकारका मन्त्रालयहरू र निकायका पदाधिकारी, प्रदेश सरकारका पदाधिकारी, स्थानीय तहका प्रमुख तथा उपप्रमुख, विकास साझेदार र प्रबुद्ध व्यक्ति, महिला, दलित, जनजाति, मुस्लिम तथा

अपाङ्गता भएका व्यक्तिका प्रतिनिधि गरी करिब तीन हजार ६५२ जना सरोकारवालासँग छलफल र अन्तरक्रिया सम्पन्न भएको थियो । यसैगरी योजनालाई बढीभन्दा बढी सहभागितामूलक बनाउन र नागरिकको अपनत्व बढाउन आयोगको वेबसाइट तथा इमेल मार्फत आधार-पत्रको मस्यौदा उपर सुझाव सङ्कलन गरिएको थियो ।

६. राष्ट्रिय जीवनमा महत्त्वपूर्ण योगदान दिएका कर्णाली प्रदेशका लब्ध प्रतिष्ठित महानुभावहरूलाई समावेश गरी प्रदेश विकास परिषदको गठन भएको छ । विभिन्न चरणमा भएका छलफलबाट प्राप्त सुझाव समावेश गरी तयार गरिएको आधार-पत्रको मस्यौदा स्वीकृतिका लागि प्रदेश विकास परिषदमा प्रस्तुत गरिएको थियो । परिषदको २०७६ माघ १० गते सुर्खेतमा सम्पन्न बैठकले आधार-पत्रको मस्यौदामा व्यापक अन्तर्क्रियात्मक छलफल गरी सुझाव सहित अन्तिम रूप दिन निर्देशन दिएको थियो । सो बैठकबाट प्राप्त सुझाव तथा निर्देशन समावेश गरी परिमार्जन भएको आधार-पत्र २०७६ फागुन २३ गते मन्त्रिपरिषदबाट स्विकृत भई २०७६ फागुनमा प्रकाशन गरिएको थियो ।

७. विभिन्न चरणमा भएको छलफलका आधारमा तयार पारिएको योजनाको आधार-पत्रलाई विस्तृत योजना दस्तावेजको रूपमा तयार गर्न विषय क्षेत्रगत मन्त्रालय तथा निकायहरूबाट रुपान्तरणकारी आयोजना, प्रदेश महत्त्वका आयोजना, प्रमुख कार्यक्रमको विवरण तथा वार्षिक लक्ष्य सहितको नतिजा खाका माग गरिएको थियो । सो बमोजिम योजनामा निर्धारित समष्टिगत तथा विषय क्षेत्रगत लक्ष्य हासिल गर्नका लागि रुपान्तरणकारी आयोजना, प्रदेश महत्त्वका आयोजना, स्थानीय पहिचानका आयोजना र सार्वजनिक-निजी साझेदारीका प्रमुख आयोजना तय गरिएका छन् । साथै, १२ वटा प्रदेश लक्ष्यलाई प्रमुख नतिजा क्षेत्रका रूपमा अवलम्बन गरी सो अनुरूप प्रभाव, असर तथा प्रतिफल तहका सूचक र वार्षिक परिमाणात्मक लक्ष्य तय गरिएको छ । उल्लेखित सबै पक्षमा सुक्ष्म ढङ्गले विश्लेषण गरी कर्णाली प्रदेश योजना आयोगको २०७७ पुस २३ गते शुक्रवारका दिन बसेको पूर्ण बैठकले प्रथम पञ्चवर्षीय योजनालाई पारित गरी प्रदेश मन्त्रिपरिषद्मा स्वीकृतिका लागि आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत पठाउने निर्णय गरेको थियो । आर्थिक मामिला तथा योजना मन्त्रालयले २०७७ माघ ५ गते सोमवारका दिन मन्त्रिपरिषद्मा पेश गरेको र मन्त्रिपरिषद्ले मन्त्रिपरिषद् आर्थिक, सामाजिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णय बमोजिम गर्ने निर्णय गरेअनुसार उक्त समितिको २०७७ फागुन ५ गते बुधवारका दिन बसेको बैठकबाट कर्णाली प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना स्वीकृत भई यो विस्तृत दस्तावेज प्रकाशन गरिएको छ ।

कर्णाली प्रदेश सरकार

कर्णाली प्रदेश योजना आयोग

वीरेन्द्रनगर, सुर्खेत

नेपाल